संगठित अपराध सम्बन्धी स्रोत सामग्री

महान्यायाधिवक्ताको कार्यालय

सिंहदरबार, काठमाडौं

नेपाल

महान्यायाधिवक्ताको कार्यालयको निर्माणाधिन कार्यालय भवन

संगठित अपराध सम्बन्धी स्रोत सामग्री

महान्यायाधिवक्ताको कार्यालय

नेपाल

संगठित अपराध सम्बन्धी स्रोत सामग्री

प्रकाशक : महान्यायाधिवक्ताको कार्यालय, नेपाल

सम्पादक : श्री श्यामकुमार भट्टराई

सम्पादन सहायक : श्री नारायण स्वर्णकार

प्रकाशित मिति : २०७६,

विषय सूची

कार्यपत्रहरू			पेज नं.
कार्यपत्र : १	संगठित अपराध, अवधारणा तथा नेपालमा विद्यमान संगठित अपराध सम्बन्धी कानूनी व्यवस्था	श्री दमनसिंह विष्ठ	१
कार्यपत्र : २	संगठित अपराध सम्बन्धी अवधारणाको विकास नियन्त्रणको प्रयास र हालको अवस्था	श्री शम्भु कुमार बस्नेत	१९
कार्यपत्र : ३	संगठित अपराध सम्बन्धी अवधारणा र यसका विशेषताहरू	श्री श्यामसुन्दर चौधरी	४२
कार्यपत्र : ४	नेपालमा संगठित अपराध र सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानूनको कार्यान्वयनमा देखिएबका चुनौतिहरु	श्री कृष्णराज पन्त	६३
कार्यपत्र : ५	संगठित अपराधको सामान्य परिभाषा	श्री सुधा योगी के.सी.	८९
कार्यपत्र : ६	संगठित अपराध निवारण ऐन, २०७१ र यसका मूलभूत प्रावधानहरु	श्री महेन्द्र बहादुर थापा	१२५
कार्यपत्र : ७	भ्रष्टाचारमा संगठित अपराध समूहको संलग्नता	श्री हरिप्रसाद जोशी	१४०
कार्यपत्र : ८	Study on Organized Crime and its Features	श्री ममन्थ कुमार उपाध्याय	१७३
कार्यपत्र : ९	संगठित अपराधको अभियोजनमा सरकारी वकीलका चुनौति र समाधानका उपाय	श्री बालकृष्ण वाग्ले	१८९
कार्यपत्र : १०	नेपालको कानूनमा संगठित अपराध हेर्ने दृष्टिकोण र हालको प्रयोगको अवस्था	श्री रुद्रप्रसाद सुवेदी	२०७
कार्यपत्र : ११	संगठित अपराध निवारण ऐन २०७० कार्यान्वयनमा रहेका चुनौतिहरू	श्री रोमाकान्त ज्ञावली	२३२
कार्यपत्र : १२	संगठित रुपमा गरिने मानव बेचबिखन सम्बन्धी अपराध र सर्वोच्च अदालतको दृष्टिकोण	श्री फटिकराज मुडभरी	२६२
	संगठित अपराध, वन्यजन्तु सम्बन्धी		

कार्यपत्र : १३	अपराधमा संगठित समुहको भूमिका र नियन्त्रणका प्रयासहरू	श्री रमेश भट्टराई	२९३
कार्यपत्र : १४	Organized Crime and Major National and International Legal Arrangement	श्री महेन्द्र प्रसाद पौडेल	३२५
कार्यपत्र : १५	संगठित अपराधको अवधारणा र नेपालमा संगठित अपराध सम्बन्धी मुख्य कानूनी व्यवस्थाहरू	श्री राम प्रसाद अधिकारी	३५०
कार्यपत्र : १६	मानव बेचबिखन तथा ओसार पसार सम्बन्धी संगठित अपराध र नेपाल कानून र यसका चुनौतीहरू	श्री अजीतकुमार लालकर्ण	३७१
कार्यपत्र : १७	संगठित अपराधको अवधारणा र संगठित अपराध निवारण ऐन, २०७० एक चर्चा	श्री गोविन्द गिरी	३८६
संगठित अपराध सम्बन्धी कानूनको प्रभाव मूल्याङ्कन सम्बन्धी अनुसन्धानमुलक अध्ययन		४०५	
अनुसुचीहरू		५०८	
संगठित अपराध सम्बन्धी ऐन, २०७०			

कार्यपत्र : १, संगठीत अपराध, अवधारणा तथा नेपालमा विद्यमान संगठीत अपराध सम्बन्धी कानूनी व्यवस्थाः

-दमन सिंह विष्ट

विषय प्रवेशः

अपराधको उत्पत्ति समाजको उत्पती संगै भएको र समाजको विकास संगै अपराधिक क्रियाकलापहरुको पनि विकास हुँदै जाने मान्यता रहेको पाईन्छ । अपराधको रोकथाम र नियन्त्रणका लागि राज्यको फौज्दारी न्याय प्रशासन क्रियाशिल रहने भएतापनि समाजमा अस्तित्व वनाई राखेका अपराधिक मनोवृत्ती भएका व्यक्तिहरुले परिवर्तित सन्दर्भमा समय सापेक्षिक रुपमा आधुनिक प्रविधिको प्रयोग गरी नविनत्तम कार्यशैलीले जटील प्रक्रिया अपनाई अपराधिक क्रियाकलापहरु संचालन गरिरहने भएकाले अपराध नियन्त्रणको कार्य जटील एवं कठीन बन्ने गरेको पाईन्छ । वर्तमान समयमा विश्व सामु फौज्दारी विधिशास्त्रको एकदमै नविनतम अवधारणाको रुपमा संगठीत अपराधको विकास हुन पुगेको देखिन्छ । संगठीत अपराधलाई कुनै छुट्टै अपराधिक कार्य नमानी विद्यमान अपराधहरुको श्रृंखलामा परम्परागत वा सामान्य अपराध भन्दा भिन्न उद्देश्य र कार्यशैलीका साथ गरिने अपराधिक कार्य मानिन्छ ।

विज्ञान र प्रविधिको विकासले गर्दा मानवीय जीवनलाई निकै सहज तुल्याई दिएको छ । यातायात र संचारको सुगमताले गर्दा मानिसका विभिन्न क्रियाकलापहरु सिमा विहिन बन्न पुगेका छन् । विज्ञान र प्रविधिको प्रयोगले मानवीय जीवनमा सकारात्मक प्रभाव पारेको अवस्था एकातिर छ भने अर्को तिर यसको प्रभाव अपराधिक गतिविधिहरुमा पनि पर्न गएको देखिन्छ । विज्ञान र प्रविधिको प्रयोग गरी अपराधिक क्रियाकलापहरु सहज र सुविधा सम्पन्न शैलीमा सम्पन्न गर्ने कार्यमा यसले ठूलो टेवा पूर्याई रहेकोले अपराधिक क्रियाकलापहरु पनि सीमाविहिन र जटील बन्न पुगेका छन् । आधुनिक प्रविधिको प्रयोग एवं संचारको उपयोगको माध्यम बाट अपराधिक मनोवृत्ती राख्ने र अपराधिक कार्यमा संलग्न व्यक्ति एवं समूहलाई पनि विभिन्न तहमा संगठित हुने र अपराधिक क्रियाकलापहरु संचालन गर्न सजिलो भईरहेको छ, त्यसैले अन्तरदेशीय संगठीत अपराधलाई विकास र प्रविधिको कालो पाटोको रुपमा पनि लिने गरिन्छ ।[1] विज्ञान र प्रविधिको भरपुर उपयोग गरी मुख्य रुपमा आर्थिक लाभ प्राप्त गर्ने उद्देश्यले संगठित अपराधिक समूह द्धारा संचालन गरिने संगठीत अपराध विश्वको कुनै एक राष्ट्रको भौगोलिक सीमा भित्र मात्र सीमित नरही विश्वव्यापी रुपमा फैलिन गई वर्तमान विश्वका लागि कडा चुनौतीको रुपमा खडा हुन पुगेको छ । संगठित अपराध स्थानीय तहमा, अन्तरदेशीय तहमा र अन्तराष्ट्रिय तहमा समेत घटाईने गम्भीर अपराध हो। यसरी विश्वव्यापी रुपमा व्याप्त रहेको संगठित अपराध विरुद्ध लडन कुनै एक राष्ट्र विशेषको प्रयास मात्र प्रर्याप्त हुन नसक्ने हुँदा अन्तराष्ट्रिय समुदाय बाट यस विरुद्ध लड्न सामुहिक प्रयासको आवश्यकता पर्ने कुरा महशुस गरी संगठित अपराधको रोकथाम र नियन्त्रण गर्ने दिशामा अन्तराष्ट्रिय स्तर बाट समेत विभिन्न प्रयासहरु भइरहेको देखिन्छ।

[1] लामा डा.कुसाङ (२०७५) संगठिक अपराधको अपधारणा र संगठिक अपराध सम्बन्धी कानून कार्यान्ययनको अवस्था नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन, सम्मेलन विशेषाङ्क, महान्यायाधिवक्ताको कार्यालय, नेपाल पृ.१८७

संगठित अपराधको प्रभाव बाट नेपाल पनि अछुतो रहेको देखिँदैन । समयको विकास संगै नेपालमा पनि संगठित अपराधका घटना बढ्दै गईरहेको देखिन्छ ।[2] नेपालमा अपहरण शरीर बन्धक, फिरौती माग र असुली , मानव बेचविखन तथा ओसारपसार लागुऔषधको कारोबार बैंक घोटाला, मुद्रा अपचलन हत्या, भ्रष्टाचार, सम्पती शुद्धिकरण जस्ता अपराधहरु संगठित रुपमा समेत गरिदै आइरहेको र सो अपराधहरुलाई नियन्त्रण गर्न तत्काल प्रचलित मुलुकी ऐन तथा अन्य विशेष ऐनहरुको निर्माण गरिएको भएतापनि संगठित स्वरुपमा गरिने अपराधहरुको रोकथाम र नियन्त्रण गर्न छुट्टै उपयुक्त कानूनी व्यवस्थाको अभाव नेपालमा निकै लामो समय सम्म रहिआएकोमा नेपालले ११ डिसेम्बर २००२ मा अन्तरदेशीय संगठित अपराधको सामना गर्ने प्रमुख संयन्त्रको रुपमा रहेको अन्तरदेशशीय संगठित अपराध सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी,२००० मा हस्ताक्षर गरेको थियो भने २३ डिसेम्बर २०११ मा व्यवस्थापिका संसदले यसलाई अनुमोदन गरेकोले नेपाल उक्त सन्धीको पक्षराष्ट्र वनी पक्षराष्ट्रको दायित्व निर्वाह गर्ने क्रममा लामो समय पश्चात नेपालले संगठित अपराध सम्बन्धी छुट्टै कानूनी व्यवस्था गर्ने सन्दर्भमा संगठित अपराध निवारण अध्यादेश, २०६९ जारी गरेको र उक्त अध्यादेश जारी भएको एक वर्ष पछि संगठित अपराध निवारण ऐन, २०७० निर्माण गरी लागु गरेको देखिन्छ । प्रस्तुत कार्यपत्रमा संगठित अपराधको अवधारणा र परिभाषाको वारेमा सामान्य जानकारी गराउदै संगठित अपराधको सम्बन्धमा नेपालमा विद्यमान रहेको कानूनी व्यवस्था अन्तर्गत मुख्य रुपमा संगठित अपराध निवारण ऐन, २०७०ले गरेका प्रमुख कानूनी व्यवस्था, सो कानूनमा रहेका अस्पष्टता र सुधारका उपायहरुको बारेमा उल्लेख गर्दै अन्य कानूनी व्यवस्थाको बारेमा समेत सामान्य चर्चा गर्ने प्रयास गरिएको छ ।

संगठित अपराधको अवधारणा तथा परिभाषाः

संगठित अपराधलाई फौज्दारी विधि शास्त्रको नविनतम अवधारणाको रुपमा लिने गरिएतापनि संगठित अपराधिक समूहको अस्तित्व प्राचीन समय देखिनै समाजमा रही रहेको देखिंदा संगठित अपराधिक क्रियाकलापहरु विभिन्न स्वरुपमा समाजमा पहिले देखिनै घटदै आइरहेको पाइन्छ । १९ सौं शताब्दीमा इटलीको नेपल्समा रहेको अपराधिक समूह Italian Comarra अपराधिक लाभ र हत्या को लागि कुख्यात मानिन्थ्यो । १९ सौं शताब्दीको अन्त्य तथा २० सौं शताब्दीको शुरु तिर युरोपियन अप्रवासीहरुको आउने लहर संगै Mafia र Black Hand सहितका Italian criminal organizationहरु अमेरिका आएको पाईन्छ ।[3] परम्परागत रुपमा संगठित अपराधलाई "पारिवारीक" अपराधिक संजालको रुपमा लिइन्थ्यो मूलतः संगठित अपराधिक समूहको रुपमा Lacosa Nostra / Mafia हरुको विकास परिवारीक अपराधिक संजाल बाट भएको देखिन्छ ।[4] संगठिक अपराध भन्ने शब्द सन् १९१९ मा वकील, व्यापारी र वैंक संचालकहरु द्धारा स्थापित सिकागो अपराध आयोगले पहिल पटक प्रयोगमा ल्याएको थियो । यस आयोगले सिकागोमा भएको अपराधको समस्या र फौज्दारी न्याय प्रणालीको विकास र परिवर्तन गर्नका लागि सहयोग पूर्याउने दौरानमा संगठित अपराध शब्द प्रयोगमा ल्यायो । तथापी सिकागो अपराध

---

[2] पद टिप्पनी नं. १

[3] Schmalleger Frank (2006), criminology today (Forth edition) New Jersey.PEARSON prentice Hall, USA P.420

[4] कटुवाल, राजेश कुमार (२०७५) संगठिक अपराध न्याय प्रशासनका आयामहरु (दोस्रो संगठित), सम्पादक श्याम कुमार भट्टराई, प्रकाशक सोपान मासिक, काठमाण्डौं पृ.५६९।

आयोगले संगठित अपराध भन्नाले संगठित अपराधिक संगठनलाई नभई लगभग दशहजार पेशेवर अपराधीहरुलाई अपराधिक श्रेणीमा राखी संगठित अपराध शब्द प्रयोगमा ल्याएको थियो । [5] सन् १९१९ मा नै कुनै एक सन्दर्भमा अमेरिकामा संगठित अपराध शब्द प्रयोगमा ल्याईएतापनि तत्पश्चात लामो समय सम्म पनि संगठित अपराधिक समूहहरुले गर्ने अपराधिक क्रियाकलापहरुलाई संगठिक अपराधको संज्ञा दिने गरेको पाइदैन । अन्तराष्ट्रिय विधिशास्त्र र तुलनात्मक विधिशास्त्रमा संगठित अपराध शब्दावलीको प्रयोग अमेरिकामा सन् १९६० देखि ल्याइएको पाइन्छ । [6] सन् १९६० र १९७० को दशकमा अमेरिकीहरुले प्रयोग गरेको "संगठित अपराध" भन्ने शब्दावली अन्यत्र समान रुपमा प्रयोग नगरिएको र युरोपमा सन् १९८० को दशकको अन्त्य सम्म पनि विभिन्न मूलुकहरुले संगठित अपराधको अवधारणालाई आत्मसात गर्न नसकेको तर सन् १९९० को दशकमा गएर भने अन्तराष्ट्रिय कानूनको वढ्दो प्रभावका कारण विभिन्न मुलुकमा संगठित अपराधको प्रतिरोध गर्ने सन्दर्भमा कानूनहरु निर्माण हुन थालेको पाईन्छ । [7] वर्तमान समयमा विश्वव्यापी रुपमा व्याप्त रही फौज्दारी न्याय प्रणालीको एक जल्दोबल्दो विषय बस्तुको रुपमा खडा हुन पुगेको संगठीत अपराधको अवधारणाको विकास क्रम तर्फ हेर्दा यो अवधारणाको शुरुवात विश्वका विभिन्न मुलुकहरुमा भिन्न भिन्न समयमा भएको पाइनुको साथै संगठित अपराधको अवधारणालाई विभिन्न मुलुकहरुले एउटै रुपमा लिने गरेको पाइदैन । संगठित अपराधको सामाना गर्न विभिन्न मुलुकहरुमा निर्माण गरिएका कानूनहरुमा संगठित अपराधलाई आ-आफ्नो राष्ट्रिय आवश्यकता अनुसार परिभाषित गरेको पाईन्छ भने अन्तरदेशीय संगठित अपराध को सामना गर्न संयुक्त राष्ट्र संघको पहलमा अन्तरदेशीय संगठिक अपराध विरुद्धको संयुक्त राष्ट्र संघको महासन्धी २००० को समेत निर्माण भएको देखिन्छ।

संगठिक अपराधको परिभाषाः

संगठिक अपराध र संगठिक अपराधिक समूहलाई बुझ्ने सन्दर्भमा विद्वानहरुका वीच एकमत नहुँदा संगठन अपराधको सर्व स्वीकार्य परिभाषाको अभाव रहेको पाईन्छ । संगठित अपराधका केही परिभाषाहरु निम्न बमोजिम उल्लेख गरिएको छ ।

विधिशास्त्र Donald Casey:-

"An organized crime is a crime committed by a person occupying in an established division of labour, a position designed for the commission of crimes providing that in such division of lablur at least one position for a corrupter, one position for a corruptee and one position for an enforce. "स्पष्ट छ यो परिभाषाको जोड अपराध भन्दा पनि अपराध घटाउनका लागि बनेको समूहको संगठनात्मक पक्षसंग छ जस्मा अपराध गर्नका लागि कम्तीमा पनि तिन जना व्यक्तिहरु हुन्छन र श्रमको विभाजन हुन्छ ।[8]

"J.S. Albanese:"

---

[5] पद टिप्पणी नं. १ पृ.१८८

[6] संगठिक अपराध सम्बन्धी कानूनको प्रमुख मूल्याङ्कन सम्बन्धी अनुसन्धानमूलक अध्ययन (२०७४) महान्यायाधिवक्ताको कार्यालय, नेपाल पृ.१८

[7] भट्टराई डा.आनन्द मोहन (२०६८), अन्तरदेशीय संगठित अपराधः प्रभावकारी प्रतिरोधात्मक उपायहरु, संगठित अपराधः एक परिचय, स्रोत सामग्री, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल पृ.७

[8] पद टिप्पणी नं. ७ पृ.८

" organized crime is a continuing criminal enterprise that rationally works to profit from illicit activities that are after in great public demand. Its continuing existence is maintained through the use of force, threats, monopoly control, and/ or the corruption of public official:" [9] यो परिभाषाले संगठित अपराध भित्र कुनै योजना नवनाई Randomly गठन भएका अपराधिक समूहका क्रियाकलापहरुलाई नलिई निश्चित समय सम्म अस्तित्वमा रहेका अपराधिक समूहले आर्थिक फाईदाका लागि शक्ति धम्की एकाधिकार नियन्त्रण र सार्वजनिक पदाधिकारीको दुरुपयोग गरी गरिएका गैरकानूनी क्रियाकलापहरुलाई संगठित अपराध भित्र समेटेको पाईन्छ ।

The U.S. Task Force Report, 1967 ले गरेको परिभाषाः

"Organized crime is a society that seeks to operate outside the control of the American people and their government. It involves thousands of criminals working within structures as complex as those of any large corporation, subject to laws more tightly enforced than those of legitimate governments. Its actions are not impulsive but rather the result of intricate conspiracies, carried on over on over many years and aimed at gaining control over whole fields of activity in order to amass huge profites". [10]

Section 601 (b) of Omnibus Crime Control and Safe Street Act, 1968 ले गरेको परिभाषाः

"Organized crime includes the unlawful activities of the members of a highly organized, disciplined association engaged in supplying illegal goods and services, including but not limited to gambling, prostitution, loan sharking, narcotics, labor racketeering and other unlawful activities of such associations". [11]

अमेरिकी न्याय विभागले सन् १९७० मा गरेको परिभाषाः

"All illegal activities engaged in by members of criminal syndicates operative through out the US and all illegal activities enagaged in by known associates and confederates of such members." यो परिभाषाले संगठन भन्दा पनि यसका काम कारवाहीलाई महत्व दियो । यस्ता अपराधिक संगठनका सदस्यहरु अनुशासनको कडा चौघेरामा नभई एउटा खुकुलो सम्बन्ध (Loose nexus) मा रहन सक्छन । यहाँ स्वापान गत तह (Hierarchical order) भन्दा पनि अपराधिक कार्य उद्देश्य महत्वपूर्ण हुन्छ । यो उद्देश्य मूलतः पैसा कमाउने अर्थत आर्थिक लाभ लिने हुन्छ । [12]

अमेरिकाको संगठित अपराध नियन्त्रण ऐन १९७० ले गरेको परिभाषाः

संगठित अपराध भन्नाले संगठित रुपमा अनुशासित संगठन द्धारा संचालन गरिएको गैरकानूनी तथा अपराधिक क्रियाकलाप र व्यापारीलाई धम्काई आर्थिक लाभ लिने समूह समेतलाई जनाउदछ ।" [13]

अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय २००० ले संगठित अपराधको परिभाषा नगरी संगठित अपराधिक समूहको परिभाषा गरेको पाईन्छ ।

---

[9] Tripathi Rebati raj and Bhandari Somakanta (2016) An Assessment of legal framework to combat organized crimes in Nepal Prosecution Journal (vol.3) office of the attorney general Nepal, p.34

[10] पद टिप्पणी ९ पृ.३५

[11] ऐ.

[12] पद टिप्पणी नं. ६ पृ.८

[13] पद टिप्पणी नं. १ पृ १९०

जस अनुसार "organized criminal group" shall mean a structured group of three or more persons existing for a period of thme and acting in concert with aim of committing one or more serious crimes or offences established in accordance with this convention in order to obtain directly a financial or other material benefit" [14] यो परिभाषाले अपराधिक संगठनको संस्थागत स्वरुप समयावधी अपराधको उद्देश्य र प्रकृति बारे उल्लेख गरेको पाईन्छ । यस महासन्धी को धारा २(b) अनुसार गम्भीर प्रकृतिको अपराध अन्तर्गत कम्तिमा चार वर्ष वा सो भन्दा बढी कैद सजाय हुने अपराध पर्दछ ।

अन्तराष्ट्रिय प्रहरी संगठन इन्टरपोल (INTERPOL) ले गरेको परिभाषाः

"संगठित अपराध भन्नाले राष्ट्रिय सिमानाको वास्ता नगरी आर्थिक लाभ प्राप्त गर्ने उद्देश्यले निरन्तर रुपमा गैरकानूनी कार्य संलग्न रहने कुनै संगठन वा व्यक्तिहरुको समूह बुझिन्छ ।"[15]

नेपालको सन्दर्भमा संगठिक अपराध निवारण ऐन २०७० ले गरेको परिभाषा

अपराधिक समूहः

अपराधिक समूह भन्नाले प्रत्यक्ष वा परोक्ष रुपमा परिच्छेद-२ मा उल्लेखित संगठित अपराध गर्ने उद्देश्यले नेपाल भित्र वा नेपाल बाहिर रहे भएको संगठित वा असंगठित तीन वा तीन भन्दा बढी व्यक्तिहरुको समुह सम्झनुपर्छ ।दफा २(घ)

संगठिक अपराधः

अपराधिक समूहको लाभको लागि अपराधिक समूहको निर्देशनमा, अपराधिक समूहको तर्फ बाट अपराधिक समूह संग मिलेर वा अपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेमा संगठित अपराध गरेको मानिने छ । दफा ३(२)

अन्तराष्ट्रिय स्तरमा संगठित अपराधको परिभाषा विभिन्न कोणबाट गरिएको पाईन्छ । विभिन्न राष्ट्रहरुले आ-आफ्नो राष्ट्रिय आवश्यकता अनुसार यस्को परिभाषा गरेको देखिन्छ । संगठित अपराधको सिमावारपारको चरित्रको कारण यस्को विश्वव्यापी साझा परिभाषा आवश्यक भएपनि हाल सम्म त्यो उपलब्ध हुन सकेको अवस्था देखिँदैन । संगठित अपराधको हाल सम्मको परिभाषाबाट यो अपराध पूर्ण तयारी साथ संगठित रुपमा संजाल समेत खडा गरी पर्याप्त स्रोत साधन र धेरै व्यक्तिहरु मिलेर श्रृंखलाबद्ध रुपमा गरिने, आर्थिक लाभ कमाउने मुख्य उद्देश्यका साथै प्रासिद्धि हासिल गर्ने समाजलाई आतंकित पार्ने, सामुहिक वदला लिने आदि उद्देश्यका साथ संगठित अपराधिक समुहबाट गरिने कार्य हो भन्ने बुझिन्छ ।

संगठित अपराध भन्नाले कुनै छुट्टै अपराधलाई जनाउदैन । अपराधको उद्देश्य, अपराधको कार्यशैली, ढाँचा, विधि, तरिका अपराधिक कार्यमा संलग्न व्यक्तिहरुको संख्या, संगठनात्मक संरचना, संजाल अपराधको विस्तारित क्षेत्र लगायतका पक्षहरुको आधारमा संगठित अपराध अन्य परम्परागत अपराध भन्दा पृथक किसिमको हुने गर्दछ ।संगठित अपराध Organized Criminal group बाट गरिन्छ भने त्यस्ता समुहहरुका संरक्षक र विशेषज्ञ समर्थकहरु पनि रहेका हुन्छन । संगठित अपराधको बारेमा उपलब्ध परिभाषाहरु तथा

[14] UN convention against transnational organized crime, 200 Art. 2(a)

[15] पौडेल, केदार (२०६८) संगठित अपराध सम्बन्धी जानकारी. संगठित अपराधः एक परिचय स्रोत सामग्री राष्ट्रिय न्यायिक प्रतिष्ठान नेपाल पृ.१

यसको प्रकृतिको बारेमा विभिन्न विद्वानहरुले व्यक्त गरेको विचारहरुको आधारमा यसका केही प्रमुख विशेषताहरु निम्नानुसार पहिचान गर्न सकिन्छ ।

1. Exbits continuity over long period of time
2. Hierarchical structure
3. Limited or exclusive membership
4. Criminality - continuing criminal activity to generate income
5. Use of force and voilence
6. Power/ profit goal
7. Not confined to illegal business
8. Swift control
9. Diversification
10. Centralized authority
11. Planning
12. Reserved fund
13. Has non-idealogical in motives
14. Governed by rules and codes of secrecy
15. Seeks to monopolize products and services,
16. Creats a division of labour with job specialized
17. Recruitment process and policy
18. Attempt to gain influence in government, politics and commerce through corruption and graft

विश्वमा चर्चित केही संगठिक अपराधिक संगठनहरुः-

विश्वका केहि चर्चित अपराधिक संगठनको रुपमा सिसीलियन माफिया, अमेरिकन माफिया, रासियन माफिया, आइरिस मो, कोलम्वियन ड्रग कारटेल्स, चाइनिज ट्राइडस, जापानीज याकुजा, यामागुची, गुमी, भारतको दाउद इब्राईम, छोटाराजन समूह आदिलाई लिन सकिन्छ ।

संगठित अपराधको नियन्त्रण र रोकथाम संग सम्बन्धीत अन्तराष्ट्रिय कानूनी संयन्त्रहरुः

अन्तरदेशिय संगठित अपराधको सामना गर्न मुख्य रुपमा अन्तरदेशीय संगठित अपराध सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी २००० र यसका ३ वटा उपलेखहरु निर्माण भएका छन । यसै गरी संगठित अपराधको रोकथाम र नियन्त्रण गर्ने कार्य संग सम्बन्धीत केही अन्य अन्तराष्ट्रिय र क्षेत्रीय संयन्त्रहरु समेत निर्माण भएको देखिन्छ ।

यस महासन्धीको मुख्य उद्देश्य संगठित अपराधले खडा गरेका समस्याहरु संग लड्न अन्तराष्ट्रिय सहयोगलाई अभिवृद्धि गर्ने रहेको छ । यो महासन्धीले अन्तरदेशिय संगठित अपराधका अतिरिक्त घरेलु फौजदारी अपराधहरुकोसृजना (सङ्गठित आपराधिक समूह, मुद्रा निर्मलिकरण, भ्रष्टाचार र न्यायको अवरोध) सुपूर्दगी, पारस्पारिक कानूनी सहायता र कानुन कार्यान्वयन सहायोगको नविन र विस्तृत ढाँचाको अवलम्बन, राष्ट्रिय निकायहरुको आवश्यक क्षमता निर्माण अभ्युत्थान गर्नका लागि तालिम र प्राविधिक सहयोग अभिवृद्धि गर्ने विषयमा प्रतिवद्धता व्यक्त गरेका छन ।[16]

[16] पद टिप्पणी नं. ६ पृ. १७-१८

महासन्धीले गरेका प्रमुख व्यवस्थाहरुः

❖ **विभिन्न शब्दहरुको परिभाषाः**

महासन्धीले संगठित अपराधको परिभाषा नगरी Organized criminal group, Serious crime र Structured group को परिभाषा निम्नानुसार गरेको छ ।

Organized criminal group: धारा २(a) "A structural group of three or more persons, existing for a period of time and acting with the aim of committing one or more serious crimes in order to obtain a financial or other material benefit."

Serious crime: धारा २(b) "Serious crime shall mean conduct contituting an offence punishable by a maximum deprivation of liberty of at least four years or a more serious penalty."

Structural Group: धारा २(c) "Structure group shall mean a group that is not randomly formed for the immediate commission of an offence and that does not need to have formall defined roles for its members. continuity of its membership or adeveloped structure."

यसका साथै Proceeds of crime, Freezing or Seizure, Confiscation, Predicate offence र Control delivery जस्ता शब्दहरुको पनि परिभाषा गरिएको छ ।

❖ **महासन्धीले निम्न कसुरहरुलाई स्थापित गरेको छ**

- Participation in an organized criminal group (Article 5)
- Laundering of proceeds of crime (Money laundering) (Article 6)
- Corporation (Article 7)
- Obtraction of justice (Article 23)

❖ **कानूनी व्यक्तिको दायित्व निर्धारण**

❖ **अभियोजन, न्यायिक निर्णय र दण्ड सम्बन्धी व्यवस्था**

❖ **अन्तराष्ट्रिय सहयोग सम्बन्धी व्यवस्था-**

महासन्धीले राष्ट्रहरु बिच निम्न विषयमा अन्तराष्ट्रिय सहयोगको अपेक्षा गरेको छ।[17]

- अभियुक्त वा कसूरदारहरुको सपुर्दगी
- सजाय ठहर भएका व्यक्तिहरुको हस्तान्तरण
- पारस्परिक कानूनी सहायता
- फौजदारी कारवाहीको स्थानान्तरण
- कानून कार्यान्वयन सम्बन्धी सहयोग
- संयुक्त अनुसन्धान तहकिकात तथा तहकिकात सम्बन्धी विशेष अनुसन्धानात्मक प्रविधि
- सम्पत्तिको स्वामीको पहिचान, अभिलेख, शंकास्पद कारोवारको जनाउ, सूचना संकलन।
- प्राविधिक सहायता र सूचना आदान प्रदान ।

संगठिक अपराधका विशिष्ट क्षेत्र ओगट्ने उक्त महासन्धीका निम्न तिनवटा उपलेखहरु रहेका छन।

- The Protocol to Prevent, Suppress and Punish **Trafficking in Persons**, Especially Women and Children, *2000*
- The Protocol against the **Smuggling of Migrants** by Land, Sea and Air, *2000*

[17] पद टिप्पणी नं. ६ पृ १९-२०

- The Protocol Against the Illicit **Manufacturing of and Trafficking in Firearms**, Their Parts and Components and Ammunition, *2001*

अन्य अन्तराष्ट्रिय र क्षेत्रीय संयन्त्रहरुः

- भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि,२००३
- जीउमास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषण र दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९
- लागूऔषध विरुद्धको महासन्धि १९८८
- वीत्तीय आतंकबादलाई दमन गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धि,१९९९
- महिला र बालबालिकाको बेचविखन, रोकथाम र सामना सम्बन्धी सार्क महासन्धी,२००२
- विशेषगरी महिला र बालबालिकाको ओसारपसारलाई निवारण, दमन र दण्ड सम्बन्धी आलेख, २०००
- भूमि, समुन्द्र तथा हवाई माध्यमबाट हुने आप्रवासीहरुको ओसारपसार विरुद्धको आलेख, २०००
- BIMSTEC Conventtion on cooperation in combating International Terrorism, Transnation Organised Crime and Illicit Drug Trafficiking Dec 2009
- Globle Action Plan against Organized Transnational Crime, 1998
- SAARC Convention on Suppressing of Terrorism, 1987
- SAARC Convention on Nurcotic Drugs and Psychotropic Substances, 1998

नेपालमा संगठित अपराध सम्बन्धी कानूनी व्यवस्थाः

नेपालमा लागुऔषध ओसारपसार, मानव बेचविखन, अपहरण तथा शरीरबन्धक, फिरौतीमाग, प्राचीन स्मारक तस्करी, संरक्षित वन्यजन्तु तथा वनस्पति तस्करी, ठगी, नक्कली मुद्रा कारोबार, मुद्रा अवचलन, बैंक घोटाला, हातहतियार खरखजाना, सुनतस्करी, भन्सारछली, सौदा हत्या, सरकारी कागजात किर्ते, भ्रष्टाचार, सम्पत्ती शुद्धिकरण, साइवर अपराध आदि अपराधहरु संगठित अपराधको स्वरुपमा समेत हुने गरेकोमा ती अपराधिक क्रियाकलापहरुलाई रोकथाम र नियन्त्रण गर्न मुलुकी ऐन र अन्य विशेष कानूनहरुको निर्माण गरिएको भएतापनि संगठित रुपमा समेत हुने ती अपराधिक कार्यहरुको सम्बन्धमा अवलम्बन गर्नुपर्ने अपराध अनुसन्धान, अभियोजन, प्रमाणको प्रस्तुतीकरण, सजायको व्यवस्था तथा न्याय निरुपणको व्यवस्थाका सम्बन्धमा उपयुक्त व्यवस्था गर्न छुट्टै कानूनको निर्माण भने वि.स. २०६९ साल सम्म हुन सकेको देखिदैन । विश्वका अन्य मुलुकहरु जस्तै नेपाल पनि संगठित अपराधको प्रभावमा परिरहेको र अन्तरदेशीय संगठित अपराधका विरुद्ध लडन संयुक्त राष्ट्र संघको पहलमा निर्माण भएको अन्तरदेशीय संगठित अपराध सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी २००० को नेपाल पक्ष राष्ट्र वने पछि पक्षराष्ट्रको दायित्व निर्वाह गर्ने सन्दर्भमा संगठित अपराध नियन्त्रण गर्ने दिशा प्रथम कानूनी दस्तावेजको रुपमा वि.स. २०६९/११/१४ मा संगठित अपराध नियन्त्रण अध्यादेश जारी भएको र तत्पश्चात वि.स. २०७०/१२/१२ मा उक्त अध्यादेशलाई खारेज गर्दै संगठित अपराध निवारण ऐन, २०७० जारी भई लागु भएको अवस्था छ ।यसै गरी संगठित अपराध संग प्रत्यक्ष रुपमा सरोकार रहेका पारस्परिक सहायता सम्बन्धी ऐन २०७० तथा सपुर्दगी ऐन, २०७० पनि कार्यन्वयनमा रहेका छन भने भ्रष्टाचार निवारण ऐन, २०५९ तथा सम्पत्ती शुद्धिकरण (मनी लाउन्डरीङ) निवारण ऐन, २०६४ लगायतका सान्दर्भिक ऐनहरु पहिले देखिनै क्रियासिल रहेको पाईन्छ।

१. संगठित अपराध निवारण ऐन, २०७०

संगठित अपराध निवारण ऐन, २०७० को मुख्य उद्देश्यः

- सर्वसाधारणको जिउ, ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ति र सुव्यवस्था कायम गर्ने,
- संगठित अपराधलाई निवारण गर्ने,
- विशेष प्रविधि अपनाई संगठित अपराधको अनुसन्धान गर्ने,
- संगठित अपराधमा संलग्न तथा संगठित अपराधलाई जुनसुकै माध्यमबाट सहयोग गर्नेलाई सजाय गर्ने,
- संगठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने।

संगठित अपराध निवारण ऐन, २०७० को मुख्य प्रावधानहरुः

ऐनको वर्हिक्षेत्रिय प्रयोगको व्यवस्थाः

- नेपाल वाहिर बसी नेपाल वा नेपाली नागरिक विरुद्ध संगठित अपराध गर्ने व्यक्तिको विरुद्ध पनि लागु हुने व्यवस्था ऐनको दफा २ ले गरेको छ ।

संगठित अपराधको परिभाषा र अपराधी करणः

- ऐनको दफा २(घ) ले अपराधिक समुह भन्नाले प्रत्यक्ष वा परोक्ष रुपमा परिच्छेद २ मा उल्लेखित संगठित अपराध गर्ने उद्देश्यले नेपाल भित्र वा वाहिर रहे भएको संगठित वा असंगठित तीन वा तीन भन्दा बढी व्यक्तिहरुको समुह समझनु पर्छ भन्ने उल्लेख गरेको छ ।
- ऐनको दफा ३(२) मा कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेमा निजले सङ्गठित अपराध गरेको मानिनेछ भन्ने व्यवस्था गरेको छ।
- ऐनको दफा ३(३) ले गंभीर कसूर भित्र निम्न कसूरहरुलाई राखेको छ ।

क) प्रचलित कानून बमोजिम तीन बर्ष वा सो भन्दा बढी कैदको सजायँ हुने अपराध,

ख) परिच्छेद ३ अन्तर्गतका कसूरः

- अपराधिक समूहको स्थापना,
- न्यायिक कारवाहीमा अवरोध,
- विध्वंशात्मक कार्य,
- अपराधिक लाभ लिन नहुने ।

ग) प्रचलित कानून बमोजिम भ्रष्टाचार वा सम्पति शुद्धिकण वा आतंककारी क्रियाकलापमा वित्तिय लगानि मानिने कसूर

अपराधिकरण गरिएका अन्य कसूरहरुः

- संगठित अपराधी समूहलाई सहयोग पुग्ने कार्य वा अकार्य, सहभागिता, सञ्चार साधन उपलब्ध गराउने वा आर्थिक साधन वा साधन दिने सङ्गठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने, लुकाउने वा भगाउने कार्य गर्ने वा गराउने । दफा ३(४)
- सङ्गठित अपराधको तयारी, उद्योग, षडयन्त्र गर्न वा दुरुत्साहन दिन वा मतियार हुन नहुनेः कसैले सङ्गठित अपराधको तयारी गर्न, षडयन्त्र गर्न, उद्योग गर्न वा सङ्गठित अपराध गर्न दुरुत्साहन दिन वा त्यस्तो अपराधमा मतियार हुने। (दफा ४)

ऐनको दफा ९ ले गरेको सजाय सम्बन्धी व्यवस्थाः

- दफा ३ को खण्ड (क) वा (ख) तथा उपदफा ४ बमोजिमको कसूर गर्नेलाई प्रचलित कानून बमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय गर्ने, जन्म कैद वा सो भन्दा बढी सजाय हुनेमा थप सजाय नहुने ।
- दफा ३ (४) बमोजिमको कसूर गर्नेलाई प्रचलित कानूनमा कुनै सजायको व्यवस्था नभएको अवस्थामा समेत पाँच वर्षसम्म कैद वा पाँचलाख रुपैंयासम्म जरिवाना वा दुवै सजाय गर्ने,
- दफा ५ बमोजिमको अपराधिक समूह स्थापना गर्ने कसूर गर्नेलाई पाँच वर्ष सम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना,
- दफा ६ बमोजिम न्यायिक कार्यमा अपरोधको कसूर गर्नेलाई तीन वर्ष सम्म कैद र दुई लाख रुपैयाँ सम्म जरिवाना
- दफा ७ बमोजिम विध्वंसात्मक कार्यको कसूर गरी जिउ ज्यान गएको रहेछ भने जन्मकैद, विध्वंसात्मक कार्यको उद्योग गर्ने वा दुरुत्सान दिने वा सो कसूर गर्न वाध्य गराउने, त्यस्तो कार्य गर्ने उद्देश्यले हातहथियार, बम, विष्फोट पदार्थ वा विशालु पदार्थ वा वितरण गर्ने वा राख्ने वा ओसार पसार वा आयात निर्यात गर्ने वा कुनै प्रकारले लिनुदिनु गर्ने वा प्रचार प्रसार गर्ने गराउनेलाई कसूरको मात्रा अनुसार तीन वर्ष देखी दस वर्ष सम्म कैद
- विध्वंसात्मक कार्यको कसूरको मतियारलाई संगठित अपराध गर्ने व्यक्तिलाई हुने सजायको आधा सजाय हुने
- दफा ८ बमोजिम अपराधिक लाभ लिने नियतले कसैको ज्यान लिने, अङ्ग भङ्ग गर्ने वा गम्भिर चोट पुऱ्याउने डर वा त्रास देखाएमा सात वर्ष सम्म कैद र ७० हजार रुपैयाँ सम्म जरिवाना,
- कसैको व्यवसायमा गैर कानूनी तरिकाले कुनै क्षति पुऱ्याउने वा चरित्रमा झुठो दोष लगाउने नियतले डर त्रास देखाई अपराधिक लाभ लिएको भए ४ वर्ष सम्म कैद र चालिस हजार रुपैयाँ सम्म जरिवाना,
- उल्लेखित वाहेक अन्य अवस्थामा अपराधिक लाभ लिएमा एक वर्ष सम्म कैद र दश हजार रुपैयाँ सम्म जरिवाना

क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः दफा १०

- कसूर गर्ने वा गराउने व्यक्तिबाट नै क्षतिपूर्ति भराउनु पर्ने व्यवस्था,

अनुसन्धान तथा अभियोजन सम्बन्धी व्यवस्थाः दफा ११

- भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण र आतंककारी क्रियाकलापमा वित्तिय लगानी बाहेकका संगठित अपराधको अनुसन्धान कम्तिमा अधिकृत स्तरको प्रहरी कर्मचारीले गर्ने

विशेष अनुसन्धान टोली गठन गर्ना सक्ने व्यवस्थाः दफा १२

- विशेषज्ञ संलग्न रहेको अनुसन्धान टोली गठन गर्न उपयुक्त देखिएमा नेपाल सरकारले महान्याधिवक्ता र प्रहरी महानिरिक्षकसँग परामर्श गरी विशेष अनुसन्धान टोली गठन गर्न सक्ने

विशेष अनुसन्धान पद्धति अपनाउन सकिने व्यवस्थाः- दफा १३

- आवश्यकता अनुसार नियन्त्रित अनुसन्धान प्रविधि (Control delivery) वा गुप्त कारवाही अनुसन्धान (Under cover operation) र यस्तै अन्य उपयुक्त अनुसन्धान पद्धत्ति अपनाउन सकिने।
- आवश्यकता अनुसार सुराकी प्रयोग गर्न सकिने आरोपित व्यक्तिलाई अदालतको अनुमिति लिई पटक पटक गरी ६० दिन सम्म हिरासतमा राख्न सकिने व्यवस्था दफा १४

- आरोपित व्यक्तिको सम्पत्ति रोक्का राख्न सकिने व्यवस्था, दफा १५
- कारोबारको विवरण माग्न वा कारोवार वा खाता रोक्का राख्न सकिने, दफा १६
- आरोपित व्यक्तिको राहदानी रोक्का राख्न सकिने, दफा १७
- टलिफोन वा संचारको विवरण माग गर्न सकिने, दफा १८
- संचार माध्यम निष्कृय गर्न सकिने, दफा १९

Ple Bargaining सम्बन्धी अवधारणाको अबलम्बनः दफा २१

- ऐनले निर्धारित गरेको व्यवस्था बमोजिम संगठित अपराधको अभियोग लागेका अभियुक्तलाई संगठित अपराधमा हुने सजायमा ७५% सम्म छुट दिने गरी माग दावी गर्न सकिने,

थप अभियोग लगाउन सकिने व्यवस्थाः- दफा २२

- अभियोग पत्र दायर भै सकेपछि सोही अपराधमा अन्य व्यक्तिका विरुद्ध मुद्दा दायर गर्नु वा मुद्दा दायर भै सकेको अभियुक्त विरुद्ध सोही अपराधमा वा अन्य कुनै कसूरमा थप अभियोग लगाई अभियोग पत्र दायर गर्न सकिने,
- संचार अभिलेख गर्न सकिने सम्बन्धी विशेष व्यवस्था दफा २३

प्रमाणको प्रस्तुती र मुद्दाको कारवाही सम्बन्धी विशेष व्यवस्थाः

अभियुक्तलाई श्रव्यदृष्य सम्वाद मार्फत अदालतमा उपस्थित गराउन सकिने व्यवस्था, दफा ३३

- सुराकी उजुरीकर्ता वा कुनै साक्षीलाई समेत श्रव्यदृष्य सम्वाद वा डोर मार्फत बुझ्न सकिने दफा ३४
- काल्पनिक वा सांकेतिक नामबाट बयानमा बकपत्र गराउन सकिने व्यवस्था, दफा ३५

जिरह सम्बन्धी विशेष व्यवस्थाः दफा ३६

- सुराकी उजुरीकर्ता वा कुनै साक्षीलाई अभियुक्तले कुनै प्रकारको जिरह वा प्रश्न गर्न नसक्ने व्यवस्था,
- तर अदालतले आदेश दिएमा कानूनी व्यवस्था बमोजिम जिरह गर्न सक्ने व्यवस्था,
- संगठित अपराध गरी सम्पत्ति आर्जन गरेको मानिने, दफा ३७
- फिरौति लिएको अनुमान गर्न सक्ने, दफा ३८

प्रमाण सम्बन्धी विशेष व्यवस्थाः

- विदेशी मुलुकको अदालत वा सो मुलुकको अधिकारिक निकायबाट संकलन गरिएको वा परिक्षण गरिएको सवूत प्रमाणलाई अदालतले प्रमाणमा लिन सक्ने, दफा ३९

क्षेत्राधिकार र मुद्दाको सुनुवाइ समेतको व्यवस्थाः

- भ्रष्टाचार, सम्पत्ती शुद्धिकरण र आतंककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी मुद्दा बाहेक अन्य संगठित अपराध सम्बन्धी मुद्दाको क्षेत्राधिकार जिल्ला अदालतलाई हुने, दफा ४०
- संगठित अपराध मुद्दाको अभियुक्तलाई थुनामा राखी पूर्पक्ष गर्ने आदेश दिन सकिने, दफा ४१
- बन्द इजलासमा कारवाही तथा सुनुवाई गर्न सक्ने, दफा ४२

संगठित संस्थाले गरेको कसूरको अपराधीकरण र सजायको व्यवस्थाः दफा ४९

संगठित अपराध गर्न प्रयोग भएको जुनसुकै उपकरण, बस्तु वा साधन तथा संगठित अपराध गरी प्राप्त गरेको सम्पती जफत हुने व्यवस्था, दफा ५१

सुराकी, उजुरी कर्ता तथा साक्षीको संरक्षण सम्बन्धी व्यवस्थाः दफा ५३

- सुराकी गर्ने, उजुरी गर्ने वा सुचना दिने व्यक्तिले आफ्नो परिचय गोप्य राखिदिन अनुरोध गरेमा सम्बन्धित निकायले निजको परिचयात्मक विवरण गोप्य राख्नु पर्ने,

- साक्षी, निजको परिवारको कुनै सदस्यको सुरक्षामा खतरा रहेकोमा सुरक्षाको प्रवन्ध गरिदिन अदालत वा प्रहरी समक्ष निवेदन दिन सकिने,
- अदालतले त्यस्तो साक्षी सुरक्षाको प्रवन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्ने,
- प्रहरीमा निवेदन परेको भए त्यस्तो व्यक्ति वा सदस्यलाई सुरक्षा उपलब्ध गराउनु पर्ने,
- मुद्दा मामिलाको अभिलेखबाट साक्षीको विवरण वाहेको अंश वा भाग मात्र सार्वजनिक गर्ने,
- साक्षी संरक्षण गर्ने सम्बन्धमा अपनाइएको कुनै विषय अदालतमा प्रश्न नउठाइने,
- दोभाषे वा अनुवादक राख्न सक्ने व्यवस्था दफा ५४
- कानूनी सहायत उपलब्ध गराउने दफा ५५
- छुटै कानून व्यवसायी राख्न सक्ने- अपराध पीडितले दफा ५६
- हदम्याद नलाग्ने व्यवस्था दफा ५८

२. पारस्परिक कानूनी सहायता ऐन, २०७०

अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धी ले पक्षराष्ट्रहरुका लागी सृजना गरेको दायित्व पूरा गर्ने सन्दर्भमा नेपालले पनि पारस्परिक कानूनी सहायता ऐन, २०७० निर्माण गरी जारी गरेको हो । यस ऐनको दफा ३ मा पारस्परिक कानूनी सहायता आदान-प्रदान गर्न सकिने अवस्थाहरुको उल्लेख गर्नुको साथै नेपाल र विदेशी राज्य बिच पारस्परिक कानूनी सहायता आदान प्रदान गर्ने सम्बन्धमा द्विपक्षीय सन्धी भएको रहेछ भने नेपाल र त्यस्तो विदेशी राज्य बिच पारस्परिक कानूनी सहायता आदान-प्रदान गर्न सकिने तर कुनै खास न्यायिक कारवाहीको सम्बन्धमा कुनै विदेशी राज्यले भविष्यमा त्यस्तै प्रकारको न्यायिक कारवाहीमा पारस्परिक सहायता प्रदान गर्ने आश्वासन दिई कुटनैतिक माध्यम मार्फत नेपाल सरकार समक्ष पारस्परिक कानूनी सहायताका लागि अनुरोध गरेमा पारस्परिकताको आधारमा कानूनी सहायता प्रदान गर्न वाधा नपर्ने तर सन्धी नभएको विषयमा विदेशी अदालत बाट भएको फैसला कार्यान्वयन हुन नसक्ने व्यवस्था रहेको छ। यस ऐनमा पारस्परिक कानूनी सहायता नगरिने अवस्था, पारस्परिक कानूनी सहायताको विषय लगायतका व्यवस्थाहरु पनि गरिएको छ । पारस्परिक कानूनी सहायता सम्बन्धि सन्धी कुनै पनि छिमेकी मुलुकहरु संग हुन सकेको नदेखिँदा यस ऐनको कार्यान्वयन प्रभावकारी रुपमा हुन सकेको भने देखिदैन ।

३. सपुर्दगी ऐन, २०७०

अन्तरदेशीय संगठित अपराधको न्यूनिकरण र रोकथाम गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्न सक्ने कानूनको रुपमा नेपालमा सपुर्दगी ऐन, २०७० पनि निर्माण भएको छ । सपुर्दगी गर्न सकिने कसुरमा फरार रहेका अभियुक्तलाई कानून बमोजिम सपुर्दगी सम्बन्धी कारवाही गर्नका लागी यो ऐन जारी भएको हो । यस ऐनले फरार अभियुक्त वा कसुरदारलाई कानून बमोजिम सपुर्दगी सम्बन्धी कारवाही गर्न सहयोग पूर्याउनुको साथै विदेशबाट फरार भई नेपालमा लुकीछिपी वसेको अभियुक्तलाई सम्बन्धीत देशमा हस्तान्तर गर्न सहयोग पूर्याउदछ । यस ऐनले सपुर्दगी गर्न सकिने कसुरहरुको विषय, सपुदर्गी गर्न इन्कार गर्ने विषय स्पष्ट व्यवस्था गर्ने लगायत विभिन्न कानूनी प्रावधानहरुको व्यवस्था गरेको छ । नेपालको भारत बाहेक अन्य मुलुक संग सपुर्दगी सन्धी हुन सकेको नदेखिएकोले यस ऐनको कार्यान्वयन पक्ष समेत कमजोर रहेको पाइन्छ ।

संगठित अपराध नियन्त्रण संग सान्दर्भिक अन्य प्रमुख कानूनहरुः

- भ्रष्टाचार निवारण ऐन, २०५९
- सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरीङ) निवारण ऐन, २०६४
- बैंकिङ्ग कसूर र सजाय ऐन २०६४
- हातहतियार तथा खरखजाना ऐन २०१९
- अध्यागमन ऐन, २०४९
- राजश्व चुहावट (अनुसन्धान र नियन्त्रण) ऐन, २०५२
- वन ऐन, २०४९
- प्राचीन स्मारक संरक्षण ऐन, २०१३
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापारलाई नियमन र नियन्त्रण गर्न वनेको ऐन, २०७३
- भन्सार ऐन, २०६४
- विद्युतिय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४
- कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७०
- अपराध पीडित संरक्षण ऐन, २०७५
- मुलुकी अपराध (संहिता) ऐन, २०७४ आदि ।

संगठित अपराध निवारण ऐन, २०७० को कार्यन्वयनको अवस्थाः

नेपालमा यो ऐन लागु भएको छोटो अवधी नै भएकोले संगठित अपराधको रोकथाम र नियन्त्रण गर्ने सम्बन्धमा यो ऐनको कार्यन्वयनको पक्ष कस्तो रहेको छ भन्ने सम्बन्धमा बढी चर्चा गर्न सक्ने अवस्था नभएतापनि यस ऐनको प्रयोगको सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट २०७४ साल भाद्रमा गरिएको एक अनुसन्धानमूलक अध्ययनले यसको कार्यन्वयनको अवस्थाको बारेमा केही तथ्यहरु प्रकाशित रहेको पाईन्छ । काठमाण्डौं ललितपुर र भक्तपुर जिल्ला सरकारी वकील कार्यालय बाट संगठित अपराध अन्तर्गत अभियोजन गरिएको मुद्दाहरु मध्ये २१ वटा मुद्दाको मिसिल अध्ययन बाट अनुसन्धान तथा अभियोजनमा मुख्य रुपमा निम्न कमजोरी रहेको औंल्याईएको छ ।[18]

- अनुसन्धान अवधिमा मूल अपराधमा मात्र अनुसन्धान भएकोमा राय पेश गर्दा संगठित अपराधमा पनि थप राय पेश गरिएको, रायमा किन संगठित अपराध भयो भन्ने कुनै विश्लेषन नगरिएको ।

[18] पद टिप्पणी नं. ६ पृ ५९-६०

- धेरै जना भएकोले समूहको आधारमा मात्रै संगठित अपराध भएको भन्ने रुपमा राय आधारित भएको।
- संगठित समूहको अस्तित्व पुष्टि नभएको र पहिले पनि कुनै घटना घटाएको नदेखिएको, प्रतिवादीहरु अपराधिक समूहको सदस्य भएको वा लाभ लिएको पुष्टि नगरिएको ।
- संगठित अपराधमा मुद्दा चलाइए पनि किन संगठित अपराध भयो भन्ने बारेमा विवेचना नै नगरिएको ।
- संगठित अपराधमा संलग्न प्रत्यक प्रतिवादीहरुको भूमिकाको विश्लेषण नै नगरिएको ।
- अभियोजन केवल धेरै जनाको संख्या भएकोले संख्यात्मक आधारमा संगठित अपराध भएको आधार लिएको देखिएको ।
- संगठित अपराधको लागि आवश्यक तत्व संगठित समूह, त्यसको सदस्यता, ३ भन्दा बढी संख्या, आर्थिक फाइदा लगायतको पक्षमा वारदात स्थापीत गर्दा विवेचना नै नगरिएको।
- एकातर्फ संगठित अपराध भनी सजाय थप हुन मागदावी लिइएको छ भने अर्को तर्फ तयारी, षड्यन्त्र एवं दुरुस्साहन भन्ने उल्लेख गरी अभियोगपत्र पेश गरेकोले अभियोजन नै एक अपराधमा बाझिएको र द्विविधापूर्ण देखिएको ।

फैसलाको अवस्थाः

जिल्ला सरकारी वकील कार्यालय बाट अभियोग गरिएका मुद्दाहरुमा जिल्ला अदालत बाट भएको फैसलाको अवस्था हेर्द कुनै पनि मुद्दा संगठित अपराध तर्फ ठहर नभएको, फैसला गर्दा अधिकांश फैसलामा कुनै विवेचना र आधार उल्लेख नगरी संगठित तर्फको वादी दावी नपुग्ने भन्ने मात्र उल्लेख भएको, तिन जना भन्दा कम प्रतिवादी भएकाले संगठित अपराध तर्फ कसुर ठहर नहुने तथा संगठित अपराधको कुनै तत्व, उद्देश्य र मनसाय संग मेलखाने नदेखिएको भन्ने आधार उल्लेख गर्ने गरेको कुरा पनि उक्त अध्ययनले देखाएको छ । उक्त अध्ययनको आधारमा हेर्दा संगठित अपराध सम्बन्धी अवधारणामा अनुसन्धान कर्ता र अभियोजनकर्तामा अस्पष्टता रहेको देखिनुको साथै ऐनमा समेत कमीकमजोरी रहेको देखिन्छ । जेहोस उक्त अध्ययनबाट संगठित अपराध ऐन को प्रयोग कुन रुपमा भइरहेको छ र अनुसन्धान र आयोजनको क्षेत्रमा के कस्ता कमी कम्जोरी रहेका छन् साथै सुधार गर्न के कस्ता पहलहरु गर्न जरुरी छ भन्ने सम्बन्धमा केही निष्कर्षहरु औल्याइएको पाइन्छ ।

संगठित अपराधको सम्बन्धमा सर्वोच्च अदालतको दृष्टिकोणः

हाल सम्म सर्वोच्च अदालतबाट संगठित अपराधमा अभियोजन भएको मुद्दामा कुनै कानूनी व्याख्या भई नजीर स्थापित भएको अवस्था नदेखिएतापनि संगठित प्रकृतिले गरिने गम्भीर प्रकृतिका अपराधका सन्दर्भमा प्रसंगवंश केही मुद्दामा व्याख्या भएको पाईन्छ । त्यसरी व्याख्या भएका मुद्दामा प्रतिपादन भएका केही सिद्धान्तहरु निम्न बमोजिम रहेका छन् ।

अनिलकुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार विरुद्ध मदन शर्मा समेत (ने.का.प.२०६७, अंक नि. नं.८३२१)

संगठित अपराधको प्रकृति सामान्य अपराध भन्दा पृथक हुन्छ । अपराधका यी दुवै प्रकृतिलाई एउटै दृष्टिले हेर्न सकिन्न । वृहत योजना र विस्तारित तयारीका साथ सम्पन्न हुने संगठित अपराधमा धेरै व्यक्तिको वेग्ला वेग्लै भूमिका हुन्छ । पृथक-पृथक व्यक्तिको फरक-फरक कार्यले एउटा संगठित अपराध सम्पन्न हुन्छ ।

सुर्य बहादुर पुन विरुद्ध नेपाल सरकार (ने.का.प. २०६९, अंक ३ नि. नं. ८७८४)

गैडा मारी गैडाको खाग तस्करी गर्ने उद्देश्यले आपसमा सल्लाह गरी नियोजित रुपमा योजना बनाई गरेको कार्य संगठित अपराधको रुपमा घटाएको देखिने । यस्तो कार्यमा संगठित समूह संलग्न भएको देखिदा प्रस्तुत वारदात संगठित अपराधको एउटा कडीको रुपमा हेर्न सकिने । यस्तो संगठित अपराधमा संलग्न प्रतिवादीहरुको कसुरलाई हासिल गर्न चाहेको उद्देश्य र असरका आधारमा हेर्नु न्यायिक दृष्टिबाट उपयुक्त हुने।

चार्ल्स गुरुमुख शोभराज बिरुद्ध नेपाल सरकार मुद्दा कर्तव्य ज्यान(ने.का.प.२०६७,अंक५ नि. नं. ८६७८)

अपराध गर्दा अपनाइएको तरिका र अपराधको प्रकृति हेर्दा अपराधी पूर्ण सचेत, सावधान रही नियोजित र संगठित रुपमा आफ्नो कार्य योजनालाई पुर्णता दिएको देखिन्छ ।यस्तो अबस्थामा अभियोजन पक्षद्धारा प्रस्तुत अप्रत्यक्ष प्रमाण र खासगरी परिस्थितिजन्य आधारमा नै अपराधी सम्म पुग्नु पर्ने र त्यस्तो प्रमाणको आधारमा कसुरदार देखिन आएको अभियुक्तलाई सजाय गर्नु पर्ने ।

गोमा पाँचकोटी वि.नेपाल सरकार मुद्दा मानव बेचविखन तथा ओसारपसार(ने.का.प.२०७२,अंक१ नि. नं.९३३३)

यस मुद्दामा अपराधमा संलग्न पक्ष पेसवर हुन सक्ने र अपराध बडो योजनाबद्ध एवं संगठित तरिकाले हुन सक्ने र कतिपय सङ्गठित आपराधिक समूहको संलग्नतामा समेत अपराध हुन सक्ने र कतिपय सङ्गठित आपराधिक समूहको संलग्नतामा समेत अपराध हुन सक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थितिको आँकलन गरेर विधायिकाले कानूनको निर्माण गरेको हो भनी व्याख्या गरिएको छ ।

संगठित अपराध निवारण ऐन, २०७० मा रहेका केही अस्पष्टताहरु

- ऐनका केहि प्रावधानहरु महासन्धि अनकुल नहुने गरी राखिएको देखिएको- जस्तै असंगठित समूहको संलग्नतामा पनि संगठित अपराध हुन सक्ने व्यवस्था, त्यसै गरी गम्भीर कसूर अन्तर्गत तीन वर्ष भन्दा बढी कैद सजाय हुने कसूरलाई लिइएको ।
- परिच्छेद ३ अन्तर्गतका कसूर संगठित वा सामान्य के हुने भनी स्पष्ट उल्लेख नभएको यी कसूरहरुमा थप सजाय हुने नहुने बारेमा अस्पष्टता रहेको ।
- संगठित अपराधको अपूर्ण अपराधहरु तयारी, उद्योग, षडयन्त्र वा दुरुत्साहन दिने वा मतियारको रुपमा सहभागी हुने कसूरदारलाई सजायको व्यवस्था नगरिएको ।
- भ्रष्टाचार, सम्पत्ति सुद्धिकरण र आतंककारी क्रियाकलापमा वित्तिय लगानी मानिने कसूरमा थप सजायको व्यवस्था नभएको ।
- सजायको छुटको मागदावी लिंदा मुलभुत अपराध र संगठित अपराध दुवैमा लिने वा एउटैमा लिने भन्ने बारेमा स्पष्ट उल्लेख नभएको ।
- मुद्दा हेर्ने क्षेत्राधिकारको सन्दर्भमा अन्यौलता देखिएको - जस्तै संगठित अपराध अन्तर्गतको मुद्दा हेर्ने क्षेत्राधीकार सामान्यतया जिल्ला अदालतमा रहेकोमा बैंकिङ्ग कसुरको मुद्दा हेर्ने क्षेत्राधिकार उच्च

अदालतमा रहेकोमा बैंकिङ्ग कसूर संगठित रुपमा गरिए मुद्दा दायर कुन अदालतमा गर्ने भन्ने विषयमा अन्यौलता सृजना हुन सक्ने अवस्था रहेको।

- संगठित अपराध निवारण ऐन र अन्य ऐनमा दोहोरो अपराधिकरण गरिएका कसूरहरुमा तादात्म्यता कायम गर्नुपर्ने अवस्था देखिएको- उदाहरणको लागी अपराधिक लाभ लिन नहुने कसूरलाई हाल मुलुकी अपराध (संहिता) ऐनले पनि अपराधिकरण गरेको ।
- ऐनमा हदम्याद नलाग्ने व्यवस्था भएकोमा मुद्दा दायर गर्दा मूलमत कसूरको हदम्याद भित्रै मुद्दा दायर गर्नु पर्ने हुँदा यस ऐनमा राखिएको हदम्याद सम्बन्धी प्रवधानको औचित्य पुष्टि भएको नदेखिएको ।
- नेपालमा रहेको विदेशी नागरिकको विरुद्धमा विदेशी भुमिमा बसी संगठित अपराध गर्ने व्यक्ति नेपालको भूमिमा प्रवेश गरेमा के हुने भन्ने सन्दर्भमा यो ऐन मौन रहेको अवस्था।
- ऐनको दफा ३(४) ले अपराधीकरण गरेका कसूरको सम्वन्धमा दफा ९ को (ख)मा कसुर गर्नेलाई प्रचलित कानूनमा कुनै सजायको व्यबस्था भएको रहेनछ भने ५ बर्ष सम्मकैद ५ लाख जरिवाना वा दुवै सजाय हुने व्यवस्थामा रहेकोमा ऐनको दफा ९(क) मा प्रस्तुत कसूरमा समेत थप सजायको व्यवस्था भएकोमा यसमा थप सजाय हुने नहुने के हो स्पष्ट नभएको ।

ऐनमा रहेका अस्पष्टताहरु सुधार गर्नका लागि प्रस्तुत गरिएका केहि सुझावहरुः

- महासन्धी अनुकुल नरहेका ऐनका प्रावधानहरुलाई संसोधन गरी महासन्धी अनुकुलको व्यवस्था कायम गरिनु पर्ने ।
- परिच्छेद ३ अन्तर्गतका कसूर संगठित वा सामान्य के हुने भनी स्पष्ट गरी यी कसूरहरुमा थप सजाय हुने नहुने बारेमा समेत स्पष्टरुपमा उल्लेख हुने गरी ऐनमा व्यवस्था गर्नु पर्ने ।
- ऐनको दफा ४ अन्तर्गतका, तयारी, उद्योग, षडयन्त्र वा दुरुत्साहन दिने वा मतियारको रुपमा सहभागी हुने कसूरदारलाई सजायको व्यवस्था नगरिएकोले सजाय विना ती कसूर कायम गरिनुको कुनै औचित्य नहुने हुँदा ती कसुरहरुको लागि सजायको व्यवस्था गरिनु पर्ने ।
- भ्रष्टाचार, सम्पत्ति सुद्धिकरण र आतंककारी क्रियाकलापमा वित्तिय लगानी मानिने कसूरमा थप सजायको व्यवस्था नभएकोले ती कसूरहरु संगठित रुपमा गरिएको अवस्थामा थप सजायको व्यवस्था हुनु पर्ने।
- सजायको छुटको मागदावी लिंदा मुलभुत अपराध र संगठित अपराध दुवैमा लिने वा एउटैमा लिने भन्ने बारेमा स्पष्ट उल्लेख नभएकोले सो सम्बन्धमा स्पष्ट व्यवस्था हुनु पर्ने ।
- संगठित अपराध अन्तर्गतको मुद्दा हेर्ने क्षेत्राधीकार सामान्यतया जिल्ला अदालतमा रहेकोमा उच्च अदालतमा क्षेत्राधिकार भएका बैंकिङ्ग कसूर जस्ता अपराधहरु संगठित रुपमा गरिए मुद्दा दायर कुन अदालतमा गर्ने भन्ने विषय पनि ऐनमा व्यवस्था हुनु पर्ने ।
- संगठित अपराध निवारण ऐन र अन्य ऐनमा दोहोरो अपराधिकरण गरिएका कसूरहरुमा तादात्म्यता कायम राख्न दोहरो व्यवस्था हटाउने वा सजायमा एकरुपता कायम गर्ने व्यवस्था हुनु पर्ने ।
- ऐनमा हदम्याद नलाग्ने गरी कायम गरिएको व्यवस्थाको औचित्य पूष्टि गर्दै मूल कसुरको हदम्याद संग यो प्रावधानको अन्तर सम्बन्धको बारेमा स्पष्ट हुनु पर्ने ।
- नेपालमा विदेशि नागरिकको विरुद्धमा विदेशि भुमिमा बसी संगठित अपराध गर्ने व्यक्ति नेपालको भूमिमा प्रवेश गरेमा के हुने भन्ने सन्दर्भमा यो ऐन मौन रहेकोले नेपालमा वसुन्जेल विदेशी नागरिक

विरुद्ध हुने कसुर बाट निजलाई सुरक्षा प्रदान गर्ने दायित्व नेपालको हुने हुँदा यस सम्बन्धमा अन्तराष्ट्रिय मापदण्ड समेतका आधारमा उपयुक्त व्यवस्था हुनु पर्ने ।

- ऐनको दफा ३ को (४) ले अपराधीकरण गरेका कसूरको सम्वन्धमा दफा ९ को (ख)मा सो कसुर गर्नेलाई प्रचलित कानूनमा कुनै सजायको व्यबस्था भएको रहेनछ भने ५ बर्ष सम्मकैद वा ५ लाख जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको र ऐनको दफा ९(क) मा यी कसुरमा समेत थप सजायको व्यवस्था भएको सो बमोजिम थप सजाय हुने वा नहुने बारेमा ऐनमा स्पष्ट उल्लेख हुन पर्ने।

उपसंहारः

संगठित अपराध वर्तमान समयमा विश्व सामु कडा चुनौतीको रुपमा खडा हुन पुगेको देखिन्छ । यस अपराधको प्रभावबाट विश्वको कुनै पनि मुलुक अछुतो रहेको अवस्था देखिदैन । संगठित अपराधको अन्तरदेशीय स्वरुपको कारण यसका विरुद्ध लड्न अन्तराष्ट्रिय स्तर बाट समेत सामुहिक प्रयास हुनु पर्ने आवश्यक भएकोले अन्तरदेशीय संगठित अपराधको सामना गर्न संयुक्त राष्ट्र संघको पहलमा अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धी २००० तथा यसका तीन वटा उपलेखहरुको निर्माण भएको देखिन्छ भने अन्य कतिपय अन्तराष्ट्रिय संयन्त्रहरु तथा क्षेत्रीय कानूनी संयन्त्रहरु समेत संगठित अपराध नियन्त्रणको संग सम्बन्धीत रहेको पाइन्छ । नेपालमा पनि संगठित अपराधका गतिविधिहरु बढीरहेका र स्थानिय तहमा मात्र नभई अन्तरदेशीय स्वरुपमा समेत यस्ता अपराधहरु घटीरहेको सन्दर्भमा नेपालले समेत पालेर्मो महासन्धीलाई अनुमोदन गरी उक्त महासन्धीको पक्ष राष्ट्र वनेकोले उक्त महासन्धीले निर्धारण गरेको दायित्व वहन गर्ने सन्दर्भमा नेपालमा छुट्टै संगठित अपराध निवारण ऐन, २०७० लागु भइ कार्यान्वयनमा रहेको अवस्था छ भने अन्तराष्ट्रिय सहयोग र समन्वयलाई मुर्त रुप दिन पारस्परिक सहायता सम्बन्धी ऐन, २०७० र सपुर्दर्गी ऐन २०७० समेत निर्माण गरिएको अवस्था देखिन्छ । यसरी नेपालले संगठित अपराधलाई रोकथाम र नियन्त्रण गर्न विभिन्न ऐनहरुको तर्जुमा गरेको देखिएतापनि यसको कार्यान्वयनको अवस्था हेर्दा संगठित अपराध निवारण ऐन, २०७० मा रहेको केही कानूनी प्रावधानहरु पालेर्मो महासन्धीको अनुकूल नहुने गरी राखेको पाइनुको साथै अन्य धेरै कानूनी प्रावधानहरुमा अस्पष्टता रहेको र संगठित अपराधको अनुसन्धान गर्ने तथा अभियोजन गर्ने निकायहरुमा पनि संगठित अपराधको अवधारणाको बुझाइमा स्पष्टता नदेखिए बाट यसको कार्यान्वयन पक्ष कमजोर रहेको देखिन्छ । पारस्परिक कानूनी सहायता सम्बन्धी ऐन तथा सपुर्दगी ऐनको निर्माण भएतापनि अन्तराष्ट्रिय सहायोगको आदान-प्रदान गर्न कुनै पनि राष्ट्र संग सन्धी हुन सकेको अवस्था नदेखिएको र पोलेर्मो महासन्धीले अन्तराष्ट्रिय सहयोगका लागि निर्धारण गरेको कतिपय विषयहरु कार्यान्वयन गर्ने सम्बन्धमा अझै नेपालमा पहल हुन सकेको नदेखिँदा अन्तरदेशीय संगठित अपराध रोकथाम गर्ने कार्यमा नेपालको भूमिका प्रभावकारी हुन सकेको नदेखिँदा संगठित अपराध संग सम्बन्धीत कानूनमा रहेको अस्पष्टताहरु हटाउदै महासन्धी अनुकूलका प्रावधानहरु समावेश गर्ने कानून कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने, अन्तराष्ट्रिय सहयोगलाई प्रभावकारी तुल्याउन आवश्यक पर्ने कानून निर्माण गर्ने तथा सन्धी सम्झौताहरु गर्ने जस्ता कार्यलाई व्यवहारमा उतार्न सकेको खण्डमा नेपालमा बढदै गएको संगठित अपराधका क्रियाकलापहरुमा कमी आउनुका साथै अन्तरदेशीय संगठित अपराध नियन्त्रण को कार्यमा समेत नेपालले योगदान पूर्याउन सक्ने देखिन्छ ।

सन्दर्भ सामग्रीः

ऐन कानूनहरु

१. संगठित अपराध निवारण अध्यादेश,२०६९

२. संगठित अपराध निवारण ऐन, २०७०

३. सपुर्दगी ऐन, २०७०

४. पारस्परिक कानूनी सहायता ऐन, २०७०

५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४

६. मुलुकी अपराध (संहिता) ऐन, २०७४

अन्तराष्ट्रिय दस्तावेजहरु

१. United Nations Convention Against Transnational Organized Crime, 2000

२. The Protocol to Prevent, Suppress and Punish **Trafficking in Persons**, Especially Women and Children, *2000*

३. The Protocol against the **Smuggling of Migrants** by Land, Sea and Air, *(General Assembly resolution, 2000*

४. The Protocol Against the Illicit **Manufacturing of and Trafficking in Firearms**, Their Parts and Components and Ammunition,*2001*

पुस्तक तथा पत्रिकाहरु

१. Criminology Today (Forth edition) Schmalleger Frank (2006),
New Jersey.PEARSON prentice Hall, USA

२. Prosecution Journal (vol.3), (2016) Office of the Attorney General Nepal,

३. संगठित अपराधः एक परिचय (२०६८), स्रोत सामग्री, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

४. संगठिक अपराध सम्बन्धी कानूनको प्रमुख मूल्याङ्कन सम्बन्धी अनुसन्धानमूलक अध्ययन (२०७४) महान्यायाधिवक्ताको कार्यालय, नेपाल

५. नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन,(२०७५), सम्मेलन विशेषाङ्क, महान्यायाधिवक्ताको कार्यालय, नेपाल

६. न्याय प्रशासनका आयामहरु (दोस्रो संगठित), (२०७५) प्रकाशक सोपान मासिक, काठमाण्डौं

नेपाल कानून पत्रिका

१. ने.का.प. २०६७, अंक २ नि. नं. ८३२१

२. ने.का.प. २०६९, अंक ३ नि. नं. ८७८४

३. ने.का.प. २०६७, अंक ५ नि. नं. ८६७८

४. ने.का.प. २०७२, अंक १ नि. नं. ९३३३

कार्यपत्र : २, संगठित अपराध सम्बन्धी अवधारणाको विकास नियन्त्रणको प्रयास र हालको अवस्था

शम्भु कुमार वस्नेत

उपन्यायाधिवक्ता

१. विषय प्रवेश

मानव सभ्यताको उत्पत्ति र विकास सँगसँगै मानविय व्यवहार र आचरणका नियमहरुको पनि विकास भएको पाइन्छ । व्यक्ति, परिवार, समाज र राष्ट्रलाई हानी पुर्याउने मानविय व्यवहारलाई नियन्त्रण र रोक लगाउनु राज्यको प्रमुख दायित्व भित्रको विषय हो । राज्यले कुनै कार्य गर्न रोक लगाएकोमा सो कार्यलाई उल्लंघन गर्ने व्यक्तिलाई प्राचिन युगमा नैतिक दायित्व, पश्चातापको दण्ड सिद्धान्त अवलम्बन गरिन्थ्यो । उक्त समाजमा समाज र राज्य सरल अवस्थामा थियो । मानिसहरु धर्म र कर्तव्यमा बढी विश्वास गर्दथे । राज्यको कानून र धर्मशास्त्रीय मान्यता प्रतिकूलको कार्य पाप सरह हुने आम समाजका सदस्यहरुमा गहिरो विश्वास रहि आएको थियो । विस्तारै जनसंख्यामा भएको बृद्धि, राज्यको भूमिकामा भएको बढोत्तरी, नयानया समाजको विकास, विज्ञान र प्रविधीको क्षेत्रमा भएको विकास, खोज र अनुसन्धानले ल्याएको नयाँ मूल्य मान्यताको कारणले क्रमश: मानविय व्यवहार र आचरणलाई राज्यको औपचारिक कानून प्रणालीले मात्र नियन्त्रण र नियमन गर्न सक्ने देखियो । फलस्वरुप राज्य निर्मित विभिन्न कानूनको उल्लंघन गर्ने व्यक्तिलाई अपराधि घोषित गर्ने, घोषित दोषिलाई दण्डित गर्ने कार्यको प्रणाली विकास गरियो । औपचारिक कानून प्रणालीको विकास पछी समाजमा अपराध र अपराधिको पहिचान गर्न सम्भव भयो । अपराध र अपराधीको नियन्त्रण गर्ने कार्यले समाजमा शान्ति सुरक्षा कायम भै भययुक्त समाजको माध्यमबाट शान्ति र विकास हासिल गर्न, व्यक्तिको Life, Liberty र Property को संरक्षण गर्न सम्भव हुन गयो ।

१.२ अपराध सम्बन्धी अवधारणाको उत्पति र विकास

मानव समाज बाहिर अपराध सम्भव छैन । अपराध समाजकै जरियाबाट एवं समाजकै कारणबाट उत्पन्न हुने मानविय क्रियाकलाप हो । अपराध र समाज मानव सभ्यताको उषाकालदेखि एक अर्कामा अन्योन्याश्रित रुपमा विकास भएका धारणाहरु हुन्, अपराध विहिन समाज सम्भव नहुने हुँदा मानव सभ्यता रहुन्जेल अपराधको अस्तित्व रहिरहन्छ । समाजका अरु व्यक्तिलाई हानी नोक्सानी पुर्याउने असामाजिक कार्य (Anti-social Act) गम्भीर फौजदारी कानूनको प्रावधान विपरीत छ भने अपराध हुन पुग्दछ । समाजका अनगिन्ती स्वार्थहरु मध्ये सुरक्षा विपरित कार्य गरेर समाजमा अशान्ति मच्चाउनु अपराध मानिन्छ ।

यसरी कानूनको उल्लंघन गर्ने कार्यहरुलाई अपराध भित्र पारी सजायको व्यवस्था गरी हतोत्साहित गर्नु राज्यको प्रमुख दायित्व भित्र पर्दछ ।

Black Stone- अपराध सार्वजनिक कानूनको विपरीत उक्त कानूनले गर्नु भनेको नगर्नु र नगर्नु भनेकोमा गरेको कार्य हो । "Crime is an act committed or omitted in violation of public law forbidding or commanding it"[1]

Hals bury- अपराध कानूनी रुपले निषेधित त्रुटिपूर्ण कार्य हो जुन समाजकै विरुद्ध हुन्छ । यस्तो कार्य गर्नेलाई कानूनले सजायको व्यवस्था गरेको हुन्छ । A crime is an unlawful act or default which is an offence against the person guilty of act liable to legal punishment.[2]

नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २(घ) ले कसूर (Offence) भन्नाले "प्रचलित नेपाल कानून बमोजिम गरेमा वा नगरेमा सजाय हुने सम्झनुपर्छ भनी उल्लेख गरेको पाइन्छ ।"

अपराध समाजद्वारा तिरस्कृत एवं बहिस्कृत गरिएका त्यस्ता कार्यहरु हुन जसलाई राज्यले कानूनी रुपमा सजायको व्यवस्था गरेको हुन्छ । जसको उल्लंघन गरेमा उल्लंघनकर्ताले सजायको भागीदार बन्नुपर्ने हुन्छ ।

१.३ अपराधको परिभाषाका आवश्यक तत्वहरु (Elements of defition of Crime):[3]

मानविय व्यवहार (Human Conduct):

आधुनिक कानून प्रणालीले मानवीय व्यवहारलाई मात्र अपराधको रुपमा स्वीकार गरेको पाइन्छ । अन्य जीवजन्तु र प्राणीको व्यवहार, क्रियाकलाप, दैविक घटना, अजैविक बस्तुको व्यवहारलाई अपराधको दायरामा ल्याउन सकिँदैन । मानविय व्यवहार भित्र कार्य (Act), कर्तव्य विमुखता (Omission), परिपञ्च मिलाउनु (State of Affairs) जस्ता कार्य पर्दछन् ।

१. सार्वजनिक कानूनले निषेध गरेको कार्य (An act prohibited by public law)

अपराध हुन मानविय आचरणलाई सार्वजनिक कानूनले प्रतिबन्ध, निषेध वा रोक लगाएको हुनुपर्दछ । सार्वजनिक कानून अनुकूलको कार्य (Lawful Act) बैध मानिन्छ । यस अन्तर्गत संबैधानिक, फौजदारी र प्रशासकिय कानूनले रोक लगाएका मानविय व्यवहारहरु पर्दछन् ।

२. आपराधिक दण्डको प्रावधान (Provision of Criminal Sanction or Sentence)

कार्य गर्न रोक लगाइएको अर्थात आपराधिक कार्यको परिणाम स्वरुप दायित्व बहन गर्नुपर्ने कानूनी कर्तव्य नै दण्ड सजाय हो । No Punishment No Crime अर्थात अपराध हुनका लागि दण्ड सजाय आवश्यक छ ।

---

[1] 4 Black Stones's Commentries 5, in K .D. Gaur, A Text-book on the Indian Penal Code, 1992, p. 52

[2] Halsbury's Laws of England, vol. 1 (3ed ed), p. 271.

[3] प्रधानाङ्ग प्रा डा रजितभक्त फोजदारी कानुनको परिचय २०६२ भृकुटी एकेडेमीक पव्लिकेशन प्रर्दशनीमार्ग काठमाण्डो पृष्ठ ७८

१.४ अपराधको वर्गिकरण

१. परम्परागत अपराधहरु (Traditional Crime)
   क) लिखत सम्बन्धी अपराध- किर्ते, जालसाजी, करकाप
   ख) सम्पत्ती सम्बन्धी अपराध- चोरी, ठगी, लुटपिट, आगो लगाउने
   ग) जीउ ज्यान सम्बन्धी अपराध- ज्यान सम्बन्धी, अपहरण/शरीर बन्धक, मानव बेचविखन/ओसारपसार, इलाज गर्ने, वेरित सँग थुन्ने
   घ) करणी सम्बन्धी अपराध- जबरजस्ती करणी, आसय करणी, हाडनाता करणी, पशु करणी, अप्राकृतिक मैथुन
   ङ) राज्य विरुद्धको अपराध- राजद्रोह, जातिहत्या, जासुसी, राष्ट्रपति उपर उपरको आक्रमण
२. आधुनिक अर्थात संगठित प्रकृतिका अपराध (Modern Crime)[4]
   - Drug Trafficking (लागुऔषध कारोबार)
   - Arms Trafficking (हातहतियार ओसारपसार)
   - Smuggling of Stolen Vehicles (चोरी गाडीको तस्करी)
   - Smuggling of Illegal Migrants (गैर कानूनी आप्रवासीको तस्करी/ओसारपसार)
   - Human Trafficking (मानव बेचबिखन)
   - Money Laundering (मुद्रा निर्मलीकरण)
   - Terrorism (आतंकवाद)
   - Contract Killing (करारीय हत्या)
   - Cyber Crime (कम्प्युटर अपराध)
   - Loan Sharking (चर्को ब्याजमा पैसा लगानी व्यवसाय)
   - Racketeering (हिंसाको धम्की दिई पैसा कमाउने)
   - Smuggling of Cultural Heritage (सांस्कृतिक सम्पदाको चोरी)
   - Hijacking (अपहरण)
   - Fraud, Forgery, Cheating and Smuggling (धोकाघडी, किर्ते, ठगी, तस्करी)
   - Corruption (भ्रष्टाचार)

१.५ अपराध हुन आवश्यक पर्ने न्युनतम तत्वहरु (Elements of Crime)

क) आपराधिक कार्य (Actus Reus)
ख) आपराधिक मनसाय (Mens Rea)

मानविय व्यवहार अपराध हुनका लागि उक्त व्यवहारले जतिवेला आपराधिक कार्य घटाउँछ, आपराधिक मनसायको पनि त्यही समयमा प्रयोग गरेको हुनुपर्दछ। आपराधिक कार्य र आपराधिक मनसाय दुबै स्थापित भएमा अपराध भएको मानिन्छ। सापेक्ष दायित्वका अपराधहरुमा उक्त दुबै तत्वको विद्यमानता नभई अपराध घोषणा गरी कसुरदारलाई दायित्व अर्थात दण्ड सजाय गर्न सकिँदैन। निरपेक्ष अर्थात (Strict liability) अन्तर्गतका कसूरहरुमा आपराधिक कार्य नै प्रर्याप्त हुन्छ, मनसाय पुष्टि गरिरहन पर्दैन। परम्परागत

[4] भट्टराइं श्रीकृष्ण ह्याण्सनोट लोकसेवा आयोग तयारी प्रशिक्षण सल्भ सेन्टर काठमाण्डो २०६०

प्रकृतिका अपराधहरुमा (Actus Reus) र (Mens rea) पुष्टि नगरी पूर्ण अपराधिक दायित्व बहन गराउन सकिँदैन। मनसाय पुष्टि गर्ने दायित्व वादी अर्थात अभियोजन पक्षमा हुन्छ। आपराधिक मनसाय भित्र, योजना, तयारी, इच्छा जागृत हुन् र कार्य सम्पन्न गरिन्छ भने अपराधले पूर्णता प्राप्त गर्दछ। (Guilty of the Mind) अपराधको पहिलो चरण हो। यसले अपराधको (Forecast) गर्दछ। सापेक्ष दायित्वका अपराधहरुमा मनसाय पुष्टि हुन नसके कर्तालाई आंशिक दायित्व वा घटी सजाय हुन जान्छ। मनसाय पुष्टि गर्ने कार्य जटिल हुँदा यो प्रमाणमा आधारित हुन्छ। विना प्रमाण मनसाय पुष्टि हुन सक्दैन। कर्ताको अपराध गर्न आसय, तयारी, योजना, सहभागिता, गम्भिरता, परिस्थिति, प्रमाण सबैकुराबाट पुष्टि भै आपराधिक कार्य भएको हुनु पर्छ।

२.१ संगठित अपराधको उत्पत्ति र विकास

समान्यतया दुई वा सो भन्दा बढी व्यक्तिहरु मिली कुनै अपराध गर्ने मनसाय साथ कार्य गर्दछन र अपराध घटित हुन्छ भने त्यसलाई संगठित अपराध भनिन्छ । संगठित समूहबाट परम्परागत रुपमा पनि चोरी, डकैती, बलात्कार, ठगी, जालसाजी, कीर्ते जस्ता अपराधहरु समाजमा घटित हुँदै आएका थिए। तर त्यस्ता अपराधहरु कुनै एउटा अपराध गर्ने उद्देश्यले वा कुनै एक प्रकारको मात्रै अपराध घटित गर्ने उद्देश्यले समूहको निर्माण गरी आएको पाइन्थ्यो। पछिल्लो समय खासगरी १९ औं र २० औं शताब्दीमा अमेरिका तथा युरोपबाट संगठित अपराधको विकास भएको हो। विज्ञान र प्रविधिको विकास सँगसँगै अपराधको पनि विकास भएको पाइन्छ। विज्ञान र प्रविधिको विकासले अपराध गर्ने तरिका, प्रक्रिया, प्रविधिको समेत फरक ढंगले विकास हुन गयो जुन संगठित अपराधको रुपमा देखापर्यो। संगठित अपराध परम्परागत अपराध भन्दा विकसित पुजी, प्रविधी र ज्ञानको प्रयोगबाट गरिने हुदा यसलाइ आधुनिक अपराध अर्थात (Post Modern Crime) पनि भनिन्छ। यसमा परम्परागत रुपमा गरिने व्यक्ति तथा समूहको अपराध भन्दा आपराधिक समूह (Criminal Group) बाट व्यवसायिक रुपमा आर्थिक लाभ वा भौतिक लाभ प्राप्त गर्ने उद्देश्यले जुनसुकै अपराध घटाउन सक्ने गरी निरन्तर अपराध गर्ने कार्य पर्दछ। यस्तो अपराध देशको सिमा भित्र वा अन्तरदेशिय रुपमा पनि विस्तार हुन सक्छ।

संगठित अपराधलाई प्राचिन चिनमा Bandits, दक्षिणपूर्वी युरोपमा Brigands र अमेरिकामा Smugglers र Ku Klux Klan भन्ने गरेको पाइन्छ। यसलाई आधुनिक समयमा Professional Crime, Criminals Careers, Planned Crime, Gang Crime, Under World Crime, Private Government of the Criminals समेत भन्ने गरिन्छ। आधुनिक विश्वमा संगठित अपराधमा संलग्न व्यक्ति संस्थाहरूले विभिन्न संस्थाहरूबीच प्रतिपर्धात्मकभन्दा सहयोगी संस्थाका रूपमा एक आपसमा सञ्जाल (Networking) खडा गरी कार्य गर्ने गरेको पाइन्छ। परिणामत: यस्ता संगठनहरूको विश्वव्यापी सञ्जाल तथा संस्थाको विकास भएको छ। उदाहरणका लागि अमेरिकाको सिसिलिएन माफिया (Sicilian Mafia) को इटालीको कामोरा (Camorra), आइरिस मोब (Irish mob), जापानको याकुजा (Yakuza), रसियाको माफिया (Russian Mafia) सँग सोझो सम्पर्क रहेको पाइन्छ। कतिपय अवस्थामा भारतको दाउद इब्राइम, छोरा (छोटा) राजनजस्ता भूमिगत संगठित अपराध संस्थाको नेपालमा पनि पहुँच वा सम्पर्क रहके दृष्टान्तहरु चर्चामा आउने गरेको पाइन्छ।

संगठित अपराध आपराधिक समूह वा संगठनको प्रतिबद्धता, ज्ञान, शक्ति तथा कार्यको समष्टिगत परिणाम हो भनिन्छ। यसमा मूलतः निम्नअनुसार तीन विशेषता पाइन्छ[5]-

१. आपराधिक समूह (Criminal Group)

२. यसका संरक्षक (The Protector)

३. यसलाई सहयोग पुर्याउने संस्थागत व्यवस्था (Organized Crime Support)

अपराधिक समुह(Criminal Group)

१. निरन्तरता (Continuity): संगठित अपराधसम्बन्धी संस्थाहरू एउटा अपराधीको जीवनपर्यन्त पनि निरन्तर रूपमा चलिरहन्छ। एउटा औपचारिक संगठनमा जस्तै नेतृत्वको परिवर्तनको गुन्जायस रहन्छ।

२. सरंचना (Structure): कुनै निश्चित उद्देश्य प्राप्त गर्न खडा भएको संगठन झै यसको पनि आफ्नै तहगत संगठनात्मक संरचना (Hierarchy) हुन्छ। यसमा अधिकार, काम, कर्तव्यको आधारमा विभिन्न तह र श्रेणी (Rank) को व्यवस्था हुन्छ।

३. सदस्यता (Membership): यसको सदस्यता गोप्य र सीमित हुन्छ। समान किसिमका अपराधिक पृष्ठभूमि, जातीय आधार तथा समान आपराधिक उद्देश्य हुनेहरूलाई मात्र कठिन परीक्षणपछि सदस्यता दिइन्छ र जीवनउप्रान्त मात्र अवकाश लिने गुन्जायस हुन्छ।

४. आपराधिक कार्य (Criminal Acts): संगठित अपराध एउटा निरन्तर रूपमा आर्थिक वा अन्य भौतिक उपलब्धि प्राप्त गर्ने आपराधिक क्रियाकलापका रूपमा रहको हुन्छ।

५. दंगा, झै-झगडा (Violence): संगठित अपराधमा दंगा, धाक, धम्की, आक्रमण अभिन्न अंगका रूपमा रहेको हुन्छ।

६. शक्ति तथा नाफाको उद्देश्य (Power and Profit Motives): सार्वजनिक पदमा रहेको व्यक्तिहरू वा अन्य भ्रष्ट अनैतिक व्यक्ति वा समूहहरूको सहयोग प्राप्त गरी निरन्तर रूपमा शक्ति हासिल गर्ने र नाफा कमाउने यसको विशेषता रहन्छ।

संरक्षक (The Protector)

१. कुनै पनि भ्रष्ट सरकारी अधिकारी, सावर्जनिक पद धारण गर्ने व्यक्ति, व्यापारीको पदीय तथा अन्य हैसियतको आधारमा संगठित अपराधले संरक्षकत्व प्राप्त गर्दछ।

[5] भट्टराइ डा। आनन्दमोहन ९२०६८० अन्तरदेशीय संगठित अपराधः प्रभावकरी प्रतिरोधात्मक उपयहरु संगठित अपराधः एक परिचय श्रोत सामाग्री, ललितपुर राष्टिय न्यायिक प्रतिष्ठान नेपाल पृष्ठ ३।

२. संगठित अपराधीहरूको लागि भ्रष्टाचार एउटा प्रमुख संरक्षकका रूपमा रहेको हुन्छ । आपराधिक समूहले जहिले पनि भ्रष्ट आधिकारीहरूसँग सम्पर्क बढाउने, सञ्जाल बनाउने र उनीहरूको संरक्षकत्व हासिल गर्ने प्रयत्न गदर्छ ।

संथागत अपराधिक सहयोग (Organized Crime Support)

१. विशेषज्ञको सहयोग (Specialist Support) संगठित आपराधिक समूह तथा उनीहरूका संरक्षकहरू आफ्नो उद्देश्य प्राप्त गर्न दक्ष व्यक्ति वा विशेषज्ञहरूको सहयोगमा निर्भर रहन्छन् । यस्ता विशेषज्ञहरू विमानका चालक वा पानी जहाजका क्रु, रसायनविद्, वैज्ञानिक, हाइज्याकर, गोली हान्न निपुर्ण व्यक्ति (Shooters) जस्ता विशेषज्ञको सेवा यिनीहरूले प्राप्त गर्दछन् ।

२. सामाजिक सहयोग (Social Support) आपराधिक व्यक्तिहरूसँग सम्पर्क भएका सार्वजनिक पद धारण व्यक्ति, सरकारी कर्मचारी, राजनीतिक नेता, समाजसेवी मार्फत सहयोग प्राप्त गर्दछन् ।

२ .२ विश्वका केही चर्चित र ठूला आपराधिक संगठन

निम्न आपराधिक संगठनहरूलाई संगठित अपराधको क्षेत्रमा चर्चित एवं ठूला सञ्जाल भएका संगठनका रूपमा लिइन्छ-

- माफियाको नामबाट चिनिने सिसिलिएन तथा अमेरिकन कोसा नोस्ट्रा
- ब्रिटिस क्राइम सेन्डिकेट
- इटाली, बुल्गेरिया, सर्बिया, अल्वानियालगायत देशका माफिया संगठनहरू
- कालेम्यिाको कोकिन तथा लागुऔषध कारोबार गर्ने कालेम्बियन ड्रग कारटेल्स (Drug Cartels)
- जापानको याकुचा (Yakuza), यामागुची गुमी (Yamaguchi Gumi)
- रसियाको माफिया
- भारतको दाउद इब्राइम, छोटा राजन समूह ।

२.३ संगठित अपराधको परिभाषा (Definition of Organized Crime)

PH Collin ले यसलाई Crime which is run as a business with a groups of specialist criminals, assistants, security staffs etc all run by a group of directors or by a boss.[6]

Black's Law Dictionary ले यस अपराधलाई "Term used to describe that form of crime which is product of groups and organizations as contrasted with the crime planned and

[6] मोहन वन्जाडे, संगठित अपराध, नजिर त्रैमासिक वर्ष १। अंक १, नेपाल प्रजातान्तिक कानुन व्यवसायी संघ काठमान्डौ, चैत्र २०५५ पृष्ठ ९

committed by individuals without organizational backing, gambling and narcotics are common subject of organized crime."[7]

विशेषज्ञ अपराधिहरु, तिनका सहायकहरु, सुरक्षा कर्मचारीहरु, आदिको समूहद्वारा व्यवसायिक रुपमा अपराधिक समूहको नेता वा सञ्चालकहरुबाट अपराधको श्रृंखला चलाइएको हुन्छ।

अमेरिकाको Omnibus Crime Control and Safe streets Act, 1968 का अनुसार "Organized Crime includes the unlawful activities of the members of a highly organized disciplined association enjoyed in supplying illegal goods and services, including but not limited to gambling, prostitutions, loan sharking, narcotic, labor racketeering and other unlawful activities of such associations."[8]

United Nations Convention against transitional Crime, 2000[9] UNTOC, also known as Palermo Convention, was adopted by the General Assembly (GA) in 12 Dec 2000 and came into force in into force on 29 September 2003. *(Ratify/Adopted date by Nepal 23 Dec 2011).*

सन् २००० मा जारी संयुक्त राष्ट्रसंघद्धारा अनुमोदित अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी महासन्धीको धारा २ ले सङ्गठित अपराधको परिभाषा नगरि सङ्गठित आपराधिक समुहको परिभाषा यसरी गरेको छः "Organized Criminal group" shall mean a structured group of three or more persons, existing for a period of time and acting in concert with the aim of committing one or more serious crimes or offences established in accordance with this convention, in order to obtain, directly or indirectly, a financial or other material benefit

जसअनुसार तीन वा तीन भन्दा बढी ब्यक्तिको संलग्नता रही खास समयदेखि उपस्थित रहेको र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आर्थिक वा अन्य भौतिक लाभलिने उद्देश्यले एक वा एकभन्दा बढी गम्भीर अपराध गर्नका लागि स्थापित समूहलाई संगठित अपराधिक समूहको रुपमा मानिएको छ भने चार बर्षभन्दा बढी कैद सजाय हुने अपराधलाई गम्भिर अपराध भनि परिभाषा गरिएको।

यसैगरी, एकभन्दा बढी देशमा घटित वा एउटा देशमा अपराध भएको तर अर्को देशमा योजना बनाएको निर्देशन दिएको वा कन्ट्रोल गरिएमा वा एउटा देशमा घटित भएपनि संलग्न आपराधिक समूहको गतिबिधि एकभन्दाबढी देशमा भएमा वा एक देशमा घटाएको घटनाले अर्को देशमा पनि सारभूत रुपमा प्रभावित पारेमा अन्तरराज्यीय प्रकृतिको अपराध हुने पनि व्यवस्था रहेको,

[7] Black's Law Dictionary; St. Paul Minn. West Publishing Co. 1990 at 1099.

[8] ML.Sharma. CBI Bulletin, July 1988 Cited in Kedar Paudel. An Overview of Organized Crime; Effective Countermeasures to Combat Organized Crime In Criminal Justice Process.

[9] *(United Nation convention against transnational organized crime 2000*, article 2(a))

यो महासन्धिले अन्तरराज्यीय रुपमा हुने संगठित अपराधिक समूहमा सहभागीता, सम्पति शुद्धीकरण, भ्रष्टाचार, न्यायमा अबरोध र चार बर्षभन्दा बढी सजाय हुने गम्भीर अपराधलाई अन्तराज्यीय संगठित अपराध कायम गरिएको,

- नियोजित एवं योजनावद्ध अपराध
- अपराधी समूहले संगठित रुपमा गर्ने अपराध
- ठूलो आर्थिक लाभ गर्ने उद्धेश्यले खडा भएका समूह वा अपराधिहरुले गर्ने गम्भिर अपराध
- तर केहि आपराधिक संगठनहरु राजनैतिक उद्धेश्यले पनि खडा भएका
- राष्ट्रिय सिमानाको वास्ता नगरिने।
- यस्तो सङ्गठित अपराध अन्तरदेशीय (Trans-National) एवं सङ्गठित र योजनाबद्ध रुपमा हुने गर्दछ।

२.३ संगठीत अपराध निवारण ऐन २०७० ले संगठित अपराधको सम्वन्धमा गरेको परिभाषा।

- सङ्गठित अपराध भन्नाले परिच्छेद २ बमोजिमको अपराध सम्झनु पर्छ
- परिच्छेद २ को दफा ३ मा कसैले सङ्गठित अपराध गर्न वा गराउन नहुने र यस प्रयोजनको लागि कसैले आपराधिक समुहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समुहको तर्फबाट, आपराधिक समुहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेमा सङ्गठित अपराध गरेको मानिने उल्लेख छ।
- गम्भीर अपराध अन्तर्गत प्रचलित कानून बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर, परिच्छेद ३ बमोजिमको कुनै कसूर र प्रचलित कानून बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण मानिने कसूरलाई मानिने उल्लेख छ।
- कसैले कुनै आपराधिक समूहलाई सङ्गठित अपराध गर्न वा सङ्गठित अपराध गर्न सघाउ पुर्याउन कुनै काम जानी जानी गरी वा नगरी सो समूहको काम कारवाहीमा सहभागी हुने वा सघाउ पुर्याउने वा सञ्चार साधन वा सूचना प्रविधि उपलब्ध गराउने वा आर्थिक सहयोग गर्ने वा कुनै साधन उपलब्ध गराउने वा सङ्गठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने, लुकाउने वा भगाउने कार्य गर्ने वा गराउने कार्य पनि कसूरका रुपमा राखिएका छन।

२.४ समग्रमा संगठित अपराधका विशेषताहरु:

- विशिष्टीकृत अपराधिहरु, संगठनहरु (Specialist Criminals/Organizations)
- अपराधिहरु र आपराधिक संगठनका लागि प्रभावशाली पदाधिकारीहरु संरक्षक र सहभागी रहने (Their Protectors and Assistants)
- व्यवसायिक अपराध (Professional Crime)
- लाभको उद्देश्य (Profit Motive Economic or Material Benefit)
- अराजनीतिक प्रकृतिको (Non Political Nature)
- फौजदारी अपराध (Criminal Act)
- राष्ट्रिय, क्षेत्रिय, अन्तर्राष्ट्रिय चरित्रको (National, Regional, International)
- उच्च संगठित र अनुशासिल संस्थाहरु (Highly organized and disciplined association)
- गैरकानूनी धन्दा (Illegal Business)

- प्रत्यक्ष/अप्रत्यक्ष आपराधिक घटना घटाउने
- दुई वा सोभन्दा बढी व्यक्तिहरु संलग्न हुने
- अपराधिहरुको समान स्वार्थ र उद्देश्य रहने
- आपराधिक पृष्ठभूमि भएका व्यक्तिहरु संलग्न रहने
- अपराधिहरु थपघट भएपनि अपराध कार्य भने निरन्तर चलिरहने
- नेतृत्व तह र जिम्मेवारी बाँडफाँड गरिने
- संगठित रुपमा आवद्ध सबै सदस्यहरु जस्तोसुकै गम्भिर अपराध गर्नमा समेत प्रतिबद्ध रहने
- आपराधिक संगठन भित्र पदशोपान र श्रेणी विभाजन हुने
- राष्ट्रिय र अन्तराष्ट्रिय अपराधि समूहसँग सहयोग र समन्वय कायम राख्ने
- चक्रिय प्रणाली (Syndicate System) का आधारमा अपराध गरिने
- अपराधिक समूहका सदस्यहरुका रुपमा विशेषज्ञ समेत संलग्न रहने
- सदस्यहरुबीच गोपनियता कायम रहने
- Chain of Command कायम हुने

२.५ परम्परागत अपराध र संगठित अपराधमा फरक

परम्परागत अपराध	संगठित अपराध
१. समाजमा लामो समयदेखि अस्तित्वमा रहेको अपराध।	१. अपराधको विकसित रुपको रुपमा।
२. यसले समाजलाई भन्दा व्यक्तिलाई बढी हानी नोक्सानी गर्छ।	२. यसले व्यक्तिलाई भन्दा समाजलाई बढी हानीनोक्सानी गर्छ।
३. विभिन्न उद्देश्य प्राप्त गर्न यो अपराध घटाइन्छ।	३. आर्थिक वा भौतिक लाभ प्राप्त गर्ने उद्देश्यले यो अपराध घटाइन्छ।
४. एक्लै व्यक्तिले पनि अपराध घटाउन सक्छ।	४. यो अपराध घटाउन २ भन्दा बढी व्यक्तिको संलग्नता हुनुपर्छ।
५. कुनै निश्चित अपराध घटाउने उद्देश्यले गरिन्छ।	५. एक वा सो भन्दा बढी गम्भिर अपराध घटाउने उद्देश्यले गरिन्छ।
६. असंगठित आपराधिक समूहले यो अपराध घटाउन सक्छ।	६. संगठित आपराधिक समूहले यो अपराध घटाउँछ।
७. एकल अपराधको सिद्धान्तमा आधारित छ।	७. श्रृंखलाबद्ध अपराधको सिद्धान्तमा आधारित छ।
८. अपराधमा परम्परागत साधन र प्रविधिको प्रयोग गरिन्छ।	८. अपराध घटाउन आधुनिक साधन र प्रविधिको प्रयोग गरिन्छ।
९. यसमा लापरबाही, हेलचेक्र्याई दुर्घटनाबाट पनि अपराध हुन सक्छ।	९. यस्तो अपराध जानीजानी, मनसायपूर्वक घटाईन्छ।
१०. यो सधै गैरकानूनी बाटो प्रयोग गरी अपराध घटाइन्छ।	१०. बैधानिक संस्थाहरुको माध्यमबाट पनि यो अपराध घटाइन्छ।

११.तत्काल कुनै निश्चित अपराध घटाउने उद्देश्य हुन्छ।	११.लामो समयदेखि एक वा धेरै गम्भीर अपराध घटाउँदै आउँछ।
१२.समूहबाट अपराध घटाइए पनि सदस्यहरुको भूमिका निश्चित गरिएको हुँदैन।	१२.सदस्यको भूमिका निश्चित गरिएको हुन्छ।
१३.अपराधको निरन्तरता हुँदैन।	१३.निरन्तर अपराध घटाउँछ।

३.१ संगठित अपराधका कारक तत्वहरु

खराब मानसिकताको उपजको रुपमा स्थानिय देखि विश्वव्यापी कारणहरु रहेका छन्।

- कमजोर र त्रुटिपूर्ण न्याय प्रणाली
- कमजोर अनुसन्धान प्रणाली
- बेरोजगारी
- राजनीति र अपराधिक गठजोर
- संस्थागत भ्रष्टाचार र कमिशनतन्त्र
- अपराधिलाई सामाजिक मान्यता
- गिर्दो मूल्य मान्यता र नैतिकता
- अप्रजातान्त्रिक राज्य संयन्त्र
- गलत तथा अव्यवहारिक शिक्षा प्रणाली
- अन्तराष्ट्रिय असहयोग
- समाज प्रतिको अनुत्तरदायीपना

३.२ संगठित अपराधका प्रभावहरु

- दण्ड हिनता वढन जाने।
- कानुनको शासन कमजोर हुने।
- जनतामा भय र त्रासको स्थिति सृजना हुने।
- विदेशी लगानी निरुत्साहित हुने।
- Law and Order कायम नहुने।
- शासन व्यवस्थाप्रति नैरास्यता आउने।
- पुजी पलायन हुने।
- सरकार नै असफल हुन सक्ने।
- भ्रष्टाचार र कालोधनको संग्रह वढने।
- पेशेवर अपराधिको वोलवाला हुने।

- राजनीति र अपराधिको गठजोर वढन सक्ने ।
- अर्थतन्त्रमा नकारात्मक असर पर्ने ।
- अन्तरदेशीय अपराधमाम वढोत्तरी हुने ।

३.३ संगठित अपराध नियन्त्रण गर्न भएका अन्तर्राष्ट्रिय संयन्त्रहरु

अन्तराष्ट्रिय कानुन

३.३.१ Mandate included the fight against transnational organized crime, with action stemming from article 1 of the UN Charter

३.३.२ Articles 28 and 29 of the Universal Declaration of Human Rights, 1948.

३.३.३ The **United Nations' Convention against Transnational Organized Crime**, 2000.

Nepal has Party of this Convention.

The convention is further supplemented by:

- The Protocol to Prevent, Suppress and Punish **Trafficking in Persons**, Especially Women and Children *(General Assembly resolution 55/25 of 15 November 2000 entered into force on 25 December 2003)*
- The Protocol against the **Smuggling of Migrants** by Land, Sea and Air, *(General Assembly resolution 55/25 of 15 November 2000 entered into force on 28 January 2004)*
- The Protocol against the Illicit **Manufacturing of and Trafficking in Firearms**, Their Parts and Components and Ammunition. *(General Assembly resolution 55/255 of 31 May 2001)*

३.३.४ United Nations Convention against Illicit Traffic in Narcotic Drugs and Psychotropic Substances, 1988.

३.३.५ United Nations Convention against Corruption, 2003.

३.३.६ International Convention for the Suppression of the Financing of Terrorism, 1999.

३.३.७ United Nations Convention against Illicit Traffic in Narcotic Drugs and Psychotropic Substances, 1988.

३.३.८ Convention on Offences and Certain Other Acts Committed on Board Aircraft, 1963.

३.३.९ SAARC Convention on Preventing and Combating Trafficking in Women and Children for Prostitution, 2002.

३.३.१० The Slavery Convention, 1926 and its Supplement.

३.३.११ Convention on the Elimination of All Forms of Discrimination against Women,

३.३.१२ Convention on the Rights on the Child and its Optional Protocol on the sale of children, child prostitution and child pornography.

अन्तराष्ट्रिय संस्था

3.3.13 Financial Action Task Force (FATF) - 1989

3.3.14 Asia/Pacific Group on Money Laundering (APG)

३.४ संयुक्त राष्ट्र संघीय महासन्धी २००० का प्रमुख विशेषता

यस महासन्धीले संगठित अपराधको परिभाषा नगरी यसका चरित्रहरुको उल्लेख गरेको छ । यो अपराध Dynamic प्रकृतिको हुने हुँदा यसका चरित्र, प्रकृति, अवस्था, सन्जाल, अवधारणा र विशेषता समेत परिवर्तनशिल हुने हुँदा यसको स्पष्ट र सर्वमान्य परिभाषा गर्न नसकिएको हो । Organized Criminal Group आपराधिक संगठित समूह तीन वा सो भन्दा बढी व्यक्तिहरु संगठनको ढाँचामा आबद्ध भई लामो समयदेखि निरन्तर अपराध गर्दछन् जुन अपराध एक वा बढी गम्भीर प्रकृतिको हुन्छ र यस्तो अपराध गर्नुको पछाडी आर्थिक वा भौतिक फाइदा प्राप्त गर्ने उद्देश्य हुन्छ । चार बर्ष वा सो भन्दा बढी कैद सजाय हुने अपराधलाई Serious Crime गम्भीर कसू मानेको छ । Structured Group तत्काल कुनै अपराध गर्नको लागि गठन भएको समूह नभएर यसका सदस्यहरुको समूहमा सदस्यको रुपमा निरन्तरता, विकसित संरचना भई औपचारीक भूमिका परिभाषित नहुन पनि सक्छन तर सम्पत्ति प्राप्त गर्न प्रत्यक्ष/अप्रत्यक्ष रुपमा अपराध गरिरहन्छन् Proceed of Crime भनिन्छ ।

- अपराध अनुसन्धानमा सहायता पुर्याउन अन्तर्देशिय Controlled Delivery र Undercover Operation प्रयोग गर्न सक्ने ।
- अन्तरदेशिय संगठित अपराध रोकथाम, अनुसन्धान र अभियोजनमा सदस्य राष्ट्रहरुले सहयोग गर्नुपर्ने ।
- संगठित अपराध अन्तरदेशिय प्रकृतिको हुन्छ । एक देशमा बसेर अपराधको तयारी, योजना, निर्देशन र नियन्त्रण गरी अर्को देशमा अपराध घटाइन्छ ।
- संगठित आपराधिक समूहले एकभन्दा बढी देशमा आपराधिक गतिविधी गर्दछन् ।
- अपराध एक देशमा गर्दछन् त्यसको प्रभाव अर्को देशमा पर्दछ ।
- सबै सदस्य राष्ट्रले संगठित आपराधिक समूहलाई आपराधिकरण घोषणा गर्नु पर्ने ।
- सम्पत्ति शुद्धिकरण, भ्रष्टाचार, न्यायमा अवरोधलाई संगठित अपराधको रुपमा लिनुपर्ने ।
- कानूनी व्यक्तिले समेत संगठित अपराध गर्न सक्ने हुँदा सजायको दायरामा ल्याउनु पर्ने ।
- संगठित अपराध नियन्त्रण गर्न राष्ट्रिय कानूनी व्यवस्था अनुसन्धान, अभियोजन र दण्ड सजायको व्यवस्था प्रभावकारी बनाइनुपर्ने ।
- संगठित अपराधबाट प्राप्त गरेको बढे बढाएको जुनसुकै सम्पत्ति जफत गर्नुपर्ने ।
- सम्पत्ति जफत गर्न अन्तरदेशिय सहयोग आदान प्रदान गर्नुपर्ने ।
- सदस्य राष्ट्रहरुले द्विपक्षीय/बहुपक्षीय सन्धीको आधारमा सपुर्दगी र पारस्परिक कानूनी सहायता आदानप्रदान गर्न सक्ने ।
- सन्धिको आधारमा कसुरदारको अन्तरदेशीय हस्तान्तरण गर्न सकिने ।
- सदस्य राष्ट्रहरुबीच सम्झौताको आधारमा संयुक्त अनुसन्धान गर्न सकिने ।
- विशेष अनुसन्धान प्रविधि अवलम्बन गर्न सकिने ।
- साक्षी र पिडित संरक्षणको प्रभावकारी व्यवस्था गर्नु पर्ने ।
- सदस्य राष्ट्रहरुबीच कानून कार्यान्वयन अधिकारीहरुको प्रभावकारी सहयोग आदानप्रदान हुनुपर्ने ।
- अनुसन्धानकर्ता र अभियोजनकर्तालाई तालिम, प्रविधि, क्षमता विकासका अवसरहरु उपलब्ध गराउनुपर्ने ।
- संगठित अपराध सम्बन्धी सुचना तथा प्रमाण संकलन, विश्लेषण र आदान प्रदान गर्न सकिने ।
- संगठित अपराध निवारण गर्न राष्ट्रिय नीति र कानूनी व्यवस्था महासन्धी अनुकुल हुनुपर्ने ।
- सदस्य राष्ट्रहरुले महासन्धीको प्रभावकारी कार्यान्वयन गर्न आर्थिक विकास र प्राविधिक सहायता आदान प्रदान गर्नुपर्ने ।

५.१ संगठित अपराध नियन्त्रण गर्न भएका राष्टिय कानुनी व्यवस्थाहरु

तीन भन्दा वढी मानिसहरु आपराधिक समुहमा सदस्यको रुपमा संलग्न रही, विशेष भूमिका, परिभाषित कार्य र जिम्मेवारी, विशेषज्ञ अपराधीको रुपमा, समुह प्रति समर्पणको भावमा, गोपनियता कायम राखी खासगरी आर्थिक फाइदा प्राप्त गर्ने उद्देश्यले, जुनसुकै अपराध गर्न प्रतिवद्द रही निरन्तर अपराध गर्ने Chain Of Comand मा रहने, सामान्यतया Boss, Under Boss, Assistance, Supporter रुपमा समुहको सदस्यको रुपमा अपराधीक काम राष्टिय वा अन्तरदेशीय रुपमा घटाउन सक्ने हुदा विभिन्न प्रकृतिका गम्भीर अपराधसंग संगठित अपराधको सम्वन्ध रहेको हुन्छ। त्यसैले यो अपराध नियन्त्रण गर्न राष्टिय कानुनी व्यवस्था प्रभावकारी रुपमा गरिनु पर्दछ।

कानुनी व्यवस्थाहरु

नेपालको संविधान २०७२[10]

धारा १२६ न्याय सम्वन्धी अधिकार अदालतवाट प्रयोग हुने।

धारा १२७ मा तीन तहको अदालत सर्वोच्च, उच्च र जिल्ला अदालतको व्यवस्था।

धारा २० न्याय सम्वन्धी हकको व्यवस्था गरी स्वतन्त्र निष्पक्ष सक्षम न्यायीक निकायवाट स्वच्छ सुनुवाइ हुने।

धारा २१ मा अपराध पीडितले अनुसन्धान र कारवाहीको जानकारी पाउने, सामाजिक पुनस्थापना र क्षतिपुर्ति पाउने।

मुलुकी फौजदारी अपराध संहिता २०७४[11] **मा भएका मुख्य व्यवस्था।**

दफा ३८ कसुरको गम्भीरता वढाउने अवस्था

- पाँच वा पाँच भन्दा वढी व्यक्तिहरु समुहमा आवद्द भइ कसुर गरेको।
- पटक पटक कसुर गरेको।
- एकै वारदातमा एक भन्दा वढी कसुर गरेको।
- नियोजित वा संगठित रुपमा कसुर गरेको।

लागु औषध नियन्त्रण ऐन २०३३[12] **मा भएका मुख्य व्यवस्था।**

- ऐनको वर्हिरक्षेत्रिय प्रयोग हुने।
- अपराधी पतालगाउन (Control Delivery) (Under Cover Operation) जस्ता प्रविधिको प्रयोगलाइ कानुनी मान्यता।
- कसुर गरेको छैन भन्ने प्रमाणको भार प्रतिवादीमा रहने।

---

[10] नेपालको संविधान २०७२

[11] मुलुकी फौजदारी अपराध संहिता २०७४

[12] लागु औषध नियन्त्रण ऐन २०३३

- साक्षीको नाम गोप्य राख्न माग गर्न सक्ने, कुनै कुरा टेप गर्न सेन्सर गर्न सक्ने,
- वारम्वार अपराध गर्नेलाइ थप सजाय हुने।
- श्रोत नखुले अपराधवाट आर्जित सम्पती जफत हुने।
- गिरोह पता लगाउन सहयोग गर्ने अपराधीलाइ सजायमा छुट दिन सक्ने।
- अनुसन्धान अधिकारी वैज्ञानिक उपकरण र हातहतियार साथमा लिइ हिडन सक्ने।
- विना वारेण्ट प्रवेश, खानतलासी, कब्जा र गिरफ्तार गर्न सक्ने।
- तीन महिना सम्म संकितलाइ थुनामा राखी अनुसन्धान गर्न सक्ने।

मानव वेचविखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४[13] मा भएका मुख्य व्यवस्था।

- ऐनको वर्हिरक्षेत्रिय प्रयोग हुने।
- पिडीतको वयान अदालतवाट प्रमाणित हुने (वकपत्र सरह मान्याता)
- कसुर गरेको छैन भन्ने प्रमाणको भार प्रतिवादीमा रहने।
- पीडितले दोभाषे वा अनुवादक राख्न सक्ने।
- पीडितले छुट्टै कानुन व्यवसायी राख्न सक्ने।
- पीडित र सुराकीको विवरण गोप्य राखिने।
- नैतिक पतनको दावी लिन सकिने।
- अभियुक्त तथा गिरोह पत्ता लगाउन सहयोग गर्ने प्रतिवादीलाइ २५ प्रतिसत सम्म छुट दिन सकिने।
- कसुरवाट आर्जित सवै सम्पति जफत हुने।

विद्युतीय कारोवार ऐन २०६३[14] मा भएको कानुनी व्यवस्था।

- ऐनको वर्हिरक्षेत्रिय प्रयोग हुने।
- कम्प्युटर सम्वन्धी कसुरमा प्रयोग सवै उपकरण जफत हुने।
- संगठित संस्थाले गरेको कसुर सो संस्थाको सन्चालनको प्रमुखले गरेको मानिने।

---

[13] मानव वेचविखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४

[14] विद्युतीय कारोवार ऐन २०६३

कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत)ऐन २०७०[15]मा भएको कानुनी व्यवस्था .

- जुनसुकै कसुरवाट प्राप्त गरेको, त्यसवाट वढेवढाएको सम्पति, साधन जफत हुने ।

संगठित अपराध निवारण ऐन, २०७० [16]

परिभाषाः [17]

- आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेमा संगठित अपराध गरेको मानिने

आपराधिक समूह: [18]

- प्रत्यक्ष वा परोक्ष रुपमा परिच्छेद–२ मा उल्लिखित संगठित अपराध गर्ने उद्देश्यले नेपालभित्र वा नेपाल बाहिर रहे भएको संगठित वा असंगठित तीन वा तीनभन्दा बढी व्यक्तिहरुको समूह

गम्भीर अपराध:[19]

(क) प्रचलित कानून बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर,

(ख) परिच्छेद–३ बमोजिमको कुनै कसूर,

- आपराधिक समूह स्थापना गर्ने
- न्यायिक कारबाहीमा अवरोध गर्ने
- विध्वंसात्मक कार्य गर्ने
- आपराधिक लाभ (एक्सटर्सन) लिने

(ग) प्रचलित कानून बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी मानिने कसूर

आपराधिक समूहलाई संगठित अपराध गर्न वा संगठित अपराध गर्न सघाउ पुर्याउन कुनै काम जानी जानी गरी वा नगरी सो समूहको काम कारबाहीमा सहभागी हुने वा सघाउ पुर्याउने वा सञ्चार साधन वा सूचना प्रविधि उपलब्ध गराउने वा आर्थिक सहयोग गर्ने वा कुनै साधन उपलब्ध गराउने वा संगठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने, लुकाउने वा भगाउने कार्य गर्न वा गराउन नहुने

संगठित अपराधको तयारी, उद्योग, षडयन्त्र गर्न वा दुरुत्साहन दिन वा मतियार हुन नहुने

---

[15] कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत)ऐन २०७०

[16] संगठित अपराध निवारण ऐन, २०७०

[17] संगठित अपराध निवारण ऐन, २०७०

[18] संगठित अपराध निवारण ऐन, २०७०

[19] संगठित अपराध निवारण ऐन, २०७०

यस ऐनका प्रमुख विशेषता

- ऐनको बहिक्षेत्रिय प्रयोग हुने
- यस ऐन अन्तरगतको कसुर गर्नेलाइ प्रचलित कानुन वमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय हुने ।
- क्षतिपूर्ति कसुरदारवाटै भराउने ।
- अनुसन्धान गर्न अभियुक्तलाइ ६० दिन सम्म हिरासतमा राख्न सकिने ।
- अपराधको तहकिकातको लागि आवस्यकतानुसार विशेष अनुसन्धान टोली गठन गरी विशेष अनुसन्धान पद्धती अपनाउन सकिने ।
- अनुसन्धानको सिलसिलामा अभियुक्तको सम्पति, राहदानी रोक्का गर्न सकिने ।
- संकित कारोवारको विवरण माग्न वा कारोवार वा खाता रोक्का राख्न सकिने ।
- टेलिफोन वा सन्चारको विवरण माग गर्न सकिने ।
- मनासिव आधार भएमा अभियुक्तले प्रयोग गरेको सन्चार माध्यम निष्कृय गर्न सकिने ।
- अनुसन्धानमा सहयोग गर्ने अभियुक्तलाइ सजायको मागदावीमा ७५ प्रतिशत सम्म छुट दिन सकिने ।
- अभियोगपत्र दायर भैसकेपछी पनि थप अभियोग लगाउन सकिने ।
- अनुसन्धानको सिलसिलामा सन्चार अभिलेख गर्न सकिने ।
- अभियुक्तलाइ श्रव्यदृष्य संवाद मार्फत उपस्थित गराउन सकिने ।
- उजुरीकर्ता वा साक्षीको काल्पनिक वा साङ्केतिक नामवाट वयान वा वकपत्र गराउन सकिने ।
- जिरह सम्वन्धी विशेष व्यवस्था ।
- वन्द इजलाशमा कारवाही तथा सुनुवाइ गर्न सक्ने ।
- संगठित संस्थालाइ समेत सजाय हुन सक्ने।
- हदम्याद नलाग्ने ।

सम्पति सुद्धिकरण (मनी लाउन्डरिङ्ग्) ऐन २०६४[20] मा भएका मुख्य प्रावधान

- सम्पति सुद्धीकरण सम्वन्धी कसुर वा सम्वद्ध कसुर (Predicate Offence) वाट प्राप्त गरेको वा हासिल गरेको वा सोवाट वढेवढाएको सम्पति कसुरवाट प्राप्त सम्पति मानिने ।
- सम्पतिको गैर कानुनी श्रोत लुकाउने छल्ने रुपान्तरण वा हस्तान्तरण गर्ने कसुर सम्पति सुद्धीकरणको कसुर हुने ।
- आतङ्कवादी क्रियाकलापमा वितिय लगानी गर्न नहुने ।
- ऐनको वर्हिरक्षेत्रिय प्रयोग हुने ।
- ग्राहक पहिचानको विविध व्यवस्था ।

[20] सम्पति सुद्धिकरण (मनी लाउन्डरिङ्ग) ऐन २०६४

- वितिय जानकारी इकाइले संकासपद वितिय कारोवारको प्रतिवेदन सुचना प्राप्त गर्ने, विस्लेषण गर्ने।
- कसुरको अनुसन्धान सम्पति सुद्धीकरण अनुसन्धान विभागले गर्ने।
- विशेष अनुसन्धान प्रविधि (Control Delivery) (Under Cover Operation) अवलम्वन गर्ने।
- मद्दा चलाउन हदम्याद नहुने।
- सम्पतिको श्रोत खुलाउन नसके सम्पति जफत हुने।
- अनुसन्धानमा सहयोग गर्ने प्रतिवादीलाइ सजायको माग दावीमा छुट हुन सक्ने।

सपुर्दगी ऐन २०७०[21] मा भएका मुख्य मुख्य विशेषताहरु

- सपुर्दगी सन्धी भएको र सपुर्दगी गर्न सकिने कसुरमा विदेशी राज्यलाइ नेपालले कसुरदारको सपुर्दगी गर्न सक्ने।
- नेपालमा कसुर गरेको कसुरदार विदेशी राज्यको इलाकामा रहे भए त्यस्तो राज्य समक्ष नेपालले कसुरदारको सपुर्दगी माग गर्न सक्ने।
- सपुर्दगीको सम्वन्धमा संघीय गृह मन्त्रालय केन्द्रिय अधिकारी हुने।
- राजनीतिक अपराध, मृत्युदण्डको सजाय हुने अपराध, नेपाली नागरिक, सैनिक कानुन वमोजिम सजाय हुने अपराध, यातना दिने सम्भावना भए, हदम्याद समाप्त भए नेपालले सपुर्दगी नगर्ने।
- सपुर्दगी गर्न अदालती प्रकृया पुर्याउनु पर्ने।

पारस्परिक कानुनी सहायता ऐन २०७०[22] मा भएका मुख्य मुख्य विशेषताहरु

- नेपाल र विदेशी राष्ट्र विच सन्धी भएमा पारस्परिक कानुनी सहायता आदान प्रदान गर्न सकिने।
- कानुनी सहायता भित्र साक्षी प्रमाण वुझ्ने, खानतलासी गर्ने, वरामद गर्ने, अनुसन्धान गर्ने, म्याद तामेली गर्ने, सम्पति रोक्का वा जफत गर्ने, फैसला कार्यान्वयन गर्ने, वित्तिय वा व्यापारिक अभिलेख उपलव्ध गराउने कुराहरु पर्ने।
- कानुन मन्त्रालय केन्द्रीय अधिकारी हुने।
- अदालती प्रकृया पुर्याउनु पर्ने।

[21] सपुर्दगी ऐन २०७०

[22] पारस्परिक कानुनी सहायता ऐन २०७०

संगठित अपराध नियन्त्रण गर्न भएका राष्टिय कानुनी संयन्त्रहरु

संगठित अपराध गम्भिर प्रकृतिको फौजदारी अपराध हो । यो अपराधको विषयबस्तु छुट्टै नभएर परम्परागत प्रकृतिका अपराधहरुमा गरिने नयाँ तौरतरिका र प्रविधीको प्रयोग गरी राष्ट्रिय, क्षेत्रिय र अन्तर्राष्ट्रिय रुपमा अपराध घटाइन्छ । कुनै पनि अपराध घटाउन ३ वा सो भन्दा बढी व्यक्ति संगठित भई आर्थिक वा भौतिक लाभकोलागि जुनसुकै अपराध घटाउने, निरन्तर अपराध गर्ने, संगठनात्म संरचना हुने, सदस्यहरुको भूमिका हुने, संगठनले निरन्तरता पाउने, अन्तरदेशिय समेत हुने, Chain of Command हुने, अपराधको प्रकृति र परिणाम गम्भीर हुने, आपराधिक संगठित समूहले अपराध घटाउने चरित्रका अपराधहरु संगठित अपराध हुन् । खासगरी अपराध अनुसन्धान गर्ने, अभियोजन गर्ने र न्याय निरोपण गर्ने ऐन कानुनको व्यवस्था र संथागत संयन्त्र प्रभावकारी हुनु पर्दछ । संगठित अपराध निवारण ऐन, २०७० आएपछि सो अपराध निवारण गर्न निम्न संस्थागत व्यवस्था रहेको पाइन्छ ।

१. अपराध अनुसन्धान गर्ने निकायहरु
- ७४ वटा जिल्ला प्रहरी कार्यालय
- ९९ वटा अपराध अनुसन्धान गर्ने इलाका प्रहरी कार्यालयहरु
- काठमाडौं उपत्यका भित्र महानगरीय प्रहरी परिसर ३ र वृत्तहरु १८ वटा
- केन्द्रिय अनुसन्धान ब्यूरो
- लागुऔषध नियन्त्रण ब्यूरो
- सम्पत्ति शुद्धिकरण अपराधमा सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग
- भ्रष्टाचारको सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग
- वैदेशिक रोजगारीको ठगीमा वैदेशीक रोजगार विभाग
- वन्यजन्तु वेचविखन ओसारपसार र तस्करीमा जिल्ला वन कार्यालय

२. अपराधको अभियोजन गर्ने निकायहरु
- ७७ जिल्ला सरकारी वकील कार्यालय
- सम्पत्ति शुद्धिकरण विषयमा सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग
- भ्रष्टाचारको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग
- वैकिङ कसुर मुद्दामा विशेष सरकारी वकिल कार्यालय
- वैदेशिक रोजगारीको ठगीमा वैदेशीक रोजगार विभाग
- वन्यजन्तु वेचविखन ओसारपसार र तस्करीमा जिल्ला वन कार्यालय

३. संगठित अपराधमा मुद्दा हेर्ने निकाय
- ७७ जिल्ला अदालत
- भ्रष्टाचार र सम्पत्ति शुद्धिकरणका विषयमा विशेष अदालत
- ७ उच्च अदालतहरु (उच्च अदालतका मुकामहरु ११)
- सर्वोच्च अदालत

५.२ संगठित अपराध सम्वन्धी न्यायीक दृष्टिकोण

नेपालको सन्दर्भमा संगठित अपराध नौलो विषय रहन गएको छ । अनुसन्धान र अभियोगजन गर्ने निकाय तथा अदालत समेतमा यस अपराधलाई बुझ्ने, व्याख्या गर्ने, प्रयोग गर्ने कुरामा साझा धारणा बन्न सकेको छैन । सन् २००० मा संयुक्त राष्ट्र संघले यो अपराध विरुद्धको महासन्धी पारित गरी विश्वव्यापी रुपमा लागू भएपनि त्यसको झन्डै १० बर्ष पछी वि.सं. २०६९ मा अध्यादेशको रुपमा जारी भई त्यसको १ बर्ष पछि संसदले संगठित अपराध निवारण ऐन, २०७० जारी गरेको हो । उक्त ऐन आएपछि संगठित अपराधमा अदालतहरुमा मुद्दा दायर गर्ने कामहरु भएको पाइन्छ । ती मुद्दाहरु सर्वोच्च अदालतसम्म पनि पुग्न सकेको अवस्था छैन । यस

सम्बन्धमा महान्यायाधिवक्ता कार्यालय मातहतको अपराधशास्त्रीय अनुसन्धान केन्द्रले २०६४ सालमा गरेको काठमाडौं उपत्यका भित्रका जिल्ला अदालतहरुमा दायर भएका मुद्दाहरुको कारबाहीको अवस्था हेर्दा सजाय भएको ३३ प्रतिशत, सफाई पाएको २४ प्रतिशत, मुल्तबी १२ प्रतिशत, तामेली २ प्रतिशत र चालु अवस्थाको२९ प्रतिशत रहेको तथ्याङ्कबाट देखिन्छ । फौजदारी न्यायका विधिशास्त्रीहरुको भनाई, अन्तर्राष्ट्रिय मान्यता र प्रचलनका आधारमा केही गम्भीर प्रकृतिका अपराधहरु जुन समूहबाट घटित भएका थिए त्यसता केही अपराधहरु जस्तै मानव बेचबिखन, लागुऔषध ओसारपसार, पुरातात्विक तथा संरक्षित वन्यजन्तुको तस्करी, सम्पत्ति शुद्धिकरण जस्ता मुद्दाहरुमा सर्वोच्च अदालतले तत्सम्बन्धी कानूनहरुको व्याख्या गरेको पाइन्छ। संगठित अपराध निवारण ऐन, २०७० कै व्याख्या हुन नसके पनि संगठित अपराध के हो ? दुई वा सो भन्दा बढी व्यक्तिहरु मिलि गरेको अपराधमा कसुरको गम्भीरता बढाउने तत्वहरु बढी हुने, धेरै व्यक्तिहरु मिलेर अन्तरदेशिय अपराध घटाउन सक्ने, विभिन्न भूमिकामा Network मा अपराध गर्न सक्ने, अपराधको विषयबस्तुको गम्भीरताको आधारमा पनि संगठित चरित्र देखिने भनि व्याख्या गरेको पाइन्छ । सम्मानित सर्वोच्च अदालतबाट भएका संगठित अपराध प्रकृतिका मुद्दाहरुमा भएको कानूनको व्याख्या यस्तो रहेको पाइन्छ।

१. सूर्यबहादुर पुन विरुद्ध नेपाल सरकार भएको (गैंडा मारी खाग बिक्री) [23]।

- संगठित अपराधमा संलग्न प्रतिवादीहरूको कसूरलाई कुनै एउटा एक्लो वारदात वा घटनासँग मात्र जोडी निरपेक्ष ढंगबाट हेर्नु भन्दा सो वारदातबाट प्रतिवादीहरूले हासिल गर्न चाहेको निहीत उद्देश्य वा सो वारदातको दूरगामी असरलाई हेर्नु न्यायिक दृष्टिकोणबाट उपयुक्त वा वाञ्छनीय हुने।
- वारदात घटाई खाग काटी त्यसलाई बिक्री गरी प्राप्त गरेको रकम बराबरी रुपमा बाँडी खाएको स्थितिमा प्रतिवादीहरूको समान प्रकृतिको संलग्नता रहेको मान्नुपर्ने।
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २७ को प्रतिबन्धात्मक वाक्यांशले गैंडा, बाघ, कस्तुरी मृग र हात्तीसित सम्बन्धित कसूर गर्ने व्यक्ति र सोको मतियारलाई समान सजाय हुने व्यवस्था गरेको अवस्थामा मुख्य अभियुक्त र अन्य अभियुक्तको हकमा बेग्लाबेग्लै सजाय हुने अवस्था नदेखिने।

२. गोमा पाँचकोटी विरूद्ध प्रत्यर्थी/वादी : केशरबहादुर दर्जीको जाहेरीले नेपाल सरकार भएको (मानव बेचबिखन तथा ओसार पसार)[24]

- कतिपय सङ्गिन प्रकृतिका फौजदारी अपराधमा पीडितले समाजमा बेहोर्नुपर्ने क्षति, अपराधबाट समाजलाई पुग्न जाने असर तथा अपराधलाई निरूत्साहित गर्न राज्यले निर्वाह गर्नुपर्ने नियन्त्रणकारी भूमिका समेतलाई मध्यनजर गरी प्रमाणको भार (Burden of proof) आरोपित पक्षलाई नै सार्ने गरी कठोर कानूनी व्यवस्था गर्नुपरेको हो। अपराधमा संलग्न पक्ष पेशेवर हुन सक्ने र अपराध बडो योजनाबद्ध एवम् सङ्गठीत तरिकाले हुन सक्ने र कतिपय सङ्गठित आपराधिक समूहको संलग्नतामा समेत अपराध हुन सक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने

[23] फैसला मिति :२०६८/११/०३ ने.का.प. २०६९, अङ्क ३ निर्णय नं. ८७८४

[24] फैसला मिति :२०७१/०७/१० ने का प २०७२ अंक: १ निर्णय न ९३३३

परिस्थितिको आँकलन गरेर नैं विधायिकाले कानूनको निर्माण गरेको हो । प्रमाण सङ्कलनका क्रममा हुन सक्ने कतिपय कमजोरीको फाइदा अपराध गर्ने पक्षलाई नैं नपुगोस् भन्ने नै विधायिकी मनसाय हुने ।

३. धनमाया नागवंशीको जाहेरीले नेपाल सरकार विरूद्ध सोमबहादुर तामाङ भएको (मानव बेचबिखन ओसारपसार)[25]

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ हेर्दा यस ऐनको दफा ३ ले मानव बेचबिखन र ओसार पसार गर्नु गराउनु हुँदैन भनी मानव बेचबिखन र ओसार पसार गर्ने कार्यलाई आपराधिकीकरण (Criminalization) गरेको पाइन्छ भने सोही ऐनको दफा ४(१) मा मानव बेचबिखन गरेको मानिने कार्य तोकिएको र दफा ४(२) मा मानव ओसार पसार गरेको मानिने कार्यसमेत अलग अलग गरी तोकिदिएको अवस्था छ । त्यस्तै दुवैमा फरक फरक सजाय हुने पनि दफा १५ मा व्यवस्था छ । यसरी कस्तो कार्यबाट मानव ओसार पसार हुने र के कस्तोबाट बेचबिखन हुने भनी कानूनले अलग अलग गरी तोकिदिएबाट मानब बेचबिखन र मानव ओसारपसारलाई दुई भिन्न आपराधिक कार्यका रूपमा राखिएको प्रस्ट हुन्छ । यी दुवै अलग आपराधिक कार्य भएकाले यी दुवैको छुट्टै अस्तित्व हुन जान्छ ।

- प्रायः सँगसँगै यी दुवै अपराध हुने भएपनि एकको अभावमा अर्को नहुने परिपुरक भने होइनन् । ओसारपसारको उद्देश्यमा रूपमा किन्ने वा वेच्ने वा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने नै ऐनले राखेको भएपनि सबै अवस्थामा त्यो उद्देश्य पूरा भई किन्ने बेच्ने वा वेश्यावृत्तिमा लगाएको नै भन्न सकिँदैन तापनि सो उद्देश्यले लगेमा ओसार पसार भने गरेको नै मानिने ।

- प्रस्तुत वारदातमा पनि प्रतिवादीले बेचिबखन गर्ने उद्देश्यले नै पीडितलाई भारत लगेको र बेच्न नपाउँदै भारतमा अलपत्र छोडेकोमा निज पीडितमाथि यौन शोषण भएको पुष्टि भएपनि बेचबिखन गरिसकेको भने मिसिलबाट पुष्टि हुन सक्दैन । यस्तो पीडितलाई भारतसम्म पुऱ्याई चरम यौन शोषणसमेत भएको पुष्टि भइरहेको अवस्थामा अभियोग मागदाबीबमोजिम सजाय गर्ने गरेको सुरू फैसला सदर गर्नु पर्नेमा सो नगरी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

४. शेर बहादु थापा विरुद्ध नेपाल सरकार (लागु औषध)[26]

- लागु औषधको कारोबार गर्न सँगै हिँडेको अवस्थामा कसैबाट मात्र लागु औषध बरामद हुनु । अन्य सँगसाथका व्यक्तिबाट बरामद नहुनुले खास असर नपार्ने ।
- लागुऔषध सम्बन्धी अपराध निरपेक्ष दायित्व अन्तर्गत अपराध भएको हुनाले जसबाट लागुऔषध बरामद भएको छ । निजसँग सो लागुऔषधको कारोबार गर्न आफु नहिँडेको वा निजको समूहमा सामेल नभएको भन्ने तथ्य स्पष्ट रुपमा पुष्टि नभएसम्म समूहगत रुपमा पक्राउ परेको देखिए पछि प्रतिवादीहरु मध्ये कसैको सो लागुऔषधको कारोबार गर्न मनसाय थियो वा थिएन भनी विचार गरी रहनु नपर्ने ।

---

[25] फैसला मिति :२०७३/०२/२४ ने.का.प. २०७३, अङ्क ९ निर्णय नं. ९६७७

[26] फैसला मिति :ने.का.प. २०६८, अंक १२, नि.नं. ८७२८, पृष्ठ १९८१

५. माधवकुमार भगत विरुद्ध नेपाल सरकार भएको (सम्पति सुद्धीकरण)[27]

- सम्पत्ति शुद्धीकरण आफैँमा सम्बद्ध कसुर (Predicate Offence) होइन अपितु मूल कसुरको सह-उत्पादन (By-Product) को रूपमा सह अपराध (Secondary Offence) हो । मूल कसुरलाई लुकाई छिपाई त्यसबाट आर्जित सम्पत्तिलाई लुकाउन शुद्धीकरण गरिएको कसुर यस ऐनअन्तर्गत पर्दछ । यो एउटा बहुआयामिक वित्तीय अपराध (Multi-Dimensional Financial Crime) पनि हो । मूल अपराध लुकिने हुनाले शुद्धीकरणको अपराध भएपछि उसले मूल अपराध गर्‍यो वा गरेन र उसको अपराध गर्ने मनसाय थियो वा थिएन भनी विचार गरिँदैन । त्यसैले उक्त ऐनको दफा २८ ले कसैसँग आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा उसको सम्पत्ति अस्वाभाविक देखिएमा र उसले आर्जन गरेको स्रोत देखाउन नसके सम्पत्ति शुद्धीकरणको अपराध हुने व्यवस्था गरेको हो । अस्वाभाविक सम्पत्ति देखियो भने त्यसको स्रोत जायज थियो भनी प्रमाणित गर्नुपर्ने प्रमाणको भार प्रतिवादीमा राखिएको छ । प्रतिवादीले स्रोत देखाउन सकेन भने उसले सम्पत्ति शुद्धीकरणको अपराध गरेको हो भनी मान्नु पर्ने हुन्छ । त्यस्तो आयस्रोत लुकेको सम्पत्ति बरामद हुनु नै कसुरको लागि पर्याप्त हुने ।

- कानूनले रूपैयाँ ल्याउने लैजाने व्यक्तिले उक्त रूपैयाँको स्रोत खुलाउन अनिवार्य गरेको अवस्थामा "गैरकानूनी रूपमा आर्जन गरेको वा कानून प्रतिकूल रूपमा लिएको वा धारण गरेको प्रमाणित भएमा मात्र सम्पत्ति शुद्धीकरणको कसुर कायम हुने" भन्ने यस अदालतको संयुक्त इजलासबाट उक्त ०६८-CR-०९३१ को सम्पत्ति शुद्धीकरण मुद्दामा मिति २०७०/३/२६ मा भएको फैसला एवं प्रतिपादन भएको सिद्धान्तसँग सहमत हुन सकिएन । सो मुद्दामा प्रतिपादन भएको सिद्धान्तलाई अब कायम नरहने गरी निष्प्रभावी (Overrule) गरिएको छ ।

६ अनिलकुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार विरुद्ध मदन शर्मा समेत[28]

- संगठित अपराधको प्रकृति सामान्य अपराध भन्दा पृथक हुन्छ । अपराधका यी दुवै प्रकृतिलाई एउटै दृष्टिले हेर्न सकिन्न । वृहत्त योजना र विस्तारित तैयारीका साथ सम्पन्न हुने संगठित अपराधमा धेरै व्यक्तिको वेग्ला वेग्लै भूमिका हुन्छ । पृथक–पृथक व्यक्तिको फरक–फरक कार्यले एउटा संगठित अपराध सम्पन्न हुन्छ ।

७ चार्ल्स गुरुमुख शोभराज विरुद्ध नेपाल सरकार (कर्तव्य ज्यान)[29]

- यस मुद्दामा अपराध गर्दा अपनाइएको तरिका र अपराधको प्रकृति हेर्दा अपराधी पूर्ण सचेत, सावधान रही नियोजित र सङ्गठित रुपमा आफ्नो आपराधिक कार्य योजनालाई पूर्णता दिएको देखिन्छ । यस्तो अवस्थामा अभियोजन पक्षद्वारा प्रस्तुत अप्रत्यक्ष प्रमाण र खास गरी परिस्थितिजन्य प्रमाणको आधारमा नै अपराधीसम्म पुग्नुपर्ने र त्यस्तो प्रमाणको आधारमा कसूरदार देखिन आएको अभियुक्तलाई सजाय गर्नु पर्ने भनी व्याख्या गरिएको छ । यस मुद्दामा सङ्गठित

[27] ने.का.प. २०७३, अङ्क ११ निर्णय नं. ९७०८

[28] *ने.का.प २०६७ अंक २ नि.न. ८३२१*

[29] *ने.का.प. २०६७, अंक ५, नि.नं. ८३७८*

अपराध हो भनी नभने पनि प्रस्तुत अपराधको कार्य प्रकृतिलाई सङ्गठित अपराधको तादात्म्यतामा विश्लेषण गरिएको पाइन्छ ।

६ संगठित अपराध नियन्त्रण गर्नका लागि उपायहरु

- न्याय प्रणालीमा सुधार
- बेरोजगारीको अन्त्य
- राजनीतिक अपराधिकरणको अन्त्य
- आर्थिक अनियमितता र भ्रष्टाचारको अन्त्य
- सामाजिक उत्तरदायित्वको बोध हुने वातावरण तयार
- प्रभावकारी अनुसन्धान पद्दतिको विकास
- नैतिक मूल्य मान्यता स्थापनाको वातावरण तयार

७ निष्कर्ष:

संगठित अपराध अपराधको आधुनिक रुप हो । यो अन्तरदेशिय हुने हुँदा यसलाई नियन्त्रण गर्न कुनै एक राज्यको प्रयासले मात्र सम्भव हुँदैन । संगठित अपराधको कारण दण्डहिनता बढ्ने मात्र नभै सुशासन र कानूनी राज्यको अवधारणाको लागि समेत चुनौति थपिएको छ । यस्तो अपराधमा शासन प्रणालीको उच्च प्रशासकहरु तथा राजनीतिज्ञ समेतको अप्रत्यक्ष संरक्षण प्राप्त हुने हुँदा नियन्त्रण कार्य कठिन समेत हुने हुन्छ । विज्ञान, सुचना सञ्चार, यातायातका क्षेत्रमा भएको विकासले समाजलाई जति सरल र पहुँचयोग्य बनाएको छ । अपराधको क्षेत्रमा समेत संगठित, आपराधिक समूहको विकास, अन्तरदेशिय सन्जाल, नयाँ नयाँ तौरतरिकामा गम्भीर अपराधको जन्म भएको पाइन्छ । भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण, न्यायमा अवरोध, मानव तस्करी, साइबर अपराध, लागुऔषधको तस्करी, बेश्यावृत्ति, आतंकवादी क्रियाकलाप, वित्तिय लगानी, मानव बेचबिखन तथा ओसारपसार, पुरातात्विक सम्पदाको अबैध चोरी निकासी, ठगी, चोरी,हत्या जस्ता अपराधहरु आज संगठित रुपमा आपराधिक समूहबाट घटाउने गरेको पाइन्छ । संगठित अपराधलाई नियन्त्रण गर्न संगठित अपराध विरुद्धको महासन्धी सन् २००० मा जारी भएपछि पक्ष राष्ट्रहरुले सो महासन्धीका सिद्धान्तहरुलाई राष्ट्रिय कानूनमा रुपान्तरण गर्न, द्विपक्षीय/बहुपक्षीय सन्धि सम्झौताहरु गर्ने, सदस्य राष्ट्रहरु बिच सन्धि र पारस्परिकताको आधारमा अपराधिहरुको सपुर्दगी गर्ने, पारस्परिक कानूनी सहायता आदानप्रदान गर्ने, संयुक्त अनुसन्धान गर्ने, सुचनाहरु आदानप्रदान गर्ने, सदस्य राष्ट्रहरुका अनुसन्धान र अभियोजन गर्ने अधिकारीहरुको ज्ञान, सीप, क्षमता विकास गर्ने, प्राविधिक सहायता प्रदान गर्ने जस्ता कामहरु अन्तर्राष्ट्रिय स्तरबाट हुँदै आएका छन् ।

नेपाल उक्त महासन्धीको पक्ष राष्ट्र भएको छ । सन्धीको अन्तर्राष्ट्रिय दायित्व पुरा गर्ने सन्दर्भमा वि.सं. २०६९ सालमा संगठित अपराध निवारण अध्यादेश २०६९ जारी गरी त्यसको १ बर्ष पछि संगठित अपराध निवारण ऐन, २०७० जारी गरी लागु भएको छ । सो बाहेक भ्रष्टाचार निवारण ऐन, २०५९, सम्पत्ति शुद्धिकरण ऐन, २०६४, सपुर्दगी ऐन, २०७०, पारस्परिक कानूनी सहायता ऐन, २०७०, मुलुकी फौजदारी अपराध संहिता ऐन २०७४, मुलुकी फौजदारी कार्यविधी संहिता ऐन, २०७४, जारी भै संगठित अपराधलाई नियन्त्रण गर्न भएका कानूनी व्यवस्थाहरु छन । संगठित अपराध अन्तरदेशिय चरित्रको हुने हुदा यस प्रकृतिका अपराधहरु नियन्त्रण गर्न सपुर्दगी र पारस्परिक कानूनी सहायता सम्बन्धी द्विपक्षीय तथा बहुपक्षीय सन्धी सम्झौता हुन नसक्दा प्रभावकारी अन्तर्राष्ट्रिय सहयोग प्राप्त हुन सकेको छैन । संगठित अपराधको स्पष्ट परिभाषा हुन नसके पनि अपराधको चरित्रबाट कुनै अपराध परम्परागत हो या संगठित हो छुट्याउन सकिन्छ । ऐन आएको ५ बर्ष भए

पनि यस ऐन विरुद्ध भएका अपराधहरु सर्वोच्च अदालत सम्म पुगी कानूनको व्याख्या हुन सकेको अवस्था छैन । संगठित अपराध चरित्र भएका समूहगत अपराधको बारेमा केही लागुऔषध, मानब बेचबिखन ओसारपसार, जबरजस्ती करणी, ठगी जस्ता मुद्दाहरुमा सर्ववच्च अदालतले कसूरको गाम्भीर्यता बढेको र २ भन्दा बढी व्यक्ति समावेश भएको कसूरमा थप सजाय हुने भनी व्याख्या विश्लेषण भई कानूनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ । हाम्रो जस्तो खुला सिमाना, खुला समाज र उदार संस्कृती भएको राष्ट्रमा संगठित अपराध बढ्ने सम्भावना बढी भएको हुँदा भारत चीन लगायत धेरै देशहरुसँग द्विपक्षीय सपुर्दगी सन्धी र पारस्परिक कानूनी सहायता सन्धी गर्नु अत्यावश्यक भएको देखिन्छ । संगठित अपराध निवारण ऐन, २०७० मा केही अष्पष्टताहरु पनि रहेका छन जस्तै असंगठित समुह भनि कसलाइ इङ्गित गर्न खोजिएको हो । त्यस किसिमका अष्पष्टताहरु सम्बन्धित सरोकारवालाहरुको छलफल र अन्तरक्रियाबाट कानून संशोधन गरी लागु गर्नुपर्ने अवस्था छ । संगठित अपराध विरुद्ध जनचेतना जगाउने, अनुसन्धान र अभियोजन गर्ने कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने, अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने, बुझाई र धारणामा एकरुपता कायम गर्ने, साक्षी र पिडितको संरक्षण गर्ने, अपराधिलाई न्यायको कठघरामा ल्याउन सकिए मात्र दण्डहिनताको अन्त्य, अपराध र भययुक्त, सुरक्षित र समृद्ध नेपाल निर्माण गर्न सकिन्छ ।

सन्दर्भ सामाग्रीहरु

१. नेपालको संविधान, २०७२
२. संगठित अपराध निवारण ऐन, २०७०
३. सम्पत्ति शुद्धिकरण ऐन, २०६४
४. लागुऔषध नियन्त्रण ऐन, २०३३
५. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४
६. मुलुकी फौजदारी अपराध संहिता ऐन, २०७४
७. मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४
८. सपुर्दगी ऐन, २०७०
९. पारस्परिक कानूनी सहायता ऐन, २०७०
१०. United Nation Convention against Transitional Organized Crime, 2000
११. फौजदारी कानूनको परिचय- प्रा.डा. रजितभक्त प्रधानाङ्ग, भृकुटी एकेडेमिक पब्लिकेशन, प्रदर्शनीमार्ग, कठमाडौं
१२. भट्टराई डा. आनन्दमोहन (२०६८) अन्तरदेशिय संगठित अपराध: प्रभावकारी प्रतिरोधात्मक उपायहरु संगठित अपराध: एक परिचय श्रोत सामाग्री, ललितपुर, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
१३. संगठित अपारध सम्बन्धी कानूनको प्रभाव मुल्याङ्कन सम्बन्धी अनुसन्धानमूलक अध्ययन, महान्यायधिवक्ताको कार्यालय, अपराधशास्त्रीय अनुसन्धान केन्द्र, २०७४

कार्यपत्र : ३, संगठित अपराध सम्बन्धि अवधारणा र यसका बिशेषताहरु

श्याम सुन्दर चौधरी
उपन्यायाधिवक्ता

परिच्छेद १

परिचय :

कुनै पनि अपराध आफैमा संगठित अपराध नहुने,यसका अवयव, उद्देश्य, शैली, प्रभाव तथा संलग्न व्यक्तिहरुको संरचना जस्ता विषयहरुका आधारमा हेर्नुपने,सङ्गठित अपराध निश्चित योजना, तयारी, संगठन संजाल, पर्याप्त स्रोत साधन सहित व्यक्तिहरु मिलेर श्रृंखलाबद्ध रुपमा गरिने,मूलतः आर्थिक लाभ लिने, प्रसिद्धि हासिल गर्ने, समाजलाई आतङ्कित पार्ने, सामूहिक बदला लिने आदि उद्धेश्य हुने,सगठित अपराध एक नया अवधारणा र आधुनिक अपराध शास्त्र हो । राष्ट्रिय, अनतराष्ट्रिय र क्षेत्रिय रुपमा विश्वव्यापी रहेको छायसका धारणा सिधान्त चरीत्रहरु परम्परागत अपराध हो ।गम्भीर अपराध समाजमा धेरै आउनु नै संगठित अपराध हो भन्न सकिन्छ ।

संगठित अपराधको परिभाषा रअवधारणा आफैमा जटिल अवधारणा हो । विश्वव्यापी रुपमा संगठित अपराधको परिभाषा र अवधारणागत पक्ष एकै खालको र स्पष्ट रहेको पाईदैन ।संगठित अपराध भन्ने शब्द सन् १९१९ मा वकील, व्यापारी र बैंक संचालकहरुद्धारा स्थापित शिकागो अपराध आयोग **Chicago Crime Commission** ले पहिलो पटक प्रयोगमा ल्याएको थियो ।यस आयोगले सिकागोमा भएको अपराधको समस्या र फौज्दारी न्याय प्रणालीको विकाश र परिवर्तन गर्नका लागी सहयोग पुरयाउने दौरानमा संगठित अपराधिक संगठनलाई नभई दश हजार पेशेवार अपराधीहरुलाई (अपराधिक श्रेणीमा) राखी संगठित अपराधशब्द प्रयोगमा ल्यायको थियो । तत पश्चात सन् १९३० देखि १९४० को दशकमा संगठित अपरधको अवधारणा सार्वजनिक रुपमा छलफलको बिषय बन्यो। दोस्रो विश्वयुद्ध अगाडी आपराधिक समूहले गर्ने आपराधिक कार्यलाई संगठित अपराधको रुपमा लीने गर्दैन्थ्यो । अन्तराष्ट्रिय विधिशास्त्र र तुलनात्मक विधिशास्त्र मा संगठित अपराध भन्ने शब्दावलीको प्रयोग हुन थालेको चार पांच दशक भन्दा बढी लामो ईतिहास रहेको पाईदैन ।

विश्वव्यापी रुपमा हेर्दा विश्वभरीको अधिकांश नीति निर्माता, टिप्पणीकर्ता, संचार माध्यम आदिले सामान्यतया गुण्डागर्दी गर्ने समूह, माफिया तथा माफिया जस्तो संगठनहरुलाई संगठित अपराधको शब्दबाट सम्बोधन गर्ने गरेको पाईन्छ । संगठित अपराध भन्नाले मूलत, आर्थिक लाभ गर्ने उदेश्यले खडा भएका समूह वा अपराधीहरुले गर्ने गम्भीर अपराध भन्ने नै बुझिन्छ । आपराधिक संगठनहरु जस्तै आतंकारी संगठनहरु, राजनीतिक लाभका लागी संचालन भएको

पनि पाईन्छ । यसको प्रमुख उदेश्य नै हिंसा र भ्रष्टाचार भएको हुदा संगठित अपराधिक समूह गैरकानूनी लाभ र हिंसामा केन्द्रित हने भएकोले यस प्रकारको अपराधले अवश्य पनि समाजलाई असर पुरयाई रहेको हुन्छ । यसको परिभाषाहरु मूलत संगठित अपराधको समूहको प्रकृति यसको सदस्यको संगठन यसले प्रयोग गर्ने हिंसात्मक माध्यम र भ्रष्टाचार गर्ने मुख्य लक्ष्य रहने लगायतका बिषयहरुको आधारमा विभिन्न विद्धानहरुले यसको परिभाषा गर्ने प्रयास गरेको भएता पनि संगठित अपराध र संगठित आपराधिक समूहलाई बुझने सन्दर्भमा हालसम्म पनि विद्धानहरुको बिच एक मत रहेको पाईदैन ।

संगठित अपराध र आपराधिक संगठन भन्ने बित्तिकै अधिकतम केन्द्रिकृत र अपराधिक समूहबाट संचालित, आपराधिक एंव गैरकानूनी क्रियाकलापको माध्यमबाट आर्थिक लाभ प्राप्त गर्ने उदेश्यले आपराधिक उद्योगको रुपमा स्थापित आपराधिक संगठनको रुपमा चिन्ने गरीन्छ । सामान्यतया संगठित अपराध आर्थिक लाभ प्राप्त गर्ने उदेश्यले गर्दछ ।

परिचय कुनै पनि अपराध आफैमा संगठित अपराध नहुने, यसका अवयव, उद्देश्य, शैली, प्रभाव तथा संलग्न व्यक्तिहरुको संरचना जस्ता विषयहरुका आधारमा हेर्नुपने, सङ्गठित अपराध निश्चित योजना, तयारी, संगठन संजाल, पर्याप्त स्रोत साधन सहित व्यक्तिहरु मिलेर श्रृंखलाबद्ध रुपमा गरिने, मूलतः आर्थिक लाभ लिने, प्रसिद्धि हासिल गर्ने, समाजलाई आतङ्कित पार्ने, सामूहिक बदला लिने आदि उद्धेश्य हुने, संगठित अपराध एक नया अवधारणा र आधुनिक अपराध शास्त्र हो । राष्ट्रिय,अन्तराष्ट्रिय र क्षेत्रिय रुपमा विश्वव्यापी रहेको छ । यसका धारणा सिद्धान्त चरीत्रहरु परम्परागत अपराध हो । गम्भीर अपराध समाजमा धेरै आउनु नै संगठित अपराध हो भन्न सकिन्छ ।

परिच्छेद २

अन्तराष्ट्रिय कानून अनुसारको परीभाषा

Definition-

U.N. Convention on Transnational Organized Crimes,2000 has not defined of organized criminal group-shall mean a structural group of Three or more persons, existing for a period of time and acting with the aim of committing one or more serious crime or offences established in accordance with in convention, in order to obtain directly or indirectly, a financial or other material benefits.[1]

Structured Group

A group that is not randomly formed for the immediate commission of an offence.

Serious Crime

[1] U.N. Convention on Transitional Organized crimes 2000 Section 2(a)

कम्तीमा ४ बर्ष वा सो भन्दा बढी कैदको सजाय हुने अपराध गम्भीर प्रकृतिको अपराध।

US Organized Crime Control Act,1970

Unlawful activities of highly organized disciplined association or by member of criminal syndicates operative throughout the United States.[2]

Interpol

Any enterprise or group of person engaged in a continuing illegal activities which has as is primary purpose the generation of profits irrespective of national boundaries .[3]

राष्ट्रि सिमानाको वास्ता नगरी आर्थिक लाभ प्राप्त गर्ने उदेश्यले निरन्तर रुपमा गैर कानूनी कार्यमा संलग्न रहने कुनै संगठन वा ब्यक्तिहरुको समूहले गरेको अपराध

German Criminal Code 1993 section 129

Who founds an organization the aims or activities of which are directed at the commission of crime or who participates in such an organization as a member, recruits members or supporters for it will be punished with imprisonment of more than five years. [4]

German Criminal Code(1993) को section 129

- Who founds an organization the aims or activities of which are directed at the commission of crime or who participates in such an organization as a member, recruits members or supporters for it or supports it, will be punished with imprisonment of more than five years.

[2] US Organized Crime Control Act,1970

[3] Interpol

[4] German Criminal Code 1993 section 129

परिच्छेद ३

संगठित अपराध निवारण ऐन, २०७० को उद्देश्य

सर्बसाधारणका जीउ ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ती र सुव्यवश्था कायम गर्न, मुलुकमा कानून र व्यवश्था कायम गर्नका लागी संगठित अपराधलाई निवारण गर्न, बिशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्न र संगठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण नर्गे लगायत सो संग सम्बन्धित अन्य बिषयमा कानूनी व्यवश्था गर्न बान्छनीय भएकोले ।[५]

परिच्छेद ४

नेपाल कानूनमा संगठित अपराधको परीभाषा

- कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानीजानी कुनै गम्भीर अपराध गरेमा निजले सङ्गठित अपराध गरेको मानिने । संगठित अपराध निवारण ऐनको दफा ३(२) [6]
- यस दफाको प्रयोजनको लागी देहायको कसूर गम्भीरअपराध मानीनेछ ।[7]
- (क) प्रचलित कानून बमोजिम तीन बर्षभन्दा बढी कैद सजाय हुने कसूर,
- (ख) परिच्छेद ३ बमोजिमको कुनै कसुर, र
- (ग) प्रचलित कानून बमोजिम भ्रष्टाचार वा सम्पती शुद्दीकरण वा आतंककारी क्रियाकलापमा वितीय लगानी मानीने कसूर ।
- कसैले कुनै अपराधिक समूहलाई अपराध गर्न वा संगठित अपराधगर्न सघाउ पुरयाउन कुनै काम जानीजानी गरी वा नगरी सो समूहको काम कारवाहीमा सहभागी हुने वा सघाउ पुरयाउने वा संचारसाधन वा सूचना प्रविधि उपलब्ध गराउने वा आर्थिक सहयोग गर्ने वा कुनैसाधन उपलब्ध गराउने वा संगठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने, लुकाउने वा भगाउने कार्य गर्न वा गराउन हुदैन ।[8]
  - आपराधिक समूह र गम्भीर अपराधका आधारमा संगठित अपराधलाई हेर्नुपर्ने अपराधिक समुह
  - प्रत्यक्ष वा परोक्ष रुपमा परिच्छेद २ मा उल्लेखित संगठित अपराध गर्ने उद्देश्यले नेपालभित्र वा नेपाल बाहिर रहे भएको

---

[5] संगठित अपराध निवारण ऐन, २०७० को प्रस्तावना ।

[6] संगठित अपराध निवारण ऐन, २०७० को दफा ३(२)

[7] ऐ.ऐ. दफा ३(३)

[8] ऐ.ऐ. दफा ४

- सङ्गठित वा असङ्गठित तीन वा तीनभन्दा बढी व्यक्तिहरुको समूह ।
- संगठित अपराधमा तीन बर्ष वा तीन बर्ष भन्दा बढी कैद हुन सक्ने गम्भीर अपराध ।[9]

परिच्छेद ५

- संगठित अपराधको बिषेशता (FeatureS of Organized Crime)
- अपराधिक सम[x –The Criminal Groups)
- यसका संरक्षक (The Protecters)
- संस्थागत आपराधिक सहयोग (The Organized Crime Support)
- निरन्तरता (Continuity)
- संरचना (Structure)
- गोपनियता (Privacy)
- अपराधिक कार्य (Criminality)
- भै झगडा धाक धम्की आक्रमण (Violence)
- शक्ति तथा नाफको उदेश्य (Power and Profit Goal)
- तीन वा तीन भन्दा बढी व्यक्तिहरुको संलग्नता (Three and Above of Three and Other persons)
- गम्भीर प्रकृतिको अपराध (Serious Crime)

परिच्छेद ६

संगठित अपराध निवारण ऐन, २०७० मा भएको बिशेषताहरु

- बहिर क्षेत्रिय अधिकार
- अपराधिक समुहको परीभाषा
- अपराधको तयारीलाई समेत कसूर मानीएको
- अन्य ऐनसंगको अन्तरसम्बन्ध (जस्तै संगठित रुपमा अन्य ऐन अनुसारको कसूर)
- निषेधित कार्य र सजाय सम्बन्धि स्पष्ट व्यवश्था
- कठोर सजाय
- क्षतिपूर्तिको ब्यवश्था
- बिषेश अनुसन्धान टोली गठन हुनसक्ने
- बिषेश अनुसन्धान पद्दती अपनाउन सकिने
- लामो समयसम्म हिरासतमा राख्न सकिने (६० दिनसम्म)

[9] ऐ.ऐ. दफा २ (घ)

- सम्पती रोक्का राख्न सकिने
- राहदानी रोक्का राख्न सकिने
- संचार माध्यम निष्क्रिय गनृ सकिने
- सजायको मागदावीमा छुट दिन सकिने
- थप अभियोग लगाउन सकिने
- श्रब्यदृश्य सम्बाद तथा डोर मार्फत बुझन सकिने
- विदेशी मुलुकको अदालत वा सो मुलुकको आधिकारिक निकायबाट संकलन गरीएको प्रमाण ग्रहण गर्न सकिने
- सुराकी,उजुरीकर्ता तथा साक्षीको संरक्षण सम्बन्धि बिशेष व्यवश्था
- प्रमाण सम्बन्धि बिषेश व्यवश्था
- हदम्यादको सिमा नभएको
- अपराधिक समूह स्थापना गर्न नहुने
- न्यायीक कारवाहीमा अवरोध गर्न नहुने
- अपराधिक लाभ -एक्सटर्सन) लिन नहुने
- कारोवारको विवरण माग्न वा कारोवार वा खाता रोक्का राख्न सकिने
- काल्पनिक वा साकेतिक नामबाट बयान वा बकपत्र गराउन सकिने
- जिरह सम्बन्धि विशेष व्यवश्था
- बन्द इजलाशबाट कारवाही तथा सुनुवाई गर्न सकिने
- फरार रहेको व्यक्तिको सम्बन्धमा विशेष व्यवश्था
- दोभाषे वा अनुवादक राख्न सक्ने
- कानूनी सहायता उपलब्ध गराउने
- छुटटै कानून व्यवशायी राख्न सक्ने
- मुद्दा परिणत गर्न सक्ने

बहिर क्षेत्रिय अधिकार

नेपाल बाहिर रही बसी नेपाल वा नेपाली नागरीक विरुध संगठित अपराध गर्ने व्यक्तिको हकमा समेत लागू हुने । [10]

अपराधिक समुहको परीभाषा

प्रत्यक्ष वा परोक्ष रुपमा परिच्छेद २ मा उल्लेखित संगठित अपराध गर्ने उदेश्यले नेपाल भित्र वा नेपाल बाहिर भएको संगठित अपराध वा असंगठित तीन वा तीन भन्दा बढी व्यक्तिहरुको समूह अपराधिक समूह मानीने । [11]

[10] ऐ.ऐ. दफा १(२)

[11] ऐ.ऐ. दफा २(घ)

अपराधको तयारीलाई समेत कसूर मानीएका

न्यायीक कारवाहीमा अवरोध गर्न नहुने

संगठित अपराधको न्यायीक काम कारवाहीको सिलसिलामा गरीने वा गरीएको कुनै काम कारवाहीमा बाधा अवरोध खडा गरी न्यायीक कारवाहीमा वाधा अवरोध खडागरी कारवाहीमा अवरोध गर्न वा गराउन निषेध गरेको छ । न्यायीक कारवाहीमा अवरोभको रुपमा कसैलाई मुद्दाको कारवाहीमा झुठो प्रमाण दिनको लागी साक्षीको रुपमा प्रस्तुत गर्ने वा झुठो प्रमाण पेश गर्न वा मुद्दाको कारवाही वा प्रमाण संकलनको कार्यमा मुद्दाको पक्ष वा साक्षी वा उजुरकर्तालाई झुठो बयान वा बकपत्र गर्न वा गराउनको लागी कुटपिट वा आक्रमण गर्ने, डर त्रास देखाउने वा धम्कि दिने वा कुनै प्रलोभन, अनुचित दवाव दिने वा अन्य कुनै तरीकाले अवरोध पुरयाउने, मुद्दाको कारवाहीका सम्बन्धमा कुनै साक्षीलाई अदालतमा उपस्थित हुन वा प्रमाणको संकलन वा प्रस्तुतीकरण गर्न बाधा अवरोध गर्ने, वा न्याय सम्पादन वा कानून कार्यानव्यन गर्ने अधिकारीलाई कुटपिट वा आक्रमण गर्ने, डर, त्राश देखाउने वा धम्की दिने वा अनुचित प्रलोभन दिने वा आफ्नो पदीय जिम्मेवारी पूरा गर्नबाट कुनै तरीकाले बाधा अवरोध पुरयाउने, कार्यलाई न्यायीक अवरोधको रुपमा लीईएको छ । [12]

विध्वंसात्मक कार्य गर्न नहुने

विध्वंसात्मक कार्य गर्ने वा गराउने कार्यलाई निषेध गरेको छ ।

(क) कुनै प्रकारको हातहतियार, बम, विष्फोटक पदार्थ वा अन्य कुनै उपकरण वा वस्तु प्रयोग गरी नेपालको सार्वभौमसत्ता, प्रादेशिक अखण्डता वा नेपाल वा यसको कुनै भागको सुरक्षा वा शान्ती र व्यवश्थामा खलल पार्न वा विदेशस्थित नेपाली कुटनीतिक नियोग वा त्यसको सम्पती वा नेपालस्थित विदेशी नियोग वा अन्तराष्ट्रिय अन्तरसरकारी संथ्य संस्था वा यातायात संस्था जस्ता सर्वसाधारणलाई सार्वजनिक सेवा प्रदान गर्ने सेवा प्रदायकको भवन, साधन, उपकरण, यन्त्र ध्वस्त गरी क्षति पुरयाउने वा तोडफोड गर्ने वा सो को यौजना बनाउने वा त्यस्तो स्थानमा मानीसको जीउ ज्यान जाने, अंगभंग हुने वा चोटपटक पुरयाई घाईते तुल्याउने काम वा आगो लगाउने वा दैनिक उपभोग्य वस्तुमा वा सार्वजनिक स्थानमा विषालु पदार्थ प्रयोग गरी मानीसको जीउज्यान जाने वा अंगभंग हुने वा अन्य क्षति पुरयाउने कार्य ।

(ख) उल्लेखित कुनै काम गरी सर्वसाधारणको आवतजावत गर्ने वा भेला हुने काममा डर, त्रास,फैलाई आतकिंत गर्ने कुनै कार्य ।

(ग) उल्लेखित बमोजिमको उदेश्यको लागी उल्लेखित पदार्थ प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई वा त्यस्तो पदार्थ प्रयोग नगरी अन्य कुनै पदार्थ वा साधन प्रयोग गरी वा प्रयोग गर्ने धम्कि दिई

[12] ऐ.ऐ. दफा ६

कसैको जीउ ज्यान लिने, अंगभंग गर्ने, घाईते तुल्याउने वा अन्य कुनै प्रकारको क्षति गर्ने धम्कि दिई कुनै स्थान वा कुनै प्रकारको सवारी साधनमा कसैलाई जोरजुलुम गर्ने वा आतकिंत गर्ने वा त्यस्तो स्थान र साधनबाट वा त्यस्तो साधनद्धारा यात्रा गरीरहेका कसैलाई त्यस्तो साधन सहित वा साधनरहित अपहरण गर्ने वा त्यस्तो कार्यद्धारा आतकिंत तुल्याउने कार्य ।

(घ) उल्लेखित उदेश्यले कुनै प्रकारको हातहतियार वा बम वा विष्फोटक पदार्थ वा बिषालु पदार्थ उत्पादन गर्ने, वितरण गर्ने,संचय गर्ने, ओसारपसार वा निकासी पैठारी गर्ने, विकि गर्ने लिएर हिड्ने वा जडान गर्ने वा जानी जानी त्यस्तो कार्यमा सघाउ पुरयाउने कार्य ।

(ङ) उल्लेखित उदेश्यको निमित्त जवरजस्ती गरी नगदी वा जिन्सि उठाउने, सम्पती लुटपिट गर्ने कामलाई विध्वंसात्मक कार्य गनै निषेध गरीएको छ । [13]

आपराधिक लाभ (एक्सटर्सन) लिन नहुने

आपराधिक लाभ लीन वा लीन लगाउन निषेद गरेको छ ।आपराधिक लाभ लिनको लागी कसैले नियतपूर्वक कुनै व्यक्तिलाई निजको वा अरु कसैको जीउ ज्यान वा सम्पतीमा कसनै क्षति पुरयाउने डर त्रासमा पारी निजबाट बेईमानीपूर्वक आफ्नो वा अरु कसैको लागी नगदी, जिन्सि वा अन्य कुनै लाभ उठाएमा वा त्यस्तो लाभ उठाउने नियतले कुनै काम गरे वा गराएमा वा निजलाई कुनै काम गर्नबाट रोकेमा आपराधिकलाभ लिएको मानीने भनि कानूनी व्यवश्था गरेको पाईन्छ ।

क्षतिपूर्तिको व्यवस्था क्षतिपूर्ति भराई दिनु पर्ने

(१) यस ऐन बमोजिम कुनै कसूर गरी सरकारी, सार्वजनिक वा निजि सम्पतीको क्षति भएको रहेछ भने सो कसूर गर्ने वा गराउने व्यक्तिबाट क्षतिपूर्ति भराउनु पर्नेछ ।

(२) मुद्दाको किनारा गर्दा अदालतले उपदफा १ बमोजिम भराउनु पर्ने क्षतिपूर्तिको रकम समेत निर्धारण गर्नु पर्नेछ ।

(३) क्षतिपूर्ति निर्धारण गर्दा सम्पतीमा पुगेको वास्तविक हानी वा नोक्सानीलाई आधार मानी गर्नु पर्नेछ ।

(४) निर्धारण गरीएको क्षतिपूर्ति कसूरदारले भुत्तानीगर्नु पर्नेछ रनगरेमा निजको अंशभागमा पर्ने सम्पती लिलाम गरी असूल उपर गर्नु पर्नेछ ।

(५) असूल उपर हुन नसकेमा जरीवाना वापत प्रचलित कानून बमोजिम हुने अवधिसम्मको कैद हुनेछ । [14]

---

[13] ऐ.ऐ. दफा ७

[14] ऐ.ऐ. दफा ८

बिशेष अनुसन्धान टोली गठन गर्न सक्ने

(१) दफा ११ मा जुनसुकै कुरा लेखिएको भएता पनि संगठित अपराधको अनुसन्धान गर्नको लागी सम्बन्धित बिषयको विशेषज्ञ संलग्न रहेको अनुसन्धान टोली गठन गर्न उपयुक्त हुने देखिएमा नेपाल सरकारले महान्यायाधिवक्ता र प्रहरी महा निरीक्षकसंग परामर्श गरी त्यस्तो टोली गठन गर्न सक्नेछ ।

(२) गठन भएको अनुसन्धान टोलीलाई यो ऐन वा प्रचलित कानून बमोजिम अनुसन्धान अधिकारीलाई भएको अधिकार हुनेछ ।

(३) अनुसन्धान टोलीले अनुसन्धान पूरा गरेपछि अनुसन्धान प्रतिवेदन अनुसन्धान अधिकारीलाई बुझाउनु पर्नेछ (४) प्रतिवेदनको आधारमा अनुसन्धान अधिकारीले मुद्दाको अनुसन्धान गरी कारवाही गर्नु पर्नेछ । [15]

बिशेष अनुसन्धान पद्धती अपनाउन सकिन

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संगठित अपराधको अनुसन्धान गर्दा आवश्यकता अनुसार नियन्त्रित अनुसन्धान प्रविधि(कन्ट्रोल डेलिभरी) वा गुप्त कारवाही अनुसन्धान(अण्डर कभर अपरेशन) र यस्तै उपयुक्त अनुसन्धान पद्धति अपनाउन सकिनेछ ।

(२) संगठित अपराधको अनुसन्धान गर्नको लागी अनुसन्धान अधिकारीले अनवश्यकता अनुसार सुराकी प्रयोग गर्न सक्नेछ ।

(३) सुराकीको विवरण तोकिय बमोजिम गोप्य राख्नु पर्नेछ । [16]

हिरासतमा राख्न सकिने अवधि

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि संगठित अपराधको अनुसन्धानको लागीत्यस्तो अपराधको आरोप लागेको व्यक्तिलाई अनुसन्धानको प्रगतिको आधारमा अदालतको अनुमति लिई पटक पटक गरी साठी दिनसम्म हिरासतमा राख्न सकिनेछ । [17]

सम्पती रोक्का राख्न सकिने

(१) संगठित अपराध गरेको आरोप लागेको व्यक्तिले त्यस्तो अपराधबाट प्राप्त गरेको सम्पती कसैलाई हस्तान्तरण गर्न वा विकि वितरण गर्न वा कुनै उपायले लुकाउन वा परिवर्तन गर्न सक्छ भनि

[15] ऐ.ऐ. दफा १२

[16] ऐ.ऐ. दफा १३

[17] ऐ.ऐ. दफा १४

विश्वाश गर्नु पर्ने मनासिव कारण भएमा अनुसन्धान अधिकारीले त्यस्तो सम्पती कसैलाई हक हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा विक्रि वितरण गर्नबाट रोक लगाउनको लागी सम्बन्धित निकाय वा संस्थालाई आदेश दिनको लागी अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(२) निवेदन परेमा अदालतले त्यस्तो सम्पती कसैलाई हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा विक्रि वितरण गर्नबाट रोक लगाउने गरी सम्बन्धित निकाय वा संस्थालाई आदेश दिन सक्नेछ ।

(३) आदेश प्राप्त भएपछि त्यस्तो निकाय वा संस्थाले त्यस्तो सम्पती तुरुन्त रोक्का राखी सो को जनाउ अदालत वा अनुसन्धान अधिकारीलाई दिनु पर्नेछ । [18]

राहदानी रोक्का राख्न सकिने

संगठित अपराधको अनुसन्धानको सिलसिलामा सो अपराधको गम्भीरता,अपराध गर्दाको अवश्था,अपराधको मात्रा रसो अपराध ठहरेमा हसन सक्ने सजायलाईविचार गर्दा सो अपराधको आरोप लागेको व्यक्तिलाई राहदानी जारी नगर्न र निजका नाममा राहदानी जारी भै सकेको भए त्यस्तो राहदानी रोक्का गर्न आवश्यक देखिय अनुसन्धान अधिकारीलेत्यस्तो व्यक्तिलाई राहदानी जारी नगर्न वा निजका नाममा राहदानी जारी भई सकेको भए राहदानी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउनेछ । (२) उपदफा (१) बमोजिम लेखी आएकोमा सम्बन्धित निकायले त्यस्तो व्यक्तिको अनुसन्धान अधिकारीले अधिकार प्राप्त अधिकारीको अनुमति लिई त्यस्तो टेलिफोन, मोवाईल फोन वा संचार माध्यम निस्क्रिय गर्न वा फोन वा संचार सम्पर्क नहुने व्यवश्था गर्न सम्बन्धित निकाय,अधिकारी वा सेवा प्रदायकलाई आदेश दिन सक्नेछ । (२)उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो अधिकारी, निकाय वा सेवा प्रदायकले त्यस्तो टेलिफोन, मोवाईल फोन वा संचार निस्क्रिय गर्न वा संचार सम्पर्क नहुने व्यवश्था गर्नु पर्नेछ । [19]

सजायको मागदावीमा छुट दिन सकिने

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संगठित अपराधको अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको अपराध स्वीकार गरी सो अपराधका सम्बन्धमा प्रमाण जुटाउन तथा अन्य अभियूक्त वा त्यसको गिरोह वा मतियारलाई पकाउ गर्न प्रहरी, सरकारी वकिल वा अदालतलाई सघाउ पुरयाएमा र निजले पहिलो पटक संगठित अपराध गरेको देखिएमा त्यस्तो संगठित अपराधमा निजलाई हुने सजायमा पचहत्तर प्रतिशतसम्म छुट दिने गरी माग दावी लिई मुद्दा दायर गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि निजले गरेको सहयोग अन्य सवूद प्रमाणबाट प्रमाणित नभएमा वा निजले प्रहरी वा सरकारी वकीललाई गरेको सहयोग प्रतिकूल हुने गरी

[18] ऐ.ऐ. दफा १५

[19] ऐ.ऐ. दफा १७

अदालत समक्ष बयान दिएमा यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि निज उपर पुन मुद्दा दायर गर्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवश्थामा यस दफा बमोजिम सजायको मांग दावीमा छुट दिईन पाईने छैन ।

(क) मुख्य अभियूक्तलाई सजायको माग दावी छुट दिन,

(ख) कुनै संगठित अपराधमा कैद सजाय पाएकोमा कैद भुक्तान भएको तीन बर्ष पूरा नभएसम्म,

(ग) एक पटक सजाय छुटको सुविधा पाई सकेको भएमा । [20]

थप अभियोग लगाउन सकिने

कूनै व्यक्तिको विरुद्ध संगठित अपराधको मुद्दाको अभियोग पत्र दायर भई सकेपछि सोही अपराधको सम्बन्धमा अन्य व्यक्तिका विरुद्ध मुद्दा दायर गर्न वा त्यसरी मुद्दा दायर भई सकेको अभियूक्त विरुद्ध सोही अपराधमा वा अन्य कुनै कसूरमा थप अभियोग लगाई अदालतमा अभियोगपत्र दायर गर्न सकिने छ । [21]

श्रव्यदृश्य संवाद वा डोर मार्फत बुझ्न सकिने

संगठित अपराधको मुद्दाका सुराकी,उजुरीकर्ता वा कुनै साक्षीलाई बुझ्नु परेमा अदालतले श्रव्यदृश्य संवाद वा डोर मार्फत बुझ्न वा अभियूक्तले नदेख्ने गरी निजको बकपत्र गराउन वा निजको स्वर यान्त्रिक वा अन्य तरीकाबाट परीवर्तन वा रुपान्तरण गरी बुझ्न वा अदालत बाहेक अन्य कुनै स्थानमा साक्षी प्रमाण बुझ्न सक्नेछ ।

सुराकी, उजुरीकर्ता तथा साक्षीको संरक्षण सम्बन्धि बिषेश व्यवश्था

(१) संगठित अपराधको सुराकी गर्ने,उजुरी गर्ने वा सूचना दिने व्यक्तिले आफ्नो परीचय गोप्य राखी दिन अनुरोध गरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित निकायले निजको नाम,ठेगाना लगायत निजको परिचयात्मक विवरण गोप्य राख्नु पर्नेछ ।

(२) संगठित अपराधको मुद्दामा साक्षी रहेको कुनै व्यक्तिलाई अदालत समक्ष उपस्थित हुन वा अदालतमा बकपत्र गरीसकेपछि आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको सुरक्षामा खतरा रहेको छ भन्ने लागेमा निजले सो को कारण खुलाई आफ्नो वा आफ्नो परिवारको कुनै दृस्यको सुरक्षाको प्रबन्ध गरीदिन अदालत वा प्रहरी समक्ष निवेदन दिन सक्नेछ ।

---

[20] ऐ.ऐ. दफा २१

[21] ऐ.ऐ. दफा २२

(३) उपदफा (२) बमोजिम अदालतमा निवेदन परेको भए अदालतले त्यस्तो साक्षीको सुरक्षाको प्रबन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ र प्रहरीमा निवेदन परेको भए सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो व्यक्ति वा निजको परिवारको सदस्यलाई सुरक्षा उपलब्ध गराउनु पर्नेछ ।

(४) यस दफा बमोजिम उजुरीकर्ता,साक्षी वा निजको परिवारका सदस्यहरुको लागी त्यस्ता व्यक्तिको नाम, थर, वतन लगायतका परिचयात्मक विवरणलाई कुनै काल्पनिक वा सांकेतिकनाम दिई राख्नु पर्नेछ र अदालतले उपयुक्त ठहराएको विवरण तथा मुद्दा सम्बन्धि अभिलेखहरु गोप्य राख्ने वा मुद्दा मामिला सम्बन्धि अभिलेखबाट साक्षीको विवरण बाहेकको अंश मात्र सार्वजनिक गर्ने गरी आदेश दिन सक्नेछ ।

(५) यस दफा बमोजिम उजुरीकर्ता वा साक्षी वा तिनको परिवारको सदस्यहरुको संरक्षणको लागी अदालतले उपयुक्त ठहयाएमा विवरण तथा मुद्दा सम्बन्धि अभिलेखहरु गोप्य राख्ने वा मुद्दा मामिला सम्बन्धि अभिलेखबाट साक्षीको विवरण बाहेकको अंश वा भाग मात्र सार्वजनिक गर्ने गरी आदेश दिन सक्नेछ । (६)यस दफा बमोजिम सुराकी, उजुरीकर्ता वा साक्षी संरक्षण गर्ने सम्बन्धमा अपनाईएको कुनै बिषयका सम्बन्धमा कसनै अदालतमा प्रश्न उठाउन पाईने छैन । [22]

प्रमाण सम्बन्धि बिषेश व्यवस्था

(१) संगठित अपराध सम्बन्धि मुद्दामा विदेशी मुलुकको अदालत वा सो मुलुकको आधिकारीक निकायबाट संकलन गरीएको वा परीक्षण गरीएको सबुद प्रमाणलाई अदालतले प्रमाणमा लिन सक्नेछ ।

(२) सुराकी, अभियूक्त वा साक्षीको आफ्नै स्वरमा रहेको र सम्पादन,तोडमोड वा परिवर्तन गर्न नसकिने गरी रेकर्ड गरीएको कुनै सामाग्री वा फोटोलाई समेत अदालतले प्रमाणको रपमा ग्रहण गर्न सक्नेछ । [23]

हदम्यादको सिमा नभएको

संगठित अपराधको मुद्दा चलाउन हदम्याद लाग्ने छैन ।

न्यायीक कारवाहीमा अवरोध गर्न नहुने

(१) कसैले संगठित अपराधको न्यायीक कारवाहीको सिलसिलामा गरीने वा गरीएको कुनै काम कारवाहीमा वाधा अवरोध खडा गरी न्यायीक कारवाहीमा अवरोध गर्न वा गराउन हुदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागी कसैले देहायको कुनै काम गरेमा निजले न्यायीक कारवाहीमा अवरोध गरेको मानीनेछ ।

---

[22] ऐ.ऐ. दफा ३४

[23] ऐ.ऐ. दफा ३९

(क) कसैलाई मुद्दाको कारवाहीका सम्बन्धमा झूठो प्रमाण दिनको लागी साक्षीको रुपमा प्रस्तुत गर्ने वा झूठो प्रमाण पेश गर्न वा मुद्दाको कारवाही वा प्रमाण संकलनको कार्यमा मुद्दाको पक्ष वा साक्षी वा उजुरीकर्तालाई झूठो बयान वा बकपत्र गर्न वा गराउनका लागी कुटपिट वा आक्रमण गर्ने,डर,त्रास देखाउने वा धम्कि दिने वा कुनै प्रलोभन,अनुचित दवाव दिने वा अन्य कुनै तरीकाले अवरोध पुरयाउने ।

(ख) मुद्दाको कारवाहीका सम्बन्धमा कुनै साक्षीलाई अदालतमा उपस्थित हुन वा प्रमाणको संकलन वा प्रस्तुतीकरण गर्न वाधा अवरोभ गर्ने वा -ग) न्याय सम्पादन वा कानून कार्यान्वयन गर्ने अधिकारीलाई कुटपिट वा आक्रमण गर्ने,डर त्रास देखाउने वा धम्कि दिने वा अनुचित प्रलोभन दिने वा आफ्नो पदिय जिम्मेवारी पूरा गर्नबाट कुनै तरीकाले वाधा अवरोध पुरयाउने । [24]

कारोवारको विवरण माग्न वा कारोवार वा खाता रोक्का राख्न सकिने

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संगठित अपराधको अनुसन्धानबाट सो अपराधको आरोप लागेको व्यक्ति वा निजको परीवारको कुनै सदस्य वा सो अपराधमा संलग्न भएको छ भनि विश्वाशगर्नु पर्ने मानासिव कारण भएको कुनै व्यक्तिको कुनै बैंक वा वित्तिय संस्थामा कुनै कारोवार भएको वा खाता रहेको देखिएमा अनुसन्धान अधिकारीले त्यस्तो कारोवार वा खाताको विवरण माग गर्न वा त्यस्तो कारोवार वा अदालतको अनुमति लिई खाता रोक्का राख्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश भएमा सम्बन्धित बैंक वा वित्तिय संस्थाले सो आदेश बमोजिमको विवरण उपलब्ध गराउन र कारोवार वा खाता रोक्का राख्नु पर्नेछ । [25]

काल्पनिक वा साकेतिक नामबाट बयान वा बकपत्र गराउन सकिने

(१) संगठित अपराधको मुद्दाको सुराकी,उजुरीकर्ता वा साक्षीले आफ्नो नाम उल्लेख नगरी वा काल्पनिक वा सांकेतिक नामबाट बयान वा बकपत्र गर्न चाहेमा अदालतले त्यस्तो व्यक्तिको वास्तविक नाम नखुलाई सांकेतिक वा काल्पनिक नामबाट बयान वा बकपत्र गरी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बयान वा बकपत्र भएकोमा मुद्दाको सम्बन्धित मिसिल,आदेश वा फैसलामा सोही नाम उल्लेख गर्नु पर्नेछ । [26]

---

[24] ऐ.ऐ. दफा ५८

[25] ऐ.ऐ. दफा १६

[26] ऐ.ऐ. दफा ३५

जिरह सम्बन्धि विशेष व्यवस्था

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संगठित अपराधको मुद्दाको सुराकी, उजुरीकर्ता वा कुनै साक्षीलाई अभियूक्तले कुनै प्रकारको जिरह वा प्रश्न गर्न सक्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सुराकी,उजुरीकर्ता वा कुनै साक्षीलाई जिरह गर्न सक्ने गरी अदालतले आदेश दिएमा अभियूक्तको कानून व्यवसायीले श्रव्यदृश्य संवाद मार्फत वा अभियूक्तले निजलाई नदेख्ने वा निजको पहिचान गर्न नसक्ने, नदेख्ने र सुराकी, उजुरीकर्ता वा कुनै साक्षीले व्यक्त गरेको कुरा नसुन्ने गरी जिरह गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जिरह गर्ने कानून व्ययसायीले त्यस्तो सुराकी,उजुरीकर्ता वा साक्षीको नाम,थर, वतन लगायत परिचयात्मक विवरण र चिन्ह त्यस्तो अभियूक्त लगायत कसैलाई पनि कुनै पनि रुपमा प्रकट गर्नु हुदैन ।

(४) उपदफा (२) बमोजिम कानून व्यवसायीले गरेको जिरह अभियूक्तबाट नै भए गरेको मानीनेछ ।

(५) उपदफा (२) बमोजिम जिरह गर्ने कानून व्यवसायीले जिरह गर्नु अघि जिरह गरीने व्यक्तिको नाम,थर र वतन वा निजको तीन पुस्ते विवरण लगायतका कुनै पनि परिचयात्मक विवरण वा चिन्ह कुनै पनि प्रकारले अभियूक्त वा अन्य कसैलाई प्रकट नगर्ने गरी लिखित रुपमा अदालतले तोकेको ढाचामा न्यायाधीश समक्ष शपथ लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको शपथ नलिईकन त्यस्तो कानून व्यवसायीले सुराकी,उजुरीकर्ता वा कुनै साक्षीलाई सोधपुछ र जिरह गर्न सक्ने छैन ।(७) यस दफा बमोजिम जिरहको कार्यमा संलग्न कर्मचारीले पनि उपदफा (५) बमोजिमको विवरण अन्य कसैलाई प्रकट नगर्ने गरी लिखित रुपमा न्यायाधीश समक्ष शपथ लिनु पर्नेछ ।

बन्द इजलाशबाट कारवाही तथा सुनुवाई गर्न सकिने

(१) कुनै खास किसिमको संगठित अपराध सम्बन्धि मुद्दाको कारवाही तथा सुनुवाई बन्द ईजलाशबाट हुन निवेदन परी वा अदालत आफैले उपयुक्त ठानी आदेश दिएमा त्यस्तो मुद्दाको कारवाही तथा सुनुवाई बन्द ईजलाशमा हुनेछ ।

(२) उपदफा (१) बमोजिम बन्द ईजलाशमा मुद्दाको कारवाही तथा सुनुवाई हुदा मुद्दाका पक्ष विपक्ष निजहरुका कानून व्यवसायी र अदालतले अनसमति दिएका व्यक्ति मात्र त्यस्तो ईजलाशमा प्रवेश गर्न सक्नेछन । [27]

[27] ऐ.ऐ. दफा ३६

फरार रहेको व्यक्तिको सम्बन्धमा विशेष व्यवस्था

(१) संगठित अपराध गर्ने कुनै व्यक्ति पकाउ हसन नसकेको वा फरार रहेकोमा त्यस्तो व्यक्तिको नाममा पकाउ पूर्जि जारी भएको तीस दिनको भोलीपल्ट देखि निज अदालतमा उपस्थित नभएसम्म देहायका कुरामा देहाय बमोजिम हुनेछ ।

(क) त्यस्तो व्यक्ति नेपाल सरकार,संबैधानिक निकाय वा कुनै सरकारी कार्यालय,नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था,स्थानिय निकाय,शैक्षिक वा प्राज्ञिक संस्था वा अन्य कुनै सार्वजनिक संस्थाको बहालवाला पदाधिकारी वा कर्मचारी भए निज आफ्नो पदबाट स्वत निलम्बन भएको मानीनेछ ।

(ख) त्यस्तो व्यक्तिको नाममा रहेको सम्पती रोक्का राखीनेछ ।

(ग) त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम नागरिकताको प्रमाणपत्र,राहदानी वा जग्गाधनी प्रमाणपूर्जा आदि प्राप्त गर्नबाट रोक लगाईएको मानीनेछ ।

(घ) त्यस्तो व्यक्ति नेपाल बाहिर रहे बसेको जानकारी प्राप्त हुन आएमा वा नेपाल सरकार पक्ष रहेको सन्धि वा प्रचलित कानून बमोजिम सुपुर्दगी गर्न सकिने अवश्था रहेछ भने सो सम्बन्धि कारवाही र त्यस्तो अवश्था नभएमा कसूरको गम्भीरता हेरी निजलाई पकाउ गर्न कुटनैतिक माध्यम मार्फत सम्बन्धित मुलुक वा सम्बद्ध अन्तराष्ट्रिय संस्थालाई अनुरोध गर्न सकिनेछ ।

(२) उपदफ(१) बमोजिमको व्यवश्थालाई प्रभावकारी बनाउन अदालतले सम्बन्धित अधिकारी वा निकायलाई सोको सूचना दिनु पर्नेछ ।

(३) उपदफ (२) बमोजिमको सूचना प्राप्त भएमा सम्बन्धित अधिकारी वा निकायले सोही बमोजिम गरी सोको जानकारी अदालतलाई दिनु पर्नेछ । [28]

दोभाषे वा अनुवादक राख्न सक्ने

संगठित अपराधको मुद्दाको काम कारवाहीमा प्रयोग हुने भाषा अभियूत्तःले नबुझ्ने भएमा अदालतको अनुमति लिई निजले दोभाषे वा अनसवादक राख्न सक्नेछ । [29]

कानूनी सहायता उपलब्ध गराउन सक्ने

संगठित अपराधको मुद्दाको अभियूक्त कानून व्यवसायी नियूक्त गनै असमर्थ भएमा अदालतले निजको लागी वैतनिक कानून व्यवसायी उपलब्ध गराउनु पर्नेछ । [30]

---

[28] ऐ.ऐ. दफा ५२

[29] ऐ.ऐ. दफा ५४

[30] ऐ.ऐ. दफा ५५

छुटटै कानून व्यवशायी राख्न सक्ने

संगठित अपराधको मुद्दाको पूपक्षको सिलसिलामा सो अपराधकाट पिडित व्यक्तिले छुटटै कानून व्यवसायी मार्फत आफ्नो प्रतिनिधित्व गराउन चाहेमा निजले त्यस्तो कानून व्यवसायी राख्नसक्नेछ। [31]

मुद्दा परिणत गर्न सक्ने

संगठित अपराध मानी दायर गरीएको कुनै मुद्दामा प्रमाण बुझ्दै जांदा मुद्दा यस ऐन बमोजिम कारवाही र किनारा हुनु पर्ने नदेखिएमा प्रचलित कानूनमा जुनसुकै व्यवश्था भए तापनि अदालतले त्यस्तो मुद्दालाई प्रचलित कानून बमोजिमको मुद्दामा परिण्त गरी फैसला गर्न सक्नेछ।

मुद्दा हेर्ने अदालत भ्रष्टाचार, सम्पती सुद्धीकरण र आतंककारी क्रियाकलापमा वित्तिय लगानी सम्बन्धि मुद्दाको कारवाही र किनारा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालत र अन्य संगठित अपराध सम्बन्धि मुद्दाको कारवाही रकिनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ। [32]

कारोबारको विवरण माग्न वा कारोवार वा खाता रोक्का राख्न सकिने

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संगठित अपराधको अनुसन्धानबाट सो अपराधको आरोप लागेको व्यक्ति वा निजको परिवारको कुनै सदस्य वा सो अपराधमा संलग्न भएको छ भनि विश्वाश गर्नु पर्ने मनासिव कारण भएको कुनै व्यक्तिको कुनै बैंक वा वित्तिय संस्थामा कुनै कारोवार भएको वा खाता रहेको देखिएमा अनुसन्धान अधिकारीले त्यस्तो कारोवार वा खाताको विवरण माग गर्न वा त्यस्तौ कारोवार वा अदालतको अनुमति लिई खाता रोक्का राख्न आदेश दिन सक्नेछ। [33]

---

[31] ऐ.ऐ. दफा ५६

[32] ऐ.ऐ. दफा ५७

[33] ऐ.ऐ. दफा १६

परिच्छेद ७

संगठित अपराध सम्बन्धमा सर्बोच्च अदालतको दृष्टिकोण (न्यायीक व्याख्या)

संगठित अपराधको प्रकृति सामान्य अपराध भन्दा पृथक हुन्छ । अपराधमा यी दुबै प्रकृतिलाई एउटै दृष्टिले हेर्न सकिन्न । बृहत योजना र विस्तारित तयारीका साथ सम्पन्न हुने स)गठित अपराधमा धेरै व्यक्तिको बेग्ला बेग्लै भूमिका हुन्छ । पृथक पृथक व्यक्तिको फरक फरक कार्यले एउटा संगठित अपराध सम्पन्न हुन्छ । ने.का.प.२०६७ अंक २ नि.नं. ८३२१ अनिल कुमार श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार विरुद्ध मदन शर्मा समेत [34]

गैडा मारी गैडाको खाग तस्करी गर्ने उदेश्यले आपसमा सल्लाह गरी नियोजित रुपमा योजना बनाई गरेको कार्यसंगठित अपराधको रुपमा घटाएको देखिने । यस्तो कार्यमा संगठित समूह संलग्न भएको देखिदा प्रस्तुत वारदात संगठित अपराधको एउटा कडीको रुपमा हेर्न सकिने । यस्तो संगठित अपराधमा संलग्न प्रतिवादीहरुको कसूरलाई हासिल गर्न भाहेको उदेश्य र असरका आधारमा हेर्नु न्यायीक दृष्टिमा उपयुक्त हुने ।

ने.का.प. २०६९ अंक ३ नि. नं.८७८४ [35]

कतिपय संगिन प्रकृतिका फौज्दारी अपराधमा पिडितले समाजमा व्यहोर्नु पर्ने क्षति अपराधकाट समाजलाई पुग्न जानै असर तथा अपराधलाई निरुत्साहित गर्न साज्यलृ निर्वाह गर्नु पर्ने नियन्त्रणकारी भूमिका समेतलाई मध्यनजर गरी प्रमाणको भार आरोपितलाई नै सार्ने गरी कठोर कानूनी व्यवश्था गर्नु परेको हो ।

अपराधमा संलग्न पक्ष पेशेवर हुन सक्ने र अपराध बडो योजनाबद्ध एंव संगठित तरीकाले गर्न सक्ने र कतिपय संगटित आपराधिक समूहको संलग्नतामा समेत अपराध हुन सक्ने भएकोले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थितिको आंकलन गरेर बिधायिकाले कानूनको निर्माण गरेको हो । [36]

ने.का.प. २०७२ अंक १ नि.नं.९३३३ गोमा पाचाकोटी विरुद्ध नेपाल सरकार, मुद्दा मानव बेचविखन

संगठित रुपमा गरीने अपराध को कसको साथबाट बरामद भएको भन्ने कुराले त्यति महत्व राख्दैन ।दुई वा दुई भन्दा बढी व्यक्तिहरुको व्यक्तिगत सम्बन्धका आधारमा श्रेणीबद्ध रुपले अपराधमा संलग्न भई यस्ता अपराध हुने गर्दछन ।

[34] ने.का.प.२०६७ अंक २ नि.नं. ८३२१

[35] ने.का.प.२०६९ अंक ३ नि.नं. ८७८४

[36] ने.का.प.२०७२ अंक १ नि.नं. ९३३३

आपराधिक कार्यमा संलग्न भएका व्यक्तिहरुको मुनाफा आर्जन गर्ने वा प्रतिफल गर्न सामूहिक उदेश्य रहन वान्छ ।साथै प्रकृतिका अपराधमा कसैलाई क्षति पुरयाउने वा हानी नोक्सानी गर्ने उदेश्य भन्दा पनि आपराधिक लाभ प्राप्त गर्ने योजना साथ सम्पन्न भएका हुन्छन ।

लागू औषधको ओसार पसार रकारोवार कुनै व्यक्ति बिषशको प्रयासबाट मात्र सम्पन्न हुने नभई लागू औषधको संचयकर्ता, खरिदकर्ता,ओसार पसार गर्ने र विकि वितरणका व्यवश्था मिलाउने व्यक्तिसम्मको संगठित समूहबाट सम्पन्न हुने गर्दछ ।

यस्ता किसिमका अपराधबाट प्राप्त मुनाफा गर्न सकिने भएको हुनाले संगठित अपराधिक समूहले यस्तो प्रकृतिको अपराध गर्ने । [37] ने.का.प. २०७२ अंक ८ नि.नं.९४५३

अपराध गर्दा अपनाईएको तरीका र अपराधको प्रकृति हेर्दा अपराधी पूर्ण सचेत,सावधान रहि नियोजित र संगटित रुपमा आफ्नो आपराधिक कार्य योजनालाई पूर्णता दिएको देखिन्छ। यस्तो अवश्थामा अभियोजन पक्षद्धारा प्रस्तुत अप्रत्यक्ष प्रमाण र खास गरी परिस्थितिजन्य प्रमाणको आधारमा नै अपराधीसम्म पुग्नु पर्ने र त्यस्तो प्रमाणको आधारमा कसूरदार देखिन आएको अभियूक्तलाई सजाय गर्नु पर्ने । [38] चाल्स गूरुमुख शोभराज विरुद्ध नेपाल सरकारभएको कर्तब्य ज्यान

परिच्छेद ८

सरकारी वकीलको भूमिका

- संगठित अपराध सम्बन्धि अवधारणा बारे स्पक्ष्ट हुनु पर्ने ।
- संगठित अपराधको अनुसन्धानलाई प्रभावकारी बनाउने ।
- अनुसन्धानकर्तालाई बेलाबेलामा सो सम्बन्धमा निर्देशन दिने ।
- अभियोजन प्रभावकारी बनाउन सरकारी वकीलले कसूरको आधारमा सजायको माग दावी लिदा प्रमाणहरुको विश्लेषण गरी सजायको दावीमा छुट थप के कसो गर्नु पर्ने हो सो अभियोग लगाउने बिषयलाई अध्ययन गरी हेर्नु पर्ने ।
- यस्तो अपराध सम्बन्धि मुद्दाको सुनुवाईमा अलग कार्यविधिको अवलम्बन गर्नु पर्नेमा ध्यान दिनु पर्ने ।
- मुद्दा दायर गर्ने क्षेत्राधिकार बारे प्रक्ष्टता रहनु पर्ने ।
- सम्बन्धित जिल्ला अदालतलाई मुद्दा हेर्ने क्षेत्राधिकार रहेको छ,छैन हेर्नु पर्ने ।
- अपराधमा सामूहिक संलग्नता रहेको बिषय र संगठित अपराध बिचको भिन्नतामा स्पष्टता हुनु पर्ने ।

[37] ने.का.प.२०७२ अंक ८ नि.नं. ९४५३

[38] चाल्स गुरुमुख शोभराज विरुद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान ।

परिच्छेद ९

संगठित अपराध -निवारण) ऐन २०७० को प्रयोगको सम्बन्धमा देखिएका कठिनाईहरु

- संगठित अपराधको अवधारणमा अनुसन्धानकर्ता र अभियोजनकर्तामा एकरुपता र अस्पष्टता रहेको ।
- कुनै अपराधमा तीन बर्ष वा सो भन्दा बढी कैद हुने र ३ जना वा सोभन्दा बढी व्यक्ति संलग्न भएमा संगठित अपराध हुने बुझाई रहेको देखियो ।
- परम्परागत अनुसन्धान विधिको नै प्रयोग हुने गरेको कारण यसको सफल अनुसन्धान हुन नसकेको ।
- संगठित अपराध र सामूहिक रुपमा गरीने अपराध बिचको फरक प्रष्टता हुन नसकेको ।
- मुद्दा हेर्ने क्षेत्राधिकार बारे समस्या रहेको ।
- अभियोजनकर्तामा यस सम्बन्धि अवधारणगत अस्पष्टताका कारण अभियोजनको कार्य कमजोर रहेको अवश्था ।
- सरोकारवाला बिच समन्वय र सहकार्य को अभाव रहेको ।
- संगठित अपराध नियन्त्रणको ठोस रणनीतिक को अभाव रहेको पाईन्छ ।

परिच्छेद १०

समस्या सामाधानको उपायहरु

- संगठित अपराध सम्बन्धि अवधारणमा स्पष्टता र बुझाईमा एकरुपता हुनु पर्ने, कानूनमा स्पष्ट आवश्यक रहेको
- अनुसन्धान र अभियोजनलाई दरो बनाउन दक्ष विशिष्टीकृत जनशक्ति तयार गर्ने बिषेशज्ञको सहायतामा जोड दिने ।
- संगठित रुपमा अपराध भएको पुष्टी गरेर मात्र संगटित अपराधमा अभियोजन गर्नु पर्ने।
- राज्यका सबै निकायहरु प्रहरी, सरकारी वकील, राजश्व, आन्तरीक सुरक्षा निकाय बिच समन्वय कायम हुनु पर्ने ।
- अनुसन्धानकर्ता र अभियोजनकर्तालाई विशिष्टीकृत गर्नु पर्ने ।
- कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिने ।
- अनुसन्धान र अभियोजन गर्ने निकायको सुदृढीकरण गरी श्रोत साधनको व्यवश्था गर्नु पर्ने ।
- पारस्परिक कानूनी सहायता सम्बन्धि कानूनलाई आदानप्रदानमा जोड दिई सन्धि सम्झौता गर्नु पर्ने देखिन्छ ।

उपसंहार

आधुनिक विश्वमा दिनदिनै बढ्दै गएको विश्वव्यापीकरण,यातायात,संचार प्रविधिको विकाश ,आर्थिक क्रियाकलापको विविधता विज्ञान रप्रविधिको नविनतम खोज को साथसाथै संगठित अपराध मा पनि नया नया रुपमा विकसित हुदै र फैलिदै गएको पाईन्छ ।पछिल्ले समयमा संगठित अपराधको प्रकृति केवल राष्ट्रिय सिमा भित्र मात्र सिमित नरही अन्तरदेशिय प्रकृतिको संगठित अपराधहरुले बढ्दो रुप लीई रहेको छ ।संगठित अपराध कुनै एक क्षेत्रमा मात्र सिमित नरही आर्थिक क्षेत्रका हरेक क्रियाकलापहरु घरजग्गा व्यवसाय ,लागू औषध, रकम असुली ठेक्कापटटा, भाडामा ज्यान लिने कार्य,फिरौती असुली, सम्पती सुद्धीकरण,उधोग व्यवसाय, शिक्षा, स्वास्थ्य लगायतका विभिन्न क्षैत्रमा फैलिदै गएको पाईन्छ । भ्रष्टाचार गर्ने कर्मचारी,
व्यापारी,राजनीतिज्ञको रसहयोगसंगठित अपराधी तथा त्यस्तो संगठनलाई सदैव आवश्यक पर्ने भएको ।आवश्यकता अनुसार त्यस्तो भ्रष्ट व्यक्तिहरुको नजिक हुन र प्रभावमा पार्न हुन्छनपैसा लोभलालच धाक धम्कि शक्ति लगायतका आवश्यकताअनुसारको उपायहरुको प्रयोग गरेको पाईन्छ । यसको अतिरिक्त देशको फौज्दारी न्याय प्रणालीलाई समेत प्रभाव पार्न फौज्दारी न्याय प्रणालीमा संलग्न रहेका अधिकारीहरु,अनुसन्धान अधिकारीहरुलाई र अभियोजनकर्तालाई समेत प्रभावमा पारी आफ्नो स्वार्थ पूरा गर्न सदैव यस्तो संगठित अपराधी र संगठित समूहहरु क्रियासिल रहको हुन्छन ।

नेपालमा पछिल्लो चरणमा मौलाउदै गएकोमा संगठित अपराधले कानूनी शासनलाई त धाराशाही बनायो नै यसको अतिरिक्त बढ्दते आर्थिक अपराध समाजमा सामाजिक सुव्यवश्थामा ह्रास शानती र सम्मुनतीमा संकट पर्नुको साथै समग्र न्याय प्रणालीमा समेत असर पुरयाई रहेको पाईन्छ ।यस प्रकारको अपराधलाई नियन्त्रण र निषेद गर्नको लागी संगठित अपराध -निवारण) ऐन, २०७०जारी भै लागू रहेको भएता पनि संगठित अपराधको नियन्त्रण र निषेध गरी संगठित अपराधको निवारण गर्नको लागी ढिलै भए पनि उक्त कानून लाई सकरात्मक कदमको समयले नै बताउनेछ ।संगठित अपराधको पहिचान, प्रतिरोध रनियन्त्रणका लागी केवल ऐन आफैमा प्रयाप्त होईन बरु देशको समग्र फौज्दारी न्याय प्रणाली अर्थात अनुसन्धान अधिकारी, अभियोजनकर्ता, न्यायालय र फैसला कार्यान्वयन गर्ने निकाय सबै सक्षम हुनु पर्दछ । संगठित अपराधीलाई एक आपसको क्षेत्रमा पक्राउ गरी सुपुर्दगी गर्ने, पारस्परिक कानूनी सहायता प्रदान गर्ने,अपराधबाट आर्जित सम्पतीक जफत तथा फिर्ता गर्ने,सूचनाहरुको आदान प्रदान गर्ने लगायतका बिषयहरुमा अन्तराष्ट्रिय स्तरमा नै सहयोगको आदान प्रदान हुन जरुरी रहेको छ । नेपालमा संगठित अपराधमा संलग्न अपराधीहरु बंगलादेश,भारत खाडी मुलुकहरु लगायतका मुलुकहरुमा रहै भएको पाईएको हुदा पारस्परिक सहयोग रसुपुर्दगी सम्बन्धि कानूनी रुपमा आवश्यक सन्धि संझौताहरु समेत सम्पन्न गरी प्रभावकारी कार्य गर्न सकेमा मात्र संगठित अपराध को धेरै हदसम्म नियन्त्रण गर्न सकिनेछ ।

सन्दर्भ सामाग्रीहरु

नेपालको संबिधान, (२०७२)

संगठित अपराध -निवारण) ऐन, २०७०

पारस्परिक कानूनी सहायता सम्बन्धि ऐन, २०७०

सुपुर्दगी ऐन, २०७०

UN Convention on Transnational Organized Crimes 2000

US Organized Control Act,1970

German Criminal Code 1993

Interpole

नेपाल कानून पत्रिका

संगठित अपराध सम्बन्धि जानकारी, एक परीचय

कार्यपत्र : ४, नेपालमा संगठित अपराध र सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानूनको कार्यान्वयनमा देखिएका चुनौतिहरु

*कृष्णराज पन्त

१.१ संगठित अपराध

समाजको विकास सँगै अपराधको प्रकृति र अपराध गर्ने प्रक्रियामा समेत नयाँ शैलीहरु अवलम्वन हुँदै आएको पाइन्छ। विज्ञान र प्रविधिको विकासले मानिसको जीवनस्तरमा परिवर्तन ल्याएको छ भने यातायात र संचारको विकासले समस्त विश्व नै एक गाउँ (Global Village) को रुपमा स्थापित भई रहेको छ। वर्तमान समयमा परम्परागत शैलीका अपराध तथा त्यस्ता अपराधमा फरक र नयाँ शैलीबाट आर्थिक, व्यापारिक, क्रियाकलापहरुको सञ्चालन तथा सो मा प्रविधिको र संचारको प्रयोग गरी समन्वयात्मक रुपमा र विभिन्न तहबाट विभिन्न अपराधिक क्रियाकलाप सञ्चालन गर्दै संजाल निर्माण र संगठित हुने बिषयमा परिवर्तन हुदै आएको पाइन्छ। लागू औषधको अबैध कारोबार, तस्करीजन्य कार्यहरु, मानव बेचविखन,आतंकवाद अबैध रुपमा आर्जन गरेको सम्पत्तिको शुद्धिकरण (Money Laundering) नक्कली मुद्राको प्रचलन, बैंक तथा वित्तिय कारोबारमा धोका (Fraud) भ्रष्टाचार जस्ता अपराधहरु बढ्दो रुपमा देखिन थालेका छन्। साथै यस्ता अपराध अन्तरदेशीय (Transnational) संगठित (Organize) रुपमा रहेको पाइन्छ । संगठित अपराध नियोजित एवं योजनाबद्ध रुपमा हुने गर्दछ। एउटा अनुमान अनुसार विश्वव्यापी रुपमा संगठित अपराधबाट १० खर्ब अमेरिकी डलर बराबरको आर्जन हुने जनाइएको छ।[१] यसरी बढ्दै गइरहेको संगठित तथा संजालयुक्त

---

* जिल्ला न्यायाधिवक्ता, जि.स.व.का. म्याग्दी, संवैधानिक कानुनमा स्नानकोत्तर, त्रि.वि.वि, नेपाल

[१] पौडेल, केदार, "संगठित अपराध सम्बन्धी जानकारी, संगठित अपराध एक परिचय, स्रोत सामग्री, राष्ट्रिय न्यायिक प्रतिष्ठान, ललितपुर, नेपाल, २०६८, पृ.७

आर्थिक कृयाकलाप तथा आर्थिक फाइदा हुने गरी भइरहेको आपराधिक गतिविधिलाई नियन्त्रण गर्न अन्तराष्ट्रिय, अन्तरदेशीय र राष्ट्रिय रुपमा कानुनको अपराधीकरण गर्दै फौज्दारी कानूनको तर्जुमा तथा कार्यन्वयन गरिदै आएको पाइन्छ ।

१.२ संगठित अपराधको अवधारणा र परिभाषाः

संगठित अपराधको पृथक परिभाषा गर्न जटिल छ । यसको परिभाषामा जटिलता आउनुको कारण संगठित अपराध कुनै निश्चित छुट्टै अपराधको रुपमा अध्ययन गर्ने भन्ने र संगठित प्रकृतिबाट भएका अपराध गर्ने तौर तरिका (Modus OPerendi) का आधारमा संलग्न संगठनहरुलाई वा सो गर्ने गराउने व्यक्तिहरुलाई समेटी परिभाषित गर्ने भन्ने बारेमा फरक फरक धारणा रहुन नै हो । "संगठित अपराध" भन्ने शब्द सन १९१९ मा वकिल, व्यापारी र संचालकहरुद्वारा स्थापित शिकागो अपराध आयोग (Chicago Crime Commission) ले पहिलो पटक प्रयोगमा ल्याएको थियो । यस आयोगले शिकागोमा भएको अपराधको समस्या र फौजदारी न्याय प्रणालीको विकास र परिवर्तन गर्नका लागि सहयोग पुऱ्याउने दौरानमा संगठित अपराध शब्द प्रयोगमा ल्यायो । तथापि शिकागो अपराध अयोगले संगठित अपराधिक संगठनलाई नभई लगभग १० हजार पेशेवर अपराधीलाई अपराधिक श्रेणीमा राख्न संगठित अपराध शब्द प्रयोगमा ल्याएको थियो ।[२] संगठित अपराध भन्ने शब्दावली जुन अमेरिकाले सन् १९६० र १९७० को दशकमा प्रयोग गरे सो समान रुपमा अन्यत्र प्रयोग गरिएको छैन । उदाहरणार्थ युरोपमा सन् १९८० को दशकको अन्त्यसम्म पनि विभिन्न मुलुकहरुले यो अवधारणालाई आत्मसात गर्न सकेनन् तर १९९० को दशकमा गएर भने परिवर्तन

[२] Tripathi, Rebati Raj and Bhandari Somkant (2016) An Assesment of Legal framework to combatorgansed crime in Nepal, presecation journal (vol. 3) Kathmandu office of the Attorney general, Nepal P.58 उदधृत, लामा डा. कुङसाङ, "संगठित अपराधको अवधारणा," नेपालका सरकारी वकीहरुको राष्ट्रिय सम्मलेन विशेषांङ्ग, सिंहदरबार, काठमाडौं, २०७५,पृ. १८७

आयो र अन्तराष्ट्रिय कानूनको बढ्दो प्रभावको कारण विभिन्न मुलुकमा संगठित अपराधको प्रतिरोध गर्ने सन्दर्भमा कानूनहरु बन्न थाले।[३]

संगठित अपराधको परिभाषा गर्दा Organized Crime is category of transnational, national of local groupings of highly centralized enterprise run by criminals who indented to engage in illegal activity, most commonly for profit.भन्ने उल्लेख गरेको पाइन्छ । यस परिभाषाले संगठनात्मक र गैरकानूनी कार्य जुन आर्थिक नाफाको उद्देश्यले गर्ने अपराधको प्रकारको रुपमा उल्लेख गरेको देखिन्छ।[४]

UN Convention Against Transnational Organized Crime 2006. df Organized Criminal group को उल्लेख गर्दै A Structured Group of three or more persons, existing for a period of time, and acting in concert with the aim of aim of committing one or more serious Crimes of offense established in according with this convention in order to obtain directly or indirectly a financial or other material benefit[५] भन्ने उल्लेख गरिएको छ । यस महासंधिका आधारबाट हेर्दा संगठित समुह, तिन वा वढि मानिसको संलग्नता, संगठन वा समुहको अस्तित्व, आर्थिक वा अन्य फाइदा एक वा वढि अपराध गरेको अवस्था विद्यमान भएको कसुर अपराध नै संगठित अपराधको रुपमा उल्लेख गरेको देखिन्छ।

नेपालको सन्दर्भमा हेर्दा संगठित अपराध निवारण ऐन २०७० ले अपराधीक समुहको लागि, अपराधीक समुहको निर्देशनमा अपराधिक समुहको तर्फबाट, अपराधिक समुह संस्था मिलेर वा अपराधिक

---

[३] भट्टराई, डा. आनन्द मोहन अन्तरदेशीय संगठित अपराधः प्रभावकारी प्रतिरोधात्मक उपायहरु, संगठित अपराधः एक परिचय राष्ट्रिय न्यायीक प्रतिष्ठान हरहर भनव काठमाण्डौ,२०६८ पृ.६

[४] https://enwikiedia.org/wiki/orgazized-crime visited on 2075/3/21

[५] United nations Convention Against trans National Organized Crime, 2000, Article 2(a)

समुहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भिर अपराध गरेमा संगठित अपराध गरको मानिने छ [६] भन्ने व्यवस्था गरको छ। यसका साथै अपराधिक समुहको परिभाषा गर्दै प्रत्यक्ष वा परोक्ष रुपमा परिच्छेद २ मा उल्लेखित संगठित अपराध गर्ने उद्देश्यले नेपाल भित्र वा नेपाल बाहिर रहे भएको संगठित वा असंगठित तिन वा तिन भन्दा वढि व्यक्तिहरु समुह [७] भनि विस्तृत गरेको पाइन्छ। यसैगरी संगठित अपराध अन्तर्गत प्रचलित कानून बमोजिम तीन वर्ष भन्दा बढि कैद सजाय हुने कसुर, परिच्छेद ३ बमोजिमको कुनै कसुर र प्रचलित कानून बमोजिम भ्रष्टाचार वा सम्पत्ति सुद्दिकरण वा आतंककारी कृयाकलापमा वित्तिय लगानी मानिने कसुर[8] समेतलाई संगठित अपराको रुपमा उल्लेख गरको छ। यसैगरी परिच्छेद ३ मा उल्लेखित अपराधिक समुह स्थापना गर्ने कार्य, न्यायीक काम कार्वाहीलाई अवरोध गर्ने कार्य, विश्वसात्मक कार्य, अपराधीक लाभ (एक्सटर्सन) लिने कार्यलाई संगठित अपराधको रुपमा उल्लेख गरिएको छ।

१.३ संगठित अपराधका विशेषताहरु

संगठित अपराध अन्य परम्परागत अपराध भन्दा केही फरक र अपराध गर्ने शैलिमा नयाँ तौर तरिका अपनाउने गरिएको देखिएको छ । अपराधमा समूहको संलग्नता, अपराध गर्ने शैली, अपराधमा सूचना प्रविधिको प्रयोग, अपराधबाट प्राप्त सम्पत्तिको शुद्धिकरण गर्ने कार्य जस्ता प्रवृत्ति र विशेषता रहेको पाइन्छ। संगठीत अपराध अपराधिक समूह वा सगठनको प्रतिबद्धता, ज्ञान शिपको विशिष्टिकरण गरी शक्तिको प्रयोग तथा कार्यको समष्टीगत परिणाम हो भनिन्छ। यसमा मूलत निम्न अनुसारको तिन विशेषता पाइन्छ।[९]

१. अपराधीक समूह (Criminal Group)

---

[६] संगठित अपराध निवारण ऐन, २०७० को दफा ३(२)

[७] ऐ. दफा २ (घ)

[८] ऐ. दफा ३(३)

[९] पूर्व पाद टिप्पणी १ – पेज ३

२. संरक्षक (The Protector)

३. यसलाई सहयोग पुर्याउने संस्थागत व्यवसाय (Organized Crime Support)

अपराधिक समूह: सांगठीत अपराधीक समूह निरन्तर रुपमा रहने, नेतृत्व परिवर्तन हुने, तहगत संरचना (Hierachy and structure) रहने, विभिन्न परिक्षण गरी सदस्यता प्रदान गर्ने त्यस्तो समूहले धाक धम्की आक्रमण झै झगडा (Violence) नाफा कमाउने यसको प्रमुख उद्देश्य रहने हुन्छ।

संरक्षक; संगठित समूहले समाजमा उच्च आदेश तथा पदिय हैसियत रहेका व्यक्तिहरुबाट नेतृत्व प्राप्त गरी संजालद्वारा अपराधीक कार्य संचालन गर्दछ।

संस्थागत अपराधीक सहयोग ; संगठित अपराधीक समूहले तथा विशेषज्ञहरुको सहयोग लिने जस्तै, वैज्ञानीक, इञ्जीनियर, हाइज्याकर Shooter (गोली हान्ने) जस्ता व्यवसायीक व्यक्तिहरु र समाजमा रहेका प्रतिष्ठित नेता सरकारी कर्मचारी समाजसेवी मार्फत सहयोग प्राप्त गरी अपराधीक गर्न गर्ने गर्दछन्।

१.४ संगठित अपराधिका प्रमुख क्षेत्रहरु

संगठित अपराधिक समूहले आफ्ना अपराधीक क्रियाकलपा गरेको वा मूख्य अपराधीक गतिविधिका रुपमा आर्थिक लाभ हुने क्षेत्रहरु संलग्नता रहेको देखिन्छ।[१०]

- मानव वेचविखन
- लागु औषध कारोवार
- प्रतिबन्धित सामानहरुको ओसारपसार
- सम्पत्ति शुद्धिकरण

[१०] कटुवाल राजेश कुमार "संगठीत अपराध" न्याय प्रशासनका आयामहरु, सोपान मासिक, डिल्लीबजार, सम्पादन श्यामकुमार भट्टराई, २०७५ पृ. ५७४

– वस्तु र सेवामा एकाधिकार र मिलोमतो

– भ्रष्टाचार

– विद्युतिय अपराध

– अपहरण शरिर बन्धक

– फिरौती असुली

– बैंक घोटाला, इत्यादि ।

१.५ संगठित अपराध र आर्थिक अपराधहरु

संगठित अपराधीक समूहको प्रमुख उद्देश्य आर्थिक लाभ (Financial Benefit) लिनु नै हो । अपराध गर्ने व्यक्तिहरु वा समूहले गैर कानूनी गतिविधिबाट अर्थोपार्जन गर्ने र सो प्राप्त गरेको सम्पत्तिलाई कानूनी वा वैध आयका रुपमा परिवर्तन गरी सम्पत्तिलाई वैधता प्राप्त गर्ने प्रकृया अपनाउने गर्दछन । विभिन्न वित्तिय संस्था वा बैंकहरुमा रकम जम्मा गर्ने, घर जग्गा कारोवार गर्ने, मूल्यवान सुन लयागतका वस्तुहरुको कारोवार गर्ने उद्योग व्यवसाय मा लगानी गर्ने आदि जस्ता माध्यमहरुका गैर कानूनी कार्यबाट आर्जित आय उक्त क्षेत्रमा लगानी गरी त्यसको प्रतिफल लिने गरीन्छ । यसरी आर्थिक अपराध र संगठित अपराध एक आपसमा पूर्ण अन्तरसम्बन्धित छन् । आर्थिर्क अपराधको विभिन्न स्वरुपमहरु मुद्रा शुद्धिकरण, करछली ठगी, जाली नोट प्रचलन, हातहतियार, मानव ओसारपसार तथा लागु पदार्थ अवैधकारोवार, विद्युतिय अपराध, बौद्धीक सम्पत्ति चोरी, भ्रष्टाचार, वित्तिय तथा बैकिङ अपराधहरु संगठित समूहद्धारा गरीने आर्थिक अपराधहरु हुन् । सम्पती शुद्दिकरण खास गरी ब्यक्तीगत वा सांगठनिक रुपमा हुने आतंककारी क्रियाकलापमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आर्थिक सहयोग गर्ने कार्यलाई आतंककारी क्रियाकलापमा बित्तीय लगानी गरेको मानिन्छ । नेपालमा यस्ता अपराधहरुको प्रभावकारी रुपमा नियन्त्रण गर्न बिशेष कानूनको अवधारणागत बिकास भएको छ ।

२. सम्पत्ति शुद्धिकरण अपराध

सामान्यतया सम्पत्ति शुद्धिकरणको अर्थ, अवैध वा गैरकानुनी कार्य गरी अवैध वा गैरकानुनी स्रोतबाट आर्जित सम्पत्तिलाई बैध वा कानून सम्मत बनाउने कार्य नै सम्पत्ति शुद्धिकरण हो। यस अन्तर्गत गैरकानूनी एवं अपराधीक कार्य वा र कसुर गरी आर्जन गरेको सम्पत्तिको आम्दानीको स्रोत लुकाउने,छिपाउने प्रकृती बदल्ने र फरक फरक वित्तिय कारोवारको माध्यमबाट वैधता सृजना गरी सम्पत्तिलाई शुद्ध (White Money) बनाउने प्रयास भएको हुन्छ। अर्को शब्दमा भन्नु पर्दा कानून द्धारा निषेधित उपायहरु अवलम्वन गरी आर्जन गरेको कुनै पनि सम्पत्तिलाई विभिन्न तरिकाहरुबाट बदलेर शुद्ध वा चोखो बनाउने प्रयास नै सम्पत्ति शुद्धिकरण हो।

सम्पत्ति शुद्धिकरणको कसुर विश्वव्यापीकरणको प्रभावले राज्यको सीमाना भित्र मात्र सिमीत नभई अन्तरदेशीय एवं अन्तराष्ट्रिय स्तरमा विस्तार हुदै गइरहेको छ। यसरी आर्थिक प्रकृतिका अपराधहरुमा संगठित सञ्जाल वा समूहको संलग्नता रहने र त्यसमा नविन प्रविन्तिहरु देखापरेको पाइन्छ।

सम्पत्ति शुद्धिकरणको शुरुवात तर्फ हेर्दा शताब्दी पहिले देखि मुद्धा निर्मलीकरण हुदै आएको भए पनि मुद्रा निर्मलीकरण (Money Laundering) शब्द सन् १९७० को दशकमा सम्पत्ति राज्य अमेरीकाबाट प्रचलनमा आएको मानिन्छ। हाल यो समस्याबाट विचका प्राय जसो मुलुक आक्रन्त रहेको मानिएको छ।[११] यसरी सम्पत्ति सुद्धिकरणको कसुरलाई नियन्त्रण गर्न विशेष कानून संस्थागत संरचना र मापदण्डहरुको महसुस गर्दै संयुक्त राष्ट्रसंघ, विश्ववैंक, एसियाली विकास बैंक मुद्रा कोष र Financial Action Task Force 1989, Egment Group, UN Convention against Transnational organized crime 2000 तथा अन्य निकायहरुले संयुक्त रुपमा एकीकृत अन्तराष्ट्रिय मापदण्ड वनाई कसुर परिभाषित गरी अपराधीकरण

[११] शर्मा पौडेल, अन्तराष्ट्रि संगठित अपराध र भ्रष्टाचार लगायतका आर्थिक अपराध, संगठीत अपराध एक परिचय राष्ट्रिय न्यायिक प्रीतष्ठान हरिहरभवन काठमाडौं, २०६८ पेज ३९

(Criminalization) गरी निवारात्मक, नियन्त्रणात्मक र दण्डात्मक ब्यवस्था गर्दै राष्ट्रिय अन्तराष्ट्रिय क्षमता अभिवृद्धी गर्ने प्रयासरत रहेको पाइन्छ ।

२.१ सम्पत्ति शुद्धिकरणको परिभाषा

सम्पत्ति शुद्धिकणको परिभाषा गर्ने क्रममा Money loundering is the out of transforming illegally obtain money through legitimate people or account so that its original source can not be trace [१२]भनी उल्लेख गरेको छ भने money loundering is the process by which criminals attempt to conceal the illicit origin and ownership of the proceeds of their underful activates [13]भन्ने उल्लेख गरेको पाइन्छ ।

यसै गरी UNTOC 2000 ले सम्पत्ति शुद्धिकरण कार्यलाई अपराधीकरण गर्दै "The conversion or transfor of property, knowing that such property is the proceeds of crime for the process of concealing or disgnising the illicit origin of the property or lealping any person which is involved in the commission of the predicate office to evade the legal consequences of his or her action [14] मा उल्लेख गरी जानी जानी गैरकानूनी वा अपराध बाट आर्जित सम्पत्तिको श्रोत लुकाउने उद्देश्यले उक्त सम्पत्तिको स्रोत परिवर्तन वा स्थानान्तरण गर्ने तथा कानूनी प्रकृयालाई छल्ने उद्देश्यले सहयोग गर्ने कार्य लाई सम्पत्ति शुद्धिकरण गरेको मानिने भनी बृहद रुपमा परिभाषित गरेको पाइन्छ ।

उपर्युक्त परिभाषाहरुका आधारबाट हेर्दा सम्पत्ति शुद्धिकरणको कसुर भन्नाले गैरकानूनी कार्य वा अपराधबाट आर्जीत सम्पत्ति हो भन्ने थाहा हुदा हुदै उक्त गैरकानूनी आर्जनको स्रोत नखुलोस भन्ने उद्देश्यले

---

[१२] Black's Law Disctonatry 2009 P. 1097

[१३] https//www.britanmica.com /Topic/Money law dereng visited on 2075/11/21

[१४] UN Convention Against Transnational Organized Crime, 2000 धारा ६(१) a(i)

उक्त सम्पत्तिको स्रोत रुपान्तरण, परिवर्तन गर्ने, कानूनी प्रक्रया छल्ने तथा सो उद्देश्यले उक्त अपराध वा गैरकानूनी कार्यमा संलग्न व्यक्तिलाई सहयोग गर्ने कार्य, उक्त गैरकानूनी सम्पत्तिको प्रकृति स्रोत स्थान, कारोबार, स्वामित्व, अधिकार छिपाउने, लुकाउने (Concealment or Disguise) कार्यलाई सम्पत्ति शुद्धिकरणको अपराध मानिन्छ ।

२.३ संगठित अपराध र सम्पत्ति शुद्धिकरण बीचको अन्तरसम्बन्ध :-

संगठित अपराध र सम्पत्ति शुद्धिकरणको अपराध एक आपसमा अन्तर सम्बन्धित छन् । सम्पत्ति शुद्धिकरणको सम्बद्ध कसुर (Predicate Offience) को रुपमा संगठित अपराधलाई मानिन्छ । सम्पत्ति शुद्धिकरण गर्ने कसुर संगठित अपराध अन्तर्गतको मुख्य कसुर अपराध मानिन्छ । अर्को शब्दमा भन्दा, संगठित अपराधमा संलग्न व्यक्तिहरु वा समूहले गर्ने अर्को प्रमुख अपराधीक कार्य सम्पत्ति शुद्धिकरण गर्नु नै हो । यसरी संगठित अपराध र सम्पत्ति शुद्धिकरण विचमा अन्तर सम्बन्धलाई यस प्रकार औल्याउन सकिन्छ ।

अन्तराष्ट्रिय वा अन्तरदेशीय चरित्रः सम्पत्ति शुद्धिकरण र संगठित अपराध दुवैमा बहु राष्ट्रिय चरित्र देखिन्छ । एक देश र अर्को देश विचको नागरीकको संलग्नता, शाखा विस्तार, कुनै राष्ट्रमा सुसंगठित अपराधीक समूहले अपराधीक कार्यबाट आर्जित सम्पत्ति अर्को राष्ट्रमा लगानी गर्ने जस्ता कार्यहरु गरी सम्पत्ति शुद्धिकरण गर्ने जस्ता चरित्रहरु देखिन्छ ।

आर्थिक लाभः दुवै अपराधको प्रमुख उद्देश्य आर्थिक लाभ नै हो । एउटा संगठित अपराधिक समूहले कसुर गरी आर्थिक लाभ लिने र सो आर्थिक लाभ का सम्पत्तिलाई वैद्यता दिलाउन सम्पत्ति वित्तिय कारोवार मार्फत वैद्यता प्रदान गराउने गरिन्छ ।

वित्तिय प्रणालीमा असरः संगठित अपराध र सम्पत्ति शुद्धिकरण दुवै अपराधले राष्ट्रको वित्तिय प्रणालीमा नकरात्मक असर पैदा गर्दछ । विकासशिल राष्ट्रहरुमा अपराध बृद्धिहुने, वित्तिय संस्थाहरु कमजोर बनाउने, वैदेशिक लगानीलाई प्रभाव पार्ने समग्र आर्थिक प्रकृयालाई क्षति पु¥याउने हुन्छ । अझ आतंककारी कार्यमा हुने वित्तिय लगानीले राष्ट्रले सुरक्षा स्वामित्व र राज्य प्रणालीमा गम्भिर असर पार्दछ ।

अपराधीकरण गर्ने कानूनः संगठित अपराध र सम्पत्ति शुद्धिकरण सम्बन्धी अपराधलाई UN convention Against Transitional Organized Crime 2000 / Financial Action Task Force ले अपराधीकरण गर्दै र कर्याक्षेत्र निर्धारण गरि यस सन्धिको सदस्य राष्ट्रहरुले सम्पत्ति शुद्धिकरण सम्बन्धी राष्ट्रिय कानून तथा संसोधन संयुक्त राज्य संघमा प्रस्तुत गर्ने पर्ने व्यवस्था उक्त सन्धीले गरेको छ । यसैगरी संगठित समूह वा संगठित अपराधमा संलग्न व्यक्तिहरुको सम्पत्ति माथि निरन्तर निगरानी र सम्पत्तिको जफत गर्ने, सम्पति शुद्धीकरणमा कारबाही गर्ने कानूनी ब्यबस्थालाई आत्मसात गरीएको पाइन्छ ।

उपर्युक्त आधारबाट समग्रतामा हेर्दा संगठित अपराध र सम्पत्ति शुद्धिकरणको कसुर एक आपसमा अन्तर सम्बन्धित छन् । मूलत आर्थिक लाभ, वित्तिय क्षेत्रमा प्रभाव, अन्तरदेशिय चरित्र तथा संगठित अपराधलाई सम्पत्ति शुद्धिकरणको (Predicate offience) सम्बद्ध कसुर मानिने र सम्पत्ति शुद्धिकरण संठठित अपराध अन्तर्गतको एक मुख्य अपराधको रुपमा लिइने जस्ता आधारमा अन्तरिसम्बन्धीत रहेको प्रष्ट हुन्छ ।

२.४. सम्पत्ति शुद्धिकरणका तरिका तथा चरणहरु

संगठित अपराध वा अन्य कुनै गैरकानूनी कार्य वा अपराध गरी सम्पत्ति आर्जन गरी सो आर्जित (proceeds generation through offience) आय वा सम्पतीलाई वित्तिय वा अन्य क्षेत्रमा लगानी गरीन्छ । जस्तै मानव वेचविखन, चोरी, डकैति, बैकिङ कसुर अपराधीक लाभ वा अन्य सम्पत्ति सम्बन्धि कसुर संगठित समूहको रुपमा अन्य रुपबाट गरी सो सम्पत्तिलाई अन्य वैध आर्थिक गतिविधिमा प्रवेश गराई विभिन्न चरणहरुमा सम्पन्न गरीन्छ जुन निम्न छन् ।[१५]

[१५] पूर्व पाठ टिप्पणी १ पृ. ३९

रुपान्तरण (Pleament): यो मुद्धा निर्मलीकरणको प्रारम्भिक चरण हो । यस चरण अवैध धनलाई आर्थिक गतिविधिमा प्रवेश गराइन्छ । जसमा बैंकीङ्ग क्षेत्र लगायत आर्थिक क्षेत्रहरुमा लगानी गर्ने, अन्य आर्थिक क्षेत्रमा परिवतृन गर्ने, वैध व्यवसायिक एवं व्यापारीक कारोवारमा संलग्न रहने जस्ता प्रकृया अपनाइएको छ ।

तह मिलान (layering) यो मुद्धा निर्मलीकरणको दोस्रो चरण हो । यस चरणमा चल सम्पत्तिलाई विभिन्न व्यवासायिक कारोवारमा पुनः लगानी गरिन्छ । क्रमिक रुपमा आर्थिक गतिविधिमा रकमहरु एक पछि अर्कोमा रुपान्तरित गर्दै धन लगानी गरी खरिद गरीएका अचल सम्पत्तिहरु विक्रि वितरण र पुन खरिद गर्ने जस्ता कामहरु गरिन्छ ।

एकीकृत (Integration): निर्मलीकरण कर्ताले यस चरणमा अवैध रकमहरु सवै वैध रकमका रुपमा एकीकृत गर्दछन् । तहगत चरणपछि अवैध सम्पत्ति पूर्व वैधानिक वन्दछ र निर्मलीकरण कर्तालाई राष्ट्रिय अर्थतन्त्र वा अन्य ठाउमा लगानी गर्न स्वतन्त्र बनाउछ । निर्मलीकरणकर्ताले यस चरणमा सम्मानित व्यक्तिको रुपमा आफूलाई स्थापित गराएको हुन्छ ।

२.५ . सम्पत्ति शुद्धिकरण क्षेत्रहरु

सम्पत्ति शुद्धिकरणको क्षेत्र भन्नाले अपराधिक तथा अवैध क्रियाकलापबाट मात्र आय अवैधसम्पत्तिलाई लुकाउने दवाउने छिपाउने प्रयोजनका लागि गरीने समस्त गतिविधिका क्षेत्रहरु सम्पत्ति सुद्धिकरणका क्षेत्रहरु भन्ने बुझाउँछ । सम्पत्ति शुद्धिकरणका क्षेत्रहरुलाई यस प्रकार औल्याउन सकिन्छ ।

वित्तिय क्षेत्र (Financial institution): कानूनद्धारा स्थापित बैंक वित्तिय संस्था, धितोपत्र कारोवार विमा व्यवसाय, विदेशी विनीमय, (Money Changer) सहकारी, वस्तु विनिमय बजार ।

गैर वित्तिय पेशावर्थी वा व्यवसाय (DNFBP) : क्यासीनो, घर जग्गा व्यवसायबाट खरिद विक्रि, सुन लगायत मूल्यवान वस्तुहरुको खरिद तथा कारोवार कम्पनी, कानूनी व्यक्ति (legal person) को स्थापना तथा व्यवस्थापन, रियल स्टेटमा लगानी आदी ।

विभिन्न व्यवसायिक कार्यमा ग्राहकलाई सेवा प्रदान गर्ने व्यवसायीहरु : घर जग्गा, क्यासीनो, व्यवसाय, कम्पनी आदीमा ग्राहकलाई सेवा प्रवाह गर्ने नोटरी पब्लीक, लेखापरीक्षक, कानून व्यवासयीवा सेवा प्रदान व्यवसायीक व्यक्तिहरु जसले कानूनबमोजिम गोपनियताको निषधाकिरा प्राप्त गरेका हुन्छन्।

भन्सार घोषणा : आफ्नो खुद आयको सामानको मूल्यांकन गर्दा न्यून वा बढी देखाएर (Custom Declaration) बैधता प्राप्त गरि सम्पत्ति शुद्धिकरण गरिन्छ ।

२.६ सम्पत्ति शुद्धिकरणले राष्ट्रिय अर्थ व्यवस्थामा पार्ने प्रभावहरु

सम्पत्ति शुद्धिकरण जघन्य आर्थिक आर्थिक अपराधको रुपमा अन्तरदेशीय रुपमा फेलिँदै गउको पाइन्छ। यस अपराधको मूख्य विशेषता कुनै अपराधिहरु सम्पत्ति आर्जन हुने र सो सम्पत्तिलाई वैद्यता प्रदान गर्ने वा सेतो धनमा परिणत गर्न अन्य तरिका अपनाउने गरिन्छ। यसरी अन्य संगठति अपराध नियन्त्रण नगरे सम्म सम्पत्ति शुद्धिकरण अपराध नियन्त्रण हुन कठिन हुने र सम्पत्ति शुद्धिकरणको अपराध निवारण नभए सम्म वित्तिय क्षेत्र वा अर्थ व्यवस्थालाई सन्तुलनमा राख्न प्राय असम्भव नै हन्छ। यसले राष्ट्रिय अर्थ व्यवसायमा पार्ने प्रभावहरु यसप्रकार औल्याउन सकिन्छ।[१६]

वित्तिय क्षेत्रमा पारदर्शिता ल्याउँछ।

- राज्य संचालनका सवै क्षेत्रमा अस्थिरता ल्याउँछ।
- व्यापार घाटा बढाउँछ।
- कानूनको प्रयोग र सुपरिवेक्षण कमजोर बनाउँछ।
- वित्तिय कारोवारको विश्वसनियता हराउँछ।

[१६] कटुवाल, राजेश कुमार, संगठित अपराध, न्याय प्रशासनका आयामहरु सम्पादन श्याम कुमार भट्टराई प्रकाशक संपादक मासीक २०७५ पृ. ५९५

– आर्थिक स्थिरता नष्ट गर्दछ।

– वैदेशीक घरेलु लगानीलाई आकर्षित गर्दैन

– पुजी पलायनलाई बढाउछ।

– अधिकारको दुरुपयोग बढाउछ।

– अपराधीलाई सबल वनाउँछ इत्यादी

उपर्युक्त कानुन अनुसारको प्रभाव वा अलावा वित्तिय अपराधको बृद्धिहुनका साथै भ्रष्टाचार बढ्ने भै समग्र राष्ट्रिय अर्थतन्त्रलाई राष्ट्रिय सुरक्षा, स्थायित्व र राज्य प्रणालीमा नै प्रतिकुल प्रभाव पार्ने देखिन्छ। साथै यसको प्रभाव कुनै एक देशको सिमा भित्र मात्र नभै अन्तरदेशीय समेत हुन सक्दछ।[१७]

३. सम्पत्ति शुद्धिकरण लागि भएका अन्तर्राष्ट्रिय प्रयासहरु

विश्व न्यायीकरणको लहर सँगै औद्योगिकरण, उदारीकरण सूचना प्रविधि यातायात संचार क्षेत्रमा आएको विकासले समग्र विश्व गाउँ (Global Village) मा रुपान्तरित हुदै आएको छ। विकासका सकरात्मक पक्षहरका साथै विभिन्न अपराधिक कार्यहरु गर्ने त्यसबाट आर्जित आय आतंकवादी कृयाकलापमा लगानी गर्ने, विश्वलाई नै आतंकित गर्ने जस्ता समस्या देखा पर्नुपर्छ। त्यसलाई निवारण समग्र विश्वको ध्यान आकृष्ट भै विभिन्न संस्थागत संयन्त्र निर्माण गरियो। जुन यस प्रकार छन्।

[१७] कटुवाल (राजेश कुमार, संगठित अपराध) न्यास प्रशासनका आयामहरु सम्पादन श्याम कुमार भट्टराई प्रकाशक सोपान मासिक २०७५ पृ. ५९५

३.१ अन्तराष्ट्रिय प्रयासहरुः-

- The UN (Vienna) convention against illicit traffic in Narcotif Drugs and psychotropic substances 1988 यस महासन्धीले सम्पत्ति सुद्धिकरणको अपराधीकरण र अनुसन्धान तथा अन्तरराष्ट्रिय सहयोग संयन्त्रमा जोड दिएको छ।
- The Un (Palermo) Convention Against Transnational Organized Crime 2000. । यस महासन्धीले संगठित अपराध र सम्पत्ति शुद्धिकरणको प्रकृतिका आधारमा परिभाषा गर्दै कानूनी संगठनात्मक विरोधात्मक उपायहरु अन्तराष्ट्रिय समन्वयको उल्लेख गरेको छ ।
- The convention for the suppression of the financing of terrosism 1999, यसले वित्तिय अपवादको परिभाषा गर्दै निकासका लागि रणनीतिहरुको उल्लेख गरेकोछ ।
- The UN convention against corruption 2003 यस महासन्धीले घुस, विश्व लगायत भ्रष्टाचारको विरुद्धमा अपनाउनुपर्ने कार्वाही सम्बन्धमा उल्लेख गरेको छ ।
- The EU convention on laundering, search, seizure and confiscation of proceeds of crime 1990.
- वित्तिय कार्वाही कार्यदल (Financial Action Task force FATE) यो सन् १९८३ मा ७ औद्योगिक राष्ट्रहरु समूह र यूरोपेली संघ (Europe Union-EU) को संयुक्त प्रयासमा सम्पत्ति शुद्धिकरण निवारण गर्न र अन्तराष्ट्रिय सहयोग बढाउन स्थापना गरीएको अन्तराष्ट्रिय अन्तर सरकारी संस्था हो । सन् २००१ बाट आतंकवादी क्रियाकलपाहरुमा हुने वित्तिय लगानीलाई नियन्त्रण गर्ने कानूनी वित्तिय र संस्थागत सुधारका विश्वव्यापी मापदण्ड निर्धारण र उक्त मापदण्ड पालना गरे नगरेको तथा (Anti money loundering AML Countering financing of terriosm CTF) को विश्ववव्यापी प्रवृत्ति र तौर तरिका (Corpus operandi) को मूल्यांकन गर्ने कार्य समेत गर्दछ ।

३.२ सम्पत्ति शुद्धिकरण र वित्तिय आतंकवाद सम्बन्धमा भएका क्षेत्रीय प्रयासहरु

सरकारी तथा गैह्र सरकारी निकायहरुको रुपमा रहेका निम्न वित्तिय कार्वाही दल (financial Action Task Force) स्तरका निकायहरु स्थापना गरीएका छन् । जुन यसप्रकार उल्लेख गर्न सकिन्छ ।[१८]

- Eastern and southern Africa Antimoney laundering group (ESAAMLG)
- South America Animoneylounding group (GAfiSUD)
- Most Amrion MOney loundering group (GIABA)
- Middle east and North Africa financial Action talk force (MENAFETE)
- Council of Europe-Animoney loundering Group (MONEYVAL)
- Asia pacific group on money loundering (APG)
- The Egmont group of financial intelligence unit (FIU)
- The Basel committee on banking supervision
- UN Global program against money laoundering and IMU/IN
- SARC and other regional organization.

उपर्युक्त अनुसारका अन्तराष्ट्रिय महासन्धिहरु, संयुक्त राष्ट्र संघिय पारित प्रस्तावहरु तथा क्षेत्रीय सन्धि तथा वीत्तीय कार्यदल तथा क्षेत्रीय स्तरका कार्यदलहरुले सम्पत्ति शुद्धिकरणलाई अपराधिकरण गरी दक्ष राष्ट्रहरुलाई जिम्मेवार बनाई अन्चतराष्ट्रिय प्रतिबद्धता कायम गर्न जोड दिएको पाइन्छ ।

४ . नेपालमा सम्पत्ति शुद्धिकरणका लागि भएका कानूनी व्यवस्थाहरु

नेपाल एसिया प्रशान्त क्षेत्र समुह (APG) र वित्तिय कर्जा बल (AFTE) को सदस्य राष्ट्रको रुपमा रहेपछि सम्पत्ति शुद्धिकरण र आतंककारी क्रियाकलापमा वित्तिय लगानी सम्बन्धी कसूरलाई नियन्त्रण गर्न बलियो कानूनी तथा नितीगत संरचनागत व्यवस्था गरिएको छ । यसका लागि सम्पत्ति शुद्धिकरण –मनि

[१८] Nepal Hari KUmar, Money laundering, financing of terrorism and Nepal, संगठित अपराध एक परिचय, राष्ट्रिय न्यायीक प्रतिष्ठान हरिहर भवन ललितपुर ०६८ पेज ३

लाउण्डारिङ) निवारण ऐन, ०६४ जारी गर्नु का साथै यसको कार्यान्वयनको लागी अन्य ऐनहरु समेत जारी गरी कार्यान्वयन भइरहेको पाइन्छ ।

४.१ सम्पत्ति शुद्धिकरण (मनि लाउण्डारिङ) निवारण ऐन २०६४[१९]

यस ऐनले सम्पत्ति शुद्धिकरण तथा आतंककारी क्रियाकलापमा वित्तिय लगानी सम्बन्धी कसूर तथा सम्वद्ध कसूर उल्लेख गर्दै हाल सम्म दुई पटक संसोधित भएको पाइन्छ । यस ऐनका मूलभूत विशेषताहरु यसप्रकार रहेका छन् ।

सम्पत्ति शुद्धिकरणको परिभाषामा विस्तारः-

सम्पत्तिको गैरकानूनी स्रोत (इलिसीट ओरीजन) लुकाउने वा छल्ने वा कसूरमा संलग्न व्यक्तिलाई कानूनी कार्वाहीबाट वचाउन सहयोग गर्ने उद्देश्यले कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नुपर्ने मनासिव आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रुपान्तरण वा हस्तान्तरण गर्न नहुने, कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नुपर्ने मनासिव आधार हुँदा हुँदै त्यस्तो सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निःसर्ग (डिस्पोजीसन) कारोवार (मुममेन्ट) स्वामीत्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने छल्ने वा बदल्ने, कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नुपर्ने मनासिव आधार छुट्टा छुट्टै त्यस्तो सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारणा गर्ने ।[२०] यसैगरी सम्पत्ति शुद्धिकरण गर्न नहुने भनि निषोधित कार्यहरु अन्र्तगत षडयन्त्र, मद्दत, प्रोत्साहन, सहजीकरण, मत सल्लाह वा उद्योग गर्न वा सम्बद्धता वा सहभागिता जनाउन वा मतियार हुन् वा हुदैन [२१] भनी कसुरबाट प्राप्त सम्पत्तिको शुद्धिकरण वा सम्वद्ध कसूरको प्रत्यक्ष वा अप्रत्यक्ष प्राप्त गरेको वा हामीले गरेको जुनसुकै प्रकारको सम्पत्ति, आर्थिक कु लाभ

---

[१९] जारी मिति ०७४।१०।१४, प्रथम संशोधन ०६८।०२।१८ र दोसो्र संसोधन २०७०।१२।१२

[२०] सम्पत्ति शुद्धिकरण ऐन, २०६४ को दफा ३ (१)

[२१] सोही ऐनको ऐन, २०६४ को दफा ३ (३)

वा सो बाट बढे बढाएको सम्पत्ति, वा कुनै पनि प्रकारले आशिक वा पूर्ण रुपमा हस्तान्तरण वा रुपान्तरण भएको सम्पत्ति वा लाभ समेतलाई समेटी सम्बद्ध कसूर (Predicate offence) र सो को सुची[२२] समेत उल्लेख गरिएको छ । साथै आतंककारी कार्य्यमा वित्तिय लगानी गर्ने कार्य लाई कसूर कायम गरी सजायमा कठरिता अपनाएको छ । ऐनले आतंककारी क्रियाकलापमा वित्तिय लगानी गर्ने कार्यलाई कसूर मानी आतंककारी कार्य, आतंककारी व्यक्ति आतंककारी संगठनको [२३]परिभाषा गरेको छ ।

सुचक संस्था र जिम्मेवारीको व्यवस्था: यस ऐनले ग्राहकको पहिचान तथा कारोवार सम्बन्धि व्यवस्था गर्दै सूचक संस्थाको रुपमा वित्तिय संस्था वा गैर वित्तिय पेशा कर्मी र व्यवसायीलाई समेत समावेश गरेको छ । यसैगरी ग्राहकको पहिचान, वृहद पहिचान र अनुगमन सम्बन्धी व्यवस्था समेत गरेको छ ।[२४]

वैकिङ कारोवारमा विशेष व्यवस्था: वायर हस्तान्तरण । (ट्रान्सफर) सम्बन्धी दायित्व सम्बन्धित वित्तिय संस्थाले जुनसुकै मुद्रा जतिसुकै रकमको वायर स्थानान्तरण गर्न अगावै उत्पत्तिकर्ताको नाम, खाता नम्बर, पहिचान खुल्ने नम्बर आदि खुलाउनु पर्ने व्यवस्था, सिनापार करेस्पोडीङ्ग बैंकिङ सम्बन्धी व्यवस्था, खास कारोवारमा विशेष ध्यान दिनुपर्ने जस्ता व्यवस्था गरि सूचक संस्थाको दायित्व [२५]अभिलेख ५ वर्षसम्म सुरक्षित राख्नु पर्ने व्यवस्था[२६] तथा शंकास्पद कारोवार सम्बन्धी प्रतिवेदन वित्तिय जानकारी इकाईलाई [२७] दिनुपर्ने सम्बन्धी विस्तृत व्यवस्था गरिएको छ ।

---

[२२] सोही ऐनको दफा २ (श)

[२३] सोही ऐनको दफा ४

[२४] सोही ऐनको परिच्छेद ३ र ३ (क)

[२५] सोही ऐनको दफा ७ त

[२६] सोही ऐनको दफा ७ द

[२७] सोही ऐनको दफा ७ घ

सूचना संस्थाको नियमन र सुपरीवेक्षण सम्बन्धी व्यवस्था: सूचक संस्थाले काम कार्वाही गरे वा नगरेको सम्बन्धमा नियमन तथा सुपरिवेक्षण गर्न व्यवस्था, सूचक संस्थालाई कार्वाही गर्न सक्ने व्यवस्था [२८]समेत गरिएको छ

अनुसन्धान तहकिकातमा विशेष प्रविधिको अवलम्बन : अनुसन्धान अधिकृत मुद्दा दायरी, अनुसन्धानको क्रममा सम्पत्ति रोक्का राख्ने, बिदेशमा रहेको सम्पत्ति रोक्का राख्नु परेमा सम्बन्धित मुलुकमा पठाउने, संलग्न व्यक्तिको राहदानी डकुमेन्ट रोक्का राख्न, विशेष अनुसन्धान प्रविधि अवलम्बन गर्न सक्ने (कन्टोल डेलिनरी) प्रत्यक्ष भुक्तानी प्रविधी, सुराकी परिचालन (अन्डर कमर अपरेशन), गोप्य निगरानी जस्ता व्यवस्थाहरु गरिएको छ।

अन्तराष्ट्रिय सहभागी समझदारी पत्र, पारस्परिक कानून सहायता सम्बन्धी व्यवस्था आत्मसात गरिएको छ।

अनुगमन सम्बन्धी व्यवस्था: सम्पत्ति रोक्का तथा कोष रोक्का सम्बन्धी विशेष व्यवस्थाको कार्यान्वयन भए नभएको सम्बन्धमा समग्र अनुगमन मूल्यांकन गर्ने राष्ट्रिय समन्वय समितीको व्यवस्था गरिएको छ।

ऐनको बहिक्षेत्रीय प्रभाव (Extra Jurisdictional Provision): यस ऐन नेपाल भर र सम्पत्ति शुद्धिकरण तथा आतंककारी क्रियाकलपमा वित्तिय लगानी सम्बन्धी कसूर गर्ने नेपाल भित्र नेपाल बाहिर जतासुकै रहेको व्यक्ति समेतलाई लागु हुने व्यवस्था र उक्त कसुरजन्य कार्य विदेशी मूलुक वा भूभागमा भएको र त्यस्तो कार्य सो मूलकको कानून बमोजिम पनि कसूर हुने रहेछ भने त्यस्तो कार्य नेपालमा भएको सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानी सम्बन्धी कसूर सरह हुने कानूनी व्यवस्था गरिएको छ।

[२८] सोही ऐनको दफा ७ फ

कठोर सजायको प्रावधान: यस ऐनको कसूरमा मुद्दा दायर गर्ने हद म्याद नलाग्ने व्यवस्था गरिनुका साथै सम्पत्ति शुद्धिकरणको कसूर गर्ने व्यक्तिलाई विगोको दोब्बर जरिवाना र कसूरको गाम्भीर्यता हेरी दुई देखी दश वर्ष सम्म कैद र उक्त कसूरमा षडयन्त्र गर्ने व्यक्तिलाई उक्त सजायको आधा सजाय हुने व्यवस्था गरिएको छ। राष्ट्र सेवक र सूचक संस्थाको पदाधिकारी वा कर्मचारीले सम्पत्ति शुद्धिकरण वा आतंककारी क्रियाकलापमा वित्तिय लगानी सम्बन्धी कसूर गरेमा उल्लेखित सजायमा थप दश प्रतिशत सजाय हुने व्यवस्था गरिएको पाइन्छ।

४.२. संस्थागत व्यवस्थाहरु:

सम्पत्ति शुद्धिकरण सम्बन्धि अपराध नियन्त्रण गर्न सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरीङ्ग) निवारण ऐन २०७०, बमोजिम सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागको स्थापना, वित्तिय जानकारी इकाईको स्थापना, राष्ट्रिय समन्वय समितीको व्यवस्था, सम्पत्ति शुद्धिकरण नियामक निकायको लागी केन्द्रिय अधिकारी तोक्ने व्यवस्था गरिएको, सम्पत्ति शुद्धिकरण सम्बन्धी मुद्दा हेर्ने अधिकार क्षेत्र विशेष अदालतलाई रहने व्यवस्था गरिएको, जफत सम्पत्तिको व्यवस्थापन गर्न व्यवस्थापन विभाग तोकिएको, कार्यान्वयन समिति र क्षेत्रगत उपसमितिको व्यवस्था तथा राष्ट्रिय जोखिम मूल्यांकन गर्ने व्यवस्था गर्नुका साथै नितिगत रुपमा रणनितीक योजनाको तर्जुमा गरी लागु गरिएको छ।

४.३ अन्य व्यवस्थाहरु :

सम्पत्ति शुद्धिकरण कसुरको बिशेष ऐनहरुको रुपमा रोकथामका लागि विभिन्न ऐनहहरु जारी गरी लागु गरिएको छ। लागु औषध (नियन्त्रण) ऐन, २०६३, मानवबेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४, संगठित अपराध निवारण ऐन, २०७०, सुपुर्दगी ऐन २०७०, पारस्परिक कानूनी सहायता ऐन, २०७०, कसूरजन्य सम्पत्ति (रोक्का नियन्त्रण जफत) ऐन, २०७०, मुलुकी अपराध (सहित) ऐन, २०७४ र नियमावली निर्देशिकाहरु जारी गरि लागु गरिएको छ।

यसैगरी सम्पत्ति शुद्धिकरण रोकथामका लागि लागु औषध सम्बन्धी भ्रष्टाचार विरुद्धको महासन्धी, वित्तिय आतंकवाद सम्बन्धी संगठित अपराध सम्बन्धी महासन्धीहरु समेतमा नेपाल सरकारले हस्ताक्षर गरि पक्ष राष्ट्र बनी उक्त अपराध नियन्त्रणमा प्रतिवद्धता व्यक्त गरिसकेको छ।

५. सम्पत्ति शुद्धिकरण सम्बन्धमा सर्वोच्च अदालतको दृष्टिकोण :

नेपालमा संगठित अपराध र सम्पति शुद्धिकरण सम्बन्धी कसूरमा सर्वाच्च अदालतबाट बृहत ब्याख्या भई सकेको पाईदैन । संगठित अपराध सँग जोडिएका सम्पती शुद्धिकरणका अपराधलाई अलग ब्याख्या नभएतापनि सम्पती शुद्धिकरणका बिभिन्न पक्षहरुलाई औल्याई ब्याख्या भएको पाईन्छ । अस्वाभाविक सम्पतिको स्रोत खुलाउन पर्ने,प्रमाणको भार प्रतिवादीमा रहने,बिदेशी नागरिक को हक मा समेत लागु हुने गरि विश्व ब्यापी क्षत्राधिकार लाई समेट्नु पर्ने गरि ब्याख्या भयको पाइन्छ। जुन प्रकार औल्याउन सकिन्छ।

सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरीङ्ग) निवारण ऐन २०७० ऐनको दफा २८ ले कसैसँग आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा उसको सम्पत्ति अस्वाभाविक देखिएमा र उसले आर्जन गरेको स्रोत देखाउन नसके सम्पत्ति शुद्धिकरणको अपराध हुने व्यवस्था गरेको हो। प्रतिवादीले स्रोत देखाउन सकेन भने उसले सम्पत्ति शुद्धिकरणको अपराध गरेको हो भनी मान्नु पर्ने हुन्छ। त्यस्तो आयस्रोत लुकेको सम्पत्ति बरामद हुनु नै कसुरको लागि पर्याप्त हुने। कानूनले रूपैयाँ ल्याउने लैजाने व्यक्तिले उक्त रूपैयाँको स्रोत खुलाउन अनिवार्य गरेको अवस्थामा "गैरकानूनीरूपमा आर्जन गरेको वा कानूनप्रतिकूलरूपमा लिएको वा धारण गरेको प्रमाणित भएमा मात्र सम्पत्ति शुद्धिकरणको कसुर कायम हुने" भन्ने यस अदालतको संयुक्त इजलासबाट उक्त ०६८- C - R- ०९३१ को सम्पत्ति शुद्धिकरण मुद्दामा मिति २०७०/३/२६ मा भएको फैसला एवं प्रतिपादन भएको सिद्धान्तसँग सहमत हुन सकिएन। सो मुद्दामा प्रतिपादन भएको सिद्धान्तलाई अब कायम नरहने गरी निष्प्रभावी (Overrule) गरिएको छ।[२९]

[२९] माधव कुमार भगत विरुद्ध नेपाल सरकार (ने.क.प. २०७३, अंक ११, नि.नं. ९७०८, पूर्ण इजलास)

त्यस्तै गरि सम्पतिको स्रोत खुलाउने सम्बन्धमा, बरामदी रकम प्रतिवादीबाट बरामद भएको र सो रकमको आधिकारिक तथा वैधानिक स्रोत प्रतिवादीले खुलाउन नसकेको अवस्थामा आर्थिक अवस्था र हैसियत कमजोर छ भन्ने आधारमा मात्र आरोपित अभियोग दाबीबाट प्रतिवादीले सफाइ पाउने अवस्था रहँदैन ।[३०]

त्यस्तै ऐनको बहिक्षेत्रीय प्रभावका सम्बन्धमा, यो अपराध जसले गरेपनि र जहाँ गरे पनि यस ऐनको बहिक्षेत्रीय प्रभाव (Extra Territorial Jurisdiction) ले समाउने देखिन्छ । उल्लिखित कानूनले अपराध गर्ने व्यक्ति नेपाली भएमात्र सम्पत्ति शुद्धिकरण ऐनअनुसारको कसुरदार हुने नभनी नेपालबाट वा नेपालमा विप्रेषण, स्थानान्तरण वा रकमान्तर गर्ने जहाँसुकै बसेको जुनसुकै व्यक्तिसमेतउपर लागू हुने भनी विश्वव्यापी क्षेत्राधिकार कायम गरेको हुँदा आफू भारतीय नागरिक भएको कारण सम्पत्ति शुद्धिकरणको कसुर र सजायसमेतबाट उन्मुक्ति पाउनुपर्छ भन्ने जिकिर मनासिब देखिन नआउने । आर्थिक अवस्थाको तुलनामा कसैसँग अस्वाभाविक सम्पत्ति देखिन आएमा त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा प्रमाणित उसैले गर्नुपर्ने कानूनी दायित्व सम्पत्ति शुद्धिकरण (Money Laundering) निवारण ऐन, २०६४ को दफा २८ ले गरेको हुँदा पुनरावेदक प्रतिवादीबाट अस्वाभाविक देखिने सम्पत्ति बरामद भएपछि सोको स्रोत यो हो भनी सम्पत्ति आर्जन गरेको स्रोत देखाउनु पर्ने कानूनी दायित्व पनि निजैमा रहने ।[31] प्रतिवादीहरूले नेपाली रूपैयाँ बोकी हिँड्नुमात्र आफैँमा कसूरजन्य कार्य हुन सक्दैन । कसूरजन्य कार्य तबमात्र मान्न सकिन्छ जब त्यस्तो रकम गैरकानूनीरूपमा आर्जन गरेको वा कानूनप्रतिकूल रूपमा लिएको वा धारण गरेको हुन्छ । रूपैयाँ सहटीको प्रयोजनका लागि धारण गरेकोसम्म कार्य सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्) निवारण ऐन, २०६४

[३०] नेपाल सरकार विरुद्ध दावा टासी लामा (ने.का.प. २०७२, अंक ११, नि.नं. ९४९९, संयुक्त इजलासमा)

[३१] नेपाल सरकार विरुद्ध दावा टासी लामा (ने.का.प. २०७२, अंक ११, नि.नं. ९४९९, संयुक्त इजलास

को दफा ४(ङ) मा उल्लेख भए अनुसार विदेशी विनिमय नियमित गर्ने सम्बन्धी प्रचलित कानूनको उल्लङ्घन गरेको मान्न नमिल्ने।[३२]

त्यस्तै गरि सम्पत्ति शुद्धिकरणको सहयोगीको भूमिका सम्बन्धमा ब्याख्या गर्दै प्रतिवादी सरिता गिरी राईले आफ्ना नाममा रहेको नगद, जग्गालगायतका सम्पत्ति आफ्नो वैध आर्जनको हो भनी देखाउन नसकेको, निजले प्रतिवादी निर्मल राईका नाममा रहेको सम्पत्ति आफ्ना नाममा नामसारी गराई अन्य प्रतिवादीहरूका नाममा तह तह हस्तान्तरण गरी प्रतिवादी निर्मल राईलाई सम्पत्ति शुद्धिकरणको कसुर अपराध गर्ने कार्यमा सहयोगीको भूमिका निभाएको देखिँदा निजलाई मुख्य कसूरदारलाई भएको सजायको आधा सजाय गरेको विशेष अदालतको फैसला मिलेकै देखिने।[33]

सर्वाच्च अदालतबाट भएका उपर्युक्त ब्याख्याहरुबाट सम्पती शुद्धिकरण कसुर सम्बन्धमा सैद्धान्तिक पक्ष र ऐनको क्षेत्राधिकारको बिषय र कस्तो कसुर सम्पती शुद्धिकरणको कसुर हुने जस्ता बिषयमा ब्याख्या भएको पाईन्छ। संगठित रुपमा गरिने कसुरहरु र सम्पती शुद्धिकरणको बिषय भने छुट्टै मुद्दाको रुपमा प्रवेश गरि ब्याख्या भै सकेको भने देखिदैन ।

६. संगठित रुपमा हुने सम्पत्ति शुद्धिकरणको अपराध नियन्त्रणमा देखिएका चुनौती र सुझावहरु

नेपालमा संगठित अपराध तथा सम्पत्ति शुद्दिकरणको कसूरलाई अपराधीकरणकरण गरे वा सजाय सम्बन्धी कानून व्यवस्था गरिनुका साथै सो को कार्यान्वयनका लागि कानूनतः संरचनागत, संस्थागत तथा नितीगत व्यवस्था भईसकेको छ। तर समाजमा संगठित समुहबाट तथा अन्य समुहबाट कुनै न कुनै रुपमा यो अपराध भइनै रहेको छ। यस्तो प्रकृतिको आर्थिक अपराध यसको प्रकृतिले नै श्वेत ग्रिवी **(White Colour Crime)** हुने समाजका प्रतिष्ठीत व्यक्तिबाट हुने एवं बहुआयमिक बित्तिय अपराध (Multi Dimensional

[३२] सुनील जयसवाल विरुद्ध नेपाल सरकार (ने.का.प. २०७०२, अंक ९, नि.नं. ९०५४, संयुक्त इजलास

[३३] नेपाल सरकार विरुद्ध निर्मल राई भन्ने निरन्जन होजाई समेत (ने.का.प. २०७३, अंक २, नि.नं. ९५४१, संयुक्त इजलास

Financial Crime) हुँदा कानूनको दायरामा ल्याउने कार्यहरु चुनौतीपूर्ण रहेको छ । केही महत्वपूर्ण समस्याहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- संगठित अपराध र सम्पत्ति शुद्धिकरणको परिभाषामा व्यापकता तथा असिमित स्वरुपको देखिएको छ, जस्तै भ्रष्टचार र सम्पती शुद्धिकरणको कसुर गरेकोमा थप सजायँ गर्ने वा नगर्ने बिषय, सजायमा छुट (Plea Barganing)को कार्यबिधीमा मुलुकी अपरास (संहिता) ऐन २०७४ र बिशेष ऐनहरुमा फरक ब्यबस्था भएबाट शैदान्तिक रुपमा कानून कार्यान्वयनको बिषय आदिमा एकरुपता नभएको ।
- सम्पत्ति शुद्धिकरण विभाग तथा वित्तिय जानकारी ईकाई विचको सम्बन्ध र समन्वय न्यून रहेको
- अनौपचारिक रुपमा हुने आर्थिक कारोवारलाई नियमन गर्न नसकिएको ।
- अन्तराष्ट्रिय समुदाय साझेदार निकाय र संस्थाहरुमा आवश्यक समन्वय हुन नसकेको ।
- सम्पत्ति शुद्धिकरण, संगठित अपराध नियन्त्रण गर्ने नेपाल कानून अनुरुप अन्य देशहरुसँग पारस्पारिक कानूनी सहायता तथा सुदुर्दगी सन्धि हुन नसकेको ।
- आर्थिक वित्तिय अपराधको परिवर्तित सन्दर्भमा आवश्यक पर्ने हुँदा, प्रविधि मैन्त्री, विशेषज्ञको प्रयोग हुन नसकेको ।
- संचेतना एवं प्रचार प्रसार लगायतमा प्रर्वधनात्मक कार्य व्यापक रुपमा जनस्तरमा सम्म पु¥याउन नसकिएको ।

<u>सुझावहरु</u>

- सांगठीत अपराध निवारण ऐन २०७० मा भएको अपराधको परिभाषा लाई प्रष्ट, सिमित र ब्यवहारिक बनाउने र सम्पत्ति शुद्धिकरण (मनी लाउण्डारीङ) ऐन २०६४ मा सम्पत्ति शुद्धिकरणको कसुरलाई प्रष्ट परिभाषीत गरि द्विविधा अन्त्य गर्नुपर्ने ।
- पारस्पारिक कानूनी सहायता, सुपर्दगी जस्ता विषयमा अन्तराष्ट्रिय सहयोग समन्वयका लागि सन्धीहरु हुनुपर्ने ।

- सम्वद्ध कसूर (Predicate Office)मा अनुसन्धान तथा कार्वाही गर्ने निकाय र सम्पत्ति शुद्धिकरण विभाग बिच प्रभावकारी समन्वय कायम गर्नुपर्ने।
- सम्पत्ति शुद्धिकरण विभागको रुपमा केन्द्रिय संस्था एक मात्र संगठानिक संरचना रहेकोले प्रभावकारी अनुसन्धान गर्न सक्ने गरी प्रदेशर स्थानिय स्तरमा समेत संस्थागत क्षमता विकास गर्ने।
- वित्तिय अपराधमा प्रविधिको प्रयोग गर्न सक्ने विषय विज्ञ दक्ष सक्षम जनशक्ति विकास तथा उपयोग गर्ने।
- सूचना संकलन, विश्लेषण, उपयोग गर्र्न वित्तिय जानकारी इकाई अन्य सरकारी निकाय निजी क्षेत्र तथा सरोकारवाला निकायबाट नियमित रुपमा सूचना संकलन गर्न सक्ने गरी समन्वय गर्ने।
- सम्पत्ति शुद्धिकरण कसूर र भईरहेको कानूनी व्यवस्थाको सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने।

निष्कर्ष

संगठित अपराध र सम्पत्ति शुद्धिकरणको अपराध एक अपराधमा अन्तर सम्बन्धित छ । दुवै अपराधको एक मात्र उद्देश्य आर्थिक लाभ लिने नै हो। यो अपराध, दुई वा सो भन्दा बढी देशको नागरिकहरु सहयताबाट संचालित हुन सक्ने अन्तराष्ट्रिय प्रकृतिका अपराध छन्। संगठित अपराध र सम्पत्ति शुद्धिकरणको अपराधको प्रभाव वा असरका दृष्टिले हेर्दा पनि राज्यको वित्तिय प्रणालीलाई कमजोर पार्ने तथा र आर्थिक विकासमा प्रतिकूल असर पार्ने प्रकृतिको देखिन्छ।

सम्पत्ति शुद्धिकरणको सम्वद्ध कसूर (Predicate Office) को रुपमा रहेको यस संगठित अपराधलाई अन्तराष्ट्रिय स्तरमा UN Convention Against Transnational Organized Crime 2000) को सन्धीले व्यवस्था गर्नुका साथै सम्पत्ति शुद्धिकरणको अपराधलाई समेत औल्याएको छ। सम्पत्ति शुद्धिकरणको कसूरलाई वित्तिय कार्य (FATE) ले समेत व्यवस्था गरि विभिन्न मापदण्ड निर्धारण गरको छ, यसै अनुरुप नेपालमा समेत सोही मुताविक कानूनहरु जारी भई कार्यान्वयनमा रहेको छन्।

सम्पत्ति शुद्धिकरणको कसूर तथा संगठित रुपमा हुने कसूरहरु लाई नियन्त्रण गर्न बिशेष ऐन द्धारा कानूनी व्यवस्थाहरु भएको भएता पनि प्रविधिको प्रयोग, अनुसन्धान, अभियोजन, स्रोत साधन र प्रतिवद्धताको कमीबाट अपेक्षीत सफलता प्राप्त हुन सकी रहेको छैन । संगठित अपराध तथा सम्पत्ति शुद्धिकरणको कसूर निवारण गर्न एक निकाय वा देशको एक्लो प्रयासबाट मात्र प्राय असंभव छ। अन्तराष्ट्रिय स्तरमा रहेका कानून र राष्ट्रिय कानूनमा एकरुपता कायम गर्दै सोही अनुरुप संस्थागत संयन्त्र निर्माण र समन्वय हुनु पर्दछ । कार्य सम्पादन स्तरमा परिमाणात्मक र गुणात्मक सुधार गर्दै नागरिक सचेतना तथा नागरिक समाजको सहकार्य गर्दै दह्रो प्रतिवद्धताका साथ कानून कार्यान्यन हुन सकेका उक्त अपराध नियन्त्रणमा सफलता प्राप्त हुने देखिन्छ।

<u>सन्दर्भ सामग्रीहरु</u>

१. नेपालको संविधान, २०७२

२. संगठित अपराध: एक परिचय, डा. आनन्दमोहन भट्टराई समेत राष्ट्रिय न्यायीक प्रतिष्ठान हरिहरभवन काठमाडौं, २०६८

३. न्याय प्रशासनका आयाम हक, सम्पादन, श्याम कुमार भट्टराई, सोयान मासिक,डिल्लीबजार काठमाण्डौ २०७५,

५. सम्पत्ति शुद्धिकरण (कनी लाउण्डरिङ) निवारण ऐन, २०६४

६. पारस्परिक कानूनी सहायता एने, ०७०

७ सुपुर्दगी ऐन, २०७०

८. कसूरजन्य सम्पत्ति (रोक्का जफत र निकाय) सम्बन्धी ऐन, ०७०

९. संगठित अपराध निवारण ऐन, २०७०

१०. मुलुकी फौज्दारी अपराध संहिता ऐन, ०७४

११ Presecation Journal (vol. 3), office of the Attorney general, Kathmandu, Nepal

१२ . सम्पत्ति पत्रिका विभिन्न अंकहरु

१३ . नेपाल कानून पत्रिकाहरु

१४ . नेपालका सरकारी वकील बिलहरुको दोस्रो राष्ट्रिय सम्मेलन विशेषांक ०७५ महान्यायधिवक्ताको कार्यालय, सिंहदरबार, काठमाडौं, २०७५

१५ . विभिन्न अन्तराष्ट्रिय महासन्धीहरु

१६ . विभिन्न वेवसाइडहरु

कार्यपत्र : ५, सङ्गठित अपराधको सामान्य परिभाषा

सुधा योगी के.सी

परिच्छेद-१

परिचयः

बिषयबस्तुको परिचयः

संगठित आपराधिक समूह भन्नाले तीन वा सोभन्दा बढी व्यक्तिहरुको संरचनात्मक समूह जुन कुनै समय अवधिसम्म कुनै एक वा धेरै गम्भीर अपराधहरु गरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आर्थिक वा भौतिक फाइदा लिनका लागि बनाएको हुन्छ ।संगठित अपराधलाई परिभाषित गर्न सजिलो छैन । केलाई संगठित अपराध मान्ने भन्ने विषय पेचिलो छ ।त्यसैले संगठित अपराधलाई कानुनी वर्गिकरण भन्दा अवधारणाको रुपमा लिने गरिन्छ । हालसम्म भएका अध्ययनहरुले समेत यसको परिभाषा गर्न कठिन भएको स्वीकार गर्दै यसलाई अर्थ्याउनु भन्दा यसको कार्यात्मक परिभाषा (Working definition) गर्ने तर्फ प्रयासरत रहेको देखिन्छ।

यसै गरी Alfred Lindsmith ले संगठित अपराधलाई संगठित अपराधमा संलग्न सदस्यहरु बीच विशेषत : पारिभाषिक पारस्परिक दायित्व र सुविधाहरु सहीतको सम्बन्ध रहेको व्यावसायीक रुपमा गरिने अपराधिक कृयाकलाप भनेर परिभाषा गर्नु भएको छ (Organized crime is usually a professional crime involving a system of specifically defined relationship with mutual obligation and privileges) । यस परिभाषाले देहायको कुराहरुलाई समेटेको छ :

- व्यावसायीक रुपमा गरिने अपराधिक क्रियाकलाप
- सदस्यहरु बीच विशेषतः पारिभाषित सम्बन्ध
- सदस्यहरु बीच पारस्परिक र सुविधाहरुको निर्धारण

विज्ञान र प्रविधी यातायात र संचार क्षेत्रको विकाशले विश्वलाई नै एउटा शहरको रुपमा परिणत गरी दीए पछी संगठित अपराधले विश्वव्यापी संजाल खडा गरेको देखिन्छ । परम्परागत अपराधमा एउटा अपराध पश्चात त्यस प्रकारको अपराध सामान्यतयाँ त्यसै व्यक्ति वा समूहले निरन्तररुपमा गर्दैन । तर संगठित अपराधमा संल्गन व्यक्ति वा समूह पक्राउ परे पनि त्यसमा संगल्न राष्टिय तथा अन्तराष्टिय गिरोहको संजालले गर्दा निरन्तररुपमा चलिरहन्छ ।संगठित अपराधमा मूल अपराधी प्राय पर्दा पछाडी रहने गर्दछन । अपराधिहरुले आफ्नो संरक्षणको संजाल फैलाएका हुन्छन । पक्राउ परेका अधिकांश भरियाको रुपमा रहने गरेको देखिन्छ ।यसमा पेशेवार र व्यावसायिक अपराधिको गिरोह रहने हुदा श्रृखलावद्ध रुपमा

अपराधका घटना घटिरहन्छन । संगठित अपराध वहुक्षेत्रिय प्रकृतीको हुन्छ। कुनै एउटा देशमा वसेर योजना वनाउने अर्को देशमा गएर तयारी गर्ने तेस्रो देशमा गएर अपराधिक कार्य समेत गर्ने गरीन्छ र संगठित अपराध बढी भन्दा बढी आर्थिक लाभ लिने उद्वश्यले अपराधिक क्रियाकलाप गर्ने भएकोल् सम्पती शुद्धीकरण अपराधमा पनि संगठीत समहको संलग्नता हुन्छ र विश्व अर्थतन्त्रमा सम्पति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वितीय लगानी को विषय अहिले विश्वको जल्दोबल्दो विषय बनेको छ ।वर्तमानमा भूमिगत अर्थतन्त्रले विश्वव्यापी वितीय संरचनामा पार्ने गंभीर असर बढीरहेको सन्दर्भमा सम्पति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वितीय लगानी निवारणमा सबैको ध्यान केन्द्रित भएको छ।सम्पती शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वितीय लगानी सम्वन्धी आपराधिक सञ्जालको भूगोल सीमाविहीन हुने भएकोले यो कुनै एउटा मुलुकको समस्या मात्र नभएर अन्तर्राष्ट्रिय साझा समस्याएका रुपमा हेरिन थालिएको छ ।सम्पत्ति शुद्धीकरण अपराधजन्य गैरकानूनी वित्तीय अपराध हो । कसैले गैरकानूनी कार्य गरी प्राप्त गरेको सम्पत्ति वा आपराधिक क्रियाकलापमा संलग्न रही वा लगानी गरी दुवै प्रकृयाबाट आर्जन त्यस्तो गैरकानूनी स्रोतको आयलाई क्रियाकलापमा हुने वितीय लगानी को विषय अहिले विश्वको जल्दोबल्दो विषय बनेको छ ।वर्तमानमा भूमिगत अर्थतन्त्रले विश्वव्यापी वितीय संरचनामा पार्ने गंभीर असर बढीरहेको सन्दर्भमा सम्पति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वितीय लगानी निवारणमा सबैको ध्यान केन्द्रित भएको छ।सम्पती शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वितीय लगानी सम्वन्धी आपराधिक सञ्जालको भूगोल सीमाविहीन हुने भएकोले यो कुनै एउटा मुलुकको समस्या मात्र नभएर अन्तर्राष्ट्रिय साझा समस्याएका रुपमा हेरिन थालिएको छ ।सम्पत्ति शुद्धीकरण अपराधजन्य गैरकानूनी वित्तीय अपराध हो । कसैले गैरकानूनी कार्य गरी प्राप्त गरेको सम्पत्ति वा आपराधिक क्रियाकलापमा संलग्न रही वा लगानी गरी दुवै प्रकृयाबाट आर्जन त्यस्तो गैरकानूनी स्रोतको आयलाई बदल्नको निमित्त धोकाधडि गरी कानून मुताविकको सम्पत्तिमा परिवर्तन गर्न गरिने क्रियाकलापलाई नै सम्पत्ति शुद्धीकरणको रुपमा लिईने र बुझ्ने गरिन्छ ।सम्पत्ति शुद्धीकरणको चक्रीय आर्थिक प्रणालीले मुल रुपमा त्यो मुलुक र त्यहाको वित्तीय प्रणालीमा गम्भीर नकारात्मक असर पुर्याउछ ।

बदल्नको निमित्त धोकाधडि गरी कानून मुताविकको सम्पत्तिमा परिवर्तन गर्न गरिने क्रियाकलापलाई नै सम्पत्ति शुद्धीकरणको रुपमा लिईने र बुझ्ने गरिन्छ ।सम्पत्ति शुद्धीकरणको चक्रीय आर्थिक प्रणालीले मुल रुपमा त्यो मुलुक र त्यहाको वित्तीय प्रणालीमा गम्भीर नकारात्मक असर पुर्याउछ ।

अध्ययनको उद्देश्य :-

यस अध्ययनको उध्देश्य यस प्रकार रहेको छ।

- संगठीत अपराध र सम्पती शुध्दीकरण सम्बन्धी अपराधको पृष्ठभुमी वारे स्पष्ट पार्ने ।
- यि अपराधको सम्बन्धमा रहेका राष्ट्रीय कानुनी व्यबस्था र यसको प्रयोग बारे जानकारी गराउने।

अध्ययनको सीमा :-

प्रस्तुत अध्ययन **राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा सरकारी वकिलहरुको लागि सञ्चालित विशिष्टीकरण प्रशिक्षण कार्यक्रममा प्रस्तुत गरिएको अध्ययन** उद्देश्य परिपूर्तिको लागि गरिएकोले तोकिएको सीमित समय एवं उपलब्ध स्रोत साधनहरुको दायराभित्र रही अध्ययन सम्पन्न गरिएको छ । यसमा नेपालको संबिधान एवं प्रचलित नेपाल कानूनका अतिरिक्त अन्तरराष्ट्रिय कानूनमा संगठित अपराध संग सम्बन्धित बिभिन्न प्रावधानहरु र बिभिन्न विद्वानहरुका प्रकाशित पुस्तक, लेख रचनाका साथै Virtual Resource जस्तै गुगल समेतका वेभपेजहरुको सहायताबाट खोजी गरी संगठित अपराध सम्पती शुद्धीकरण अपराधमा सम्बन्धमा अध्ययन गरिएको छ । यसैगरी संगठित अपराध र सम्पती शुद्धीकरण अपराधमा का सम्बन्धमा न्यायिक दृष्टिकोणको अध्ययन गर्नका लागि सम्मानीत सर्वोच्च अदालतबाट प्रकाशित नेपाल कानून पत्रिकाहरुको अध्ययन गरिएको छ । यसरी गरिएको अध्ययनबाट प्राप्त तथ्यहरुलाई बिश्लेषण गरी बिद्यमान समस्याहरुको पहिचान गरी समस्या समाधानका लागि उपयुक्त सुझावहरु प्रस्तुत गरिएको छ ।

अध्ययनको संरचना :-

प्रस्तुत अध्ययनबाट प्राप्त तथ्यलाई विश्लेषण गरी निष्कर्ष, सुझावहरुलाई प्रतिवेदनको रुपमा तयार गरिएको छ । यसमा प्रथम परिच्छेदमा अध्ययनको परिचय तथा अध्ययन विधि रहेको छ । दोश्रो परिच्छेदमा **संगठित अपराध र सम्पती शुध्दीकरण सम्बन्धी अवधारणा** पक्ष समावेश गरिएको छ । तेस्रो परिच्छेदमा **विधमान नीतिगत तथा कानुनी व्यबस्था** उल्लेख गरीएको छ । चौथो परिच्छेदमा सर्वोच्च अदालतबाट प्रतिपादित नजीरहरुको अध्ययन विश्लेषण गरिएको छ । पाचौ परिच्छेदमा समस्या तथा चुनौतीहरु उल्लेख गरीएको छ । नेपालको कानूनी व्यवस्था र यस सम्बन्धमा भएका अन्तराष्ट्रिय कानूनका प्रमुख व्यवस्थाहरु समावेश गरिएको छ ।

अन्त्यमा, छैठौं परिच्छेदमा अध्ययनबाट प्राप्त तथ्यहरुको बिश्लेषण गरी बिद्यमान समस्याहरुको पहिचान गरिएको छ र समस्या समाधानका लागि उपयुक्त सुझावहरु प्रस्तुत गरिएको छ।

परिच्छेद -२

संगठित अपराध र सम्पती शुध्दीकरण सम्बन्धी अवधारणा

२ १.परिचय

वर्तमान युग भनेको विज्ञान र प्रविधिको युग हो। विज्ञान र प्रविधिको प्रचुर विकासले गर्दा मानव समुन्नतिमा ठूलो योगदान पुयाएको छ । विज्ञान र प्रविधिको विकासको कारण विश्वसुमुदाय एक समुदायमा सागुरिन पुगेको छ ।आधुनिक प्रविधि र विज्ञानको मद्धतले हरेक क्रियाकलाप संचालनमा मद्धत पुयाएको छ। व्यापारीक तथा आर्थिक क्रियाकलापमा वढोत्तरी भएको छ । संगठित अपराध पनि वर्तमान युगमा विज्ञान र प्रविधीको विकाश संगसंगै विकसित भएर आएको हो भन्न सकिन्छ । यो पुरानो अपराधको विकसित रुप हो भन्ने कुरा अपराधको ईतिहास वाट देखिन्छ। विगतमा पनि संगठित अपराधको रुपमा अवैध व्यापार तथा ओसार पसार, शसस्त्र डाँका र लुटपाट लगाएतलाई हेरिन्थ्यो ।

वर्तमान समयमा अपराधको प्रकृती र स्वभाब यसको कार्यजालो विश्व व्यापारीकरण आर्थिक सामाजिक विकाश र राष्टिय सुरक्षामा पार्ने प्रतिकूल असरवाट यसको गम्भिर्यताको मापन गर्न सकिन्छ।अपराध विहीन समाजको परिकल्पना गर्न सकिदैन ।नेपाल पनि यस वाट अछुतो रहन सक्ने कुरा असंभव छ । चरम दण्डहिनताबाट आक्रान्त नेपाली अहिले यसको समाधान खोजिरहेका छन ।हामी जो सुरक्षित छौ केवल अपराधी समूहको नजरमा नपरेर मात्र सुरक्षीत रहेका छौ । राज्यको शान्ति सुरक्षाको स्थितिमा सुधार आएर सुरक्षित भएको भन्न सकिने स्थिती छैन । सवै वर्गका व्यक्तिलाई अपहरण गरी फिरौती मागि त्रसित पारिएको र फिरौति दिन नसके हत्या गरीएको देखिन्छ । संगठित अपराधी समूहले सर्पले फणा उठाएको जस्तो उठाईरहेका कारण स्थिति जटिल वन्दै गइरहेको छ ।

<u>संगठित अपराधको विशेषताहरु</u>

- **यसमा मूलतः निम्न ३ वटा विशेषता पाईन्छः**
- **आपराधिक समूह** (The Criminal Groups)
- **यसका संरक्षक** (The Protectors)
- **संस्थागत आपराधिक सहयोग** (The Organized Crime Support)

अन्य विशेषताहरु :

- **अपराधीहरुको समान स्वार्थ र उदेश्य रहने।**
- **अपराधिक पृष्टभुमि भएका व्यक्तीहरु संलग्न रहने।**
- **अपराधीहरु थपघट भए पनि अपराध कर्म निरन्तर चलिरहने।**
- **नेतृत्व तह र जिम्मेवारीको वाडफाँड गरीने।**
- **अर्थोपार्जन नै मूल उदेश्य हुने ।**

क्षेत्रिय तथा अन्तराष्ट्रिय प्रयास :

- United Nations Convention against Transnational Organized Crime 2000
- महिला र वालवालिकाको वेचविखन रोकथाम र सामनासम्वन्धि सार्क महासन्धि २००२
- अन्तरदेशिय संगठित अपराध सम्वन्धि संयूक्त राष्टसंघिय महासन्धि २००४
- भष्टचार विरुद्धको संयुक्त राष्टसंघिय महासन्धि २००३
- Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially Women and Children, supplementing the United Nations Convention against Transnational Organized Crime
- Protocol against the Smuggling of Migrants by Land, Sea and Air, supplementing the United Nations Convention against Transnational Organized Crime

अन्तरदेशीय संगठित अपराध बिरुद्ध महासन्धि २००० मा भएको प्रमुख प्रावधानहरु :

विश्वव्यापीकरण र विज्ञान र प्रविधिको प्रयोगले विश्वलाई एउटा साधुँरो घेराभित्र राखेको छ । यसको प्रयोगले राष्ट्रलाई समून्नती तिर लगिरहेको छ । अन्तराष्ट्रिय सहयोगमा बृद्धि भएको छ । एकातिर यसले थुप्रै सकारात्मक पक्षहरुलाई उजागर गरेको छ भने त्यसको ठिक विपरित अपराधिक समुहहरुले समेत अन्तराष्ट्रिय रुपमा आफ्नो सञ्जाल विकसित गरी अपराधिक क्रियाकलापहरु संचालन गरी अन्तर्राष्ट्रिय रुपमा चुनौतीहरु विश्व सामु ल्याई रहेका छन् । संगठित अपराधबाट वर्तमान विश्व परिवेशमा देखा परेका चुनौतीहरुलाई अन्तर्राष्ट्रिय रुपमा निवारण गर्न अन्तर्राष्ट्रिय सहयोग र प्रतिबद्धताको खाँचो भएको कारण संयुक्त राष्ट्र संघले सन् २००० मा अन्तरदेशिय संगठित अपराध विरुद्धको महासन्धी निमार्ण गरी पक्ष राष्ट्रहरुलाई देहायको विषयलाई समेटने गरी कानुन निमार्ण गर्न आहवान गरेको छ ।

- **संगठित अपराधिक समुहलाई अपराधीकरण गर्नुपर्ने**
- **भ्रष्टाचारलाई अपराधिकरण गर्नुपर्ने**

- **पारस्परिक कानूनी सहायता सम्बन्धी व्यवस्था हुनु पर्ने**
- **साक्षीहरुको संरक्षण गरिनु पर्ने**
- **तालिम र प्राविधिक सहयोग सम्बन्धी व्यवस्था**
- **अपराधबाट प्राप्त सम्पत्तिलाई अपराधीकरण गर्नु पर्ने**
- **सम्पत्ति जफत गर्ने व्यवस्था**
- **न्यायमा अवरोध गर्ने कार्यलाई अपराधिकरण गर्नुपर्ने**
- **पीडितलाई सहयोग र संरक्षण गर्नु पर्ने**
- **निरोधात्मक उपायहरुको अबलम्बन गर्नुपर्ने ।**
- **Money Laudering** शब्द सर्वप्रथम अमेरीकी पत्रकारहरुले सन् १९७३ को वाटरगेट काण्डको रिपोर्टिङ गर्दा प्रयोग गरेका थिए ।यो कसुरको ऐतिहासिक प्रमाण फेला पार्न नसकिएको भएपनि दोस्रो विश्वयुध्दताका अमेरीकी सैनिकहरुले अवैध मदिराको विक्री वितरण गर्ने, गैरकानुनी जुवा खेल्ने आदी कार्यबाट ठुलो मात्रामा रकम जम्मा गरि स्वीजरल्याण्ड स्थित स्वीस बैंकमा जम्मा गर्ने गरेको समयदेखि सुरु भएको मानिन्छ।स्वीस बैकको गोपनीयता सम्बन्धी नीतिका कारण यो कसुर संचालन गरी ठुलो मात्रामा कालो धन आर्जन गरी बैकमा जम्मा गर्ने आकर्षण बढदै गएको देखिन्छ।[1]
- सम्पती शुद्धीकरण (Money Laundering) भन्नाले गैर कानूनी कार्य गरी आर्जन गरेको, आर्जनको स्रोत नखुलेको,अवैध तरिकाले आर्जन गरिएको, करको दायरा नसमेटिएको,आपराधिक कार्यबाट आर्जन गरिएको र प्रयोगको दृष्टिले गन्तव्य स्पष्ट नभएको सम्पति लाई वैधानिक बनाई कानूनी स्रोतबाट प्राप्त भएको पुष्टी गर्न कुनै पनि व्यक्ति, समुह वा संगठनले अपनाउने कृत्रिम तरिका,प्रकृया या विधि नै सम्पति शुध्दीकरण हो। सामान्यतयाः कानूनब्दारा निषेधित उपायहरु अवलम्वन गरी कमाएको सम्पति लाई विभिन्न चरणमा बदलेर चोख्याउने ,शुद्ध पार्ने, कानुनी रुपमा योग्य बनाउने कार्य सम्पति शुद्धीकरण हो । यो आपराधिक कार्यमा संलग्न हुनेहरुले सम्पति शुद्धीकरण गर्न राज्य संयन्त्रको दुरुपयोग गरी विभिन्न जटिल एवं बहुचक्रीय प्रक्रिया अवलम्वन गर्ने गरेको समेत पाइन्छ । त्यसैगरी सम्पति शद्धीकरण निवारण

[1] www.fatf-gafi.org/publications/methodsandtrends

भन्नाले गैर कानूनी कार्यबाट आर्जित धन सम्पति पहिचान गर्ने, दोषीलाई कारवाही गर्ने र त्यस्ता आर्जन नियन्त्रण गर्ने कार्यको एकीकृत प्रणालीलाई बुझिन्छ । सम्पति शुध्दीकरण त्यस्तो आपराधिक क्रियाकलाप हो जसले आपराधिक र गैरकानुनी आयबाट आर्जित आयलाई नाटकीय रुपमा कानूनी आय बनाईदिन्छ[2]। त्यस्तै गरी Money laundering is a scheme whereby the proceeds of an illegal activities are the transacted and made to appear to have originated from legitimated source[1]. त्यसै गरी FATF ले गरेको सम्पत्ति शुद्धीकरणको परिभाषामा The process of criminal process to disguise their illegal origin in order to legitimize the ill-gotten gains of crime.[2]

- सम्पति शुध्दीकरण फोहोरी धन **(Dirty Money)** लाई सेतो धनमा परिणत गराउने गैरकानुनी प्रकृया हो। यो अपराधमा विशेष गरी सम्पतिको वास्तविक स्रोत,प्रकृति र स्वामित्व परिवर्तन गरेर गैरकानुनी सम्पतिलाई कानुनी आवरण दिईन्छ ।सम्पति शुध्दीकरण आफैमा मूल अर्थात सम्बध्द् कसूर होईन **(Predicate Offence)** होईन र यो मूल कसूरको सह-अपराध**(Secondary Offence)** को रुपमा रहने अपराध हो।यो एक बहुआयामिक **(Multi-Dimensional Crime)** वितीय अपराध हो[3] ।
- श्वेतग्रीवी अपराधसंग **(White Collor Crime)** सम्बन्धित शव्दहरुको परिभाषा गर्ने क्रममा अमेरीकास्थित **National Institute of Justice** ले एक वा धेरै बैकल्पिक प्रकृयाबाट गैरकानुनी आर्जनलाइ लुकाइ कानुनी आर्जनमा परिवर्तन गर्ने प्रक्रियालाइ सम्पति शुध्दीकरण भनी परिभाषा गरेको पाइन्छ।
- **Interpol** को सन् १९८५ को साधारण सभाले अंगीकार गरेको परिभाषा अनुसार सम्पति शुध्दीकरण भन्नाले त्यस्तो कार्य हो जसमा अवैधानिक रुपबाट प्राप्त भएको धनको स्रोत लुकाइन्छ वा रुप परिवर्तन गरिन्छ जसको कारणबाट त्यस्तो धन वैधानिक स्रोत बाट आएको देखिन्छ।

---

[2] न्याय प्रशासनका आयामहरु श्याम कुमार भट्टराई

[3] गोविन्द खनाल, न्याय व्यबस्थापनका विविध पक्षहरु

- **Black's law Dictionary** ले सम्पति शुध्दीकरणलाइ अवैधानिक तरिकाले प्राप्त आयलाइ मौलिक स्रोत लुकाउन कानुनी व्यक्ति वा लेखा प्रणालीको प्रयोग गरेर वैध आयमा रुपान्तरण गर्ने क्रिया हो भनि परिभाषा गरेको छ।
- यसरी अचल सम्पतिको खरिद विक्रि गर्ने, गैरकानुनी सम्पतिलाई कानुनी सम्पतिमा मिसाउने, वितीय संस्थाहरुको प्रयोग गर्ने, बहुमुल्य बस्तुहरुको खरिद बिक्रि गर्ने, क्यासिनो प्रयोग, तस्करी, सरकारी नीति (स्वच्छिक कर घोषणा) शेयर विक्रि, बैकमा जम्मा गर्ने(स्वदेशी र विदेशी)ठेक्का पट्टाबाट भएको आय देखाउने,उधोगधन्दामा लगानी गर्ने लगाएतका कार्यहरु सम्पति शुध्दिकरणका तरिकाहरु हुन ।
- सम्पति शुध्दीकरण गर्ने तरिका देश अनुसार फरक फरक हुने गरेको देखिएता पनि सामान्यतया: विश्वभरिनै तीन चरणहरुको माध्यमव्दारा सम्पतिको शुध्दीकरण गरीएको पाईन्छ।

२.२ सम्पति शुध्दीकरणका चरणहरु :-

क. **स्थापित गरेर (Placement):** यो सम्पतिको शुध्दीकरण गर्ने पहिलो चरण हो।यस चरणमा मूलत:अवैध धनलाई विभिन्न आर्थिक कृयाकलापमा लगानी गरेर,घरजग्गा खरिद गरेर,बैकिक क्षेत्रमा लगानी गरेर, मुद्रा परिवर्तन गरेर गैरकानुनी स्रोतबाट आर्जित सम्पतिलाई कानुनी रुपमा स्थापित गराउने प्रयत्न गरिन्छ ।

ख. **तह मिलान गरेर (Layering):** स्थापित गरिएको फोहोरी धनलाई प्राप्त स्रोतको वास्तविकतालाई ढाकछोप गरि सम्पतिको स्रोत नखुलोस भन्ने उध्देश्यले अवैध मुद्रालाई शेयर, ट्राभलर चेक, गलत कागजको सिर्जना , गलत सम्पतिबाट खरिद गरेको सम्पति पुनः विक्रि वितरण गरेर तहगत रुपमा मिलान गर्दै कानुनी सम्पतिमा परिणत गर्ने गरिन्छ ।

ग. **एकिकृत गरेर (Integration):** यो सम्पतिको शुध्दीकरण गर्ने अन्तिम चरण हो। जसको माध्यमबाट अचल सम्पति खरिद गर्ने विदेशी बैंकमा लगानी गर्ने, वैध र अवैध सम्पतिलाई

एकै ठाउमा मिसाएर वैध बनाउने लगाएतका तरिकाहरु अपनाई सम्पत्तीको शुध्दीकरण गरेर कानुन बमोजिमको बनाईन्छ।[4]

सम्पत्ति शुद्धीकरण गर्ने तरिका



[4] https://people.exeter.ac.uk

परिच्छेद –तीन

विधमान नीतिगत तथा कानुनी व्यबस्था

३.१ राष्ट्रीय कानुनी व्यबस्था :-

सम्पति शुध्दीकरण निवारण गर्नका लागी विशिष्टीकृत कानूनको रुपमा नेपालमा सर्वप्रथम नेपाल सरकारले २०६४ सालमा सम्पत्ति शुद्धीरकण निवारण ऐनको व्यवस्था गरेको हो। गैरकानूनी र आपराधिक क्रियाकलापबाट आर्जित सम्पत्तिलाई नियन्त्रण गर्ने, कसुरदारलाई कानूनी दायरामा ल्याई दण्डीत गर्ने अभियान स्वरुप नेपाल सरकारले २०६४ साल माघ १४ गते सम्पत्ति शुद्धीरकण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ जारी गर्यो भने सम्पत्ति शुद्धीरकण (मनि लाउन्डरिङ्ग) नियमावली, २०६६ लागू भयो । हाल उक्त नियमावली खारेज भै २०७३ मा बनेको नियमावली लागू रहेको छ । सम्पत्ति शुद्धीरकण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ मा वि.स. २०६८ सालमा पहिलो र २०७० सालमा दोस्रो संशोधन भै हाल प्रचलनमा रहेको छ । तत्कालिन अवस्थामा नेपाल सरकारले सम्पत्ति शुद्धीरकण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिमको कसुरको अनुसन्धान तथा तहकिकात गरी अभियोजन गर्ने समेतको कार्यजिम्मेवारी राजश्व अनुसन्धान विभागलाई सुम्पेकोमा नेपाल सरकारको २०६८ साल अषाढ १ गतेको निर्णयले अर्थ मन्त्रालय मातहतमा रहने गरी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको मिति २०६८।४।२० मा स्थापना भई तदनुरुप कार्यहरु गर्दै आईरहेकोमा २०७४ साल फागुन ११ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाअनुसार हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत रहेर आफ्नो कार्य जिम्मेवारी सम्पादन गर्दै आईरहेको छ । त्यसै गरी नेपाल सरकारले सम्पत्ति शुद्धीरकण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणको कार्यलाई प्रभावकारी एवं नतिजामुखी बनाउन वि.स. २०६८ साल कार्तिक २८ गते सम्पत्ति शुद्धीरकण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी पञ्चवर्षीय राष्ट्रिय रणनीति तथा कार्ययोजना २०६८-२०७३ जारी गरी कार्यान्वयनमा ल्याएको थियो ।

सम्पति शुध्दीकरण निवारण ऐन, २०६४ ले मुख्य रुपमा सम्बध्द कसूरहरु (Predicate Offence)गरी सम्पति आर्जन गरेको विषयलाइ सम्पति शुध्दीकरणको कसूर तथा आतंकवादी कार्यमा व्यक्ति वा संगठन संलग्न भइ आतंकवादी क्रियाकलापमा वितीय लगानी निवारणको लागि आवश्यक निवारणात्मक व्यबस्थाहरु (Preventive Measures) र नेपाल सरकारले सम्पत्ति शुद्धीरकण तथा आतङ्कवादी क्रियाकलापमा नियन्त्रण र सजाय गर्न यो ऐन आएको हो भनी उल्लेख गरिएको छ । अपहरण, भ्रष्टाचार, आतंकवाद तथा राजश्वको छली आदि गैरकानूनी कार्यबाट आर्जित सम्पत्ति भूमिगतरूपमा पुनः त्यस्तै गैरकानूनी कार्यमा लगानी हुने र शुद्धीकरण गर्ने चक्रहरू चली रहने हुँदा पुनःत्यस्तो गैरकानूनी कार्यबाट आर्जित सम्पत्ति आपराधिक कार्यमा प्रयोग नहोस्, आपराधिक कार्य रोकियोस् भनी निवारणात्मक व्यवस्था (Preventive Measures) को प्रयोजनार्थ सम्पत्ति शुद्धीकरण ऐन आएको हो । जसमा सम्पत्ति शुद्धीकरणको सोझै परिभाषा नदिए पनि कसैले पनि सम्पत्ति शुद्धीकरण गर्न नहुने भनी निम्न प्रावधान राखेको छः–

- सम्पतिको गैरकानूनी स्रोत लुकाउने वा छल्ने वा कसूरमा संलग् व्यक्तिलाई (इलिसिट ओरिजिन) कानूनी कारबाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पति कुनै पनि प्रकारले रूपान्तरण वा हस्तान्तरण गर्ने,
- कसूरबाट प्राप्त सम्पति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पतिको सही प्रकृति, स्रोत, स्थान, निसर्ग (डिस्पोजिसन), कारोबार (मुभमेण्ट), स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने, वा कसूरबाट प्राप्त सम्पति हो भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने ।

- कुनै व्यक्तिले माथि लेखिए बमोजिमको कुनै कार्यको षडयन्त्र, मद्दत, दुरुत्साहन, सहजीकरण, मतसल्लाह वा उधोग गर्न वा सम्बद्धता वा सहभागिता जनाउन वा मतियार हुन हुँदैन र उल्लिखित कुनै कार्य गरेमा त्यस्तो कार्य सम्पत्ति शुद्धीकरण सम्बन्धी सम्पति शुद्धीकरण सम्बन्धी कसूर हुने।

- कसैले उपदफा १ वा ई मा उल्लेखित कुनै कार्य गरेमा त्यस्तो कार्य सम्पति शुध्दीकरण सम्वन्धी कसूर हुनेछ।

सम्पति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वितीय लगानी निवारण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट विभिन्न प्रयासहरु हुँदै आएका छन् । एशिया प्रशान्त क्षेत्रका मुलुकहरुको सम्पति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वितीय लगानी निवारणसँग सम्बन्धित काम एशिया प्रशान्त क्षेत्र समूह (ए.पी.जी.)ले गर्ने गरेको छ ।

३.२ सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कार्यविधिगत कानूनी व्यवस्था:[५]

➢ सम्पत्ति शुद्धीकरण आफैमा पहिलो अपराध नभई सम्पत्ति शुद्धीकरण गर्न गरिने सम्वद्ध कसुर (Predicate offen) को अपराध गरेपछि आउने सहअपराध (Secondary offence) भएकोले यसलाई वित्तीय अपराध समेत भनेर भन्ने गरिन्छ । सम्पत्ति शुद्धीरकण २०६४ को ,निवारण ऐन (मनि लाउन्डरिङ्ग) अनुसार कुनै व्यक्तिले देहायको कुनै कार्य गर्न वा गरा (१) दफा ३उन हुदैन गरेमा सम्पत्ति शुद्धीकरण गरेको मानिने कानूनी व्यवस्था रहेको छ ।

[5] सम्पति शुध्दीकरण निवारण ९मनि लाउन्डरिङ्ग० ऐन, २०६४ तथा नियमावली २०६६

कानुन किताव व्यवस्थापन समिती

- सम्पत्तिको गैरकानूनी श्रोत लुकाउने वा छल्ने वा कसुरमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीबाट बचाउन सहयोग गर्ने उद्धेश्यले कसुरबाटै प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नुपर्ने मानसिव आधार हुदा हुदै त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रुपान्तरण वा हस्तान्तरण गर्ने ।
- कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मानसिव आधार हुदाहुदै त्यस्तो सम्पत्तिको सही प्रकृति,स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार ,कारोबार ,निसर्ग ,स्थान ,स्रोत छल्ने वा बदल्ने । ,लुकाउने
- कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने मनासिव आधार हुँदाहुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने. प्रयोग गर्ने वा धारण गर्ने । कुनै व्यक्तिले उल्लेखित कुनै कार्यको षड्यन्त्र, मद्धत, दुरुत्साहन, सहजीकरण मतसल्लाह वा उपयोग गर्न वा सम्वद्धता वा सहभागिता जनाउन वा मतियार हुनहुदैन ।
- कसैले उ (३)वा मा उल्लेखित कुनै कार्य गरेमा त्यस्तो कार्य सम्पत्ति शुद्धीकरण सम्बन्धी (२) कसुर हुनेछ ।

३.३ आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी गर्न नहुने :-

सम्पत्ति शुद्धीरकण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४ (१) अनुसार कनै व्यक्तिले आतङ्कारी कार्यमा वा आतङ्कवादी व्यक्ति वा आतङ्कवादी सँगठनलाई पूर्ण वा आंशिक रुपमा प्रयोग गर्ने वा गर्न सक्ने कुरा थाहा पाउँदा पाउँदै गैरकानूनी मनसायले स्वेच्छापूर्ण कुनैपिन माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्पत्ति वा कोष उपलब्ध गराउन वा संकलन गर्न हुदैन गरेमा आतङ्कारी क्रियाकलापमा वित्तीय लगानी गरेको मानिने कानूनी व्यवस्था गरेको छ । दफा ४ (२)मा कुनै व्यक्तिले उपदफा मा उल्लेखित कुनै कार्य (१)को उद्योग गर्न हुदैन ।

दफा ४(३) मा कुनै व्यक्तिले आतङ्कारी कार्य गर्नकोलागि वा आतङ्कारी व्यक्ति वा आतङ्कारी संगठनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै पनि माध्यमबाट भौतिक सहयोग वा साधन स्रोत उपलब्ध गराउन वा सो को षड्यन्त्र गर्न हुदैन ।

यी माथि उल्लेखित कार्यका अलवा त्यस्तो कार्य गर्नमा मतियारको रुपमा काम गर्न अन्य व्यक्तिलाई त्यस्तो कार्य गर्नकोलागि सँगठित गर्ने वा निर्देशन दिने आपराधिक कार्य गर्न बढवा वा योगदान दिने समेतका कार्यहरु गर्न हुदैन ।

सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २९ ले सम्वद्ध कसुरमा मुद्धा नचलेको वा चलेकोमा पनि नठहरेको कारणलेमात्र सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा मुद्धा चलाउन र सजाय गर्न बाधा पर्ने छैन भन्ने व्यवस्था गरेकोले सम्वद्ध कसुरको कसुरदारले गैर कानूनी तरिकाबाट आर्जन गरेको सम्पत्तिलाई जुनसुकै अवस्थामा पनि कानूनी दायरामा ल्याउन सक्ने बाटोलाई सुरक्षित रुपमा राखको छ ।

३.४ सम्पति शुध्दीकरण अपराध अनुसन्धान सम्वन्धी कार्यविधिगत पक्ष:-

१) उजुरी वा सूचना प्राप्त गर्ने [6]

ऐनको दफा १३ मा उजुरि दिन सकिने व्यवस्था गरेको छ । मौखिक उजुरीलाई पनि लिखित रुपमा दर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । उजुरीकर्ताले आफ्ना नाम,ठेगाना गोप्य राख्न चाहेमा कुनै गोप्य संकेत राखी दर्ता गरिने व्यवस्था रहेको छ । कसैले सम्पत्ति शुद्धीकरण तथा गर्न लागेको वा गरिरहेको ,आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुर गरेको भन्ने कुरा विभाग वा विभागको कुनै कर्मचारीलाई कुनै व्यहोराले थाहा हुन आएमा त्यस्तो व्यहोरालाई उजुरीको रुपमा दर्ता गर्नुपर्ने व्यवस्था सो ऐनमा रहेको छ

[6] ऐ ऐ

२) प्रारम्भिक जाँचबुझ गर्ने

ऐनको दफा १४ अनुसार दर्ता गरी विभागको प्रमुखले अधिकृत कर्मचारीलाई प्रारम्भिक जाँचबुझ अधिकृत तोक्ने व्यबस्था गरेको छ । प्रारम्भिक जाँचबुझ गर्दा प्रारम्भिक जाँचबुझ अधिकृतले अनुसन्धान अधिकृतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछ । यसरी जाँचबुझ गर्दा सम्पत्ति शुद्धीकरण गरेको वा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी गरेको देखिने अवस्था तत् सम्बन्धी प्रमाण नदेखिएमा जाँचबुझ अधिकृतको प्रतिवेदनका आधारमा उजुरीलाई तामेलीमा राख्न सक्ने र यदी प्रारम्भिक जाँचबुझबाट सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुर भएको वा हुन सक्ने मानसिव आधार भई अनुसन्धान अगाडी बढाउनु पर्ने देखिएमा जाँचबुझ अधिकृतको प्रतिवेदनका आधारमा विभागको प्रमुख आफैले अनुसन्धान गर्न वा आवश्यकता अनुसार विभागको कुनै अधिकृत कर्मचारी, अन्य सरकारी अधिकृत कर्मचारी वा सार्वजनिक संस्थाको कुनै अधिकृत कर्मचारीलाई अनुसन्धान व्यवस्था छ ।

३) अनुसन्धान अधिकृत नियुक्त गर्ने वा तोक्ने

ऐनको दफा १४ अनुसार प्रारम्भिक जाँचबुझबाट कुनै उजुरी वा सूचनाका सम्बन्धमा अनुसन्धान गर्नुपर्ने देखिएमा ऐनको दफा १५ अनुसार विभागको प्रमुखले अनुसन्धान अधिकृत नियुक्त गर्ने वा तोक्ने व्यवस्था रहेको छ । सरकारी निकायमा कार्यरत अधिकृत तथा सार्वजनिक संस्थामा कार्यरत अधिकृतलाई समेत अनुसन्धान अधिकृत तोक्न सक्ने अधिकार विभागको प्रमुखलाई रहेको छ । अन्य निकायका अधिकृतलाई अनुसन्धानको कार्य गर्ने अधिकार प्रदान गर्दा ती निकायको प्रमुखसँग परामर्श गर्नुपर्ने व्यवस्था छ । यसको साथै सम्बन्धित निकाय वा संस्था सँग समन्वय तथा परामर्शमा एक वा एक भन्दा बढी सरकारी वा सार्वजनिक निकायलाई समेत अनुसन्धानको कार्य सुम्पन सकिने व्यवस्था छ । एक भन्दा बढी निकायलाई अनुसन्धानको जिम्मेवारी दिदा संयुक्त अनुसन्धान टोलीले अनुसन्धान अधिकृतले प्रयोग गरेको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने व्यवस्था रहेको छ ।

४) अनुसन्धान अधिकृतको काम, कर्तव्य र अधिकार

अनुसन्धानकर्ताले अनुसन्धान गर्दा कसुरको प्रकृतिको सूचना संकलन गर्ने कसुरदारको संलग्नता देखिने प्रमाणहरु जस्तै सरकारी निकाय, नियमनकारी निकाय सूचक संस्था वा सम्बन्धित व्यक्ति सँग रहेको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुर सम्बन्धी कसुरसँग सम्बन्धित कागजात, अभिलेख विवरणको जानकारी पेश गर्न आदेश दिन सक्दछ । त्यस्ता कसुर सँग सम्बन्धित प्रमाण भएको जुनसुकै निकाय वा व्यक्ति वा स्थानबाट बरामद गर्नु परेमा सूचना दिई खानतलासी लिने बरामद गर्ने अधिकार रहेको छ । आरोपत व्यक्तिलाई पक्राउ गरी प्रचलित कानून बमोजिम थुनामा राख्ने, हाजिर जमानतमा छाड्ने, जमानत माग गर्ने, जमानता नदिएमा थुनामा राख्ने तथा बयान गराउने अधिकार रहेको छ । कसुरबाट प्राप्त सम्पत्ति वा कसुरसँग सम्बन्धित साधन रोक्का राख्ने, नियन्त्रणमा लिन त्यस्तो साधन वा सम्पत्तिको परिचालन गर्ने, पत्ता लगाउने समेतका अधिकारहरु प्रदान गरिएको छ ।

क. आदेशको पालना नगर्नेलाई सजाय गरिने :-

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुर सम्बन्धमा भएको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकृतले दिएकोमा आदेश पालना नगर्ने व्यक्तिलाई अनुसन्धान अधिकृतको प्रतिवेदनको आधारमा विभागको प्रमुखले पाँच लाख रुपैयासम्म जरिवाना गर्न सक्ने व्यवस्था उक्त ऐनको दफा १६(२) मा रहेको छ । यसकासाथै कसुरसँग सम्बन्धित सम्पत्ति वा साधन रोक्का राख्न आदेश दिएकोको सोको पालना नगर्ने व्यक्तिलाई समेत मुद्धा चलाउन पाउँने व्यवस्था गरी अनुसन्धान अधिकृतलाई अधिकार सम्पन्न बनाएको देखिन्छ ।

ख. अनुसन्धानका लागि थुनामा राख्न पाउने व्यवस्था :-

सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा १७ मा थुनामा राख्ने सम्बन्धी व्यवस्था छ । सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरको आरोप लागेको वा कसुरमा संलग्न भएको वा सोको शंका गर्नुपर्ने मानसिक आधार भएको व्यक्तिलाई थुनामा राख्दा प्रचलित कानून बमोजिमको थुनुवा पुर्जि दिई थुनामा राख्ने व्यवस्था ऐनले गरेको छ । थुनामा राखेको व्यक्तिलाई २४ घण्टाभित्र मुद्धा हेर्ने अधिकारी समक्ष उपस्थित गराई निजको आदेश बमोजिम मात्र थुनामा राख्न सकिन्छ । उक्त ऐनको दफा १७(४) बमोजिम अनुसन्धानको क्रममा थुनामा राख्दा एकै पटक वा पटक पटक गरी ३० दिनमा नबढ्ने गरी नब्बे दिनसम्म थुनामा राख्न पाउने व्यवस्था छ ।

ख. रोक्का राख्न वा नियन्त्रणमा लिने ब्यवस्था :-

ऐनको दफा १८ मा अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकृतले शुद्धीकरण गरिएको सम्पत्ति वा साधन,आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरबाट प्राप्त सम्पत्ति वा कोष रोक्का राख्न वा नियन्त्रणमा लिन सक्ने व्यवस्था रहेको छ । कसुरको अनुसन्धाको क्रममा उपस्थित हुन दिएको सूचना वा म्याद भित्र उपस्थित नहुने व्यक्तिको सम्पत्ति निज अनुसन्धान अधिकृत समक्ष उपस्थित नभए सम्मको लागि रोक्का राख्न आदेश दिन सक्नेछ । रोक्का राखिएको सम्पत्तिको सम्बन्धमा अन्य प्रचलित कानूनले गरेको विक्री वितरण वा हस्तान्तरण गर्न अन्य कुनै कारोवार गर्न वा लाभ लिन नपाउने व्यवस्था गर्न सक्नेछ । कसुरबाट प्राप्त सम्पत्ति वा साधन विदेशमा रहे भएको देखिएमा अनुसन्धान अधिकृतले त्यस्तो व्यक्तिको सम्पत्ति रोक्का राख्न वा नियन्त्रणमा लिन तत्काल परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित मुलुकमा लेखी पठाउनु पर्नेछ ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरमा अनुसन्धान भैरहेको व्यक्तिको नाममा राहदानी वा ट्राभलर डकुमेन्ट जारी नगर्न वा जारी भईसकेको भए

रोक्का राख्न सम्बन्धित निकायमा लेखि पठाउन सक्ने र सम्बन्धित निकायले समेत अनुसन्धान अधिकृतबाट लेखि आए बमोजिम गर्नुपर्नेछ ।

ग. कारोवारको नियमित अनुगमन गर्ने र विशेष अनुसन्धानबाट प्रविधि अवलम्बन गर्ने व्यवस्था

ऐनको दफा १९(क) र १९(ग) मा रहेको छ । अनुसन्धान अधिकृतले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरको अनुसन्धान भईरहेको कुनै व्यक्तिको कारोबारको नियमित रुपमा अनुगमन गरी प्रतिवेदन पेश गर्न सूचक संस्थालाई निरन्तर अनुगमन आदेश दिन सक्नेछ ।सूचक संस्थाले सम्बन्धित व्यक्तिको कारोबार नियमित रुपमा अनुगमन गरी त्यस्तो व्यक्तिको कारोबार सम्बन्धी प्रतिवेदन विभागमा पठाउनु पर्नेछ ।

अनुसन्धान अधिकृतले विभागको प्रमुखको प्रत्यक्ष निगरानीमा कसुरको अनुसन्धान गर्न प्रत्यक्ष भुक्तानी प्रविधि (कन्ट्रोल डेलिभरी) तथा सुराकी परिचालन (अन्डरकभर अपरेशन) गर्न सक्नेछ । कसुरको अनुसन्धानको सिलसिलामा कसुरमा संलग्न रहेको वा सोको शंका गर्नुपर्ने मनासिव आधार भएको व्यक्तिलाई तत्काल पक्राउ गर्नु भन्दा पक्राउ नगर्दा कसुरसँग तथा कसुरदारको सम्बन्धमा थप प्रमाण तथा सूचना हासिल हुन सक्ने भए त्यस्तो व्यक्तिलाई तत्काल पक्राउ नगरी निजको गोप्य निगरानी मात्र गर्न सक्ने गरी आदेश दिन सक्नेछ ।

(५) अनुसन्धान अधिकृतले अनुसन्धान प्रतिवेदन पेश गर्न

ऐनको दफा १५ बमोजिम नियुक्त भएको वा तोकिएको अनुसन्धान अधिकृतले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरको आरोप लागेको व्यक्तिको अनुसन्धान कार्य समाप्त गरी आफ्नो राय सहितको प्रतिवेदन सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण नियमावली, २०७३ को नियम ३६ बमोजिम सोही नियमावलीको अनुसूची १४ बमोजिम अनुसन्धान अधिकृतको राय सहित अनुसन्धान प्रतिवेदन विभागको प्रमुख समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेको छ । यस्तो अनुसन्धान प्रतिवेदनमा अनुसन्धान अधिकृतले को कुन व्यक्ति उपर के कुन कसुरमा के कुन सजायको मागदावी लिई मुद्धा

दायर गर्ने हो सोको स्पष्ट तथ्यगत विवरण, मूद्धा चलाउनुपर्ने भए सोको आधार कारण र प्रमाण तथा त्यस सम्बन्धी अन्य विवरण समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्छ ।

(६) मुद्धा दायर गर्न बहस पैरवी तथा प्रतिरक्षा गर्ने

ऐनको दफा २२ मा अनुसन्धान अधिकृतले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरको सम्बन्धमा अनुसन्धान समाप्त भएपछि राय सहितको प्रतिवेदन विभागको प्रमुख समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेको छ । यसरी आफूसमक्ष प्राप्त हुन आएको अनुसन्धान प्रतिवेदन विभागको प्रमुखले आफ्नो राय सहित मुद्धा चल्ने वा नचल्ने निर्णयका लागि विशेष सरकारी वकिल कार्यालय, काठमाडौंमा सम्बन्धित मिसिल एवं प्रमाण सहित पेश गर्नु पर्दछ । विशेष सरकारी वकिल कार्यालयका सरकारी वकिलले प्राप्त मिसिल अध्ययन गरी प्रमाणको विश्लेषण गरेर मुद्धा चल्ने नचल्ने निर्णय गर्नुकासाथै थप प्रमाण संकलन गर्नु पर्ने देखेमा थप अनुसन्धान गर्नकोलागि निर्देशनसहित मिसिल फिर्ता पठाउन सक्ने कानूनी व्यबस्था रहेको छ । विभागको प्रमुखले कसुरदारहरु उपर मुद्धा चलाउने गरी आफ्नो राय सहित विशेष सरकारी वकिल कार्यालयमा लेखी पठाँएकोमा मुद्धा चलाउने गरी निर्णय भई आएमा अनुसन्धान अधिकृतको नामबाट विभागले विशेष अदालत काठमाडौंमा अभियोगपत्र तयार गरी मुद्धा दायर गर्ने व्यवस्था रहेको छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट दायर भएका मुद्धाहरुमा नेपाल सरकारको मिति २०७०।०७।२५ को निर्णय अनुसार विशेष सरकारी वकील कार्यालयले बहस पैरवी र प्रतिरक्षा हुदै आईरहेको छ । सम्पत्ति शुद्धीकरण सम्बन्धी विशेष अदालतबाट भएका फैसलाउपर पुनरावेदन गर्नुपरेमा सरकारी वकिल सम्बन्धी नियमावली २०५५ को नियम १९ बमोजिम विशेष सरकारी वकिल कार्यालयबाट पुनरावेदनको मस्यौदा तयार गरी पुनरावेदन म्याद शुरु भएको १० दिनभित्र पठाउनुपर्दछ र यस्तो मुद्धामा पुनरावेदन लाग्ने म्याद ३५ दिन भित्रै महान्यायाधिवक्ताको कार्यालयमा पुनरावेदनको मस्यौदा पठाउनुपर्ने र उक्त पुनरावेदन पत्रमा आवश्यक संशोधन परिमार्जन गरि महान्यायाधिवक्ताको कार्यालयले सर्वोच्च अदालतमा

पुनरावेदन दायर गरी महान्यायाधिवक्ताको कार्यालयबाट त्यस्ता मुद्धामा वहस, पैरवी र प्रतिरक्षा हुने व्यवस्था रहेको छ ।

(७) दण्ड सजाय सम्बन्धी व्यवस्था

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी गर्नेलाई सजायको व्यवस्था उक्त ऐनको दफा ३० मा रहेको छ । जस अन्तर्गत सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर गर्ने व्यक्तिलाई विगोको दोब्बर सम्म कैद हुने र सोको षड्यन्त्र गर्ने व्यक्तिलाई उल्लेखित सजायको आधा सजाय हुने व्यवस्था उक्त ऐनले गरेको छ ।

त्यसैगरी आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुर गर्ने व्यक्तिलाई बिगो खुलेकोमा विगोको पाँच गुणा र विगो नखुलेकोमा रु. १ करोडसम्म जरिवाना हुने र कसुरको गाम्भीर्यता हेरी ३ वर्ष देखि २० वर्ष सम्म कैद हुने व्यवस्था उक्त ऐनले गरेको छ । आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरको उद्योग गर्ने, प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भौतिक सहयोग साधन, स्रोत उपलब्ध गराउने,मतियारको रुपमा काम गर्ने, संगठित गर्ने, निर्देशन दिने, आपराधिक कार्यमा बढवा दिनेलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था रहेको छ ।

कुनै राष्ट्रसेवक वा सूचक संस्थाको पदाधिकारी वा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कुनै कसुर गरेको त्यस्तो व्यक्तिलाई उल्लेखित सजायमा थप १० प्रतिशत सजाय हुने व्यवस्था गरी राष्ट्रसेवक र सूचक संस्थालाई थप जिम्मेवार बन्ने बनाउने र कसुर गरेमा थप सजाय गरी दण्डित गर्ने व्यवस्था उक्त ऐनले गरेको छ ।

(८) दोश्रो संशोधनवाट थप गरिएका व्यवस्था :

सम्पत्ति शुद्धीकरण निवारण ऐन (मनी लाउण्डरिङ्ग), २०६४ मा २०७० सालमा भएको दोश्रो संशोधनवाट निम्न बिशेष प्रावधान थप गरिएका छन्[7] :

- सूचक संस्था सम्बन्धी व्यवस्था
- सुचक संस्था भन्नाले वित्तीय संस्था वा गैर वित्तीय पेशाकर्मी वा व्यवसायीलाई बुझाउने
- सुचक संस्थाको जिम्मेवारी ऐनले नै तोकिदिएको
- सुचक संस्थाको जिम्मेवारीमा बेनामी वा काल्पनिक नाममा खाता खोल्न वा कुनै प्रकारको कारोबार गर्न वा गराउन नहुने, ग्राहकको पहिचान गर्नु पर्ने, सूचक संस्थाले व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा बास्तविक धनीको पहिचान गर्न आवश्यक उपाय अबलम्बन गर्नु पर्ने, सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिमको पहिचान तथा मुल्यांकन गर्नु पर्ने जस्ता कार्य उल्लेख गरिएको ।
- जोखिमसँग सम्बन्धित सबै पक्षहरुको विश्लेषण गरी जोखिमको स्तर निर्धारण गर्नु पर्ने,
- अभिलेख लिखित रुपमा राख्नु पर्ने,
- जोखिम न्यूनिकरणको लागि आवश्यक व्यवस्था मिलाई नियमित अनुगमन गर्नु पर्ने,
- आर्थिक वा कानूनी उद्देश्य स्पष्ट नदेखिने जटिल, ठुलो वा अस्वभाविक प्रकृतिको सबै कारोबारमा ध्यान दिनु पर्ने,
- आवश्यक कागजात, विवरण तथा जानकारी उपलब्ध नगराउने ग्राहकसँग कारोबार गर्न नहुने।

३.५ सम्पति शुध्दीकरण निवारण कार्यमा वितीय जानकारी ईकाइ :-

सम्पति शुध्दीकरण निवारण सम्बन्धी सूचना संकलन गर्न तथा विश्लेषण गर्नको लागि नेपाल राष्ट्रबैकमा वितीय जानकारी ईकाइ रहेको छ। जसको काम कर्तब्य र अधिकार यस प्रकार रहेको छ।

[7] ऐ, ऐ

- विभिन्न निकायबाट कारोवारको नियमित विवरण प्राप्त गर्ने
- प्राप्त विवरणको विश्लेषण गरी शंकास्पद कारोवार देखिएमा अनुसन्धानको लागि सम्पति शुध्दीकरण विभागमा पठाउने
- अन्य मुलुकका वितिय जानकारी ईकाइ सँग वितीय सूँचना आदान प्रदान गर्ने
- सम्पति शुध्दीकरण निवारण सँग सम्वन्धित निकायका कर्मचारीलाई आवश्यक तालिम प्रदान गर्ने
- तोकीए बमोजिमका अन्य कार्य गर्ने ।

३.६ नेपालमा सम्पत्ति शुद्धीरकण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरलाई निवारण गर्न निम्न अनुसारका कानून एवं नीतिहरु प्रचलनमा रहेका छन :-

सम्पत्ति शुद्धीरकण (मनि लाउन्डरिङ्ग)निवारण ऐन, २०६४

(क) संगठित अपराध निवारण ऐन,२०७०

(ख) पारस्परिक कानूनी सहायता ऐन,२०७०

(ग) सुपुर्दगी ऐन,२०७०

(घ) कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७०

(ङ) भ्रष्ट्राचार निवारण ऐन,२०५९

(च) सम्पत्ति शुद्धीरकण (मनी लाउनडरिङ्ग) निवारण नियमावली, २०७३

(छ) सम्पत्ति शुद्धीरकण (मनी लाउन्डरिङ्ग) निवारण (सूचिकृत व्यक्ति, समूह वा संगठनको सम्पति रोक्का) नियमावली, २०७०

(ज) पारस्पारिक कानूनी सहायता नियमावली,२०७०

(झ) वित्तीय कार्यवाही कार्यदल (FATF), का सिफारिसहरु

३.७ सम्पति शुध्दीकरण अपराध सम्बन्धमा सर्वोच्च अदालतबाट भएका न्यायिक अभ्यास :-

१. पुनरावेदक माधव कुमार भगत वि नेपाल सरकार[8] नेकाप २०७३ नि. नं.९७०८ अंक ११, भाग ५८

सम्पत्ति शुद्धीकरण निवारण ऐन (मनी लाउन्डरिङ), २०६४ को उद्देश्य अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरण गर्ने कार्यलाई निवारण गर्ने रहेको भन्ने यसको प्रस्तावनामा उल्लेख छ । अपहरण, भ्रष्टाचार, आतंकवाद तथा राजश्वको छली आदि गैरकानूनी कार्यबाट आर्जित सम्पत्ति भूमिगतरूपमा पुनः त्यस्तै गैरकानूनी कार्यमा लगानी हुने र शुद्धीकरण गर्ने चक्रहरू चली रहने हुँदा पुनः त्यस्तो गैरकानूनी कार्यबाट आर्जित सम्पत्ति आपराधिक कार्यमा प्रयोग नहोस्, आपराधिक कार्य रोकियोस् भनी निवारणात्मक व्यवस्था (**Preventive Measures)** प्रयोजनार्थ सम्पत्ति शुद्धीकरण ऐन आएको हो । सम्पत्ति शुद्धीकरण आफैंमा सम्बद्ध कसुर **Predicate Offence)** होइन अपितु मूल कसुरको सह) उत्पादन-By-Product) को रूपमा सह अपराध **Secondary Offence)** हो । मूल कसुरलाई लुकाई छिपाई त्यसबाट आर्जित सम्पत्तिलाई लुकाउन शुद्धीकरण गरिएको कसुर यस ऐनअन्तर्गत पर्दछ । यो एउटा बहुआयामिक वित्तीय अपराध)Multi-Dimensional Financial Crime) पनि हो । मूल अपराध लुकिने हुनाले शुद्धीकरणको अपराध भएपछि उसले मूल अपराध गर्‍यो वा गरेन र उसको अपराध गर्ने मनसाय थियो वा थिएन भनी विचार गरिँदैन । त्यसैले उक्त ऐनको दफा २८ ले कसैसँग आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा उसको सम्पत्ति अस्वाभाविक देखिएमा र उसले आर्जन गरेको स्रोत

[8] नेपाल कानून पत्रिका, www.supremecout.gov.np .

देखाउन नसके सम्पत्ति शुद्धीकरणको अपराध हुने व्यवस्था गरेको हो । अस्वाभाविक सम्पत्ति देखियो भने त्यसको स्रोत जायज थियो भनी प्रमाणित गर्नुपर्ने प्रमाणको भार प्रतिवादीमा राखिएको छ । प्रतिवादीले स्रोत देखाउन सकेन भने उसले सम्पत्ति शुद्धीकरणको अपराध गरेको हो भनी मान्नु पर्ने हुन्छ । त्यस्तो आयस्रोत लुकेको सम्पत्ति बरामद हुनु नै कसुरको लागि पर्याप्त हुने ।

२. पुनरावेदक प्रतिवादी सरिता गिरी राई समेत वि नेपाल सरकार नेकाप २०७३ अंक २ नि. नं. ९५४१

सम्पत्ति शुद्धीकरण निवारण ऐन (मनी लाउन्डरिङ), २०६४ को दफा ३० मा (५) यस ऐनअन्तर्गतको कसुर गर्न उद्योग गर्ने, गर्न मद्दत गर्ने वा दुरूत्साहन दिनेलाई कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार सम्पत्ति शुद्धीकरणको कसुरमा प्रत्यक्षरूपमा संलग्न नरही त्यस्तो कसुर गर्न उद्योग गर्ने, मद्दत गर्ने वा त्यस्तो कसुर गर्न दुरूत्साहन गर्नेलाई सम्पत्ति शुद्धीकरणको कसुर गर्ने मुख्य कसुरदारलाई हुने सजायको आधी सजाय हुने देखिन्छ । प्रतिवादी सरिता गिरीका नाममा अद्यापि विभिन्न बैंकमा नगद मौज्दात तथा जग्गा रहेको र निजले आफ्नो पति निर्मल राईको मृत्यु भएको भनी मृत्युदर्ता प्रमाणपत्र बनाई निर्मल राईका नाममा रहेको सम्पत्ति आफ्ना नाममा नामसारी गराई आफ्ना नजिकका नातेदार बाबु, आमा, दाजु, भाउजूका नाममा कुनै रकम नलिई तहतह हक हस्तान्तरण गरिदिएको देखिन्छ । उक्त सम्पत्ति निजले आफ्नै प्रयत्नबाट आर्जन गरेको नदेखिनुका साथै वादी नेपाल सरकारले पनि निजले सो सम्पत्ति आफैंले आर्जन गरेको भनी दाबी लिन सकेकोसमेत देखिँदैन । यसप्रकार यी पुनरावेदक प्रतिवादी सरिताले आफ्नो पति निर्मल राईले सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरी आर्जन गरेको सम्पत्ति प्राप्त गरेको तथा निजका नामको सम्पत्ति आफ्ना नाममा नामसारी गरी तहतह हस्तान्तरण गरी पतिले गरेको कसुर अपराधको कार्यमा सहयोगीको भूमिका निभाएको देखिने ।

३. पुनरावेदक दावा टाँसी लामा वि नेपाल सरकार नेकाप २०७२, नि. नं. ९४९९, भाग ५७, अंक११, भाग ५७[१]

कसैसँग आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा उसको सम्पत्ति अस्वभाविक देखिएमा र उसले आर्जन गरेको वैधानिक स्रोत देखाउन नसके सम्पत्ति शुद्धीकरणको अपराध हुने व्यवस्था गरेको देखिन्छ । कसैसँग अस्वभाविक सम्पत्ति देखियो भने त्यसको वैधानिक स्रोत वा जायज आर्जन थियो भनि प्रमाणित गर्ने प्रमाणको भार प्रतिवादीमा रहेको हुन्छ । प्रतिवादीले सम्पत्तिको स्रोत देखाउन सकेन भने उसले सम्पत्ति शुद्धीकरणको अपराध गरेको हो भनि मान्नु पर्ने ।

४. सुनिल जैसवाल समेत वि नेपाल सरकार नेकाप २०७०, नि. नं.९०५४, अंक ९, भाग ५५

प्रतिवादीहरूले नेपाली रूपैयाँ बोकी हिँड्नुमात्र आफैंमा कसूरजन्य कार्य हुन सक्दैन । कसूरजन्य कार्य तबमात्र मान्न सकिन्छ जब त्यस्तो रकम गैरकानूनीरूपमा आर्जन गरेको वा कानूनप्रतिकूल रूपमा लिएको वा धारण गरेको हुन्छ ।

रूपैयाँ सहटीको प्रयोजनका लागि धारण गरेकोसम्म कार्य सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्) निवारण ऐन, २०६४ को दफा ४(ङ) मा उल्लेख भएअनुसार विदेशी विनिमय नियमित गर्ने सम्बन्धी प्रचलित कानूनको उल्लङ्घन गरेको मान्न नमिल्ने ।

q३.७ सम्पति शुध्दीकरण अपराध सम्वन्धमा भएका अन्तराष्ट्रीय व्यबस्था :-

[१] ऐ, ऐ

सम्पति शुध्दीकरण सम्वन्धि समस्याबाट विश्वका प्रायःजसो मुलुकहरु आक्रान्त रहेको मानिएको छ। विश्वव्यापीकरणलेत यसलाई झन् अन्तरराज्यीय अपराधका रुपमा विकसीत गरेको छ।विश्वव्यापी मान्यता अनुरुप व्यक्तिगत वा सांगठनिक रुपमा हुने आतङ्कवादी क्रियाकलापमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने कार्यलाई आतङ्कवादी क्रियाकलापमा वितीय लगानी (Terrorist Financing) को रुपमा बुझिन्छ । सम्पत्ति शुद्धीकरण एवं आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको प्रभावकारी रुपमा नियन्त्रण नभएसम्म मुलुकमा स्थिरता, स्थायित्व, विकास, समृद्धि तथा समुन्नतिको मार्ग तय गर्न कठिन हुने भएकोले विश्वका अधिकांश मुलुकहरुले यस सम्वन्धमा कानूनी तथा नीतिगत, संरचनागत तथा अनुसन्धानगत उपायहरुको व्यवस्था गरि यस्ता अपराधहरुको रोकथाम नियन्त्रण एवं निवारणका लागि निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक लगायतका विधिहरु अवलम्वन गर्ने गरेका छन्। अन्तराष्ट्रीय स्तरमानै सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकालाप विरुध्द एकतावद्ध हुनुपर्छ भन्ने विषयमा विश्वका शक्तिशाली राष्ट्रहरु एकजुट भएपछि सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने र विश्वव्यापी सहयोग र सहकार्य प्रवर्दन गर्ने उद्धेश्यले एक विशिष्ट अन्तराष्ट्रीय निकायको रुपमा वित्तीय कार्यवाही कार्यदल **(Financial Action Task Force-FATF)** स्थापना गरीएको हो ।

(क) वित्तीय कारवाही कार्यदल (Financial Action Task Force-FATF)

सन् १९८९ मा ७ अधोगिक राष्ट्रहरुको समूह (G-7) र युरोपेली संघको संयुक्त प्रयासबाट सम्पत्ति शुद्धीकरण निवारणका गर्ने र यसका लागि अन्तराष्ट्रीय सहयोग बढाउने तथा सहकार्य प्रबर्ध्दन गर्ने उध्देश्यले स्थापना भएको एकमात्र अन्तराष्ट्रीय अन्तर सरकारी संस्था हो। प्रारम्भमा सम्पति शुध्दीकरण निवारण मात्र केन्द्रीत यो संस्थाको कार्य क्षेत्रमा सन् २००१ बाट तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी लाइ पनि समावेश गरिएको छ। यसले तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी कानूनी वितीय र कार्यान्वयन एवं नियमन निकायहरुको संस्थागत सुधारका लागि सहयोग समेत पुर्याउदै आएको छ।

(ख) एशिया प्रशान्त क्षेत्रीय समूह (Asian Pacific Group on Money Laundering -APG)

एशिया प्रशान्त क्षेत्रीय समूह (Asian Pacific Group on Money Laundering -APG) FATF सँग आबध्दता रहेको एशिया प्रशान्त क्षेत्रको सम्पति शुध्दीकरण निवरणमा क्रियाशील अन्तर सरकारी क्षेत्रीय संस्था हो। APG को स्थापना सन् १९९० मा गरिएको हो। हाल सम्म ४१ मुलुकहरु यसमा सदस्यका रुपमा रहेका छन। नेपाल पनि यसको सदस्य भएको छ। APG सम्पति शुध्दीकरण निवारण र आतंकारी कार्यमा वितीय लगानी न्युनीकरण एवं निवारण गर्ने क्षेत्रीय मन्च हो। यसले सम्पति शुध्दीकरण निवारणमा सदस्य राष्ट्रहरुबीच मानव संशाधन विकास र सूचनाको आदान प्रदान गर्ने कार्य गर्दछ। सदस्य राष्ट्रलाई AML/CFT (Anti-Money Laundering /Combating the Financing of Terrorism) को नीति बनाउन आवश्यक सहयोग तथा पृष्ठपोषण प्रदान गर्ने र पारस्परिक मूल्यांकन (Mutual Evaluation) गर्ने कार्यमा सहयोग गर्दै आएको छ।

(ग) एगमन्ट समूह (Egmont Group):-[10]

FATF सदस्य राष्ट्रहरुमा स्थापना गरिएका वितीय जानकारी ईकाई (Financial Information Unit-FIU) हरुको साझा संगठन हो। यसले सम्पति शुध्दीकरण र आतंककारी कार्यमा हुने वितीय सहयोगलाई नियन्त्रण गर्ने उध्देश्यले त्यस्ता सूचनाहरुको संकलन विश्लेषण अन्तरदेशीय सम्प्रेषण र FIU हरुवीचको सहयोगको आदान प्रदान गर्ने कार्य गर्दछ। FIU हरुको क्षमता अभिवृध्दी गर्ने कार्यमा पनि सहयोग आदानप्रदान गर्ने समेतको कार्य गर्दछ। विश्वभरमा FIU हरु एगमण्ट समूहको सदस्य रहने व्यबस्था छ।

[10] चुडामणी शर्मा महानिर्देशक Anti Money Laundering Journal 2071

परिच्छेद - चार

सम्पति शुध्दीकरण अपराधका असर र प्रभाव

४.१ असर र प्रभाव :-

सम्पति शुध्दीकरण सम्वन्धी कसुर गम्भीर प्रकृतिको फौजदारी अपराध हो। यो एक किसिमको संगठित अपराध पनि हो। यस अपराधले राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा अनेकौं समस्या सिर्जना गरेको छ। सामान्यतः अशुद्ध तरीकाले र मुख्यतः कानूनसम्मत् आर्थिक कारोबार नगरी धन थुपार्नाले आर्थिक नियमहरू, आर्थिक दक्षता तथा महत्वपूर्ण रूपमा कानूनी राजमा खलल आउने र अन्ततः मुलुकको समग्र अर्थतन्त्र नै ध्वस्त हुने हुन्छ । सम्पत्ति शुद्धीकरण वित्तीय अपराधको त्यस्तो पक्ष हो जसमा अवैध, गैर कानूनी एवं आपराधिक कार्य र कसुर गरी कमाएको सम्पत्तिको वास्तविक उत्पत्ति र स्रोत लुकाउने एवं छिपाउने र विभिन्न वित्तीय कारोवारको माध्यमबाट नयाँ कानुनी स्रोत सिर्जना गर्ने प्रयास गरी त्यस्तो सम्पत्तिलाई शुद्ध बनाएको वा बनाउने प्रयत्न भएको हुन्छ । निश्चित क्षेत्र, वर्ग वा मुलुकमा मात्र सिमित नरहने यस्ता अपराधले राज्यको समग्र कानुनी, वित्तीय तथा सुरक्षा प्रणालीलाई कमजोर बनाई अपराध र अपराधीलाई शक्तिशाली बन्न थप मद्वत पुऱ्याउँछ । यस्ता अपराधिक क्रियाकलापले मुलुकको वित्तीय प्रणालीको स्वरुप, अस्तित्व, साख, सन्तुलन तथा विकासमा नकारात्मक असर पुऱ्याई अन्ततः वित्तीय प्रणालीमा गम्भीर असर पुऱ्याउँदछ ।

- **मूलत : सम्पति शुध्दीकरणको गैरकानुनी कार्यबाट पर्ने असरहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः-**

- राज्यमा भ्रष्टाचारले प्रोत्साहन पाउछ ,
- राज्यको वितीय प्रणालीलाई वित्तिय क्षेत्रमा पारदर्शिता घटाउछ,
- आर्थिक लगानीका क्षेत्रहरु उच्च जोखिममा रहन पुग्छन,

- राज्यमा शान्ति सुव्यबस्था तथा सामाजिक आर्थिक र सुरक्षा खतरा बढ्छ,
- मुलुकको अर्थतन्त्र संकटमा पर्दछ,
- व्यापार घाटा पुर्याउछ ।
- कानुनको प्रयोग र सुपरिवेक्षणलाई कमजोर बनाउछ ।
- वित्तिय कारोवारको विश्वनियता हराउछ ।
- आर्थिक स्थिरतालाई नष्ट गर्छ ।
- बैदेशिक तथा घरेलु लगानिलाई आकर्षित गर्दैन ।
- आधिकारको दुर्पयोगलाई बढाउछ ।
- अपराधीलाई सबल बनाउछ ।
- दण्डहिनताले प्रश्रय पाँउने, इत्यादी ।

तसर्थ सम्पति शुध्दीकरण सँग सम्वन्धित कसूरहरुको अनुसन्धान गर्नका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग गठन भएको छ । वित्तीय अपराधको सूचना व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकमा वित्तीय जानकारी इकाईको गठन गरिएको छ । आतङ्कवादी क्रियाकलापमा वित्तिय लगानी नियन्त्रण सम्वन्धी कार्यमा गृह मन्त्रालयलाई समेत जिम्मेवार बनाइएको छ ।

परिच्छेद - पाँच

समस्या तथा चुनौतीहरु

५.१ समस्या तथा चुनौतीहरु:-

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको प्रभावकारी रुपमा नियन्त्रण नभएसम्म मुलुकमा अनुशासन स्थायित्व विकास समृध्दी तथा समुन्नतिको सुमार्ग तय गर्न कठीन हुन्छ। विश्वका अधिकांश मुलुकहरुले यस सम्बन्धी कसूर सीमाविहीन बहुआयामीक आर्थिक अपराध भएकाले सोको सञ्जाल पत्ता लगाउन कठिन हुने गरेको छ । सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि प्रवर्धनात्मक निरोधात्मक र उपचारात्मक लगाएतका सवै उपायहरु अबलम्वन गर्ने र कसूर सम्बन्धी अनुसन्धान गरी सम्बन्धित निकायमा अभियोजन पत्र दायर गर्ने लगायतको जिम्मेवारी वहन गरिरहेको सम्पति शुध्दीकरण अनुसन्धान विभागका समक्ष निम्नलिखित समस्या तथा चुनौतीहरु रहेका छन।

- सम्पति शुध्दीकरण सम्बन्धी कसूरहरुको व्यापकता फैलिदै गएको र सो अनुसार स्पष्ट कानुन निर्माण हुन नसकेको[11]
- सम्पति शुध्दीकरण सम्बन्धी कानुन समय सापेक्ष अनुरुप परिमार्जन हुन नसकेको
- सम्पति शुध्दीकरण सम्बन्धी कसूर नियन्त्रण गर्न ऐनले परिकल्पना गरेको संरचना र वातावरण निर्माण हुन नसकेको
- क्षेत्रमा उपयोग गरिएका नविन शैलीका पद्धतिलाई पत्ता लगाउन सक्ने जनशक्ति विभागमा न्यून रहेको छ ।

[11] कृष्णजीवी घिमिरे (सम्पति) Anti -Money Laundering Journal, 2075

- ऐनमा सम्पत्ति शुद्धीकरण केलाई मान्ने भन्ने स्पष्ट परिभाषा नगरिएबाट अपराधको सीमाको बारेमा द्विविधा रहनु ।
- वित्तीय जानकारी इकाई र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबीच समन्वयको कमी हुनु ।
- सीमा क्षेत्रमा भारतीय मुद्राको खुल्ला कारोबार हुनु ।
- अनौपचारिक आर्थिक प्रणाली संचालन मै रहनु (उदाहरणको लागि ढुकुटी, हुण्डी)
- व्यक्तिगत आर्थिक कारोबारलाई सरकारको जानकारीमा ल्याउनसक्ने खालको अभिलेखन र अनुगमन प्रणाली नहुनु ।
- अपराधको गम्भीरता र संवेदनशीलताको तुलनामा अनुसन्धान निकायको क्षमता कमजोर देखिनु ।
- कर नतिर्ने वा करछली गर्ने संस्कार हावी हुनु ।
- बैंक तथा वित्तीय संस्थाहरुमा ग्राहक पहिचान तथा निगरानी संयन्त्र प्रभावकारी नहुनु ।
- सबै क्षेत्रमा ठूलो कारोबार गर्दा सम्पत्तिको स्पष्ट श्रोत खुलाउनुपर्ने बाध्यात्मक व्यवस्था नहुनु ।
- अनुसन्धानकर्ता व्यबसायिक बन्न नसक्नु ।
- बैंकमा खाता खोल्दाको समयमा नै रकमको श्रोत देखाउनुपर्ने प्रावधान नहुँदा दर्जनौंको संख्यामा रहेका बैंकमा थोरै थोरै रकम जम्मा गरेर पनि सम्पत्ति शुद्धीकरण गर्न सकिने छिद्र रहेको ।
- अनुसन्धानकर्मी तथा अभियोजनकर्ताहरुलाई तालिम, प्रशिक्षणको न्युनता, विभागलाई सोअनुरुप साधन सम्पन्न, सशक्त, र प्रभावकारी बनाउन नसकेको भन्ने आलोचना हुने गरेको ।
- सम्पत्ति शुद्धीकरण अपराधको अनुसन्धान र अभियोजन मुद्दा चलाउने निर्णय र प्रतिरक्षा एकै निकायबाट नहुनु ।
- सम्पत्ति शुद्धीकरण अपराधमा कसूरदारहरुलाई राजनीतिक संरक्षण रहने गरेको आरोप लाग्ने गरेको ।
- सम्पत्ति शुद्धीकरण रोकथामका लागि अन्तर्राष्ट्रिय साझेदार एवंम अन्तरदेशीय समन्वय र सहयोगात्मक पक्ष कमजोर रहनु ।

परिच्छेद -छ

समस्या समाधानका उपायहरु र निष्कर्ष

६.१ समाधानका उपायहरु :-

गैरकानुनी क्रियाकलापबाट नेपालमा पनि सम्पति आर्जन गर्ने र त्यसको शुध्दीकरणका लागि विभिन्न कानुनी प्रक्रिया मार्फत मुलुकको राष्ट्रीय अर्थतन्त्रमा समाहित गराउने कार्य भैरहेको छ। नेपालमा सम्पत्ति शुद्धीकरणको अपराधका स्वरुपहरु, कारवाहीको असफलता तथा निकायगत काम कारवाहिको प्रभावकारिता लगायतका दृष्टिकोणवाट हेर्दा यस अपराधको गम्भीरतालाई सहज रुपमा लिन मिल्दैन । यस कसूर उपरको उजुरी, प्रकाशन, प्रभावकारी अनुसन्धान, अभियोजन र नियन्त्रण जुन मात्रामा हुनुपर्ने हो, सो नभइरहेको भन्ने आलोचना हुने गरेको सन्दर्भमा समस्यालाई प्रभावकारी समाधानका लागि निम्नलिखित सुझावहरु प्रस्तुत गरेको छः -

- सम्पत्ति शुद्धीकरण २०६४ ,निवारए ऐन (मनि लाउन्डरिङ्ग)को उद्देश्य अनुरुप जोखिमका क्षेत्रहरुमा उच्च निगरानी राखी अनुसन्धान गर्नुपर्ने ।
- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई स्वतन्त्र र सक्षम बनाउन आवश्यक पर्ने प्रविधि र जनशक्तिको व्यवस्था गर्नु पर्ने देखिन्छ ।
- विभागको जनशक्तिलाई दक्ष र प्रभावकारी व्यवसायिक बनाउन स्वदेशी तथा विदेशी तालीम र प्रशिक्षणको व्यवस्था गर्नुपर्ने ।
- अपराधमा अनुसन्धान गर्नको लागि नवीन ,प्रविध ,शैली र उपायहरुको खोजी गरी प्रयोग गर्ने व्यबस्था गर्नुपर्ने ।
- सम्पत्ति शुद्धीकरण निवारण ऐनको समग्र नीतिगत र प्रवर्धनात्मक कार्यलाई सशक्त रुपमा कार्यान्वयन गर्ने।

- सम्पत्ति शुद्धीकरण मुद्दाहरुको प्रभावकारी अनुसन्धान र तहकिकात गर्नका लागि अन्य सफल मुलुकहरुमा विद्यमान पद्धतिलाई आत्मसात गरी विज्ञहरु सम्मिलत सशक्त, स्वतन्त्र, व्यावसायिक, अनुभवी समूहबाट गराउने ।
- मुद्दा हेर्न विशेषज्ञ सहितको न्यायाधिकरण र पुनरावेदन न्यायाधिकरणको व्यवस्था ऐनबाटनै गरिनु उपयुक्त हुने ।
- अनुसन्धानमा संलग्न जनशक्तिलाई स्वदेशी तथा विदेशी तालीम र प्रशिक्षणको व्यवस्था मिलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्ने व्यबस्था गर्नुपर्ने ।
- हुण्डी, ढुकुटीजस्ता अनौपचारिक र बेदर्ता आर्थिक कारोबारहरु नियन्त्रणका लागि स्पष्ट र प्रभावकारी कानुन ।
- सीमाक्षेत्रमा र देशभित्र हुनेगरेको भारतीय मुद्राको असीमित कारोबार र नक्कली मुद्राको कारोबार नियन्त्रण गर्नुपर्ने।
- सम्पत्ति शुद्धीकरणको अनुसन्धानमा संलग्न कर्मचारीहरुलाई समसामयिक तालिम, अनुशिक्षण प्रदान गर्दै अनुसन्धानकारी निकायहरुलाई साधन सम्पन्न बनाउने ।
- सुपुर्दगी ऐन र पारस्परिक कानूनी सहायता सम्वन्धी ऐनका व्यवस्थालाई व्यावहारिक रुपमा कार्यान्वयन गर्न विभिन्न मुलुकहरुसँग एका आपसी सन्धीका लागि सार्थक पहल गर्ने ।
- FATF लगायतका संस्थाहरुले दिएको सुझावलाई नेपालको अधिकतम हितमा हुने गरी कार्यान्वयन गर्ने।
- अन्तर्राष्ट्रिय सहयोग, पारस्परिक कानूनी सहायता र समन्वयका लागि प्रयास गर्नुपर्ने ।
- सरोकारवाला निकायहरु निरन्तर सम्पर्कमा रही ती निकायहरुबाट सूचना प्राप्त गर्ने विश्लेषण गर्ने र सूचना संजालको व्यवस्था गर्ने तर्फ भरपर्दो संयन्त्र खडा गरी कार्य प्रारम्भ हुन आवश्यक छ ।

६.२ निष्कर्ष:-

अन्तर्राष्ट्रिय रुपमा संगठित अपराधलाई सम्पत्ति शुद्दकरणमा समेत विशेष रुपले हेर्ने गरेकोमा, अहिले सम्म सम्पत्ति शुध्दीकरण अनुसन्धान अभियोजन संगठित अपराध अन्तर्गत भए गरेको देखिदैन । यातायात संचारको विकास, आर्थिक क्रियाकलापको विविधता, विज्ञान र प्रविधिको

नवीनतम खोज संगसंगै संगठित अपराध पनि फैलिएको छ ।संगठित अपराध राष्ट्रिय स्तरमा मात्र सीमित नरही अन्तर्देशिय प्रकृतिको रहेको छ । संगठित अपराध आर्थिक क्षेत्रका हरेक क्रियाकलापहरुमा फैलिएको पाइन्छ । संगठित अपराधमा संलग्न रहने व्यक्ति तथा संगठनले संधै भ्रष्ट कर्मचारी, व्यापारी, राजनीतिज्ञको सहयोग प्राप्त गरी रहेका हुन्छन् र संगठित अपराध बाट प्राप्त सम्पत्ति बैद बनाउन ती जुन सुकै मुल्य तिर्न तयार रहन छन र अनुसन्धान अभियोजन जुन सुकै अवस्थामा पनि प्रभाव पार्न पछाडी हटदैनन । यसअर्थ यसरी संगठित अपराधका विभिन्न तरिकाहरुबाट कमायको सम्पत्तिहरुलाई कानुनी दायरमा ल्याई अपराधीलाई सजाय गर्नु र शान्ती सुरक्षा व्यवस्था कायम गर्नु राज्यको प्रथम दायित्व हो ।संगठित अपराधबाट कमाएको अपराधीलाई कानुनी दायरमा ल्याउने सम्पत्ति शुदृकरण निवारण ऐन पनि हाम्रो कानुनी व्यवस्था हो ।सम्पति शुध्दीकरण निवारण गर्ने कार्य राज्यको प्राथमिकता र चासोको विषय बन्दै गएको वर्तमान परिप्रेक्ष्यमा पर्याप्त कानुनी व्यवस्था, उपयुक्त सुचना प्रणाली, दक्ष मानव संशाधनको व्यवस्था, कार्यान्वयनका लागि उपयुक्त संस्थागत संरचना र सही कार्य पद्दती एवं अन्तर-निकाय समन्वय तथा क्षेत्रीय र अन्तराष्ट्रिय सहयोगको आदान-प्रदान हुन जरुरी छ । सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुरको रोकथाम गर्ने,नियमन गर्ने, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको स्थापना र विकास गरी अन्तराष्ट्रिय मापदण्ड अनुसार राज्यका कानून, वित्तीय प्रणाली, सुरक्षात्मक संयन्त्र समेतलाई अझ मजबुत, सक्षम र सुदृढ एवं गतिशीबनाउन आवश्यक छ । सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुर अपराधलाई नियन्त्रण गरी वैधानिक आयको लागनीलाई राज्यले प्रोत्साहन गर्न जरुरी छ । सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी सर्वसाधारणले बुझ्ने किसिमका सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने, सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुर हुनबाट सचेत गराउने, भईसकेका कसुरको सम्बन्धमा प्रभावकारी अनुसन्धान प्रणालीको अवलम्बन गरी कसुरदारलाई यथेष्ट प्रमाण सहित अभियोजन गर्ने प्रकृयालाई तदारुकताका साथ आवलम्बन गर्नु जरुरी छ साथै उचित स्रोत र साधनको प्रबन्ध मिलाई भावी रणनीतिक कार्यदिशाको अक्षरस कार्यान्वयन हुन सकेमा विभागको कार्यसम्पादन र कार्यप्रणालीमा अपेक्षित सुधार आई नेपालको वित्तीय प्रणालीमा सुधार एवं सहयोग पुग्न गई मुलुकमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुर अपराधमा कमी आई शासन व्यबस्थामा सुशासन कायम गर्दै शान्त, समृध्द र सुखी नेपाल निर्माणको सपना साकार पार्न सकिन्छ।

सन्दर्भ सामग्री

१) कानून किताब व्यवस्था समिति, काठमाडौं, सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४

२) निवारण नियमावली सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग),२०७३ कानून किताब व्यवस्था समिति, काठमाडौ,

३) नेपाल सरकार अर्थ मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पुल्चोक, ललितपुरको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको संक्षिप्त परिचय,२०६८

४) नेपाल सरकार अर्थ मन्त्रालय, काठमाडौं, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्य योजना (२०६८-७३) २०६८

५) सम्पति (Anti-Money Laundering Journal) का विभिन्न प्रकाशनहरु,सम्पति शुध्दीकरण अनुसन्धान विभाग ।

६) भट्टराई श्याम कुमार, (२०७५) न्याय प्रशासनका आयामहरु, न्याय प्रशासन सम्बन्धि लेखहरुको संगालो प्रकाशक, सोपान मासिक ,

७) खनाल गोविन्द, (२०६६) न्याय व्यवस्थापनका विविध पक्षहरु, पैरवी प्रकाशन,

८) सुशासन (व्यवस्थापन र संचालन) ऐन. २०६४

९) भ्रष्टाचार विरुध्दको संयुक्त राष्ट्रसंघीय महासन्धि २००३

१०) सम्पति शुध्दीकरण अनुसन्धान विभागको प्रारम्भिक जाँचबुझ तथा अनुसन्धान दिग्दर्शन, २०७४

११) https://people.exeter.ac.uk

१२) सर्वोच्च अदालतबाट प्रकाशित नेपाल कानुन पत्रिका का विभिन्न अंकहरु

१३) घिमिरे कृष्णजीवि तथा शर्मा, नारायणप्रसाद (२०१४)सम्पत्ति शुद्धीकरण : अवधारणा, प्रभाव र निवारणका प्रयास, CAMAD Journal, Vol. १५, Issue २८,

१४) रेग्मी संजीवराज, (२०७३ असार)सम्पत्ति शुध्दीकरण सम्वन्धी कसूरको अनुसन्धान र अभियोजन, सम्पत्ति, प्रकाशकः सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, काठमाडौ, बर्ष ४, अंक ४,

१५) शर्मा नारायणप्रसाद, (२०७१)सम्पत्ति शुद्धीकरण : परिचय, प्रभाव र नियन्त्रणका प्रयास, अन्तर्राष्ट्रिय मञ्च,

१६) www.supremecourt.gov.np

१७) राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा सञ्चालित संगठित अपराध विशिष्टीकरण प्रशिक्षणमा उपलब्ध गराएका Handsout ।

कार्यपत्र : ६, संगठित अपराध निवारण ऐन, २०७० र यसका मूलभूत प्रावधानहरू

महेन्द्र बहादुर थापा
जिल्ला न्यायाधिवक्ता

१. विषय प्रवेश

क) पृष्ठभूमि

संगठित अपराध संगठित रुपमा अर्थात योजना, तयारी, संगठन सञ्जाल, पर्याप्त स्रोत साधन सहित धेरै व्यक्तिहरू मिलेर गरिने अपराध हो भन्ने बुझिन्छ । संगठित अपराधमा अभियुक्तहरुले गर्ने आपराधिक कार्यको उद्देश्य महत्वपूर्ण हुन्छ । यसको उद्देश्य मूलतः पैसा कमाउने अर्थात आर्थिक लाभ लिने हुन्छ । यसको अलावा प्रसिद्धी हासिल गर्न, समाजलाई आतंकित पार्न, सामूहिक बदला लिन समेत व्यक्तिहरू संगठित हुने र संगठित रूपमा अपराध गर्ने गर्दछन । संगठित अपराध कुनै स्थान वा राष्ट्रमा मात्र सीमित रहेर पनि हुन सक्छ र एक राष्ट्रको सीमा पार गरी अन्य राष्ट्रमा समेत विस्तार हुन सक्ने भएकोले संगठित अपराधलाई अन्तरदेशीय (Transnational) र सीमा विहिन (Crossboarder) प्रकृतिको अपराध पनि भन्ने गरिन्छ ।

संगठित अपराध देश भित्र र सीमाना पार गरी अन्य मुलुकमा पनि आफ्नो आपराधिक कार्य, संगठन र संजाल विस्तार गर्ने उद्देश्यबाट गरिन्छ । संगठित अपराधमा अपराधको शुरूवात एक देशमा भए पनि यसको अन्त्य हुंदासम्म एक देश भन्दा बढी देशमा पर्न सक्छ । विधिशास्त्री Donald Casey ले संगठित अपराधलाई परिभाषित गर्ने क्रममा, "An organized crime is a crime committed by a person occupying in an established division of labor, a position designed for the commission of crimes providing that in such division of labor at least one position in for corrupter, one position for corruptee and one for an enforcer."[1] यस परिभाषाबाट अपराध घटाउन बनेको संगठनमा कम्तिमा ३ जनाको संख्या रहने र श्रमको विभाजन गरी आपराधिक कार्य संचालन हुने देखाउछ ।

अन्तरदेशीय संगठित अपराध सम्वन्धी संयुक्त राष्ट्र संघीय महासन्धी (United Nations Convention against Transnational Organized Crime, 2000, Palermo Convention, UNTOC) २००० ले संगठित अपराधको परिभाषा नगरी संगठित आपराधिक समूहको परिभाषा गरेको पाइन्छ । महासन्धीको धारा २ (a) मा, "Organized Criminal group" Shall mean a structural group of three or more persons, existing for a period of time and acting in concert with the aim of committing one or more serious crimes or offences established in accordance with this convention,

[1] संगठित अपराध, प्रकाशन राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६९, पृष्ठ ८

in order to obtain, directly or indirectly, a financial or other material benefit."[2] यस परिभाषाले सांगठानिक संस्थागत स्वरुप, समयसीमा, अपराधको स्वरुप र उद्देश्यबारे स्पष्ट गरे पनि संगठित अपराध भन्नाले यो यो अपराध नभनी "गम्भीर अपराध" मात्र भन्ने उल्लेख गरेको पाइन्छ र गम्भीर अपराधको परिभाषा गर्दा "Serious Crime" Shall mean conduct constituting an offence punishable by a maximum deprivation of liberty of at least four years or a more serious penalty."[3] यसबाट गम्भीर अपराध भन्नाले चार वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने अपराधलाई छुट्टै परिभाषा गरी कुनै पनि गम्भीर अपराध संगठित रूपमा घटेमा संगठित अपराधको वर्गमा पर्ने कुरालाई संकेत गरेको पाइन्छ।

ख) संगठित अपराधको अवधारणा

विज्ञान र प्रविधिको विकासले विश्व परिवेशलाई सांघुरो बनाएको छ, यो विज्ञान र प्रविधिको विकासको सकारात्मक पक्ष हो। तर यसको अलावा सोही प्रविधिको विकासले कतिपय अपराधको प्रवृतिलाई रूपान्तरण गरी एक मुलुक विशेषमा मात्र सीमित नरही अन्तर्राष्ट्रिय स्वरुपमा परिवर्तन गरी जघन्य र विस्तारित गराएको छ । आज कतिपय अपराध गर्न मानिसको भौतिक उपस्थितिको आवश्यकता पर्दैन, प्रविधिको माध्यमबाट विश्वको एक ठाउंबाट अर्को ठाँउमा अपराध गर्न र साँगठानिक संजालबाट अपराध घटाउन सकिन्छ । यस्ता जघन्य र विस्तारित अपराध नियन्त्रण गर्न कुनै एक देशको प्रयासले मात्र संभव हुंदैन, यसको रोकथामको लागि द्विपक्षीय र बहुपक्षीय सहयोगको आवश्यकता पर्दछ। खासगरी भ्रष्टाचार, सम्पत्ती शुद्धीकरण, साइवर अपराध, बैंकिङ कसुर, मुद्रा अपचलन, नक्कली मुद्राको कारोवार, आतकंवाद लगायतका गम्भीर प्रकृतिका नविनतम अपराधहरूलाई संगटित अपराधको श्रेणीमा राखि अन्तरराष्ट्रिय रूपमै निराकरणका प्रयासहरू भएको पाइन्छ। अपराधीहरुले अपराधको संजाल मार्फत विश्वको एक मुलुकमा रहेर अन्य मुलुकहरुमा घटाउने अपराधका आपराधिक गिरोहहरू दिनानुदिन शक्तिशाली हुंदै विश्वलाई चुनौती दिई रहेका छन। आपराधिक संगठनहरुले यस्तो संजाल निर्माण गर्नाले अपराधीहरू एउटा राज्यको क्षेत्राधिकारबाट अर्को राज्यको क्षेत्राधिकारमा सहजै स्थानान्तरण हुने गर्दछन र राज्यको फौजदारी न्याय प्रणालीलाई समेत निस्तेज पारेका छन। संगठित अपराध अन्तरदेशीय एवं संगठित र योजनावद्ध रूपमा हुने गर्दछ । संगठित अपराधको रूपमा संचालित हुने यस्ता अपराध नियन्त्रणको ठुलो समस्या विश्वका प्राय सवै मुलुकले भोग्नु परिरहेको देखिन्छ।

अवधारणागत रूपमा हेर्दा कुनै निश्चित अपराध आफैंमा संगठित अपराध हुंन सक्दैन । अपराधको उद्देश्य, प्रकृति, गम्भीरता र अपराधमा संलग्न समूहको प्रकृति, संरचना, निरन्तरता र संख्याको आधारमा घटित अपराघ संगठित अपराध हो होइन छुट्याउन सकिन्छ । तत्काल कुनै कसूर गर्न बनेको समूह (Randomly formed group) ले गरेको अपराध संगठित हुंदैन । संगठित हुन यसको निरन्तरता पनि आवश्कता पर्छ । संगठनको उच्च अनुशासनमा रहेर योजनाबद्ध तरिकाबाट संगठित अपराध घटाइन्छ । आर्थिक लाभ, गैर सैद्धान्तिकपना, मुनाफामुखी, पदशोपान जस्ता (Economic gain, Non-ideological, profit driven, Hierarchical, limited or exclusive membership, secrecy and loyalty of member,

[2] UN Convention against Transnational Organized Crime, 2000 article 2 (a)

[3] Id Art. 2 (b)

specialized division of labor, explicit rules and regulation) तत्वहरू संगठित आपराधिक समूहका विशेषताहरू भित्र पर्दछन ।[4] लुटपाट, डकैती, बैंक घोटाला, मानव बेचविखन तथा ओसारपसार, मानव तस्करी, लागू औषध, जुवा, हातहतियार उत्पादन, ओसारपसार, खरिद बिक्री, अपहरण, शरीरबन्धक र हत्या, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार, मुद्दा अपचलन, आतंकबाद जस्ता अपराधिक कार्य संगठित अपराधका क्षेत्रहरू मानिन्छन । संगठित अपराधमा संलग्न संख्या, समूहको प्रकृति, अपराधको गम्भीरता, अपराधको प्रकृति तथा परिणाम र उद्देश्य जस्ता आधारमा संगठित अपराधलाई हेर्नु पर्दछ ।[5]

२. संगठित अपराध निवारण ऐन, २०७०

क) उद्देश्य

संगठित अपराध निवारण ऐन, २०७० को प्रस्तावनामा यस ऐनको उद्देश्यहरू उल्लेख गरेको पाइन्छ । प्रस्तावनामा भएको व्यवस्था अनुसार यस ऐनको मूलतः निम्न उद्देश्यहरू रहेका छन । ती हुन-

१. सर्वसाधारणको जीउ, ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ति र सुव्यवस्था कायम गर्ने,

२. मुलुकमा कानून र व्यवस्था कायम गर्नका लागि संगठित अपराधलाई निवारण गर्न,

३.विशेष प्रविधि अपनाई अपराधको अनुसन्धान गर्ने,

४. संगठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने ।

ख) अर्थ/परिभाषा

सङ्गठित अपराध निवारण ऐन, २०७० ले संगठित अपराध गर्न वा गराउन निषेध गरेको छ । कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसंग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी गम्भिर अपराध गरेमा संगठित अपराध गरेको मानिने छ[6] भनि परिभाषित गरी प्रत्यक्ष वा परोक्ष रूपमा परिच्छेद- २ मा उल्लिखित संगठित अपराध गर्ने उद्देश्यले नेपाल भित्र वा नेपाल बाहिर रहे भएको संगठित वा असंगठित तीन वा तीन भन्दा बढी व्यक्तिहरुको समूहलाई आपराधिक समूह भनि परिभाषित गरेको पाइन्छ ।[7] त्यसै गरी

---

[4] Motion Picture Association, Organized crime and piracy, Asia/Pacific Report, 2005 P. 6

[5] संजीवराज रेग्मी, संगठित अपराधको अवधारणा, अन्तराष्ट्रिय अभ्यास र नेपालमा संगठित अपराध नियन्त्रण सम्वन्धी कानून, एक अध्ययन, सोपान द्वैमासिक २०७२ मंसिर, अंक ५ पृष्ठ १४-२०

[6] संगठित अपराध निवारण ऐन, २०७० को दफा ३

[7] ऐ दफा २ (घ)

प्रचलित कानून बमोजिम तीन वर्ष भन्दा बढी कैद सजाय हुने कसूर, परिच्छेद- ३ बमोजिमको कसूर, र भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण वा आतकंकारी क्रियाकलापमा वित्तीय लगानी मानिने कसूरलाई गम्भीर कसूर मानिने[8] कानूनी व्यवस्था रहेको पाइन्छ । ऐनको परिच्छेद ३ ले आपराधिक समूह स्थापना गर्न, न्यायिक कारवाहीमा अवरोध गर्न, विध्वंसात्मक कार्य गर्न र आपराधिक लाभ (एक्सटर्सन) लिन वा लिन लगाउन निषेधित गरी सो विपरित कार्य गरेमा संगटित अपराध गरेको मानिने व्यवस्था गरेको पाइन्छ ।[9] त्यसै गरी आपराधिक समूहलाई संगठित अपराध गर्न वा संगठित अपराध गर्न सघाउ पु-याउन सो समूहको काम कारबाहीमा सहभागी हुने वा सघाउ पु-याउने वा त्यस्तो समूहलाई सञ्चार साधन वा सूचना प्रविधि उपलब्ध गराउने वा आर्थिक सहयोग गर्ने वा कुनै साधन उपलब्ध गराउने वा संगठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने, लुकाउने वा भगाउने कार्य गर्न वा गराउन[10] तथा संगठित अपराधको तयारी, उद्योग, षडयन्त्र गर्न वा दुरुत्साहन दिन वा मतियार हुन[11] समेत निषेध गरेको र सो विपरित कार्य गरे गराएमा संगठित अपराध गरेको मानिने प्रावधान रहेको पाइन्छ ।

३. संगठित अपराध निवारण ऐन, २०७० का मूलभूत प्रावधानहरू

क) अनुसन्धान तथा अभियोजन सम्वन्धी व्यवस्था

१)अनुसन्धान अधिकारी र विशेष अनुसन्धान टोली

संगठित अपराध निवारण ऐन, २०७० ले भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतंककारी क्रियाकलापमा वित्तीय लगानी बाहेकका अन्य संगठित अपराधको अनुसन्धान गर्न कम्तिमा अधिकृतस्तरको प्रहरी कर्मचारी[12] अर्थात प्रहरी निरीक्षकले गर्नु पर्ने, नेपाल सरकारले संगठित अपराधको अनुसन्धान गर्नको लागि महान्यायाधिवक्ता र प्रहरी महानिरीक्षकसंग परामर्श गरी सम्बन्धित विषयको विशेषज्ञ संलग्न रहेको अनुसन्धान टोली गठन गर्न सक्ने, सो अनुसन्धान टोलीलाई अनुसन्धान अधिकारीलाई भएको अधिकार हुने र सो अनुसन्धान टोलीले अनुसन्धान पूरा गरेपछि अनुसन्धान प्रतिवेदन अनुसन्धान अधिकारीलाई बुझाउन पर्ने तथा अनुसन्धान टोलीले दिएको अनुसन्धान प्रतिवेदनका आधारमा अनुसन्धान अधिकारीले मुद्धाको अनुसन्धान गरी कारवाही गर्नु पर्ने[13] व्यवस्था गरेको पाइन्छ । हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १२ ले मुलुकी अपराध (संहिता) ऐन, २०७४ को अनुसूची १ र २ मा उल्लिखित कुनै कसूरको गम्भिरता हेरी छुट्टै

---

[8] ऐ दफा ३ (३)

[9] ऐ दफा ५, ६, ७ ,८

[10] ऐ दफा ४

[11] ऐ दफा ५

[12] ऐ दफा ११

[13] ऐ दफा १२

अनुसन्धान टोली गठन गर्न उपयुक्त हुने कुरा अनुसन्धान अधिकारीको तालुकवाला अधिकारी वा प्रहरी महानिरीक्षकलाई लागेमा आफू मातहतका कर्मचारीहरू संलग्न रहने गरी अनुसन्धान टोली गठन गर्न सक्ने र आफू मातहत बाहेकका अन्य व्यक्ति समेत संलग्न रहेको अनुसन्धान टोली गठन गर्नु परेमा महान्यायाधिवक्ताको परामर्श लिई विशेषज्ञ समेत रहेको अनुसन्धान टोली गठन गरी अनुसन्धान गर्न सक्ने व्यवस्था गरेको छ। त्यस्तो टोलीलाई अनुसन्धान अधिकारीलाई भएको अधिकार प्रयोग गर्ने अधिकार हुने र सो टोलीले अनुसन्धान गरी सो को प्रतिवेदन सरकारी वकील समक्ष पेश गर्नु पर्ने व्यवस्था गरी संगठित अपराधको अनुसन्धान गर्न सो ऐन बमोजिम गठित अनुसन्धान टोली र यस संहिताले गरेको अनुसन्धान टोलीले अनुसन्धान गरी सो को प्रतिवेदन पेश गर्ने कुरामा केही पृथक व्यवस्था गरेको पाइन्छ।

२) विशेष अनुसन्धान पद्धति अपनाउन सकिने

संगठित अपराधको अनुसन्धान गर्दा आवश्यकता अनुसार नियन्त्रित अनुनस्धान प्रविधि (कन्ट्रोल डेलिभरी) वा गुप्त कारवाही अनुसन्धान (अण्डर कभर अपरेशन) र यस्तै अन्य उपर्युक्त अनुसन्धान पद्धति अपनाउन सकिने र अनुसन्धान अधिकारीले आवश्यकता अनुसार सुराकीको प्रयोग गर्न सक्ने व्यवस्था गरेको पाइन्छ।[14]

३) हिरासतमा राख्न सकिने अवधि

संगठित अपराधको अनुसन्धानको लागि त्यस्तो अपराधको आरोप लागेको व्यक्तिलाई अनुसन्धानको प्रगतिको आधारमा अदालतको अनुमति लिई पटक पटक गरी ६० दिनसम्म हिरासतमा राख्न सकिने व्यवस्था गरेको छ।[15] हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४ (६) बमोजिम मुद्दा हेर्ने अधिकारीले अनुसन्धानका लागि हिरासतमा राखी राख्न आवश्यक देखेमा एकै पटक वा पटक पटक गरी बढीमा २५ दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्ने तर सो ऐनको अनुसूची १ अन्तर्गतको कसूर मध्ये राष्ट्रपति उपरको आक्रमण, जासूसी, सैनिक भड्काउने, नेपाल राज्य विरुद्ध युद्ध गर्ने वा नेपालसंग युद्धमा संलग्न राज्यका सेनालाई सहयोग गर्ने वा विष्फोटक पदार्थ, अपहरण र शरीर बन्धक सम्वन्धी कसूरको अनुसन्धान २५ दिन भित्र पूरा हुन नसक्ने भन्ने कारण सहितको अनुसन्धान अधिकारी तथा सरकारी वकील दुवैको प्रतिवेदन पेश भएमा मुद्दा हेर्ने अधिकारीले एकै पटक वा पटक पटक गरी बढीमा १५ दिनसम्म सिरासतमा राख्ने आदेश दिन सक्ने व्यवस्था गरेको पाइन्छ। बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा २१ (७) ले कसूरजन्य कार्यको आरोप लागेको बालबालिकालाई बाल अदालतको अनुमतिले एक पटकमा ५ दिनमा नबढने गरी बढीमा २१ दिनसम्म निगरानी कक्षमा राख्न सक्ने व्यवस्था गरेको पाइन्छ।.

[14] ऐ दफा १३

[15] ऐ दफा १४

४) सम्पत्ति रोक्का राख्न सकिने

संगठित अपराधको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले कुनै व्यक्तिले संगठित अपराधबाट प्राप्त गरेको सम्पत्ति कसैलाई हस्तान्तरण गर्न वा विक्री वितरण गर्न वा कुनै उपायले लुकाउन वा परिवर्तन गर्न सक्छ भन्ने विस्वास गर्नु पर्ने मनासिव कारण देखेमा त्यस्तो सम्पत्ति हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा विक्री वितरण गर्नबाट रोक लगाउनको लागि सम्वन्धित निकाय वा संस्थालाई आदेश दिनका लागि अदालत समक्ष निवेदन दिन सक्नेछ र त्यसरी निवेदन परेमा अदालतले त्यस्तो सम्पत्ति कसैलाई हस्तान्तरण गर्न, धितो बन्धक दिन वा बिक्री वितरण गर्नबाट रोक लगाउने गरी सम्वन्धित निकाय वा संस्थालाई आदेश दिन सक्नेछ। त्यसरी अदालतबाट आदेश भएमा त्यस्तो निकाय वा संस्थाले त्यस्तो सम्पत्ति तुरुन्त रोक्का राखि सो को जनाउ अदालत र अनुसन्धान अधिकारीलाई दिनु पर्नेछ।[16]

५) कारोवारको विवरण माग्न वा कारोवार वा खाता रोक्का राख्न सकिने

संगठित अपराधको अनुसन्धानबाट सो अपराधको आरोप लागेको व्यक्ति वा निजको परिवारको कुनै सदस्य वा सो अपराधमा संलग्न रहेको विस्वास गर्नु पर्ने मनासिव कारण भएको कुनै व्यक्तिको कुनै बैंक वा वित्तीय संस्थामा कुनै कारोवार भएको वा खाता रहेको देखिएमा अनुसन्धान अधिकारीले त्यस्तो कारोवार वा खाताको विवरण माग गर्न वा त्यस्तो कारोवार वा अदालतको अनुमति लिई खाता रोक्का राख्न आदेश दिन सक्नेछ। त्यसरी आदेश भएमा सम्वन्धित बैंक वा वित्तीय संस्थाले सो आदेश बमोजिमको विवरण उपलब्ध गराउन र कारोवार वा खाता रोक्का राख्न पर्नेछ।[17]

६) राहदानी रोक्का राख्न सकिने

संगठित अपराधको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले सो अपराधको गम्भीरता र सो अपराध ठहरेमा हुन सक्ने सजायलाई समेत विचार गर्दा सो अपराधको आरोप लागेको व्यक्तिलाई राहदानी जारी नगर्न र जारी भई सकेको भए त्यस्तो राहदानी रोक्का गर्न आवश्यक देखेमा त्यस्तो व्यक्तिलाई राहदानी जारी नगर्न वा राहदानी जारी भई सकेको भए राहदानी रोक्का राख्न सम्वन्धित निकायमा लेखी पठाउन सक्नेछ र त्यसरी राहदानी जारी नगर्न वा जारी भई सकेको राहदानी रोक्का राख्न लेखी आएमा सम्वन्धित निकायले त्यस्तो व्यक्तिको नाममा राहदानी जारी नगर्न र राहदानी जारी भई सकेको भए त्यस्तो राहदानी रोक्का राख्नु पर्नेछ।[18]

---

[16] ऐ दफा १५

[17] ऐ दफा १६

[18] ऐ दफा १७

७) टेलिफोन वा सञ्चारको विवरण माग गर्न सक्ने

कुनै व्यक्तिले संगठित अपराध गर्ने सिलसिलामा कम्प्यूटर, टेलिफोन, मोवाईल फोन वा अन्य कुनै दुरसञ्चार माध्यमको प्रयोग गरेको वा विद्युतीय वा अन्य कुनै सञ्चार माध्यमबाट कुनै प्रकारको सूचना आदान प्रदान गरेको पाइएमा अनुसन्धान गर्ने अधिकारीले अधिकार प्राप्त अधिकारीको अनुमति लिई सम्वन्धित अधिकारी, निकाय वा सेवा प्रदायकलाई त्यस्तो कम्प्यूटर, टेलिफोन वा दूरसञ्चार माध्यम वा सोबाट भएको दूरसञ्चार सम्वन्धी विवरण वा सूचना उपलब्ध गराई दिन आदेश दिन सक्ने र सो बमोजिम आदेश भएमा माग बमोजिमको विवरण वा सूचना उपलब्ध गराई दिनु पर्नेछ ।[19]

८) सञ्चार माध्यम निष्कृय गर्न सकिने

कुनै व्यक्तिले संगठित अपराध गर्ने सिलसिलामा टेलिफोन, मोवाईल फोन वा अन्य दूरसञ्चार माध्यमको प्रयोग गरिरहेको वा गर्न लागेको वा विद्युतीय वा अन्य सञ्चार माध्यमबाट कुनै प्रकारको सूचना आदान प्रदान गरिरहेको छ भनि विश्वास गर्नु पर्ने मनासिव कारण भएमा अनुसन्धान अधिकारीले अधिकार प्राप्त अधिकारीको अनुमति लिई त्यस्तो टेलिफोन, मोवाईल फोन वा सञ्चार माध्यम निष्कृय गर्न वा फोन वा सञ्चार सम्पर्क नहुने व्यवस्था गर्न सम्वन्धित निकाय, अधिकारी वा सेवा प्रदायकलाई आदेश दिन सक्नेछ र त्यसरी आदेश भएमा त्यस्तो अधिकारी, निकाय वा सेवा प्रदायकले त्यस्तो टेलिफोन, मोबाइल फोन वा सञ्चार निष्कृय गर्न वा सञ्चार सम्पर्क नहुने व्यवस्था गर्नु पर्नेछ ।[20]

९) सजायको मागदावीमा छुट दिन सकिने

संगठित अपराधको अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको अपराध स्वीकार गरी सो अपराधको सम्वन्धमा प्रमाण जुटाउन तथा अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकील वा अदालतलाई सघाउ पु-याएमा र निजले पहिलो पटक संगठित अपराध गरेको देखिएमा त्यस्तो संगठित अपराधमा निजलाई हुने सजायमा ७५% सम्म छुट दिने गरी मागदावी लिई मुद्दा दायर गर्न सकिने छ । तर संगठित अपराधको मुख्य अभियुक्तलाई, कुनै संगठित अपराधमा कैद सजाय पाएकोमा कैद भुक्तान भएको ३ वर्ष पूरा नभएसम्म र एक पटक सजाय छुटको सुविधा पाई सकेको अभियुक्तले सजायको मागदावीमा छुट पाउन नसक्ने व्यवस्था गरेको पाइन्छ ।[21] यसबाट संगठित अपराधको आरोपित व्यक्तिले एक पटक मात्र सजायको मागदावीमा छुट पाउन सक्ने देखिन्छ ।

---

[19] ऐ दफा १८

[20] ऐ दफा १९

[21] ऐ दफा २१

संगठित अपराध निवारण ऐन, २०७० बाहेक अन्य ऐनहरूले समेत सजायमा छुट दिने व्यवस्था गरेको पाइन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८[22] र भ्रष्टाचार निवारण ऐन, २०५९[23] ले सो ऐन बमोजिमको कामकारवाहीमा सहयोग गर्ने अभियुक्तलाई साक्षीको रुपमा प्रस्तुत गरी निजलाई सजायको मागदावीमा पूर्ण वा आंशिक छूट दिन सक्ने व्यवस्था गरेको पाइन्छ। तर निजले गरेको सहयोग अन्य सवुद वा प्रमाणबाट प्रमाणित नभएमा वा निजले अनुसन्धान अधिकारीलाई गरेको सहयोग प्रतिकूल हुने गरी मुद्दा हेर्ने अधिकारी समक्ष वयान दिएमा निज उपर पुनः मुद्दा दायर गर्न सकिने व्यवस्था गरेको छ। त्यसै गरी हाल प्रचलित मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले[24] समेत सजायमा छुट दिन सकिने व्यवस्था गरेको पाइन्छ। कुनै कसूरदारले आफूले गरेको कसूर स्वीकार गरी त्यस्तो कसूरका सम्वन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न वा अनुसन्धान वा अभियोजन पक्ष वा अदालतलाई सघाउ पु-याएमा कानून बमोजिम हुने सजायको बढीमा ५०% सम्म सजाय छुट दिन सकिने व्यवस्था गरेको छ। तर कसूरदारले एक पटक सजाय छुट पाइसकेको, कैद सजाय हुने कसूरमा दोषी ठहर भई कैद भुक्तान गरेको अवधि तीन वर्ष पूरा नगरेको र जुन कसूरमा सजाय छुट माग गरिएको हो सोही प्रकृतिको कसूरमा एक पटक सजाय पाइसकेको भए कसूरदारले सजायमा छुट नपाउने व्यवस्था गरेको पाइन्छ। त्यसै गरी मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐनको २०७४ ले[25] समेत सजाय कम गर्ने मागदावी लिने सम्वन्धमा व्यवस्था गरेको पाइन्छ। त्यसै गरी बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ ले[26] समेत सजायको मागदावीमा छुट हुन सक्ने व्यवस्था गरेको पाइन्छ। सो ऐन अनुसार अनुसन्धान तहकिकातको काम कारवाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकारीले साक्षीको रूपमा पेश गरी निजलाई सजायको मागदावीमा पूर्ण वा आंशिक छूट दिन सक्ने देखिन्छ। मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा[27] यस ऐन वमोजिमको कसूरको अभियोग लागेको अभियुक्तले आफूले गरेको कसूर स्वीकार गरी सो कसूरका सम्वन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न सघाउ पु-याएको र निजले पहिलो पटक कसूर गरेको रहेछ भने त्यस्तो कसूरमा अदालतले सजाय तोक्दा निजलाई हुने सजायको बढीमा २५ % सम्म सजाय छुट दिन सक्ने व्यवस्था गरेको पाइन्छ। तर मुख्य अभियुक्तलाई सजायको मागदावीमा छुट दिन, बालबालिका बेचविखन वा ओसारपसार गरेकोमा र एक पटक सजाय छूटको सुविधा पाइसकेको कसूरदारलाई सजायको मागदावीमा छुट नहुने व्यवस्था गरेको पाइन्छ। त्यसै गरी सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिंङ) निवारण ऐन,

[22] अ. दु. अ. आ. ऐन, २०४८ को दफा १९ (१५)

[23] भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५

[24] मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४७

[25] मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ३३

[26] बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा २६

[27] मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २१

२०६४ ले[28] अनुसन्धानको कामकारवाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकृतले साक्षीको रूपमा पेश गरी सजायको मागदावीमा पूर्ण वा आंशिक छुट दिन सक्ने व्यवस्था गरेको पाइन्छ।

१०) थप अभियोग लगाउन सकिने [29]

कुनै व्यक्ति विरुद्ध संगठित अपराधको मुद्दाको अभियोगपत्र दायर भई सकेपछि सोही अपराधका सम्वन्धमा अन्य व्यक्तिका विरुद्ध मुद्दा दायर गर्न वा त्यसरी मुद्दा दायर भईसकेको अभियुक्त विरूद्ध सोही अपराधमा वा अन्य कुनै कसुरमा थप अभियोग लगाई अदालतमा अभियोगपत्र दायर गर्न सकिने प्रावधान रहेको पाइन्छ।

ख) प्रमाण सम्वन्धी विशेष व्यवस्था

१) अभियुक्तलाई श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत उपस्थित गराउन सकिने [30]

संगठित अपराधको मुद्दाको अभियुक्तलाई सुरक्षाको दृष्टिकोणले अदालतमा उपस्थित गराउन नसकिने भएमा अनुसन्धान अधिकारी वा प्रहरी कार्यालयले कारण खुलाई अदालतमा निवेदन दिनु पर्ने र निवेदन परेमा अदालतले अभियुक्तको अवस्था, अभियुक्त रहेको स्थान र अन्य आवश्यक कुरालाई विचार गरी श्रव्यदृश्य संवाद मार्फत उपस्थित गराउन आदेश दिएमा अभियुक्तलाई श्रव्यदृश्य संवाद मार्फत अदालतमा उपस्थित गराउन सकिने प्रावधान रहेको पाइन्छ।

२) श्रव्यदृश्य संवाद वा डोर मार्फत बुझ्न सकिने [31]

अदालतले संगठित अपराध मुद्दाको सुराकी, उजूरीकर्ता वा कुनै साक्षीलाई बुझ्न परेमा श्रव्यदृश्य संवाद वा डोर मार्फत बुझ्न वा अभियुक्तले नदेख्ने गरी निजको वकपत्र गराउन वा निजको स्वर यान्त्रिक वा अन्य तरिकाबाट परिवर्तन वा रूपान्तरण गरी बुझ्न वा अदालत बाहेक अन्य कुनै स्थानमा साक्षी प्रमाण बुझ्न सक्ने व्यवस्था रहेको पाइन्छ।

३) काल्पनिक वा सांकेतिक नामबाट वयान वा वकपत्र गराउन सकिने [32]

---

[28] सम्पत्ति शुद्धीकरण (मनिलाउन्डरिङ) निवारण ऐन, २०६४ को दपा ४४

[29] संगठित अपराध निवारण ऐन, २०७० को दफा २२

[30] ऐ दफा ३३

[31] ऐ दफा ३४

[32] ऐ दफा ३५

संगठित अपराधक मुद्दाको सुराकी, उजूरीकर्ता वा साक्षीले आफ्नो नाम उल्लेख नगरी वा काल्पनिक वा सांकेतिक नामबाट वयान वा वकपत्र गर्न चाहेमा अदालतले त्यस्तो व्यक्तिक वास्तविक नाम नखुलाई सांकेतिक वा काल्पनिक नामबाट वयान वा वकपत्र गरी दिनु पर्नेछ।

४) जिरह सम्वन्धी विशेष व्यवस्था

संगठित अपराध निवारण ऐन, २०७० को दफा ३२ ले संगठित अपराधको मुद्दामा प्रमाणको सम्वन्धमा विशेष व्यवस्था गरी सो मुद्दाका सुराकी, उनूरीकर्ता वा कुनै साक्षीलाई अभियुक्तले कुनै प्रकारको जिरह वा प्रश्न गर्न नपाउने तर अदालतले आदेश दिएमा अभियुक्तको कानून व्यवसायीले श्रव्यदृश्य संवाद मार्फत वा अभियुक्तले निजलाई नदेख्ने व निजको पहिचान गर्न नसक्ने, नदेख्ने र सुराकी, उजूरीकर्ता वा कुनै साक्षीले व्यक्त गरेको कुरा नसुन्ने गरी जिरह गर्न सक्ने प्रावधान रहेको पाइन्छ। त्यसरी कानून व्यवसायीबाट भएको जिरह अभियुक्तबाट नै भए गरेको मानिनेछ। त्यसरी जिरह गर्दा कानून व्यवसायीले जिरह गरिने व्यक्तिको तीन पुस्ते विवरण सहितको परिचयात्मक विवरण कसैलाई प्रकट नगर्ने गरी लिखित रूपमा न्यायाधीश समक्ष शपथ लिनु पर्नेछ।[33]

५) प्रमाण ग्रहण सम्वन्धी विशेष व्यवस्था

संगठित अपराध सम्बन्धी मुद्दामा विदेशी मुलुकको अदालत वा आधिकारिक निकायबाट संकलन गरिएको वा परीक्षण गरिएको सबुत प्रमाणलाई अदालतले प्रमाणमा ग्रहण गर्ने र सुराकी, अभियुक्त वा साक्षीको आफ्नै स्वरमा रहेको र सम्पादन, तोडमोड वा परिवर्तन गर्न नसकिने गरी रेकर्ड गरिएको कुनै सामग्री वा फोटोलाई समेत अदालतले प्रमाणको रूपमा ग्रहण गर्न सक्ने[34] व्यवस्था गरेको पाइन्छ।

ग) मुद्दा हेर्ने अधिकारी, सजाय र पुनरावेदन सम्वन्धी व्यवस्था

भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतंककारी क्रियाकलापमा वित्तीय लगानी सम्वन्धी मुद्दा बाहेक अन्य संगठित अपराध सम्वन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सम्वन्धित जिल्ला अदालतलाई तोकेको[35] पाइन्छ। संगठित अपराधको मुद्दाको अभियुक्तले प्रमाण लोप वा नष्ट गर्न सक्ने वा त्यस्तो अभियुक्त फरार हुन सक्ने मनासिव कारण भएमा अदालतले त्यस्तो अभियुक्तलाई थुनामा राखि मुद्दाको पूर्पक्ष गर्ने आदेश दिन सक्ने[36] तथा खास किसिमका संगठित अपराध सम्वन्धी मुद्दाको कारवाही तथा सुनुवाई बन्द इजलासबाट हुन निवेदन परी वा अदालत आफैले उपयुक्त ठानी आदेश दिएमा त्यस्तो मुद्दाको कारवाही तथा सुनुवाई बन्द इजलासबाट

[33] ऐ दफा ३६

[34] ऐ दफा ३९

[35] ऐ दफा ४०

[36] ऐ दफा ४१

हुने र बन्द इजलासमा मुद्दाका पक्ष, विपक्ष, निजहरुका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र इजलासमा प्रवेश गर्न पाउने[37] प्रावधान रहेको पाइन्छ ।

घ) विविध

१) फरार रहेको व्यक्तिको सम्वन्धमा विशेष व्यवस्था

संगठित अपराध गर्ने व्यक्ति पक्राउ नभई फरार रहेकोमा त्यस्तो व्यक्तिको नाउंमा ३० दिने पक्राउ पूर्जी जारी हुने र ३० दिन भित्र पक्राउ नभएमा सो को भोली पल्टबाट निज अदालतमा उपस्थित नभएसम्म त्यस्तो व्यक्ति सरकारी कार्यालय वा सार्वजनिक संस्थाको वहालवाला पदाधिकारी वा कर्मचारि भए निज आफ्नो पदबाट स्वतः निलम्वन हुने, त्यस्तो व्यक्तिको नाममा रहेको सम्पत्ति रोक्का राखिने, नागरिकताको प्रमाणपत्र, राहदानी वा जग्गा धनी प्रमाण पूर्जा प्राप्त गर्नबाट रोक लगाउने र त्यस्तो फरार व्यक्ति नेपाल बाहिर रहेको भए सपुर्दगी गर्न सकिने अवस्था भए सो सम्वन्धी कारवाही र नभएमा कसूरको गम्भीरता हेरी निजलाई पक्राउ गर्न कूटनीतिक माध्यम मार्फत सम्वन्धित मुलुक वा सम्बद्ध अन्तर्राष्ट्रिय संस्थालाई अनुरोध गर्न सकिने[38]व्यवस्था गरेको पाइन्छ ।

२) सुराकी, उजूरीकर्ता तथा साक्षीको संरक्षण सम्बन्धी व्यवस्था

संगठित अपराधको सुराकी गर्ने, उजूरी गर्ने वा सूचना दिने व्यक्तिले आफ्नो परिचय गोप्य राखिदिन अनुरोध गरेमा सम्वन्धित निकायले निजको नाम, ठेगाना लगायत परिचयात्मक विवरण गोप्य राख्नु पर्नेछ, साक्षी रहेको व्यक्तिलाई अदालत समक्ष उपस्थित हुन वा वकपत्र गरी सकेपछि आफ्नो वा परिवारको कुनै सदस्यको सुरक्षामा खतरा रहेको छ भन्ने लागेमा कारण खुलाई आफ्नो वा परिवारको सदस्यको सुरक्षाको प्रवन्ध गरिदिन अदालत वा प्रहरी समक्ष निवेदन दिन सक्ने, सो बमोजिम अदालतमा निवेदन परेमा अदालतले त्यस्तो साक्षीको सुरक्षा प्रवन्ध गर्न सम्वन्धित निकायलाई आदेश दिन सक्ने र प्रहरीमा निवेदन दिएमा सम्वन्धित प्रहरी कार्यालयले त्यस्तो व्यक्ति वा निजको परिवारको सदस्यलाई सुरक्षा उपलब्ध गराउनु पर्नेछ । उजूरी कर्ता, साक्षी वा निजको परिवारका सदस्यहरुको संरक्षणको लागि त्यस्ता व्यक्तिको नाम, थर, वतन लगायतका परिचयात्मक विवरणलाई कुनै काल्पनिक वा सांकेतिक नाम दिई राख्नु पर्ने र अदालतले उपयुक्त ठह-याएको विवरण तथा मुद्दा सम्वन्धी अभिलेखहरू गोप्य राख्ने वा मुद्दाको अभिलेखबाट साक्षीको विवरण बाहेकको अंश मात्र सार्वजनिक गर्ने गरी आदेश दिन सक्नेछ । उजूरीकर्ता वा साक्षी वा तिनको परिवारको सदस्यहरूको संरक्षणको लागि अदालतले उपयुक्त ठह-याएको विवरण तथा मुद्धा सम्वन्धी अभिलेखहरु गोप्य राख्ने वा मुद्दा मामिला सम्वन्धी अभिलेबाट साक्षीको विवरण बाहेकको अंश वा भाग मात्र सार्वजनिक गर्ने गरी आदेश दिन सक्ने र सुराकी, उजूरीकर्ता वा साक्षी संरक्षण गर्ने सम्वन्धमा अपनाईएको कुनै विषयका सम्वन्धमा कुनै अदालतमा प्रश्न

---

[37] ऐ दफा ४२

[38] ऐ दफा ५२

उठाउन नपाइने[39] प्रावधान रहेको पाइन्छ । त्यसै गरी संगठित अपराधको मुद्दाको काम कारवाहीमा प्रयोग हुने भाषा अभियुक्तले नबुझ्ने भएमा निजले अदालतको अनुमति लिई दोभाषे वा अनुवादक राख्न सक्ने[40] र सो मुद्दाको अभियुक्त कानून व्यवसायी नियुक्त गर्न असमर्थ भएमा अदालतले निजको लागि वैतनिक कानून व्यवसायी उपलव्ध गराउनु[41] पर्ने व्यवस्था रहेको पाइन्छ ।

त्यसै गरी संगठित अपराधको मुद्दाको पूर्पक्षको सिलसिलामा अपराधबाट पीडित व्यक्तिले छुट्टै कानून व्यवसायी राख्न चाहेमा राख्न सक्ने[42] प्रावधान रहेको पाइन्छ । संगठित अपराध भनि दायर गरिएको कुनै मुद्दामा प्रमाण बुझ्दै जांदा त्यस्तो मुद्दा संगठित अपराध निवारण ऐन, २०७० बमोजिम कारवाही र किनारा हुनु पर्ने नदेखिएमा अदालतले त्यस्तो मुद्दालाई प्रचलित कानून बमोजिमको मुद्दामा परिणत गरी फैसला गर्न सक्नेछ । त्यसरी मुद्दा परिणत गरी फैसला गरेकोमा सरकारी वकीललाई ७० दिने पुनरावेदनको म्याद दिनु पर्ने [43] तथा यस ऐन अन्तर्गतको मुद्दा चलाउन हदम्याद नहुने[44] र संगठित अपराधको मुद्दा सरकारवादी भई दायर हुने तथा भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतकंकारी क्रियाकलापमा वित्तीय लगानी सम्वन्धी मुद्दा बाहेक अन्य मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची- १ मा समावेश[45] गरेको पाइन्छ । संगठित अपराध मानिने कुनै कार्य कसैले गरेको वा गर्न लागेको छ भन्ने सूचना दिई त्यस्ता अपराध गर्ने वा गराउने व्यक्तिलाई पक्राउ गर्न वा अनुसन्धानको कार्यमा सहयोग पु-याउने व्यक्तिलाई अपराध गर्ने व्यक्तिलाई भएको जरिवानाको २०% वरावरको रकम सूचना दिने व्यक्तिलाई पुरस्कार स्वरुप प्रदान गरिने[46] र असल नियतले आफ्नो पदीय कर्तव्य पालना गर्दा यस ऐन बमोजिम संगठित अपराध मानिने कुनै कार्य हुन गएकोमा त्यस्तो कार्य गरे वापत कुनै पनि सरकारी अधिकारीलाई यस ऐन बमोजिम मुद्दा चलाउने वा अन्य कुनै प्रकारको सजाय नगरिने[47] प्रावधान समेत सो ऐनले गरेको पाइन्छ ।

---

39 ऐ दफा ५३

40 ऐ दफा ५४

41 ऐ दफा ५५

42 ऐ दफा ५६

43 ऐ दफा ५७

44 ऐ दफा ५८

45 ऐ दफा ५९

46 ऐ दफा ६०

47 ऐ दफा ६१

३) क्षतिपूर्ति भराउने सम्वन्धी व्यवस्था

कसैले संगठित अपराध निवारण ऐन, २०७० वमोजिमको कुनै कसूर गरी सरकारी, सार्वजनिक वा निजी सम्पत्तिमा क्षति भएको वा पु-याएको रहेछ भने अदालतले वास्तविक हानी वा नोक्सानीलाई आधारमानी क्षतिपूर्तिको रकम निर्धारण गर्नु पर्ने र सो क्षतिपूर्ति कसूरदारले भुक्तानी गर्नु पर्नेछ । तर निजले भुक्तानी नगरेमा निजको अंशभागमा पर्ने सम्पत्ति लिलाम गरी असुल उपर गरिने र असुल उपर हुन नसकेमा जरिवाना बापत प्रचलित कानून बमोजिम हुने अवधिसम्म निजलाई कैद हुने व्यवस्था रहेको पाइन्छ ।[48]

४) जफत हुने

संगठित अपराध गर्न प्रयोग भएको जुनसुकै उपकरण, वस्तु वा साधन जो सुकै व्यक्तिसंग रहेको भए पनि जफत हुने, संगठित अपराध गरी प्राप्त गरेको सम्पत्ति कानूनी रुपमा प्राप्त गरेको सम्पत्तिमा मिलाईएको रहेछ भने त्यस्तो मिश्रित सम्पत्तिबाट सो सम्पत्ति छुट्याउन सकिने रहेछ भने छुट्याई जफत गरिने र छुट्याउन नसकिने रहेछ भने त्यस्तो सम्पत्तिलाई रकममा रूपान्तरण गरी जफत गरिने व्यवस्था रहेको छ ।[49]

ङ) न्यायिक दृष्टिकोण

संगठीत अपराध निवारण ऐन, २०७० जारी भए पछि पुनरावेदनको रोहमा संगठीत अपराधको अभियोग भएका मुद्दा सर्वोच्च अदालतबाट हेरी फैसला भएको देखिदैन । समूहद्वारा संगठीत अपराधको कसुर गरेको देखिएका मुद्दामा सर्वोच्च अदालतले व्याख्या गरी सिद्धान्तहरु प्रतिपादन गरेको निम्न मुद्दाहरुको माध्यमबाट अदालतको दृष्टिकोणलाई प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

१. अनिल कुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार विरूद्ध मदन शर्मा समेत[50] भएको ठगी मुद्दामा संगठीत अपराधको प्रकृति सामान्य अपराध भन्दा पृथक हुन्छ । अपराधका यी दुवै प्रकृतिलाई एउटै दृष्टिले हेर्न सकिन्न । वृहत योजना र विस्तारित तयारीका साथ सम्पन्न हुने संगठित अपराधमा धेरै व्यक्तिको बेग्ला बेग्लै भूमिका हुन्छ । पृथक पृथक व्यक्तिको फरक फरक कार्यले एउटा संगठित अपराध सम्पन्न हुन्छ भन्ने व्याख्या भएको पाइन्छ ।

२. **पुनरावेदक/प्रतिवादी चार्ल्स गुरूमुख शोभराज विरुद्ध नेपाल सरकार भएको** कर्तव्य ज्यान[51] मुद्दामा अपराध गर्दा अपनाइएको तरिका र अपराधको प्रकृति हेर्दा अपराधी पूर्ण सचेत, सावधान रही नियोजित र संगठीत रुपमा आफ्नो कार्य योजनालाई पूर्णता दिएको देखिन्छ । यस्तो अवस्थामा अभियोजन पक्षद्वारा

---

[48] ऐ दफा १०

[49] ऐ दफा ५१

[50] ने. का. प. २०६७ अंक २ नि. नं. ८३२१ पृ. ३०९

[51] ने. का. प. २०६७ अंक ५ नि. नं. ८३७८ पृ. ८१४

अप्रत्यक्ष प्रमाण र खास गरी परिस्थितिजन्य प्रमाणको आधारमा नै अपराधीसम्म पुग्नु पर्ने र त्यस्तो प्रमाणको आधारमा कसुरदार देखिन आएको अभियुक्तलाई सजाय गर्नुपर्ने भनी ब्याख्या भएको छ। प्रस्तुत मुद्दा संगठीत अपराध हो भनि उल्लेख नभए पनि अपराधको कार्य प्रकृति संगठीत अपराधको प्रकृति सँग मिल्दो जुल्दो देखिने भनि विश्लेषण् गरिएको पाइन्छ।

३. पुनरावेदक/प्रतिवादी सूर्य बहादुर पुन समेत विरुद्ध नेपाल सरकार भएको[52] गैडामारी खाग विक्री मुद्दामा संगठित अपराधमा संलग्न प्रतिवादीहरुको कसूरलाई कुनै एउटा एक्लो वारदात वा घटनासंग मात्र जोडी निरपेक्ष ढंगबाट हेर्नु भन्दा सो वारदातबाट प्रतिवादीहरूले हासिल गर्न चाहेको निहित उद्देश्य वा सो वारदातको दूरगामी असरलाई हेर्नु न्यायिक दृष्टिकोणबाट उपयुक्त वा वाञ्छनीय हुने भनि व्याख्या भएको पाइन्छ।

४. पुनरावेदक/प्रतिवादी राजु लामा विरुद्ध नेपाल सरकार भएको लागू औषध मुद्दामा[53] लागु औषधको प्रकृति सांगठनिक अपराध भएकोले यस किसिमको अपराधमा मुख्यकर्ता र मतियार नभई सबै मुख्य कर्ता हुने अवस्थामा नरहने। त्यस्तो हुने हो भने कानुनी व्यवस्था को निश्प्रयोजन मात्र नभई षड्यन्त्र गर्ने, उद्योग गर्ने दुरुत्साहन गर्ने र मतियार हुनेलाई सजाय गर्ने विधायीकी मनसाय लुप्त हुन जाने देखिन्छ। विधायिकी मनसाय समेत नमिन्ने भन्दै प्रतिवादी राजु लामालाई दुरुत्साहन गरेकोमा मुख्य कर्तालाई हुने सजायको आधा ६ वर्ष कैद र ७१,०००।– जरिवाना हुने गरी सजाय भएको छ।

५. गोमा पाँचकोटी विरुद्ध नेपाल सरकार भएको [54] मानव बेचविखन तथा ओसारपसार मुद्दामा कतिपय संगीन प्रकृतिका फौज्दारी अपराधमा पीडितले समाजमा व्यहोर्नु पर्ने क्षति अपराधबाट समाजमा पुग्न जाने असर तथा अपराधलाइ निरुत्साहित गर्न राज्यले निर्वाह गर्नु पर्ने नियन्त्रणकारी भूमिकालाई समेत मध्यनजर गरी प्रमाणको भार आरोपित पक्षलाई सार्ने गरी कठोर कानूनी व्यवस्था गर्न परेको हो। अपराधमा संलग्न पक्ष पेशेवर हुन सक्ने र अपराध बडो योजनावद्ध एवं संगठीत तरिकाले हुनसक्ने र कतिपय संगठीत अपराधिक समुहको संलग्नतामा समेत अपराध हुन सक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थितिको आँकलन गरेर विधायिकाले कानुन निर्माण गरेको हो। प्रमाण संकलनका क्रममा हुन सक्ने कतिपय कमजोरी भन्ने नै विधायिकी मनसाय हुने भनी ब्याख्या भएको पाइन्छ।

च) उपसंहार

संगठित अपराध हरेक देशको लागि एक चुनौतीको रूपमा विकसित भई रहेको छ। विश्वका हरेक राज्यको लागि समस्याको रुपमा रहेको यो संगठित अपराधलाई नियन्त्रण गर्नका लागि अन्तर्राष्ट्रिय रुपमा धेरै प्रयासहरू भएका छन जसमध्ये अन्तरदेशीय संगठित अपराध विरुद्ध संयुक्त राष्ट्र संघीय महासन्धी, २०००

[52] ने. का. प. २०६९ अंक ३ नि. नं. ८७८४ पृ. ४०४

[53] ने. का. प. २०७१ अंक ५ नि. नं. ९१६४ पृ. ६८४

[54] ने. का. प. २०७२ अंक १ नि. नं. ९३३३ पृ. १३३

(UN Convention Against Transnational Organized Crime अर्थात UNTOC 2000) लाई महत्वपूर्ण उपलब्धी मानिन्छ । नेपाल पनि संगठित अपराधको समस्याबाट अछुतो नरहेको र नेपालले सो महासन्धी (UNTOC, Palermo Convention) लाई अनुमोदन गरे पछि नेपालले संगठित अपराध निवारणका लागि राष्ट्रिय कानून निर्माण गर्नु पर्ने अन्तर्राष्ट्रिय दायित्व सिर्जना भई वि. स. २०७० साल चैत्र १२ गते संगठित अपराध निवारण ऐन, २०७० जारी गरेको छ। यो ऐन संगै यो ऐनसंग सान्दर्भिक रहेका सपुर्दगी ऐन, २०७० र पारस्परिक कानूनी सहायता सम्वन्धी ऐन, २०७० समेत जारी भए पनि राज्यहरू विच सपुर्दगी र पारस्परिक कानूनी सहायता सम्वन्धमा अन्य देशहरूसंग एकापसी सहायताका लागि सन्धीहरू हुन नसकेबाट हाम्रो देशले मात्र नभई अन्य देशले समेत संगठित अपराधका अभियुक्तहरुलाई कानूनको कठघरामा ल्याई कारवाही गर्न सक्ने अवस्था देखिदैन। यसबाट ऐनको उद्देश्य र मनसाय पुरा हुन नसक्ने भई दण्ड हिनताले प्रश्चय पाउने देखिन्छ । साथै संगठित अपराध निवारण ऐन, २०७० मा भएका केही प्रावधानहरू सरल, स्पष्ट र द्विविधाविहीन नभएकोले यो ऐनको कार्यान्वयन गर्न समेत कठिन भएको महसुस भएको छ। अतः यो ऐनको सफल कार्यान्वयनका लागि उल्लिखित समस्याहरूको समाधान हुन जरूरी देखिएको छ।

<u>सन्दर्भ सामाग्रीहरू</u>

संगठित अपराध निवारण ऐन, २०७०

मुलुकी अपराध (संहिता) ऐन, २०७४

मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७५

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८

भ्रष्टाचार निवारण ऐन, २०५९

बैंकिङ कसूर तथा सजाय ऐन, २०६४

मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

सम्पत्ति शुद्धीकरण (मनिलाउन्डरिंङ) निवारण ऐन, २०६४

संगठित अपराध, प्रकाशन राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६९

संजीवराज रेग्मी, संगठित अपराधको अवधारणा, अन्तराष्ट्रिय अभ्यास र नेपालमा संगठित अपराध नियन्त्रण सम्वन्धी कानून,

एक अध्ययन, सोपान द्वैमासिक २०७२ मंसिर, अंक ५

सर्वोच्च अदालतबाट भएका केही फैसलाहरू

UN Convention against Transnational Organized Crime, 2000

कार्यपत्र : ७, भ्रष्टाचारमा संगठित अपराध समूहको संलग्नता

(Organized Criminal Groups Involvement in Corruption)

हरिप्रसाद जोशी
सहन्यायाधिवक्ता

१. पृष्ठभूमि

समाजमा अपराध अस्तित्वमा रहनु कुनै नौलो विषय नभएपनि अपराधकर्म कार्यान्वयनका विधि(प्रक्रिया, तौरतरिका फेरिएका छन् र नवप्रबर्तनीय धारमा विकसित भएका छन् । त्यतिमात्र नभै कतिपय थप मानवीय व्यवहारलाई राज्य कानूनहरुले अपराधजन्य कसूर घोषणा (Criminalization) गरी त्यस्ता अपराधहरु नियन्त्रण तथा निवारणका उपायहरु अवलम्वन गरिएका छन् ।समूहमा घटित हुने अपराधलाई विगत समाजमा विभिन्न नामहरु जस्तै- Piracy, Trafficking in persons, supplying slaves, Hostage taking, marine hijacking, Smuggling, counterfeiting, Drug trafficking, Bribe, आदि नामबाट पुकारिन्थ्यो भने हाल यी लगायत संगठित तवरबाट गरिने गम्भीर प्रकृतिका अपराधहरु (Predicate offence derived from substantive offence) लाई संगठित अपराधको दायराभित्र सम्बोधन हुन्छ ।तर कुनै अपराध गम्भीर हुनासाथ संगठित हुने नभई त्यस अपराध घटाउन संगठित रुपमा संलग्नताको अवस्था हेरिनु अत्यावश्यक हुन्छ ।सङ्गठित अपराध आफैमा मूल अपराध नभई अपराध गर्ने शैली, तरिका, माध्यम, कारण, साधनको प्रयोग, अपराधकर्ताको संलग्नता, अपराध पश्चात् त्यस अपराधको प्रभावको चाहनासँग सम्बन्धित हुन्छ ।

संगठित अपराधको अवधारणालाई फौजदारी विधिशास्त्रमा तुलनात्मकरूपले नवीनतम अवधारणाको रूपमा लिने गरिन्छ । अरु परम्परागत फौजदारी अपराधहरूको तुलनामा संगठित अपराध यसको उद्देश्य, अपराध गर्ने तरिका, प्रकार, संजाल, संगठन, प्रविधिको प्रयोग, आदि जस्ता तत्वहरूको आधारमा आफैमा एउटा जटिल परिघटना (Complex phenomenon) को रूपमा रहेको हुन्छ[१] ।विकास र प्रविधि संगसंगै यो अन्तरदेशीय र सिमाबिहीन संगठित अपराधको रुपमा विश्वभरी मौलाएर गएको छ । त्यसैले कतिपय अवस्थामा यसलाई विकास र प्रविधिको कालो पाटोको रूपमा पनि लिने गरिन्छ । वर्तमान विश्वमा लागू औषधको अवैध कारोबार, तस्करीजन्य कार्यहरू, मानव बेचबिखन, आतंकवाद, मानव अपहरण तथा शरिर बन्धक गरी फिरौति असुली, अवैधरूपमा आर्जन गरेको सम्पतिको शुद्धीकरण (Moneylaundering),

[१]थापा, डा. गोबिन्दप्रसाद, (२०६८), **Investigation of Transnational Organized Crime,** संगठित अपराधः एक परिचय, श्रोत सामग्री,ललितपुरः राष्ट्रिय न्यायीक प्रतिष्ठान नेपाल, पृ.७६ ।

नक्कली मुद्राको प्रचलन, बैंक तथा वित्तीय कारोबारमा धोखा, भ्रष्टाचार जस्ता अपराधहरू बढ्दोरूपमा देखिनुका साथै यस्ता अपराधहरू सामन्यतया अन्तरदेशीय (Transnational) एवं संगठित (Organize) रूपमा गर्ने गरेको पाइन्छन्[२]।

आफैमा स्वतन्त्र अपराधको (Independent) हैसियतमा नरहने संगठित अपराधको मूलमा कुनै न कुनै अन्य स्वतन्त्र अपराध रहेको हुन्छ ।संगठित तवरबाट संचालन हुनसक्ने र विकास निर्माण तथा सुशासनलाई अत्यधिक प्रभाव पार्ने गम्भीर अपराधहरु मध्येको भ्रष्टाचार एक प्रमुख अपराध हो ।राष्टसेवकबाट स्वयं कुनै संगठित समूहको Networking मा रही वा समूहको दबाव, प्रभाव, सहयोग, सम्बन्ध, संलग्नता वा लोभलालचमा परी हुने भ्रष्टाचारजन्य कार्य संगठितरुपमा हुने भ्रष्टाचारका स्वरुप हुन् ।संगठित भ्रष्टाचारको अपराध फौज्दारी न्याय प्रणालीमा विकसित नवीन अवधारणा हो । यस्ता संगठित भ्रष्टाचारजन्य क्रियाकलापलाई संगठित अपराध निवारण सम्बन्धी प्रचलित कानूनबाट सम्बोधन गरिन्छ ।नेपालमा मूल अपराध (Substantive Offence/Crime) को रुपमा भ्रष्टाचारलाई संबोधन गर्न भ्रष्टाचार निवारण ऐन, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लगायतका विभिन्न कानूनहरु र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नामक छुट्टै संवैधानिक आयोग क्रियाशील छ । नेपाल UNCAC को पक्ष राष्ट्र भएकोले त्यस अनुरुपको दायित्व निर्वाह गर्नु पनि कर्तब्य हुनआउँछ ।

नेपाल सानो र आर्थिकरुपमा कमजोर राष्ट्रको रुपमा रहेको छ । Corruption Perception Index २०१८ अनुसार नेपाल गरिब राष्ट्रहरुको सूचिमा १२४औं राष्ट्रमा पर्दछ । यसले नेपालमा भ्रष्टाचारजन्य क्रियाकलाप मौलाउदो अवस्थामा रहेको र भ्रष्टाचारबाट आक्रान्त देशको रुपमा रहेको चित्रित गर्दछ । नेपालमा बढ्दो नितिगत र कार्यगत भ्रष्टाचार, खर्चिलो निर्वाचन प्रणाली, राज्य संयन्त्रमा सदाचारिता र सुशासनको कमी, राजनीतिक अस्थिरता, कामै नगरी खाने प्रबृत्तिको विकास र पछौटेपन, प्रकृतिक श्रोत साधन तथा प्रविधिको सही सदुपयोग हुन नसक्नुजस्ता भ्रष्टाचार बढ्नुका प्रमुख कारण रहेका छन् भने भ्रष्टाचारको प्रकृति र प्रवृत्तिमा आएको परिवर्तनको साथसाथै यो सिमाबिहिन अर्थात् अन्तरदेशीय संगठित अपराध (Transnational Organized Crime) को रुपमा विस्तार भएकोले यसको निवारण हरेक राज्यको लागि थप चुनौति बनेको छ ।

अन्तरदेशीय र सिमाबिहीन रुपमा रहेका यस्ता संगठित अपराधलाई पारस्पारिकताका आधारमा नियन्त्रण तथा निवारण गर्न लामो प्रयासपछि संयूक्त राष्ट्र संघीय महासभाबाट संगठित अपराध विरुद्धको संयूक्त राष्ट्र संघीय महासन्धि सन् २००० डिसेम्बर १२ मा पारित गरी सन्

[२]पौडेल, केदार, (२०६८),संगठित अपराध सम्बन्धी जानकारी, संगठित अपराधः एक परिचय, श्रोत सामग्री, ललितपुरः राष्ट्रिय न्यायीक प्रतिष्ठान नेपाल, पृ.१ ।

२००३ सेप्टेम्बर २९ देखि लागू भयो ।यसमा नेपालले ११ डिसेम्बार २००२ का दिन हस्ताक्षर गरी र २३ डिसेम्बर २०११ मा अनुमोदन गरी उक्त महासन्धीको पक्ष राष्ट्र बनेको छ। पक्ष राष्ट्रले उक्त महासन्धि बमोजिम भ्रष्टाचारलाई अपराधीकरण[३] गरी त्यसको रोकथाम अनुसन्धान र अभियोजन गर्न आवश्यक प्रबन्ध गर्ने[४] दायित्व निर्माण गरेको छ । महासन्धिको पक्ष राष्ट्रको हैसियतले निर्वाह गर्नुपर्ने दायित्व अन्तरगत नेपालले संगठित अपराध निवारण अध्यादेश २०६९ र तत्पश्चात २०७० मा संगठित अपराध निवारणऐन, २०७० निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।यस ऐनले भ्रष्टाचारलगायत[५] यस दफाबमोजिम गंभीर अपराध मानिने समग्र संगठित अपराधलाई फरक किसिमले सम्बोधन गर्न अनुसन्धान अभियोजनका विशिष्ट कानूनी उपायहरुको व्यवस्था गरेको छ । तथापि विकसित संचार प्रविधिको सहयोगमा अपराधको प्रकृति र प्रवृत्तिमा आएको परिवर्तनले राज्यबाट संगठित अपराध निवारणको कार्यलाई थप चुनौतिपूर्ण तुल्याएको छ ।

२. भ्रष्टाचार

मूलतः आर्थिक अपराधको रुपमा रहेको भ्रष्टाचार विश्वभरी सामाजिक रोगझैं फैलिएको छ । यसले व्यक्ति समाज राज्य र अन्तराष्ट्रिय समुदाय समेतलाई प्रभाव पारिरहेको छ।World Bank को रिपोर्टमा घुस (Bribe) को मात्रै कुरा गर्दा धनी मानिसले भन्दा गरिबले आफनो आयको बढी प्रतिशत घुस तिर्छन् । Paraguay का गरिबहरुले आफनो आयको १२.६ प्रतिशत तिर्छन् भने धनीले ६.४ प्रतिशत तिर्छन् ।त्यसरी नै Sierra Leone मा क्रमश १३ प्रतिशत र ३.८ प्रतिशत घुस तिर्छन्[६] ।विज्ञान, प्रबिधि, यातायात र संचारको विकासको साथसाथै भ्रष्टाचारले सिमाबिहिन र अन्तरदेशीय (Transnational) रुप लिएको छ भने संगठित समूहको माध्यमबाट हुने भ्रष्टाचारको स्वरुप अझ डरलाग्दो रहेको छ। गरिब झन् झन् गरिब र धनी झन् झन् धनी हुदै गएका छन् र शासन व्यवस्था संगठित अपराधिक समूहको पकडमा आउने खतरा बढिरहेको छ ।

खासगरी उच्च सार्वजनिक पदाधिकारीले सार्वजनिक सेवा प्रवाहका क्रममा पद तथा ओहोदाको दुरुपयोग गरेमा भ्रष्टाचार गरेको मानिन्थ्यो।घुस लिनुदिनु र ओहोदाले नपाएको अधिकार प्रयोग गर्नु भ्रष्टाचारका प्रमुख कसूर हुन्थे ।राज्य सिमाभित्र सिमित अर्थमा यस अपराधले समग्र राज्यको सुशासनलाई प्रभावित पार्दछ।त्यसैले यसलाई श्वेतग्रीवीअपराध (White colour Crime)

[३]UN Convention against Transnational Organized Crime, 2000, Article,8 (Criminalization of corruption)

[४]ऐ. Article3 (Scope of application)

[५]संगठित अपराध निवारण ऐन, २०७०दफा ३ (३)(क)

[६]Combating Corruption Report, World Bank, 2009

पनि भनिन्छ ।तर आजको युगमा यसको क्षेत्र व्यापक भएको छ ।प्राइभेट तथा कर्पोरेट क्षेत्रको भ्रष्टाचारलाई पनि पक्ष राज्यले सम्बोधन गर्नुपर्ने दायित्व भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र सघीय महासन्धिको धारा[७] ले र भ्रष्टाचार अन्तरदेशीय (Transnational) तथा गंभीर संगठित अपराध हुने कुरा अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको धारा[८] ले व्यवस्था गरेको छ ।

नेपालमा "घुस लिने र दिने देशका महान शत्रु हुन् यीनको जीउज्यान गरिलिया पनि हुन्छ"- भन्ने पृथ्वीनारायण शाहको दिव्योपदेशबाट घुस लिनेदिने अर्थात् भ्रष्टाचार गंभीर अपराध रहेको र यस्तो गर्ने जोकोहीलाई कडा सजाय हुने स्पष्ट पार्दछ ।त्यसपछिका शासन व्यवस्था अझ राणाकाल ९मुलुकी ऐन, १९१०० मै पनि घुस लिने, राज्यकोषमा घोटाला गर्ने, तथा सरकारी सम्पत्तिमा नोक्सान पुर्याउने पदाधिकारीलाई कडासजायको व्यवस्था थियो ।शासन व्यवस्थामा आएको परिवर्तन र नेपालको विश्व समुदायसंगको सम्बन्ध विस्तार संगसंगै नेपालमा पहिलोपटक भ्रष्टाचार निवारण सम्बन्धीको २००९ सालमा त्यसपछि २०१३ सालमा कानुन आयो भने २०१५ सालको जननिर्वाचित सरकार आएपछि भ्रष्टाचार निवारण ऐन, २०१७ आयो र यसले भ्रष्टाचारलाई छुट्टै कानूनी संरचनाको रुपमा सम्बोधन गर्न थाल्यो । नेपालको संविधान २०१९ मा दोस्रो संशोधन २०३२ सालमा हुंदा भ्रष्टाचारलाई हेर्ने छुट्टै संवैधानिक आयोग अख्तियार दुरुपयोग निवारण आयोगको व्यवस्था[९] भयो ।विशेष प्रहरी विभागबाट अनुसन्धान भएका भ्रष्टाचारका मुद्दामा यस आयोगले सुनुवाई गर्दथ्यो ।

२०४६/४७ सालको राजनीतिक परिवर्तन पश्चात निर्माण भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य र भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेकोमा अनुसन्धान र अभियोजन गर्नसक्ने अधिकारसहित अख्तियार दुरुपयोग अनसन्धान आयोग[१०]को स्थापना भयो ।यसपछि २०७२ सालमा निर्माण भई लागू भएको पछिल्लो संविधान नेपालको संविधानले सार्वजनिक पद धारण गरेको व्यक्तिले **भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेकोमा** अनुसन्धान र अभियोजन गर्नसक्ने अधिकारसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग नामको संवैधानिक आयोगको सांगठनिक व्यवस्थासहित भ्रष्टाचार निवारणको कार्यमा क्रियाशील रहेको छ ।आयोगले आफ्नो संवैधानिक अधिकारको प्रयोग गर्दा

[७]UN Convention against Corruption, 2003, Article 12.(Private sector 1. Each State Party shall take measures, in accordance with the fundamental principles of its domestic law, to prevent corruption involving the private sector, enhance accounting and auditing standards in the private sector and, where appropriate, provide effective, proportionate and dissuasive civil, administrative or criminal penalties for failure to comply with such measures.)

[8]UN Convention against Transnational Organized Crime, 2000, Article,8 (Criminalization of corruption).

[९]**नेपालको संविधान, २०१९**भाग १० धारा ६७

[१०]**नेपालअधिराज्यको संविधान,** २०४७ भाग १२ धारा ९८

अख्तियार दुरुपयोग अनसन्धान आयोग ऐन, २०४८, यसको नियमावली, २०५९, भ्रष्टाचार निवारण ऐन, २०५९ र अन्य विविध कार्यविधि, निर्देशिका लगायतका कानूनहरुको आधारमा आयोगले कार्य गर्दै आएको छ ।यसबिच नेपाल भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र सघीय महासन्धि[११] र अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको[१२] पक्ष राष्ट्र बनेको छ र पक्ष राष्ट्रको हैसियतले महासन्धिले सृजना गरेका दायित्व निर्वाह गर्नुपर्ने जिम्मेवारीमा छ ।

पछिल्लो समयमा संगठित रूपमा नै घूस, ठगी, भनसुन, कमिसन, स्वार्थको खिचातानी, नातावाद कृपावाद, पदिय दुरूपयोग, राजनीतिक दलहरूको आर्थिक सहयोग र चन्दा आतंक जस्ता भ्रष्टाचारजन्य अपराधहरू नेपालमा अधिक रूपमा मौलाउदै गएको छ ।भ्रष्टाचार अपराधको प्रकृति र प्रवृत्तिमा आएको परिवर्तन, विज्ञान प्रविधि यातायात संचारको क्षेत्रमा भएको चमत्कारिक विकास, आर्थिक अपराधकोरुपमा सिमाबिहिन र अन्तरदेशीय प्रभाव र विस्तार, संगठित अपराधिक समूहको संजाल र क्रियाशीलताका कारण भ्रष्टाचार बढ्दो क्रममा रहेको छ भने विश्व समुदायको टाउको दुखाईको विषय बनेको छ ।

२।१ भ्रष्टाचारको अर्थ र परिभाषा

अंग्रेजी भाषाको Corruption भन्ने शव्द ल्याटिन भाषाको Corrupts शव्दबाट व्युत्पत्ति भएको मानिन्छ जसको शाव्दिक अर्थ To Break अर्थात उल्लंघन गर्नु हुन्छ। सामान्य अर्थमा भ्रष्टाचार भनेको अपवित्र वा दुषित आचरण हो।भ्रष्टाचार शब्दको शब्द विन्यास गरी हेर्दा भ्रष्ट अर्थात् खराब र आचार अर्थात् आचरण, व्यवहार, बानी (ब्यहोरा भन्ने बुझिन्छ ।

Corruption is complex, social, political and economic phenomenon that affects all countries. Corruption undermines democratic institutions slows economic development and contributes to governmental instability. Corruption attacks the foundation of democratic institutions, distorting electoral processes, perverting the rule of law and creating bureaucratic quagmires whose only reason for existing is the soliciting of bribes. Economic development is stunted because foreign investment is discouraged and small businesses. Within the country often find it impossible to overcome the "start-up costs" required because of corruption।[13]

नेपालको सन्दर्भमा भ्रष्टाचार निवारण ऐन, २०५९ ले परिच्छेद २ अन्तर्गतका कार्यलाई भ्रष्टाचारको कसुर मानेको र सो परिच्छेद अन्तर्गत दफा ३ देखि २४ सम्म राष्ट्र सेवकले गर्न

[११]UN Convention against Corruption, 2003,Entry into force: 14 Dec.2005, Ratified into: 29 Mar. 2011.

[१२]UN Convention against Transnational Organized Crime, 2000, Entry into force: 29 Sept.2003, Ratified into:23 Dec.2011.

[१३]**https//www.unodc.org/unodc/en/corruption/index.html:** visited: 5 March, 2019

नहुने कार्यहरूको विषयमा विस्तृत रूपमा उल्लेख गरिएको छ । जसअनुसार रिसवत लिने दिन नहुने, बिना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिन नहुने, दान, दातव्य, उपहार वा चन्दा लिन नहुने, कमिसन लिन नहुने, राजस्व चुहावट गर्न नहुने, गैरकानुनी लाभ वा हानि पुऱ्याउन नहुने, गलत लिखत तयार गर्न नहुने, गलत अनुवाद गर्न नहुने, सरकारी कागजात सच्याउन नहुने, सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्न नहुने, प्रश्नपत्रको गोपनीयता भंग गर्न वा परिणाम फेरबदल गर्न नहुने, गैरकानुनी व्यापार व्यवसाय गर्न नहुने, नपाएको ओहोदा पाएँ भन्न नहुने, झुट्टा विवरण दिन नहुने, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्न नहुने, गैरकानुनी दबाव दिन नहुने, गलत प्रतिवेदन दिन नहुने, गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्न नहुने, उद्योग गर्न नहुने, मतियार हुन नहुने लगायत कार्यहरू पर्दछन् ।

भ्रष्टाचारलाई अपराधशास्त्रीय दृष्टिकोण (Criminological Aspect) बाट मनसायपूर्वक गरिएको अख्तियार दुरुपयोगको कार्य, भ्रष्टाचारको कार्यतत्व (Fuctional Aspect) को आधारमा भ्रष्टाचार कानूनले निषेध गरेको अपराधजन्य कार्य भ्रष्टाचारको तरिका (Modus oprandi Aspect) को र कसरी वा कस्तो संलग्नता रह्यो भने आधार र अर्थमा पनि फरक किसिमले परिभाषित गर्न सकिन्छ ।

भ्रष्टाचारको सर्वस्वीकार्य परिभाषा छैन त्यसमा पनि संगठित भ्रष्टाचार अपराधको छूट्टै परिभाषा भेट्टाउन झनै कठिन छ ।तर नेपाल कानून हेर्ने हो भने अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २ को खण्ड (ज) अनुसार भ्रष्टाचार निवारण ऐन २०५९ को परिच्छेद २ मा उल्लेखित कार्य भ्रष्टाचार हुने भनी उल्लेख गरेको छ ।त्यसरी नै संगठित अपराध ऐन २०७० को दफा ३ को उपदफा (२) खण्ड (ग) अनुसार भ्रष्टाचार एक गंभीर अपराध हुने र कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसंग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी माथि उल्लेखित भ्रष्टाचार निवारण ऐन, २०५९ ले परिच्छेद २ अन्तर्गतका कसूरजन्य कार्य गरेमा संगठित भ्रष्टाचारको अपराध हुने प्रष्ट छ ।

राष्ट्रसेवकबाट सेवा प्रवाह सन्दर्भमा मात्र भ्रष्टाचार हुने भन्ने नेपालले अंगीकार गरेको मान्यता पुरातन छ । तथापि राष्ट्रसेवकसंग संलग्न देखिने (Associated) व्यक्ति र संस्था (Legal Person) को प्रमुखलाई कतिपय सन्दर्भमा दायित्व वहन गराउन सकिन्छ भने राजस्व छलीका मुद्दाहरुमा लाभग्राहीलाई अभियोजन हुन सक्दैन।[१४] निजीक्षेत्रको र कानूनी व्यक्तिबाट हुनसक्ने भ्रष्टाचारजन्य क्रियाकलापलाई पनि पक्ष राष्ट्रहरुले भ्रष्टाचार मानी कारबाहिको दायरामा ल्याउनुपर्ने दायित्व UNCAC ले गरेको छ ।भ्रष्टाचारजन्य क्रियाकलापका क्षेत्रको आधारमा भ्रष्टाचारको अर्थ गर्दा निजीक्षेत्र तथा कानूनी व्यक्ति जहां (वित्तीय संस्था, सहकारी, धितोपत्र,

[१४]**भ्रष्टाचार निवारण ऐन, २०५९** को दफा७ (राजश्व चुहावट गर्ने राष्ट्रसेवकलाई सजाय)

गैरसरकारी संस्था, आदि) सार्वजनिक सरोकार तथा श्रोत सम्पत्ति र त्यसको उपयोग गांसिएको हुन्छ त्यहां भ्रष्टाचार हुनसक्छ र भ्रष्टाचार हो ।

२।२ भ्रष्टाचारका आधारभूत तत्वहरु(Constituent Elements of Corruption)

मूलतस्भ्रष्टाचारका आधारभूत तत्वहरुलाई २ महत्वपूर्ण अवधारणा अपराधशास्त्रीयतत्व अवधारणा (Criminological Element Aspect)रअपराधको कार्यात्मक अवधारणा(FunctionalElement Aspect) का आधारमा चर्चा गर्न उपयुक्त हुन्छ ।

अपराध शास्त्रीय अवधारणा (CriminologicalAspect): कुनैपनि मानवीय व्यवहार अपराध कहलिन त्यस्तो कार्यमा सदैव यसका आधारभुत तत्वहरू (Constituent Elements) को विद्यमानता आवश्यक पर्दछ । अपराधका तत्वभित्र भौतिक तथा शारिरीक कार्यको उपस्थिति, अपराधको परिस्थिति, आपराधिक कार्यको परिणाम, मानसिक तत्व लगायतका तत्वहरू रहेका हुन्छन् र निश्चित उद्देश्य र आसय मनसायकासाथ अपराध गरिएको हुन्छ। यसको अतिरिक्त फौजदारी अपराध हुनका लागि फौजदारी कानूनबाट आपराधिकरण गरेको कार्य वा अकार्य वा गैरकानूनी कार्यका साथै, आपराधिक कार्य गर्ने अपराधिको क्षमता र दोषी मनोभाव हुनु आवश्यक हुन्छ । संकुचित अर्थमा कर्ताले गरेको कार्य आपराधिक कार्य (actus reus) हुनुपर्दछ अर्थात फौजदारी कानूनले निषेध गरेको कार्य (an act) वा अकार्य (Omission) हुनु पर्दछ भने कर्ताको त्यस्तो कार्यमा आपराधिक मनसाय (Mens rea) विद्यमान हुनु पर्दछ । फौजदारी कानूनको प्रमुख सिद्धान्त (Cardinal principle) को रूपमा रहेको ो "Actus non facit reum nisi mens sit rea" अर्थात दोषी मनोभाव बिना कर्ताले गरेको कार्य कानूनी रूपमा दोषी वा अपराध हुँदैन, अपराध हुन कर्ताले गरेको आपराधिक कार्य दोषी मनोभाबका साथ सम्पादन गरेको हुनु पर्दछ ।

उपरोक्त अपराध हुनका लागि चाहिने आधारभूत तत्वहरु समूहको संलग्नतामा हुने भ्रष्टाचार र भ्रष्टाचारजन्य अन्य जुनसुकै क्रियाकलापमा विद्यमान हुनुपर्छ। यस अर्थमा अपराधको विधिशास्त्रीय मान्यताको दृष्टिकोणले भ्रष्टाचार एक सापेक्षित अपराध (Relative Offence) हो र यसमा अपराधिक कार्य र मनसाय तत्व (Actus reus+ Mens rea) को विद्यमानता रहन्छ ।संगठित अपराधका तत्वहरूका बारेमा संगठित अपराध निवारण ऐन २०७०को दफा ३(२)[१५] र संगठित अपराध विरुद्धको अन्तराष्ट्रिय महासन्धि २००० (UNTOC) धारा ३(२) र धारा ८[१६]ले स्पष्ट पारेको छ । यसका साथै संगठित अपराधमा आपराधिक संगठनको सदस्यहरूको

[१५] ३(२) उपदफा (१) को प्रयोजनको लागि "।कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेमा निजले सङ्गठित अपराध गरेको मानिनेछ । यस दफाको प्रयोजनको लागि देहायको कसूर गम्भीर अपराध मानिनेछ। प्रचलित कानून बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी मानिने कसूर

[१६] **3(2).** For the purpose of paragraph 1 of this article, an offence is transnational in nature if: (a) It is committed in more than one State; (b) It is committed in one State but a substantial part of its preparation, planning, direction or control takes place in another State; (c) It is committed in one State but involves

संगठनप्रतिको प्रतिबद्धता, अपराधको बारेमा रहेको ज्ञान, शिप र त्यस्तो संगठित समुहको शक्ति एवं त्यस्तो आपराधिक संगठनले संचालन गर्ने आपराधिक कार्यको समष्टिगत परिणाम नै संगठित अपराध भएकोहुँदा संगठित अपराधमा उपरोक्तबाहेक मुलतः संगठित अपराधिक समूह र गम्भीर अपराध हुनु जरुरी हुन्छ[१७] ।

भ्रष्टाचार अपराधको कार्यात्मक अवधारणा (Functional Aspect) : भ्रष्टाचार एक स्वतन्त्र अपराधको रुपमा हेर्दा सबै भ्रष्टाचारजन्य क्रियाकलापहरु तथा समूह संलग्नतामा सम्पन्न हुने त्यस्ता क्रियाकलापहरु संगठित भ्रष्टाचार होइनन् ।घुस लिनेदिने, गलत प्रतिवेदनःलिखित तयार गर्ने, सरकारी तथा जिम्मा रहेको सम्पत्ति हिनामिना वा नोक्सान गर्ने, परीक्षाको परिणाम परिवर्तन गर्ने, नपाएको ओहोदा पाएभनी कामकाज गर्ने, जस्ता नितान्त व्यक्तिगत लाभ हानीका उद्देश्यबाट गरिने भ्रष्टाचारजन्य क्रियाकलापहरु ःभ्रष्टाचार निवारण ऐन२०५९ को सन्दर्भमा० एकैजनाबाट वा एकभन्दा बढी व्यक्तिहरुको संलग्नतामा भएका विशुद्ध भ्रष्टाचारका कसूर हुनसक्छन् भने यी र अन्य अकूत सम्पत्ति आर्जन, राजस्व छली, सरकारी तथा सार्वजनिक सम्पत्तिको हिनामिनाःनोक्सानी, घरजग्गा व्यवसायका नाममा जग्गा हडप्ने, राष्टसेवकको संलग्नता र संरक्षणमा विभिन्न सिण्डिकेट तथा कार्टेलिङ्गका माध्यमबाटहुने अपराध, सार्वजनिक खरिद अपराध, सम्पत्ति शुद्धिकरणजस्ता भ्रष्टाचारजन्य अपराधहरु यदि संगठितअपराध निवारण ऐन २०७० को दफा ३(२) का विशेषता र तत्वसहित सम्पन्न हुन्छ भने त्यस्तो अपराध संगठित अपराध हुनसक्छ ।जहाँ अपराधिक समूहको संलग्नता अपरिहार्य हुन्छ ।

फौज्दारी अपराध जगतमा भ्रष्टाचारको अपराधलाई जघन्य आर्थिक अराधको रुपमा लिइन्छ ।दुबै पक्ष फाइदामा रहने घुस लिनेदिने कार्य अर्थात् परम्परागत भ्रष्टाचार मानिने अर्थमा भ्रष्टाचारलाई सिमित गर्ने हो भने कानून बमोजिम गर्न नहुने नमिल्ने काम गरिदिएबापत घुस लिएदिएको अपराध झट्ट हेर्दा पीडितबिहिन (Victimless) अपराध पनि हुनसक्छ । तथापि यस्ता कृयाकलापले सुशासनयुक्त कार्य प्रणाली र समाजलाई भने भ्रष्ट बनाउँछ नै ।तथापि घुस रिसवत लिनेदिने कार्य भ्रष्टाचारका विभिन्न तरिकाहरु (Modus operandi) मध्ये प्रमुख तरिका भएकोले यस अर्थमा भ्रष्टाचार हुनका लागि घुसरिसवत लिनुदिनु अत्यावश्यक तत्व मानिन्छ ।यसै सन्दर्भमा निम्न दिब्योपदेश सान्दर्भिक हुन्छ ।**"घुस लिन्या र दिन्या देशका महान शत्रु हुन् यीनको जीउ ज्यान गरिलिया पनि हुन्छ" (दिव्योपदेश) पृथ्बी नारायण शाह**

---

an organized criminal group that engages in criminal activities in more than one State; or (d) It is committed in one State but has substantial effects in another State.

Article 8. Criminalization of corruption

[१७]डा। लामा, कुन्साङ,**संगठित अपराधको अवधारणा र नेपालमा संगठित अपराध सम्बन्धी कानूनको कार्यान्वयनको अवस्था**, नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनःसम्मेलन विशेषांक०, २०७५, महान्यायाधिवक्ताको कार्यालय, पृष्ठ १९३।१९४

त्यसरी नै कतिपय अपराध जस्तै गैरकानूनी सम्पत्ति आर्जन[१८] रंगेहात पक्राउका मुद्दाहरु (खास गरी Possessory Offences जहां Strict Liability को सिद्धान्त लागू हुन्छ) मा सम्पत्तिको वैध श्रोत खुलाउने र वैधरुपमा उपलब्ध भएको भन्ने तथ्य अभियुक्तले प्रमाणित गर्नुपर्छ र उक्त कार्य आफूले लापरबाही वा असाबधानीका कारण हुन गएको भनी कसूर नमानिने अवस्था रहदैन । यस अर्थमा कतिपय यस्ता अपराधहरुमा मनसाय तत्वको विद्यमानताबिना पनि अपराधिक कार्यमात्रले अपराध हुनसक्छ ।

प्रचलित कानूनको दृष्टिकोणले भ्रष्टाचारका आवश्यक तत्वहरुको चर्चा गर्दा भ्रष्टाचारको सिधा सम्बन्ध सार्वजनिक सेवा प्रवाह तथा सुशासनसंग हुने भएकोले सार्वजनिक संस्थाको परिभाषाले समेट्ने **सार्वजनिक संस्था**[१९](निजी, सहकारी, घितोपत्र वोर्ड, राष्ट्रिय, अन्तराष्ट्रिय संस्था, उपभोक्ता समितिबाहेक) मा **सार्वजनिक पदधारण गरेको व्यक्ति**,राष्टसेवकले भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेमा आयोगले अनुसन्धान अभियोजन गर्नसक्ने[२०] भएकोले भ्रष्टाचार हुनका लागि यी तत्वको विद्यमानता आवश्यक पर्छ । त्यसरी नै कानूनले अपराध नभनेको कार्य अपराध नहुने तथ्य फौज्दारी कानून निर्माणको Strict construction को नियम हुने भएकोले भ्रष्टाचारको अपराध हुनका लागि प्रचलित कानूनले निषेध र सजाय निर्धारण गरेका कार्यहरु[२१] भएको हुनुपर्ने शर्त पनि आवश्यक तत्वकोरुपमा रहेको हुन्छ ।

भ्रष्टाचार संगठित समूहको संलग्नतामा हुन सक्ने र यसको प्रभाव क्षेत्र अझ व्यापक हुने भएकोले कस्ता तत्व र गुणहरुको विद्यमानता रहेको अवस्थामा संगठित भ्रष्टाचारको कसुर हुनसक्छ भन्ने जान्नका लागि संगठित अपराधका विशेषता जान्न जरुरी छ । संगठित अपराधका विशेषता निम्न छन्।

२.३ संगठित अपराधका विशेषता

सङ्गठित अपराध कुनै छुट्टै आपराधिक कार्य नभई विद्यमान अपराधहरुको श्रृंखलामा परम्परागत वा सामान्य अपराध भन्दा छुट्टै ढङ्गले गरिने आपराधिक कार्य हो । सङ्गठित अपराधलाई आपराधिक उद्देश्य, अपराधको प्रकृति, यसको विस्तारित क्षेत्र, संजाल, आपराधिक प्रवृत्ति, संख्यात्मक आधार, संरक्षक तथा सहयोगी समूह लगायतका पक्षबाट अन्य अपराधभन्दा पृथक गर्ने गरिन्छ । आपराधिक समूहको निरन्तरता, छुट्टै संरचना, सदस्यता, आपराधिक कृयाकलाप, हतियार र शक्तिको प्रयेग, शक्ति तथा आर्थिक लाभको उद्देश्य, नोकरशाही वा राजनीतिक

[१८]**संगठित अपराध नियन्त्रण ऐन**, २०७०को दफा ३७ र भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २०

[१९]**भ्रष्टाचार निवरण ऐन,**२०५९ को दफा २को खण्ड (ग)

[२०]**नेपालको संविधान,**धारा २३९ उपधारा (१) (२) (३)

[२१]**भ्रष्टाचार निवरण ऐन,२०५९** को परिच्छेद २ र संगठित अपराध निवारण ऐन २०७० को परिच्छेद २ र ३ मा उल्लेखित अपराधहरु

व्यक्तित्वबाट संरक्षण, जस्ता यसका प्रमुख विशेषता रहेको पाइन्छ । मुलभूत रुपमा भ्रष्ट उच्च सरकारी पदाधिकारी वा राजनैतिक नेतृत्व वा अन्य उच्च व्यापारिक घराना पर्दा पछाडि यसका संरक्षक रही यस्तो सङ्गठित समूहले संरक्षण प्राप्त गरिरहेको हुन्छ र राज्यको कानुनी दायराबाट बच्न सदैव भ्रष्टाचारी व्यक्तिहरुसँग गरेको सम्पर्क, संजाल र संरक्षकत्व प्राप्त गर्न उनीहरुले प्रयत्न गरिरहेका हुन्छन् । सङ्गठित अपराधको प्रकृति हेरेर सङ्गठित अपराधमा निम्न विशेषताहरु पाइने गरेको छः

- एउटा औपचारिक संगठन जस्तै सङ्गठित अपराधमा संलग्न संस्थाहरुमा निरन्तरता रहन्छ । ▯
- यसको पनि आफ्नै तहगत संगठनात्मक संरचना र तह श्रेणीको व्यवस्था हुन्छ । ▯
- यसको सदस्यता गोप्य र सीमित हुन्छ ।
- कठिन परीक्षणपछि सदस्यता दिइन्छ र जीवन उप्रान्त मात्र अवकाश लिने गुन्जायस रहन्छ। ▯
- आर्थिक वा अन्य भौतिक उपलब्धि वा मुनाफा प्राप्त गर्ने आपराधिक क्रियाकलापका रुपमा रहेको हुन्छ । ▯
- यस अपराधमा हिंसा, दंगा, धाक, धम्की, आक्रमण अभिन्न अंगका रुपमा रहेको हुन्छ । ▯
- भ्रष्टाचार वा अनैतिकतावाट शक्ति हासिल गर्ने र नाफा कमाउने विशेषता रहन्छ । ▯
- भ्रष्ट सरकारी अधिकारी वा पदीय तथा अन्य हैसियतको आधारमा संरक्षकत्व प्राप्त गर्दछ ।
- जहिले पनि भ्रष्ट अधिकारीहरुसँग सम्पर्क बढाउने, सन्जाल बनाउने र उनीहरुको संरक्षकत्व हासिल गर्ने गर्दछ ।
- आफनो उद्देश्य प्राप्त गर्न दक्ष व्यक्ति, अपहरणकर्ता, गोली हान्न निपुण व्यक्ति जस्ता लगायतका विशेषज्ञको सेवा प्राप्त गर्दछन् । ▯
- अपराधीहरुको अन्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्गठनहरुसँग समन्वय, सम्वन्ध र सञ्जाल फैलिएको हुन्छ । ▯
- सार्वजनिक पद धारण गरेका व्यक्ति, राजनीतिक नेता, समाजसेवी मार्फत सहयोग र संरक्षण प्राप्त गर्दछन्[२२]।

उपरोक्त लगायत संगठित भ्रष्टाचारमा निम्न थप विशेषता रहन्छन्

- संगठित भ्रष्टाचारले सेवा प्रवाह र सुशासनमा प्रभाव पार्दछ ।
- सार्वजनिक पद धारण गरेको व्यक्ति अर्थात् राष्टसेवकको संलग्नता अपरिहार्य हुन्छ ।
- सार्वजनिक सरोकार र सार्वजनिक सेवा जोडिएको हुन्छ ।
- सार्वजनिक संस्थाको पदाधिकारी संलग्न रहन्छ ।
- कतिपय भ्रष्टाचारका मुद्दामा प्रत्यक्ष पीडित नदेखिएको हुनसक्छ (घुस लिनेदिने दुबै भ्रष्टाचारी)आदि ।

[२२]**संगठित अपराध सम्बन्धी कानूनको प्रभाव मूल्यांकन सम्बन्धी अनुसन्धानमूलक अध्ययन**, महान्यायाधिवक्ताको कार्यालय, २०७४ साउन

३. भ्रष्टाचार र संगठित अपराधबिचको सम्बन्ध

भ्रष्टाचार र संगठित अपराधको दोहरो सम्बन्ध रहेको हुन्छ । भ्रष्टाचार एक संगठित अपराधको मुख्य विषयवस्तु वा मूल अपराध हे भने संगठित तवरबाट हुने अपराधले भ्रष्टाचारको गंभीर्यतालाई बढाउँछ । भ्रष्टाचार नियन्त्रण हुन नसके गैरकानुनी संस्कृतिमा वृद्धि हुने र बजार अक्षमताको विकास हुन्छ । जसले गर्दा समग्र अर्थतन्त्र र कानुनको शासनलाई चुनौति सृजना गर्छ । भ्रष्टाचारले राजनीतिज्ञ तथा सरकारी अधिकारीलाई अपराधीको पक्षमा काम गर्न प्रश्रय गर्ने भएकाले सरकार निष्प्रभावी हुन्छ । भ्रष्टाचारले अनुसन्धानकर्ता, अभियोजनकर्ता, प्रहरी र न्यायाधीशलाई प्रभावित पार्ने भएकाले अपराधीले उन्मुक्ति पाउने र अपराध गर्न लाउँछ । भ्रष्टाचारले संगठित अपराध झाँगिने मौका दिन्छ । आर्थिक अपराधीका कारण भ्रष्टाचार पनि बढ्छ । भ्रष्टाचारले बैंकिङ, आर्थिक र बजार प्रणालीलाई प्रभावित गर्दछ ।[२३]भ्रष्टाचार र संगठित अपराधको सम्बन्ध बारेमा निम्न बुँदाहरुका आधारमा थप चर्चा गर्न सकिन्छ ।

- संगठित अपराध स्वतन्त्र अपराध नभई Predicate offence हुने भएकोले भ्रष्टाचार संगठित अपराधको विषयक्षेत्र तथा कार्य तत्वको रुपमा रहन्छ र भ्रष्टाचार संगठित अपराधिक समूहबाट अझ गम्भीर हुनसक्छ भन्ने मान्यता रहिआएको छ,
- संगठित समूहबाट हुने विविध अपराधमध्ये भ्रष्टाचार एक महत्पूर्ण अपराध हुने भएकोले UNCAC को भाग ३ धारा १५ देखि ४२ सम्म र UNTOC को धारा ८ ले भ्रष्टाचारलाई अपराधीकरण गरी यसलाई निवारण गर्न आवश्यक प्रबन्ध गर्नुपर्ने दायित्व पक्ष राष्ट्रको रहेको हुन्छ,
- संगठित अपराध र भ्रष्टाचार दुबै आर्थिक अपराध हुने भएकाले यी दुबैले अर्थतन्त्र र कानुनको शासनलाई प्रभावित पार्छ र आर्थिक अनुशासन खल्बल्याउँछ,
- दुबै अपराधमा लाभ को उद्देश्य रहने भएकोले लाभ (Financial and material) का लागि अपराध हुन्छ,
- बढ्दो नीतिगत भ्रष्टाचारमा संगठित अपराधिक समूहको संलग्नताको कारण राजनीतिको अपराधीकरण भएको पाइन्छ,
- संगठित अपराध र भ्रष्टाचारको अनुसन्धान अभियोजन गर्न छुट्टै कानूनी व्यवस्थाका साथै अनुसन्धानमा प्रबिधिको प्रयोगको विशिष्ट व्यवस्था रहेको छ भने संगठित भ्रष्टाचारमा संगठित निवारण ऐनका विशिष्ट व्यवस्थाहरुको थप उपयोग हुनसक्छ,
- भ्रष्टाचारका विभिन्न संभावित क्षेत्रगत (Potential Areas) अपराध (सम्पति शुद्धिकरण, अपराधिक कृयाकलापमा लगानी, बैंकिङ, बजार प्रणाली, सिण्डिकेट कार्टेलिङ्ग कालोबजारी आदि,) मा संगठित समूहको संलग्नता रहन्छ र संगठित अपराधका विषय क्षेत्र पनि हुन्,

[२३]शर्मा पौडेल, महेश,**अन्तरजातीय संगठित अपराध र भ्रष्टाचारलगायत आर्थिक अपराध**,संगठित अपराधः एक परिचय, श्रोत सामग्री, ललितपुरः राष्ट्रिय न्यायिक प्रतिष्ठान,पृ। ३०

- मूलत भ्रष्टाचार सार्वजनिक पदमा भएको व्यक्तिले सार्वजनिक सेवा प्रवाहका क्रममा गर्ने भएकाले यसले कानूनको शासन तथा समग्र सुशासनमा प्रभाव पार्दछ भने यस क्षेत्रमा संगठित अपराधिक समूहको संलग्नता बढ्दो क्रममा रहेको छ,
- दुबै अपराध बहुराष्ट्रिय, अन्तराष्ट्रिय र सिमाबिहीन रुपमा विस्तारित भएका छन्,
- दुबै अपराध UN convention Associated हुनुका साथै अपराधको निवारण गर्न हरेक पक्ष राष्ट्रले कानूनी र संगठनात्मक संरचनाको सुनिश्चितता गरी कार्यान्वयनमा ल्याएका छन्,
- दुबै ऐनको परिकल्पना सर्वसाधारणको जीउ, ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ति र सुव्यवस्था कायम गर्ने, मुलुकमा कानून व्यवस्था र आर्थिक अनुशासन कायम गरी अपराधलाई निवारण गर्ने, विशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्न र सङ्गठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने लगायत साझा उद्देश्यसहित कानून निर्माण भई लागू भएका छन्,
- दुबै अपराधहरुमा अनुमानित कसूरको आधारमा सजाय, अभियोजनको सौदाबाजी र प्रमाण संकलन तथा प्रस्तुतिका विशेष व्यवस्था रहेका छन्,
- संगठित समूहको संलग्नतामा हुने भ्रष्टाचार निवारणका लागि राज्यहरुबिच पारस्परिक सहयोग, सुपुर्दगी, सहायताको आवश्यकतापर्दछ।

४. भ्रष्टाचार मुद्दाको अनुसन्धान र अभियोजन

सार्वजनिक सेवा प्रवाह गर्ने जिम्मेवारीमा रहेका पदधिकारीको संलग्नतामा भ्रष्टाचार हुने र यसले समग्र राज्यको सुशासनलाई प्रभाव पार्ने भएकोले भ्रष्टाचारको अपराधलाई गम्भीर अपराधको रुपमा लिइन्छ । संगठित समूहको संलग्नतामा हुने भ्रष्टाचारले विश्व समुदायलाई अझ बढी आक्रन्त बनाएको छ ।त्यसैले भ्रष्टाचार विश्व समुदायको लागि अत्यधिक चांसोको विषय बनेको छ ।संयुक्त राष्ट्र संघको साधारण सभाको प्रस्ताब नं ५८/४ले UNCAC र ५५/२५ले UNTOC जस्ता महासन्धी पारित गरी पक्ष राष्ट्रहरुलाई सो अनुरुप दायित्व निर्वाह गर्न जिम्मेवार बनाएको छ ।भ्रष्टाचार निवारण हरेक राज्यमा सुशासनको प्रमुख Agenda रुपमा रहेको छ ।यसका लागि उल्लिखित महासन्धिहरु लगायत विकसित समाज संगसंगै राज्यहरुले राज्यभित्र सुशासन कायम गर्न कानूनी तथा संगठनिक संरचना निर्माण गरेका छन् भने पारस्परिक सहयोग विस्तार भएको छ ।नेपालमा पनि भ्रष्टाचारलाई नियन्त्रण गर्न विभिन्न कानूनी तथा संगठनिक संरचना क्रियाशील छन् ।

४.१. भ्रष्टाचार निवारण सम्बन्धीको कानूनी व्यवस्था

नेपालमा भ्रष्टाचारको रोकथामका लागि भएका कानूनी प्रयासको स्मरण गर्दा १९१० को मुलुकी ऐनमा केहि व्यवस्था समेटिएका र त्यसैमा समसामयिक सुधार हुंदै आएको सन्दर्भमा भ्रष्टाचार निवारण सम्बन्धीको छुट्टै कानूनको आवश्यकताको महशुस २००९ सालमा मात्रै भएको देखिन्छ जब भ्रष्टाचार निवारण सम्बन्धमा सर्वप्रथम २००९ सालमा नेपाल भ्रष्टाचार निवारण ऐन, २००९ जारी भई सो ऐन अनुसार भ्रष्टाचार निवारण विभागको स्थापना भयो ।२०१३ सालमा राष्ट्र सेवकहरुको (भ्रष्टाचार निवारण) ऐन, २०१३ जारी भई भ्रष्टाचार

निवारण विभागको सट्टामा विशेष प्रहरी विभागको स्थापना गरिएको पाइन्छ ।२०१५ सालको जन निर्वाचित सरकारपछि वि.सं. २०१७ सालमा भ्रष्टाचार निवारण सम्बन्धी नेपाल कानूनलाई संशोधन र एकीकरण गर्ने उद्देश्यले भ्रष्टाचार निवारण ऐन, २०१७ जारी गरिएको थियो।यसै ऐन बमोजिम भ्रष्टाचार मुद्दामा विशेष प्रहरी विभागबाट अनुसन्धान कारबाही भइरहेको स्थितिमा नेपालको संविधान २०१९ मा भएको दोस्रो संशोधोन २०३२ ले अख्तियार दुरुपयोग निवारण आयोग नामको छुट्टै संवैधानिक संरचना खडा भयो र यसले Ombudsman को हैसियतमा काम गर्थ्यो ।

नेपालमा २०४६/२०४७ सालमा भएको राजनीतिक परिवर्तन र नेपालको अन्तराष्ट्रिय समुदायसंगको पारस्परिक सम्बन्ध विस्तार तथा विज्ञान प्रविधि र संचार यातायातमा भएको विकास संगसंगै बढ्दो भ्रष्टाचार निवारण चुनौति बन्दै आएको सन्दर्भमा नेपाल अधिराज्यको संविधान २०४७ को भाग १२ धारा ९८मा सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य र भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेमा अनुसन्धान अभियोजन गर्नसक्ने अधिकारसहितको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संवैधानिक व्यवस्था रहेको थियो ।यसबिच भ्रष्टाचार निवारणको पक्षमा विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय कानूनी संरचना निर्माण भएका छन् ।

संविधानसभाबाट २०७० सालमा नेपालको संविधान निर्माण भई कार्यान्वयनमा आएपछि सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य र भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेमा अनुसन्धान अभियोजन गर्नसक्ने साबिकको अधिकारमा केहि संकुचन (अनुचित कार्यलाई बाहेक गरी) सहितको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संवैधानिक व्यवस्था गरेको छ ।विज्ञान प्रविधि र संचार यातायातमा भएको विकास संगसंगै भ्रष्टाचारका प्रकृति र प्रबृत्तिमा आएको परिवर्तनले यसको निवारणका लागि संगठनिक सबलीकरण र अझ सशक्त कानूनी संरचनाको आवश्यकता छ ।

नेपालमा भ्रष्टाचार निवारणका सम्बन्धमा नेपालको संविधान[२४],अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८, भ्रष्टाचार निवारण ऐन,२०५९ प्रमुख कानूनी संरचनाका रुपमा रहेका छन् भने अनुसन्धान अभियोजनको अधिकारसहितको अख्तियार दुरुपयोग अनुसन्धान आयोग र न्याय निरुपणको लागि विशेष अदालत प्रमुख सांगठनिक संरचनाका रुपमा रहेको छन् ।यी बाहेक भ्रष्टाचार नियन्त्रणका लागि झण्डै एक दर्जन भन्दा बढी कानूनहरुको तर्जुमा भई कार्यान्वयनमा ल्याइएको छ भने विभिन्न विषयगत संगठन संरचनाहरु क्रियाशील रहेका छन् ।यी प्रमुख र सहयोगी कानूनी तथा संगठनात्मक संरचनाहरु देहाय बमोजिम रहेका छन् ।

[२४]नेपालको संविधान, २०७२ भाग२१

कानूनी संरचना

- नेपालको संविधान
- भ्रष्टाचार निवारण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र ऐ। नियमावली, २०५९तथा कार्यविधि, निर्देशिकाहरु
- विशेष अदालत ऐन, २०५९
- The United Nations Conventions Against corruption, 2003
- The United Nations Conventions Against Transnational Organized Crime, 2000
- संगठित अपराध निवारण ऐन,२०७०
- पारस्परिक कानूनी सहायता ऐन,२०७०
- सम्पत्ति शुद्धकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन,२०६४
- बैंकिङ्ग कसूर तथा सजाय ऐन,२०६४
- सुपुर्दगी ऐन,२०७०
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२, आदि।

संगठनात्मक संरचना

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग
- विशेष अदालत
- विशेष सरकारी वकील कार्यालय
- राष्ट्रिय सतर्कता केन्द्र
- राजस्व अनुसन्धान विभाग
- सम्पत्ति शुद्धकरण विभाग
- नेपाल प्रहरी
- राष्ट बैंक,आदि ।

४.२ भ्रष्टाचार मुद्दाको अनुसन्धान र अभियोजन सम्बन्धीको व्यवस्था

नेपालको संविधानको धारा २३९ले सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेमा अनुसन्धान र अभियोजनका लागि अधिकार सम्पन्न संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ भने न्याय निरुपणका लागि विशेष अदालतको गठन तथा यस्ता मुद्दामा बहस पैरवीका लागि विशेष सरकारी वकिल कार्यालयको समेत स्थापना गरिएको छ ।यसका लागि नेपालको संविधान, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ भ्रष्टाचार निवारण ऐन,२०५९ प्रमुख कानूनी संरचनाकारुपमा रहेका छन् ।यीनै कानूनहरुलाई सहज कार्यान्वयनमा ल्याउन विभिन्न नियमावली, र आन्तरिक प्रयोजनका लागि कार्यविधि तथा निर्देशिका बनेका छन् र यी

संरचनाहरुमा आधारित भएर भ्रष्टाचार मुद्दाको अनुसन्धान र अभियोजनको कार्य हुन्छ ।भ्रष्टाचार निवारण ऐन,२०५९ को परिच्छेद २ मा उल्लिखित भ्रष्टाचारजन्य कसूरहरुलाई समग्रमा १. घुस रिसवत, २. गैरकानूनी सम्पत्ति आर्जन र ३. अख्तियार दुरुपयोग सम्बन्धीका अन्य कसूर, को आधारमा वर्गिकरण गर्न सकिन्छ ।

भ्रष्टाचार एक विशेषखालको गंभीर अपराध भएकोले यसको अनुसन्धानको पद्धति र अभियोजनको तरिका अरु अपराधहरुमा भन्दा भिन्न र विशिष्टखालको रहेको छ । भ्रष्टाचार मुद्दाको अनुसन्धान र अभियोजनको संवैधानिक अधिकार रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निम्न चरणमा अनुसन्धान, अभियोजन र उजुरी फछ्र्यौटको कार्य गरिआएको छ ।

(क) भ्रष्टाचार मुद्दाको अनुसन्धान तहकिकात[२५]

स्क्रिनिङ्गको चरण : कुनैपनि श्रोतबाट आयोगको जानकारीमा आएको उजुरी सर्बप्रथम आयोगमा दर्ता भई आयोगको सचिबको संयोजकत्वमा सबै महाशाखा प्रमुखहरु रहेको यस स्क्रिनिङ्ग कमिटिमा छलफल र सिफारिशका लागि पेश हुन्छन् । प्रमुख आयुक्तबाट सिधै विस्तृत अनुसन्धान गर्ने वा सम्बन्धित महाशाखाबाट प्रारम्भिक छानबिनको कार्य गर्नेगरी तोकिएका वा रंगेहात पक्राउ सम्बन्धीका उजुरीबाहेक आयोगमा पर्ने प्राय: सबै उजुरीहरुउपर यसै कमिटिमा पहिलोपटक प्रारम्भिक छलफलको कार्य हुन्छ ।उक्त छलफलबाट १.समान्यखालका, आधारहीन र गोश्वरा प्रकृति तथा कारबाही गरिरहनु नपर्ने, शुरुमै तामेलीमा राख्नुपर्ने प्रकृतिका उजुरीहरु, २. सम्बन्धित निकायबाट हेरिने विषयका वा आयोगको अधिकारक्षेत्रमा नपर्ने किसिमका उजुरीहरु, ३. आयोगबाट सम्बन्धित महाशाखामै राखी वा मातहत कार्यालयमा पठाई छानबिन अगाडि बढाउनुपर्ने प्रकृतिका उजुरीहरु छानिन्छ र सोही बमोजिम सम्बन्धित विषयगत मन्त्रालय हेर्ने २ जना आयुक्तहरु समक्ष सिफारिश गरिन्छ ।आयुक्तहरुको स्वीकृतिपछि अघिल्लो २ प्रकृतिका उजुरी फछ्र्यौट (Dispose) हुन्छन् ।आयोगमा पर्ने अधिकांश उजुरी यस प्रकृतिका रहने गरेको पाइन्छ ।

प्रारम्भिक छानबिनको चरण : स्क्रिनिङ्ग कमिटिबाट आयोगको सम्बन्धित महाशाखा वा मातहत कार्यालयबाट छानबिनको कार्य अघि बढाउनेगरी प्राप्त उजुरीहरुमा उजुरी सम्बद्ध निकायसंग सो विषयका कागजात विवरणहरु झिकाउने, उजुरीको यथार्थताबारे राय प्रतिक्रया माग गर्ने, स्थलगत निरीक्षण गरी प्रतिवेदन उपलब्ध गर्ने, कुनै स्थान वा कागजात प्रमाण नियन्त्रण वा जफत वा रोक्का वा परीक्षण गर्नुपर्ने भए गर्ने र त्यसरी कागजात प्रमाण संकलन भइसकेपछि तोकिएको सम्बन्धित अधिकृत (Desk officer) ले छानबिनको मजबुनसहित कारबाही अगाडि

[२५] **अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८** को परिच्छेद ५ दफा १९ देखि २० तथा **भ्रष्टाचार निवारण ऐन २०५९** को परिच्छेद ३ दफा २५ देखि ३६

बढाउने वा उजुरी पुष्टी हुने अवस्थाको नदेखिए तामेलीमा राख्ने वा भ्रष्टाचारजन्य कसूर भएको नदेखिने तर कार्यविधिगत त्रुटी वा अनियमितता वा समान्य कार्यप्रणालीमा सुधार गर्नुपर्ने अवस्थाका भए सम्बन्धितमा सुझाव दिई तामेलीमा राख्ने वा आधार कारण सहित विस्तृत अनुसन्धान गर्नुपर्ने ब्यहोराको टिप्पणी उठाई आफूभन्दा माथिल्लो उपसचिब समक्ष पेश गर्ने र उपसचिबले आफ्नो रायसहित महाशाखा प्रमुख समक्ष पेश गरेपछि महाशाखा प्रमुखको रायसाथ सचिब हुदै सम्बन्धित आयुक्तसमक्ष सिफारिश पेश भई आयुक्तको स्वीकृतिसम्मको कार्य यस चरणमा हुने गर्दछ ।यसरी तामेली भएका उजुरीहरु पनि आयोगको अभिलेख प्रयोजनका लागि फछ्र्यौट जनाइने गरेको छ ।आयोगले छानबिन गरेका यस्ता उजुरीहरुमध्ये ७० प्रतिशतभन्दा बढी उजुरी यसरी फछ्र्यौट हुन्छन् । प्रारम्भिक छानबिनबाट विस्तृत अनुसन्धान हुने भनी स्वीकृत भएका उजुरीहरुमा भने विस्तृत अनुसन्धाको कार्य अघि बढ्छ।तर स्टिङ्ग अपरेशनको कारबाहीमा रहेका मुद्दा र एकैचोटी विस्तृत अनुसन्धान गर्न तोकिएका मुद्दामा भने यस प्रारम्भिक चरणमा गर्नुपर्ने प्रारम्भिक कारबाहीका कामहरु पनि संगसंगै बढाउनुपर्ने हुन्छ ।

विस्तृत अनुसन्धान गर्न अनुसन्धान अधिकृत नियुक्ति र विस्तृत अनुसन्धानको चरण :प्रारम्भिक छानबिनबाट पहिचान भएका विषयहरुमा अनुसन्धान गर्न आयोगले आफै वा अन्य निकायमा कार्यरत अधिकृतलाई अनुसन्धान गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २० बमोजिम अनुसन्धान अधिकृत नियुक्त गरी अनुसन्धानको कार्य अगाडि बढाइन्छ ।यस चरणमा अनुसन्धान अधिकृतले शंकास्पद व्यक्तिहरुको बयान लिने, घटनाका सम्बन्धमा बुझ्न आवश्यक देखिएका व्यक्ति बुझ्ने, प्रमाणहरुको वैज्ञानिक परीक्षण आवश्यक परे परीक्षण गर्ने गराउने, सम्बद्ध प्रमाणहरु बुझ्ने र प्राप्त प्रमाणहरुको अध्ययन विश्लेषण गरी निर्धारित ढाँचामा अनुसन्धान प्रतिवेदन तयार गर्नुपर्दछ ।यसरी तयार गरेको प्रतिवेदन अनुसन्धानको पूर्णता भएनभएको जाँच गर्न अनुसन्धानको पूर्णता परीक्षण समिति[२६]मा छलफल गराई त्यहांबाट सिफारिश भएपछि आयोग समक्ष निर्णयका लागि पेश गर्नुपर्दछ ।

(ख) आयोगमा प्रतिवेदन पेश र आयोगको निर्णय : अनुसन्धान अधिकृतले अनुसन्धानको कार्य सम्पन्नगरिसकेपछि तोकिएको ढाँचामा अनुसन्धानको प्रतिवेदन तयार गरीआफूले गरेको अनुसन्धान पूर्ण छ छैन भनी जांच गरिदिन तोकिएको अनुसन्धानको पूर्णता परीक्षण समिति समक्ष पूर्णता जांचका लागि पेश गर्नुपर्छ ।समितिमा पेश गर्दा के कुन दफा लगाई वा बिगो कायम गरी मुद्दा पेश गर्नेभन्ने विषयमा छलफल हुदैन । तथापि आफूले गरेको अनुसनधानबाट देखिएको विषयवस्तुको विश्लेषण भने पेश गर्नुपर्छ ।उक्त समितिमा अनुसन्धानमा बुझ्नुपर्ने व्यक्ति बुझेनबुझेको, परीक्षण गर्नुपर्ने गरेनगरेको, समबद्ध प्रमाण र सम्बन्धित सबै बुझेनबुझेको, स्थलगत प्रतिवेदनले देखाएको वस्तुस्थितिको विश्लेषण भएनभएको, अनुसन्धानमा तयारभएका विभिन्न कागजात प्रमाण रीतपूर्वकका भएनभएको, हदम्याद ख्याल गरेनगरेको,

[२६]**विस्तृत अनुसन्धानलाई प्रभावकारी बनाउने सम्बन्धी कार्यविधि २०७४** दफा५

म्याद थप कानून बमोजिम गरेनगरेको, भन्नेजस्ता समग्र विषयमा अनुसन्धान अधिकृतसंग उल्लेख गर्न लगाई (Briefing लिई) परीक्षण हुन्छ ।

उक्त समितिबाट परीक्षण भई सिफारिश भएपछि अनसन्धान अधिकृतले अनुसन्धान प्रतिवेदन आयोग समक्ष पेश गर्न तयारी गर्नुपर्दछ ।आयोगमा पेश गर्नुअघि निर्धारित ढाँचामा[२७] अनुसन्धानको प्रतिवेदन तयार गरी आयोगमा पेश गर्नका लागि सचिवालयमा दिई आयोगको एजेण्डामा समावेश गराउनु पर्दछ ।आयोगको एजेण्डामा परेको प्रतिवेदन सबै आयुक्तहरु उपस्थित रहने आयोगमा अनुसन्धान अधिकृतले आफूले गरेको अनुसन्धानको विषयवस्तु, अनुसन्धानबाट देखिएको वस्तुस्थिति, त्यसमा कानून बमोजिम हुनुपर्ने कारबाही, तामेली वा तामेलीसहित सुझाव वा मुद्दा जाने के हो ? सोको आधार कारणसहितको संक्षिप्त उल्लेख गर्नुपर्दछ ।कतिपय अवस्थामा निर्णय तथा अभियोजन गर्दा आरोपित व्यक्तिले अनुसन्धानमा सहयोग गरेको रहेछ र निजलाई अभियोजनमा छूट दिनु पर्नेगरी अनुसन्धानकर्ताको सिफारिशमा आयोगले निर्णय गर्नसक्ने[२८] र सो बमोजिम अभियोजन गर्नुपर्ने हुनसक्छ ।यस परिस्थिति अनुसन्धान अधिकृतले अभियोजनमा छूट दिनुपर्ने कुराको आधार प्रमाण खुलाई निर्णय मस्यौदा र आरोपपत्रमा स्पष्ट उल्लेख गर्नुपर्छ ।

आफुले पेश गरेबमोजिम आयोग सन्तुष्ट भएमा पेश भए बमोजिमै र थप बुझ्नुपर्ने वा अन्य केहि भए सो अनुसार गर्न आयोगले निर्देशन गर्दछ ।मुद्दा चल्नेगरी प्रतिवेदन पेश हुनलागेको भए के कुन् कानूनको, के कस्तो कसूरमा, के कस्तो सजायको मागदाबी लिई मुद्दा पेश हुने हो आधारसहित प्रतिवेदनमा खुलेको हुनुपर्दछ ।आयोगमा छलफल भई प्रस्तुत विषय टुङ्गोमा पुगेमा आयोगको निर्णयानुसार तामेली वा मुद्दा जाने के हो ? आयोगको निर्णयको मस्यौदासमेत सम्बन्धित अनुसन्धान अधिकृतले नै तयार गरी आयोगबाट स्वीकृत गराई राख्नुपर्दछ ।आयोगको निर्णय प्रक्रियामा उपस्थित भएसम्म सबै आयुक्तहरुको सर्वसम्मतिबाट निर्णयमा पुग्ने अभ्यास देखिन्छ ।

९ग० मुद्दा दर्ता र अदालती प्रक्रिया : आयोगबाट मुद्दा चलाउनेगरि निर्णय भएको अवस्थामा सम्बन्धित अनुसन्धान अधिकृतले आयोगबाट स्वीकृत भएको निर्णयको आधारमा तोकिएको ढाँचामा[२९]आरोप पत्र तयार गर्नुपर्दछ र सो आरोप पत्र तथा निर्णय मस्यौदा तोकिए बमोजिम र आयोगको निर्णय बमोजिम भएनभएको सम्बन्धमा निर्णय तथा आरोप पत्र परीक्षण समितिबाट परीक्षण गराई मात्र अदालत समक्ष पेश गर्नुपर्छ । अदालतमा पेश गर्नका लागि ४ प्रति आरोपपत्र तयार गरी सक्कल कागजात र प्रतिवादी भए प्रतिवादी सहितको आरोपपत्र विशेष

[२७]**विस्तृत अनुसन्धान कार्यविधि, २०७३** को अनुसूचि ५

[२८]**भ्रष्टाचार निवारण ऐन, २०५९** को दफा ५५

[२९]**अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नियमावली** अनुसूचि १४

अदालत समक्ष पेश गरी मुद्दा दर्ता गराउनुपर्दछ भने एकप्रति नक्कल मिसिल र आरोप पत्र तयार गरी प्रतिरक्षाका लागि विशेष सरकारी वकील कार्यालयमा उपलब्ध गराउनुपर्छ । अदालतमा मुद्दा दर्ता भएपछि अदालतले प्रतिवादीको बयान साक्षी परीक्षण लगायत बुझन आवश्यक कुरा बुझी फैसला गर्छ ।

९घ० प्रमाण संकलन सम्बन्धिका विशिष्ट व्यवस्थाहरु : साबिकमा रहेको साबिती बयानमुखी फौज्दारी मुद्दाको अनुसन्धानको शैली वस्तुगत भौतिक प्रमाणमा आधारित अनुसन्धानमा परिणत भएको छ ।भ्रष्टाचारको अनुसन्धान छुट्टै विशिष्ट खालको अनुसन्धान हुने भएकोले यसको अनुसन्धानमा विभिन्न प्रविधिको प्रयोगको आवश्यकता पर्दछ । त्यस्तो प्रविधि भन्नाले अनुसन्धानका विविध सूत्र परिचालन, अनुसन्धानका प्रचलित पद्धति (Control delivery, Under cover operation) को उपयोग संगठनको सबलीकरण आदि हुनसक्छ ।अनुसन्धान अधिकृतले अनुसन्धान प्रक्रियामा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने भएकाले प्रमाण संकलन गर्दा रितपूर्वक र ढाँचामा अदालतमा मान्य हुनेगरी संकलन गर्नुपर्दछ ।भ्रष्टाचारको प्रकृति र प्रबृत्ति फेरिएको सन्दर्भमा परम्परागत घुस लिनेदिने कार्यभन्दा भ्रष्टाचारका विविध रुप र क्षेत्र विकसित भएका छन् ।त्यसलाई संबोधन गर्न अनुसन्धान कर्ताले विभिन्न call detail, Audio video, photage, लगायत विद्युतीय सूचना संकलन विभिन्न नमूना संकलन परीक्षण गर्ने अपराध भइरहेको ठाउँ र व्यक्तिलाई नियन्त्रणमा लिई कन्ट्रोल डेलिभरी र अण्डर कभर अपरेशनका प्रविधिहरु प्रयोग गर्ने घुस रिसवत वापतको रकम उपलब्ध गराउने खुपिया क्यामेरा लगायत इन्टलिजेन्सको प्रयोग गर्नसक्दछ र गर्नुपर्छ ।अझ अन्तरदेशीयरुपमा अर्थात् अपराधिक समुहको संलग्नतामा हुने भ्रष्टाचारका क्रियाकलापहरुलाई निवारण गर्न विभिन्न अन्तराष्टिय स्तरमा सम्बन्ध र सहयोग विस्तारका लागि आवश्यक कानूनी तथा संगठन संयन्त्रको पर्याप्तता रहेको देखिदैन ।यसका लागि समयमै नेपालले अन्तराष्ट्रियस्तरमा जनाएको प्रतिबद्धता अनुरुप आफूलाई भौतिक मानसिक र कानूनी रुपमा तयार गर्नुपर्ने अवस्था छ ।अनुसन्धानमा प्रमाण संकलन मात्रै नभई संकलित प्रमाण (भौतिक वा मानवीय Material or Wittness) को सुरक्षा अझ महत्वपूर्ण रहन्छ ।त्यसका लागि पारस्परिक कानूनी सहायता सम्बन्धी सम्झौता सुपुर्दगी सम्झौता लगायत सम्बन्ध सहयोग विस्तार तथा साक्षी संरक्षणतर्फका हरसंभव प्रयास गर्नुपर्दछ ।

४.३ आयोगमा भ्रष्टाचारका उजुरी एक सर्भेक्षण (Data)

श्रोत : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, वार्षिक प्रतिवेदन २०७४/०७५





श्रोत: २८ औं वार्षिक प्रतिवेदन



श्रोत: २८ औं वार्षिक प्रतिवेदन



४.४ समूह संलग्नतामा भएका केहि भ्रष्टाचार मुद्दाको अनुसन्धान र अभियोजनको अभ्यास :

नेपालमा भ्रष्टाचार बढ्दोक्रममा छ र सुशासनको प्रमुख वाधकको रुपमा रहिआएको विभिन्न तथ्यांकहरूले देखाएका छन् ।सार्वजनिक सेवा प्रबाहका क्षेत्रमा हुने भ्रष्टाचार प्रमुख भ्रष्टाचारजन्य क्रियाकलापको रुपमा लिइन्छ । नेपालमा प्रचलित कानूनहरुमा नीजिक्षेत्रको भ्रष्टाचार सहकारी तथा प्राइभेट संस्था वा वित्तीय संस्थाहरुको भ्रष्टाचार छानबिन (UNCAC संग tieup हुनेगरी) गर्ने अधिकार भ्रष्टाचारमा अनुसन्धान अभियोजन गर्ने एकमात्र संवैधानिक आयोग अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई छैन । सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा हुने सबै भ्रष्टाचारमा संगठित अपराधिक समूहको संलग्नता छ छैन भनी खोजिने हव् भने त्यस्तो विशेषता भेट्टाउन सकिन्छ । तथापि हालसम्म त्यस्तो विशेषता पहिचान गरी अभियोजन भएको उदाहरण भने देखिदैन ।संगठित अपराधिक समूहको संलग्नता हुनसक्ने केहि अभियोजन भएका घटनाहरु देहाय बमोजिम छन् ।

१। सरकारी सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता, धादिङ्ग

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालतमा दायर भएको यस मुद्दामा धादिङ्ग नौबिसे मुगलिङ्ग सडक खण्डको सडकले अधिग्रहण गरेको सडक क्षेत्रको जग्गा र सो आसपासको वन र खोलाको सरकारी सार्वजनिक जग्गा सडक निर्माणका क्रममा त्यही काम गरि टहरा बनाई बसेका, रहेका कामदारहरु र आसपासका जग्गा दलाली गर्ने तथा स्थानीय तहमा गुण्डागर्दी गर्ने समूहको अग्रसरता र स्थानीय तहमा कार्यरत कर्मचारी खासगरी गाउँ विकास समितिको सचिव जिल्लास्थित छूट जग्गा दर्ता समितिका पदाधिकारी, वन कार्यालयका कर्मचारीहरुको अपराधिक समूहले सरकारी श्रेस्ता, अभिलेख नियन्त्रणमा लिई सरकारी सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता तथा भोगचलनको कसुरमा जम्मा ७४ जना विरुद्ध मुद्दा दायर भएको थियो ।संगठित अपराध निवारण ऐन कार्यान्वयनमा आइसकेको भएपनि समूह संलग्न भ्रष्टाचारका मुद्दामा उक्त ऐनको अभ्यास नरहेको र संगठित अपराधिक समूहको पहिचानको समस्याका कारण संगठित अपराधमा अभियोजन नभएको अनुमान गर्न सकिन्छ ।

२।राजस्व छली मुद्दा, चुडामणी शर्मासमेत, कर फछ्र्यौट आयोग

आयोगले विशेष अदालतमा दायर गरेको यस मुद्दामा लामो समयदेखि ३० अरबभन्दा बढी कर बक्यौता नतिरी व्यवसाय संचालन गरिआएका विभिन्न संस्थाका २९०४ कर फछ्र्यौटका तथ्यहरुमा तिर्नुपर्ने रकमको कतिपयमा १०० प्रतिशतसम्म पनि बदनियतपूर्ण तरिकाले मिलोमतोमा दुबै पक्षबिचको वार्ताको नाममा कर मिनाह गरेकोले तत्कालीन कर फछ्र्यौट आयोगका ३ जना पदाधिकारीहरु विरुद्ध भ्रष्टाचार गरेको आरोप तथा मागदाबी लिएको अवस्था छ ।यसमा राजस्व समयमा नतिर्ने र ९-१० वर्षको अन्तरालमा राज्यशक्तिलाई पनि प्रभावमा पारी पुन कर निर्धारण र असुलीका नाममा तथाकथित उद्योगी व्यवसायीहरुको समूहले तिर्नुपर्ने रकम र न्यून निर्धारण भएको रकमबिचको ठूलो हिस्सा करदाता र मिनाहा

दिनेले दुबै पक्षलाई फाइदा पुग्ने हिसाबले छूट दिई न्यूनमात्र रकम राजस्वमा आउने गरी भ्रष्टाचार गरेको दाबी रहेको छ र कानूनी अभावका कारण त्यसबाट फाइदा लिने लाभग्राही (Benificiaries) लाई मुद्दा चलेको छैन ।

३. पोलिमार नोट प्रकरण, तिलक रावलसमेत

यस मुद्दामा १० रुपयाँको पोलिमर नोट अष्ट्रेलियाबाट छपाई गर्ने सम्बन्धीको खरिद प्रक्रियामा नोट छाप्ने अष्ट्रेलियन कम्पनीको स्थानीय प्रतिनिधिमार्फत बढी कमिशन लिनका लागि कम्पनीले शूरुमा प्रस्ताव गरेको प्रस्तावित अंकभन्दा बढी प्रस्ताव गर्नभनी इमेलमार्फत सूचना चुहाई प्रस्ताव अंकमा संशोधन गरेर ९० लाखभन्दा बढी राज्यलाई नोक्सान र खरिद प्रक्रियामा संलग्न राष्ट बैंकका पदाधिकारी तथा स्थानीय एजेण्टलाई फाइदा हुनेगरी भ्रष्टाचार गरेको तथ्यमा मुद्दा दायर भएको छ ।प्रमाण संकलनको क्रममा यस मुद्दामा अष्ट्रेलियाबाट विभिन्न विद्युतीय सूचना तथा अभिलेख प्राप्त गर्न इन्टरपोलसमेत पारस्पारिकता र अष्ट्रेलियन सरकार र प्रहरीको सहयोगमा प्रमाण जुटाइएको छ ।

४. सिक्टा सिचाई आयोजना निर्माणमा भ्रष्टाचार, पप्पु कन्सटक्नका हरि नारायण रजरियासमेत

परामर्शदाताले गलत परामर्श दिई र गलत डिजाइन छ भन्ने जानीजानी प्रविधिकबाट समयमा परीक्षण सुपरीवेक्षण गर्नुपर्ने दायित्व निर्वाह नगरी न्यून गुणस्तरको कार्य गरी अरबौंको भ्रष्टाचार भएको यस मुद्दामाराजनीतिक संरक्षण तथा केहि जानेमाने निर्माण व्यवसायीहरुरआयोजनामा खटिएका प्राविधिक कर्मचारीसमेतको मिलोमतोमा गैरकानूनी कार्य भएको पाइएको छ ।नहरखण्डको १६ किलोमिटर क्षेत्रमा घुलनशील माटो छ र त्यस क्षेत्रमा नहर निर्माण गर्दा सोलाई संबोधन हुने गरी ड्रइङ डिजाइनका साथ खरिद कार्य अगाडि बढाउनुपर्नेमा ख्याल नगरी राष्ट्रिय गौरवको परियोजनाको नाममा करिब २० अघिदेखि वजेटको दोहन भएको छ र बनेको कार्यसमेत उपयोगहीन भएको छ ।घुस लिई दिई आयोजनामा खटिने, काम होस् नहोस् मिलोमतोमा ठेक्का प्रदान गर्ने, अनियमित मोबिलाइजेशन पेश्की उपलब्ध गराउने, कामै सम्पन्न नभई भुक्तानी दिने, अन्धाधुन्द म्याद थप र घुस कमिसनखोरीजस्ता तमाम गैरकानुनी कार्य यसआयोजनमा भएको देखिएको छ ।यो राजनीतिक आड र संरक्षणमा भएको ठूलो भ्रष्टाचारको नमूना हो ।

५. गैरकानूनी सम्पत्ति आर्जन मुद्दा र भ्रष्टाचार (गोपाल खड्का)

उच्च तहका प्राविधिक इन्जिनियर प्रतिवादी रहेको यो मुद्दा राष्टसेवकउपरको गैरकानूनी सम्पत्ति आर्जनको अहिलेसम्मको ठूलो मुद्दा हो । एउटा कर्मचारी जसको कूल सम्पत्ति २७ करोडको मध्ये १८ करोड बराबरको सम्पत्ति गैरकानूनी रहेको मागदाबी रहेको छ ।सडक, यातायात, विभिन्न निर्माणका अड्डाहरु, आयल निगमजस्ता राम्रो कमाई हुने ठानिएका निकायहरुमा काम गर्दाको भ्रष्टाचारको स्वरुप यो मुद्दाबाट थाहा हुन्छ । यसरी गैरकानुनी आर्जन गर्दा के कस्तो Nexus र संरक्षणमा रहेका थिए भन्ने खोजको विषय हुनसक्छ ।

४.५ भ्रष्टाचार मुद्दामा भएका केहि महत्वपूर्ण फैसलाहरु :

- करका सम्बन्धमा राज्यले लिएको नीतिगत व्यवस्थाको कारण संविधानद्वारा प्रदत्त आयोगको अधिकार प्रयोगमा वाधा पुर्याएको नमानिने (प्रकाशमणि शर्मा वि.श्री ५ को सरकार समेत, नेकाप २०६० अंक ५/६ नि नं. ७२२३)
- आयोगको संवैधानिक व्यवस्था रहेकै अवस्थामा त्यसलाई निस्तेज पार्नेगरी भ्रष्टाचारमा कारबाहि गर्न विकल्पको रुपमा भ्रष्टाचार नियन्त्रण शाही आयोगको व्यवस्था संविधान अनुकुल नहुने र कायम नरहने (राजीव पराजुली वि. भ्रष्टाचार नियन्त्रण शाही आयोग, नेकाप, २०६२, अङ्क ११ नि. नं. ७६१८)
- सरकारी वकीलले मुद्दा चलाउने नचलाउने निर्णय गर्दा भ्रष्टाचार भएको अवस्था रहे आयोगले अनुसन्धानको कारबाहि गर्न पाउने (बद्री ब. कार्की वि. नेपाल सरकार, नेकाप २०५८, अंक ५, नि. नं. ७००१, भारु)
- VDIS कार्यक्रम मार्फत आयको स्वयंघोषणा गरेको भन्दैमा अनुसन्धानमा सम्पत्तिको श्रोत खुलाउनुपर्ने वाध्यताबाट उन्मुक्ति पाउन नसक्ने (नेपाल सरकार वि. ईश्वरप्रसाद पोखरेल, नेकाप २०६६, अंक ८, नि. नं. ८२००)
- बाबुले आर्जन गरेको भनिएको सम्पत्ति छोराको नाममा राख्दा सम्पत्तिको वैधताको जानकारी छोरालाई हुन्छ नै भनी मान्न नसकिने (नेपाल सरकार वि. चिरन्जिवी वाग्ले, नेकाप २०६७, अंक १२ नि. नं. ८५१९)
- कार्यालयमा साबिकको विवरण मौजुद हुंदाहुंदै पछिबाट पेश भएको लेजरकारोबारलाई मान्यता दिन नमिल्ने र श्रोत स्पष्ट नभएको मूलधनको ब्याज स्वत वैध भनी अर्थ गर्न नमिल्ने (नेपाल सरकार वि. रामाज्ञा चतुर्वेदी, नेकाप २०६८, अंक ६ नि. नं. ८६३००
- वैध श्रोतबाट हुनसक्ने आयको तुलनामा अस्वभाविक व्यवहारमा रहेको देखिनेमा त्यस्तो सम्पत्ति गैरकानूनी आर्जन मानिने (नेपाल सरकार वि. जयप्रकाश गुप्तासमेत्, नेकाप २०६८, अंक ११ नि. नं. ८७२२)
- कुनै निजामति कर्मचारीले उद्योग र आय आर्जन गर्ने कारोबार नै गर्न पाउदैन भन्न नमिल्ने साथै समयको अन्तरालमा जग्गाको मूल्य बढदैमा सोही बमोजिम आय गणना गर्न नमिल्ने (नेकाप २०७३, अंक २, नि. नं. ९५४५)

५. संगठित रुपमा हुन सक्ने भ्रष्टाचारका क्षेत्रहरु (Potential areas of organized criminal group involved corruption)

भ्रष्टाचार एकल व्यक्ति वा अपराधिक समूहको संलग्नतामा हुनसक्छ । एकल व्यक्तिभन्दा समूहको संलग्नतामा हुने भ्रष्टाचारले स्थानीय सुशासन र विश्व समुदायलाई आक्रन्त बनाएको छ ।स्थानीय वा अन्तरदेशीय विविध (सट्टेबाजी, सिण्डिकेट, कार्टेलिङ्ग, जग्गा व्यवसाय, लाभकर तथा राजस्व छली, कालोबजारी) अपराधहरु जहां सार्वजनिक जवाबदेहीता निर्वाह गर्नुपर्ने पदाधिकारीको संलग्नता देखिन्छ त्यस्तो अपराध भ्रष्टाचारको विषय बन्नसक्छ । त्यसैले त कतिपय अवस्थामा भ्रष्टाचार अन्य स्वतन्त्र अपराध मानिएका अपराधसंग जोडिएर आउँछ ।

भ्रष्टाचारको कुरा गर्दा सार्वजनिक सेवा प्रवाह र सार्वजनिक संस्था स्वतः जोडिएर आउँछन् । सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा कार्यरत व्यक्तिले कानुन बमोजिम पाउने तलब सुबिधाबाहेक अन्य घुस, रिसवत, चन्दा, इनाम, जेसुकै नामबाट होस् अतिरिक्त लाभ सेवाग्राही सर्वसाधारणबाटअपराध मानिन्छ जुन् कुनै पनि राज्यको लागि सहनीय कुरा हुन सक्दैन । सेवा प्रवाहका यी क्षेत्र सार्वजनिक वा निजी हुन सक्छन् । UNCAC को निजी क्षेत्रको अर्थात निजी क्षेत्रबाट हुने भ्रष्टाचारलाई पनि पक्ष राष्ट्रले कानून बनाई नियन्त्रण गर्नुपर्ने दायित्व सिर्जना गरेको छ । हाम्रो जस्तो विकासमा पछि परेको मुलुकको लागि सबै निजी क्षेत्रको भ्रष्टाचारलाई नियन्त्रण गर्न सहज नहोला । तथापि सर्वसाधारणको हित र लाभका निमित्त वा सर्वसाधारणको लगानीमा स्थापित संस्थाहरु जहां सर्वसाधारणको सरोकार गाँसिएको हुन्छ त्यस्ता गैरसरकारी संस्था, निकायमा हुने भ्रष्टाचार मात्रै हेर्ने हो भने पनि भ्रष्टाचार हुन सक्ने क्षेत्रहरु (Potential Areas of Corruptions) विविध हुन सक्छन् ।

संगठित अपराधबाट प्रशस्त रकम भ्रष्टाचार वा सम्पत्ती शुद्धिकरण वा आतङ्ककारी क्रियाकलापमा लगानी गर्ने खतरा दिनानुदिन बढिरहेको छ । भ्रष्टाचार गरी कमाएको सम्पत्ति सार्वजनिक उच्च पदस्त कर्मचारीहरुले विदेशी बैङ्कमा राख्ने गरेको सुन्नमा पाइन्छ ।साबिकमा राज परिवारका सदस्यहरुको र उच्च पदस्थ पदाधिकारीहरुको विदेशी बैंक(Swiss Bank) मा ठूलो रकम जम्मा रहेको पाइएको थियो, जसको वैध श्रोत खुल्ने अवस्था थिएन र अख्तियारको दुरुपयोग गरी जम्मा गरेको अनुमान गर्न सकिन्छ । भारतसँगको खुल्ला सिमाना तथा बढी अन्तर्निर्भरता समेतका कारण तराई क्षेत्रका अधिकांश मानिसहरुको भारतका बैङ्कहरुमा खाता हुनेर भ्रष्टाचार गरी कमाएको रकम जम्मा गरीराख्ने प्रचलन बढ्दो छ ।ATM को प्रयोग जतासुकै गर्न सकिनेभएकोले विनिमय गर्न सहज छ ।अवैध धन्दा गरी कमाएको पैसा Tax heaven Country (Ireland) मा पठाई लगानी गर्ने र पुन स्वदेशमा वैध श्रोतमार्फत फिर्ता सुरक्षित गर्ने, अवैध धन्दा गरी कमाएको रकम हुण्डी लगायतका माध्यमबाट विदेश पठाई वैध माध्यमबाट नेपाल भित्र्याई उद्योगधन्दामा लगानी गर्ने (सुमार्गी काण्ड),सार्वजनिक पदमा रहेका कर्मचारी तथा जग्गा दलालहरुको मिलेमतोमा सरकारी सार्वजनिक जग्गा अतिक्रमण गर्ने,भ्रष्टाचार गरी कमाएको अवैध रकम जग्गा व्यवसाय र अन्य वैध कार्यमा लगानी गर्ने, कालोबजारीको हिस्सामा सांझेदारी गर्ने, सिन्डिकेट,कार्टेलिङ्गको मतियार बनी लाभ हांसिल गर्ने, राजनीति र उच्च पदस्त पदाधिकारीहरु अपराधिक समूहको गोटीको रुपमाकाम गर्ने जस्ता तौरतरिका विभिन्न रुपका भ्रष्टाचारीहरुले अपनाएको पाइन्छ ।

नेपालमा भ्रष्टाचार बढ्दै गएको र अझ संगठीत समूहको संलग्नतामा हुने भ्रष्टाचारले जरा फैलाउँदै गएको अवस्था छ । corruption perception index निर्धारणका आधार ग्रहस्थ उत्पादन, जनताको स्तरलगायत सुशासनका मापदण्डसमेत हुने भएकाले भ्रष्टाचार गरी को कसले ठ्याक्कै कति आर्जन गर्यो वा देशमा भ्रष्टाचारको रकम तथ्याङ्कमा के कति छ भन्ने पत्ता लगाउन कठिन छ । तथापि रातारात अर्थात् छोटो अवधिमा विभिन्न पेशाकर्मीहरु र सार्वजनिक सेवाका केही पदाधीकारीहरुलेगरेको उन्नती,सान सौकत र अस्वभाविक जीवनयापन, छोराछोरीलाई विदेश तथा महङ्गा स्कूल कलेजहरुमा पढाइरहेको, वित्तीय संस्था तथा

शेयरमाअस्वभाविक लगानी गरेका उदाहरणहरु भने भेट्न सकिन्छ ।त्यसरी नै उच्च पदस्त व्यक्तिहरुका विभिन्न सरकारी गैरसरकारी संस्थाहरुमा, विभिन्न उद्योगधन्दामा गरेका लगानी, शेयरहरुको खोजीनिति गरिने हो भने वैद्य श्रोतबाट कमाइ गरी लगानी भएको धेरै कममात्र भेटिनेछ। न्यून तलव वेतनमा गुजारा गर्नपर्ने अवस्थाका कर्मचारीहरुको वैद्य कमाइको श्रोत नभेटिने सम्भावना प्रबल रहन्छ ।

यसरी भ्रष्टाचार वा अपराधिक क्रियाकलापबाट आर्जित सम्पत्तिको वैद्य लगानी गर्ने क्रम बढीरहेको र वैध आम्दानीमा परिणत गर्ने गरेको पाइन्छ । तथापि त्यस्ता व्यक्तिको सही पहिचान गरी आशातितरुपमा कारवाहिको दायरामा ल्याउन भने सकिएको अवस्था छैन । यसरी हेर्दा सार्वजनिक र निजी क्षेत्रमा सघन र संगठित रुपमा भ्रष्टाचार हुनसक्ने विषय क्षेत्रहरु निम्न बमोजिम रहेका छन्ः

- घुस रिसवत
- गैरकानूनी आर्जन
- सम्पत्ति शुद्धिकरण
- धितोपत्र बजार
- आतंकवाद र आतंककारी कार्यमा वित्तीय लगानी
- कालो बजारी
- सिण्डिकेट
- जम्माखोरी
- जग्गा व्यवसाय
- कार्टेलिङ्ग
- राजस्व छली
- सार्वजनिक खरिद
- राजनीतिक पदाधिकारीको आडमा भ्रष्टाचार, आदि ।

६. संगठित समूहको संलग्नतामा हुने भ्रष्टाचारको अनुसन्धान अभियोजनका समस्या

भ्रष्टाचार एक स्वतन्त्र अपराधहो ।तर सबै भ्रष्टाचारजन्य क्रियाकलापहरु तथा समूह संलग्नतामा सम्पन्न हुने त्यस्ता क्रियाकलापहरु संगठित भ्रष्टाचार होइनन् ।घुस लिनेदिने,गलत प्रतिवेदन(लिखित तयार गर्ने, सरकारी तथा जिम्मा रहेको सम्पत्ति हिनामिना वा नोक्सान गर्ने, परीक्षाको परिणाम परिवर्तन गर्ने, नपाएको ओहोदा पाएभनी कामकाज गर्ने, जस्ता नितान्त व्यक्तिगत लाभहानीका उद्देश्यबाट गरिने भ्रष्टाचारजन्य क्रियाकलापहरु[३०] एकैजनाबाट र एकभन्दा बढी व्यक्तिहरुको संलग्नतामा भएका रहेछन् भनेपनि समूह अपराध (Group crime)

[३०]भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २

को रुपमा मात्र घटाइएका हुनसक्छन् भने यी र अन्य अकूत सम्पत्ति आर्जन, राजस्व छली, सरकारी तथा सार्वजनिक सम्पत्तिको हिनामिना नोक्सानी, सरकारी घरजग्गा अतिक्रमण र घरजग्गा व्यवसाय, राष्टसेवकको संलग्नता र संरक्षणमा विभिन्न सिण्डिकेट तथा कार्टेलिङ्गका माध्यमबाटहुने अपराध, गैरकानूनी सार्वजनिक खरिद, भ्रष्टाचारबाट आर्जित सम्पत्तिको वैध लगानी वा सम्पत्ति शुद्धिकरणजस्ता भ्रष्टाचारजन्य अपराधहरु यदि संगठितअपराध निवारण ऐन २०७० को दफा ३(२) का विशेषतासहित सम्पन्न हुन्छन् भने त्यस्तो अपराध संगठित अपराध हुनसक्छ ।

भ्रष्टाचारजन्य क्रियाकलापलाई उक्त संगठित अपराध निवारण ऐन २०७० को दफा ३९२० को प्रयोजनका लागि गंभीर अपराध मानिने र परिच्छेद ३ को दफा ८ ले निषेध गरेको संगठित अपराध मानिने उल्लेख भएकोले ३ जनाभन्दा बढी व्यक्ति संलग्न भएको असंगठित समूह किन नहोस् आफैमा संगठित अपराध हो कि भन्ने भ्रम रहेको पाइन्छ । तरसंगठित अपराध निवारण ऐन २०७० को दफा ३(२) को प्रयोजनका लागि संगठित अपराध हुन कसैले गरेको भ्रष्टाचारजन्य क्रियाकलापमा उक्त दफाले बोकेका आधारभूत विशेषताहरु[३१] त्यस्तो कार्यसंग अन्तरनिहित भएर आउन जरुरी छ ।तबमात्र भ्रष्टाचरजन्य क्रियाकलाप संगठित भ्रष्टाचारको अपराध हुनसक्छ ।

नेपालमा संगठित भ्रष्टाचार शिर्षकमा हालसम्म कुनै मुद्दा दायर भएको छैन र अदालतले पनि अभियोजन भएका कुनै अमुक मुद्दामा संगठित अपराधको विशेषता रहेभएको भनी संकेत गरेको[३२] (केहि वन्यजन्तु अपराध, मानव बेचविखनजस्ता अपराधहरुमा भनिएजस्तो) भएपनि संगठित अपराधमै थप सजाय गरेको उदाहरण पाइदैन ।संगठित अपराधलाई कानूनीरुपमा निषेध र सजाय सम्बन्धीको कानूनी व्यवस्था २०६९ सालमा मात्रै नेपालले अंगीकार गरेको र त्यसपछिका दिनहरुमा पनि त्यस अनुरुप देखिने भ्रष्टाचारका मुद्दामा अभियोजनको अभ्यास नभएकोले पनि यसो हुनसक्छ । तर संगठित अपराधिक समूहबाट वा संगठित भ्रष्टाचारका

---

[३१] अपराधिक समूहको संलग्नता, समूहको लाभको लागि, अपराधिक समूहको निर्देशनमा, अपराधिक समूहकोतर्फबाट, अपराधिक समूहसंग मिलेर वा अपराधिक समूहको संस्थापक वा सदस्य भई जानीजानी.....

[३२] १.**अनिल कुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार विरुद्ध मदन शर्मासमेत** ("संगठित अपराध सामान्य अपराधभन्दा पृथक र समूहमा रहेका व्यक्तिको पृथक भूमिकारहने",ने.का. प. २०६७ अंक २ नि. नं. ८३२१)

२.**सूर्य बहादुर पुन विरुद्ध नेपाल सरकार** ("संगठित समूह संगठित अपराधको एउटा कडीको रुपमा रहने" ने.का.प. २०६९ अंक ३ नि. नं. ८७८४)

३.**नेपाल सरकार विरुद्ध राजु लामा** ("समूह संलग्न अपराधमा दुरुत्साहनकर्ता पनि दोषी हुनसक्ने", ने.का.प. २०७१ अंक ५ पृष्ठ ६८४ नि. नं. ९१६४)

४.**चार्ल्स गूरुमुख शोभराज विरुद्ध नेपाल सरकार** ("नियोजित र संगठित कार्ययोजना सहित पूर्णता",ने.का.प. २०६७ अंक ५ नि. नं. ८३७८)

५.**गोमा पाँचकोटी विरुद्ध नेपाल सरकार** ("योजनाबद्ध, व्यवसायिक र समूह संलग्नता",ने.का.प. २०७२ अंक १ नि. नं. ९३३३)

क्रियाकलाप हुंदै नभएका र संगठित अपराधिक समूहबाट गरिएका त्यस्ता अपराधमा संगठित निवारण ऐन वमोजिम (दफा ८) अभियोजन गर्न नसकिने भने होइन ।बरु संगठित अपराध निवारण ऐनको दफा ३(२) मा उल्लेखित गंभीर अपराध हुन चाहिने आवश्यक तत्व प्रयोजनका लागि भ्रष्टाचारमा ३ वर्षभन्दा बढी सजाय नहुने रहेछ भनेपनि सो प्रयोजनका लागि अन्य तत्वको उपस्थिति देखिन्छ भने संगठित अपराध हुनसक्छ भन्ने कानूनी व्यवस्थालाई बुझ्न जरुरी छ ।

संगठित अपराध हुनसक्ने नसक्ने सम्बन्धमा नेपालको सम्बन्धित कानून र प्रयोगको अवस्था हेर्दा कुनै अमुक समूहबाट भएको क्रियाकलाप संगठित समूह वा असंगठित समूह के बाट भएको वा त्यस्तो अमुक समूह संगठित अपराधिक समूह हो होइन किटान वा पहिचान गर्न केहि समस्या भएपनि संगठित अपराधिक समूहको कुनै वैधानिकता अर्थात् Legal Entity नहुने सर्वमान्य मान्यता रहेको सन्दर्भमा जनजिब्रो तथा सर्वसाधारणको बोलीमा र सरकारी अभिलेखमा संगठित समूह देखिने[३३] समूहबाट यदि त्यस्तो क्रियाकलाप गरेभएको देखिन्छ भने त्यस्तो अपराधमा संगठित अपराधका आवश्यक तत्व रहेको भनी बुझ्न जरुरी छ र त्यस्ता समूहको संलग्नतावा प्रभाव-दबावमा वा आदेशमा सार्बजनिक सेवा प्रवाह र सरोकार निहित रहेका विषयमा प्रचलित कानून (UNCAC, संगठितअपराध निवारण ऐन, २०७०, भ्रष्टाचार निवारण ऐन, २०५९) ले निषेध तथा सजाय निर्धारण गरेका भ्रष्टाचारजन्य कसूर गर्छन् भने ति संगठित अपराध हुनसक्छन्।

संगठित अपराध निवारण ऐन २०७० को दफा ९ (क) मा संगठित अपराधको कसूर गर्नेलाई कानून बमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय हुने व्यवस्था रहेको सन्दर्भमा एकातर्फ संगठित समूहको संलग्नतामा हुने अपराधमा सजाय निर्धारण गर्दामात्रै समान्य कानून[३४] मा उल्लेख भएझैं सजाय बढाउने (Aggravating Factor) तत्वको हैसियतमा मात्र कार्य गर्ने हो वा अनुसन्धान अभियोजनकै आधार बन्ने हो भन्ने द्विविधा रहेकोछभने भ्रष्टाचार कसूरमा माथिल्लो ओहोदाधारीले गरेको भ्रष्टाचार अपराधमा थप ३ वर्ष अतिरिक्त सजाय[३५]को व्यवस्था रहेको सन्दर्भमा उक्त दफा बमोजिम थप सजायको दाबी लिइसकेपछि

[३३]गोरे समूह, गणेश लामा समूह, राजिव गुरुङ्ग समूह, लगायतका समूह र माफिया, ग्याङ्ग, डन, आदिजस्ता अन्तराष्ट्रियरुपमा चिनिएका अपराधिक समूह, आदि ।

[३४]**मुलुकी अपराध संहिता**, २०७४ दफा।

[३५]**भ्रष्टाचार निवारण ऐन,**२०५९,**दफा २४ः थप सजायः** संवैधानिक अंग वा निकायका पदाधिकारी, राष्ट्रपतिबाट मनोनयन वा नियुक्त हुने पदाधिकारी, नेपाल सरकारका विशिष्ट श्रेणी वा सो सरहका पदाधिकारी, सार्वजनिक संस्थाका प्रमुख महाप्रबन्धक वा सो सरहका पदाधिकारीले यस परिच्छेद अन्तर्गतका कसुर गरेमा निजलाई त्यस्तो कसुरमा हुने सजायमा थप तीन वर्षसम्म कैद सजाय हुनेछ ।

संगठित अपराध निवारण ऐनको उपरोक्त ९(क) बमोजिम थप दाबी लिनुपर्दछ र ? भन्ने द्विविधा हुन सक्छ । यहाँनेर उपरोक्त ३ वर्ष र पचास प्रतिशत अतिरिक्त सजाय हुनसक्ने सन्दर्भमा मूल अपराधमा ३ वर्ष वा सोभन्दा कम सजायमात्र हुनसक्ने अपराध रहेछ भने थपिने सजाय त्यसको दोब्बरभन्दा बढी र अझ पचास प्रतिशत थप सजायको अभियोजन तथा सजाय निर्धारण गर्दा सजाय निर्धारणको प्रतिवादीमुखीसिद्धान्त (Defendant based approach) को अपराध शास्त्रीय मान्यता बर्खिलाप त हुंदैनभन्ने प्रश्न टड्कारो छ ।तर भ्रष्टाचार र भ्रष्टाचारमा संगठित समूहको संलग्नता आफैमा सजाय बढाउने अर्थात् राज्य र समाजको लागि गंभीर अपराध भएको सन्दर्भमा दुबै ऐनका व्यवस्था ऐनको उद्देश्य, अपराधको प्रभाव तथा गंभीर्यतासमेतका आधारमा मूल अपराधमा जेजति सजाय हुनेभएपनि उच्च ओहोदाधारीलाई हुने थपसजायपनि मूल अपराध नै मानिने भएकोले उल्लेखित अतिरिक्त सजाय जोडी हुने सजायको संगठित अपराध निवारण ऐन बमोजिम पचास प्रतिशत अतिरिक्त सजाय थप अभियोजन तथा सजाय निर्धारण हुनसक्छ ।

संगठित समूहको संलग्नतामा हुने भ्रष्टाचार वा भ्रष्टाचारको कसूरमा सजायको मागदाबीमा छूट (Plea bargaining) को सिद्धान्तलाई आत्मसाथ गरेको सन्दर्भमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ अनुसार अभियोजनमा पूर्ण छूट दिनसक्ने र संगठित निवारण ऐनको दफा २१ अनुसार ७५ प्रतिशत छूट हुनसक्नेव्यवस्था झट्ट हेर्दा विवादास्पद र संगठित समूहको संलग्नतामा भएको भ्रष्टाचारको कसूरमा ७५ प्रतिशतभन्दा बढी अर्थात् अभियुक्तमध्येका कोहीकसैलाई आवश्यकता अनुसार पूर्ण छूट दिनेगरी अभियोजन हुननसक्ने हो कि भन्ने कानूनी प्रश्न जन्माएको छ । तथापि संगठित अपराध आफैमा Predicate Offence रहेको सन्दर्भमा मूल कानून (Original Law) ले मान्यता (Supersede गर्ने) पाउने सिद्धान्त अनुसार पनि न्यायिक प्रक्रियामा सहयोग गर्ने शर्त र अभियोजनकर्ता सन्तुष्ट हुने स्थितिमा पूर्ण छूटको मागदाबी गर्नमा बाधा देखिदैन।

त्यसरी नै संगठित अपराधको मुद्दा हेर्ने क्षेत्राधिकार सम्बन्धित जिल्ला अदालतलाई र भ्रष्टाचार तथा भ्रष्टाचारबाट आर्जित सम्पत्तिको शुद्धिकरण मुद्दा विशेष अदालतको क्षेत्राधिकारमा रहेको सन्दर्भमा संगठित भ्रष्टाचारको मुद्दा कहाँ कसरी अभियोजन गर्ने द्विविधा रहेको पनि सुन्नमा आएको छ ।क्षेत्राधिकारको सिद्धान्तको आधारमा भ्रष्टाचार मुद्दाको न्याय निरोपण गर्ने क्षेत्राधिकार विशेष अदालतको मुख्य क्षेत्राधिकार (Original Jurisdiction) मा पर्ने विषय भएकोले जहाँ मुख्य क्षेत्राधिकार रहन्छ त्यही निकायमा अभियोजन गर्ने मान्यता रहिआएको छ ।

भ्रष्टाचारको अभियोगमा अनुसन्धान भएको मुद्दामा अनुसन्धान तहकिकातको सिलसिलामा पक्राउ परेको व्यक्तिलाई पटक पटक गरी ६ महिनासम्म हिरासतमा राख्न सकिने[३६] भ्रष्टाचार निवारण

[३६]भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३१ उपदफा (४)

ऐनको व्यवस्था र ६० दिनसम्म हिरासतमा राख्न सकिने संगठित निवारण ऐन[३७]को कानूनी व्यवस्था रहेको सन्दर्भमा संगठित भ्रष्टाचारको मुद्दामा ६० दिनभन्दा बढी अनुसन्धाको सिलसिलामा हिरासतमा राख्न सकिने नसकिने अर्को द्विविधा अभियोजनकर्तामा हुनसक्छ ।यसमा पनि मूल अपराध भ्रष्टाचार भएकोले भ्ष्टाचार जोडिएको मुद्दामा त्यस सम्बन्धी ऐनको व्यवस्था बमोजिम हिरासतमा राख्न सकिने नै हुन्छ ।

प्रमाण प्रस्तुतिका विषयमा साक्षी संरक्षणको दृष्टिकोणले साक्षीलाई प्रतिवादी आफैले जिरह गर्न नपाउने सम्बन्धी संगठित निवारण ऐन २०७० को दफा ३६ को व्यवस्थाले संगठित भ्रष्टाचारको मुद्दामा जिरह गर्न नै नपाइने भन्ने अर्थ र द्विविधा हुनसक्छ । त्यसमा पनि भ्रष्टाचारमा संगठित समूहको संलग्नता रहने हुंदा भ्रष्टाचार निवारण ऐन अनुसार जिरह गर्न सो ऐन र अभियुक्तको स्वच्छ सुनुवाईको अधिकार (Right to Fair Trial) को सिद्धान्तको आधारमा पनि जिरह गर्न सकिनेमा वाधा देखिदैन । तर प्रमाण संकलन र प्रस्तुतिका विषयमा भने संगठित निवारण ऐन पछि कार्यान्वयनमा आएको विशेष कानून भएको र यसमा प्रमाण संकलन प्रस्तुतिका केहि विशिष्ट (Advanced) व्यवस्थारहेकालेकतिपय अवस्थामा संगठित समूहको संलग्नतामा भएको भ्रष्टाचार मुद्दाको अनुसन्धानको सिलसिलामा प्रमाण संकलन र प्रस्तुतिका सन्दर्भमा भने यदि भ्रष्टाचार निवारण ऐनमा नभएको व्यवस्था उक्त ऐनमा रहेछ भने त्यस अनुसार प्रमाण संकलन, प्रस्तुति र पारस्परिक सहायता(सहयोग उक्त विशेष ऐन बमोजिम गर्नमा समस्या देखिदैन ।

यसको अलाबा UNTOC को पक्ष राष्ट्र अर्थात् उक्त महासन्धि अनुमोदन गरेपछि सन्धिमा उल्लिखित इच्छाधीन उपलेख (Optional Protocol) हरुको पनि स्वतः पक्ष हुने हो कि भन्ने द्वविधा रहेको पाइन्छ ।जबकि उक्त सन्धिको धारा ३७ अनुसार सन्धिलाई अनुमोदन गर्दैमा Optional Protocols पनि छुट्टै अनुमोदन नगरी लागू हुन सक्दैनन् ।

६.१. **अध्ययनको उपलब्धी** (Findings):

यस आलेखमा उल्लेख गरिएका विभिन्न सैद्धान्तिक विवरणात्मक तथ्यहरु र भ्रष्टाचार मुद्दा सम्बन्धी अनुसन्धान अभियोजनको समान्य प्ररुपको विश्लेषण विवेचना गरी हेर्दा निम्न निष्कर्षमा पुग्न सकिन्छ :

- परम्परागत भ्रष्टाचारभन्दा सगठित तवरबाट हुने भ्रष्टाचारजन्य क्रयाकलापमा बृद्धि भएको छ,
- आयोगमा भ्रष्टाचारका उजुरी बढ्दो क्रममा रहेका भएपनि आ व ०७४/०७५ को वार्षिक प्रतिवेदनलाई आधार लिने हो भने ४ प्रतिशत उजुरीहरुमा विस्तृत अनुसन्धान भएको मध्ये २

[३७]संगठित निवारण ऐन, २०७० को(दफा १४)

प्रतिशतमा मात्र अदालतमा मुद्दा दायर भएको छ र ५२ प्रतिशत उजुरी सोझै तामेलीमा तथा ४२ प्रतिशतमा अन्य कारबाही (सम्बन्धित निकायमा लेखी पठाउने) भई फछ्र्यौट भएका छन्,

- अनुसन्धान भएका मुद्दामा घुस रिसवतका मुद्दाको संख्या बढी छ,
- संगठित समूहको संलग्नतामा भएका भ्रष्टाचारका मुद्दामा पनि संगठित अपराध निवारण ऐन बमोजिम छुट्टै मुद्दा पेश गर्ने अभ्यासको थालनी भएको देखिदैन,
- संगठित समूहको संलग्नतामा भएका भ्रष्टाचारका मुद्दामा जस्तै राजस्व छली सरकारी जग्गा व्यक्ति विशेषका नाममा दर्ता सार्वजनिक खरिद सम्बन्धी मुद्दाहरुमा आयोगबाट अनुसन्धान भई भ्रष्टाचारतर्फ मात्र विशेष अदालतमा मुद्दा दायर भएको पाइन्छ,
- संगठित अपराध मुद्दा बुझाईमा अनुसन्धाकर्ता र अभियोजनकर्ताहरुमा केही द्विबिधा रहेका छन् भने अभियोजनमा एकरुपता पाईंदैन,
- उजुरी धेरै पर्नु तथा मुद्दा अदालतमा पेश हुने वा अन्य कारबाही ९ विभागीय कारबाही लगायत० बाट मुद्दा फछ्र्यौट कम हुनुमा आयोगको अधिकारमा आएको संकुचन प्रमुख कारण रहेको छ भने अन्तराष्ट्रिय प्रतिबद्धता अनुरुप कानून संशोधन परिमार्जन हुन नसक्नुले थप समस्या ल्याएको छ,
- संगठित समूहको संलग्नतामा हुने भ्रष्टाचारका स्वरुपहरुमा विविधता आएको छ ।अकूत सम्पत्ति आर्जन, राजस्व छली, सरकारी तथा सार्वजनिक सम्पत्तिको हिनामिना नोक्सानी, सरकारी घरजग्गा अतिक्रमण र घरजग्गा व्यवसाय, राष्टसेवकको संलग्नता र संरक्षणमा विभिन्न सिण्डिकेट तथा कार्टेलिङ्गका माध्यमबाटहुने अपराध, गैरकानूनी सार्वजनिक खरिद, भ्रष्टाचारबाट आर्जित सम्पत्तिको वैध लगानी वा सम्पत्ति शुद्धिकरणजस्ता भ्रष्टाचारजन्य अपराधहरु बढेका छन्,
- भ्रष्टाचारको दाबी भई सर्वोच्च अदालतसम्म पुगेका कुनै पनि मुद्दामा संगठित समूहको संलग्नता भएको भनी त्यस अनुरुप अभियोग पेश भएको र सर्वोच्च अदालतबाट फैसलामा निर्देश वा आदेश भएको वा अप्रासंगिक कथन (Obiter dicta) कै रुपमा पनि बोलेको पाउन सकिएन ।

७. भ्रष्टाचार मुद्दाको अनुसन्धान र अभियोजनका चुनौति

विश्व मै आकासिँदो भ्रष्टाचार निवारण आफैमा चुनौतीको विषय रहेको छ । अझ विकसित मुलुक भन्दा अविकसित, अल्पविकसित र विकासोन्मुख देशहरुमा भ्रष्टाचार विकास र सुशासनको वाधकको रुपमा जरा गाडेर रहेको छ । भ्रष्टाचारमा संगठित समूहको संलग्नताको विकसित स्वरुपले यसलाई निवारण गर्न अझ कठीन बनाइ दिएको छ । अपराध गर्ने शैली तरिकामा आएको परिवर्तन, अपराध गर्नमा प्रयोग हुने प्रविधि, सञ्चारले भ्रष्टाचारको कारवाही गर्न सहज छैन ।भ्रष्टाचार निवारणका चुनौतिको कुरा गर्दा मूलतस्कानूनी, संगठनात्मक, अनुसन्धान, अभियोजन, न्याय निरुपण, प्रमाण प्रस्तुतिका क्षेत्रमा समस्या रहेका छन् । तर भ्रष्टाचार निवारणका क्षेत्रमा देखिएका यी तमाम समस्या समाधान नै हुन नसक्ने भने होइन । त्यसका लागि कानुनमा संशोधन परिमार्जन, सांगठनिक क्षमाता अभिबृद्धि, पारस्परिक सहायता र सहयोग विस्तार, सम्बन्धित निकायहरुबिच समन्वय र आपसी सम्बन्ध विस्तारलगायत गरी बढ्दो भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ ।

भ्रष्टाचार मुद्दासंग सम्बन्धित मुख्य कानूनी व्यवस्था कार्यान्वयनका व्यवहारिक समस्या र बुझाईका विषय यसअघिको शिर्षकमा सविस्तार उल्लेख गरिएको छ ।उक्तबाहेक समग्र भ्रष्टाचार निवारणका चुनौति र समस्या समाधानका उपायहरुलाई देहायका वुंदामा चर्चा गरिएको छ ।

७.१. संगठित समूहको संलग्नामा हुने भ्रष्टाचार निवारणका समस्या तथा चुनौतिहरु

- २०७२ आश्विन ३ गतेबाट कार्यान्वयनमा आएको नेपालको संविधानले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको साबिकमा भइरहेको अधिकारमा परिवर्तन गरेको भएपनि सो अनुकुल सम्बन्धित कानूनमा संशोधन हुन सकेको छैन,
- संचार प्रविधि यातायातको विकास संगसंगै भ्रष्टाचारको शैली तौरतरिकामा आएको परिवर्तनलाई संबोधन गर्न तद्अनुरुपको विशिष्ट अनुसन्धान र प्रमाण संकलनको पद्धतिलाई अनुसरण गर्न सो अनुरुप कानुनमा परिमार्जन हुन सकेको छैन,
- UNCAC को पक्ष राष्ट्र भएपनि उक्त महासन्धिले सृजना गरेको दायित्व अनुरुप निजी क्षेत्रको भ्रष्टाचार लगायतलाई संबोधन गर्न कानूनी संरचना तथा संगठनिक सबलीकरण गर्न सकिएको छैन,
- सार्वजनिक तथा सरकारी सम्पत्तिको हानी नोक्सानी सम्बन्धी भ्रष्टाचारका मुद्दामा बाहेक अन्य भ्रष्टाचारका मुद्दा र अवकाश प्राप्त व्यक्तिका हकमा भ्रष्टाचारको उजुरीउपर कारबाहि भएको मितिले वा उजुरी दर्ता मितिले हदम्याद लागू हुने हो अस्पष्टता छ,
- संवैधानिकरुपमा अख्तियार दुरुपयोग भन्नाले भ्रष्टाचारमात्र भन्ने बुझाई र अनुचित कार्य गरी अख्तियार दुरुपयोग गरेको भ्रष्टाचार संबोधन गर्ने संवैधानिक तथा कानूनी संरचनाको अन्यौलता छ,
- आयोगले प्रभावकारी सेवा दिन आवश्यक भौतिक श्रोत साधन, जनचेतना र पहुंच विस्तार कार्य प्रभावकारी हुन सकेको छैन,
- संगठित समूहको संलग्नतामा हुने अन्तरदेशीय अपराधमा सहयोग, सम्बन्ध विस्तार र प्रमाण संकलन प्रस्तुतिमा आवश्यक पारस्परिक सहायता सुपुर्दगीसंग सम्बन्धित सम्झौता तथा सम्बन्ध विस्ताका तरीकाको अपेक्षाकृत अवलम्वल हुन सकेको छैन,
- अनुसन्धानमा विद्युतीय संचार अभिलेखको उपलब्धता प्रमाणको आवश्यक प्रयोगशालापरीक्षण प्रबन्धको उपयुक्तता र पर्याप्तता नभएकोले प्रमाण संकलन र प्रमाणीकरणको (Authentication)समस्या रहेको छ,
- संगठित अपराधलाई संगठित निवारण ऐन बमोजिम कारबाही हुनसक्ने सन्दर्भमा उक्त ऐनको प्रयोग र बुझाईको समस्याले कार्यान्वयनमा आउनसकेको छैन ,
- कानूनी व्यक्ति (Legal Person) र राजस्व छली गरी फाईदा लिने Benificiaries लाई भ्रष्टाचारमा कारबाहि गर्न स्पष्ट कानूनी व्यवस्था छैन,
- पदमा रहदा आयोगबाट भ्रष्टाचारको कारबाहीहुन नसक्नेखालका उन्मुक्ति पाउने पदाधिकारीले सधैं उन्मुक्ति पाउने भन्ने धारणाको विकासले त्यस्ता उच्च पदस्थ व्यक्तिहरुलाई भ्रष्टाचारमा कारबाहि नगर्ने प्रचलनको विकास भएको छ ।

- UNCAC को उद्देश्य अनुरुप भ्रष्टाचार विरुद्धका कानूनी मापदण्ड संगठनात्मक क्षमाता विकास पारस्परिक सहायता विस्तार सार्वजनिक सेवामा सुशासन कायमतर्फका आवश्यक प्रबन्ध गर्न सृजना गरेका कतिपय दायित्व पुरा हुन सकेको छैन,
- भ्रष्टाचारमा कारबाही गर्ने एकमात्र आयोगको प्रदेश र स्थानीय स्तरमा प्रभावकारी र सबल पहुंच तथा संगठन विस्तार हुन सकेको छैन,
- गैर कानुनी सम्पत्ति आर्जनको परिभाषा,आयस्रोतको विश्लेषण,आयको मूल्यांकनको मापदण्ड र सम्पत्तिको स्रोत,खर्चको मूल्यांकनकास्पष्टमापदण्ड तथा मान्यता विकास हुन सकेका छैनन् ,
- भ्रष्टाचार गरी कमाएको अवैध सम्पत्तिको विभिन्न वैध कार्यमा लगानी गरी शुद्धीकरण गर्ने कार्यलाई प्रभावकारीरुपमा नियन्त्रण गर्न सकिएको छैन ।
- स्थानीय विभिन्न निकाय र अन्तरदेशीय सहयोग समन्वय र सहायताको व्यवहारिक र कानूनी समन्वयको उचित प्रबन्ध हुन सकेको छैन, आदि ।

७.२ समस्या समाधानका उपायहरु

- संविधान कानूनमा समसामयिक सुधार, परिमार्जन र संशोधन गर्ने,
- संगठित अपराध सम्बन्धी अवधारणामा स्पष्टता र बुझाईमा एकरुपताका लागि आवश्यक कानुनी प्रबन्का साथै सम्बन्धित जनशक्तिको क्षमाता अभिबृद्धिमा जोड दिने,
- अनुसन्धानकार्यमा आवश्यकभौतिक साधन तथा प्रयोगशालाको उचित व्यवस्था मिलाई प्रविधि तथा विद्युतीय उपकरणको उपयोगबाट प्रमाण संकलन र पहुंच विस्तार गर्ने,
- भ्रष्टाचारको अनुसन्धानका खुपिया प्रविधि, सूत्र परिचालन तथा विशिष्ट पद्धतिको प्रयोग र पालनाको सुनिश्तिता गरी सबुद प्रमाण संकलन गर्ने,
- भ्रष्टाचार निवारणका आधिकारिक निकायलाई प्रभावकारी बनाउन तत् तत् निकायको क्षमाता अभिबृद्धि तथा पहुंच विस्तार र विशेषज्ञको उपयोगमा जोड दिने,
- कसूरको गंभीर्यता र त्यसले पार्ने प्रभावका बारेमा जनचेतना अभिबृद्धि लगायत भ्रष्टाचार हुन नदिन आयोगको प्रबर्द्धनात्मक कार्यमा जोड दिने,
- भ्रष्टाचार निवारण गर्न स्थानीय, अन्तराष्ट्रिय, तथा अन्तरदेशीय पारस्परिक सहयोग, समन्वय, सम्बन्ध र सहायता विस्तारका लागि आवश्यक कानूनी तथा सहयोगका आधारहरु सुनिश्चित गर्ने,
- राज्यका सबै निकायहरु अनुसन्धानमा संलग्न निकाय, अदालत, प्रहरी, सरकारी वकिल, राजस्व, आन्तरिक सुरक्षा निकायकाबिच समन्वय कायम हुनुपर्ने ।
- अपूर्ण रहेका कानुनी प्राबधानहरुमा सुधार ल्याई र मौजुदा कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिने,
- पारस्परिक कानूनी सहायता आदानप्रदानमा जोड दिने, सन्धि गर्ने,
- सार्वजनिक सेवामा पारदर्शिता उत्तरदायित्व लगायत सुशासनको विस्तारमा जोड दिने,
- संगठित अपराधिक समूहबाट हुनसक्ने भ्रष्टाचारका महत्वपूर्ण क्षेत्रहरुमा नियामक निकायबिच पारस्परिक सहयोग र सम्बन्ध विस्तार गर्ने,
- अभियोजनको सौदाबाजीको कार्यविधिमा एकरुपता र पीडित तथा साक्षी संरक्षणका कार्यविधिको सुनिश्चिता गरी कार्यान्वयनमा ल्याउने, आदि ।

८. निष्कर्ष

राज्यको जीवनमा भ्रष्टाचार देशको विकास र सुशासनको वाधकको रुपमा संसारभरि फैंलिदै गएको महामारी हो ।अपराध शास्त्रमा भ्रष्टाचार सार्वजनिक पदाधिकारीको आचरण तथा नैतिकता विरुद्धको एक गम्भीर अपराध र फौज्दारी न्याय प्रणालीले सम्बोधन गर्नुपर्ने महत्वपूर्ण पाटो हो ।विज्ञान, प्रबिधि, संचार, यातायातकोविकास संगसंगै भ्रष्टाचार गर्ने तौरतरिका शैली फेरिइका छन् भने भ्रष्टाचारका प्रकृति र प्रवृत्तिमा परिवर्तन भएको छ ।संगठित समूहको संलग्नतामा हुने भ्रष्टाचारले अपराधमा झनै सघनता, गम्भीर्यता र चुनौति थपिदिएको छ । त्यस्ता भ्रष्टाचारजन्य क्रियाकलापहरु सिमाबिहीन र अन्तरदेशीयरुपमा फैलिएका छन् र विश्व समुदायलाई प्रभाव पारिरहेको पाइन्छ ।खासगरी अविकसित र विकासोन्मुख देशहरुमा भ्रष्टाचार गरी कमाएको सम्पत्तिको वैध कार्यमा लगानी गर्ने, अवैध सम्पति लुकाई छिपाई राखी जम्माखोरी गर्ने, सार्वजनिक पदाधिकारीहरु कुनै न कुनै रुपमा यस्ता कार्यहरुको मतियार वा सहयोगी बनी कार्य गर्ने,जस्ता भ्रष्टाचारजन्य क्रियाकलापहरु बढ्दै गएका छन् ।

भ्रष्टाचार एक छुट्टै विशेषखालको अपराध भएकोले यसलाई संबोधन गर्न हरेक देशमा कानूनी तथा संगठनिक संरचनाहरु र अनुसन्धानका विशिष्ट व्यवस्थाहरु रहेका छन् ।समूह संलग्नातामा र अन्तराष्ट्रियरुपमै पनि प्रभाव पार्नसक्ने यस अपराधको निवारण गर्न पारस्परिक सम्बन्ध, समन्वय र सहयोगको पनि खांचो पर्दछ ।नेपालमा भ्रष्टाचार मुद्दाको अनुसन्धान अभियोजन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग नामको संवैधानिक आयोग र न्याय निरुपण गर्न विशेष अदालतसमेतका संगठनात्मक संरचनाहरु र विभिन्न कानूनी संरचनाहरु रहेका छन् ।UNCAC, UNTOC जस्ता अन्तराष्ट्रिय महासन्धिहरु अनुमोदन गरी तद्अनुरुप कतिपय संगठनिक र कानुनी संरचना तथा अन्तराष्ट्रियस्तरमा पारस्परिक सम्बन्ध विस्तारका आधारहरु तय गरेको छ ।तथापि देशमा भ्रष्टाचार अजै संगठित तवरबाट हुने भ्रष्टाचार बढ्दो क्रममा रहेको छ र यसले सुशासन तथा समग्र देश विकासलाई नराम्ररी प्रभावित तुल्याएको छ ।

संगठित समूहको संलग्नतामा हुने भ्रष्टाचारका मुद्दामा भ्रष्टाचारतर्फ मात्र समान्य कारबाही हुनुले दण्डहीनता (Impunity) बढेको छ भने गम्भिर अपराध संगठित भ्रष्टाचारका अपराधीले उन्मुक्ति पाइ संगठित भ्रष्टाचारको जाल (Networking) विस्तार हुदैछ ।देशमा बढ्दो भ्रष्टाचार निवारण गर्न यसका प्रकृति र प्रबृत्तिमा आएको परिवर्तनलाई मनन् गर्दै कानुनमा समसामयिक संशोधन परिमार्जन, अनुसन्धानमा प्रबिधि संचारको उपयोग र पहुंच पुर्याई पारस्परिक सहयोग र समन्वयका आधारमा कार्य गर्न जरुरी छ ।

सन्दर्भ सामग्री

१. नेपालको संविधान
२. मुलुकी अपराध संहिता, २०७४
३. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
४. भ्रष्टाचार निवारण ऐन,२०५९
५. संगठित निवारण ऐन, २०७०
६. पारस्परिक कानुनी सहायता ऐन, २०६४
७. विभिन्न कानुन पत्रिकाहरु
८. United Nations Convention against Transnational Organized Crime, 2000
९. United Nations Convention against Corruption, 2003
१०. अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
११. अख्तियार दुरुपयोग अनुसनधान आयोगद्वारा निर्मित विभिन्न कार्यविधि तथा निर्देशिकाहरु
१२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन, २०७४/७५
१३. संगठित अपराध सम्बन्धी कानुनको प्रभाव मूल्यांकन सम्बनधी अनुसन्धामूलक अध्ययन, २०७४
१४. सम्मेलन विशेषांक, २०७५, नेपालका सरकारी वकीलहरु दोस्रो राष्ट्रिय सम्मेलन

संक्षिप्त शब्दको अर्थ :

आयोग भन्नाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग

UNCAC भन्नाले United Nations Convention Against Corruption, 2002

UNTOC भन्नाले United Nations Convention Against Transnational Organized Crime, 2003

कार्यपत्र : ८, Study on Organized Crime and its features

Manmath Kumar Upadhyay
Section Officer

CHAPTER – ONE

1. Introduction

1.1 Background

Despite the gravity of the threat, organized crime is insufficiently understood. It is an essential approach to study the concept and features of organized crime for the better understanding of the evolving concept of criminal offences. The paper emphasize of the same approach of understanding the basic concept of organized crime and its features.

1.2 Objectives of the study

The objectives of the study are as follows:

a. To understand the basic concept of organized crime.
b. To analyze the features and practices of organized crime.

1.3 Research Problem

Research Problem of the study is "How is organized crime distinct from other forms of crimes in terms of its feature'

1.4 Rationale of the study

The study on the concept of organized crime is basically focused on the features and characteristics of such crimes and analysis of such practices.

1.5 Limitations of the study

The study is limited with given time phase, available resources and mandatory limitation of words. A part from these, the study simply intends to mention the general concept of Organized Crime and analysis of its features through available resource.

1.6 Research Methodology of the study

This is a doctrinal study and secondary data has used to conduct the study, where as the primary authority to legal research. Books, internet sites were used as a secondary authority. The study has been presented in qualitative design.

1.7 Organization of the study

This study is organized in following ways-

In first chapter- introductory part of the study has been mentioned. It includes 1.1 Background, 1.2 Objective of the study, 1.3 Research Problem, 1.4 Rationale of the study, 1.5 Limitation of the study, 1.6 Reseach Methodology of the study, 1.7 Organization of the study.

In second chapter, it has organized the General concept of Organized Crime

In third chapter, it has organized the Features of the Organized Crime.

In fourth chapter, the Analysis and Conclusion has been mentioned.

CHAPTER-TWO

2. General Concept of Organized Crime

2.1. Definitions

Criminal activity carried out by an organized enterprise[1]is referred as Organized Crime. Organized Crime per se is a technique of violence, intimidation and corruption which in default of effective law enforcement, can be successful applied, by those sufficiently unscrupulous, to any business or industry which produces large profits. The underlying motive is always to secure and hold a monopoly in some activity which will produce large profits. Sometimes the basic business is illegal and sometimes the basic activity is legal and is a racket only because of the violence and corruption with which the business has become permeated[2]. The organized criminal, by definition, occupies a position in a social system, an "organization", which has been rationally designed to maximize profits by performing illegal services and providing legally forbidden products demanded by the members of the broader society in which he lives[3].In one publication "most highly developed forms" of organized crime is characterized under following: (1) totalitarian organization; (2) immunity and protection from the law through professional advice or fear or corruption, or all, in order to insure continuance of their activities; (3) permanency and form; (4) activities which are highly profitable, relatively low in risk, and based on (315) human weakness; (5) use of fear against members of the organization, the victims, and, often, members of the public; (6) continued attempt to subvert legitimate gov; (7) insularity of leadership from criminal acts; and (8) rigid discipline in a hierarchy of ranks

Organized crime is also defined as any group having some manner of a formalized structure and whose primary objective is to obtain money through illegal activities. Such

[1] West's Encyclopedia of American Law, 1998; retrieved from http://www.answers.com/topic/organized-crime)

[2] Special Crime Study Commission on Organized Crime, California Commision on Organized Crime, 1953

[3] Donald R. Cressey

groups maintain their position through the use of actual or threatened violence, corrupt public officials, graft, or extortion, and generally have a significant impact on the people in their locales, region, or the country as a whole[4].

2.2. Evolution of the concept of Organized Crime

By analyzing the international literature, which deals with organized crime, it can be concluded that the term organized crime was first used around the year 1896, in the annual report of the Association for Crime Prevention with headquarters in New York, USA[5]. Also, the term organized crime was used around 1920 by John Landesco, in his book "Organized crime in Chicago". This is a very voluminous research book on crime in Illinois, which was published by the Illinois Association for Criminal Law (1929)[6]. Organized crime has for a long time been identified with the mafia, especially the Italian or Sicilian Mafia, as it was known differently. However, according to the criminological meaning, organized crime is defined as a joint conspiracy of two or more persons on an ongoing and secret basis, with the aim of committing one or more serious crimes and to ensure direct or indirect financial benefit or other material benefits[7].

The UN Convention on Transnational Organized Crime 2000 (also known as the Palermo Convention).

This was a great achievement in the field of organized crime. By introducing the Palermo Convention, the United Nations tried to provide a universal definition of organized crime. After several days of negotiations among delegates from various countries, the Convention was ratified by more than 120 countries. The following agreement was reached (Article 2 of the Convention): (a) "Organized criminal" group shall mean a structured group of three or more persons, existing for a period of time and acting in concert with the aim of committing one or more serious crimes or offences established pursuant to this

[4] Federal Bureau of Investigation

[5] Cyrille Fijnaut and Letizia Paoli, Organized Crime in Europe, (Concpets, Pattens and Control Policies in the Europian Union and Beyond), Netherlands, 2004/2006, p. 24.

[6] Ibid(5)

[7] Levinson, David, Encyclopedia of Crime and Punishment, 2002, p. 112, (cit. By Gashi, Rexhep, Organized Crime, Pristina, 2011, p. 14

Convention, in order to obtain, directly, or indirectly, a financial or other material benefit; (b) “Serious crime” shall mean conduct constituting an offence punishable by a maximum deprivation of liberty of at least four years or more serious penalty; and (c) “Structured group” shall mean a group that is not randomly formed for the immediate commission of an offence and that does not need to have formally defined roles for its members, continuity of its membership or a developed structure.

The UN Convention, in order to explain further the need for an international instrument, focused on the need to regulate the form of crime as global threat. Article 3(2) points out that the offence is transnational in nature if (a) it is committed in more than one state, (b) it is committed in one state but a substantial part of its perpetration, planning direction, or control takes place in another state, (c) it is committed in one state but involves an organized criminal group that engages in criminal activities in more than one state, or (d) it is committed in one state but has substantial effects in another state. The Convention is legally-binding, which means that States that ratify the Convention agree to be bound by its provisions. In particular, States parties of the Convention are obliged to criminalize four major offences:

1) Participation in an organized criminal group (article 5)

This central provision of the Convention was very carefully crafted. It reflects different legal traditions by including both the concept of "conspiracy," typically found in common law systems, and "criminal association," predominantly used in countries with civil law traditions.

2) Money laundering (article 6)

Before the adoption of the Organized Crime Convention, the criminalization of money laundering was included in the 1988 Vienna Drug Convention, and thus limited to drug-related offences. The Convention broadens the scope of application to cover all serious crimes.

3) Corruption (article 8)

The insertion of corruption in the Convention was the subject of considerable debate, due to the fact that corruption is in itself a very broad and complex issue. Considering that it is one of the methods used by organized criminal groups to infiltrate political, economic and social spheres all over the world, States finally agreed to include a provision in the Convention, but with the understanding that the Organized Crime Convention could not cover the issue in a comprehensive manner. Building on these premises, the Convention was later complemented by the United Nations Convention against Corruption, which is the subject of a separate section of this Module as well as of a self-standing course.

4) Obstruction of justice (article 23)

This provision was included to protect the integrity of the criminal justice process. It is evident that justice cannot be achieved if judges, law enforcement officials, witnesses or victims are intimidated, threatened or corrupted. It is equally clear that national and international cooperation will not be effective if crucial participants in the investigation and law enforcement process are not protected sufficiently to allow them to perform their roles and provide their accounts without obstruction. This provision thus requires the criminalization of the use of physical force, threats or intimidation in offering, promising, or giving an undue advantage to induce false testimony or to interfere in the giving of testimony or the production of evidence. It also requires the criminalization of the use of physical force, threats or intimidation to interfere with the exercise of official duties by a justice or law enforcement official

In 2001, the European Commission and Europol, in cooperation with the Council of Europe, tried to operationalize the UN definition to ensure more coherent action among European law enforcement agents. They developed a working definition, according to which 11 characteristics of criminal organizations are associated with the label of organized crime. The EU definition requires the presence of a minimum of six characteristics: four mandatory criteria and two optional, to be drawn from a list of criteria. The “mandatory criteria” are:

(1) Collaboration among more than two people

(2) Extending over a prolonged or indefinite period,

(3) Suspected of committing serious criminal offences, punishable by imprisonment for at least four years or a more serious penalty, and

(4) The central goal of profit and/or power.

The optional criteria are:

(5) Specialized division of labor,

(6) Exercising measures of discipline and control,

(7) Employing violence or other means of intimidation,

(8) Employing commercial business-like structures,

(9) Participating in money laundering,

(10) Operational across national borders, and/or

(11) Exerting influence over legitimate social institutions (polity, government, justice, economy).

Structure of Organized Crime[8]

i. Specialization

Starting in the mid-1850s, the expression 'organised crime ' was used in the USA to refer to phenomena ranging from plumbers conspiring to raise prices in New York City, to a lynching mob in Barnwell, Southern Carolina, operating with the tacit support of the local authorities, to revolutionary fervor in 1840s Europe and the Camorra in Naples, to the collusion between city officials and brothel owners in Manhattan. It was not until the twentieth century that references to the internal structure of a criminal group began to emerge. For instance, a report of the Chicago City Council Committee on Crime dating from 1915 maintains that an organized crime group has its own language; it has its own laws; its own history; its tradition and customs; its own method and techniques; its highly specialized machinery for attacks upon persons and property; 'it's own highly specialized modes of defense' (emphasis added)[9]. In the decade up to 1949, one out of three definitions in the data set mentions specialisation, as does one out of four in the subsequent decade.

ii. Hierarchy

[8] Federico Varese, What is Organised Crime ?, available at http://federicovarese.com/sites/default/files/Varese%202017%20Redefining%20Organised%20Crime%2003.pdf, accessed on March 10,2019

[9] Quoted in G Tyler , Organized Crime in America: A Book of Readings (Ann Arbor , University of Michigan Press , 1962)

From the 1920s to the 1940s, the concept of organized crime virtually disappeared from public debate, 11 and the term 'racketeering' was used more widely[10]. The 1950s saw a return to favour of the expression organized crime thanks to the 1950 Senate Committee chaired by Estes Kefauver, whose televised hearings of criminal figures being questioned on gambling, narcotics and corruption made ' taking the Fifth ' part of American vernacular[11]. By this time, 'hierarchy' had entered academic and official definitions of the phenomena: in the 1950s, one out of four definitions mentioned 'hierarchy' explicitly. In the 1960s the number grew to five out of 11 definitions (45.5 per cent).

iii. Networks and Harm

Recent developments include the emergence of concepts such as 'networks' and 'harm'. Although they belong to different analytical levels (the former refers to structure, while the latter to the consequences of organized crime), we shall briefly review them together. Since the 1970s, there has been an exponential growth in sociology publications that contain 'social network' in the abstract or title, as documented quantitatively by Borgatti and Foster[12]. Such growth has also been felt in the field of organized crime research since at least the 1990s. 'Network' has even entered a (still limited) number of definitions of organised crime, namely 3.4 per cent in the 1990s, and 5.2 per cent in the 2000. For instance, McIllwain reframes some classical definitional issues — such as the provision of illicit goods and services — with references to network structures: Human relationships form the least common denominator of organized crime. The actors composing these relationships engage in the process of social networking for the provision of illicit goods and services. They also protect, regulate and extort those engaged in the provision or consumption of these goods and services. Some criminologists have gone beyond advocating the use of network data for the study of organized crime organizations and proposed a more general 'criminal network perspective' for the understanding of organized crime. One proponent of such a perspective, Carlo Morselli, writes that ' a network is a

[10] In the 1920s, the term 'organised crime ' was replaced by ' racketeering ' , a somewhat narrower concept. (A W Cohen , ' The Racketeer ' s Progress : Commerce, Crime and the Law in Chicago, 1900 – 1940 ' (2003) 29 (5) Journal of Urban History 575).

[11] D R Wade, 'The Conclusion that a Sinister Conspiracy of Foreign Origin Controls Organized Crime ', 403 available on www.onewal.com/maf-kef.html .

[12] S P Borgatti and P Foster , ' The Network Paradigm in Organizational Research: A Review and Typology ' 2003 29 (6) Journal of Management 991, 992

self-organizing structure that is driven by the emergent behaviour of its parts ' .The network perspective is able to capture ' a flexible order ' , structural arrangements that are lighter on their feet than ' slow moving ' hierarchies and quick to adjust to changing situations and opportunities. Such a framework can account for organizational systems ranging from simple co-offending to attempts at monopolizing markets or territories, from one-time partnerships to membership in quasi-structured organizations, from ties based on family, to those based on friendship, background affinities, and resource sharing and so on. Criminal opportunities are generated and collaboration to seize such opportunities occurs, within networks.

Activities of Criminal Organization

Activities performed by such criminal group under organized crime can be divided into several models;

- Accomplishing different activities targeted towards completion of one serious crime, complex in its mechanism.
- Systematically committing different crimes with the goal of attaining a particular objective; obtaining money, victory in the elections into public office and so fort
- Systematically committing a uniform type of crime which acts as a constant form of activity and the basic source of income for the group(professional criminal activity)
- Interpenetration of criminal and legal activity as they are frequently engage in legitimate business activity, in charitable acts(with the purpose of creation of positive image from citizen's point of view),in developing close economic ties with the business world, in guarding enterprise and judicial organizations.

The European Union, meanwhile, in the wake of its efforts to prevent organized crime activities in its countries, related to the definition of organized crime, has tried to give a definition of this type of criminality. In 1998, pursuant to a plan of EU states, "criminal organization" was considered the organization that has a structure consisting of two or more a person, which was created to operate at a certain time and that commits crimes or criminal offenses for which the law provides a punishment of over four years imprisonment[13].

[13] Hysi, Vasilika, Introduction to Criminology and Penology, Tirana, 2000, p. 52.

Battle with organized crime has changed significantly in recent years. With the development and advancement of technology, the risk from organized crime activities has increased and expanded significantly, and has become more complex[14]

CHAPTER-THREE

3. Features of Organized Crime

Organized crime is characterized by several features, such as permanent connectivity of several persons in the commission of criminal activities; the existence of a hierarchical organizational structure and strong leadership power; dominance of order, discipline and accountability of members; imposed solidarity; secrecy of action and non-disclosure of the organization; absence of betrayal of the leader, etc[15].

Some of the features[16] can be traced out as follows;

- Commission of crime by groups of persons
- The organizational structure of organized crime groups
- Violence, intimidation and corruption, as features of organized crime
- The scope of criminal activities in the whole country
- Cooperation with other international criminal organizations
- Cooperation of organized crime groups with state power structures

Several authors and scholars discuss the consensus of International Perspective on the common features of organized crime. These features as such include the following[17];

- Planned criminal activity for profit

[14] Xhevdet Halili, MEANING AND GENERAL FEATURES OF ORGANIZED CRIME WITH A PARTICULAR FOCUS ON KOSOVO,

[15] Halili, Ragip, Criminology, Pristina, 2011, p. 137-138.

[16] Ibid(5)

[17] Jones and Bratlett, An introduction to organized crime, available at http://samples.jbpub.com/9781449648046/22572_CH01_V1.pdf accessed on 5th March,2019

- A conspiracy of a continuing enterprise formed around social, ethnic or business relationships or around a certain product or opportunity
- Use of violence, threats and intimidation to achieve goals
- Use of corruption to protect its interest and avoid arrest and prosecution

The influence of organized crime is not easily measured, but one thing is known, that organized crime networks manipulate and monopolize the financial markets, traditional institutions, such as unions and construction industries and many other important institutions. Organized crime groups bring narcotics into our cities, for material gain and to increase the level of violence in communities, corrupting officials and using bribery, extortion, intimidation and murder to maintain their criminal actions and to control certain territories[18]. Their underground businesses, including prostitution and human trafficking, wherever they take place, bring misery to the country, region and beyond. They also lead to the loss of millions every year, through various stock and financial fraud, which are intentionally done for their illicit material benefit. For many scholars, organized crime is not only an object of academic study, but also a practical problem, where we all must engage in uncovering and investigation of organized crime, an extremely harmful and dangerous phenomenon for the country and its economy.

3.1. National legal provisions regarding Organized Crime and its feature

No one shall commit or made to commit organized crime[19].Organized crime shall be deemed to be committed if a person commits a crime on behalf of the criminal proceeds of criminal group or commits a serious crime knowingly as a member or founding member of criminal group or on the direction of or on behalf of such criminal group[20]. The Act alsodefines serious offence[21] for the provision on organized crime under the following grounds;

a. Offence producing a punishment of more than 3 years imprisonment in accordance with law in force,

[18] Available at www.law.jrank.org/pages/1624/organizedcrime, accessed on 4th Feb,2019.

[19] Sec 3(1), Organized Crime Prevention Act, 2070

[20] Chapter-3,Section 3(2) Organized Crime Prevention Act, 2070

[21] Section 3(3) Organized Crime Prevention Act, 2070

b. Any offences as referred in Chapter 3(mentioned above), and
c. Offence taken as corruption or money laundering or financial investment in terrorist activities in accordance with law in force.

No person shall assist knowingly or unknowingly a criminal group to commit organized crime or participate or assist in the activities of such group or provide the facilities of communication media or financial support or any tools or shelter or hide an offender or support criminal group to escape[22].

Case laws

- नेपाल सरकार विरुद्ध सूर्यबहादुर पुन, ने.का.प. २०६९, अङ्क ३, निर्णय नं:८७८४

मुद्दा :– गैँडा मारी खाग बिक्री।

संगठित अपराधमा संलग्न प्रतिवादीहरूको कसूरलाई कुनै एउटा एक्लो वारदात वा घटनासँग मात्र जोडी निरपेक्ष ढंगबाट हेर्नु भन्दा सो वारदातबाट प्रतिवादीहरूले हासिल गर्न चाहेको निहीत उद्देश्य वा सो वारदातको दूरगामी असरलाई हेर्नु न्यायिक दृष्टिकोणबाट उपयुक्त वा वाञ्छनीय हुने।

- नेपाल सरकार विरुद्ध दुर्गा उप्रेती, ने.का.प. २०६७, अङ्क **२,** निर्णय नं: ८३२१

मुद्दा : ठगी।

सँगठित अपराधको प्रकृति सामान्य अपराध भन्दा पृथक हुन्छ। अपराधका यी दुवै प्रकृतिलाई एउटै दृष्टिले हेर्न सकिन्न। वृहत्त योजना र विस्तारित तैयारीका साथ सम्पन्न हुन सँगठित अपराधमा धेरै व्यक्तिको वेग्ला वेग्लै भूमिका हुन्छ। पृथक–पृथक व्यक्तिको फरक–फरक कार्यले एउटा सँगठित अपराध सम्पन्न हुन्छ। तसर्थ, प्रत्येक प्रतिवादीको सम्पन्न अपराधमा संलग्नतालाई प्रमाणको आधारमा पुष्टि हुने वा नहुने कुरा निर्धारण गर्नुपर्ने।

- नेपाल सरकार विरूद्ध सञ्जयकुमार पोद्दार, ने.का.प **२०७४,** अङ्क **१०,** निर्णय नं: ९८९०

मुद्दाः अपहरण तथा कर्तव्य ज्यान।

दुई वा दुईभन्दा बढी व्यक्ति मिली वा संगठितरूपमा कुनै व्यक्तिलाई अपहरण गरेको वा शरीर बन्धक लिएको भए सो काममा संलग्न सबै व्यक्तिलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलबमोजिम

[22] Section 3(4), Organized Crime Prevention Act, 2070

हुने सजायमा दुई वर्ष थप गरी सजाय गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेकोले अपहरण गर्ने तथा शरीर बन्धक लिने कसुर एकभन्दा बढी व्यक्ति मिलेर गरेको वा संगठितरूपमा गरेको अवस्थामा अन्य सजायको अतिरिक्त थप २ वर्ष कैद हुने देखिन्छ ।

- नेपाल सरकार विरूद्ध प्रभु नाउँ, ने.का.प **२०७३** , अङ्क **१०,** निर्णय नं. ९७०४

मुद्दाः लागु औषध खैरो हिरोइन ।

लागु औषधको प्रकृति, बरामद भएको परिमाण तथा भारतबाट ल्याई नेपालमा बिक्री वितरण गर्ने उद्देश्यले संगठित भई ४ जनाको समूह बनाई योजनाबद्धरूपमा गरेको कसुरको मात्राहरूलाई विचार गरी ऐनको दफा १४ को उपदफा (१) को खण्ड (छ) को उपखण्ड (३) बमोजिम पुनरावेदक प्रतिवादीहरूलाई जनही १७ वर्ष कैद र जनही रू.२१,००,०००।– जरिवाना हुने देखिन्छ

CHAPTER-FOUR

4. Analysis and Conclusion

The difficulty in clearly defining the concept of organized crime comes from the ambiguity of the term organized. Since organized crime is a highly complex and widespread phenomenon, which is continuously evolving, both in forms and features, legal science, but neither practice have yet managed to have a unique and common definition, which would be accepted by all. For example, how organized does a criminal outfit need to be to be considered an agent of organized crime? Most people who have studied the phenomenon agree that, at the very least, an organized-crime group has to maintain a clear hierarchy among its members and function according to a set of enforceable rules and regulations. A city gang, therefore, which temporarily groups a few youths involved in illegal activities, does not constitute organized crime. Common behaviors among organized crime groups have been within a global magnitude. These organizations have engaged in enterprises, which include various criminal acts. They specialize in money laundering, drug trafficking, blackmail, gambling, extortion, political corruption, and loan-sharking. It seems if these individuals are permitted to silence witnesses, murder, and blackmail; extort, etc., law enforcement will constantly have difficulty in apprehending

said persons or any kind of conviction regarding their actions and-or behavior (Lyman and Potter, 2007).

The primary goal of organized crime is economic profit. Organized crime does not traditionally espouse and fight for a particular political ideology. Thus, terrorist organizations like Hamas and al-Qaeda are not usually considered organized-crime groups, even if they are well organized and engage in illegal activities. Organized-crime groups may acquire political power to ensure prosperity for their members, but they do not generally perceive political power as a goal in itself. Organized-crime groups have a limited, highly specialized membership and are characterized by a carefully thought-out division of labor. As in any legal business enterprise, every member knows his or her place in the organization and will undertake specific duties on a regular basis. Unlike legal businesses, however, organized crime shows a willingness to resort to violence and bribery to achieve its goals. The continued existence of an organized-crime group does not rely on specific individuals. In other words, in this kind of a group, everybody is replaceable. Even if the leader of the outfit dies or goes to jail, the organization is designed to promptly find somebody to take over. Organized crime, therefore, is characterized by permanency, as much as by its economic priorities, lack of political ideology, hierarchy, and specialization.

"Hierarchical structures" seems to refer to the kind of groups that emerge in low-governance areas around the world, which have an institutional identity of their own and typically engage in a wide range of criminal activities in the territories they control (i.e. "the mafia" and similar structures). The "loose networks" may be a reference to the mutable commercial ties between buyers and sellers of contraband in illicit markets around the world. Human beings seem to have a natural tendency to self-organize, and do so spontaneously when no higher authority provides order. People and activities that the state fails to regulate tend to fall under the control of local actors, who then vigorously defend this power from reacquisition by the state. Without the formal apparatus of government and access to the courts, local strong men are compelled to settle disputes with violence, or at least the credible threat of violence. These strong men, and the organizations they build, constitute the hierarchical groups most commonly associated with "organized crime" in the public imagination. Concrete examples include the various mafia organizations in Italy; the American ethnic mafias (Italian, Irish, Jewish, Polish and others); the Yakuza of Japan; the Triads of Hong Kong and the Tongs of Chinatowns worldwide; the favela gangs of Brazil; some street gangs in the United States, Central America and the Cape Flats of

South Africa; and many others. This form of organized crime grows in geographic areas and communities that the state has neglected, such as slums and new immigrant neighbourhoods. Socially excluded communities frequently respond to the lack of opportunity by creating their own sources of credit, job access and security. Unregulated, these schemes can devolve into loan sharking, labour racketeering and protection rackets. What began as the efforts of a marginalized community to protect and provide for itself can transform over time into a source of predation, threatening their own community and the society at large. Similarly, where the state forbids goods and services for which there is nonetheless strong demand (for example, drugs, gambling and prostitution), selfappointed authorities can assume a regulatory role. Distribution centres are often located in marginal areas, and organized crime groups have strong incentives to keep these areas marginal. In order to secure the loyalty of the local population, they may offer a range of community services, providing support for people not sufficiently served by the state. But however beneficent they may appear locally, they remain violent criminals, enriching themselves through antisocial activities, and ultimately accountable only to themselves. These territorial organized crime groups have been known by different names around the world, and some of the currently active groups have existed for generations. As longstanding organizations, they have been essentially conservative, usually hierarchical, and often clannish. Their concerns have been chiefly local, providing for and exploiting their parent communities, while combating rival groups and the state. They tend to be engaged in multiple criminal activities in their territories, rather than specializing in a particular commodity or service.

BIBLIOGRAPHY

Cyrille Fijnaut and Letizia Paoli, Organized Crime in Europe, (Concpets, Pattens and Control Policies in the Europian Union and Beyond),

D R Wade, The Conclusion that a Sinister Conspiracy of Foreign Origin Controls Organized Crime

Halili, Ragip, Criminology

Hysi, Vasilika, Introduction to Criminology and Penology

Jones and Bratlett, An introduction to organized crime

Levinson, David, Encyclopedia of Crime and Punishment,

Organized Crime Prevention Act, 2070

S P Borgatti and P Foster , The Network Paradigm in Organizational Research: A Review and Typology Xhevdet Halili, Meaning and general features of organized crime with a particular focus on Kosovo

www.law.jrank.org/pages/1624/organizedcrime

http://federicovarese.com/sites/default/files/Varese%202017%20Redefining%20Organised%20Crime%2003.pdf

http://www.answers.com/topic/organized-crime)

कार्यपत्र : ९, संगठित अपराधको अभियोजनमा सरकारी वकीलका चुनौती र समाधानका उपाय

बालकृष्ण वाग्ले
जिल्ला न्यायाधिवक्ता

१. बिषय प्रबेशः

संगठित अपराधको अवधारणाले फौजदारी विधिशास्त्रमा प्रवेश पाएको धेरै लामो समय भएको छैन । खासगरी सन् १९७० को दशक पछी यस सम्बन्धी अवधारणालाई फौजदारी विधिशास्त्रमा विशेष स्थान प्रदान गरी यसका विभिन्न अवयबहरुको बारेमा चर्चा र छलफल अगाडी बढाईएको हो । अन्य परम्परागत अपराधको तुलनामा यस किसिमको अपराधको उद्धेश्य, शैली, संगठन संरचना, अपराधको तौरतरिका (Modus operandi) प्रभाव, प्रकार र प्रविधि जस्ता विभिन्न कारणले यस किसिमका अपराधले विश्वका विकशित एबं विकाशोन्मुक सवै किसिमका राष्ट्रहरुलाई एउटा चुनौती सिर्जना गरिदिएको छ। विज्ञान र प्रविधिको विकाश संगै विकशित विश्वव्यापीकरणको प्रभाव र असर समेतले संगठित अपराधको विकाश र विस्तारमा मलजल पुऱ्याएको छ। आपराधिक संगठनहरुको स्थापना र संञ्जाल निर्माणको कारणले अपराधीहरु एउटा क्षेत्राधिकार(jurisdiction) बाट सहज रुपमा अर्को क्षेत्राधिकारमा स्थानातन्तरण हुने प्रकृयाले संगठित अपराधको जालो विस्तारित हुदै एकदेशीय समस्या मात्रै नभई क्षेत्रीय, अन्तरदेशिय तथा अन्तराष्ट्रिय चासो र सरोकाराको विषय बन्दै गईरहेको छ। जसको फलस्वरुप फौजदारी न्याय प्रणालीलाई मात्रै नभएर संगठित आपराधिक समूहको गतिशिलता र प्रभावको कारण संगठित अपराध आज विश्व समुदायको लागि ठूलो चुनौतीको विषय समेत बन्न गएको छ।

अपराधको प्रभावकारी अनुसन्धान र अभियोजन कानूनी राज्यको लागि महत्वपुर्ण आधारशिला हो। अपराध अनुसन्धान तथा अभियोजन प्रभावकारी नभएमा राज्यले आफ्नो अभिष्ठ पुरा गर्न सक्दैन। यसको लागि उपयुक्त कानूनी व्यवस्था एक शर्त हो तर कानूनी व्यवस्था भएर मात्रै अपराधको रोकथाम र न्यूनिकरण सम्भव हुदैन। कानूनको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संस्थागत प्रबन्ध तथा दक्ष र ईमान्दार जनशक्तिको उत्तिकै आवश्यक्ता रहन्छ। अभियोजनको कार्य राज्यको महत्वपुर्ण र आफैमा चुनौतीपुर्ण कार्य समेत हो । यसको आधारमा फौजदारी न्यायिक प्रक्रिया प्रारम्भहुने र अभियोजन गरिएको व्यक्तिलाई दोषी वा निर्दोष के भनी निर्क्योल गरिने भएकोले यो कार्य अत्यान्त संवेनशील र होशियारीपुर्वक गर्नु पर्ने हुन्छ। संगठित अपराध आफैमा एक जटिल किसिमको अपराध भएको र यसको अनुसन्धान र अभियोजनका सन्दर्भहरुमा अन्य परम्परागत अपराधमा भन्दा भिन्न शैली, पद्दती र प्रकृया अवलम्वन र अनुशरण गरिने भएकोले सरकारी वकिलले अभियोजन गर्दा विशेष ध्यान र सतर्कता अपनाउनु पर्ने हुन्छ। नेपालको सन्दर्भमा हाल पछिल्ला दिनहरुमा संगठित रुपमा गरिने अपराधिक क्रियाकलापमा वृद्धि हुंदै गईरहेको , यसको संगठन र सञ्जाल विस्तार भएको र संगठित रुपमा केही घटनाहरु भईरहेको अवस्था एबं अन्तरराष्ट्रिय दायित्व र प्रतिबद्धता समेतलाई पुरा गर्ने हिसावले संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धीलाई ११ डिसेम्वर २००२ मा हस्ताक्षर गरी पक्ष राष्ट्रको दायित्व अन्तर्गत राष्ट्रिय कानूनको रुपमा शुरुमा अध्यादेश[1] मार्फत र पछी ऐनकै रुपमा संगठित अपराध निवारण ऐन, २०७० जारी भई कार्यान्वयनमा आएको छ[2]। ऐन कार्यान्वयनमा आएको ५-६ बर्षको दौरानमा संगठित अपराधमा अभियोजन भएका मुद्धाको छुटै तथांकिय अभिलेख नभएता पनि संगठित अपराध निवारण ऐन अनुसार मुद्दाको अनुसन्धान र अभियोजन हुने गरेको सन्दर्भमा संगठित अपराधको अवधारणा, संयुक्त राष्ट्रसंघको महासन्धीका व्यवस्था र हाम्रो कानूनी व्यवस्था एबं कानूनी व्यवस्था वमोजिम अनुसन्धान तथा अभियोजनमा सरकारी वकिलले भोग्नु परेका समस्या र चुनौती एवं तिनका समाधानका विषयमा प्रस्तुत कार्यपत्रमा चर्चा गर्ने प्रयास गरिएको छ।

[1] संगठित अपराध निवारण अध्यादेश २०६९ मिति २०६९।११।४ मा जारी भएको।

[2] संगठित अपराध निवारण ऐन, २०७० २०७०।१२।१२ मा नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा रहेको।

२.संगठित अपराधको अर्थ र अवधारणा:

संगठित अपराध केहो र यसको अवधारणालाई कसरी बुझ्ने भन्ने सम्वन्धमा विश्वव्यापी रुपमा सर्व स्वीकार्य र एकिकृत मान्यता र परिभाषा छैन । संगठित अपराधलाई परिभाषा गर्न नसक्नु यस अपराधको गतिशिल प्रकृति पनि एक मुख्य कारण हो । खास गरी के कस्ता आपराधिक गतिविधि आपराधिक समूहबाट के कसरी संञ्चालन हुन्छन? यसको संगठन संरचना कस्तो छ? , कार्यशैली, उद्देश्य, तथा चरित्र कस्तो प्रकृतीको छ ? भन्ने जस्ता आधारमा कुनै पनि अपराध संगठित हो वा होईन भनी विश्लेषण गर्नु पर्ने हुन्छ। यस सम्वन्धमा विधिशास्त्री Cowling को भनाई विशेष मननिय देखिन्छ। उनका अनुसार The fact that organized crime and criminal gangs by their nature are difficult to define, contributes to the absence of universally accepted definition ...। संगठित अपराध सम्वद्ध अपराध (Predicated offence) संग जोडिएर आउने हुंदा कुनै अमूक कसूर संगठित अपराध हो वा होईन भन्नको लागि त्यस्तो अपराधको विशेषता, गिरोह, स्वरुप, अपराध गर्ने तौर तरिका (Modus operandi), अपराधीहरुको संख्यात्मक उपस्थिति तथा अपराध गर्ने उद्देश्य आदिका आधारमा पहिचान गर्नु पर्ने हुन्छ। सामान्य अर्थमा संगठित अपराधलाई दुई भन्दा बढी अपराधीले संयुक्त रुपमा व्यवस्थित तरिका अपनाई गरिने अपराधिक कार्यको रुपमा बुझिन्छ जंहा संगठित सदस्यहरुले आपसी सहयोग र सहकार्यमा गैरकानूनी कार्य गर्दछन। संगठित अपराधको अर्थ र अवधारणालाई २ बटा दृष्टिकोण बाट बुझ्न सकिन्छ। पहिलो दृष्टिकोण हो कर्तालाई आधार लिएर परिभाषा गरिने दृष्टिकोण। (Who centric approach) यसमा अपराधमा को संलग्न छ वा हुन्छन, कस्ले अपराध गर्यो भनी हेरिन्छ। दोस्रो दृष्टिकोण भनेको कार्यलाई आधार लिएर परिभाषा गरिने दृष्टिकोण। (What centric approach) जँहा के गरियो? कुन कार्य भयो र कार्यको प्रकृति कस्तो हो भनी हेरिन्छ र यसका आधारमा संगठित अपराधलाई बुझ्ने प्रयास गरिन्छ।

पहिलो दृष्टिकोणबाट हेर्दा संगठित अपराध अपराधिक पृष्ठभूमी भएका ३ भन्दा बढी व्यक्तिहरुको संगठन हो जसले संगठित र योजनाबद्ध रुपमा गम्भिर अपराधहरु गर्दछन। यसमा समूहको उपस्थित हुन्छ त्यस्तो समूह आपराधिक क्रियाकलाप संञ्चालनको लागि स्थापना हुन्छ। योजनाबद्द रुपमा गम्भिर प्रकृतिका घटनाहरु समूह वा समूहको तर्फबाट गरिन्छ। Donald Taft[3]ले संगठित अपराध प्रति प्रतिकृया दिदै यसलाई अपराधिहरुको संगठनको रुपमा लिएका छन । जसले सामान्य आर्थिक, सामाजिक र राजनैतिक जीवनमा प्रभावकारी मानिने नेतृत्वशिप, अनुशासन, आज्ञाकारीता, वफादारिता, कार्य विभाजन, सहयोग, वलिदान, सहकार्य र सामूहिक योजना जस्ता तत्वहरु अपराधिक जगतमा प्रयोग गर्दछन भन्दै संगठित अपराधमा आवद्द व्यक्तिहरुको विशेपता र भूमिकका बाट संगठित अपराधलाई प्रष्टाउने कोशीस गरेका छन। त्यसै गरी Hbadinsky ले संगठित अपराधलाई आपराधिक समूहले गर्ने गैरकानूनी गतिबिधिका रुपमा परिभाषित गर्दै संगठित अपराध भित्र ६ वटा कुराहरु हुन्छन भनी संगठित अपराधलाई कर्ता भन्दा कार्यबाट पहिचान गर्न सकिने वताएका छन [4]। सैद्धान्तिक रुपले प्रभावित नभएको, (Non ideological) आपराधिक गतिविधि, (Criminality) पदसोपान सहित (श्रेणीबद्द् रुपमा) संगठित दक्ष जनशक्ति (पेशागत दक्षता) र क्षेत्र कार्यविभाजन सहित संगठित, निश्चित नियमानुसार संञ्चालित आपराधिक गतिबिधि, स्वेच्छाचारी वा एकलौटी रुपमा गरिने अपराध, पेशेवर अपराधीलाई सदस्य बनाउने प्रवृत्ती वा प्रक्रिया भनी उल्लेख गरेका छन ।

पारिवारिक आपराधिक संञ्जालको रुपबाट विकशित हुंदै आएको संगठित अपराध सन् १९९० को दशक पछि विश्वव्यापीकरणको लहर संगै वस्तु र सेवाको क्षेत्रमा भएको बिविधिकरण तथा विस्तार र यसले पारेको प्रभाव समेतका आधारमा बढी मुनाफा केन्द्रित क्षेत्र प्रति आकर्षित हुदै त्यही क्षेत्र संग सम्वन्धित कसुरमा केन्द्रित रहेको देखिन्छ। खास गरी लागू औषधको कारोवार, अवैध हातहतियारको ओसार पोसार, मानव वेचविखन, भ्रष्टाचार, सम्पती शुद्दिकरण, तस्करी, आंतकबाद जस्ता आपाराधिक कार्य संगठित समूहबाट हुने गरेको पाईएको छ। एक तथांङ अनुसार संगठित अपराधबाट बार्षिक १० खर्व अमेरिकी डलर बरावरको आम्दानी हुने गरेको अनुमान छ [5]। संगठित आपराधिक समूहबाट हुने यस किसिमका अपराध योजनाबद्द ढंगले

[3] Donald Taft: Criminology.(4th ed), p.183 Quated from:Prof. N.V.Paranjape, Criminology and penology with Victiomology.(5th ed) central Law publication,Allababas,2011,p.111

[4] Haward Abadninsky. Organized Crime.(2003) Thomson Wordsworth,P.4

[5] संगठित अपराध एक परिचय (२०६८) राष्ट्रिय न्यायिक प्रतिष्ठान हरिहरभवन काठमाडौं ।

संगठित रुपमा गरिने, कुनै एक ठाउंमा बसी अर्को ठाउंमा घटना घटाउने र अर्को देशमा गई लुक्ने र यसको प्रभाव र असर कुनै एक क्षेत्र वा राष्ट्रमा मात्र सिमित नहुने भएकोले यसलाई Transnational र Cross Boarder Crime पनि भनिन्छ। ईन्टरपोलले सन् १९९८ मा गरेको एउटा परिभाषामा संगठित अपराध भन्नाले राष्ट्रिय सिमाको वास्ता नगरी आर्थिक लाभ प्राप्त गर्ने उदेश्यले निरन्तर रुपमा गैरकानूनी कार्यमा संलग्न रहने कुनै संगठन वा व्यक्तिहरुको समूह हो भनी संगठित अपराध Cross Boarder प्रकृतिको हुन्छ भन्ने कुरालाई थप प्रष्ट पारेको छ। आपराधिक कार्य संञ्चालनका लागि उनीहरुले आफ्नो संगठनलाई जसरी व्यवसायिक प्रतिष्ठानहरुले आफ्नो संरचना विकाश गरेका हुन्छन ठीक त्यही रुपमा संगठित आपराधिक समूहले Enterprise model मा आफ्नो संगठनलाई परिणत गरिरहेको देखिएको छ। यस क्रममा विभिन्न आपराधिक समूहहरु एक आपसमा सम्वन्ध बनाई सहकार्य (alliance) गर्ने, आपसी सहयोग र मिलेमतोमा विभिन्न घटनाहरु घटाउने, एक मुलुकबाट अर्को मुलुकमा गई बस्ने लुक्ने गरी आफ्नो संगठनलाई बढी जटिल वनाई रहेका हुन्छन । संगठित आपराधिक समूहको कार्य गर्ने सिमा असिमित बन्दै गएको र तिनिहरु एक आपसमा प्रतिस्पर्धा भन्दा पनि मिलेर संञ्जालको निर्माण गरी काम गर्ने ईच्छा र क्षमता राख्ने भएकोले यसको मुख्य प्रभाव देशको आर्थिक सामाजिक क्षेत्र र कानून कार्यान्वयनमा परेको पाईन्छ जसले गर्दा संगठित अपराधिक समूहबाट भएको घटनाको वास्तविकता पत्ता लगाउन र आपराधिक समूहको पहिचान गरी तिनिहरुबाट भएको संगठित अपराधको वस्तुनिष्ट अनुसन्धान र अभियोजन गर्ने कार्यमा समेत कठिनाई भएको छ।

सन् २००३ देखि कार्यान्वयनमा आएको अन्तरदेशिय संगठित अपराध विरुद्दको संयुक्त राष्ट्संघिय महासन्धी २००४ ले सम्भवत संगठित अपराधको उल्लेखित अबधारणा र यसको परिवर्तनशिल प्रवृती र स्वरुपका कारण संगठित अपराधको परिभाषा नगरी संगठित अपराधिक समूहको परिभाषा गरेको देखिन्छ। जस अनुसार संगठित अपराधिक समूह भन्नाले तीन वा सो भन्दा बढी व्यक्तिहरुको संरचनामा आधारित समूह जसले केही निश्चित समयको लागि एक वा सो भन्दा बढी गम्भिर अपराध गर्ने उद्धेश्यले सामूहिक रुपमा कार्य गर्दछन जस्को प्रत्यक्ष र परोक्ष लक्ष्य वा उदेश्य भनेको आर्थिक फाईदा वा मुनाफा रहेको हुन्छ भनी भनेको छ । (Organized Criminal group shall mean a structured group of three or more persons, existing for a period of time and acting in concert with the aim of committing one or more serious crimes or offences, established in accordance with this convention, in order to obtain, directly or indirectly a financial or other materials benefit.[6]) महासन्धिले गम्भिर कसूरको रुपमा चार बर्ष वा सो भन्दा बढीको सजाय हुने कसूरलाई समावेश गरेको देखिन्छ।

संगठित अपराधको सम्वन्धमा उल्लेखित विद्वानका धारणा तथा संयुक्त राष्ट्रसंघीय महासन्धिको परिभाषा समेतका आधारमा संगठित अपराध भन्नाले संगठित अपराधिक समूहबाट गरिने गम्भिर अपराध हो। जुन प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आर्थिक वा भौतिक फाईदाका वा प्राप्तिको लागि गरिन्छ ।यस अपराधलाई आर्थिक क्रियाकलापको आधारमा अपराध उधोग (Crime – enterprise) को रुपमा पनि लिने गरिन्छ। संगठित अपराध योजना, तयारी संगठन संजाल, प्रयाप्त श्रोत साधन सहित धेरै व्यक्तिहरु मिलि श्रृंखलाबद्द रुपमा गरिन्छ। आर्थिक लाभ मुख्य उदेश्य भए पनि प्रसिद्धि हासिल गर्ने, समाजलाई आतंकित पार्ने, सामूहिक वदला लिने हिसावले पनि यस किसिमका अपराध हुने गरेको हुन्छ।

३. संगठित अपराधका आधारभूत विशेषताहरु:

संगठित अपराध कुनै छुटै स्वतन्त्र आपराधिक कार्य नभई विद्यमान अपराधको श्रृखलामा परम्परागत वा सामान्य अपराध भन्दा छुट्टै ढंगवाट गरिने आपराधिक कार्य हो। बिद्यमान फौजदारी कानूनले आपराधिकरण गरेको कुनै सम्वद्ध अपराध संगठित ढंगबाट संगठित अपराधिक समूहबाट भएको खण्डमा त्यस्तो अपराधमा संलग्न व्यक्तिको समूह, अपराधको प्रवृत्ती उद्धेश्य संञ्जाल जस्ता पक्षका आधारमा अपराध संगठित हुन पुग्दछ। संगठित अपराधिक समूहबाट गरिने अपराध र व्यक्तिगत रुपमा गरिने अपराधलाई हेर्ने हो भने अपराध विशेषको दृष्टिकोणबाट दुवैमा खास भिन्नता हुदैन। फौजदारी कानूनको दृष्टिकोणबाट दुवै समान अपराध मानिन्छ तर अपराध गर्ने कार्यशैली, संगठन संञ्जाल, सहभागीहरुको संख्यात्मक उपस्थितिको कारणबाट कानून कार्यान्वयनको दृष्टिकोणबाट संगठित अपराधलाई बढी गहन, संवेदनशिल र जटिल अपराधको रुपमा लिने गरिन्छ। संगठित अपराधलाई

[6] United Nations convention against Transnational Organized Crime.(2000). Article 2(a)

आपराधिक उद्देश्य. अपराधको प्रकृति, यसको विस्तारित क्षेत्र संञ्जाल, आपरधिक प्रवृति, संख्यात्मक आधार, संरक्षक तथा सहयोगी समूह लगायतका पक्षहरुबाट अन्य अपराध भन्दा पृथक गर्ने गरिन्छ। यिनै पक्षहरुको आधारमा संगठित अपराधलाई विशेष वा थप सजायको व्यबस्था गरिएको हुन्छ । संगठित अपराधको विशेषताका सम्वन्धमा बिभिन्न अन्तराष्ट्रिय संस्था र विद्धानहरुले विभिन्न विशेषताको वारेमा बर्णन गरेको पाईन्छ। मूलत: संगठित अपराधको प्रकृतिका आधारमा यसका विशेषताहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

१.सैद्धान्तिक रुपमा प्रभावित नभएको (Has no political goal; Non ideological) संगठित अपराधमा संलग्न अपराधिक समूह कुनै निश्चित राजनैतिक दर्शन वा विचारबाट निर्देशित हुंदैनन। यिनिहरुको उद्देश्य राजनीतिक फाईदाको लागि पनि हुँदैन । तर आफ्नो संगठनको सुरक्षा वा गतिविधिको संरक्षणको लागि राजनैतिक पार्टी वा दल संग नजिक भई वा राजनैतिक दल वा संगठनको साहारा वा सहयोग वा समर्थन लिई आफ्नो अभिष्ट भने पुरा गर्न सक्दछन।

२. पदसोपान पद्दतीमा आधारित संगठन संरचना (Is hierarchical/ highly organized) संगठित अपराधमा संलग्न व्यक्तिहरुले आफ्नो संगठन निर्माण र विस्तार गर्दा पदसोपान पद्दतीमा आधारित हुन्छ। तहगत संरचना खडा गरी आपराधिक कार्यहरु गर्दछन। संगठनको नेतृत्व, सहयोगी, संरक्षक वा आपराधिक समूह गरी विभिन्न तह र सिपयुक्त जनशक्तिको आवद्धता यसमा रहन्छ। अपराधिक गतिविधिकै लागि संगठन तयार गरिएको हुनाले यिनिहरु अत्यानै संगठित भई काम गर्दछन।

३. केन्द्रिकृत नेतृत्व (Centralized authority) संगठनको गतिविधि संञ्चालन गर्दा होस वा अन्य कुनै काम गर्दा होस संगठनको नेतृत्वको आदेश वा निर्देशन अनुसार उनीहरु परिचालित हुन्छ। नेतृत्व तहमा कम र तल्लो तहमा (कार्यगत तहमा) बढी जनशक्ति हुने र माथिल्लो अधिकारीको आदेश र निर्देशनमा यिनिहरुले आफ्नो गतिविधि संञ्चालन गर्दछन। केन्द्रिय नेतृत्वको आदेश वा निर्देशन हरेक सदस्यले प्रयोग र पालाना गर्दछन।

४. समित र गोप्य सदस्यता (Has a limited or exclusive membership).यसका सदस्य गोप्य र सिमित हुन्छन। कठिन परिक्षण गरे पछी मात्र संगठनमा सदस्यलाई आवद्धता दिईन्छ। संगठनमा प्रवेश गरे पछी संगठनको अस्तित्व रहे सम्म वा जीवन रहे सम्म सोबाट उन्मुक्ति पाउने सम्भावाना निक्कै कम हुन्छ। विगतको आपराधिक पृष्ठभूमी, संगठन प्रतिको ईमानदारीता र बफादारीता तथा सिप, दक्षता, कार्यकैशलताको परिक्षणबाट मात्र संगठनमा निजहरुलाई प्रवेश दिईन्छ।

५. **संगठनको आफ्नै विशिष्ट कार्य संस्कृति** (Constitutes a unique subculture) संगठित अपराधमा संलग्न व्यक्तिहरुले आफ्नो विशिष्ट कार्य संस्कृति निर्माण गरेका हुन्छन। सदस्यहरुको पहिचानको लागि होस वा काम गर्दा प्रयोग गर्ने भाषा वा काम गर्ने शैली यिनिहरुको आफ्नै तर मौलिक हुन्छ। सदस्यहरुका विचमा गरिने व्यबहार वा अन्य वाहिरी जगतसंग गरिने व्यवहारका लागि निजहरुले एक किसिमको कार्य संस्कृती र अनुशासन र आचरणको व्यवस्थावाट आफूहरुलाई निर्देशित गर्ने किसिमबाट काम गर्दछन।

६. राजनीति प्रशासन र न्यायालय तथा संञ्चार क्षेत्रका व्यक्तिहरुलाई प्रयोग र प्रभाव (Influence on politics, public administration, the judiciary, and the media (corruption); संगठित अपराधिक समूहले भ्रष्ट राजनितिज्ञ, प्रशासक, न्यायालय देखि मिडिया सम्मलाई आफ्नो अभिष्ट पुरा गर्नको निमित्त विभिन्न माध्यमबाट प्रभावित गर्ने, सहयोग लिने, दिने र त्यसको आडमा आफ्ना गतिविधि संञ्चालन गर्ने गर्दछन। यसका लागि यिनीहरुले ति क्षेत्रका भ्रष्ट छवी भएका व्यक्तिहरुलाई हातमा लिने सम्वन्धित क्षेत्रका सूचना र जानकारी प्राप्त गर्ने र आफ्नो वचाउको लागि आवश्यक परे निजहरुलाई नै प्रयोग गर्ने गर्दछन।

७. सम्पत्ति शुद्धिकरण को लागि गरिने कार्यहरु (Money laundering activity) संगठित अपराध आर्थिक मुनाफाका लागि गरिने अपराध भएको र यस बाट आर्जन गरिएको सम्पत्तिलाई बैध बनाउन यसमा संलग्न व्यक्तिहरुले विभिन्न माध्यमबाट सम्पत्ती शुद्दीकरणका गर्न रकम लगानी गर्ने र त्यसलाई परिचालन गरी अवैध आम्दानीलाई बैध बनाउने गर्दछन् यसका लागि विभिन्न व्यापार व्यवसाय, बैकिङ उधोगधन्दा आदी जस्ता क्रियाकलापमा यिनिहरुको लगानी रहन्छ।

८. गैरकानूनी कार्यमा मात्र सिमितता नहुने (Non confined in Illegal activities) संगठित अपराधमा संलग्न व्यक्तिहरुको गतिबिधि भनेको मूल रुपमा गैरकानूनी कार्य गर्नेकै लागि हो तर गैरकानूनी कार्यका अतिरिक्त यिनिहरुका कतिपय गतिविधि वा

कारोवार कानून संम्मत ढंगले पनि संञ्चालन गर्दछन । समाजमा आफ्नो प्रभुत्व र प्रभाव देखाउन र आफ्ना गतिबिधि कानून सम्मत छन भन्ने देखाउन र गैरकानूनी आर्जनलाई बैध बनाउन समेत यिनिहरुले कानून वमोजिमका कार्यहरुमा लगानी गर्ने त्यसको सदस्यता लिने समाज सेवा वा राजनैतिक, धार्मिक तथा सामाजिक र परोपकारी संस्था संग आवद्ध भई त्यसमा समेत आफूलाई समर्पित भएको देखाउने कार्य समेत गर्दछन जसबाट यस्ता क्रियाकलापमा संग्लग्न व्यक्तिको वास्तविक रुप छट्टाउन समेत गाह्रो हुन्छ।

९. **व्यवसायिक संगठन जस्तो संरचना** (Business-like structure.) संगठित अपराधमा संग्लग्न समूहले आफ्नो संगठनलाई एउटा सफल र व्यवसायिक संगठनले जसरी संञ्चालन गर्दछन। अत्यान्तै व्यवस्थित कार्यप्रणाली, आफ्नो काम कारोवारको योजना, तयारी, संगठन कार्यविभाजन, विज्ञ र सल्लाहाकारको नियुक्ति लगायत एउटा व्यवसायिक कामको लागि आवश्यक पर्ने सम्पुर्ण पुर्वाधार जनशक्ति र संरचना तयार गरी सो मार्फत आफ्ना काम कारवाही संञ्चालन गर्दछन।

१०.हिंसा र धम्की तथा बलको प्रयोग: (Use of violence and intimidation.) संगठित अपराधिक समूहले आफ्नो अभिष्ट पुरा गर्न बिभिन्न किसिमका हिंसात्मक कार्य तथा वलको प्रयोग गर्दछन। व्यक्ति वा संस्थालाई धम्काउने, कटपिट गर्ने, अपहरण गर्ने, ज्यान लिने देखि लिएर तिनका परिवार तथा आफन्त समेतलाई धम्की दिने काम पनि हुने गर्दछ। यस्ता व्यक्तिहरुले बिभिन्न ठाउंमा हिसात्मक कार्य गरेर, व्यक्ति तथा समाज र राष्ट्रलाई आतंकित पार्ने र सो वाट आफ्नो शक्ति देखाउने बदला लिने वा आर्थिक फाईदा लिने काम गर्दछन । हिंसा तथा वल र धम्कीपुर्ण कार्य यस्ता संगठनको मुख्य अस्त्रको रुपमा रहेको हुन्छ।

११.कार्य विशिष्टिकरण (Specialization) कार्य विशिष्टकरण संगठित अपराधिक समूहको एक महत्वपुर्ण विशेषता हो । कामको प्रकृति अनुसारका जनशक्तिको प्राप्ति, विकाश र प्रयोग मार्फत आफ्नो काम कारवाहीलाई चुस्त राख्दछन। विषयगत वा क्षेत्रगत ज्ञान भएका वा कामको प्रकृति अनुसारका जनशक्तिलाई सोही कार्यमा संलग्न गराउने कार्य हुन्छ। आफ्नो कार्यमा निपुर्ण र दक्ष जनशक्ति मार्फत निजहरुले आफ्ना गतिविधि संञ्चालन गर्दछन।

१२. निरन्तरता (Continuity) निरन्तर रुपमा आपराधिक गतिविधिमा संलग्न हुनु यो संगठनको विशेषता हो। कुनै एक वा दुई वटा घटनामा मात्र यिनिहरुको संग्लनता सिमित हुंदैन। लगातार रुपमा एक पछि अर्को अपराध श्रृंखलाबद्ध रुपमा घटाउने किसिमबाटबाट यिनिहरुले कार्य गरेका हुन्छन। कहिले काँही सुरक्षा संवेदनशिलताको हिसावले केही समय सुसुप्त रहे पनि भित्र भित्र आफ्ना गतिविधि गरिरहने र राज्य वा सुरक्षाको प्रवन्ध कमजोर रहेको अवस्थामा बढी सक्रिय रहने स्वभाव यस्ता संगठनमा देखिन्छ। संगठनको नेतृत्व कुनै कारणले अन्यथा भएमा पनि तुरुन्तै संगठनको नेतृत्व विकाश गरी सो मार्फत संगठनको काम र अस्तित्वलाई निरन्तरता दिन्छन।

१३. अनुशासन र नियन्त्रण (Employing discipline and control) संगठन प्रतिको वफादारीता र कर्तव्य परायणता संगठनमा आवद्ध सदस्यको सवै भन्दा महत्वपुर्ण गुण हो । समूहका सदस्यमा आदेशको एकात्मकता, अधिकारक्षेत्रको स्पष्टता, कामको वांडफाड तथा सो काम कारवाही सम्पन्न गर्दा बहन गर्नु पर्ने अनुशासन तथा दायित्वको संञ्चार सदस्यहरुका विचमा हुन्छ। आफ्ना हरेक सदस्यको कामको निगरानी र अनुशासनको दायरमा उनीहरुको कामको मूल्याङकन र जिम्मेवारी फेरबदल हुने भएकोले यिनिहरु अत्यान्तै अनुशासित रुपमा आफ्नो संगठनमा रहन्छन। संगठनको अनुशासन र मर्यादामा नवस्ने वा नरहनेलाई समूहबाटै आवश्यक कारवाही हुन्छ र त्यस्तो कारवाही सम्भवत हत्यामा बदलिन्छ।

१४. आफ्ना गतिविधिहरुको शिघ्र नियन्त्रण (Swift control over their activities) संगठित अपराधी समूहले आफ्ना हरेक गतिविधिहरुलाई तुरुन्तै आफ्नो नियन्त्रणमा लिन सक्ने गरी सूचना पद्धतीको विकाश गरेका हुन्छन। आफ्ना सदस्यहरु कुनै अफ्ठारोमा पर्ने सम्भावाना भएमा वा परेमा तुरुन्त रिहाई गर्न आवश्यक सवै प्रबन्ध मिलाउने,आफ्ना गोप्य योजना वा षडयन्त्रको चुहावट हुन नदिने, आफ्नो गतिविधिहरु गोप्य राख्ने,आफूहरुमाथि आक्रमण वा पकाउ पर्ने सक्ने सम्भावानाको अग्रिम जानकारी लिने र सोको सतर्कता अपनाउने,आफ्ना विरुद्धका प्रमाण वा दशी नियन्त्रणमा लिने जस्ता कार्यहरु अति शिघ्र रुपमा गर्दछन। जसले गर्दा कानून कार्यान्वयन गर्ने निकायबाट आफूहरुलाई हरदम सुरक्षित राख्न सकियोस भन्ने यिनीहरुको प्रयत्न रहन्छ।

१५. कोषको व्यबस्था (Reserved fund) संगठित अपराधमा संलग्न व्यक्तिहरुले आफ्ना सदस्य तथा निजहरु परिवारको तत्कालिन र आपतकालिन सुरक्षाका तथा भरणपोषणको लागि कोषको व्यवस्था गरेका हुन्छन। उक्त कोषको

रकमबाट आपतकालीन व्यवस्थाका अतिरिक्त कानून कार्यान्वयन गर्ने निकाय वा सोमा आवद्ध व्यक्तिलाई प्रभावित गर्ने कामको लागि लागि सो कोषको प्रयोग हुन्छ। यस्तो कोषको व्यवस्था संगठित अपराधिक क्रियाकलापबाट आर्जन मध्येकै केही अंश कटाई व्यवस्थित गरिएको हुन्छ।

यि उल्लेखित विशेषताहरु प्रायः संगठीत अपराधिक समूहका साझा विशेषताहरु हुन । यस बाहेक बिधिशास्त्री Edwin H.Sutherland ले संगठित अपराधको विशेषताका वारेमा उल्लेख गर्दै संगठित अपराधको विशेषता भनकै श्रममको विभाजन भएको, कुनै निश्चित क्षेत्रभित्र स्थापित र सकृय, आफ्नै तरिकाले नेतृत्व र श्रेणीगत विभाजन रहेको, नियतबस आपराधिक कार्यगर्ने र प्रायजसो सरकारी कर्मचारीलाई प्रभावपार्ने हुन्छन भनी उल्लेख गरेको पाईन्छ[7]। त्यसै गरी युरोपमा संगठित अपराधलाई अध्ययन गर्ने क्रममा ११ बटा साझा विशेषता संगठित अपराधमा हुने र ति मध्ये ६ वटा बिशेषता देखिए कुनै पनि संगठित आपराधिक समूहलाई संगठित अपराधको रुपमा परिषाषित गर्न सकिने सहमतीमा पुगेको देखिन्छ। ति मध्ये षडयन्त्र ,(Conspiracy) गम्भीर अपराधिक कार्य,(Serious criminal act) नाफा, र वा शक्ति प्राप्ति प्रति उत्प्रेरित (Motivation of profit and/or power) कुनैपनि अपराधिक समूहलाई संगठित अपराधको रुपमा वर्गिकृत गर्न आवश्यक तत्वको रुपमा लिनु पर्ने भन्दै अन्य वांकी विशेषता निम्न रहने उल्लेख गरिएको छ [8]।

- Influence on politics, public administration, the judiciary and the media.
- Money laundering activity.
- Business-like structure.
- Use of violence and intimidation.
- International activity.
- Speculation
- Continuity
- Employing discipline and control

४. संगठित अपराधको प्रमुख कार्यक्षेत्रः

संगठित अपराधी समूहको मुख्य उद्धेश्यनै आर्थिक लाभ भएकाले जुन क्षेत्र आर्थिक उपार्जनको लागि आकर्षक छ त्यही क्षेत्रमा उनीहरुको गतिविधि केन्द्रित रहन्छ । मूलतः व्यापारी तथा व्यवसायिक क्षेत्र यिनिहरुको मुख्य निशाना र निगरानीका क्षेत्र हुन्छन । विश्वव्यापी रुपमा संगठित अपराधिक समूहको गतिबिधिहरु निम्न क्षेत्र र कार्यमा संलग्नता रहेको देखिएको छ [9]।

मानव वेचविखन, प्रतिबन्धित सामानहरुको ओसारपोसार, वस्तु र सेवाको एकाधिकार र मिलेमतोमा कार्टेलिङ, भ्रष्टाचार, सम्पत्ती शुद्धीकरण, अपहरण तथा शरिरबन्धक , बन्यजन्तुको आखेटोपहार ओसार पोसार, विधुतिय अपराध,फिरौती असुली,

[7] Sutherland,E.(1949). White Coller Crime.New York, NY,USA: Dryden Press,p.217.Quited from डा. कुन्साङ लामा "संगठित अपराधको अबधारणा र नेपालमा संगठित अपराध सम्वन्धी कानून कार्यान्वयनको अवस्था" सरकारी वकिलको दोस्रो राष्ट्रिय सम्मेलन विशेषाङ्क (२०७५) महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं।

[8] संगठित अपराध सम्वन्धि कानूनको विशिष्टिकृत १५ दिने तालीममा प्रशिक्षण कार्यक्रममा नेपाल प्रहरीको तर्फबाट वितरण गरिएको कार्यपत्र।

[9] संगठित अपराध एक परिचय (२०६८) श्रोत सामाग्री, राष्ट्रिय न्यायीक प्रतिष्ठान, हरिहरभवन काठमाडौं।

अपहरण तथा शरिरबन्धक, बैक तथा वित्तिय क्षेत्रको घोटला, वेश्यावृत्ती, लुटपाट, धोखा, विस्फोटन, मुद्दा अपचलन तथा नक्कली मुद्राको चलन, करछली आतंकवाद आदी।

५.संगठित अपराध र नेपाल कानूनः

संगठित अपराधका गतिबिधिहरुलाई निवारण गर्ने सम्वन्धमा छुटै कानूनी व्यवस्था भएको लामो समय भएको छैन। संगठित अपराधिक समूहको गतिविधिहरुले राज्यलाई भयवित वा आतंकित पारेको वा यसले सामाजिक शान्ति सदभाव वा विकाशमा असर वा प्रभाव पारेको भन्ने जस्ता सामाजिक र राष्ट्रिय आवश्यकताको परिणाम स्वरुप संगठित अपराध निवारण ऐन, जारी भएको भन्ने अवस्था नभएता पनि विश्व परिवेश र संगठित अपराधका बढ्दा गतिविधिलाई नियन्त्रण गर्न तथा यस्ता अपराध प्रति अन्तर्राष्ट्रिय जगतसंग सहयोग, सहकार्य र समन्वयलाई टेवा पुऱ्याउने उद्धेश्यका साथ संगठित अपराध नियन्त्रणका लागि प्रथम कानूनी दस्तावेजको रुपमा मिति २०६९।११।४ मा पहिलो पटक संगठित अपराध निवारण अध्यादेश ल्याईएको थियो। यसपूर्व संगठित रुपमा गरिने केही कसूरहरुको नियन्त्रणको लागि मुलुकी ऐन, र केही विषयगत ऐनका रुपमा रहेका कानून एवं व्यबस्था जस्तै किर्ते, ठगी खोटाचलन अपहरण तथा शरीरबन्धक ला.औ. जिउमास्ने वेच्ने, मानव वेचविखन , भ्रष्टाचार, जस्ता अपराधजन्य कार्यको नियमनका लागि कानूनी व्यबस्था गरिएको र उल्लेखित कसूर मध्ये केही कसूरमा हुल वा समूहमा कसूर भएको अवस्थामा थप सजाय गर्न सकिने व्यवस्था भएको देखिन्छ । पछिल्ला समयमा नेपालमा पनि संगठित अपराधिक समूहको गतिबिधि बढ्दै गएको र केही संगठित अपराधिक समूहले नेपाललाई आश्रयस्थल बनाई गतिविधि संञ्चालन गरेको, संगठित रुपमा केही छिटपुट घटनाहरु पनि भएको, संगठित अपराधिक समूहले नेपाललाई ट्रान्जिट स्थलको रुपमा प्रयोग गर्न थालेको जस्ता कार्यहरुले यस्ता गतिविधिहरुलाई नियन्त्रण र नियमन गर्न अध्यादेशको रुपमा ल्याईएको संगठित अपराध निवारण अध्यादेश. २०६९ खारेज गर्दै मिति २०७०।१२।१२ मा संगठित अपराध नियन्त्रण ऐन, २०७० जारी भई कार्यान्वयनमा आएको छ। सर्वसाधरणको जीउ, ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ति र सु-व्यवस्था कायम गरी मुलुकमा कानून र व्यवस्था कायम गर्ने, त्यस्ता अपराधमा विशेष प्रविधि अपनाई अपराधको अनुसन्धान गरी अपराध पिडित तथा साक्षीको सुरक्षा गर्ने र सो सँग सम्बन्धित अन्य विषयमा कानूनी व्यवस्था गर्न आवश्यकता रहेको कुरा ऐनको प्रस्तावानामा उल्लेख गरिएको छ । ऐनको दफा ३(२) मा संगठित अपराधको परिभाषा गर्दे **कसैले आपराधिक समूहको लाभका लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसंग मिलेर वा आपराधिक समूहको संस्थापक वा सदस्य भई जानीजानी कुनै गम्भिर अपराध गरेमा** त्यस्तो अपराध संगठित अपराध भएको मानिने उल्लेख छ । यस परिभाषाले आपराधिक समूहबाट हुने अपराध र सो समूहको लाभको लागि गरिने गम्भिर कसूरलाई मात्र संगठित अपराध मानेको त्यस्तो कसूरमा ३ बर्ष भन्दा माथिको कैद सजाय हुनु पर्ने र कम्तिमा ३ जना वा सो भन्दा बढीको व्यक्ति वा समूहले गरेमा मात्रै संगठित अपराध हुने भन्ने देखिन्छ।

मिति २०७५ माद्र १ देखि कार्यान्वयनमा आएका मुलुकी फौजदारी अपराध संहिता तथा फौजदारी कार्यविधि संहिता पनि संगठीत रुपमा हुने अपराधिक कसूरका सम्वन्धमा केही व्यवस्था भएको देखिन्छ। अपराध संहिताको दफा ३१मा समूहबाट भएको कसूरमा सवै सदस्यलाई सजाय हुने व्यवस्था छ। यसै गरी दफा ३८ मा अपराधको गम्भिर्यता बढाउने आधार र अवस्थामा अन्य कुराहरुका अतिरिक्त ५ वा ५ भन्दा बढी व्यक्तिहरु मिलि नियोजित वा संगठित रुपमा कसूर गरेको[10] अवस्था भएमा त्यस्तो कार्यले कसूरको गम्भिर्यता बढाएको मानिने अवस्था छ। संहिताले जघन्य गम्भिर र सामान्य गरी कसूरको बर्गिकरण गरी तीन वर्ष भन्दा बढी दश वर्ष सम्मको कैद हुने कसूरलाई गम्भिर कसूर भन्दै सार्वजनिक शान्ति, नैतिकता, राज्य विरुद्ध, सार्वजनिक न्याय, हात हतियार तथा खरखजना विस्फोटक पदार्थ ज्यान, अपहरण तथा शरिर बन्धक, चोरी डांका, ठगी आपराधिक विश्वासघात तथा आपराधिक लाभ जस्ता अपराधलाई आपराधिकरण गरी सजायको व्यवस्था गरेको छ। संहिताले आपराधिकरण गरेका यी मध्ये कतिपय कसूरहरु संगठित रुपमा गरिने अपराधको कोटीमा पर्ने कसूरका रुपमा समेत

[10] मुलुकी अपराध संहिता, २०७४ दफा ३८(झ)

देखिन्छन। त्यसै गरी ३ जना भन्दा बढीको संलग्नतामा चोरी भए डांका अपराधको Modus operandi मानिने गरी गरिएको नंया व्यवस्था[11] ले संगठित रुपमा गरिने अपराधिक कार्यमा राज्य निर्मम रुपमा प्रस्तुत हुन खोजेको देखिन्छ।

यसै गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा भएका केही व्यवस्थाहरु जस्तै अनुसूची १ र २ का कसूरका सम्वन्धमा कसूरको गम्भिर्यतालाई हेरी अनुसन्धानमा विशेष टोली गठन गर्न सकिने,[12] संहिता वमोजिम कारवाही र किनारा हुने कसूर सम्वन्धी मुद्धाको कुनै अभियुक्त विदेशमा रहेकोमा पारस्परिक कानूनी सहायताको माध्यमबाट समाह्वान वा पक्राउपुर्जी तामेल गर्न गराउन सकिने[13] व्यवस्थालाई लाई यस सन्दर्भमा संगठित अपराध निवारण ऐनका विशेषता संग नजिक सम्वन्ध राख्ने कानूनी व्यवस्थाको रुपमा लिन सकिन्छ।

६. संगठित अपराध निवारण ऐनले अपराधिकरण गरेका कसूरहरुः

संगठित अपराध निवारण ऐन, २०७० ले आपराधिकरण गरेका सवै कसूरहरु आफैमा संगठित अपराध होईनन। ऐनको परिच्छेद २ मा उल्लेखित कसूरहरु मात्र संगठित अपराधको रुपमा रहेको कुरा दफा २(छ)को कानूनी व्यवस्थावाट देख्न सकिन्छ। परिच्छेद ३ अन्तर्गतका कसूर संगठित अपराध निवारण ऐन, २०७०ले आपराधिकरण गरेका कसूर भएपनी ति कसूर आफैमा संगठित कसूर नभई स्वतन्त्र तर ऐनको परिच्छेद २ ले मानेका गम्भिर कसूर हुन। यदी यि कसूरहरु आपराधिक समूहबाट समूहको लाभका लागि आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट आपराधिक समूहसंग मिलेर वा आपराधिक समूहको संस्थापक वा सदस्य भई जानीजानी गरेको अवस्था देखिन्छ भने मात्र ति अपराधहरुलाई संगठित अपराध भनी नामाकरण गर्न सकिन्छ। यस बाट कुनै अमूक नामको कसूरमा ३ जनाको समूह भई गरेको र ३ बर्ष भन्दा बढी सजाय हुने अवस्था भएको कारणले मात्र संगठित अपराध हो भनी भन्न सकिदैन। संगठित अपराध निवारण ऐन, २०७० ले आपराधिकरण गरेका कसूरहरु निम्न छनः

(क) संगठित अपराध गर्न वा गराउने कार्य दफा ३(१),

(ख) अपराधिक समूहलाई संगठित अपराध गर्न वा संगठित अपराधमा सहयोग पुऱ्याउने कुनै काम जानी जानी गरी वा नगरी सो समूहको काम कारवाहीमा सहभागी हुने, सघाउ पु-याउने, वा संञ्चार साधन वा सूचना प्रवधि उपलव्ध गराउने वा आर्थिक सहयोग गर्ने वा कुनै साधन उपलब्ध गराउने वा संगठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने लुकाउने वा भगाउने कार्य, दफा ३(४)

ग) संगठित अपराधको तयारी उधोग षडयन्त्र गर्ने वा दुरुत्साहन दिने वा मतियार हुने कार्य (दफा ४)

घ) अपराधिक समूह स्थापना गर्ने कार्य. (दफा ५)

ङ) संगठित अपराधको न्यायिक कार्यमा अवरोध पु-याउने कार्य, (दफा ६)

च) विध्वांसात्मक कार्य, (दफा ७)

छ) आपराधिक लाभ लिने कार्य, (दफा ८)

---

[11] मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ (घ) (३)

[12] मुलुकी फौजदारी कार्यविधि संहिता दफा

[13] ऐ.दफा १९१

७. सङ्गठित अपराध निवारण ऐन, २०७० का मुलभूत विशेषताहरु:

संगठित अपराध ऐनका मूलभुत व्यवस्थाहरु यस प्रकार रहेका छन।

- संगठित अपराध र सङ्गठित आपराधिक समूहको परिभाषा(दफा २ (घ) र छ)
- संगठित अपराध, सोको अपूर्ण अपराध गर्ने र कसूरमा सहभागी हुने कार्यलाई कसूर कायम गरी कठोर सजायको व्यवस्था(दफा ३(४) तथा दफा ९
- संगठित अपराधिक समूह स्थापना गर्ने, न्यायिक कारवाहीमा अवरोध गर्ने, विध्वंसात्मक कार्य गर्ने र आपराधिक लाभ एक्सटर्सन लिने कार्यलाई कसूर कायम गरी सजायको व्यवस्था। दफा ५,६,७,८,९(ग),(घ),(ङ), (च)
- संगठित अपराध सम्बन्धी कसूरको अनुसन्धान र अभियोजन सम्बन्धी विशेष व्यवस्था: थप अभियोजन गर्न सक्ने तथा अनुसन्धानमा अवरोध गर्नेलाई सजाय । दफा ११,१२ १३,१४,१५,१६,१७,१८,१९, २२,४८
- अनुसन्धान र अभियोजनमा सहयोग गर्ने कसूरदारलाई ७५ प्रतिशतसम्म सजायमा छुट दिई माग दावी लिन सक्ने। दफा २१
- मुद्दाको सुनुवाई तथा प्रमाण र प्रमाणको भार सम्बन्धी विशेष व्यवस्था परिच्छेद ६
- सुराकी उजुरीकर्ता र साक्षीको संरक्षण सम्बन्धि विशेष व्यवस्था। दफा ५३,
- यस ऐन अन्तर्गतको कसूर गर्ने लाई प्रचलित कानून वमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय हुने। दफा९ (क)
- संगठीत संस्था (कानूनी व्यक्ति)लाई सजाय हुन सक्ने व्यवस्था। दफा ४९
- बन्द ईजलास सम्वन्धी कानूनी व्यबस्था। दफा ४२
- मुद्धा सरकारवादी हुने र हदम्याद नलाग्ने दफा ५८, र ६०
- पक्राउ गर्न वा अनुसन्धानमा सहयोग गर्नेलाई जरीवानाको २०प्रतिशत वरावरको रकम पुरुस्कार स्वरुप दिईने। दफा ६०

८. संगठीत अपराधको अनुसन्धान र अभियोजन:

संगठित अपराधको अनुसन्धान र अभियोजन सम्वन्धी व्यवस्था ऐनको परिच्छेद ४ मा गरिएको छ। भ्रष्टाचार वा सम्पत्ती शुद्दिकरण सम्वन्धी अपराध वाहेकका अन्य संगठित अपराधको अनुसन्धान कम्तिमा अधिकृत स्तरको कर्मचारीबाट हुने कानूनी व्यबस्था छ[14]। संगठित अपराधको विशेषता, यसको जटिलता र कसूरको गाम्भिर्यता समेतका आधारमा यस्ता कसूरको अनुसन्धान गर्नको लागि सम्वन्धित विषयको विशेषज्ञ संलग्न रहेको विशेषज्ञ टोली गठन गर्न उपयुक्त हुने देखिएमा नेपाल सरकारले महान्यायाधिवक्ता र प्रहरी महानिरिक्षककोसँग परामर्श गरी विशेष अनुसन्धान टोली गठन गर्न सक्ने व्यवस्था रहेको छ। संगठीत अपराधको अनुसन्धान गर्न आवश्यकता अनुसार विशेष अनुसन्धान प्रविधि र विधि कन्ट्रोल डेलिभरी तथा गुप्त अनुसन्धान (अन्डरकभर अपरेशन) र यस्तै प्रकृतिका अन्य उपयुक्त पद्धतीको प्रयोग गर्न सक्ने ठाउँ ऐनले दिएको छ[15]।

---

[14] संगठित अपराध निवारण ऐन, २०७० को दफा ११

[15] ऐ. दफा १३

अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकृतले आवश्यकता अनुसार गोप्य सुराकीको प्रयोग गर्न सक्ने र त्यस्तो सुराकीको विवरण गोप्य राख्नु पर्ने व्यवस्था मिलाईएको छ।

संगठित अपराधको अनुसन्धानको सिलसिलामा प्रतिबादीको सम्पत्ती रोक्का राख्न सकिने[16]आरोपित व्यक्ति वा निजको परिवारको कुनै सदस्य वा यस्तो आरोपमा संलग्न भएको छ भन्ने विश्वास गर्नु पर्ने मनासिव कारण भएको कुनै पनि व्यक्तिको कुनै वैंक वा वित्तीय संस्थामा रहेको खाताको विवरण माग गर्ने र त्यस्तो खाता रोक्का राख्न सक्ने,[17] राहदानी रोक्का राख्न सकिने, कम्प्युटर टेलीफोन मोवाईल फोन वा संञ्चार माध्यम सम्वन्धी विवरण माग गर्न सक्ने, त्यस्ता माघ्यमबाट भएको वा हुने संञ्चार सम्पर्कलाई निस्कृय वा सम्पर्क नहुने व्यवस्था गर्न सक्ने व्यवस्था ऐनमा गरिएको छ । अपराध अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले अधिकार प्राप्त अधिकारीको अनुमती लिई वा तत्काल कसैको मृत्यु हुन सक्ने वा जीउ ज्यानमा गम्भीर चोटपटक लाग्न सक्ने सम्भावना भएमा मुलुकको राष्ट्रिय सुरक्षा वा हितमा आघात पर्ने भएमा वा सरकारी, सार्वजनिक वा निजी संरचना वा सम्पत्ति तत्काल ध्वस्त हुने वा आगजनी हुने सम्भावाना भएमा अनुमती विना पनि कुनै व्यक्तिको सञ्चार अभिलेख गर्न सक्ने [18] व्यवस्था ऐनमा गरिएको छ। संगठित अपराधको अनुसन्धानको जटिलतालाई विचार गरी यसको अनुसन्धानको लागि ६० दिनको अवधि तोकिएको छ।

संगठित अपराधको अनुसन्धान र अभियोजनको सन्दर्भलाई हेर्दा भ्रष्टचार र सम्पत्ती शुद्दीकरणका कसूर वाहेकका अन्य कसूरको अनुसन्धान र अभियोजन क्रमशः नेपाल प्रहरी र सरकारी वकिल मार्फत गरिन्छ भने सम्पती शुद्दीकरण र भ्रष्टाचारका कसूरको अनुसन्धान र अभियोजन सम्वन्धित निकायबाट हुन्छ।

संगठित अपराधको अभियोजनका सम्वन्धमा अनुसन्धानबाट संकलित तथ्थ र प्रमाणको मूल्यांकन र विश्लेषणको कसूर गरेको देखिने प्रयाप्त आधार भएमा सरकारी वकिलबाट अभियोजन गरिन्छ। अभियोजनका सम्वन्धमा ऐनले गरेको अर्को महत्वपुर्ण व्यवस्था भनेको दावीको सौदावाजीको सिद्धान्तको प्रयोग अनुसार सजायमा छुट दिन सकिने व्यवस्था पनि यस सम्वन्धमा महत्वपुर्ण व्यवस्था हो। संगठित अपराधिक समूहको गिरोह सम्म पुगी अपराध अनुसन्धानमा वास्तविक अपराधी पत्ता लगाइ तिनहरुको संञ्जाल र ध्वस्त पार्ने, अनुसन्धानको समय श्रम र मेहनत कम गरी साधन श्रोतको वचत गर्ने,न्यायिक प्रकृयालाई विश्वसनिय बनाउने र समग्र रुपमा अपराध अनुसन्धानको कार्यलाई प्रभावकारी बनाई दण्डहिनतालाई कम गर्ने अभिप्रायले यस व्यवस्थालाई आत्मसाथ गरिएको हो । जस अनुसार संगठित अपराधको आरोप लागेका कुनै अभियुक्तले आफूले गरेको आरोप स्वीकार गरी सो सम्वन्धमा प्रमाण जुटाउन तथा अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न सहयोग प्रहरी ,सरकारी वकील वा अदालतलाई सहयोग पुऱ्याएमा पहिलो पटक निजले संगठित अपराध गरेको देखिएमा त्यस्तो संगठित अपराधमा निजलाई हुने सजायमा पचहत्तर प्रतिशत सम्म सजायमा छुट दिन सकिने गरी मागदावी लिई मुद्दामा अभियोजन गर्न सकिने व्यवस्था ऐनले गरेको छ[19]। तर यो व्यवस्था शर्तयुक्त व्यवस्थाको रुपमा रहेको छ। संगठित अपराधको मुख्य अभियुक्तलाई, कुनै संगठित अपराधमा कैद सजाय पाएकोमा कैद सजाय भुक्तान भएको मितिले ३ वर्ष उमेर पुरा नभएका अभियुक्तलाई र एक पटक सजाय छुटको सुविधा पाई सकेका अभियुक्तका हकमा भने यस व्यवस्था वमोजिम सजाय छुटको मागदावी गर्न नसकिने देखिन्छ[20]। यसरी सजाय छुटको मागदावी लिएको अभियुक्तले अनुसन्धानमा सहयोग पुऱ्याएको भन्ने अन्य सवुद प्रमाणवाट प्रमाणित नभएमा वा निजले प्रहरी वा सरकारी वकिललाई गरेको सहयोगको प्रतिकूल हुने गरी अदालत

---

[16] ऐ.दफा १५

[17] ऐ. दफा १६

[18] ऐ. दफा २३

[19] संगठित अपराध निवारण ऐन, २०७० को दफा २१

[20] ऐ. दफा २१को देहाय ३(१) क) (ख) (ग)

समक्ष वयान दिएमा निज उपर पुनः मुद्धा दायर गर्न सकिने व्यवस्था समेत ऐनले गरेको छ। यस ऐन पुर्व जारी भएका केही विषयगत ऐनमा पनि यस किसिमको दावीको सैदावाजीको सिद्दान्तको अवधारणालाई कानूनमा समाहित गरेको भएता पनि प्रयोगको दृष्टिकोणबाट यो व्यवस्था प्रभावकारी रुपमा लागू नभएको र संगठित अपराध ऐनको हाल सम्मको कार्यान्वयनको चरणमा यस किसिमको कानूनी व्यवस्थालाई प्रयोग भने गरेको देखिदैन[21]।

अभियोजनको सम्वन्धमा ऐनले गरेको अर्को व्यवस्था भनेको थप अभियोजन गर्न सकिने कानूनी व्यबस्था[22]लाई पनि यस सम्वन्धमा महत्वपुर्ण व्यवस्थाको रुपमा लिन सकिन्छ। सामान्यतय कुनै अभियुक्तका सम्वन्धमा एउटै अपराधका सम्वन्धमा एक पटक अदालतमा मुद्दा दायर भई सके पश्चात सोही अपराधमा पुनः दावी लिन सकिदैन। यस्तो भएमा फौजदारी न्यायको महत्वपुर्ण सिद्दान्तको रुपमा रहेको दोहोरो खतराको सिद्दान्त[23] प्रतिकूल रहेको मानिन्छ। तर संगठित अपराध निवारण ऐनले कुनै व्यक्ति विरुद्ध संगठित अपराधको मुद्धाको अभियोग पत्र दायर भई सकेपश्चात सोही मुद्धाका सम्वन्धमा अन्य अभियुक्तका बिरुद्धमा मुद्दा दायर गर्न वा त्यसरी मुद्दा दायर भईसकेको अभियुक्त विरुद्ध सोही अपराधमा वा अन्य कुनै कसूरमा थप अभियोग लगाई अदालतमा अभियोग पत्र दायर गर्न सकिने व्यवस्थालाई ऐनमा आत्मसाथ गरिएको छ[24]। यस वाट संगठित अपराध र यसमा संलग्न प्रति राज्य कठोर रुपमा प्रस्तुत भएको र सोही अनुसार कानूनी प्रबन्ध गरिएको भन्ने स्पष्ट देखिन आउंछ।

अभियोजनको सन्दर्भमा आवश्यक पर्ने प्रमाण संकलन र प्रस्तुती तथा प्रमाणका विषयका अन्य बिविध दृष्टिकोणबाट पनि संगठित अपराध निवारण सम्वन्धी ऐनका केही व्यवस्थाहरु अन्य सामान्य किसिमका अपराधमा गरिने तौरतरिका भन्दा भिन्न र फरक देखिन्छन। प्रमाण र प्रमाणको भार सम्वन्धी व्यवस्थाका हकमा ऐनमा भएका व्यवस्थाहरु सो हद सम्म ऐनकै व्यवस्था लागू हुने र ऐनमा नभएका व्यवस्थाको हकमा मात्रै प्रचलित कानून वमोजिम हुने व्यवस्था भएकोले संगठित अपराधको ऐनमा नभएका व्यवस्थाको हकमा मात्र प्रमाण ऐन, २०३१ का व्यवस्था आकर्षित हुने देखिन्छ। संगठित अपराधको अभियुक्तलाई सुरक्षाको दृष्टिकोणबाट अदालतमा उपस्थित गराउन नसकिने अवस्था भएमा श्रव्यदृश्य संवाद मार्फत अदालतमा उपस्थित गराउन सक्ने व्यवस्था रहेको छ[25]। त्यस्तै संगठित अपराध मुद्दाको सुराकी उजुरीकर्ता वा कुनै साक्षीलाई अदालतले श्रव्य दृश्य संवाद मार्फत वा डोर मार्फत बुझ्न परेमा वा अभियुक्तले नदेख्ने गरी निजको वकपत्र गराउन वा निजको स्वर यान्त्रिक वा अन्य तरिकाबाट परिवर्तन वा रुपान्तरण गरी बुझ्न वा अदालत वाहेक अन्य कुनै स्थानमा साक्षी प्रणाण बुझ्न सक्ने गरी डोर मार्फत पनि श्रव्यदृश्य संवाद गरी बुझ्न सकिने व्यवस्था रहेको छ[26]। सुराकी उजुरकर्ता वा साक्षीले सुरक्षाका कारणबाट चाहेमा आफ्नो काल्पनिक वा सांकेतिक नाम बाट बयान वा बकपत्र गर्न सक्ने व्यवस्था रहेको छ[27]। यसको अतिरिक्त संगठित अपराधको मुद्दामा सुराकी उजुरीकर्ता वा अन्य कुनै साक्षीलाई अभियुक्तले कुनै प्रकारको जिरह वा प्रश्न गर्न नसक्ने व्यवस्था रहेको छ। तर अदालतले आदेश दिएमा भने अभियुक्त वा निजको कानून व्यवसायीले श्रव्यदृश्य संवाद मार्फत वा अभियुक्तले निजलाई नदेख्ने गरी वा निजको पहिचान गर्न नसक्ने वा सुराकी साक्षी वा उजुरीकर्ताले व्यक्त गरेको कुरा नसुन्ने गरी जिरह गर्न सक्ने

---

[21] संगठित अपराध सम्वन्धी कानूनको प्रमाव मूल्याङन सम्वन्धी अनुसन्धान मूलक अध्ययन २०७४ महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं।

[22] ऐ.दफा २२

[23] दोहोरो खतराको सिद्दान्तलाई नेपाल संविधानको धारा २२ ले मौलीक हकको रुपमा स्वीकार गरेको छ।

[24] संगठित अपराध नियन्त्रण ऐनको दफा २२

[25] ऐ. दफा ३३(१)

[26] ऐ..दफा ३४

[27] ऐ. दफा ३५(१)

व्यवस्था छ [28]। फौजदारी न्यायमा अभियुक्तको स्वच्छ सुनुवाई हक र जिरह गर्न पाउने अधिकारको दृष्टिकोणबाट प्रस्तुत कानूनी व्यवस्था आपत्तीजनक रहेको भनी आलोचना गर्ने गरिएको भए पनि सुराकी, उजुरीकर्ता र साक्षी संरक्षणका हिसावले यो कानूनी व्यवस्थालाई प्रभावकारी मान्नु पर्ने देखिन्छ।

ऐनको दफा ३७ अनुसार संगठित अपराधको मुद्दा चलाईएको कुनै व्यक्तिको आयश्रोतको तुलनामा निजको सम्पत्ती अस्वाभाविक देखिन आएमा वा निजले अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियत भन्दा बढी कसैलाई दान दाताव्य, उपहार सापटी चन्दा वा वकस दिएको प्रमाणित भएमा निजले त्यस्तो सम्पत्ति के कस्तो श्रोत बाट आर्जन गरेको हो निजले प्रमाणित गर्नु पर्ने र त्यसरी प्रमाणित गर्न नसकेमा त्यस्तो सम्पत्ति संगठित अपराध गरी प्राप्त गरेको मानिनेछ भन्ने व्यवस्था गरेको छ। अनुमानित कसूरको रुपमा हेरिने यस किसिमको व्यवस्थाबाट श्रोत खुल्न नसकेको सम्पत्ती स्बभाविक रुपमा संगठित अपराधबाट आर्जन गरी कमाएर राखेको मानी त्यस्तो सम्पतीको हकमा आवश्यक कानूनी प्रकृया अवलम्वन गर्न सकिने अवस्था उल्लेखित कानूनी व्यवस्थाबाट देख्न सकिन्छ।

यसै गरी संगठित अपराधको अभियुक्तले कसैलाई अपहरण गरी वा नगरी वा शरीरबन्धक बनाई वा नबनाई कसैबाट फिरौती माग गरी वा शरीर बन्धक बनाई वा नबनाई कसैले फिरौती माग गरी टेलीफोन, मोवाईलफोन वा अन्यकुनै संञ्चार माध्यमबाट धम्की दिएको अन्यथा प्रमाणित भएकोमा वाहेक निजले फिरौती लिएको अनुमान गर्न सक्ने व्यवस्था रहेको छ[29]। यसबाट फिरौतीका लागि माग वा धम्की दिएको तर फिरौती असूल उपर भैनसकेको अवस्था (ऊधोग) मा पनि अपराधिक कार्यले पुर्णता पाए सरह पुर्ण अपराध सरह मानी सजाय हुने व्यवस्था भएकोले यस सम्वन्धमा अभियोजन र अनुसन्धानको अवस्था देखिनै विशेष ध्यान दिनु पर्ने देखिन्छ।

९. संगठित अपराधको अभियोजनमा देखिएका समस्या र चुनौतीहरू;

फौजदारी मुद्दामा अभियोजनको कार्य आफैमा विशिष्ट र महत्वपुर्ण कार्य हो। राज्यको कार्यकारणी शक्तिको प्रयोग गरि गरिने कार्य भएपनि अभियोजनको कार्य न्यायिक निर्णय सरहको मानिन्छ। अभियोजनको उद्धेश्य आपराधिक कार्यमा संलग्न व्यक्तिलाई कानूनको दायरमा ल्याई आपराधिक दायित्व बहन गराउनु भएकोले कानूनले निर्दिष्ट गरेको विधि र प्रकृयाका आधारमा अनुसन्धानबाट देखिएका तथ्य र प्रमाणको सहि विश्लेषण गरी प्रमाणवाट दोषी देखिएका व्यक्तिहरुका उपर मात्र अभियोजन गर्नु पर्ने हुन्छ। संगठित अपराध आफैमा संगठित अपराधिक समूहबाट योजनाबद्ध रुपमा गरिने गम्भिर प्रकृतिको अपराध भएकोले कुनै पनि कुनै गम्भिर अपराध संगठित समूहबाट संगठित समूहको लाभको लागि, संगठित समूहको सदस्य भई, जानी जानी गरेको अवस्थामा संगठित अपराध गरेको मानिने भएकोले सम्वद्ध अपराधमा संलग्न व्यक्तिहरुको उद्धेश्य, अपराध गर्ने तरिका,आपराधिक गिरोहको संख्यात्मक उपस्थिति, र आपराधिक कार्य समेतका आधारमा कुनै पनि अपराध संगठित रुपमा भए नभएको एकिन गरी अभियोजन सम्वन्धि निर्णय गर्नु पर्ने हुन्छ । यसको लागि संगठित अपराधको अवधारणात्मक पक्ष, यसको परिभाषाका सम्वन्धमा देखिएता विविधता, विशेषताहरु, संगठित अपराधको नियन्त्रणका लागि संयुक्त राष्ट्रसंघीय महासन्धिले गरेका व्यवस्था र संगठित अपराध नियन्त्रण ऐन, २०७० ले समेटेका व्यवस्थाहरुको राम्रो अध्ययन र विश्लेषण गरी अभियोजन गर्नु पर्ने हुन्छ। अभियोजन गर्दा वा नगर्दा धारणागत स्पष्टता र कानूनको प्रस्टता, कार्यविधिमा एकरुपता भएमा मात्र अभियोजनकर्ताबाट हुने अभियोजन सम्वन्धी कार्य निष्पक्ष, प्रभावकारी र वस्तुनिष्ट हुन सक्दछ। अभियोजनको कार्य आफैमा स्वतन्त्र निष्पक्ष र र वस्तुगत हुन आवश्यक हुन्छ तर अनुसन्धानको जगमा उभिएर गर्नु पर्ने अभियोजनको कार्य अनुसन्धनको कुशलता र सक्षमतामा निर्भर रहने भएकोले प्रभावकारी अनुसन्धान विना वस्तुगत अभियोजन हुन सक्दैन। यसका लागि अनुसन्धानको तहदेखिनै यस सम्वन्धि अपराधको अन्तरवस्तु र अवयवलाई राम्रो संग नियाली कानूनको मर्म र भावना अनुसार अनुसन्धान भएमा मात्रै अभियोजन केही हदसम्म सफल बन्न सक्दछ । अनुसन्धान राम्रो भएर मात्रैपनि अभियोजन राम्रो भन्ने हुँदैन यसको लागि सक्षम , कुशल, दक्ष र अनुसन्धानलाई दिशा निर्देश गर्ने सक्नै

[28] संगठित अपराध निवारण ऐन २०७० दफा ३५(२)

[29] ऐ. दफा ३८

हैसियत अभियोजनकर्तामा हुन आवश्यक हुन्छ। अपराध अनुसन्धान र अभियोजन एक सिक्काका दुईवटा पाटा भएकोले दुवै निकायको कुशल कार्यशैली, समन्वय र सहयोग भएको खण्डमा मात्र कार्यक्षेत्रमा आई पर्ने समस्याहरुलाई हल गर्दै अगाडी बढ्न सकिने देखिन्छ। संगठित अपराध निवारण सम्वन्धी ऐन कार्यान्वयनमा आएको ५ बर्षको अन्तरालमा यस ऐनको व्यवस्था समेत समेटी अभियोजन भएका मुद्दाहरुको एकिन अभिलेख प्रस्तुत हुन नसकेपनि यस ऐन अन्तरगत थप सजायको मागदावी लिई अभियोजन गरिएको अभ्यास छ। प्रयोगको हिसावले त्यती व्यापकता नभएता पनि ऐनको प्रयोग र अभ्यासमा अन्यौलता रहेको, कार्यक्षेत्रमा बिभिन्न समस्या र चुनौतीहरु रहेको र धारणा र बुझाईमा एक रुपता नभई प्रयोगमा विविधता देखिएको बिभिन्न समय र सन्दर्भमा यस ऐनको प्रयोग र प्रभावका वारेमा हुने छलफल तथा बहस समेतबाट सुनिन आएको अवस्था छ। अभियोजनको सन्दर्भमा देखिएका समस्या र चुनौतीलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

क) **अबधारणाको बुझाईमा देखिएको समस्या:**

- संगठित अपराध आफैमा स्वतन्त्र कसुर होईन। कुनै आपराधिक कार्य संगठित समूहबाट भएको अवस्थामा त्यसमा संलग्न समूहको कार्य गर्ने तौरतरिका, शैली, उद्धेश्य, गिरोह, संगठन संरचना लगायतका आधारमा संगठित अपराध हो वा होईन भनी हेर्नु पर्ने हुन्छ । तर संगठित अपराध भनेको आफैमा के हो? भन्ने यसको स्पष्ट परिभाषा नभएको र परिभाषामा एकरुपता समेत नभएकोले कुनै खास अपराध संगठित हुने हो वा त्यस अपराध कसरी भएको छ? संलग्न व्यक्तिहरुको आपराधिक मनोवृत्ती, उद्धेश्य, शैली र संगठन संरचनाबाट हेनु पर्ने हो? भन्ने समन्वन्धमा अपराधको अनुसन्धानमा संलग्न तथा अभियोजनमा आवद्ध पदाधिकारीका विचमा धारणा र बुझाईमा एकरुपता देखिदैन। अन्यौलता र दुविधाग्रस्त मनस्थितिबाट अपराधको अनुसन्धान र अभियोजन प्रभावकारी हुन सक्दैन । अपराधको अनुसन्धान र अभियोजनमा संलग्न व्यक्तिको लागि संगठित अपराध के हो? र कस्तो अपराध कसरी भएमा संगठित हुन्छ भन्ने बुझाई नहुँदा सम्म अभियोजन प्रभावकारी हुन सक्दैन। यो एउटा चुनौतीको विषयको रुपमा रहेको छ।
- कुनै अपराध आफैमा संगठित हुन्छ कि हुदैंन ? अपराधिक समूह कस्तोलाई मान्ने? संख्या महत्वपुर्ण हो कि कार्य? के कस्तो कार्य कसरी भए त्यस्तो कार्य संगठित हुन्छ ? भन्ने विषयमा अझ सम्म पनि अलमलमै देखिन्छ । कतै ३ जना वा सो भन्दा बढी प्रतिबादीको संख्यात्मक उपस्थितिलाई आधार मानी अभियोजन गर्ने गरेको र कतै आपराधिक कार्यलाई आधार मानी अभियोजन गर्ने गरिएको अभ्यास व्यबहारमा देखिन्छ। संगठित अपराधको प्रकृति र यसका विशेषतालाई राम्रोसंग केलाई अनुसन्धान नहुनु र ति पक्षहरुको विश्लेषण र विवेचना नगरी अभियोजन गरिने अभ्यायको निरन्तरता यसको अर्को चुनौती हो।
- संगठित अपराध भन्नाले संगठीत अपराधिक समूहबाट भएको आपराधिक घटना भन्ने बुझिन्छ तर कतिपय अवस्थामा असंगठित समूह (Random formed Group) बाट भएको कुनै अपराधिक घटना वारदातलाई पनि संगठित भनी दाबी लिने अभ्यास देखिन्छ। संगठित अपराधको विधिशास्त्र विपरित संगठित अपराध निवारण ऐनमा असंगठित समूहबाट पनि संगठित अपराध हुने सक्ने व्यहोरा उल्लेख भए अनुसार असंगठित समूहबाट पनि संगठीत अपराध हुन सक्ने मान्यतामा संगठित अपराधिक समूहको उपस्थिति आवश्यक हुने वा नहुने के हो? यो पक्ष पनि अभियोजनको लागि चुनौतीको विषय बनेको छ।
- संगठित अपराधको लागि संगठन वा समूहको अस्तित्व देखाउन आवश्यक पर्ने नपर्ने के हो? अस्तित्व केलाई मान्ने? कसरी एकिन गर्ने? समूहको अस्तित्व नदेखिए के हुने ? अस्तित्व एकिन गर्ने आधार के के हुन सक्दछन? भन्ने विषय वास्तवमै पेचिलो बनेको छ। जुन विषय अनुसन्धान तथा अभियोजनको लागि चुनौतीपुर्ण विषयको रुपमा रहेको देखिन्छ।
- संगठित अपराध (Organized Crime) र समूह अपराध (Group Crime) का विचमा कतिपय विषयहरु र विशेषताहरु मिल्दा जुल्दा देखिन्छन तथापी सैद्धान्तिक रुपमा समूहगत अपराध र संगठित अपराधका विचमा प्रष्ट देखिने र छुट्टिने भिन्नता छन। तर कतिपय अवस्थामा भिन्नताको शुष्म अवलोकन र अध्ययन नहुँदा समूहगत अपराध संगठित अपराध र संगठित अपराधलाई समूहगत अपराध भनी हेर्ने र बुझ्ने कार्यले अभियोजनको प्रभावकारीता देखिएको छैन। भिन्नताको सिमा रेखा पहिचान गरी वास्तविक रुपमा अभियोजन गर्न नसक्नुलाई पनि चुनौतीको रुपमा लिन सकिन्छ।

ख) कानूनी व्यवस्थाको अष्पष्टताले ल्याएको चुनौती:

- संगठित अपराध निवारण ऐन, २०७० संगठित अपराधलाई निवारण गर्ने उद्धेश्य साथ जारी गरिएको भन्ने ऐनको प्रस्तावाना बाट देखिन्छ। संगठित अपराध निवारण गर्नको लागि जारी गरिएको ऐनमा उल्लेखित सवै कसूर स्वाभाविक रुपमा संगठित अपराधका कसूरहुन भन्ने सामान्य र सोझो बुझाईलाई अन्यथा भन्न सकिने अवस्था पनि देखिदैन । तर संगठित अपराध निवारण ऐनले आपराधिकरण गरेका सवै कसूर आफैमा संगठित अपराध होईनन्। संगठित अपराध निवारण ऐनले केही कसूर जुन साविकमा कसूरको रुपमा नेपाली कानूनमा समावेश भएका थिएनन ति कसूरलाई यस ऐनले पहिलो पटक आपराधिकरण गरी सजायको व्यवस्था गरिएको भन्ने देखिन्छ। संगठित अपराध निवारण ऐनले आपराधिकरण गरेको यस किसिमका अपराध ऐनको दफा ५, ६,

७ र ८ मा व्यवस्थित भएपनि ति कसूर आफैमा स्वतन्त्र कसूरका रुपमा रहेका तर ऐनले गम्भिर कसूर भनी नामाकरण गरेका कसूर हुन। यो बिषयलाई लाई कानूनमा स्पष्ट रुपमा उल्लेख गर्न नसकिएको साथै न्यायिक कारवाईमा अवरोध, भ्रष्टाचार तथा सम्पत्ती शुद्धिकरणको कसूरलाई राष्ट्रसंघको महासन्धिले संगठित अपराध भनी मानेको अवस्था हुँदा एउटै ऐनमा समावेश केही कसूरलाई संगठित अपराध र केही कसूरलाई स्वतन्त्र कसूर भनी बुझ्न कठीनाई रहेको सन्दर्भमा यसका वारेमा सम्वन्धित सरोकारवालाई समयमै अनुशिक्षण गरी धारणामा एकरुपता ल्याउन नसकेको कारण अनुसन्धान र अभियोजनमा यसले चुनौती सिर्जना गरेको छ।

- संगठित अपराध निवारण ऐन ,२०७० को दफा ३ को (४) ले परिभाषित गरेका कसूर जस्तै अपराधिक समूहलाई संगठित अपराध गर्न सघाउ पुऱ्याउने वा ती समूहको काम कारवाहीमा सहभागी हुने वा कुनै साधन उपकरण सूचना उपलव्ध गराउने लगायतका कार्यलाई अपराधिकरण गरी ति कार्य गर्नेलाई ऐनको दफा ९ को (ख) मा सजायको व्यवस्था गरिएको छ । जस अनुसार उल्लेखित कसूर गर्नेलाई प्रचलित कानूनमा कुनै सजायको व्यवस्था भएको रहेनछ भने पाँच वर्ष सम्म कैद र पाँचलाख रुपैया सम्म जरिवाना वा दुवै सजाय हुने भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । सजायको यस किसिमको प्रावधानले एकातर्फ दफा ३ को उपदफा (४) मा उल्लेखित कसूरहरु आफैमा स्वतन्त्र कसूर हुन की भन्ने जस्तो अवस्था देखिन्छ। प्रचलित कानूनले कसूर मानेको कुनै अपराधमा कुनै खास विशेषताबाट उक्त अपराध संगठित हुने र संगठित भएको कारणले प्रचलित कानूनमा उक्त कसूरमा हुने सजायमा संगठित अपराध ऐन अनुसार थप सजाय हुने हो, तर प्रस्तुत कानूनी व्यवस्थाले प्रचलित कानूनमा त्यस्तो कसूरलाई अपराध मानी सजायको व्यवस्थानै गरेको रहेनछ भने पनि यस ऐन वमोजिम सजाय गर्नु पर्ने भनी गरिएको व्यवस्थाले फौजदारी कानूनको सर्वमान्य सिद्दान्त "तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागीदार नहुने" भन्ने सिद्धान्त प्रतिकूल हुने अवस्था समेत हुँदा यस्ता कसूका सम्वन्धमा अभियोजन गर्दा स्वतन्त्र कसूर मानी अभियोजन गर्ने वा संगठित भनी थप सजायको मागदावी लिने ? थप दावी लिन त त्यस्तो कसूरमा कानूनले पहिला सजायको व्यवस्था गर्नु पर्ने हुन्छ । यस्तो स्थितिमा कानूनको प्रयोग र पालनालाई कसरी समन्वयात्मक रुपमा अगाडी बढाउने भन्ने विषय कानून कार्यान्वयन गर्ने निकायको लागि चुनौतीपुर्ण देखिन्छ।
- ऐनको दफा ३(५) मा भएका कसूरहरु जस्तै संगठित अपराधको तयारी, उधोग, षडयन्त्र, र दुरुत्साहन जस्ता कार्य गर्न नहुने भनी उल्लेखित कसूहरुलाई आपराधिकरण गरेको भएता पनि सजाय सम्वन्धी ऐनको दफा ९ अध्ययन गर्दा यि कसूर गर्ने गराउनेलाई सजायको कुनै व्यवस्था गरेको देखिदैन । कानूनले कसूर भनी आपराधिकरण गरे पछि त्यस्तो कसूर गर्ने गराउनेलाई सजाय गर्न नसक्ने हो भने आपराधिकरण गर्नुको कुनै सार्थकता हुंदैन। अर्को तर्फ सजायनै नभएको कसूर अपराध नहुने (No crime without punishment) भन्ने फौजदारी कानूनको मान्य सिद्धान्तको प्रतिकूल रहेको यस कानूनी व्यवस्थाको प्रयोगलाई कसरी कार्यान्वयन गर्ने हो भन्ने सम्बन्धमा समस्या रहेको परिपेक्ष्यमा २०७५ माद्र १ देखि जारी भएको मुलुकी अपराध संहिता को परिच्छेद ३ को कानूनी व्यवस्था अनुसार **प्रचलित कानूनी व्यवस्था वमोजिम परिभाषित कसूरका सम्वन्धमा त्यस्ता कानूनले अन्यथा नगरेको अवस्थामा संहिताको व्यवस्था लागू हुने**[30] गरी भएको व्यवस्थाले यस सम्वन्धी विषयलाई हाल संम्वोधन गरेको देखिन्छ। तर २०७५ भाद्र पुर्वका यस किसिमका कार्यलाई सम्वोधन गरी सजाय हुने व्यवस्था नभएकोले सो सम्वन्धमा दावी लिने कि नलिने ? सजायको माग दावि कुन लिने? प्रचलित कानूनी व्यवस्था अनुसार थप सजायको विषय के हुने जस्ता प्रश्नहरु अनुत्तरितनै रहेको सन्दर्भलाई पनि समस्या र चुनौतीकै रुपमा लिन सकिने देखिन्छ।
- ऐनको परिच्छेद ३ को दफा ५ ले अपराधिक समूह स्थापना गर्न, संञ्चालन गर्न वा गराउन वा जानी जानी आपराधिक समूहको सदस्य हुन वा कसैलाई सदस्य बनाउन नहुने भनी निषेध गरेको छ । यो दफाको कसूर संगठित अपराधको कसूर होईन तर ऐनले आपराधिक समूहको परिभाषा गदै प्रत्यक्ष वा परोक्ष रुपमा परिच्छेद २ मा उल्लेखित संगठित अपराध गर्ने उद्धेश्यले बनेको संगठित वा असंगठित तीन वा सो भन्दा बढी व्यक्तिहरुको समूह भनी भनेको छ। यस अवस्थामा आपराधिक संगठन स्थापना....लगायतको कसूरलाई आफैमा संगठित अपराध भन्ने वा नभन्ने ? दफा ३ र दफा ५ को प्रयोग संगसंगै गर्न मिल्ने नमिल्ने के हो ? अन्यौलता र अस्पष्टता देखिएको सन्दर्भलाई पनि यस सन्दर्भमा कानूनको अस्पष्टताले ल्याएको समस्याको रुपमा लिन सकिन्छ।
- कानूनको अन्यौलताले ल्याएको अर्को समस्या वा चुनौती भनेको क्षेत्राधिकारको विषय पनि एक हो । भ्रष्टाचार, सम्पत्ती शुद्धीकरण र आंतककारी क्रियाकलापमा वित्तिय लगानी सम्वन्धी मुद्दा वाहेक अन्य संगठित अपराधको कसूरको मुद्दा हेर्ने क्षेत्राधिकार जिल्ला अदालतको हुने ऐनको दफा ४० मा व्यवस्था छ । तर कतिपय संगठित रुपमा गरिने कसूर जस्तै बैंकिङ कसूर, राज्य विरुद्धको कसूर

[30] मुलुकी अपराध संहिता २०७५ को परिच्छेद ३

(साविकमा) सम्पत्ती शुद्धिकरण लगायतका कसूरमा मुद्दा हेर्ने अदालत फरक रहेको सन्दर्भमा सम्वद्ध कसूरका सम्वन्धमा मुद्धा हेर्ने अधिकारक्षेत्र भएको अदालतमा अभियोजन गर्ने वा संगठित अपराध जोडी थप सजाय मागेको कारण त्यस्तो मुद्दा जिल्ला अदालतमा दायर गर्ने भन्ने दुविधापुर्ण स्थिति रहेको साथै कुनै कसूरमा संगठित पनि भनी अनुसन्धान भएको तर अभियोजन हुने समयमा संगठित नदेखिई सम्वद्ध कसूरको मात्र वारदात देखिए अनुसन्धानका नाउंमा अनावश्यक रुपमा शंकितलाई थुनामा राखेको भन्ने जस्ता आरोप र लान्छाना प्रति चित्तबुझ्दो जवाफ दिनु पर्ने चुनौती पनि अभियोजनपक्षमा रहेको देखिन्छ।

- ऐनको दफा ५१ मा संगठित अपराध गर्न प्रयोग भएको जुनसुकै उपकरण वस्तु वा साधन जो सुकै व्यक्तिसँग रहेको भएपनि जफत हुने व्यवस्था कानूनी व्यवस्था छ तर अपराधमा संग्लग्न नभएको वा त्यस्तो अपराधका वारेमा कुनै थाहा जानकारी नभएको व्यक्तिको कुनै वस्तु वा साधन सम्पती अपराधमा प्रयोग भएको अवस्थामा त्यस्तो सम्पत्ती के हुने? जफत गर्ने दावी लिने वा सम्वन्धित धनीको कसूरप्रतिको संलग्नता पुष्टी भएको अवस्थामा मात्र प्रतिवादी कायम गर्ने र जफतको पनि दावी लिने हो? कानूनको व्यवस्थाले अभियोजनकर्ताले अन्य पक्षहरुको विश्लेषण गर्ने ठाउँ नदिएको अवस्थामा उल्लेखित परिस्थितिमा निर्दोष व्यक्तिको हित संरक्षण गर्ने दायित्वलाई कसरी व्यवस्थापन गर्ने हो भन्ने विषय पनि अभियोजनका सन्दर्भमा आउने एउटा जटिलताको रुपमा रहेको छ।

(ग) कार्यगत क्षेत्रमा पर्ने समस्याहरु:

- कुनै कसूरको प्रकृतिले नै त्यस्तो कसुर संगठित समूहको योजना, संग्लनता, निर्देशन, सहभागिता आदी विना हुन सम्भवहुन सक्ने नदेखिने तर पक्राउ परेको व्यक्तिले उक्त संगठनको अस्तित्व, संगठनका सदस्यको पहिचान,संगठन संरचना, भूमिका, विगतमा भएका र गरिएका आपराधिक गतिविधिहरुको विवरण लगायत संगठित अपराधिक समूहका अन्य गतिविधी खुलाउन नसक्ने (भरिया किसिमका) र अनुसन्धानबाट त्यस्तो गिरोहको वारेमा केही तथ्थ खुलेतापनि त्यस्ता व्यक्तिहरु पक्राउ पर्न नसकेको अवस्थामा पक्राउ व्यक्तिका हकमा मात्रै संगठित तर्फ वादी लिई अभियोजन गर्न सकिने वा नसकिने भन्ने समन्वन्धमा अन्यौलता र दुविधा हुने गरेकोले समयमै उचित निर्णय लिन नसकिने अवस्थालाई व्यबहारीक समस्याको रुपमा लिन सकिन्छ।

- कुनै अपराधका सम्वन्धमा अनुसन्धान अवधि भरी मूल अपराधका सम्वन्धमा मात्रै अनुसन्धान हुने र अनुसन्धान भई प्रतिबेदन तयार भई राय प्रतिबेदन पेश गर्ने अवस्थामा मात्रै संगठित अपराधको पनि दावी थप गरी आउने[31] कार्यलाई निरुत्साहित गर्न वा त्यस्तो प्रतिवेदनलाई उपेक्षा गरी संगठित होईन वा हुन सक्दैन भनी सम्वन्धित अनुसन्धान गर्ने निकायलाई विश्वस्त गर्न नसक्ने वा गर्न नचाहाने प्रवृत्ती पनि अभियोजनका सन्दर्भमा देखिने समस्या हो । संगठित कसरी भयो वा हो भनी त्यसका आवश्यक अवयव केलाई वा विश्लेषणनै नगरी अनुसन्धान प्रतिबेदनकै भरमा अभियोजन गर्नु पर्ने परिपाटी पनि समस्याको एउटा कारण वनेको छ।

- संगठित अपराधको लागि आवश्यक तत्व संगठित समूह, त्यसको सदस्यता, ३ जना भन्दा बढी व्यक्तिको संख्या, आर्थिक फाईदा आदी लगायतको पक्ष एकिन गरी संगठित रुपमा वारदात भएको स्थापित हुने किसिमले अनुसन्धान भई नआउने र सोअनुसार अनुसन्धन गरी ल्याउन अनुसन्धानकर्तालाई निर्देशन दिने वा आवश्यक समन्वय गर्ने गराउने कार्य अभियोजन पक्षबाट पनि नहुने स्थितिले अनुसन्धान तथा अभियोजन कार्य केवल कर्मकाण्डी बन्न पुगेको छ।

- संगठित अपराध निवारण ऐनले व्यवस्था गरेका अनुसन्धानका विशेष विधि र पद्धती कन्ट्रोल डेलीभरी, अन्डरकभर अपरेशन सूचना प्रविधिको प्रयोग, जस्ता पद्धतीलाई अनुसन्धानको चरणमा र दावीको सौदावाजी,(सजायमा छुट) दिने व्यवस्थालाई अभियोजनका क्रममा प्रयोग भएको देखिदैन। अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउने सन्दर्भमा ऐनका व्यवस्था विशेष व्यवस्था एवं कानूनी प्रबन्धलाई कार्यान्वयनमा ल्याउने तर्फको क्रियाशिलता र अग्रसरता नभएको वास्तविकताले पनि अभियोजनको कार्य प्रभावकारी बन्न सकेको छैन ।भैरहेको कानूनी व्यवस्थालाई पनि उपयुक्त ढंगले प्रयोग र पालना गर्न नसक्नुलाई पनि समस्याको रुपमा लिन सकिन्छ।

[31] संगठित अपराध सम्वन्धी कानूनको प्रभाव मूल्यांकन सम्वन्धी अनुसन्धान मूलक अध्ययन २०७४ महान्यायाधिवक्तको कार्यालय

- संगठित अपराधका प्रकृति संग मेल खाने तर राजनैतिक आवरणमा गरिने कतियय हिसात्मक प्रकृतिका कार्यलाई संम्वोधन गर्ने सम्वन्धमा राजनैतिक नेतृत्वको स्पष्ट दृष्टिकोण नहुने कारणले पनि कानून कार्यान्वयनको सन्दर्भमा अनुसन्धान र अभियोजनकर्ताले विभिन्न खाले समस्या र चुनौती सामान गर्नु पर्ने स्थिति देखिएको छ।

- एक अध्ययन अनुसार[32] संगठित अपराधको अनुसन्धान र अभियोजनका सम्वन्धमा मूलतः देखिएका समस्याहरुमा मूल अपराध पुष्टिहुने गरी प्रयाप्त अनुसन्धाननै नहुने गरेको, धेरै जनाको समूह भएको आधारमा मात्रै र संगठित भन्ने राय र सोही आधारमा अभियोजन भएको, संगठित रुपमा कार्य गरेको भए पनि कसरी कहिले देखि समूहको स्थापना गरी कार्य भएको खुलाईएको नदेखिएको, समूहको अस्तित्व, पुर्व घटनाको विवरण, आपराधिक समूहको सदस्य तथा लाभ लिएको पुष्टि नगरिएको, अनुसन्धान र राय विनानै १ जनालाई प्रतिवादी बनाई संगठित अपराधमा मुद्दा चलाईएको, संगठित अपराध भनी सजायको मागदावी र सोही मुद्धामा तयारी षडयन्त्र एवं दुरुत्साहन भन्ने उल्लेख गरी अभियोजन नै दुविधापुर्ण बनाईएको जस्ता कमजोरी र समस्या मिसिल अध्ययनबाट देखिएको औल्याईएको छ। उल्लेखित समस्याहरु प्रतिनिधिमूलक समस्याका रुपमा रहेको कुरामा कुनै सन्देह छैन।

- सरोकारवाला निकायहरुका विचमा आपसी सहयोग र समन्वयको अभाव ।

१०.समस्या समाधनाका लागि सुझावः

संगठित अपराधको अवधारणा, यसका अवयव वा विशेषता तथा नेपाली कानूनी व्यवस्था र कानूनको कार्यान्वयनको सन्दर्भमा देखिएका समस्या र चुनौतीका सम्वन्धमा माथि गरिएका विश्लेषण र विवेचनाबाट केही अन्यौलता र अस्पष्टता वांकी नै रहेको भन्ने देखिन्छ। ऐनको सफल कार्यान्वयनको लागि सम्वन्धित सवै सरोकारवालाहरुमा ऐनको उद्धेश्य, यसले राखेको अपेक्षा यसको मर्म र भावनालाई आत्मसाथ गरी सही ढंगले कानूनको प्रयोग र पालना हुन सकेमा मात्र संगठीत अपराध निवारण प्रति राज्यले राखेको अपेक्षा पुरा हुन सक्दछ। यसको लागि संगठित अपराधको अवधारणामा प्रष्टता र बुझाईमा एकरुपता मुख्य शर्त हो भन्ने कुरामा विवाद हुन सक्दैन। कानून कार्यान्वयनको लागि संस्थागत पुर्वाधार. सम्वन्धित निकायहरुको क्षमता अभिवृद्धी, जनशक्तिको विशिष्टिकरण, आधुनिक प्रविधिको प्रयोग, समन्वय र सहकार्य जस्ता माध्यमबाट अगाडी बढ्न सकिन्छ। यसको लागि निन्न कुरामा सुधार हुन सके ऐनको सफल कार्यान्वयन हुने र संगठित अपराधको नियन्त्रणको दिशामा सकारात्मक प्रभाव पर्ने देखिन्छ।

१. **अवधारणामा प्रष्टता र बुझाईमा एकरुपताः** संगठित अपराधको अवधारणा र ऐनको व्यवस्थाका विषयमा व्यापक छलफल र विचार विमर्श आवश्यक छ। अबधारणामा नै प्रष्टता नभए ऐनको सहि कार्यान्वयन हुन सक्दैन। अपराध अनुसन्धान र अभियोजनकर्तामा संगठित अपराधको अवधारणा र यसका अवयव वा विशेषता र अपराधमा हुनु पर्ने आवश्यक तत्वको पहिचान लगायतका विषयमा विशिष्टिकृत तालीम र क्षमता विकाशका कार्यक्रम आवश्यक छ।
२. **संगठित अपराध ऐनमा संशोधनः** ऐनका सम्वन्धमा देखिएका कमीकमजोरीहरुको सुधारको लागि संगठित अपराधको अवधारणा, र अन्तराष्ट्रिय कानूनी प्रबन्ध अनुकूल हुने गरी ऐनको पुनरावलोकन गर्नु आवश्यक छ। असंगठित समूहबाट पनि संगठीत अपराध हुने लगायतका केही असंगत व्यवस्थाले ऐनको प्रावधान कार्यान्वयनमा अन्यौलता ल्याएको छ। यसका लागि संयुक्त राष्ट्रसंघीय महासन्धी, अन्य मुलुकहरुको अभ्यास र हामीले गरेको अनुभव समेतलाई आधार लिई कानूनी व्यवस्थाको पुनरावलोक र सुधार आवश्यक देखिन्छ।
३. **पुर्वाधारको विकाश र उपयोगः** संगठीत अपराधको अनुसन्धानको लागि ऐनले गरेका व्यवस्थाहरुकै सहि रुपमा प्रयोग र पालना हुन सकेको छैन। विशेष अनुसन्धान पद्दती, सुराकी परिचालन, श्रव्यदृश्य सामाग्रीको प्रयोग लगायतका कुराहरुको प्रभावकारी प्रयोगको लागि आवश्यक पूर्वाधार, कार्यविधिको अभाव छ। आधुनिक प्रविधिहरुको प्रयोग , सूचना संकलन, प्रशोधन ,परिक्षण लगायतका कुरालाई व्यवस्थापन र उपयोग गर्न सकिएमा मात्र अपराधको अनुसन्धान र अभियोजन प्रभावकारी हुन सक्दछ।

[32] ऐ.पृ.५१ र ५२

४. **निर्देशिका, कार्यविधि र मार्गदर्शनको निर्माण र प्रयोग:** संगठित अपराधको अनुसन्धान र अभियोजनका सम्वन्धमा विचार गर्नु पर्ने कुराका अतिरिक्त के कस्तो अपराधमा के के आवश्यकता तत्व भएमा अपराध संगठित हुने हो? त्यसको लागि के कस्ता प्रमाण आवश्यक हुन्छन? प्रमाणको मूल्यांकन र विश्लेषण कसरी गर्ने भन्ने लगायतका पक्षहरु उल्लेख गरी सवैको काम कारवाहीमा एकरुपता, सरलता, सहजता, प्रष्टता र पारदर्शिताका लागि अनुसन्धानकर्ता र अभियोजन अधिकारीका लागि निर्देशिका, कार्यविधि र मार्गदर्शनको निर्माण र प्रयोग आवश्यक देखिन्छ।

५. **कानूनको निर्माण:** संगठित अपराध जस्तो गम्भिर र अन्तरदेशिय अपराधको सफल अनुसन्धान र अभियोजनको लागि उपयुक्त र आवश्यक कानूनी पुर्वाधार आवश्यक हुन्छ। पारस्परीक कानूनी सहायता, सपुर्दगी तथा सांक्षी संरक्षण लगायतका कानूनी व्यवस्था यस सन्दर्भमा विशेष सरोकार राख्ने कानूनी प्रबन्ध हुन् । तर कानूनी संरचनाका हिसावले पारस्परीक कानूनी सहायता र सपुर्दगी सम्वन्धी ऐन जारी भई कार्यान्वयनमा रहेको भएता पनि बिभिन्न मुलुकहरु संग दुईपक्षिय तथा बहुपक्षिय सन्धी तथा संझौता नभएकोले ऐनका व्यवस्था स्वभाविक रुपमा कार्यान्वयन गर्न सकिने अवस्था देखिदैन। अर्को तर्फ साक्षी, सुराकी तथा उजुरीकर्ताको संरक्षण र सुरक्षाको लागि ऐनमा केही व्यवस्था भएपनि साक्षी संरक्षण सम्वन्धी एकिकृत कानूनको अभाव छ। ऐन जारी भएको ५ वर्ष भैसके पनि ऐनका व्यवस्था कार्यान्वयन गर्न आवश्यक नियमावली हाल सम्म पनि जारी हुन नसकेको स्थिति देखिएकाले यस सम्वन्धमा आवश्यक पहल हुन पर्ने देखिन्छ।

६. **क्षमता विकाश प्रशिक्षण र विशिष्टिकरणमा जोड:** संगठित अपराध अन्य परम्परागत अपराध भन्दा भिन्न शैली, तरिका, र कारणबाट घट्ने अपराध भएको र यसको प्रभाव र असर तथा उद्धेश्य अन्य अपराधमा भन्दा फरक हुन्छ। संगठित र पेशेवर समूहबाट अत्यान्तै व्यबसायिक ढंगवाट प्रबिधिको प्रयोग गरि गरिने भएकोले यस्तो अपराधको अनुसन्धान तथा अभियोजनको लागि सोही अनुसारको प्राविधिक ज्ञान, विशेषज्ञता दक्षता र सीपको आवश्यकता हुन्छ। परम्परागत रुपमा गरिने अपराधको अनुसन्धान शैली र अभियोजनको परिपाटीले यसको नियन्त्रण हुन सक्दैन। यसका लागि अनुसन्धान र अभियोजन दुवै निकायमा आवद्ध जनशक्तिहरुलाई निश्चित कार्ययोजना सहित क्षमता अभिवृद्धी तालीम, प्रशिक्षण र विशिष्टिकृत तालीमको आवश्यकता पर्दछ। संयुक्त रुपमा दुवै निकायका पदाधिकारीलाई दिईने तालीम र प्रशिक्षणले दुवै निकायबाट समन्वयात्मक रुपमा अगाडी बढ्नु पर्ने कुरालाई जोड दिन मद्धत पुग्दछ।

७. **अभियोजन परिक्षण र अनुगमन:** संगठित अपराधको अभियोजन भएका मुद्धामा अभियोजन ठिक ढंगबाट भए नभएको, प्रमाणको मूल्यांकन विश्लेषण सहि रुपमा गरिए नगरिएको, ऐनका व्यबस्थाहरुको प्रयोग के कुन रुपमा के कसरी गरिएको, अभियोजन गरिदा पालना गर्नु पर्ने र हेर्नु पर्ने पक्षहरुमा ध्यान दिए नदिएको लगायतका पक्षहरुलाई हेरी मूल्यांकन गरि पृष्ठपोपण गर्न र सुधारका क्षेत्र पहिचान गर्न अभियोजन परिक्षण तथा अनुगमन गर्नु आवश्यक छ। यसका लागि अनुगमन गर्ने आधार तथा संयन्त्र विकाश गर्नु पर्ने देखिन्छ।

८. **ऐनको कार्यान्वयन र अभ्यासका वारेमा अध्ययन अनुसन्धान:** संगठित अपराध निवारण ऐन कार्यान्वयनमा आएको ५ वर्ष पूरा भएको छ । यस अवधीमा ऐनको कार्यान्वयन र यसको प्रभावबाट समाजमा संगठित अपराध नियन्त्रण र न्यूनिकरण गर्न ऐनको योगदान भए नभएको, ऐनको कार्यान्वयनमा के कस्ता समस्याहरु रहे वा भए, ऐनले राखेको संगठीत अपराध निवारणको लागि के कस्ता नितिगत र कार्यगत रणनीतिहरु आवश्यक पर्दछन, ऐनको कार्यान्वयनमा सरोकारवाला निकायहरुको भूमिका कस्तो रह्यो र ऐनको प्रभावकारी कार्यान्वयनको लागि के कस्तो सुधार आवश्यक पर्दछ भन्ने लगायतका विविध पक्षहरुमा अध्ययन अनुसन्धान गरी प्रभावकारी रुपमा ऐनको कार्यान्वयनको लागि ऐनको प्रभाव मूल्यांङकन आवश्यक देखिन्छ।

९. **समन्वय र सहकार्यमा जोड:** संगठित अपराधको अपराध अहिले विश्वव्यापी रुपमा समस्याको रुपमा रहेको छ। अपराधको गतिशिल प्रवृती,यातायात तथा संञ्चारको विकाश र विस्तार तथा आधुनिक प्रविधिको प्रयोग र पहुँचले यस किसिमका अपराधले राष्ट्रिय रुपमा मात्र नभई क्षेत्रीय र अन्तराष्ट्रिय समुदायलाई नै चुनौती दिईरहेको छ। यसको निवारण वा नियन्त्रणको लागि अपराधको प्रकृति र यसको गिरोह तथा संलग्न समूहको भूमिका र संगठन संरचना अनुसार देश भित्र मात्रै नभई कतिपय अवस्थामा क्षेत्रीय र अन्तराष्ट्रिय रुपमै राष्ट्रहरुका विचमा आपसी सहयोग ,समन्वय, र साझा प्रयास आवश्यक देखिन्छ। यसका लागि कानून कार्यान्वयन गर्ने निकायका पदाधिकारीको विचमा देश भित्र आपसी छलफल समन्वय तथा सहकार्य र क्षेत्रिय तथा अन्तराष्ट्रिय रुपमा राजनैतीक नेतृत्व देखि सम्वन्धित निकायका विच आपसी सहयोग र समवन्य आवश्यक देखिन्छ ।

११. निष्कर्ष:

संगठित अपराध अपराधको दुनियामा तुलनात्मक रुपमा नविनतम अवधारणा हो तर यसको प्रभाव र असरको हिसावले यसले अपराधको दुनियामा एउटा निकै नमिठो छाप छोडन्न सफल भै सकेको छ। आर्थिक क्रियाकलापका दृष्टिले अपराध उधोगको (Crime-Enterprise) रुपमा लिईने यस किसिमको अपराध आफैमा स्वतन्त्र कसूर नभई कुनै आपराधिक कार्य संगठित आपराधिक समूहले सम्पन्न गर्ने परिष्कृत अपराध हो जसको मुख्य ध्येय आर्थिक लाभ

भन्ने हुन्छ। संगठित अपराध अपराध गर्ने उद्धेश्य, तरिका, प्रकार, संजाल संगठन र प्रविधिको प्रयोग जस्ता तत्वहरुका आधारामा अन्य पराम्परागत अपराध भन्दा फरक तथा जटिल हुने र यसले समाज र राज्य लाई गम्भिर असर र प्रभाव पार्ने भएकोले यसको प्रभावकारी नियन्त्रणको लागि राष्ट्रिय र क्षेत्रीय र अन्तराष्ट्रिय रुपमा विभिन्न कानूनी तथा संस्थागत प्रबन्ध तयार भई नियन्त्रणको लागि प्रयासहरु हुदै आएको अवस्था छ।

नेपालमा पनि संगठित अपराध नियन्त्रण गर्ने उद्धेश्यले २०७० सालमा संगठित अपराध निवारण ऐन जारी भई कार्यान्वयनमा रहेको अवस्था छ। संगठित अपराधको पहिचान, प्रतिरोध र नियन्त्रणको लागि ऐन जारी भए पनि यस सम्वन्धी अवधारणाको बुझाई तथा ऐनमा रहेका केही असंगत व्यवस्थाहरुले संगठित अपराधको अनुसन्धान र अभियोजन प्रभावकारी बन्न सकिरहेको छैन। अपराधको प्रभावकारी अनुसन्धान र अभियोजन भए मात्र राज्यले राखेको न्यायपुर्ण समाज स्थापनामा सहयोग पुग्ने देखिएकाले समग्र फौजदारी न्याय प्रणालीमा आवद्ध व्यक्ति एवं संस्थाहरु सक्षम र व्यवसायीक हुन जरुरी हुन्छ । प्रभावकारी अभियोजनका लागि देखिएका गतिरोध, समस्या र चुनौतीहरुलाई संम्वोधन गर्दै अगाडी बढ्न सके धेरैहद सम्म अपराध नियन्त्रण हुने कुरामा आशावादी हुन सकिन्छ।

कार्यपत्र : १०, नेपालको कानूनमा संगठित अपराधलाई हेर्ने दृष्टिकोण र हालको प्रयोगको अवस्था

रुद्र प्रसाद सुवेदी

उपन्यायधिवक्ता

नेपालको कानूनमा संगठित अपराधलाई हेर्ने दृष्टिकोण र हाल प्रयोगको अवस्था

१. सामान्य परिचयः

नागरिक जीवनमा व्यक्तिक सुरक्षा, स्वतन्त्रता, स्वभिमान तथा सम्पतिको संरक्षण र सुरक्षा नै सर्वोपरी चासोका विषय हुन् । समाजमा शान्ति सूरक्षाको प्रत्याभूति विना शान्तिपूर्वक बाच्ने तथा जनधनको सुरक्षा हुन सक्दैन। राज्यले शान्ति सुरक्षाको प्रत्याभूति तथा व्यवस्थापनका लागी दरिलो र प्रभावकारी फौजदारी कानूनको निर्माण र कार्यन्वयन गर्दछ । फौजदारी कानून अपराध र दण्ड सजाय सँग सम्बन्धित रहन्छ । गम्भीर प्रकृतिका गैरकानूनी कार्यलाई अपराधको कोटीमा राखी, उक्त कार्य कसैले गरेमा सजाय र दण्डद्धारा हत्तोत्साहित वा सुधार गरी व्यक्ति, समाज, राज्य र अन्तराष्ट्रिय क्षेत्रमा शान्ति र व्यवस्थाको प्रत्याभूति गर्नु फौजदारी कानूनको विषय हो।[1]

आधुनिक समाजमा भएको विज्ञान र प्रविधिको तिब्र विकाशले विश्वलाई एक समुदायको रुपमा परिणत गरेको छ । आपसी सहयोग बढाउनुको साथै जीवनस्तरमा समेत बढोत्तरी भएको छ । विकाशसँगसगै अर्को तर्फ आधुनिक प्रविधिको प्रयोग र त्यसको उपभोगको माध्यमबाट समाजमा परम्परागत अपराधका अलावा संगठित रुपमा योजनाबद्ध तरीकाले आफ्नो समूहको फाइदाको लागि अपराधहरु गर्ने प्रवृतिमा तिब्र बिस्तार हुदै गएको छ । अपराधहरुको सीमा पनि राष्ट्रिय स्तरमा मात्र सीमित रहेन। अपराधिक समूहले संसारको कुनै एक राष्ट्रमा बसी योजना बनाई अर्को कुनै राष्ट्रमा अपराध गरिरहेको हुन्छ र तेस्रो मुलुकमा लुकिरहेको हुन्छ । अपराधिक कार्यलाई संगठनको निर्माण गरेर, पेसाको रुपमा नै अंगिकार गरिरहेका छन् । अपराधका विभिन्न स्वरुपहरु मध्ये व्यापक र जटील अपराधका रुपमा संगठित अपराध देखा परेको छ। संगठित अपराधको अबधारणालाई फौजदारी विधिशास्त्रमा तुलनात्मक रुपले नविनतम अवधारणाको रुपमा लिने गरिन्छ। अरु परम्परागत फौजदारी अपराधको तुलनामा संगठित अपराधको उद्देश्य, अपराध गर्ने तरिका, संजाल, संगठन, प्रविधिको प्रयोग जस्ता तत्वहरुको आधारमा आफैमा जटिल परिघटनाको रुपमा रहेको हुन्छ[2]। संगठित अपराधलाई

[1] प्रा. डा. रजितभक्त प्राधानाङ्ग, फौजदारी कानूनको परीचय २०७३, पृष्ठ १

[2] कुन्साङ लामा, संगठित अपराधको अवधारण र नेपालमा कार्यान्वयनको अवस्था, सम्मेलन विशेषङ्क, नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन, २०७५, पृष्ठ १८७

परिभाषा गर्न सजिलो छैन । संगठित अपराध के लाई मान्ने भन्ने विषय पेचिलो छ । यसलाई कानूनी रुपमा भन्दा पनि अवधारणाको रुपमा लिने गरिन्छ। यसको परिभाषा गर्न कठिन भएकाले अर्थयाउनु भन्दा समूहले कसरी अपराधिक गतिविधिहरु संचालन गर्दछन्, यसका चरित्र कस्ता हुन्छन्, पहिचानका आधारहरु के के हुन सक्दछन् भन्ने विषयहरु यसका परिभाषा भित्र पर्दछन् ।[3] लागूऔषधको अवैध कारोवार ,तस्करीजन्य कार्यहरु, मानव वेचविखन, आतङ्कवाद, मानव अपहरण तथा शरीर बन्धक गरी फिरौति असुली, अवैध रुपमा आर्जन गरेको सम्पतिको शद्धीकरण, नक्कली मुद्राको प्रचलन, बैक तथा वित्तीय कारोवारमा धोका, भ्रष्टाचार जस्ता अपराधहरु बढ्दो रुपमा देखिएका छन् यस्ता अपराधहरु अन्तरदेशीय एंव संगठित रुपमा गर्ने गरेको पाइन्छ[4]।

अपराधिक समूहहरुको गतिशिलताको कारण अन्तरदेशीय रुपमा नै राजनैतिक, आर्थिक, सामाजिक, सास्कृतिक मूल्य मान्यतालाई प्रभाव पार्ने हुदा विश्व समुदायको चासोको रुपमा रहेको छ । संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि, २००० ले सदस्य राष्ट्रहरुलाई संगठित अपराधका विरुद्ध सामुहिक प्रयासका लागि आव्हान गऱ्यो। यसका पक्ष राष्ट्रहरुले संगठित अपराधलाई निवारणको लागि कानूनी तथा नीतिगत, संरचनागत र अनुसन्धानगत व्यवस्था गरी यस्ता अपराधहरुको नियन्त्रण एवम् निवारणका लागि निरोधात्मक, उपचारात्मक र प्रवर्दनात्मक लगायतका सबै उपायहरु अवलम्वन गर्न आव्हान गरेको पाइन्छ[5]। नेपालमा पनि संगठित अपराधको घटना बढ्दै गई रहेको अवस्थामा संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिमा ११ डिसेम्बर २००२ मा हस्ताक्षर गरी नेपाल पक्ष राष्ट्र बनेको छ । पक्ष राष्ट्रको हैसियतले घरेलु दायित्व पुरा गर्न कानूनी तथा नीतिगत, संरचनागत व्यवस्था गरेको छ । भष्ट्राचार निवारण ऐन, २०५९, सम्पति शुद्दिकरण निवारण ऐन, २०६४, पारस्पारिक कानूनी सहायता सम्बन्धी ऐन, २०७०, सुपुर्दगी ऐन, २०७०, कसूरजन्य सम्पति रोक्का तथा जफत ऐन, २०७०, लागू गरेको छ । उक्त ऐनहरु जारी हुनुपुर्व हाम्रो कानूनी प्रणालीमा संगठित अपराध विरुद्धका चरित्रहरुलाई संवोधन गरी निवारण गर्दै आएको पाइन्छ । प्रस्तुत कार्य पत्रमा नेपालको कानूनमा सगठित अपराधलाई हर्ने दृष्ट्रिकोणको बारेमा संक्षिप्त चर्चा गर्ने प्रयास गरीएको छ।

१.१ अध्ययनको उदेश्य

प्रस्तुत कार्यपत्रले संगठित अपराध संचार र प्रविधि सँगै व्यापक राष्ट्रिय र अन्तरदेशीय रुपमा बढ्दै गएको सन्दर्भमा प्रचलित नेपाल कानूनहरुमा कुन कुन ऐनमा संगठित अपराधको प्रकृतिलाई सम्बोधन गरेको छ ।सो सम्बन्धमा नेपालको कानूनमा संगठित अपराधलाई हेर्ने दृष्टिकोण र हालको प्रयोगको अवस्थाको चर्चा गर्ने उदेश्य राखेको छ।

१.२ अध्ययनको महत्व

[3] राजेश कुमार कटुवाल, संगठित अपराध, न्याय प्रशासनका आयामहरु, सोपान मासिक पृष्ठ ५६७

[4] पद टिप्पणी न. २

[5] डा. शान्त राज सुवेदी सम्पति शुद्धिकरण सम्भावित जोखिम र नेपालको प्रयास, कामाद अंक १९/२०७५

संगठित अपराधको बारेमा सबैलाई पर्याप्त मात्रामा जानकारीको अभाव रहेको साथै हाम्रो संदर्भमा नेपाल कानूनमा कहाँ कहाँ यसका चरित्रहरु देखिन्छन। नेपालको कानूनमा कसरी हेरीएको छ। अदालतले कसरी हेरेको छ। सो सम्बन्धमा सम्बद्ध क्षेत्रमा सरोकार राख्ने सबैका लागि फलदायी हुनेछ।

१.३अध्ययनको तरिका

मूलत यो सैद्धान्तिक अध्ययन हो। संगठित अपराधका सम्बन्धमा नेपालको कानूनमा रहेका व्यवस्थाहरु, त्यसमा अदालतले राखेका दृष्टिकोण, अन्तर्राष्ट्रिय व्यवस्था, संविधान, ऐन, कानून, महासन्धि, पुस्तक, लेख रचनाहरुको अध्ययन र अवलोकनबाट यो कार्यपत्र तयार गरीएको छ।

१.४ अध्ययनको सिमा

संगठित अपराध सम्बन्धी नेपाल कानूनले गरेका मुख्य व्यवस्था र त्यस सम्बन्धमा रहेको ऐतिहासिक विकासक्रम, अन्तर्राष्ट्रिय कानूनी व्यवस्था र संगठित अपराध सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको जानकारी मूलक अवधारणामा कार्यपत्र सीमित रहेको छ।

१.५ अध्ययनको गठन

प्रस्तुत कार्यपत्रको संगठनात्मक संरचनालाई सामान्य परिचय, संगठित अपराधको परिभाषाः नेपालको कानून प्रणालीमा संगठित अपराधको रोकथाममा आकर्षित हुन सक्ने संवैधानिक व्यवस्था, संगठित_अपराध नियन्त्रण सम्बन्धमा कानूनी प्रयासहरु, अन्तराष्ट्रिय कानून प्रयासहरु, संगठित अपराध सम्बन्धमा न्यायिक दृष्टिकोण संगठित अपराध निवारण ऐन, २०७० को अन्य कानूनसँगको अन्तर सम्बन्ध, समस्या र चुनौतीहरु, समाधानका उपायहरु र निष्कर्ष शिर्षकमा भागमा विभाजन गरिएको छ।

१.६ अध्ययनको सामाग्रीको समिक्षा

कार्यपत्र तयार गर्ने क्रममा संगठित अपराध सम्बन्धी नेपाली कानूनी स्रोत सामाग्री, संविधान, नेपाल कानून, सन्धि सम्झौता, यस विषयमा लेखिएका पुस्तकहरु लेख रचना सर्वोच्च अदालतबाट प्रकाशित नजिर संग्रह तथा नेपाल कानून पत्रिकाको अध्ययन तथा अवलोकन गरिएको ।

२. <u>संगठित अपराधको परिभाषाः</u>

संगठित अपराध शब्द सन् १९१९ मा वकील ब्यापारी र बैङ्क सञ्चालकहरुले स्थापना गरेको अपराध आयोगले प्रयोग गरेको थियो। सन् १९३० देखि १९४० को दशकमा यसको अबधारणा सार्वजनिक रुपमा छलफलको विषय रहयो । संगठित अपराध भन्ने शव्दावलीको प्रयोग हुन थालेको धैरे लामो इतिहास छैन् । शुरुमा अपराधिक समूहहरुको कार्यलाई सामान्यत गुण्डागर्दी गर्ने समूह, माफियालाई सम्बोधन गरेको पाइछ । आर्थिक लाभ प्राप्त गर्ने उद्देश्यले खडा भएका समूह वा गम्भीर अपराध गर्ने भन्ने बुझिन्थ्यो। समूहको प्रकृति, संगठन, हिंसात्मक माध्यम, आर्थिक, भौतिक, प्रभावको लागि अपराध गर्ने चरित्रका आधारमा चिनिन्थ्यो । सन् १९७० मा अमेरिकी न्याय विभागले यस्ता संगठित अपराधिक समूहबाट सञ्चालन हुने अपराधिक कार्यलाई महत्वका साथ हेर्न थाल्यो । अमेरिकाको संगठित अपराध नियन्त्रण ऐन, १९७०, संयुक्त राष्ट्रसंघले १९७६ र युरोपियन युनियनले सन् १९९८ देखि यसलाई अनुसरणको प्रयास भयो । सन् १९९० बाट घरेलु कानूनहरु बन्न थाले ।

संगठित अपराधको परिभाषा गर्ने विषय जटिल रहेको, एकरुपता नरहेको यसको चरित्रका आधारमा परिभाषा गर्ने गरेको पाइन्छ । संयुक्त राष्ट्रसंघीय महासभाले सन् २००० मा अनुमोदन गरी जारी गरेको अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिमा "Organized criminal group" shall mean a structured group of three or more persons, existing for a period of time and acting in concert with the aim of committing one or more serious crimes or offences established in accordance with this Convention, in order to obtain, directly or indirectly, a financial or other material benefit;[6] छ । यस परिभाषाले तीन वा तीन भन्दा बढी व्यक्तिहरुको संरचनागत समूह रहेको आर्थिक वा अन्य कुनै लाभका लागि एक वा एक भन्दा बढी गम्भीर प्रकृतिका अपराधमा संलग्न रहेको अपराधिक समूह संगठित अपराध समूह हो भनी उल्लेख गरेको पाइन्छ । साथै उक्त महासन्धिले एक भन्दा बढी राज्यमा अपराध गरेमा, एक राज्यमा अपराध गरे पनि उक्त अपराधको तयारी, योजना, निर्देशन र नियत्रण अर्को राज्यमा भएमा, एक राज्यमा अपराध गरिएको तर एक भन्दा बढी राज्यमा अपराधिक गतिविधिहरुमा संलग्न भएका संगठित अपराधिक समूह संलग्न भएका एक राज्यमा घटाइएका अर्को राज्यमा आधारभूत प्रभाव रहेका त्यस्ता अपराधहरुलाई लिइएको छ।[7] न्यूनतम चार वर्ष कैद हुने प्रकृतिको अपराधलाई गम्भीर अपराधको रुपमा लिएको, आर्थिक लाभ वा हिंसा गर्ने उद्वेश्यले गठन भएको संरचनागत गठित, सदस्यको गोपनियता, इमान्दारीता, र श्रमको विभाजन हुने उल्लेख गरेको पाइन्छ।INTERPOL का अनुसार संगठित अपराध भन्नाले राष्ट्रिय सीमानाको वास्ता नगरी आर्थिक लाभ प्राप्त गर्ने उद्देश्यले निरन्तर रुपमा गैरकानूनी कार्यमा संलग्न रहदै आएको कुनै संगठन वा व्यक्तिहरुको समूहहरुले आफ्नो शक्ति, पैसा, हत्या, आतङ्कको भरमा एउटा अनुशासित, संगठित संस्थाका रुपमा गर्ने तस्करी, जुवा, वेश्यावृति, लागू औषध कारोवार, बैङ्किङ धोका, मुद्राको अपचलन लगायतका अपराधजन्य कार्यहरुलाई नै संगठित अपराध भनिन्छ"[8]। यस परिभाषाले अन्तरदेशीय रुपमा संगठित अपराधिक समूहको आर्थिक लाभ प्राप्त गर्ने उद्देश्यको लागि शक्ति, हत्या, आतङ्कको आधारमा गरिने अपराधको रुपमा परिभाषा गरेको पाइन्छ। संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (२) मा कसैले आपराधिक समूहको लाभको लागि, अपराधिक समूहको निर्देशनमा, अपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेमा निजले संग्ङठित अपराध गरेको मानिनेछ ।" देहायको कसूरलाई गम्भीर अपराधको रुपमा लिएको छः-

(क) प्रचलित कानून बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर,

---

[6] United Nations Convention agonist Transnational Organized Crime, 2000 article 2a.

[7] संगठीत अपराध सम्बन्धी कानुनको प्रभाव मुल्याङ्कन सम्बन्धी अनुसन्धानमुलक अध्ययन प्रतिवेदन,२०७४, महान्यायधिवक्ताको कार्यालय, पृष्ठ १८

[8] पद टिप्पणि २ पृष्ठ १९१

(ख) परिच्छेद-३ बमोजिम कुनै कसूर, र

- आपराधिक समूह स्थापना गर्न नहुने,
- न्यायिक कारवाहीमा अवरोध गर्न नहुने,
- विध्वंसात्मक कार्य गर्न नहुने,
- आपराधिक लाभ लिन नहुने

(ग) प्रचलित कानून बमोजिम भ्रष्टाचार वा सम्पति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी मानिने कसूर ।

साथै कसैले कुनै आपराधिक समूहलाई संगठित अपराध गर्न सघाउ पुऱ्याउन कुनै काम जानी जानी गरी वा नगरी सो समूहको काम कारवाहीमा सहभागी हुने वा सघाउ पुऱ्याउने वा सञ्चार साधन वा सूचना प्रविधि उपलब्ध गराउने वा आर्थिक सहयोग गर्ने वा संगठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने, लुकाउने वा भगाउने कार्य गर्न वा गराउन हुदैन।[9]अत : समग्रमा विश्लेषण गर्दा अन्तरदेशिय रुपमा आर्थिक, भौतिक तथा आफ्नो प्रभाव जमाउने उद्वेश्यले संगठित भई, तहगत संरचना, गोपनियता, कार्यविभाजन, योजना बनाई श्रृखलाबद्ध रुपमा गम्भीर अपराधिक कृयाकलापहरु निरन्तर रुपमा गरिने अपराधलाई संगठित अपराध भनि बुझ्न सकिन्छ।

३. नेपालको कानून प्रणालीमा संगठित अपराधको रोकथाममा आकर्षित हुन सक्ने व्यवस्थाः

३.१. संवैधानिक व्यवस्था

नेपालको संविधानले राष्ट्रियता, देशभक्ति प्रति सम्मान, सामाजिक परिवर्तन, सामाजिक न्याय, राजनीतिक स्थायित्व, कानूनी राज्यको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको परिकल्पना गरेको छ । संगठित अपराधिक समूहहरुको निशानमा पर्ने महिला, बालबालिका तथा कुनै पनि नागरिकलाई शोषण हुन नदिन शोषण विरुद्धको हक, महिलाको हक साथै बालबालिकाको हक जस्तै मौलिक हकको प्रत्याभुति गरेको छ । नेपाल UNO लगायत विशिष्टीकृत एजेन्सीहरुको सदस्य तथा क्षेत्रीय संगठनहरुको सदस्य समेत हो । नेपालले राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा आफ्नो दायित्वहरु पूरा गर्नुपर्ने हुन्छ । संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्वान्त, नीति तथा दायित्वहरु पनि पूरा गर्दै जानुपर्दछ ।

३.१.१ अपराध पीडितको हकः अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्बन्धी जानकारी, कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक सुरक्षित गरेको छ।[10]

[9] संगठित अपराध निवारण ऐन, २०७०, परिच्छेद २ र ३

[10] नेपालको संविधानको धारा २१

३.१.२ शोषण विरुद्धको हकः कसैलाई पनि बेचविखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।[11]

३.१.३ महिलाको हकः महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचललन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन ।त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।[12]

३.१.४ बालवालिकाको हक : कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपोसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन । कनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्वय वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।[13]

३.१.५ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व[14]

- नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धि सम्झौताहरुको कार्यान्वयन गर्ने,
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्ट्राचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताकों समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने,
- कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक बनाई व्यपारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने,
- बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने,
- वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारि र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,
- राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिक, लगायत सबै क्षेत्रको भ्रष्ट्राचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्वन गर्न,
- विगतमा भएका सन्धिहरुको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरु गर्ने ।

---

[11] नेपालको संविधानको धारा २९

[12] नेपालको संविधानको धारा ३८

[13] नेपालको संविधानको धारा ३९

[14] नेपालको संविधानको धारा ५० र ५१

३.२ संगठित अपराध नियन्त्रण सम्बन्धमा कानूनी प्रयासहरुः

संगठित अपराधको संरचना तथा सन्जाल भौगोलिक क्षेत्रभित्र सिमीत रहदैनन् । आपराधिक कार्यहरुको उर्वरता रहने क्षेत्रहरु अपराधिक समूहको निशानाको विषय रहन्छ । त्यस्ता क्षेत्रमा कानूनी व्यवस्था र कार्यान्वयनको सक्रियता भएमा अन्यत्र गएर अपराधिक क्रियाकलाय सञ्चालन गर्दछन्।

३.२.१ सङ्गठित अपराध निवारण ऐन, २०७० का मुख्य मुख्य व्यवस्थाहरुः

- यस ऐन अन्तर्गतको कसूर गर्नेलाई प्रचलित कानुन बमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय हुने ।
- क्षतिपूर्ति कसूरदारबाटै भराउने ।
- यस अपराधको तहकिकातका लागि आवश्यकतानुसार विशेष अनुसन्धान टोली गठन गर्न सक्ने तथा विशेष अनुसन्धान पद्धति अपनाउन सकिने ।
- अदालतको अनुमति लिई अभियुक्तलाई पटक पटक गरी ६० दिनसम्म हिरासतमा राख्न सकिने ।
- तहकिकातको सिलसिलामा अभियुक्तको सम्पत्ति, राहदानी रोक्का राख्न सकिने ।
- शंकित कारोबारको विवरण माग्न वा कारोबार वा खाता रोक्का राख्न सकिने ।
- टेलिफोन वा सञ्चारको विवरण माग गर्न सकिने ।
- मनासिब आधार भएमा अभियुक्तले प्रयोग गरेको सञ्चार माध्यम निष्कृय गर्न सकिने ।
- अनुसन्धानमा सहयोग गर्ने अभियुक्तलाई सजायको मागदाबीमा ७५ प्रतिशतसम्म छुट दिन सकिने ।
- अभियोगपत्र दायर भइसकेपछि पनि थप अभियोग लगाउन सकिने ।
- अनुसन्धानको सिलसिलामा सञ्चार अभिलेख गर्न सकिने ।
- अभियुक्तलाई श्रब्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत उपस्थित गराउन सकिने।
- उजुरीकर्ता वा साक्षीको काल्पनिक वा साङ्केतिक नामवाट बयान वा बकपत्र गराउन सकिने ।
- जिरह सम्बन्धी विशेष व्यवस्था ।
- बन्द इजलासमा कारबाही तथा सुनुवाइ गर्न सक्ने ।
- सङ्गठित संस्था (कानुनी व्यक्ति) लाई समेत सजाय हुनसक्ने व्यवस्था ।
- सुराकी, उजूरीकर्ता तथा साक्षीको संरक्षण सम्बन्धी विशेष व्यवस्था ।
- मुद्दा सरकार वादी हुने र हदम्याद नलाग्ने ।
- पक्राउ गर्न वा अनुसन्धान गर्न सहयोग गर्नेलाई जरिवानाको २० प्रतिशत बराबरको रकम पुरस्कार दिइने

३.२.२ भ्रष्टाचार

भ्रष्टाचार सर्व व्यापक छ । भ्रष्टाचार कुनै एक क्षेत्र वा मुलुकमा मात्र सिमित हुदैन न त यो कुनै जात रङ वा वर्ण विशेषमा निहित हुन्छ । यो विश्वव्यापीकरण र व्यापारिक गतिविधिको बिस्तारले यसलाई बहुराष्ट्रिय गतिविधि बनाएको छ । भ्रष्टाचार समाजको चुनौतीको रुपमा लिइन्छ,[15] अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्टसंघीय महासन्धि २००० को धारा ८(क), ८(ख) ले कुनै सार्वजनिक अधिकारीलाई कुनै काम गरी दिए वा नगरीदिए वापत प्रत्यक्ष वा अप्रत्यक्ष फाइदा पुऱ्याउन वचन दिनु वा निजको तर्फबाट अरु कसैलाई त्यस्तो फाइदा पुऱ्याउने काम र सार्वजनिक अधिकारीबाट पनि त्यस्तो कार्य गरिदिए वा नगरिदिए वापत फाइदा लिनु वा लिने प्रयास गर्नुलाई भ्रष्टाचारको रुपमा लिएको छ ।[16] भ्रष्टाचार विरुद्धको संयुक्त राष्टसंघीय महासन्धि, २००३ ले संगठित अपराधको लागि एक महत्वपूर्ण मुद्दाको रुपमा लिएर नियन्त्रणका लागि अन्तराष्ट्रिय सहयोगको आवश्यकता महशुस गरेको पाइन्छ ।

भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानूनी व्यवस्थाः

पृथ्वी नारायण शाहको दिव्य उपदेशमा ठूलो निसाफ हेर्नु, मुलुकमा अन्याय हुन नदिन' निया निसाफ बिगाऱ्यो भन्याका घूस दिन्या र खान्या' यीन दुईको त धन जीव गरी दिएको पनि पाप छैन।[17] मुलुकी ऐनको हाकिमका नाउमा कराउनेको महल तथा संवैधानिक विकासक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र न्यायपरिषद तथा न्यायपरिषद ऐन, भ्रष्टाचार निवारण ऐन तथा नियमावली, सतर्कता केन्द्र लगायतका संस्थाहरु क्रियाशिल रहेका छन् ।

भ्रष्टाचार निवारण ऐन, २०५९ का मुख्य विशेषताहरुः[18]

क. ऐनको बहिरक्षेत्रिय प्रयोगः नेपाल बाहिर जहाँसुकै रहे बसेका नेपाली नागरिक राष्ट्रसेवक र भ्रष्टाचार ऐन बमोजिम कुनै काम गरी विदेशमा बस्ने गैरनेपाली नागरिक समेतलाई लागू हुने ।

ख. थप सजाय : संवैधानिक अङ्ग वा निकायका पदाधिकारी, राष्ट्रपतिबाट मनोनयन वा नियुक्त हुने पदाधिकारी, नेपाल सरकारका विशिष्ट श्रेणी वा सो सरहका पदाधिकारी, सार्वजनिक संस्थाका प्रमुख महाप्रबन्धक वा सो सरहका पदाधिकारीले यस परिच्छेद अन्तर्गतका कसूर गरेमा निजलाई त्यस्तो कसूरमा हुने सजायमा थप तीन वर्षसम्म कैद सजाय हुनेछ ।

---

[15] संगठित अपराध एक परिचय स्रोत सामग्री, राष्ट्रिय न्यायिक प्रतिष्ठान २०६८, पृष्ठ ४५

[16] पद टिप्पणी ३ पृष्ठ ५९७

[17] मोहन प्रसाद बज्राडे, संगठित अपराधका रुपमा भष्टाचार सार्वजनिक व्यवस्थापन स्रोत सामग्री , सारथी पृष्ठ २६८

[18] भष्ट्राचार निवारण ऐन, २०५९

ग.भ्रष्ट्राचारको निगरानी सम्वन्धी व्यवस्थाः

राष्ट्रिय सतर्कता केन्द्रः भ्रष्ट्राचारजन्य कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न तथा भ्रष्ट्राचार विरुद्ध जनचेतना अभिवृद्धि गर्न नेपाल सरकारले प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने ।

घ. अनुसन्धान र अभियोजन सम्बन्धी ब्यवस्थाः

- विवरण लिन वा कारोवार वा खाता रोक्का राख्न सकिने,
- राहादानी जारी नगर्न वा रोक्का राख्न सक्ने,
- अवकास प्राप्त व्यक्ति उपर पनि मुद्दा चलाउन सकिने,
- सम्पति जफत हुने,
- विदेशी व्यक्तिको सम्पति रोक्का राख्न आदेश दिने,
- सम्पति विवरण सम्बन्धी व्यवस्था,
- सजायको मागदाबीमा छुट हुन सक्ने,
- सुराकी र त्यसको विवरण गोप्य राखिने,

३.२.२. लागू औषधको ओसारपसारः

लागू औषधको अवैध ओसारपसार कारोवार देशको सीमाभित्र मात्र सीमित रहेको छैन। संगठित रुपमा हुने लागू औषधको कारोवारलाई नियन्त्रण गर्न मुलुकहरु पनि संगठित रुपमा क्रियाशील हुनुपर्ने आवश्यकता देखिएको छ।[19] लागू औषधको अवैध ओसारपसार कारोवार नेपालको लागि नयाँ विषय भने होइन। पछिल्लो समयमा नयाँ नयाँ स्वरुप र प्रविधि अपनाएको पाइन्छ। संगठित अपराधिक समूहका सदस्यहरुको गिरोहहरुले नेपाललाई टान्जिट प्वाइन्टको रुपमा प्रयोग गरेको पाइन्छ।पछिल्लो चरणमा अन्तराष्ट्रिय अपराधिक समूहका सदस्यहरुको गिरोहहरु सक्रिय रहेको पाइन्छ।

लागू औषध नियन्त्रण ऐन, २०३३ का मुख्य मुख्य व्यवस्थाहरु[20] :

क. बहिर्क्षेत्रीय क्षेत्राधिकार प्रयोग :नेपालबाट वा नेपाल भित्र कुनै लागू औषध निकासी वा पैठारी गरी विदेशमा बसी व्यापार गर्ने नेपाली नागरिक वा विदेशीलाई समेत यो ऐन लागू हुन्छ ।

ख.कन्ट्रोल डेलिभरीः कुनै व्यक्तिले नेपालबाट वा नेपाल भई अन्य देशमा लागू औषध पठाएकोमा त्यस्तो लागू औषध जाने अन्तिम स्थान र लागू औषध प्राप्त गर्ने व्यक्ति पत्ता लगाउन औषध अनुसन्धान अधिकारीको प्रत्यक्ष निगरानीमा सो लागू औषधको सट्टमा त्यस्तै अन्य कुनै सामान त्यस्तो लागू औषधको प्याकेटभित्र राखी पठाउने प्रविधि अपनाउन सक्ने ।

[19] श्याम कुमार भट्टराई लागू औषध सम्बन्धी सर्वोच्य अदालतको दृष्टिकोण प्रतिपादन वर्ष ३, अंक १ २०७५ राष्ट्रिय न्यायिक प्रतिष्ठान पृष्ठ २११

[20] लागू औषध नियन्त्रण ऐन, २०३३

ग. आर्थिक कारोवारको विवरण माग गर्न सक्ने: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए ता पनि कुनै व्यक्ति, संघ संस्था, फर्म, कम्पनी वा अन्तराष्ट्रिय संगठनले लागू औषधको अवैध कारोवार गरेको छ भन्ने विश्वसनीय आधार भएमा औषध नियन्त्रण अधिकारीले त्यस्तो व्यक्ति, फर्म, संघ, संस्था, कम्पनी वा अन्तराष्ट्रिय संगठनको नाममा कुनै बैङ्क वा वित्तीय संस्थामा । रहेको खाताको विवरण माग गर्न सक्नेछ।

घ.कुनै कुरा टेप गर्न वा सेन्सर गर्न सक्ने: लागू औषधको अनुसन्धानको सिलसिलामा औषध नियन्त्रण अधिकारीले मुद्दा अनुसन्धान गर्ने वा हेर्ने अधिकारीबाट आदेश भएमा लागू औषधसँग सम्बन्धित कुनै व्यक्तिको टेलिफोन, टेलेक्स, फ्याक्स, जस्ता इलेक्ट्रोनिक प्रविधिहरुको टेप गर्न, प्रतिलिपि लिन वा फोटो खिच्न र कुनै चिठ्ठी-पत्र, पार्सल, डकुमेण्ट जस्ता हुलाकबाट प्राप्त हुने कुनै पनि कागजातको सेन्सर गर्न सक्नेछ । सो कागजात प्रमाणको रुपमा पेश गर्न सछ ।

ङ. प्रमाणको भार: प्रतिवादीमा रहने ।

च.अपराधको मात्रा: लागू औषधको प्रकृति, परिणाम, सञ्चय अभियुक्तको गिरोह वा संगठन, अभियुक्तहरुले प्रयोग गर्ने हातहतियार वा बलको प्रयोग तथा नाबालकलाई आपराधिक कार्यमा गराइएको संलग्नता, शैक्षिक, सामाजिक र साँस्कृतिक संगठन जस्ता संस्थालाई माध्यम बनाई गरिएको कारोवार, सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो पदको दुरुपयोग गरी गरिएको कारोवारको आधारमा निर्धारण गरिने अपराधको मात्रा सम्झनु पर्छ ।

३.२.४ मानव बेचविखन तथा ओसार पसार:

मानवको बेचबिखन तथा ओसारपसार मानिस विरुद्धको एउटा परम्परागत गम्भीर अपराध हो ।यध्यपि यातायात र सञ्चार लगायतका विज्ञान प्रविधिको विकसीत नयाँ स्वरुपहरुले संसारलाई खुम्च्याएर विश्व गाँउ बनाएसँगै यो अपराध हुने तौर तरीका र उद्देश्य लगायत यसबाट हुने पीडितका पनि नयाँ स्वरुप र आयाम देखिएका छन् । यो कुनै एउटा समाज अथवा राष्ट्रमा हुने अपराध मात्र नभएर विश्वव्यापी अपराधका रुपमा विकसीत भएको छ । त्यसैले यो अपराध कुनै एउटा राष्ट्रको मात्र नभएर सम्पूर्ण विश्व समुदायकै सरोकारको विषय बन्न पुगेको छ। विश्वमा हुने संगठित अपराधमध्ये लागू औषध र हातहतियार ओसारपसार तथा कारोवार पछिको तेस्रो स्थानमा मानव बेचबिखन तथा ओसार पसार अपराध हुने गर्दछ।[21]

[21] मावन मर्यादा विरुद्धका अपराध र नेपाल कानून, प्रकाशक, महान्यायाधिवक्ताको कार्यालय, पृष्ठ ४८

मानव बेचविखन तथा ओसारपसार ऐन २०६४ का विशेषताहरुः[22]

क.उद्देश्यः मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण तथा पुनःस्थापना गर्ने,

ख. पीडितः बेचिएको, ओसारपोसार गरिएको वा वेश्यनवृत्तिमा लगाइएका,

ग शोषणः दास तुल्याउने, बाँधा बनाउने, अङ्ग झिक्ने,मानव बेचविखन र ओसारपसार,

घ मानव बेचबिखन र ओसारपोसार गरको मानिनेः

- कुनै पनि उद्देश्यले मानिस बेच्न र किन्न,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून बमोजिममा बाहेक मानिसको अंग झिक्ने,

ङ. बयान प्रमाणित गर्नुपर्ने

च. प्रमाणको भार

छ. दोभाषे, सांकेतिक भाषा विज्ञ तथा अनुवादक राख्न सक्ने

ज. पारस्पारिक कानूनी सहायता आदान प्रदान गर्न आवश्यक व्यवस्था गर्न सक्ने

झ सम्पति जफत हुने

ञ. सुराकीको विवरण गोप्य राख्नुपर्ने

ट. सजायको माग दाबीमा छुट

ठ. समिति गठन गर्न सक्ने

ड. साक्षीलाई दैनिक तथा भ्रमण भत्ता दिनुपर्ने

ढ. बन्द इजलासमा कारवाही हुन

ण. पुनस्थापना केन्द्र, पुनस्थापना कोष र क्षतिपुर्ति

३.२.५ सम्पति शुद्धीकरण (मनी लाउन्डरिङ्ग)

गैरकानूनी कार्यबाट आर्जन गरेको सम्पतिलाई बैध बनाउन अपनाउने प्रक्रिया नै सम्पति शुद्रीकरण हो । त्यसैले यसलाई कानूनी रुपमा वर्जित उपायहरु अवलम्वन गरी कमाएको कुनै आम्दानीलाई विभिन्न बहाना र उपायहरु रची चोख्याउने वा शुद्ध पार्ने वा कानूनी रुपमा योग्य बनाउने प्रयास पनि भनिन्छ । यसमा गैरकानूनी कार्य गरी आर्जन गरेको सम्पतिलाई कानूनी स्रोतबाट प्राप्ती भएको देखाउन त्यस्तो सम्पतिको वास्तविक स्रोत लुकाउने, सम्पतिको प्रकृति बदल्ने वा कारोवार छल्ने गरिन्छ । सम्पति शुद्धीकरण राज्य संयन्त्रको दुरुपयोग गरी विभिन्न जटिल एवम् बहुचक्रिय प्रक्रिया अवलम्बन गरी गर्ने गरेको पाइन्छ । यसरी आर्जन गरेको अवैध धन सम्पति पहिचान गर्ने, कारवाही गर्ने र त्यस्ता आर्जन नियन्त्रण गर्ने एकिकृत प्रणाली नै सम्पति शुद्धीकरण निवारण हो । सम्पति शुद्धीकरणको अर्को महत्वपूर्ण पक्ष आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी हो । यो एक निश्चत क्षेत्र, वर्ग वा मुलुकमा मात्र सिमित नरहने र यस्ता अपराधले राज्यका समग्र कानूनी, वित्तीय तथा सुरक्षा प्रणालीलाई कमजोर बनाई अपराध र अपराधिलाई शक्तिशाली बन्न मद्दत पुऱ्याउँछ । त्यसैले यसको निवारणका लागि कानूनी तथा नीतिगत, संरचनागत र अनुसन्धानगत व्यवस्था

[22] मानव बेचविखन तथा ओसारपसार ऐन २०६४

गरी यस्ता अपराधहरुको नियन्त्रण एवम् निवारणका लागी निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक लगायतका सबै उपायहरु अबलम्वन गर्ने गरिन्छ[23]। सम्पति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी अपराध संगठित रुपले गरिने तथा कुनै एउटा राष्ट्रको सीमाभित्र मात्र सीमित नभई अन्तराष्ट्रिय प्रकृतिको हुने हुदा यसलाई निवारण गर्नको लागि संयुक्त राष्टसंघीय प्रयासबाट अन्तराष्ट्रिय स्तरमा विभिन्न महासन्धिहरु तर्जुमा भएका छन् । साथै अन्तरदेशीय क्षेत्रीय प्रयासहरुका साथै G-8 र युरोपेली युनियनद्वारा स्थापित Financial Action Task Force(FATF) अन्तरसरकारी संगठनहरुको भूमिका पनि महत्वपूर्ण रहेको छ ।[24] उक्त महासन्धिले निर्धारण गरेका दायित्वहरु पक्ष राष्ट्रहरुले पूरा गर्नु पर्दछ ।नेपाल पनि पक्ष राष्ट्र भएकोले उक्त दायित्वहरु निर्वाह गरी यस्ता अपराधहरुको निवारण गर्न विश्व समुदायसँग हातेमालो गरेर अगाडि बढन नीतिगत, कानूनी, सस्थागत र संरचनागत व्यवस्था गरी निरन्तर रुपमा सुधार गरिरहेको छ । नेपालको सम्पति शुद्धीकरण (मनि लाउण्ड्रिङ) निवारण ऐन, २०६४, सुपुर्दगी ऐन, २०७०, पारस्पारिक कानूनी सहायता ऐन, २०७०, संगठित अपराध निवारण ऐन, २०७०, कसूरजन्य सम्पति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७०, सम्पति शुद्धीकरण (मनी लाउन्डरीङ्) निवारण नियमावली, २०६६, सम्पति शुद्धिकरण निवारण (सूचिकृत व्यक्ति समूह वा संगठनको सम्पति वा कोष रोक्का) नियमावली,२०७०, पारस्पारिक कानूनी सहायता नियमावली, २०७०, सम्पति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलाप वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना २०६८-२०७३, सम्पति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलाप वित्तीय लगानी निवारण सम्बन्धी अन्तराष्ट्रिय मापदण्ड एवं वित्तीय कारवाहीं कार्यदलका सिफारिसहरु र नेपाल सरकारको बजेट तथा कार्यक्रमहरु क्रियाशिल रहेका छन् ।

<u>सम्पत्ति शुद्धकरण निवारण ऐन, २०६४ का मुख्य व्यवस्थाहरुः[25]</u>

क. उद्देश्यः अपराधजन्य कार्यबाट प्राप्त सम्पति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी गर्ने कार्यलाई निवारण गर्ने।

ख. बर्हिक्षेत्रीय प्रयोगः सम्पति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर गर्ने नेपालभित्र वा बाहिर जहाँ सुकै रहे बसेको व्यक्ति समेतलाई लागू हुनेछ ।

ग. सम्पति शुद्धीकरणः

- सम्पतिको गैरकानूनी स्रोत (इलिसिट अरिजिन) लुकाउने, छल्ने, रुपान्तरण वा हस्तान्तरण,
- सम्पति सही प्रकृति, स्रोत, स्थान, निसर्ग, कारोवार, स्वामित्व, अधिकार लुकाउने, छल्ने, बदल्ने,

---

[23] सम्पत्ति शुद्धिकरण र आतङ्कवादी कृपयाकलापमा वित्तिय लगानी सम्बन्धी कसूरको अनुसन्धान अभियोजन र न्याय निरुपण कार्यविधि दिग्दर्शन, २०७२ राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, पृष्ठ ५

[24] पद टिप्पणी न. ५

[25] सम्पत्ति शुद्धकरण निवारण ऐन, २०६४

- जानी जानी प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने,
  उल्लेखित कार्यमा षडयन्त्र, मद्दत्, दुरुसाहन, सहजिकरण, मत सल्लाह वा उद्योग गर्न वा सम्बद्धता वा सहभागिता वा मतियार,

घ. आतङ्कवादी कृयाकलापमा वित्तीय लगानीः

- व्यक्ति संगठनले प्रयोग गर्न पाउने थाहा पाउदा पाउदै गैरकानूनी मनसायले स्वेच्छापूर्वक कुनै पनि माध्यमबाट सम्पति वा कोष उपलब्ध गराउने वा संकलन गर्ने,
- विदेशामा गरेको कसूर हुने,
- बेनामी वा काल्पनिय नाम कारावार गर्न नहुने,
- शेल बैंक स्थापना वा सन्चालन गर्न नहुने,

ङ. सूचक सस्थाको दायित्व,

च. अभिलेख सुरक्षित राख्नुपर्ने,

छ . शंकास्पद कारोवार सम्बन्धी प्रतिवेदन दिनुपर्ने,

<u>ज.राष्ट्रिय समन्वय समितिः</u>

सम्पति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर निवारण गर्ने सम्बन्धमा अन्तर निकाय बीच समन्वय गर्न र नेपाल सरकारलाई आवश्यक सुझाव दिनको लागि

<u>झ. वित्तीय जानकारी एकाईः</u>

- सम्पति शुद्धीकरण, आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी तथा सम्बद्ध कसूर सम्बन्धी शंकास्पद कारोवार सम्बन्धी प्रतिवेदन तथा सो सम्बन्धी अन्य सूचना प्राप्त गर्न, सो को विश्लेषण गर्न तथा विश्लेषणको निष्कर्ष प्रवाह गर्न कार्यात्मक रुपले स्वायत्त तथा स्वतन्त्र इकाईको राष्ट्र बैङ्कमा एक वित्तीय जानकारी एकाई रहने ब्यवस्था छ ।

<u>प.कारोवार सम्बन्धी प्रतिवेदनः</u>

<u>फ.अनुसन्धा सम्बन्धी ब्यवस्थाः</u>

- अनुसन्धान सम्बन्धी सहयोग आदान प्रदान गर्न सक्ने,
- संयक्त अनुसन्धान टोली गठन गर्न सक्ने,
- रोक्का राख्ने वा नियन्त्रणमा लिने,
- सम्बन्धित मुलुकलाई अनुरोध,
- कारोवारको नियमित अनुगमन गर्न सक्ने,
- राहादानी वा ट्राभल डकुमेण्ट रोक्का राख्न सक्ने,
- विशेष अनुशन्धान प्रविधि अवलम्वन गर्न,
- हदम्याद नलाग्ने,
- आतङ्ककारी व्यक्ति, समूह वा संगठनको रुपमा सूचिकृत गर्ने,
- सम्पति तथा कोष अविलम्व रोक्का राख्नुपर्ने,
- सम्बन्धित मुलुकमा लेखि पठाउने,
- सजायको मागदावीमा छुट हुन सक्ने,
- गोपनियता सम्बन्धी विशेष व्यवस्था,

३.२.६ वन्यजन्तु सम्बन्धीः

सामान्यतया अन्तराष्ट्रिय , क्षेत्रीय तथा राष्ट्रिय कानूनको विपरीत वन्यजन्तु मार्ने तिनीहरुको अंग साथमा राख्ने बिक्री तथा व्यापार गर्ने, ओसारपसार गर्न, लगायतका कार्य बन्यजन्तु अपराध मानिन्छ-[26] दुर्लभ, लोपोन्मुख एंव सुरक्षित बन्यजन्तुको अवैध चोरी निकासी, सिकार, वन्यजन्तुको शरिरका छाला, मासु र नङ्गा, हड्डी, भुवा, रौ, सिंह, खुट्टा लगायतका विभिन्न अङ्गहरु (अखोटे पहार) को ओसार पसार लगायतका संरक्षित वन्यजन्तु सम्बन्धी अपराध आधुनिक समयमा संगठित रुपमा गरिने अपराध मध्येको एक हो । पछिल्लो समयमा अन्तरदेशीय रुपमा नेपालबाट चीन लगायत मुलुकमा बढी ओसार पसार भै रहेको साथै नेपाललाई ट्रान्जिट बनाएर अन्य मुलुकमा तस्करी हुने क्रम बढ्दो रुपमा रहेको छ । यस्ता तस्करी रोक्नको लागि राष्ट्रिय निकुज्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा विभिन्न राष्ट्रिय नीतिहरु मार्फत निवारण गर्ने प्रयास गरीएको छ।

३.२.७ साइवर अपराधः समय प्रविधि तथा विश्वव्यापीकरणले गर्दा विश्वमा नयाँ नयाँ स्वरुपका अपराधिक घटनाहरु घट्दै गएका छन् । अपराधका विभिन्न स्वरुप र प्रकृतिहरुमध्ये कम्प्युटरलाई लक्षित गरेर गरीने अपराध र कम्प्युटरलाई साधनको रुपमा प्रयोग गरिने अपराधहरु लाई साइवर अपराध भनिन्छ ।[27] ए टी एम कार्ड चोरी, साइवर आतङ्कवाद, साइवर बुलिङ्, साइवर स्टकिङ् सञ्जालमा अनधिकृत प्रवेश, सफ्ट्वयर पाइरेसी जस्ता अपराधका नयाँ क्षेत्र देखा परेका छन् । साइवर अपराध कम्प्युटरलाई लक्षित गरेर र कम्प्युटरलाई साधनको रुपमा प्रयोग गरेर गर्ने गरेको पाइन्छ । साइवर अपराध व्यक्ति, सम्पति, समाज, नीजि संस्था, सरकार र राज्य विरुद्व हुन्छ । साइवर अपराध नियन्त्रण गर्न विद्युतीय कारोवार ऐन, २०६३ कार्यान्वयनमा रहेको छ साथै यसले साइवर अपराधहरुमा आएको नयाँ नयाँ चुनौती समान गर्नको लागी सम्बोधन विधेयक संघीय संसदमा प्रस्तुत भएको छ ।

३.२.८ पारस्पारिक कानूनी सहायताः

- भष्ट्राचार संगठित अपराध, लागूऔषध कारोवार, सम्पति शुद्वीकरण आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी जस्ता अपराधमा अपराधीले आधुनिक उपकरण, प्रविधिको प्रयोग गरी बाहिर बसेर त्यस्ता गम्भीर प्रकृतिका अपराधहरु गर्ने कार्यलाई निरुत्साहित गर्न राष्ट्रहरुसँग समन्वय र सहयोग आवश्यक पर्दछ । बहुराष्ट्रिय प्रयास बिना यस्ता अपराध नियन्त्रण गर्न सम्भब हुदैन । यस्ता अपराध नियन्त्रण सम्बन्धमा बहुपक्षिय महासन्धिहरु रहेका छन् ।

---

[26] वन्यजन्तु सम्बन्धी अपराधको अनुसन्धान र अभियोजनमा गर्नु पर्ने सुधारका क्षेत्रहरु, संजिवराज रेग्मी, प्रतिपादन पत्रिका वर्ष ३, अङ्क १, २०७३, राष्ट्रिय न्यायिक प्रतिष्ठान पृष्ठ २८२

[27] साइबर अपराध र हाम्रो न्यायिक अभ्यास एक विश्लेशण रत्न बहादुर वाग्चन, प्रतिपादन वर्ष ३, अङ्क १, २०७३, राष्ट्रिय न्यायिक प्रतिष्ठान पृष्ठ ३

- यसमा नेपाल पनि पक्ष राष्ट्र रहेको छ । नेपालमा पारस्पारिक कानूनी सहायता ऐन २०७०, सम्पति शुद्धिकरण निवारण ऐन २०६४ को दफा ७ प, १०, १२, १९ कसूरजन्य सम्पति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० को दफा १६, पारस्पारिक कानूनी सहायता नियमावलि २०७०, मुलुकी फौजदारी कार्यविधि संहिता ऐनको दफा ६४ र १९२ क्रियाशील रहेका छन्।
- नेपाल र विदेशी राज्य वीच पारस्पारिक कानूनी सहायता आदान प्रदान गर्ने सम्बन्धमा द्विपक्षिय सन्धि भएकोमा उपलब्ध गराउन सकिने अवस्था रहन्छ । द्विपक्षिय सन्धि नभए पनि कुनै विदेशी राज्यले भविश्यमा त्यस्तै प्रकारको न्यायीक कारवाहीमा पारस्पारिक कानूनी सहायता प्रदान गर्न आश्वासन दिई कुटनैतिक माध्यम मार्फत नेपाल सरकार समक्ष पारस्पारिकताको आधारमा कानूनी सहायता प्रदान गर्न सकिने, देवानी मुद्दामा एक लाख भन्दा बढी कैद वा ५० हजार भन्दा बढी जरीवाना हुने विषयमा मात्र प्रदान गरिन्छ । केन्द्रीय आधिकारी कानून मन्त्रालयको सह सचिवलाई तोकिएको छ ।

३.२.९. मुलुकी अपराध संहिता ऐन, २०७४

मुलुकी अपराध संहितामा संगठित अपराध नियन्त्रणका सम्बन्धमा आकर्षित हुने मूख्य मूख्य:[28]

- कसैले नेपाल बाहिर कुनै कसूर गरेमा निजलाई कुनै कसूर गरेमा निजलाई नेपालभित्र नै त्यस्तो कसूर गरे सरह हुने ।
- संगठित शक्तिसँग मिली कुनै प्रकारको षडयन्त्र गर्नु वा गराउनु,
- जाति हत्याः कुनै संगठित वा असगठित समूहको आदेश वा निर्देशनबाट भएको रहेछ भने त्यस्तो निर्देशन दिने वा त्यस्तो समूहको जिमेवार व्यक्ति वा व्यक्तिहरुलाई मुख्य कसूरदार सरह सजाय, दफा ५२
- अपहरण गर्न वा गराउन दफा २११, शरीर बन्धक लिन नहुने दफा २१२, संगठित रुपमा गरे गराएको रहेछ भने थप २ वर्ष
- दुरुत्साहन दिन वा आदेश दिने व्यक्तिलाई मुख्य सरह सजाय हुने । दफा २१५
- कानून बमोजिम निरपेक्ष अपराधिक दायित्व हुने कसूरमा मनसायको परिक्षण नहुने ।
- संगठित संस्थाको व्यक्ति किटान हुन नसके कार्यकारी प्रमुखले अपराधिक दायित्व व्यहोर्नुपर्ने ।
- दफा ३१ मा समूहबाट भएको कसूरमा सबै सदस्यलाई सजाय हुने ।
- कसूरको गम्भीरता बढाउने हातहतियार वा विषालु वा विष्फोटक पर्दाथ, विद्युतीय प्रवाह, विद्युतीय उपकरणको प्रयोग, कसैलाई अपहरण गरी वा संगठित रुपमा कसूर गरेको, दफा ३८
- जघन्य र पटके कसूरलाई पछिल्लो पटकको सजायको दोब्बर सजाय हुने, दफा ४४
- बिक्रि गर्ने उपयोग्य बस्नु बिक्रि नगरी जम्माखोरी गर्ने, दफा ११०
- इजाजत पत्र प्राप्त नगरी हातहतियारको कारोवार गर्न नहुने, दफा १३०
- व्यक्ति बेपत्ता पार्ने कार्य कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति वा संगठन वा संगठित वा असंगठित समूहको जिम्मेवारी व्यक्तिको आदेश वा निर्देशन बमोजिम भएको रहेछ भने त्यस्तो

[28] मुलुकी अपराध संहिता ऐन, २०७४

आदेश वा निर्देशन दिने व्यक्ति बेपत्ता पार्ने मुख्य कसूरदार मानिने, संलग्न व्यक्तिहरु समान रूपमा कसूरदार मानिने, अपराधिक लाभ (एक्टन्सेन) लिन नहुने आफ्नो वा अरु कसैको लागि लाभ उठाएमा, लाभ उठाउने नियतले कार्य गरेमा दफा २५३ मा ब्यवस्था गरेको पाईन्छ ।

३.२.१० मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४

मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ मा भएका मूख्य मूख्य ब्यवस्थाहरु [29]

- अनुसन्धान गर्न विशेष टोली गठन गर्न सकिने अनुसुची १ र २ मा उल्लेखित कुनै कसूरमा गंभिरता हेरी छुट्टै अनुसन्धान टोली गठन गर्न अनुसन्धान अधिकारीको तालुकवाला अधिकारी वा प्रहरी महानिरीक्षकलाई लागेमा अनुसन्धान टोली गठन गर्न सक्ने, महान्यायधिवक्ताको परामर्श लिई विशेषज्ञ समेत रहेको अनुसन्धान टोली गठन गरी अनुसन्धान गराउन सक्ने,
- नागरिकता, सवारी चालक, इजाजत पत्र, राहदानी, टेलिफोन न. सहितको हिरासतमा रहेको व्यक्तिको अभिलेख तयार गर्नुपर्ने, अपहरण, शरीरबन्धक लगायतका कसूरमा थप १५ दिन हिरासतमा राख्न सक्ने, विशेषणज्ञको राय लिने सकिने, अनुसन्धानको सन्दर्भमा महान्यायधिवक्ताले आवश्यक निर्देशन दिन सक्ने,
- नेपाल बाहिर भए गरेको कसूरको सम्बन्धमा नेपालको अदालतमा मुद्दा चल्ने कानूनी व्यवस्था भएकोमा त्यस्तो सन्धिको व्यवस्था बमोजिम वा कुटनैतिक माध्यम मार्फत हुनसक्ने अवस्था रहेनछ भने सोही मुलुकको अधिकार प्राप्त अनुसन्धान अधिकारीले गरेको अनुसन्धान, अभियुक्त फेला परेको वा स्थायी बसोवास भएको इलाकाको अनुसन्धान गरेको अनुसन्धानको प्रतिवेदन रितपूर्वक अनुसन्धान भएको मानिने,
- सौदावाजी या ५०% सजायमा छुट दाबी लिन सकिने, छापा वा विद्युतीय सञ्चार माध्यमबाट म्याद तामेल गर्न सकिने, जघन्य वा गम्भीर कसूर सम्बन्धी कुनै मुद्दामा विशेषज्ञ राय व्यक्त गर्ने विशेषज्ञको मृत्यु भएमा वा विदेशमा भएमा निजलाई बुझ्न असम्भव भएमा सो भन्दा माथिको समान विषयको विशेषज्ञबाट विशेषज्ञ राय लिन सकिने,
- साक्षी शारीरिक रूपमा अशक्त वा बालबालिका वा सुरक्षाको कारणले उपस्थित गराउन नसक्ने भएमा,श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत साक्षि बुझ्न सकिने, नेपाल राज्य बाहिर पनि साक्षी प्रमाण बुझ्न पारस्पारिक कानूनी सहायता सम्बन्धी प्रचलित कानून बमोजिम साक्षी वा प्रमाण बुझ्न सकिने श्रव्यदृष्य संवाद (भिडियो कन्फरेन्स) वा अन्य यस्तै प्रविधि मार्फत बुझ्न वा वकपत्र गराउन सकिने ,
- पीडित वा साक्षिको परिचय गोप्य राख्न सकिने, महान्यायधिवक्ताको अध्यक्षतामा अनुसूची १ र २ का कसूर अनुसन्धान र अभियोजनमा प्रभावकारीताका लागि समन्वय समितिको ब्यवस्था रहेको ।

[29] मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४

४.अन्तराष्ट्रिय कानूनी प्रयासहरु:

(क) अन्तरदेशीय संगठित अपराध सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि २०००:

यो महासन्धि अन्तरदेशीय संगठित अपराध विरुद्ध सामना गर्ने मुख्य अन्तरराष्ट्रिय संयन्त्र हो संगठित अपराधले ल्याएका समस्याहरुलाई सामना गर्न सहयोग अभिवृद्धि गर्न यसले मुख्य भूमिका खेल्दछ । राष्ट्रिय निकायहरुको क्षमता विकासका लागी तालिम र प्राविधिक सहयोग गर्दछ ।यो महासन्धि सभाले १५ November २००० मा पारित गरेको थियो ।

(ख) भ्रष्ट्रचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३

यसले संगठित अपराधको परिभाषा नगरी संगठित अपराधिक समूहको परिभाषा गरेको छ। यसले भ्रष्ट्राचारलाई पनि संगठित अपराधको एक महत्वपूर्ण मुद्धाको रुपमा लिएर छुट्टै व्यवस्था गरेको छ ।यस महासन्धिले भ्रष्टाचार नियन्त्रणका लागि अन्तराष्ट्रिय सहयोग आवश्यक पर्ने कुरामा राज्यहरबीच सहमती भई यो महासन्धि आएको हो ।

(ग) BIMSTEC Conventting on cooperation in combating International Terrorism, Transnational Organised Crime and Illicit Drug Trafficiking यस महासन्धिले संगठित अपराध विरुद्ध सामना गर्ने सम्बन्धमा व्यवस्था गरेको छ ।अन्तराष्ट्रिय आतंकवाद,लागू औषध तथा मनोद्धिपक पदार्थ र तिनीहरुको पूर्ववर्ती रसायनहरुको गैर कानूनी व्यापारको अतिरिक्त अन्तरदेशिय संगठित अपराध विरुद्ध सामान गर्ने सम्बन्धमा व्ववस्था गरेको छ ।

(घ) बालअधिकार सम्बन्धी महासन्धि,१९८९

(ङ) जीउ मास्ने वेच्ने तथा अरुको वेश्यावृत्तिको शोषण र दमनका लागि व्यवस्था भएको महासन्धि,१९४९

(च) अन्तराष्ट्रिय संयन्त्रहरु

- लागू औषध विरुद्धको महासन्धि १९८८
- वित्तिय आतंकबादलाई दमन गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धि,१९९९
- महिला र बालबालिकाको ओसारपसारलाई निवारण, दमन र दण्ड सम्बन्धि २००० को आलेख,
- भूमि समुद्र तथा हवाई माध्यमबाट हुने आप्रवासीहरुको ओसारपसार विरुद्धको आलेख, २०००

<u>५ संगठित अपराध सम्बन्धमा न्यायिक दृष्टिकोण:</u>

सम्मानित सर्वोच्च अदालतले संगठित अपराधको मुद्दामा अनुसन्धान भई अभियोजन भएको मुद्दामा हाल सम्म 33 सिद्धान्त प्रतिपादन भएको छैन ता पनि संगठित अपराधका चरित्रहरु यी अपराधमा छन् भनि प्रतिपादन गरेका सिद्धान्तहरुमा राखेको न्यायिक सिद्धान्तहरु देहाय बमोजिम रहेका छन् ।

५.१ भ्रष्ट्राचारसँग सम्बन्धित मुद्दाः

(क) शपथपत्रको माध्यमबाट विदेशमा सम्पति पाएको भनी जिकिर लिने पक्षले त्यस्तो सम्पति आफ्नो मुलुकमा के कुन् मितिमा, के कुन् माध्यमबाट आएको, जम्मा भएको, सटही भएको हो सो सबै कुराको कारोवार प्रमाणित हुने आधार सहित पुष्टि गर्नुपर्ने हुन्छ । यस्तो आरोप प्रमाणित हुनका लागी निश्चित वस्तुगत आधारहरुको उपस्थिति पनि अपरिहार्य हुन्छ भन्ने कुरा विमति हुन सक्दैन । [30]

(ख) कसैले कानूनद्वारा निषिद्ध आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग अलग कानूनले अलग अलग अपराध मान्दछ भने त्यसलाई एउटै कसूर मानेर एउटा मात्र कानून अन्तर्गत कारवाही गर्नुपर्न भनी सिमित तुल्याउन नमिल्ने भष्ट्राचार मुद्दा र ठगी मुद्दामा उनै व्यक्तीहरु संलग्न रहेको र प्रतिवादी कायम गरिएको भए पनि उनीहरुले फरक फरक हैसियतबाट आपराधिक कार्य गरेको देखिएको अवस्थामा बिगोको हकमा भने ठगिको घटनाबाट पीडित भएका व्यक्तिलाई पुगेको हानी र भष्ट्रचार मुद्दामा भष्ट्रचारजन्य क्रिया गरिएको भनिएको अङ्ग एउटै भएकाले त्यसलाई दुवै मुद्दामा विगोको रुपमा कायम गर्न मनासिव नहिने। [31]

५.२ ठगीसँग सम्बन्धित मुद्दाः कुनै अनुचित कार्य, गैरकानूनी कार्य वा जालसाजी वा धोकेवाजिपूर्ण काम कारवाहीँको लागि कम्पनीको तर्फबाट काम कारवाहिको लागि कम्पनीको आवरण प्रयोग भएको अवस्थामा, कम्पनीको फाइदाको लागि नभई कुनै व्यक्ति वा अन्य निकायको हितको लागि मात्र कम्पनीको आवरण प्रयोग भएको अवस्थामा, राजश्व चुहावट वा कर छल्ने कार्यको लागि कम्पनीको आवरण प्रयोग भएमा, कुनै कम्पनीको आवासीय स्थिति पत्ता लगाउनको लागि । कम्पनीको नाममा गैरकानूनी कारोवार सञ्चालन गरेको देखिएमा कम्पनीका संस्थापक, सञ्चालक, कर्मचारी तथा यसको प्रतिनिधि मानिएको कुनै पनि व्यक्ति उपर प्रचलित कानून अनुसार अधिकारप्राप्त निकायले आवश्यक कानूनी कारवाइ गर्नसक्ने नै देखिदा कम्पनीको नाममा काम गरेको भन्ने आधारमा उन्मुक्ति पाउन नसक्ने। [32]

५.३ रक्त चन्दनसँग सम्बन्धित मुद्दाः नेपाल एक पक्ष भएकाले यस प्रति संवेदनशिल हुने कर्तव्य र दायित्व अझै थपिएको छ। यस प्रकार CITES महासन्धिको प्रावधान बेगर रक्तचन्दनको खरीद र बिक्रि व्यपारलाई प्रतिबन्धित गरेको छ र अन्तराष्ट्रिय महासन्धिको पक्ष नेपाल पनि भएको हुँदा यसको परिपालना नेपालमा गरिनु पर्ने र नेपालमा लागू भई सकेको भनी धारा १ ज अनुरुप मान्नु पर्ने देखिन आउने, देखा देखि अपराध गर्ने अपराधी लाई कसरी दण्डित गर्ने हो भन्ने सोचबाट न्यायिक निणय हुने हो। स्पष्ट अपराधी हो भन्ने कुरा प्रमाणबाट देखिदा देखिदै कसरी कसरी यसलाई कानूनी दायराबाट राहत दिने वा उम्काउने हो भनि कानूनी

[30] नेपाल सरकार विरूद्व रामाज्ञा चतुर्वेदी समेत ने. का. प. २०६८, अङ्क ६ निर्णय नं.८६३०

[31] महेश चापागाइसमेत विरुद्व नेपाल सरकार, नै का प २०६९, पृष्ठ १२३८, नि न ८८७४

[32] युनिटि लाईफ इन्टरनेशनल लि. को हकमा अख्तियारप्राप्त अध्यक्ष काशीराम गुरुङ् विरुद्व प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत, ने का प २०६९, निणय नम्बर ८८१४, पुष्ठ ६४३

दाउपेच वा शब्द र अक्षरको खेल गरी सोचिनु कदापि सो कार्य CTTES को बर्खिलाप भएको स्पष्ट देखिदा निज कसूरदारहरुलाई सजाय हुनु पर्ने नै देखिन आउने।[33]

५.४ बन्यजन्तु सम्बन्धी मुद्दाः गैडा मारी गैडाको खाग तस्करी गर्ने उद्देश्यले आपसमा सल्लाह गरी नियोजित रुपमा योजना बनाई गरेको कार्य संगठित अपराधको रुपमा घटाएको देखिने । यस्तो कार्यमा संगठित समूह संलग्न भएको देखिदा प्रस्तुत वारदात संगठित अपराधको एउटा कडिको रुपमा हेर्न सकिने, यस्तो संगठित अपराधमा संलग्न प्रतिवादीहरुको कसूरलाई हासिल गर्न चाहेको उद्देश्य र असरका आधारमा हेर्नु न्यायिक दृष्ट्रिबाट उपयुक्त हुने।[34]

५.५ मानव वेचविखन सम्बन्धी मुद्दाः कतिपय सङ्गीन प्रकृतिका फौजदारी अपराधमा पीडितले समाजमा व्यहोर्नु पर्ने, अपराधबाट समाजलाई पुग्न जाने असर तथा अपराधलाई निरुत्साहित गर्न राज्यले निवार्ह गर्नुपर्ने नियन्त्रणकारी भूमिका समेतलाई मध्यनजर गरि प्रमाणको भार आरोपितलाई नै सार्ने गरी कठोर कानूनी व्यवस्था गर्नु व्यवस्था गर्नु परेको हो । अपराधमा संलग्न पक्ष पेसेवर हुन सक्ने र अपराध वडो योजनाबद्ध एंव संगठित तरीकाले गर्न सक्ने र कतिपय संगठित अपराधिक समूहको संलग्नतामा समेत अपराध हुन सक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थितिको आकलन गरेर विधायिकाले कानून निर्माण गरेको हो।[35]

५.६ लागू औषध सम्बन्धी मुद्दाः संगठित रुपमा गरिने अपराधमा को कसको साथबाट बरामद भएको भन्ने कुराले त्यति महत्व राख्दैन । २ वा २ भन्दा बढी व्यक्तिहरुको व्यक्तिगत सम्बन्धका आधारमा श्रेणीबद्ध रूपले अपराधमा सम्लग्न भएका व्यक्तिहरुको मुनाफा आर्जन गर्ने वा प्रतिफल प्राप्त गर्न सामुहिक उद्धेश्य रहन जान्छ । साथै उद्धेश्य भन्दा पनि अपराधिक लाभ प्राप्त गर्ने योजना साथ सम्पन्न भएको हुन्छ । लागू औषधको ओसारपसार र कारोवार कुनै एक व्यक्ति विशेषको प्रयासबाट मात्र सम्पन्न हुने नभई लागू औषध संचयकर्ता, खरीदकर्ता, ओसारपसार गर्ने र बिक्री वितरण व्यवस्था मिलाउन व्यक्तिसम्मको संगठित समूहबाट सम्पन्न हुने गर्दछ । यस्ता किसिमका अपराधबाट प्रर्याप्त मुनाफा गर्न सकिने भएको हुनाले संगठित अपराधिक समूहले यस्ता प्रकृतिको अपराध गर्ने गर्दछन् ।[36]

५.७ संगठित अपराधको प्रकृति सामान्य अपराध भन्दा पृथक हुन्छ। अपराधका यी दुवै प्रकृतिलाई एउटै दृष्टिले हेर्न सकिन्न बृहत योजना र बिस्तारीत तैयारीका साथ सम्पन्न हुने संगठित अपराधमा धेरै व्यक्तिको बेग्ला बेग्लै भूमिका हुन्छ। पृथक पृथक व्यक्तिको फरक फरक कार्यले एउटा संगठित अपराध सम्पन्न हुन्छ।[37]

[33] होमनाथ अधिकारी विरुद्द नेपाल सरकार ने का प २०७२ अंक ८, निणय न.९४५५

[34] ने का प २०६९, अंक ३ ८७८४

[35] ने का प २०७२ अंक १ नि न.९३३३ गोमा पञ्चकोटी वि. नेपाल सरकार

[36] ने.का.प. २०७२ अंक ८ नि. न. ९४५३

[37] ने का प २०६७ अंक २ नि न ८३२१ अनिल कुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार विरुद्ध मदन शर्मा समेत

५.८ लागू औषध बिक्रि गरी नाफाको हिस्सा मत सल्लाहमा खाने कार्य गरेको देखिदा र सोही अवस्थामा सबै गिरफ्तार भई यी प्रतिवादीहरु सबै संगठित रुपमा सर सल्लाहमा पसी लागूऔषध खरिद गर्ने, ओसार पसार, बिक्रि वितरण गर्ने कार्य गरेको हुँदा अपराधिक कार्यलाई प्रतिवादी पिच्छे अलग अलग गरी हेर्न नमिल्ने ।[38]

५.९ लागूऔषध बिक्रि गरी नाफा बाँडि खाने उद्देश्यले मत सल्लाह गरी भारतबाट ल्याउने ग्राहक खोज्ने र बिक्रि गर्ने कार्यमा सबैको समान संलग्नता भएको देखिदा समग्रतामा हेर्न पर्ने हुन आँउछ। सबै प्रतिवादीहरु लागूऔषध खरिद, ओसारपसार, संचय र बिक्रि वितरण गर्ने कार्यमा समान रुपले लागेको पुष्टि भै रहेकोमा निजहरुको संलग्नतालाई पृथक पृथक गरी हेर्न नमिल्ने भनि ने का प २०६१, अंक ३, नि न ७३४१, पृष्ठ २५१ मा पूर्ण इजलासबाट सिद्दान्त प्रतिपादन भएबाट पृथक गरी हेर्न नमिल्ने।[39]

५.१० लागू औषधको कारोवार गर्न सँगै हिडेको अवस्थामा कसैबाट मात्र लागू औषध बरामद हुनु र अन्य सँग साथका व्यक्तिबाट बरामद नहुनुले खास असर नपार्ने ।लागू औषध सम्वन्धि अपराध निरपेक्ष दायित्व अन्तर्गत पर्ने अपराध भएको हुनाले जसबाट लागू औषध बरामद भएको छ, निजसँग सो लागू औषधको कारावार गर्न आफू नहिडेको वा निजको समूहमा सामेल नभएको भन्ने तथ्य स्पष्ट रूपमा पुष्टी नभएसम्म समूहगत रूपमा पक्राउ परेको देखिए पछि प्रतिवादीहरु मध्ये कसैको सो लागू औषधको कारोवार गर्ने मनसाय थियो वा थिएन भनी विचार गरी रहनु नपर्ने । लागू औषध छ भन्ने थाहा पाई लागू औषध बोक्नेसँग वा निजको समूहसँग सो को कारोवार गर्न सँगै हिंडको अवस्थामा कसैबाट लागू औषध बरामद नभएकै आधारमा सिर्जित दायित्वबाट उन्मुक्ति पाउने वा लागू औषध बरामद नभएको भन्ने आधारमा दायित्वमा भिन्नता नहुने।[40]

५.११ सम्पति सुद्धीकरण आफैमा सम्बद्ध कसूर होईन । अपितु मूल मूल कसूरको सह अपराध हो । मूल कसूरलाई लुकाई छिपाई त्यसबाट आर्जित सम्पतिलाई लुकाउन सुद्धीकरण गरिएको कसूर पर्दछ । यो एउटा बहुआयामिक वित्तीय अपराध पनि हो । मूल अपराध लुकिने हुनाले सुद्धीकरणको अपराध भएपछि उसले मूल अपराध गऱ्यो वा गरेन र उसको अपराध गर्ने मनसाय थियो वा थिएन भनी विचार गरिदैन । त्यसैले सम्पति सुद्धीकरणको दफा २८ ले कसैसँग आय स्रोत वा आर्थिक अवस्थाको तुलनामा उसको सम्पति अस्वभाविक देखिएमा र उसले आर्जन गरेको स्रोत देखाउन नसके सम्पति सुद्धीकरणको अपराध हुने व्यवस्था गरेको छ । प्रतिवादीले स्रोत देखाउन सकेन भने उसले सम्पति सुद्धीकरणको अपराध गरेको हो भनी मान्नु पर्ने हुन्छ । त्यस्तो आय स्रोत लुकेको सम्पति बरामद हुनु नै कसूरको लागि पर्याप्त हुने ।[41]

६. संगठित अपराध निवारण ऐन, २०७० को अन्य कानूनसँगको अन्तर सम्बन्धः

१. संगठित अपराध निवारण ऐन सर्वसाधारणको जीउ, ज्यान तथा सम्पतिको सुरक्षा गरी शान्ति कायम गर्न, संगठित अपराधलाई निवारण गर्न, विशेष प्रविधी अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्न र पीडित तथा

[38] राजु खडका वि. नेपाल सरकार ने का प २०६१, अङ्क ७४७५

[39] ने का प २०६१, अंक ३, नि न ७३४१, पृष्ठ २५१

[40]शेरबहादुर थापा वि. नेपाल सरकार ने का प २०६८, अंक १२, नि न ८७२८

[41]माधव कुमार भगत विरुद्ध नेपाल सरकार ने का प २०७३ अङ्क ११ नि नम्बर ९७०८ पूर्ण इजलास

साक्षीको संरक्षण गर्ने उद्देश्य रहेको पाइन्छ । भष्ट्राचार सम्पति शुद्दिकरण (मनि लाउन्डरिङ्) सुपुर्दगी सम्बन्धि ऐनहरुको उद्देश्य एक अर्कामा अन्तरसम्वन्धित रहेको छ।

२. संगठित अपराध निवारण ऐन, बर्हिक्षेत्रीय क्षेत्राधिकार रहेको छ भने, लागू औषध नियन्त्रण ऐन, सम्पति शुद्दिकरण ऐन, मानव बेचविखन ऐन, भष्ट्राचार निवारण ऐन, मुलुकी अपराध संहितामा संगठित रुपमा हुने अपराध तथा गम्भीर कसूरमा बर्हिक्षेत्रीय क्षेत्राधिकार रहेको छ।

३. संगठित अपराध सम्बन्धमा अपराधिक समूह स्थापना गर्ने, न्यायीक कारवाहीमा अवरोध र विध्वसात्मक कार्य र अपराधिक लाभ सम्बन्धी अपराधको नयाँ परीभाषा गऱ्यो भने भष्ट्राचार वा सम्पति शुद्दिकरण वा आतङ्कारी कृयाकलापमा वित्तीय लगानी बाहेक अन्य तीन वर्ष भन्दा बढी कैद सजाय हुने गम्भीर अपराधलाई संगठित अपराधको रुपमा लिएको छ। ति अपराधहरुमा अपराधिक समूहको निर्देशनमा समूहको तर्फबाट मिलेर संस्थापक सदस्य वा सदस्य भइ जानी जानी गरेको हुनुपर्ने उल्लेख गरेको छ । उल्लेखित तथ्य तथा तत्वहरुमा विध्यमानता भएमा सम्वद्ध नेपाल कानूनमा रहेका अपराधहरु नै संगठित अपराध हुने । अपराधिक समूह स्थापना गर्ने न्यायिक कार्यमा अवरोध विध्वंसात्मक कार्य बाहेक अरु अपराधसँग सम्बन्धित कानून नै प्रयोग हुने हो ।

४. संगठित अपराधले अपराधीकरण गरेका बाहेकका अन्य अपराधमा थप दावीको विषय हो । मूल अपराध कायम भएको कसूरमा हुने सजायमा यस ऐन बमोजिम थप सजाय हुने व्यवस्था हो, मुख्य सजाय सम्बद्ध अपराधमा नै हुने हो ।

५. विशेष अनुसन्धान टोली गठन गर्न सक्ने विशेष अनुसन्धान पद्वति अपनाउन सकिने सम्पति रोक्का राख्ने, कारोवारको विवरण, राहदानी, टेलिफोन वा सञ्चार जस्ता पद्वति अवलम्वन गर्न सकिने व्यवस्थाहरु रहेको र पद्वति अवलम्वन गर्न सकिने ।

६. सौदावाजी र थप अभियोग पत्र पेश गर्ने सम्बन्धमा पनि अन्य कानूनहरुमा उक्त व्यवस्था रहेको पाइन्छ।

७. प्रमाण सम्बन्धि विशेष व्यवस्थामा श्रव्य दृश्य संवाद मिडियो कन्फरेन्स मार्फत उपस्थित गराउन सकिनेछ । श्रव्यदृश्य संवाद वा डोर मार्फत बुझ्न सकिने, काल्पनिक वा सांकेतिक नामबाट बयान बकपत्र गराउन सकिने, जिरह सम्बन्धी विशेष व्यवस्था, फिरौती लिएको अनुमान गर्ने, विदेशी मुलुकको अदालत वा सो मुलुकको आधिकारिक निकायबाट संकलन गरिएको वा परिक्षण गरिएको सबुत प्रमाणलाई अदालतले प्रमाणमा लिने विषयहरु सम्बद्व कानूनहरुसँग अन्तर सम्बन्ध रहेको छ ।

८. बन्द इजलासमा कारवाही तथा सुनुवाइ गर्ने, गैरकानूनी समचार अभिलेख गर्ने, विवरण सार्वजनिक गर्ने, प्रमाण लुकाउने, बाधा विरोध गर्ने, सजाय र उपकरण, बस्तु , वा साधन जफत गर्ने, सुराकी, उजुरीकर्ता तथा साक्षिको संरक्षण र पुरस्कार प्रदान गर्ने, विषयहरुमा अन्तर सम्बन्धित छन् ।

७.समस्या र चुनौतीहरु

- सङ्गठित अपराध सम्बन्धी अवधारणामा अनुसन्धानकर्ता र अभियोजनकर्तामा अस्पष्टता रहेको ।
- कुनै अपराधमा तीन वर्ष वा सोभन्दा बढी कैद हुने र तीन जना वा सोभन्दा बढी व्यक्ति संलग्न हुँदैमा सङ्गठित अपराधमा अभियोजन गर्ने गरेको ।

- सङ्गठित अपराधमा अभियोजन गर्नु पूर्व मूल अपराध स्थापित गरी सो अपराध सङ्गठित रुपमा घटित भएको पुष्टि गर्न संगठनको अवस्था र त्यस कार्यमा त्यो संगठनका व्यक्तिहरुको संलग्नता देखाउन नस्कनु।
- अनुसन्धान र अभियोजन गर्ने निकायको सुदृढीकरण, पर्याप्त स्रोत साधनको पर्याप्तता नभएको ।
- सङ्गठित अपराधको सूचनादाता, सुराकी, पीडित तथा साक्षीको संरक्षणको प्रभावकारी कानुन नभएको यस्तो कानुन निर्माण गर्नुपर्ने ।
- सङ्गठित अपराधको अवधारणा र अन्तर्राष्ट्रिय व्यवस्थासँग मेल खाने कानुनी व्यवस्था गर्नुपर्ने ।
- ऐनले सङ्गठित वा असङ्गठित भन्ने शब्द उल्लेख गरेको छ । यसले अन्यौलता ल्याएको हुँदा यसको व्याख्या हुनुपर्ने ।
- अनुसन्धान र अभियोजनकर्ताको विशिष्टीकरण ।

८.समाधानका उपायहरु

नेपालमा सङ्गठित अपराध निवारण ऐन, २०७० जारी भएको लामो समय भएको छैन । कार्यान्वयनको क्रममा अपराध अनुसन्धान, अभियोजन एवं कारबाहीका सन्दर्भमा समस्याहरू देखिएका छन् । प्रस्तुत अध्ययनबाट ती समस्या समाधानका लागि देहायका सुझावहरू प्रस्तुत गरिएको छ ।

१. पर्याप्त स्रोत साधनको व्यवस्था गर्नुपर्ने : नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलीभरी) वा गुप्त कारबाही अनुसन्धान (अण्डर कभर अपरेशन) र अन्य उपयुक्त अनुसन्धान पद्धति अपनाउन सकिने तथा श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत बयान बकपत्र गर्ने व्यवस्थाको कार्यान्वयनका लागि

२. पीडित, साक्षी संरक्षण सम्बन्धी कानुन बनाउनु पर्ने : यस्ता अपराधका पीडित र साक्षीहरुको संरक्षणको लागि अन्य मुलुकले अवलम्बन गरेका अभ्यास समेतलाई दृष्टिगत गरी अविलम्ब कानुनी व्यवस्था गर्नुपर्ने ।

३. अन्तर्राष्ट्रिय व्यवस्था तथा राष्ट्रिय अन्य कानून र अवधारणासँग मेल खाने गरी कानुनका संशोधन गर्नुपर्ने : सङ्गठित निवारण ऐनमा गरिएका व्यवस्थाहरु सङ्गठित अपराधको अवधारणा र अन्तर्राष्ट्रिय कानुनी प्रबन्ध अनुकूल नरहेको तथा मौजुदा कानुनमा समावेश गरिएका प्रावधानहरुले कार्यान्वयनमा अन्यौलता सिर्जना गरेको सन्दर्भमा नेपाल पक्ष बनेको अन्तरदेशीय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००० र अन्य मुलुकले अवलम्बन गरेको अभ्यास समेतलाई विचार गरी सङ्गठित अपराधको अवधारणा र अन्तर्राष्ट्रिय कानुन अनुकूल हुने गरी सङ्गठित अपराध निवारण ऐनमा पुनरावलोकन गर्नुपर्ने साथै भरवेत जारी भएका अपराध संहिता र कार्यविधिसँग मेल खानु पर्ने ।।

४. अनुसन्धानकर्ता र अभियोजनकर्तालाई प्रशिक्षित गर्नुपर्ने : सङ्गठित निवारण ऐनमा गरिएका व्यवस्थाहरु र अवलम्बन गरेका विधि र प्रकृया अन्य परम्परागत अपराधको अनुसन्धान र अभियोजन सम्बन्धी कानुनी व्यवस्था भन्दा भिन्न रहेको सन्दर्भमा प्रशिक्षण प्रदान गर्नुपर्ने ।

५. अनुसन्धानकर्ता र अभियोजनकर्तालाई विशिष्टीकरण गर्नुपर्ने : सङ्गठित अपराधमा प्रायः पेशेवर तथा व्यावसायिक व्यक्तिले उच्च प्रविधिको प्रयोग गर्ने हुँदा अपराधको अनुसन्धान र अभियोजनको कार्य समेत जटिल र चुनौतीपूर्ण हुनाले अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन अनुसन्धानकर्ता र अभियोजनकर्तालाई विशिष्टीकरण गर्नुपर्ने ।

६. सङ्गठित अपराधको अवधारणामा स्पष्ट भई अनुसन्धान र अभियोजन गर्न मार्गदर्शन गर्नुपर्ने : अनुसन्धानकर्ता र अभियोजनकर्ता गम्भीर अपराधमा तीन जना वा सो भन्दा बढी व्यक्ति संलग्न भई सङ्गठित रुपमा अपराध भएको अवस्थामा मात्र सङ्गठित अपराधका आवश्यक तत्वहरु स्थापित गरेर मात्रै सङ्गठित अपराधमा अभियोजन गर्ने गरी

अनसन्धानकर्ता र अभियोजनकर्तालाई प्रहरी प्रधान कार्यालय र महान्यायाधिवक्ताको कार्यालयबाट मार्गदर्शन गर्नुपर्ने ।

७. सङ्गठित रुपमा अपराध भएको पुष्टि गरेर मात्र सङ्गठित अपराधमा अभियोजन गर्नुपर्ने : अनुसन्धानबाट सङ्गठित रुपमा अपराध गरिएको पुष्टि भएको अवस्थामा सो बमोजिम प्रमाण कागजातको आधारमा प्रतिवादीको भूमिका, जिम्मेवारी तथा कार्य समेतको विश्लेषण र सङ्गठित अपराधका तत्व समावेश गरी त्यसको विवेचना गरी अभियोजन गर्नुपर्ने ।

८. अभियोजन परीक्षण र अनुगमन गर्नुपर्ने : सङ्गठित अपराधमा अभियोजन गरिएको अभियोगपत्रको महान्यायाधिवक्ताको कार्यालयबाट परीक्षण गर्ने र नियमित रुपमा अनुगमन गर्नुपर्ने ।

९. सरोकारवाला निकाय र पक्षहरुसँग समन्वय गर्नुपर्ने : अपराध अनुसन्धान, अभियोजन, न्याय सम्पादन गर्ने निकाय र सो कार्यमा सहयोगी भूमिका निभाउने निकाय र पक्षहरुसँग नियमित रुपमा छलफल, अन्तरक्रिया र समन्वय बैठक गरी समस्याको पहिचान गर्ने र समाधानका उपायहरु अवलम्बन गर्नुपर्ने । यो प्रयोजनका लागि न्याय क्षेत्र समन्वय समिति र महान्यायाधिवक्ताको अध्यक्षतामा रहेको समन्वय समिति उपयुक्त संयन्त्र देखिने ।

१०. सङ्गठित अपराध निवारण ऐनको अभ्यासको बारेमा बृहत् अध्ययन अनुसन्धान गर्नुपर्ने :

ऐनको प्रयोग र प्रभावकारिताका सम्बन्धमा अनुसन्धानको विधि र प्रकृयाका आधारमा बृहत् अध्ययन अनुसन्धान गरी मूल्यांकन गर्नु उपयुक्त हुने ।

९.निष्कर्ष

सङ्गठित अपराध वर्तमान विश्वको लागि एक प्रमुख चुनौतीको रूपमा रहेको छ । हरेक राज्यको लागि सङ्गठित अपराध समस्याको रूपमा रहेकोले यसलाई नियन्त्रणका लागि विभिन्न प्रयासहरू हुँदै आएका छन् । नेपाल पनि यस समस्याबाट पछाडि हट्न सक्दैन । सङ्गठित अपराध निवारण ऐनले अपारध अनुसन्धान र अभियोजनमा नवीनतम् अवधारणा र पद्धति अवलम्बन गरे पनि सो अनुसार प्रयोग भएको पाइदैन । कानुनी व्यवस्था नयाँ तर हाम्रो पद्धति र जनशक्ति पुरानै हुँदा कानुनको प्रयोग र कार्यान्वयनमा फरकपन आएको देखिदैन । कानुनमा सङ्गठित अपराधको परिभाषा स्पष्ट नभएको हुँदा यसलाई प्रयोग गर्ने प्रसंगमा फरक फरक रुपमा अवलम्बन गरिएको देखिन्छ । अन्तर्राष्ट्रिय दायित्व र नेपालकै आवश्यकता स्वरुप, संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि, २००० ले सदस्य राष्ट्रहरुलाई संगठित अपराधका विरुद्ध सामुहिक प्रयासका लागि आव्हान गऱ्यो।

यसका पक्ष राष्ट्रहरुले संगठित अपराधलाई निवारणको लागि कानूनी तथा नीतिगत, संरचनागत र अनुसन्धानगत व्यवस्था गरी यस्ता अपराधहरुको नियन्त्रण एवम् निवारणका लागि निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक लगायतका सबै उपायहरु अवलम्वन गर्न आव्हान गरेको पाइन्छ। नेपालमा पनि संगठित अपराधको घटना बढ्दै गईरहेको अवस्थामा संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिमा ११ डिसेम्बर २००२ मा हस्ताक्षर गरी नेपाल पक्ष राष्ट्र बनेको छ । पक्ष राष्ट्रको हैसियतले घरेलु दायित्व पूरा गर्न कानूनी तथा नीतिगत, संरचनागत व्यवस्था गरेको छ । भष्ट्राचार निवारण ऐन, २०५९, सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४, पारस्पारिक कानूनी सहायता सम्बन्धी ऐन, २०७०, सुपुर्दगी ऐन, २०७०, कसूरजन्य सम्पत्ति रोक्का तथा जफत ऐन, २०७० लागू गरेको छ ।

उक्त कानूनहरूको प्रयोगका सम्बन्धमा अपराध अनुसन्धानकर्तामा र अभियोजनकर्तामा मात्र नभई निर्णयकर्तामा पनि स्पष्टता आवश्यक देखिन्छ । कानुन बन्नु समस्याको समाधान नभई यसको सफल कार्यान्वयन समाधान हो । अध्ययनले ठूलो संख्या र क्षेत्र समेट्न नसकेपनि यसले यस कानुनको प्रयोग र कार्यान्वयन सम्बन्धमा गरेको अध्ययनबाट यस क्षेत्रमा संलग्न जनशक्तिलाई आवश्यक प्रशिक्षण प्रदान गरी सैद्धान्तिक र व्यवहारिक रुपमा स्पष्टता

आवश्यक देखिन्छ । साथै अपराध नियन्त्रणसँग संलग्न निकाय र पदाधिकारीहरूबीच समन्वय र सहकार्य उत्तिकै जरुरी देखिन्छ । यस अध्ययनबाट प्राप्त नतिजा र सुझाव समेतलाई मनन गरी उल्लिखित समस्याको समाधानका लागि उल्लेख गरिएका सुझावहरु कार्यान्वयन गर्नेतर्फ सबैको ध्यान जानु जरुरी देखिएको छ।

समाप्त

सन्दर्भ सामाग्रीहरु

1. प्रा. डा. रजितभक्त प्राधानाङ्ग, फौजदारी कानूनको परिचय २०७३, पृष्ठ १
2. सम्मेलन विशेषङ्क, नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन, २०७५, पृष्ठ १८७
3. संगठित अपराध, न्याय प्रशासनका आयामहरु, सोपान मासिक पृष्ठ ५६७
4. डा. शान्त राज सुवेदी सम्पति शुद्धिकरण सम्भावित जोखिम र नेपालको प्रयास, कामाद अंक १९/२०७५
5. United Nations Convention agonist Transnational Organized Crime, 2000 article 2a.
6. संगठीत अपराध सम्बन्धी कानुनको प्रभाव मुल्याङ्कन सम्बन्धी अनुसन्धानमुलक अध्ययन प्रतिवेदन,२०७४, महान्यायधिवक्ताको कार्यालय, पृष्ठ १८
7. संगठित अपराध निवारण ऐन, २०७०,
8. नेपालको संविधान
9. संगठित अपराध एक परिचय स्रोत सामग्री, राष्ट्रिय न्यायिक प्रतिष्ठान २०६८,
10. संगठित अपराधका रुपमा भष्टाचार सार्वजनिक व्यवस्थापन स्रोत सामग्री , सारथी पृष्ठ २६८
11. भष्ट्राचार निवारण ऐन, २०५९
12. प्रतिपादन वर्ष ३, अंक १ २०७५ राष्ट्रिय न्यायिक प्रतिष्ठान पृष्ठ २११
13. लागू औषध नियन्त्रण ऐन, २०३३
14. मावन मर्यादा विरुद्धका अपराध र नेपाल कानून, प्रकाशक, महान्यायाधिवक्ताको कार्यालय
15. मानव बेचविखन तथा ओसारपसार ऐन २०६४
16. सम्पत्ति शुद्धिकरण र आतङ्कवादी कृपयाकलापमा वित्तिय लगानी सम्बन्धी कसूरको अनुसन्धान अभियोजन र न्याय निरुपण कार्यविधि दिग्दर्शन, २०७२ राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, पृष्ठ ५
17. सम्पत्ति शुद्धुकरण निवारण ऐन, २०६४
18. मुलुकी अपराध संहिता ऐन, २०७४
19. मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४
20. समेत ने. का. प. २०६८, अङ्क ६ निर्णय नं.८६३०
21. ने का प २०६९, पृष्ठ १२३८, नि न ८८७४
22. ने का प २०६९, निणय नम्बर ८८१४, पुष्ठ ६४३
23. ने का प २०७२ अंक ८, निणय न.९४५५
24. ने का प २०७२ अंक १ नि न.९३३३
25. ने.का.प. २०७२ अंक ८ नि. न. ९४५३
26. ने का प २०६७ अंक २ नि न ८३२१
27. ने का प २०६१, अङ्क ७४७५
28. ने का प २०६१, अंक ३, नि न ७३४१, पृष्ठ २५१
29. ने का प २०६८, अंक १२, नि न ८७२८
30. ने का प २०७३ अङ्क ११ नि नम्बर ९७०८ पूर्ण इजलास

कार्यपत्र : ११, संङ्गठित अपराध निवारण ऐन, २०७० कार्यन्वयनमा रहेका चुनौतिहरु

रोमाकान्त ज्ञवाली

उपन्यायाधिवक्ता

परिच्छेद-एक

प्रारम्भिक

१.१ पृष्ठभूमी

सङ्गठित अपराधले सामाजिक, राजनैतिक आर्थिक लगायतका समग्र क्षेत्रमा असर पर्दछ। यसको प्रमुख उद्देश्य नै आर्थिक लाभ, हिंसा र अन्य लाभमा केन्द्रित हुने भएकोले यस प्रकारको अपराधले समाज, राष्ट्र तथा अन्तरराष्ट्रिय क्षेत्रमा समेत गम्भीर असर पुर्याइरहेको हुन्छ। सङ्गठित अपराधलाई आर्थिक क्रियाकलापको आधारमा अपराध उद्योग (Crime Enter prises) को रूपमा पनि लिने गरिन्छ। विज्ञान र प्रविधी, यातायात र संचार क्षेत्रको विकाशले विश्वलाई नै एउटा शहरको रुपमा परिणत गरीदीए पछी सङ्गठितअपराधले विश्वव्यापी संजाल खडा गरेको देखिन्छ। परम्परागत अपराधमा एउटा अपराध पश्चात त्यस प्रकारको अपराध सामान्यतया त्यसै व्यक्ति वा समूहले निरन्तर रुपमा गर्दैन।

तर सङ्गठितअपराधमा संल्ग्न व्यक्ति वा समूह पक्राउ परे पनि त्यसमा संगल्न अन्य राष्ट्रिय तथा अन्तरराष्ट्रिय गिरोहको संजालले गर्दा निरन्तररुपमा चलिरहन्छ। कुनै अपराध व्यक्तिगत वा समूहगत वा सङ्गठित रुपमा घटाईएको हुन सक्छ। जतिसुकै गम्भीर अपराध हुन साथ सङ्गठित हुने नभई त्यस अपराध घटाउन सङ्गठित रुपमा संलग्नताको अवस्था हेरिनु अत्यावश्यक हुन्छ। सङ्गठित अपराध देश भित्र र सिमाना विहीन (Border -Less) गरी अन्य मुलुकमा पनि आफ्नो अपराधिक कार्य, संगठन र सञ्जाल विस्तार गर्ने उद्देश्यबाट गरिन्छ। सङ्गठितअपराधमा मूल अपराधी प्राय पर्दा पछाडी रहने गर्दछन।

१.२ समस्याको पहिचान

विश्व परिवेशमा सङ्गठित अपराध अपराधहरु बढिरहेका र विद्यमान सङ्गठित अपराध निवारण ऐन, २०७० को कार्यान्वयन सम्बन्धमा समस्या चुनौती सन्दर्भमा प्रस्तुत अध्ययनका लागि निम्नानुसारका समस्याहरु पहिचान गरिएको छ ।

- ❖ नेपालमा सङ्गठितअपराध सम्बन्धी कानूनी प्रावधानहरु पर्याप्त छन, छैनन ?
- ❖ अनुसन्धान र अभियोजनको प्रभावकारीता, समस्या र सङ्गठित अपराध ऐन कार्यान्वयनमा देखिएका चुनौती, समस्याको समाधान नियन्त्रणमा प्रभावकारी उपाय ?
- ❖ जिल्ला तथा उच्च अदालत र सर्वोच्च अदालतबाट सङ्गठित अपराधसँग सम्बन्धित सम्बन्धमा भएका ब्याख्या एवं प्रतिपादित नजीरहरुले सङ्गठितअपराध नियन्त्रणमा भूमिका खेलेको छ, छैन ?

१.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन ।

- ❖ सङ्गठित अपराधको सम्वन्धमा नेपालको कानूनी व्यवस्था सम्बन्धी प्रावधानहरुलाई अध्ययन गर्ने।
- ❖ सङ्गठित अपराध सम्बन्धमा राष्ट्रिय एवं अन्तरराष्ट्रिय कानूनमा भएका प्रमुख व्यवस्थाहरुको प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गर्ने ।
- ❖ सङ्गठित अपराध सम्बन्धमा नेपालको सर्वोच्च अदालतबाट भएका फैसलाहरु र प्रतिपादित नजीरहरुको अध्ययन गर्ने।
- ❖ यस अध्ययनबाट प्राप्त तथ्यहरुको बिश्लेषण गरी बिद्यमान समस्याहरुको पहिचान गर्ने र समस्या समाधानका लागि उपयुक्त सुझावहरु प्रस्तुत गर्ने ।

१.४ अध्ययनको महत्व

सङ्गठितअपराधलाई विशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्न, सङ्गठित अपराध वाट पीडित तथा साक्षीको संरक्षण गर्न, सङ्गठित अपराधको नियन्त्रण गर्न कानुनी व्यवस्था गर्न, चुनौती समस्या पहिल्याइ समाधानका उपाय पहिल्याउन, अपराधको प्रकृती योजना उदेश्य र अपराधिको संख्याले सङ्गठितअपराधको एकिन गर्न अनुसन्धान गर्ने निकाय र अभियोजनकर्ता लाई सहज हुने हुँदा महत्व रहेको छ।

- ❖ विधमान कानूनको पुनरावोलकन गर्दै अपराधलाई जघन्य, गम्भिर र साधारण गरी विभाजन गर्न।
- ❖ संङ्गठित नयाँ अपराध समय सापेक्ष समेट्न ।
- ❖ अनुसन्धानका व्यवस्थामा समसामयिक सुधार गर्न।
- ❖ अभियोजनका समस्या र अभियोजन सफल प्रभावकारी बनाउन सङ्गठित अपराध ऐन, २०७० मा गर्नु पर्ने सुधार गर्न।

१.५ अध्ययनको बिधि

प्रस्तुत अध्ययनमा (Doctrinal तथा Non- Doctrinal) सैद्धान्तिक, वर्णनात्मक र विवेचनात्मक विधि अपनाईएको छ । सो प्रयोजनार्थ सैद्धान्तिक अध्ययनका लागि संबिधान, अन्तरराष्ट्रिय सन्धि तथा घोषणा पत्र, प्रचलित कानून र सर्वोच्च अदालतबाट प्रकाशित नजीरहरु प्राथमिक श्रोतका रुपमा रहेका छन। सङ्गठित अपराध सम्बन्धित बिभिन्न विद्वानका प्रकाशित पुस्तक, लेख रचनाका साथै Virtual Resource जस्तै गुगल समेतका वेभपेजहरु सहायक सामग्रीको रुपमा रहेका छन । यी सबैको सामाग्रीहरुबाट खोजी गरी प्रस्तुत अध्ययन गरिएको छ ।

यसमा विभिन्न अदालतमा दायर भएका सङ्गठित अपराधका मुद्दाको अनुसन्धान प्रक्रिया, अध्ययन, तथ्याङ्क संकलन, अदालतबाट सफलता, असफलता, फैसलामा लिइएका निर्णय धार (Ratio-decidendi) अध्ययन गरिएका सम्पूर्ण बिषयवस्तुबाट प्राप्त तथ्यहरुलाई बिश्लेषण गरी Non Doctrinal Method) बिद्यमान समस्याहरुको पहिचान गरिएको छ र समस्या समाधानका लागि उपयुक्त सुझावहरु प्रस्तुत गरिएको छ ।

१.६ पूर्व अध्ययनको समिक्षा

सङ्गठितअपराध सम्बन्धमा अध्ययन गर्ने सन्दर्भमा प्रचलित नेपाल कानून, अन्तरराष्ट्रिय कानूनमा भएका ब्यवस्थाहरु र बिभिन्न बिद्वानहरुका पुस्तकहरु लेखहरुको अध्ययन गरिएको छ ।

- महान्याधिवक्ताको कार्यालय, अपराशास्त्रीय अनुसन्धान केन्द्र ले अध्ययन गरी तयार गरेको सङ्गठित अपराध सम्वन्धी प्रभाव मूल्याङ्कन सम्बन्धी अनुसन्धानमुलक अध्ययन पुस्तक (२०७४ भाद्र) लाइ आधार लिईएको छ। साथै उक्त पुस्तक मा उल्लेखित तथ्याङ्क का अतिरिक्त हाल चालु सङ्गठित अपराधका मुद्दाको अध्ययन गरिएको छ ।
- राष्ट्रिय न्यायिक प्रतिष्ठान नेपाल (२०६८) सङ्गठितअपराध एक परिचय को अध्ययन गरिएको छ। यो पुस्तक सङ्गठितअपराध सम्बन्धमा लेखिएकोले सङ्गठितअपराधको बर्गिकरण आदि

उल्लेख गरिएको छ। विभिन्न पुस्तक, पत्रिकाका लेख रचना स्तम्भ को अध्ययन गरिएको छ।

साथै, जिल्ला तथा सर्वोच्च अदालत बाट सङ्गठितअपराध सम्बन्धमा सान्दर्भिक बिभिन्न मुद्दाका फैसलाहरुको अंश पनि अध्ययन गरिएको छ ।

१.७ अध्ययनको सीमा

प्रस्तुत अध्ययन सरकारी वकीलहरुलाई सङ्गठित अपराधका मुद्धाहरुमा तालीम अध्ययनको माध्यमबाट विशिष्टीकरण वनाई सङ्गठित अपराधका मुद्धामा सफलता हासिल गर्न सङ्गठित अपराध निवारण ऐन, २०७० को कार्यान्वयनमा रहेका कमी कमजोरी चुनौती समस्या समाधानका उपाय उद्देश्य परिपूर्तिको लागि तोकिएको सीमित समय एवं उपलब्ध स्रोत साधनहरुको दायराभित्र रही अध्ययन सम्पन्न गरिएको छ। यसमा नेपालको संबिधान एवं प्रचलित नेपाल कानूनका अतिरिक्त अन्तरराष्ट्रिय कानूनमा सङ्गठितअपराध संग सम्बन्धित बिभिन्न प्रावधानहरु र बिभिन्न विद्वानहरुका प्रकाशित पुस्तक, लेख रचनाका साथै Virtual Resource जस्तै गुगल समेतका वेभपेजहरुको सहायताबाट खोजी गरी सङ्गठित अपराध सम्बन्धमा अध्ययन गरिएको छ। यसैगरी सङ्गठित अपराध का सम्बन्धमा न्यायिक दृष्टिकोणको अध्ययन गर्नका लागि सम्मानीत सर्वोच्च अदालतबाट प्रकाशित नेपाल कानून पत्रिकाहरुको अध्ययन गरिएको छ। यसरी गरिएको अध्ययनबाट प्राप्त तथ्यहरुलाई बिश्लेषण गरी बिद्यमान समस्याहरुको पहिचान गरी समस्या समाधानका लागि उपयुक्त सुझावहरु प्रस्तुत गरिएको छ।

१.८ अध्ययनको संरचना

सङ्गठित अपराध निवारण ऐन,२०७० को प्रस्तुत अध्ययनबाट प्राप्त तथ्यलाई विश्लेषण गरी निष्कर्ष, सुझावहरुलाई प्रतिवेदनको रुपमा तयार गरिएको छ। यसमा प्रथम परिच्छेदमा सङ्गठित अपराधको अध्ययनको परिचय तथा अध्ययन विधि रहेको छ। दोश्रो परिच्छेदमा सङ्गठित अपराध का सम्बन्धी अवधाराणात्मक पक्ष समावेश गरिएको छ। तेस्रो परिच्छेदमा संगठीत अपराध सम्बन्धी विश्वका प्रमुख अन्तराष्ट्रिय अपराधि संगठनको संलग्नता उल्लेख गरीएको छ। चौथो परिच्छेदमा सर्वोच्च अदालतबाट प्रतिपादित नजीरहरुको अध्ययन विश्लेषण गरिएको छ। नेपालको कानूनी व्यवस्था र यस सम्बन्धमा भएका अन्तराष्ट्रिय कानूनका प्रमुख व्यवस्थाहरु समावेश गरिएको छ। अन्त्यमा, पाचौं परिच्छेदमा अध्ययनबाट प्राप्त तथ्यहरुको बिश्लेषण गरी बिद्यमान समस्याहरुको पहिचान गरिएको छ र समस्या समाधानका लागि उपयुक्त सुझावहरु प्रस्तुत गरिएको छ।

परिच्छेद-दुई

सङ्गठित अपराध निवारण ऐन, २०७० को कार्यान्वयनमा रहेका चुनौतीहरू

२.१ परिचय

सङ्गठित रूपमा अर्थात योजना तयारी, संगठन, सञ्जाल, प्रविधि तथा पर्याप्त श्रोत साधन सहित धेरै व्यक्तिहरू मिलेर गरिने अपराध सामान्य अर्थमा सङ्गठित अपराध हो भन्ने बुझिन्छ। सङ्गठित अपराध शब्दावलीको प्रयोग अमेरिकामा सन् १९६० देखि ल्याइएको पाइन्छ। यसको उद्देश्य मूलतः Economic gain आर्थिक लाभ नै हो। यसको साथै प्रसिद्धि हासिल गर्न, समाजलाई आंतकित पार्न, सामूहिक बदला लिन आदिका लागी व्यक्तिहरू सङ्गठित हुने र सङ्गठित रूपमा अपराध हुने गर्दछ[1]। यस्तो सङ्गठित अपराध अन्तर्देशीय Transnational एंव सङ्गठि तर योजनावद्ध रुपमा हुने गर्दछ। कुनै स्थान वा राष्ट्रमा मात्र सिमित हुँदैन।यसलाई अन्तरदेशिय सिमा विहीन प्रकृतिको अपराध पनि भनिन्छ।

सङ्गठित अपराध आफैमा मूल अपराध नभई अपराध गर्ने शैली, तरिका, माध्यम, कारण, साधन प्रयोग, अपराध कर्ताको संलग्नता, अपराध पश्चात् त्यस अपराधको चाहनासँग सम्बन्धित हुन्छ। कुनै अपराध व्यक्तिगत वा समूहगत वा सङ्गठित रुपमा घटाईएको हुन सक्छ। जतिसुकै गम्भीर अपराध हुन साथ सङ्गठित हुने नभई त्यस अपराध घटाउन सङ्गठित रूपमा संलग्नताको अवस्था हेरिनु अत्यावश्यक हुन्छ। सङ्गठित अपराध देश भित्र र सिमाना पार गरी अन्य मुलुकमा पनि आफ्नो अपराधिक कार्य, संगठन र सञ्जाल विस्तार गर्ने उद्देश्यबाट गरिन्छ। सङ्गठित अपराधको परिभाषा र अवधारणा एक रुपता पाइदैन। सङ्गठित अपराध भन्ने शब्द सन् १९१९ मा वकील व्यापारी र बैक सञ्चालकहरुद्वारा स्थापित सिकागो अपराध आयोग (Chicago Crime Commission) ले पहिलो पटक प्रयोगमा ल्याएको थियो। विधिशास्त्री Donald Casey ले सङ्गठित अपराध लाई "An organized Crime is a Committed by a person occupying in an established division of labor, a position designed for the Commission of Crimes Providing that in such division of labor at least one position is for corrupter one position

[1] घिमिरे कृष्णजीवी (२०७३) सङ्गठित अपराध नियन्त्रण सम्बन्धी व्यवस्था, सम्पत्ती नामक नेपाली भाषा जर्नल, ललितपुर सम्पत्ती शुद्धिकरण विभाग नेपाल

for corrupted and one for an enforcer[2] उक्त महासन्धीका अनुसार कम्तीमा चार बर्ष वा सो भन्दा बढी कैद सजाय हुने अपराध रहेका छन्। सङ्गठित अपराधमा देहायका विषय हुनुपर्ने भनी भनिएको छ।

(क) सङ्गठित समूह

१. तीन वा बढी व्यक्तिहरुको संलग्नता

२. सङ्गठित समूहको निश्चित समय सम्मको अस्तित्व

३. निहित उद्देश्यसँग सम्बन्धित

४. कम्तीमा एउटा अपराधीका कार्य सम्पन्न भएको हुनुपर्ने ।

सिंकागो अपराध आयोगले सङ्गठित अपराध भन्नाले सङ्गठित अपराधिक संगठनलाई नभई लगभग दश हजार पेसेवर अपराधीहरूलाई आपराधिक श्रेणीमा राखी सङ्गठित अपराध शब्द प्रयोगमा ल्याईएको थियो[3]।

सङ्गठित अपराधले सामाजिक, राजनैतिक आर्थिक लगायतका समग्र क्षेत्रमा असर पर्दछ। यसको प्रमुख उद्देश्य नै हिंसा र भ्रष्टाचार भएको हुँदा सङ्गठित अपराधिक समूह गैरकानूनी लाभ र हिंसामा केन्द्रित हुने भएकोले यस प्रकारको अपराधले समाजलाई असर पुर्याइरहेको हुन्छ[4]। सङ्गठित अपराधलाई आर्थिक क्रियाकलापको आधारमा अपराध उद्योग (Crime Enter praises) को रूपमा पनि लिने गरिन्छ। विधिशास्त्री Cowling का अनुसार The Fact that organized crime and criminal gangs by their nature are difficult to define contributes to the absence of a universally accepted it is to same extent synonymous with certain mystical organizations such as the mafia camorra etc.[5]

Cressey का अनुसार सङ्गठित अपराध अत्यन्तै गम्भीर प्रकारको अपराध हो। सङ्गठित अपराधका अपराधीको धनी बन्ने वा शक्तिशाली बन्ने चाहनाको कारण जुवा खेलाउने, लागू औषधको कारोबार गर्ने, इमान्दार र लगनशिल उद्यमीहरुलाई धम्काई अनुचित लाभ लिने, अनुचित आर्थिक लाभ लिने आदि जस्ता उद्देश्यले चलन चल्तीको भन्दा बढी ब्याजमा ऋण लगानी गर्ने, घुस खाने आर्थिक तथा

[2] UN Convention against transnational organized crime, 2000 article 2 (A)

[3] Tripathi, Rewati Raj and Bhandari somkanta, (2016) an assessment of legal framework to combat organized crime in Nepal prosecution journal (vol.3) Kathmandu office of the attorney general Nepal p38

[4] fijndout (1998) organized crime in the Netherlands, martins nijhaff http:// books google.com qu/books id = QgqaJ60goHUCddq=tignautt1998ir (2004)

[5] van duyne crime enterprises 63 fukumi states that the official name of yakuza in bonyaku don meaning violence group see fukumi the yakuza 99.25

अन्य लाभको लागि अंगभंग वा ज्यान लिने, विध्वंश मच्चाउने, गुण्डागर्दी गर्ने जस्ता अवान्छीत क्रियाकलापहरु सञ्चालन गर्ने गर्दछन्[6]। अमेरिकाको न्याय विभागले सन् १९७० मा गरेको परिभाषा अनुसार सङ्गठित अपराध भन्नाले All illegal activates engaged in by member of criminal syndicates operative throughout the us and all illegal activities engaged in by knows associates and confederates of such members यो परिभाषाले अपराधिक संगठनका सदस्यहरु अनुशासनको कडा चौधारमा नभई एउटा खुकुलो सम्वन्धमा रहन सक्छन्। तथापी त्यस्ता संगठनले हासिल गर्ने आपराधिक कार्यको उद्देश्य महत्वपूर्ण हुन्छ र त्यस्तो उद्देश्य सामान्यतया आर्थिक लाभ प्राप्त गर्ने हुन्छ[7]।

२.२ सङ्गठित अपराधको परिभाषा

सयुक्त राज्य अमेरिकाको सङ्गठित अपराध नियन्त्रण ऐन, १९७० (Organized crime control act 1970) ले गरेको सङ्गठित अपराधको परिभाषा अनुसार सङ्गठित अपराध भन्नाले सङ्गठित रुपमा अनुशासित संगठनले सञ्चालन गरिरहेको गैरकानूनी तथा आपराधिक क्रियाकलाप र व्यापारीलाई धम्काई आर्थिक लाभ लिने समूह समेतलाई जनाउने छ। लुटपाट डकैती, विस्फोटन बैक घोटाला, मानव बेचविखन ओसारपसार, मानव तस्करी, लागू औषध, जुवा, हातहतियार उत्पादन ओसारपसार, खरिद विक्री, अपहरण, शरिर बन्धक र हत्या सम्पती शुद्धिकरण, भष्टचार मुद्दा अपचलन, नक्कली मुद्राको कारोबार, कर नतिरी चुरोट रक्सीको उत्पादन, बेश्याबृति, कालो बजारी, लुटपात आंतकबाद जस्ता आपराधिक कार्य सङ्गठित अपराधका क्षेत्रहरु मानिन्छ। सङ्गठित अपराधमा संलग्नता संख्या समूहका प्रकृती अपराधको गम्भीरता अपराधको प्रकृती तथा परिणाम र उद्देश्य जस्ता आधारमा सङ्गठित अपराध हेर्नुपर्दछ[8]।

संयुक्त राष्ट्र संघिय महासभाले सन् २००० मा अनुमोदन गरी जारी गरेको अन्तरदेशिय सङ्गठित अपराध विरुद्धको सयुक्त राष्ट्रसंघिय महासन्धी United Nation transnational organized crime को परिभाषा अनुसार सङ्गठित अपराधको परिभाषा नगरी सङ्गठित आपराधिक समूहको परिभाषा गरेको छ।

---

[6] cressey & finckenauer (2008) theft of the nation. the structure and operation's of organized crime in America transaction publishes http://books/about/theft nation

[7] प्रधानाङ्ग प्रा.डा. रजीतभक्त र लामा, कुन्साङ्ग (२०७५) सङ्गठित अपराधको अवधारणा लिगल आई महाधिवेशन विशेसाङ्क, काठमाडौ नेपाल डेमोक्रेटिय लयर्स एसोसियसन पृ.२८

[8] रेग्मी संजिव राज, संगठित अपराधको अवधारणा, अन्तर्रराष्ट्रिय अभ्यास र नेपालमा सङ्गठित अपराध नियन्त्रण सम्वन्धी कानून, एक अध्ययन सोपान मासिक २०७२ मंसिर अंक ५ पृ.१४-२४

Organized Criminal group shall mean a structured group of three or male persimmon existing for a period of crime and acting in con-cert with the aim of committing one or more serious crimes or offences established in accordance with in contention in order to obtain directly or indirectly a financial or other material benefits अर्थात सङ्गठित आपराधिक समूह भन्नाले तीन वा तीनभन्दा बढी व्यक्तिहरु संलग्न रहेको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आर्थिक एंव भौतिक लाभ लिनका लागी एक वा एक भन्दा बढी गम्भीर प्रकृतीका अपराधमा संलग्न रहेको आपराधिक समूह (Criminal Group) भनी परिमार्जित गरिएको छ[9]। साथै महासन्धीले सङ्गठित अपराधको लागि निम्न तत्वहरुको आवश्यकता औल्याएको छ।

- ✓ सङ्गठित अपराधी आर्थिक तथा भौतिक लाभको उद्देश्यले एक वा सो भन्दा गम्भीर अपराध घटाउनको लागि तिन जना वा सो भन्दा बढी मानिसहरु रहने गरी सङ्गठित संरचनागत समूह,
- ✓ गम्भीर अपराध सङ्गठित समूहले गरेको अपराध न्यूनतम ४ बर्ष कैद सजाय हुने प्रकृतिको अपराध हुनुपर्ने,
- ✓ संरचनागत समूह औपचारिक वा अनपौचारिक रुपमा विना उद्देश्य गठन भएको नभई आर्थिक लाभ वा हिंसा गर्ने उद्देश्यले गठन भएको समान वा माथिबाट तलको संरचनागत व्यवस्था सहित गठित आपराधिक समूह,

कसैले आपराधिक समूहको लाभको लागि अपराधिक समूहको निर्देशनमा आपराधिक समूहको तर्फबाट आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य नभई जानी जानी कुनै गम्भीर अपराध गरेमा निजले सङ्गठित अपराध गरेको मानिनेछ[10]।

यसरी हेर्दा सङ्गठित अपराध भन्नाले सङ्गठित आपराधिक समूह बाट कुनै आर्थिक वा भौतिक फाइदा उठाउने उद्देश्यबाट गरिएको कुनै गम्भीर अपराध वा अपराधहरुलाई सम्झनुपर्ने हुन्छ। सङ्गठित अपराध अँफैमा मुल अपराध नभई अपराध गर्ने शैली, तरिका, माध्यम, कारण, साधनको प्रयोग, अपराधकर्ताको संलग्नता, अपराध पश्चात त्यस अपराधको प्रभावको चाहानासँग सम्बन्धित हुन्छ।

संगठनको संरचनात्मक स्वरुप, अपराधको उद्देश्य र प्रकृती तथा हासिल गर्न खोजेको लाभका आधारमा सङ्गठित अपराधलाई परिभाषित गर्न सकिने देखिन्छ। नेपालमा सङ्गठित अपराध निवारण

[9] UN convention on Transnational organized crime (GA Res55/25/5 November 2000)

[10] दफा ३ (२) सङ्गठित अपराध निवारण ऐन, २०७०

ऐन २०७० ले तीन जना वा सो भन्दा बढी मिलेर गरेको देहायको अपराधहरुलाई सङ्गठित अपराध मानेको छ[11]।

- ✓ प्रचलित कानून बमोजिम तीन बर्ष भन्दा कैद सजाय हुने कसुर,
- ✓ प्रचलित कानून बमोजिम भष्टचार वा सम्पती शुद्धिकरण वा आंतककारी क्रियाकलापमा वित्तिय लगानी मानिने कसुर,
- ✓ आपराधिक समूहको स्थापना,
- ✓ न्यायिक काम कारबाहीमा अवरोध,
- ✓ विश्वासत्मक कार्य,
- ✓ आपराधिक लाभ लिने कार्य ।

२.३ सङ्गठित अपराध निवारण ऐन, २०७० निर्माण हुनुको आवश्यकता

सङ्गठित अपराध निवारण ऐन,२०७० निर्माण हुनुको आवश्यकता[12]

- ✓ विश्वव्यापी रुपमा सङ्गठित अपराधको सञ्जाल बढ्दै जानु
- ✓ नेपालमा पनि सञ्जाल विस्तार भएका घटनाक्रम
- ✓ मानव ओसार पसार, चेलिबेटी बेचबिखन, विभिन्न तस्करी लागू औषध मानव बन्यजन्तु मुद्दा अपहरण घटना आदी वृद्धि हुनु
- ✓ सङ्गठित अपराध Transnational दायित्व बोध हुनु
- ✓ UN Toc-2000 को 3/12/2011 मा नेपालद्वारा अनुमोदन
- ✓ Financial Action Task Force का Recommendation
- ✓ FATF को ICRG अन्तर्गत APRRG सँग Face to Face meeting
- ✓ शान्ति सुरक्षा र सुशासनमा चुनौती बढ्दै जानु
- ✓ मुलुकलाई अपराधीहरुको आयस्थल वा Save Heaven हुन रोक्ने जोगाउने
- ✓ अन्तराष्टित सहयोग आदान प्रदान गर्न

[11] सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३ (२)

[12] शर्मा भेषराज, सङ्गठित अपराध सम्बन्धी नेपाल कानून कार्यपत्र उपाध्यक्ष नेपाल कानून आयोग, नेपाल

२.४ सङ्गठित अपराधका स्वरुपहरु

आपराधिक समूहहरुले गर्ने सङ्गठित अपराधहरुमा व्यापारिक तथा व्यवसायिक क्षेत्र लुटपाट, चोरी, अपराध, धम्की, हत्या, विस्फोट पदार्थ हातहतियार ओसारपसार, बम आदि विस्फोटक पदार्थ विस्फोटन गराउने, मालबाहक ट्रक अपरहण, सामान लुट्ने, बैकको ऋण तथा लगानीको दुरुपयोग गरी टाटा उल्टाउने, बैकिङ्ग कसुर, विमा सियर, धितो पत्रको भित्रि कारोबार (insider trading) डकैती, कम्प्युटर ह्याकिङ्ग, डेविट कार्ड सम्वन्धी अपराध, सार्वजनिक निर्माणमा हुने टेण्डर प्रकृयामा अवरोध, कालोबजारी, नक्कली मुद्रा, नक्कली रक्सी उत्पादन, कर छली, आप्रवासी कामदारको अवैध व्यापार, मानव बेचविखन ओसारपसार वेश्यावृत्ति, हातहतियार उत्पादन, लागू औषध कारोबार, बैदेशिक रोजगार, शिक्षण संस्था अपहरण, सम्पत्ति शुद्धिकरण, भष्टचार मुद्दाको अपचलन, चुरोट लागू पदार्थ उत्पादन वितरण, आंतकवाद आदिमा संलग्न रहने गर्दछन्। विश्वमा निर्यात व्यापारको ७ प्रतिशत हिस्सा सङ्गठित अपराधले ओगटेको छ[13]।

साथै सङ्गठित अपराधका कार्यहरुमा टेलिफोन कलबाइपास, एकाधिकारवाद, मुद्दा निर्मलिकरण बैकिङ्ग र अन्य ठगी तथा साइवर अपराध बन्यजन्तुको चोरी निकासी मानव तस्करी बढ्दै गएको पाइन्छ। लुटपाट डकैति, विषफोटन, वैंक घोटाला, मानव वेचविखन ओसारपसार तस्करी लागु ओषध,जुवा,हातहतियार ओसारपसार, उत्पादन, खरिद विक्री,अपहरण, शरिरवन्धकर हत्या, सम्पत्ती शुद्धीकरण भ्रष्टाचार, मुद्रा अपचलन, नक्कली मुद्राको कारोवार, आतंकवाद जस्ता आपराधिक कार्य सङ्गठित अपराधका क्षेत्र मानिन्छन्[14]।

२.५ सङ्गठित अपराध निवारण ऐन, २०७० को मूलभूत विशेषताहरू

सङ्गठित अपराधलाई आपराधिक उद्देश्य, अपराधको प्रकृती, यसको विस्तारित क्षेत्र, सञ्जाल, आपराधिक प्रवृत्ति, संख्यात्मक आधार संरक्षक तथा सहयोगी समूह आदिको संलग्नता जस्ता पक्षबाट अन्य अपराध भन्दा पृथक गर्ने गरिन्छ। सङ्गठित अपराध ऐनका मूलभूत निम्न विशेषता पाइने गरेको छ।

- ✓ निरन्तरता (Continuity)

[13] Tarnover of globel organized crime $070 billion a year http www globalreserh ca/tarnove of globel organized crime 870-billion a year /31995 accessed on 9, july 2013

[14] संजीवराज रेग्मी, संगठित अपराधको अवधारणा, अन्तर्राष्ट्रिय अभ्यास र नेपालमा सङ्गठित अपराध नियन्त्रण सम्बन्धी कानून, एक अध्ययन, सोपान द्वैमासिक, २०७२ मंसिर, अंक ५, पृष्ठ १४–२०

- ✓ आफ्नै तहगत संगठनात्मक संरचना (Hierarchical Structure)
- ✓ सदस्य विच कठोर गोपनियता र सिमित सदस्य (Privacy)
- ✓ आर्थिक प्राप्ति (Economic gain) वा भौतिक मुनाफाको (material benefit)
- ✓ आपराधिक क्रियाकलापमा संलग्नता योजना (Planning)
- ✓ हिंसा, डर धाक धम्की, आक्रमण अभिन्न अंगको रुपमा (Violence)
- ✓ धन आर्जन, शक्ति हासिल गर्ने र नाफा कमाउने (Economic and other material gain)
- ✓ उच्च पदस्थ राजनैतिक वा पदाधिकारी कर्मचारीको संलग्नता र संरक्षकत्व (Involvement)
- ✓ तीन वा बढी व्यक्तिहरुको आपराधिक समूह (Team work)
- ✓ समन्वय कार्य विभाजन सम्वन्ध सञ्जाल (Work division Network)
- ✓ स्वचालीत (Mono poly)
- ✓ (Protective Measures)
- ✓ कडा आचरण (Conduct Norms)
- ✓ अतिरिक्त ५० प्रतिशत सजाय हुने
- ✓ क्षतिपुर्ति कसुरदारवाटै भराउने
- ✓ विशेष अनुसन्धान टोली
- ✓ सम्पत्ती रोक्का गर्न सकिने
- ✓ सङ्गठित संस्था (Legal person) लाइ सजाय गर्न सकिने
- ✓ ६० दिन सम्म हिरासतमा राखि अनुसन्धान गर्न सकीने
- ✓ तहकिकातको सिलसिलामा अभियुक्तको सम्पत्ती, राहदानी रोक्का राख्न सकिने।
- ✓ शकित कारोवारको विवरण माग्न वा कारोवार वा खाता रोक्का राख्न सकिने
- ✓ टेलिफोन वा सन्चारको विवरण माग गर्न सकिने
- ✓ सजायमा माग दावीमा अधिकतम ७५% सम्म
- ✓ अभियोग दायर पछी पनी थप अभियोग लगाउन सकिने
- ✓ श्रव्यदृश्य (Video Conference) मार्फत पनि उपस्थित गराउन सकिने
- ✓ साङ्केतिक नामवाट पनि वयान वकपत्र गराउन सकिने
- ✓ जिरह सम्वन्धी विशेष व्यवस्था
- ✓ वन्द ईजलासमा कारवाही तथा सुनुवाई गर्न सकिने।
- ✓ संगठीत सस्थालाई समेत सजाय हुनसक्ने
- ✓ सुराकी, उजुरकर्ता, तथा साक्षी संरक्षण सम्वन्धी विशेष व्यवस्था

- ✓ हदम्याद नलाग्ने
- ✓ पक्राउ गर्न वा अनुसन्धान गर्नेलाई जरिवानाको २० प्रतिशत बराबरको रकम पुरस्कार

सङ्गठित अपराधमा मूलतः तीनवटा विशेषताहरु पाइन्छन[15]। ती विशेषताहरुमा आपराधिक समूह (The criminal group) यसका संरक्षण (The protectors) र संस्थागत आपराधिक सहयोग (The organized crimes support)

[15] घिमिरे कृष्णजीवी, नेपालको कानूनमा सङ्गठित अपराधलाई हेर्ने दृष्टिकोण र हालको प्रयोग अवस्था, (कार्यपत्र) राष्ट्रिय न्यायीक प्रतिष्ठान ल.पू.

परिच्छेद- तीन

सङ्गठित अपराधका मुद्दाहरूको अनुसन्धान र अभियोजन अवस्था

सङ्गठित अपराधका मुद्धाहरुको अनुसन्धान गर्ने निकाय तथा पदाधिकारी कानुनद्धारा फरक, फरक तोकिएको छ। ति मुद्दाहरूको अभियोजन अभियोजन गर्ने कार्य सरकारी वकील तथा तोकिएको अधिकृतको हुने व्यवस्था रहेको छ ।

३.१ अनुसन्धान र अभियोजन सम्बन्धी व्यवस्था

क. अनुसन्धान र अभियोजन सम्वन्धी व्यवस्थाः[16] भ्रष्ट्राचार वा सम्पत्ति शुद्धिकरण वाहेकका सङ्गठित अपराधको अनुसन्धान कम्तीमा अधिकृत स्तरको प्रहरी कर्मचारीले गर्ने ।

- यस ऐन अन्तर्गतका कसुर गर्नेलाई प्रचलित कानून बमोजिम हुने सजायको अतिरिक्त थप ५०% सजाय हुने
- क्षतीपूर्ती कसुरदारबाटै भराउने
- यस अपराधको तहकीकातका लागी आवश्यकता अनुसार विशेष अनुसन्धान टोली गठन गर्न सक्ने तथा विशेष अनुसन्धान पद्धती अपनाउन सकिने
- अदालतको अनुमती लिई अभियूक्तलाई पटक पटक गरी ६० दिनसम्म हिरासतमा राख्न सकिने
- तहकिकातको सिलसिलामा अभियूक्तको सम्पत्ति, राहदानी रोक्का राख्न सकिने
- शंकीत कारोवारको विवरण माग्न वा कारोवार वा खाता रोक्का राख्न सकिने
- टेलिफोन वा सञ्चारको विविरण माग गर्न सकिने
- मनासीव आधार भएमा अभियूक्तले प्रयोग गरेको सञ्चार माध्यम निस्कृय गर्न सकीने
- अनुसन्धानमा सहयोग गर्ने अभियुक्तलाई सजायको मागदावीमा पहिलोपटक ७५% सम्म छुट लिन सकिने
- अभीयोग पत्र दायर भै सकेपछि पनि थप अभीयोग लगाउन सकिने

[16] रेग्मी संजिवराज सङ्गठित अपराध ऐन २०७० का विशेषता, (कार्यपत्र) राष्ट्रिय न्यायीक प्रतिष्ठान ललितपुर ,नेपाल

- अनुसन्धानको सिलसिलामा सञ्चार अभिलेख (Record) गर्न सकिने
- अभियूक्तलाई श्रव्यदृश्य संवाद (Video Conference) मार्फत उपस्थित गराउन सकीने
- उजूरकर्ता वा साक्षीको काल्पनिक वा सांकेतिक नामबाट वयान वा बकपत्र गराउन सकिने
- जिरह सम्बन्धी विशेष व्यवस्था
- वन्द इजलासमा कारवाही तथा सुनुवाई गर्न सक्ने
- संगठीत संस्था (कानूनी व्यक्ति) लाई समेत सजाय हुन सक्ने व्यवस्था
- सुराकी, उजूरीकर्ता तथा साक्षीको संरक्षण सम्बन्धी विशेष व्यवस्था
- मुद्दा सरकारवादी हुने र हदम्याद नलाग्ने
- पक्राउ गर्न वा अनुसन्धान गर्न सहयोग गर्नेलाप जरीवानाको २०% वरावरको रकम पुरस्कार दिइने
- सङ्गठित अपराध ऐनको उद्देश्य सर्वसाधारणको जिउज्यान तथा सम्पत्तीको शुरक्षा गरी शान्ति सुव्यवस्था कायम, गर्ने रहेको ।
- सपथ नलिई कुनै सक्षीलाई सोधपुछ र जिरह गर्न नसकीने

ख. सञ्चार अभिलेख सम्बन्धी विशेष व्यवस्थाः[17]

- सङ्गठित अपराधको प्रकृति र त्यस्तो अपराध सँग सम्बन्धित अन्य विवरण, अभिलेख गरीने सञ्चारका माध्यम र अभिलेख गरीने स्थान, विवरण राख्ने
- सञ्चार अभिलेख प्राप्त भए थप प्रमाण पेश गर्ने व्यवस्था
- सञ्चार अभिलेख (Record) गर्ने निकाय, आवद्ध गरी अनुमतीको निवेदन
- त्यस्तो सञ्चार अभिलेख गरीएको सञ्चार न्याय सम्पादन नहुने, तोडमोड वा परीवर्तन गर्न नसकीने गरी गर्नुपर्छ ।

ग. साक्षी प्रमाण सम्बन्धी व्यवस्थाः[18]

- अभियूक्तलाई सुरक्षाको दृष्टिले अदालतमा उपस्थित गराउन नसकिने भएमा (Video Conference) श्रव्यदृश्य संवाद मार्फत उपस्थित गराउन सकिने
- काल्पनीक वा साङ्केतिक नामबाट वयान, बकपत्र गराउन सकिने

[17] सङ्गठित अपराध निवारण ऐन , २०७० परिच्छेद ४

[18] ऐ.ऐ. परिच्छेद ५

- सुराकी, उजूरकर्ता वा कुनै साक्षीलाई अभीयुक्तले कुनै प्रकारको साक्षीले व्यक्त गरेको कुरा नसुन्ने गरी जिरह गर्ने ।
- विदेशि मुलुकको अदालत वा सो मुलुकको अधीकारीक निकायबाट संकलन गरीएको वा परीक्षण गरीएको सवुत प्रमाणलाई अदालतले प्रमाणमा लिन सक्ने।
- सुराकी, अभुयूक्त वा साक्षीको फोटो आदी प्रमाण सामाग्रीलाई प्रमाणको रुपमा ग्रहण गर्न सक्ने
- प्रमाणमा लिन सक्ने - विदेशी मूलुकको आधिकारीक निकायबाट संकलीत परिक्षण भएको

३.२ सङ्गठित अपराध अनुसन्धान गर्ने निकायहरु

कर, भन्सार चोरी छली, राजस्व सम्बन्धी मुद्दाहरूमा राजस्व अनुसन्धान अधिकृत, आन्तरिक राजस्व कार्यालय वन हानी नोक्सानी वन ऐन अन्तर्गतका मुद्दामा अनुसन्धान अधिकृत रेन्जर, वा सहायक वन अधिकृत हुने, मुद्दा हेर्ने जिल्ला वन अधिकृत जिल्ला वन कार्यालय र भ्रष्ट्राचार का मुद्धाहरुमा अनुसन्धान अधिकृत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग मुद्दा हेर्ने विशेष अदालत, श्रोत नखुलेको अकुत सम्पत्ति सम्बन्धी मुद्दामा सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग का अनुसन्धान अधिकृतले गर्ने र मुद्दा हेर्ने विशेष अदालत को रहेको छ ।लागु औषधी, अन्य गम्भिर प्रकृतिका मुद्धा तथा समान्य मुद्धाहरुमा नेपाल प्रहरी लाई अनुसन्धान गर्ने अधिकार रहेको विभिन्न ऐनले व्यवस्था गरेको छ ।

३.३ सङ्गठित अपराधको सन्दर्भमा अभियोजन गरिएका मुद्दाहरू र अदालती दृष्टिकोण फैसला, आदेश विवेचना

नेपालको सन्दर्भमा सङ्गठित अपराधको मुल्याकंन गर्दा सुक्ष्म रुपमा सङ्गठित अपराधिहरुको संजाल फैलिदै गएको लक्षणहरु विगतका घटनाक्रम र हाल सम्म त्यस्तै घटनाक्रमले निरन्तरता पाए वाट सो कुरालाई पुष्टि गरेको पाईन्छ। सङ्गठित अपराध निवारण ऐन कार्यान्वयनमा आए पश्चात नेपालमा दर्जनौ सङ्गठित अपराधका मुद्दा दर्ता भएका छन्। मानव बेचबिखन, अपहरण तथा शरीर बन्धक, नेटवर्किङ ठगी, विदेशी विनिमय, फेसबुक ठगी, विद्युत् चोरी, सुन तस्करीलगायतमा प्रहरीले सङ्गठित मुद्दा चलाएको छ। केहि मुद्धा सिआईबि (CIB) ले चलाएको देखिन्छ ।

अध्ययनमा आधार लिइएको सङ्गठित अपराध मुद्दा विवरण[19] (जिल्ला सरकारी वकिल कार्यालय **काठमाण्डौमा** हाल आ.व. ०७५/७६ सम्ममा चालु रहेका मुद्दा)

हाल चालू मुद्दा (जिम्मेवारी सरेका)	प्रतिवादीहरू
१. ठगी, विद्युत चोरी	सुमन श्रेष्ठ समेत
२. सुनको अवैध कारोबार सङ्गठित अपराध	गोपाल शाही समेत
३. सुनको अवैध कारोबार सङ्गठित अपराध	रविन्द्र भुजेल समेत
४. अपहरण, शरीर बन्धक र सङ्गठित अपराध	तारा रानाभाट चौधरी
५. अपहरण, शरिर बन्धक सङ्गठित अपराध	लक्ष्मण गुरुङ समेत
६. ठगी, सङ्गठित अपराध	विजेन्द्र सिं यादव समेत
७. ठगी, सङ्गठित अपराध	सुमित श्रेष्ठ समेत
८. किर्ते, ठगी, सङ्गठित अपराध	रवी थोकर समेत
९. ठगी सङ्गठित अपराध	मनोज अधिकारी समेत
१०. विद्युतीय कारोबार ठगी सङ्गठित अपराध	समीर कुमार झा समेत
११. सङ्गठित वन (काठ चोरी समेत)	संजीभ भारी समेत
१२. कर्तव्य ज्यान सङ्गठित अपराध	राजीव स्याङ्ताङ समेत
१३. सुनको अवैध कारोबार सङ्गठित अपराध	राहुल गोयल समेत
१४. संरक्षित वन्यजन्तु सङ्गठित अपराध	उमेश चौधरी समेत
१५. ठगी सङ्गठित अपराध	नुर्प तामाङ समेत
१६. जबरजस्ती करणी सङ्गठित अपराध	शैलेश कार्की समेत
१७. ठगी सङ्गठित अपराध	प्रवीण कार्की समेत
१८. ठगी सङ्गठित अपराध	राजकुमार दंगाल समेत
१९. ठगी सङ्गठित अपराध	रवीन खत्री समेत
२०. सुनको अवैध कारोबार सङ्गठित अपराध	गोरे भन्ने चुडामणी उप्रेती समेत

आ.व. २०७४/७५ मा दर्ता भएका चालु सङ्गठित अपराधहरू

हाल चालू मुद्दा (जिम्मेवारी सरेका)	प्रतिवादीहरू
१. ठगी मानव वेचविखन ओसारपसार सङ्गठित अपराध	अनिल वानीया समेत
२. लागू औषध सङ्गठित अपराध	सोम प्रसाद राई समेत
३. ठगी सङ्गठित अपराध	जित वहादुर मगर समेत

[19] जिल्ला सरकारी वकिल कार्यालय काठमाण्डौ मुद्धा दर्ता शाखा ।

हाल चालू मुद्दा (जिम्मेवारी सरेका)	प्रतिवादीहरू
४. ठगी सङ्गठित अपराध	जित वहादुर मगर समेत
५. ठगी सङ्गठित अपराध	मनोहर तिवारी समेत
६. ठगी सङ्गठित अपराध	मनोहर तिवारी समेत
७. मानव वेचविखन अपराध सङ्गठित अपराध	प्रेरणा लक्ष्मी समेत ४ थान
८. ठगी, लिखत सम्बन्धी कसुर सङ्गठित अपराध	सानुभाई श्रेष्ठ
९. कर्तव्यज्यान, हातहतियार - सङ्गठित अपराध	माया शेरचन समेत
१०. ठगी, चोरी सङ्गठित अपराध	पवन वि.क. समेत
११. ठगी, सङ्गठित अपराध	असोक गोयल समेत
१२. ठगी, आपराधिक विश्वासघात सङ्गठित अपराध	राजेन्द्र वहादुर गोर्खाली समेत

साथै, वालक विवेक लुईटेलको अपरहण पछि हत्या, व्यापारी राज कुमार श्रेष्ठ को हत्या विभिन्न परीणाममा अवैध सुन वरामद हुदै हाल सनम शाक्यको हत्या र मिति २०७५ श्रावण महिनामा काठमाडौंको काँडाघारीबाट १३ बर्षे बालक निशान्त खड्कालाई अपहरण गरी हत्या गर्ने गोपाल तामाङ र अरुण तामाङ प्रहरि ईन्कान्टरमा मारिएको घटना को प्रकृति अवस्था सङ्गठित अपराधसंग सम्बन्धित देखिएका छन ।

जिल्ला सरकारी वकील कार्यालयहरुले आ.व २०७२/०७३ मा ३ वटा र आ.व. २०७३/०७४ मा जम्मा १४ वटा सङ्गठित अपराध सहितको दाबी लिई मुद्दा अभियोजन गरेको[20] मुद्दाको समेत देखिन्छ ।

- **नेपाल सरकार विरुद्ध प्रतिवादीहरू समसुल होदा समेतका ५ जना** सङ्गठित अपराध अन्तर्गतको कर्तव्य ज्यान मुद्दामा भारतको पूर्वि चम्मारण बस्ने बर्ष १८ का दिपक रामलाई वारा जिल्लाको सहजनाथ जंगलमा अपहरण गरी लगि घाँटी रेटी हत्या गर्ने कलैया उपमहानगरपालीका वडा नं. ८ बस्ने समसुल होदा समेतका ५ जना व्यक्ति उपर ज्यान मुद्दामा प्रतिवादिहरुलाई जन्म कैदको सजाय हुने ठहरी मिति २०७५/३/२८ मा फैसला भएको।

  तिनै प्रतिवादि उपर सि.बि.आई.बि. ले सम्पत्ति सुद्धिकरण तर्फ अनुसन्धान गरिरहेको थियो। उक्त मुद्दा दर्तामै बिशेष अदालतमा विचाराधिन अबस्थामा रहेको छ।

[20] वार्षिक प्रतिवेदन २०७४/०७५, महान्यायाधिवक्ताको कार्यालय, नेपाल

- **नेपाल सरकार विरुद्ध प्रतिवादी प्रदिप कुमार कलवार समेत ४ जना** — सङ्गठित अपराध अन्तर्गतको अपहरण तथा कर्तव्य ज्यान मुद्दा गत जेठ २२ गते बारा जिल्ला जितपुर सिमरा उपमहानगरपालिका वडा नं. ७ का बर्ष ९ का अंकित गुप्ता (छोटु) लाई अपहरण गरी रु ५५ लाख फिरौती लिई हत्या समेत गरेको घटनामा पर्सा, बिरगंज महानगरपालिका वडा नं. १३ बस्ने प्रदिप कुमार कलवार समेत ४ जना उपर सङ्गठितअपराध अन्तर्गतको अपहरण तथा कर्तव्य ज्यान मुद्दा वारा जिल्ला अदालतमा मुद्दा चलिरहेको छ।
- **मोष्ट वान्टेड फरार प्रतिबादी अजय मोची पक्राउ परी कार्वाही वढाइएको मुद्दा-** मोष्ट वान्टेड फरार प्रति बादी अजय मोची पक्राउ परी डाका-१, अपहरण तथा शरीर बन्धक-१, ज्यानमार्ने उद्योग-२, सङ्गठित अपराध-१, हातहतियार तथा खरखजाना-१ र चोरी-१ मुद्दामा कार्वाही वढाइएको, मोची विभिन्न भुमिगत संगठनको नाममा व्यक्ति अपहरण, चन्दा, फिरौती असुली धम्कीलगायतका अपराधिक गतिविधिमा संलग्न रहँदै आएको प्रहरी रेकर्ड छ।
- **चाल्स सोभराज** कर्तव्य ज्यान मुद्दा- चाल्स गुरुमुख शोभराज वि. नेपाल सरकार कर्तव्य ज्यान[21] अपराध गर्दा अपनाइएको तरीका र अपराधको प्रकृति हेर्दा अपराधी पूर्ण सचेत, सावधान रही नियोजित र सङ्गठित रुपमा आफ्नो आपराधीक कार्य योजनालाई पूर्णता दिएको देखिन्छ। यस्तो अवस्थामा अभियोजन पक्षद्वारा प्रस्तुत अप्रत्यक्ष प्रमाण र खासगरी परिस्थितिजन्य प्रमाणको आधारमा नै अपराधी सम्म पुग्नुपर्ने र त्यस्तो प्रमाणको आधारमा कसुरदार देखीन आएको अभियूक्तलाई सजाय गर्नुपर्ने।
- **गोमा पाचकोटी विरुद्द नेपाल सरकार, मानव वेचविखन तथा ओसारपसार** - अपराधमा संलग्न पेशेवर हुनसक्ने र अपराध बडो योजनावद्ध एवं सङ्गठित तरीकाले नै हुन सक्ने र कतीपय सङ्गठित अपराधीक समूहको समलग्नतामा समेत अपराध हुनसक्ने भएकोले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठीन हुन सक्ने परिस्थितीको आंकलन गरेर विधायीकाले कानूनको निर्माण गरेको।
- **दिनेश अधिकारी चरी, कुमार श्रेष्ट घैंटेको** प्रहरीको काउन्टर वाट मारीएका - Encounter मा मारिएको लगाएतको विषय

[21] ने.का.प.२०६७,अंक ५,नि.नं ८०७८

उल्लेखित अपराधमा अनुसन्धान अभियोजन भएका दृष्टान्तहरुले नेपालमा सङ्गठित अपराध दिन प्रति विभिन्न तरिका र प्रविधी प्रयोग गरेर वढ्दो क्रममा रहेको भन्ने देखिन्छ। सङ्गठित अपराध सम्वन्धमा सम्मानित सर्वोच्च अदालतलवाट विभिन्न नजिर स्थापित हुन आएवाट समेत सङ्गठित अपराधको क्रम वढदो क्रममा रहेको भन्न सकिने अवस्था देखाउछ। विश्वव्यापिरुपमा सङ्गठित अपराधवाट १० खर्व अमेरीकी डलर वरावरको आर्जन हुने कुरा विभिन्न अनुसन्धान वाट देखिइको पाईन्छ।

सङ्गठित अपराधका मुद्दाहरुमा सुरु जिल्ला अदालतद्वारा भएको निर्णय अवस्था हेर्दा सजाय भएको ३३ प्रतिशत, सफाई पाएको २४ प्रतिशत, मुल्तवीमा रहेको १२ प्रतिशत, तामेलीमा रहेको २ प्रतिशत र चालू अवस्थामा २९ प्रतिशत रहेको[22] अध्ययन प्रतिवेदनले देखाएको छ।

३.४ सर्वोच्च अदालतको न्यायिक दृष्टिकोण

सङ्गठित अपराधका मुद्दा आफैमा (Independent) रुपमा नहुने र अन्य मुल मुद्दा सग जोडीएर आउने हुन्छ। सङ्गठित अपराध निवारण ऐनको प्रयोग गरी अभियोजन गरीएका सङ्गठित अपराधका मुद्धाहरु निवेदन, पुनरावेदनहरु सर्वोच्च अदालतमा सम्म पुगेको अवस्था रहेको छैन।

सर्वोच्च अदालतवाट सङ्गठित अपराध को अवधारणा र शाब्दिकता सम्वन्धमा निम्न मुद्दाहरूमा व्याख्या भएको पाईन्छ ।

सङ्गठित अपराध निवारण ऐन, २०७० आइसके पश्चात सङ्गठित अपराधका मुद्दाहरु सर्वोच्च अदालतवाट व्याख्या भएको छैन यद्धपि संगठीत अपराधका विशेषता, कार्यक्षेत्र तथा प्रकृति सम्वन्धमा निम्न मुद्धाहरुमा वोलेको पाईन्छ ।

दुर्गा उप्रेति वि.नेपाल सरकार

सङ्गठित अपराधको प्रकृती सामान्य अपराध भन्दा पृथक हुन्छ। अपराधका यि दुवै प्रकृतिलाइ एउटै दृष्ट्रीकोणले हेर्न सकिन्न। वृहत योजना र विस्तारीत तैयारीका साथ सम्पन्न हुन सङ्गठित अपराधमा धेरै व्यक्तिको वेग्ला वेग्लै भुमिका हुन्छ। पृथक पृथक व्यक्तिको

[22] सङ्गठित अपराध सम्वन्धी कानूनको प्रभाव मुल्याङ्कन सम्वन्धी अनुसन्धानमूलक अपराध (२०७४) महान्यायाधीवक्ताको कार्यालय नेपाल

फरक-फरक कार्यले एउटा सङ्गठित अपराध सम्पन्न हुन्छ। तसर्थ प्रत्यक प्रतिवादिको सम्पन् अपराधमा संलग्नता लाइ प्रमाणको--- आधारमा पुष्टी हुने वा नहुने कुरा निर्दारण गर्नुपर्ने[23] ।

सुर्य वहादुर पुन विरुद्द नेपाल सरकार [24]

गैडा मारि खाग तस्करी गर्ने उदेश्यले आपसमा सल्लाह गरी नियोजित रुपमा योजना वनाइ गरेको कार्य सङ्गठित रुपमा घटाएको देखिने भन्दै सर्वोच्च अदालतले संगगठित अपराधमा संलग्न प्रतिवादिहरुको कसुरलाइ कुनै एउटा एक्लो वारदात वा घटना संग मात्र जोडी निरपेक्ष रुपम मात्र हेर्नु भन्दा सो वारदातवाट प्रतिवादिहरुले हासिलगर्न चाहेको निहित उद्धेश्य वा सो वारदातको दिरगामी असरलाई हेर्नु उपयुक्त हुने ।

[23] ने. का. प. २०६७ अंक २ नि.न. ८३२१

[24] ने. का. प. २०६९ अंक ३ नि.न. ८७८४

परिच्छेद-चार

सङ्गठित अपराध निवारण ऐन, २०७० का मूख्य प्रावधानहरु कार्यान्वयनमा समस्या तथा चुनौती

सङ्गठित अपराध गर्ने अपराधीहरूको जालो संगठन विश्व भरि फैलिएको र यसको नियन्त्रण निवारण गर्न प्रत्येक देशले कानुन प्रणालीमा ऐन ,नियमको कानुनी व्यवस्था गरेको हुन्छ । सङ्गठित अपराध निवारण ऐन, २०७० मा रहेका द्विविधा तथा कार्यान्वयनमा रहेका अष्पष्टता चुनौति हरु लाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

४.१ सङ्गठित अपराध निवारण ऐन, २०७० मा रहेका द्विविधा तथा अष्पष्टताहरु[25]

नेपालमा सङ्गठित अपराधका घटनाहरु तिब्र रुपमा वृद्धि भैरहेको छ। एउटा देशमा वसेर विभिन्न प्रविधि र साधन द्वारा उही वा अर्को देशमा अपराध गरिरहेको हुन्छ। नेपाललाई यस्ता अपराध गर्नेले (Transit state) को रुपमा प्रयोगगरी रहेको अनुसन्धानवाट देखिएको छ। उक्त ऐनमा रहेका प्रमुख कमी कमजोरी ,अष्पष्टताहरुलाई देहाय वमोजिम उल्लेख गर्न सकीन्छ।

क. सङ्गठित अपराध निवारण ऐनको परिच्छेद ३ मा कसुर कायम गरिएका कसुरहरु सङ्गठित वा सामान्य कसुर के हुन् ? प्रष्टता नभएको साथै यि कसुरमा थप सजाय हुने नहुने खुलेको छैन ।

ख. सङ्गठित अपराधमा (अपुर्ण अपराध) उधोग,षडयन्त्र, दुरुत्साहन वा मतियारको रुपमा सहभागी हुने अभियुक्तलाइ कसुरमा सजाय कति हुने हो ? सजाय सम्वन्धी व्यवस्थाको नरहेको।

ग. भ्रष्ट्राचार र सम्पत्ति शुद्धिकरणको कसुर सङ्गठित रुपमा भएको भए थप सजाय हुने नहुने?

घ. सजायको मागदावीमा छुट गर्ने सकीने प्रतिशत र कार्यविधिको सम्बन्धमा मुलुकी अपराध संहिता ऐन, २०७४ र विशेष ऐनमा फरक फरक हुने वा एकरुपता हुने ?

---

[25] ढुंगाना टेक प्रसाद सङ्गठित अपराध तथा सम्पत्ति शुद्धिकरण सम्बन्धी अपराध (कार्यपत्र २०७५) राष्ट्रिय न्यायीक प्रतिष्ठान ल.पु.नेपाल ।

४.२ सङ्गठित अपराध वहुराष्ट्रीय (Transnational crime) को रुपमा कार्यान्वयन गर्न ऐनमा देखीएका समस्या रहेको -

सङ्गठित अपराध वर्तमान विश्वको लागि एक प्रमुख चुनौती भएको छ र हरेक राज्यको लागि सङ्गठित अपराध समस्याको रुपमा देखिएकोले यसलाई नियन्त्रणको लागि विभिन्न प्रयासहरु हुँदै आएको परिपेक्ष्यमा नेपाल पनि यस समस्याबाट अछुतो रहेको छैन् राज्यले गम्भीर अपराधको अनुसन्धान गरी कसुरदारलाई सजायको मागदावी लिई अदालतमा मुद्दा दायर गर्दछ। अदालतमा मुद्दा दायर गरेर मात्र पुग्दैन सो बमोजिमको कसुर ठहर भएमा मात्र अपराध गर्नेले सजाय पाउने, पीडितले न्याय पाउने र समाजले शान्ती सुरक्षा र सुव्यवस्था पाउने हुन्छ । गम्भीर प्रकृतिका अपराधहरुले राष्ट्र भित्र मात्र नभई अन्तर्राष्ट्रीय रुपमा पनि त्यसको असर पर्ने हुन्छ । एक राष्ट्रमा वसेर अर्को राष्ट्रमा अपराध गरी सङ्गठित रुपमा अपराधहरु भैरहेको हुन्छ । जसले गर्दा सङ्गठित अपराध वहुराष्ट्रीय Transnational crime को रुपमा लिइएको छ यस्ता सङ्गठित अपराधको रोकथाम, नियन्त्रण एवं निवारणको निम्ती वर्तमानमा गम्भीर चुनौती बन्न पुगेको छ ।

सर्वसाधारणको जीउ ज्यान तथा सम्पत्तीको सुरक्षा गरी शान्ति र सु-व्यवस्था कायम गर्न मुलुकमा कानुन र व्यवस्था कायम गरी सङ्गठित अपराधलाई निवारण गर्न, विशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्न र सङ्गठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने उद्देश्य सङ्गठित अपराध निवारण ऐन, २०७० को रहेको छ।[26]

गम्भीर प्रकृतिका फौजदारी मुद्दाहरूमा राज्यले नै अपराधको अनुसन्धान र अभियोजन गर्ने पद्धतिलाई हाम्रो देशले अंगालेको ५९ वर्ष नाघीसकेको छ। यस वीचमा भएका संवैधानिक तथा कानून विकासक्रमले कतिपय पुराना मान्यता र प्रावधानहरुलाई परिवर्तन गर्दै समयानुकुल वनाउन नया नया कानूनी व्यवस्थाहरू गरिदै लगिएको छ। तथापी सङ्गठित अपराधको अनुसन्धान अभियोजन र न्याय निरुपण सम्बन्धी कार्य प्रभावकारी हुन सकेको देखिँदैन ।[27]

[26] प्रस्तावना, सङ्गठित अपराध ऐन, २०७० ।

४.३ अपराधहरुको अनुसन्धान गर्ने निकाय, अनुसन्धान गर्ने अधिकारी, विशिष्टिकरण नहुनु -

सङ्गठित अपराध आफैमा स्वतन्त्र अपराध नहुने भएकोले गम्भीर किसिमका अपराधहरुको अनुसन्धान गर्ने निकाय, अनुसन्धान गर्ने अधिकारी, निकाय कार्यविधी फरक फरक रहेका छन्। विगतदेखी नै सरकार वकीलमा विशिषटीकरणको आवस्यकता नितिगतरुपमा औल्याउने गरिएको भए पनि त्यसको प्रस्तुत हुन सकेको थिएन। व्यावसायीकता विकासका लागी विषयगत योग्यता, अनुभव रुचि र विशिष्ट प्रशिक्षण का आधारमा सरकारी वकीलहरुलाई विषयगत विशिष्टीकरण गर्दै जानु पर्ने[28] जस्तो की भ्रष्ट्राचार मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको कार्यविधी वमोजिम अनुसन्धान अधिकृतले अनुसन्धान गर्दछ, भने वन मुद्दामा वन ऐनको कार्यविधी वमोजिम कम्तिमा रेन्जर स्तरका अनुसन्धान अधिकृतले अनुसन्धान गर्दछ। तथापी अनुसन्धान गर्दा सामान्यतः अपराधको सूचना प्राप्त गर्ने, अभीयुक्तको वयान लिने, अपराधको वारेमा जानकारी हुने व्यक्ति संग सोधपूछ, खानतलासी, दशी प्रमाण वरामद, मुचुल्का दशी प्रमाणको वैज्ञानीक परीक्षण तथा अनुसन्धानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नविनतम प्रविधि र साधनको प्रयोगबाट मात्र सङ्गठित अपराध निवारण गर्न मद्धत पुग्ने देखिन्छ।

४.४ नया कानूनको तर्जुमा, प्रचलीत कानूनको शंसोधन परिमार्जन नहुनु

अनुसन्धानबाट सङ्गठित अपराध ऐन, २०७० को कार्यान्वयनमा कमि कमजोरीले चुनौतिको रुपमा थुप्रै कानूनी व्यवस्थाहरु जिम्मेवार रहेका छन्। कतिपय नया कानूनको तर्जुमा, प्रचलीत कानूनको शंसोधन परिमार्जन र पुनरावलोकनको आवश्यकता रहेको, फौजदारी अपराध संहिता २०७४ मा समेत रहेका कानुनी तथा नितीगत व्यवस्थाको अभाव र अनुसन्धान अभियोजन र न्याय निरुपण संग सम्बन्धित कानुन शंसोधन समेत समयानुकुल हुन नसक्नु , निकायमा कार्यरत जनशक्तिको दक्षता विकासको पाटो र भौतिक श्रोत साधनको अभाव, नेपालको अपराध अनुसन्धान प्रणाली परम्परागत रहेको र परम्परागत अनुसन्धान प्रणालीलाई नया नया प्रविधी सूचना सञ्चारबाट विश्वव्यापीकरण, आधुनिकीकरण गरी वैज्ञानीक वनाउन नसकिएको जस्ता समस्या र अवस्थाहरु सङ्गठित अपराधका मुद्दाको सफलताका चुनौतीको रुपमा देखिएका छन्।

---

[28] भट्टराई श्यामकुमार, सरकारी वकीलको विशिषटीकरण, न्याय प्रशासनका आयामहरु, सोपान दोश्रो सस्करण २०७५ पृ ३६५

४.५ संगठीत अपराधको अनुसन्धानमा समस्या -

सङ्गठित अपराधका मुद्दामा अपराधको सूचना, अनुसन्धानका विभिन्न प्रकृया जस्तै प्रमाण संकलन, वयान, प्रारम्भिक प्रतिवेदन, निर्देशन, वैज्ञानीक परीक्षण, अभीयोजन तथा अदालती वा सुनुवाई प्रक्रया र फैसला सम्मका चरणमा विभिन्न समस्या त्रुटी र कमजोरी रहेको पाईन्छ। सङ्गठित अपराध अनुसन्धान प्रक्रियामा समस्याहरु निम्न रहेका छन्

(क) अवधारणागत समस्या (Conceptual problem)

- सङ्गठित अपराध र सामुहिक अपराधमा अनुसन्धान फरक ढंगले हुन नसकेको ।
- जाहेरी दरखास्तलाइ अत्यधिक महत्व दिनु
- भौतिक सबुत भन्दा कागजमुखी अनुसन्धान
- साविती केन्द्रित अनुसन्धान हुनु
- अनुसन्धानमा समुह अपराध Group crime र सङ्गठित अपराध (Organized crime) वीच फरक अस्पष्टता रहेको।
- सङ्गठित समूहको अस्तित्व पुष्टी नभएको निरन्तरता, संगठनात्मक पुष्टी गर्ने प्रयास नभएको।
- क्षति विवरण विगोको मुल्याङ्कन नगरीएको।
- के, कति भराउनु पर्ने हो भन्ने बारेमा अनुसन्धान नै नभएको।
- समूहगत अपराधको थप अनुसन्धान गरी निरन्तरता तथा सङ्गठित पुष्टि नभएको ।

(ख) प्रमाण संकलनमा समस्या [29](Problems of Evidence collection)

- अनुसन्धान परम्परागत भएको, प्रमाण संकलनका आधुनिक प्रयास प्रविधि श्रोत साधन नहुनु
- नेपाल र भारत विच खुल्ला सिमाना हुनु ।
- पारस्परिक कानुनी सहायता सम्बन्धी ऐन, (Mutual Legal Assistance) २०७० को प्रभावकारीता नहुनु ।
- नेपाल र अन्तर्राष्ट्रिय देशहरु विच सुपुर्दगी सन्धी समय अनुकुल हुन नसक्नु ।
- मुल अपराध पुष्टी हुने गरी पर्याप्त अनुसन्धान नै नभएको ।

[29] सङ्गठित अपराध समबन्धी कानूनको प्रभाव मूल्याङ्कन सम्बन्धी अनुसन्धान मूलक अध्ययन श्रोत महान्यायाधिवक्ताको कार्यालय नेपाल पृ६४.

- घटनास्थल मुचुल्कामा विभिन्न व्यक्ति राखी रीत नपुऱ्याएको ।
- मिसीलबाट थप बुझ्नुपर्ने अनुसन्धानमा खूलेको ।
- विस्तृत Detail अनुसन्धान नगरी अनुसन्धान अधिकृतले राय पेश गरेको ।
- मुद्दाको शुरु अनुसन्धान म्याद थप सरकारी मुद्दा सम्बन्धी ऐन अन्तर्गत गरी अन्तिम समयमा सङ्गठितअपराध ऐन अन्तर्गत म्याद लिएको ।
- अनुसन्धानमा सरोकारवालासँग समन्वयको अभाव ।

४.६ अभियोजनमा रहेका समस्या (Problems of prosecution)

- अभियोजन गर्दा Group Crime समूह अपराध र सङ्गठित अपराधका Organized Crime विच विवेचना प्रष्टता नगरीनु ।
- सङ्गठित अपराधमा संलग्न प्रत्येक प्रतिवादीहरुको पृथक पृथक भूमिकाको विश्लेषण नै नभएको।
- वारदात नै सङ्गठित समूहबाट निरन्तर योजनावद्ध सङ्गठित रुपको प्रकृति हो भन्ने वारेमा पुष्ट्याई नभएको
- प्रत्येक अभियुक्तको कार्य र कसुर नछुटाएको, गोश्वारा अभियोग पेश भएको
- आपराधीक समूह संख्याको आधारमा हेरिएको, समूहको अस्तित्व र यस पूर्व घटाइएका घटनाबारे अभियोग मौन रहेको ।
- अभियोजन आधार विश्लेषण मनोगत र सतही रहेको, के कति लाभ लिएको र निरन्तरता सङ्गठित अपराध निवारण ऐन को मर्म भित्र प्रवेश नभएको
- पूर्ण अपराधको सजाय व्यवस्था रहेको तर अपूर्ण अपराध (Inchoate Crime) उद्योग, दुरुसाहन, षडयन्त्र को सजाय ऐनमा समावेश नभएको ।
- परम्परागत अपराध र सङ्गठित अपराध विच समानता र भिन्नता अभियोजनमा विवेचना हुन नसकी अस्पष्टता रहेको ।
- अभियोजन गर्दा निरन्तर अनुसन्धान गर्ने पक्षलाई निर्देशन, तैयारी गराएको देखीदैन ।
- ३ जना भन्दा वढी संख्यात्मक आधार पक्राउ परेका १ जनाको वयानबाट अन्य २ जनाको संलग्नता खुलाई फरार २ जना प्रतिवादी कायम गरी अभियोजन गर्ने गरेको ।
- रिसइवी, प्रतिशोधका आधारमा समूहले हत्या गरेको अपराध समेत सङ्गठितमा अभियोजन भएको।
- सङ्गठित अपराध कसरी भएको (Procedure) अभियोजनमा पुष्ट्याईको अभाव रहेको ।

- सङ्गठित अपराधको विशेषतामा सामुहिक अपराध कार्यमा Nonpolitical Identity हुनुपर्ने रहेकोमा वर्तमान समयमा ने.क.पा. विप्लव समूहले गरेको आगजनी विस्फोटन, हातहतियार ओसार पसार वा अपराधलाई सङ्गठित अपराध सङ्गठित अपराध भित्र पर्ने नपर्ने ?
- विश्वव्यापी रुपमा फैलिएको सङ्गठित अपराध निवारण गर्न राष्ट्रिय निति रणनितीक योजना Policy programmed, को अभाव रहेको ।

सङ्गठित अपराधको विशेष ऐन मा भएको सजाय सम्बन्धी व्यवस्था र फौजदारी कार्यविधि संहिताका संहिताहरूको व्यवस्था विरोधाभाष देखीएको हुदा कुन ऐनको व्यवस्था प्रयोग गर्ने प्रष्ट परिपत्र, निर्देशिका तथा मापदण्ड जारी हुनुवाट अभियोजनमा समस्या रहेको जस्तै विस्फोटक पदार्थ ऐन।

४.७ सङ्गठित अपराधका मुद्दाहरुमा जिल्ला अदालतहरु वाट भएको फैसलामा लिइएका आधार

सङ्गठित अपराधका मुद्दाहरूमा भएको फैसलामा जिल्ला अदालतबाट लिइएका आधार प्रमाणवाट[30] जिल्ला अदालत काठमाण्डौ, ललितपुर र भक्तपुरबाट सङ्गठित अपराधको मागदावी लिई दायर भएका मुद्दाहरुको अध्ययनबाट अधिकांशमा ठहर नभएको, फैसलामा समेत आधार कारण नखुलेको पाइन्छ। साथै सफाई दिंदा निम्न आधार लिइएको देखिन्छ।

- मूल अपराराध मानव वेचविखन कसुर ठहर तर सङ्गठित अपराध तर्फ २ जनामात्र प्रतिवादी भएकोले कसुर ठहर नहुने ।
- विष्फोटक पदार्थ ऐन वमोजिम सजाय भएको तर किर्ते र सङ्गठित अपराधमा सफाई दिइएको,
- कर्तव्य ज्यान मुद्दामा सजाय भएको तर सङ्गठित अपराधको तत्व उद्देश्य र मनसाय संग मेल नखाएको आधारमा सफाई भएको ।
- कल वाइपासमा प्रतिवादी १ जनामात्र भएकोले सङ्गठिततर्फ दावी नपुग्ने ।फैसलाका अंशको सम्मानीत सर्वोच्च अदालतवाट फैसलाका परिक्षण हुन वाकी नै रहेको अवस्था छ ।

[30] संगठित अपराध समबन्धी कानूनको प्रभाव मूल्याङ्कन सम्बन्धी अनुसन्धान मूलक अध्ययन श्रोत महान्यायाधिवक्ताको कार्यालय नेपाल पृ.६१

४.८ समन्वयको अभाव (Problems of Co-ordination)

अपराध अनुसन्धानलाई वैज्ञानीकीकरण गराउँदै, अन्तर्राष्ट्रिय स्तरको वनाउँदै, अन्तर्राष्ट्रिय सहयोगलाई अभिवृद्धि गर्न राज्यबाट अख्तियार गर्ने निती, अनुसन्धान अभियोजन र पुनरावेदन नितीका तर्जुमा अनुसन्धान प्रमाणित गरीने सूचना प्रविधी तथा जन चेतनामूलक कार्यक्रमहरु स्थानीय स्तरमा संञ्चालन गर्ने तथा सञ्चार माध्यमबाट सूचनाहरु प्रवाह गर्ने निती निर्माण पनि अनुसन्धान र अभियोजनको प्रभावकारिताका लागी समन्वय आवश्यक देखिएको छ।

समन्वय कायम गर्न देहायका समस्याहरु देखिएका छन् -

- समन्वयका कतिपय विषय स्वेच्छिक भन्ने गरिएको ।
- नियन्त्रण हो की भन्ने वुझाई रहेको ।
- समन्वयमा निरन्तरताको अभाव ।
- समन्वयमा सूचना प्रविधिको प्रयोगको कमि ।
- प्रत्यक्ष सम्पर्क गरी समन्वय हुन नसकेको ।
- सरोकारवालाहरूसँग प्रारम्भिक अवस्थादेखि नै समन्वय हुनुपर्नेमा हुन नसकेको । सङ्गठित अपराधको क्षेत्र दायरा विश्वव्यापी सञ्जालको रुपमा रहने र अनुसन्धान विभिन्न राष्ट्रमा गर्न पर्ने यसको अपराधीक प्रवृति स्वरुप हुने हुँदा सम्बन्धित राष्ट्रका अनुसन्धान अभीयोजन निकायवीच वृहत रुपमा अपराध अनुसन्धान निकाय (Crime Investigation Bureau) स्थापना तथा नविनतम प्रविधि, दक्षजनशक्तीको क्षमता विकास पनि समन्वय हुनु अपरिहार्य रहेको छ ।

४.९ अपराधमा राजनितिकरण को प्रभाव देखा पर्नु (Political Criminalization)

सङ्गठित अपराधको प्रमुख विशेषता नै राज्यका उच्च पदस्थ व्यक्ति, राजनितिज्ञ, कर्माचारी तथा सुरक्षा निकायको नै संलग्नता रहनु भएकोले राज्यमा घटेका सङ्गठित अपराधमा राजनीतिकरण को प्रभाव देखा पर्नु ।

परिच्छेद-पाँच

सङ्गठित अपराध निवारण ऐन, २०७० मा रहेका समस्या र समाधानका सुझावहरू

जुनसुकै अपराधको अनुसन्धान तथा अभियोजन लाइ प्रभावकारी बनाउनका लागि उपयुक्त नीति योजना सहितको कानुन ऐवं कार्यान्वयन संयन्त्र हुनु पर्दछ। अनुसन्धान र अभियोजन सही रुपमा हुन सकेमा मात्र अदालतवाट सही निर्णय लिन सहज हुन्छ। सङ्गठित अपराध निवारण ऐन, २०७०मा रहेका समस्याहरु र समाधानका सुझावहरु[31] निम्नानुसार रहेका छन्।

५.१ नितीगत तथा कानूनी व्यवस्थामा सुधार

क. नितीगत रुपमा सुधार हुनु पर्ने

- सङ्गठित अपराध निवारण गर्ने राष्ट्रिय नीति वनाइनु पर्ने
- अपराध नियन्त्रण प्राथमिकतामा राख्नु पर्ने
- प्राथमिकता ,योजना कार्यक्रम समावेश गर्नु पर्ने

ख. कानूनी व्यवस्थामा शंसोधन, सुधार गर्नुपर्ने

- व्यवस्था र अवधारणासँग मेल खाने गरी कानूनको शंसोधन गर्नुपर्ने
- सङ्गठित अपराध निवारण ऐन, २०७० का व्यवस्था सङ्गठित अपराधको अवधारणा सँग मेल नखाने रहेकोले अनुकुल हुने गरी संसोधन गर्नुपर्ने जस्तै, (सङ्गठित अपराध निवारण ऐनको परिभाषा, परिच्छेद २८३ को व्यवस्थाहरु)

ग. जिरह साक्षी प्रमाण बुझ्ने व्यवस्थामा प्रष्टता हुनुपर्ने- अभियुक्तले नदेख्ने गरी श्रव्य दृश्यमार्फत जिरह गर्ने व्यवस्था[32] प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ।[33] भन्ने व्यवस्था नबाझिने हुनुपर्ने ।

घ. **ऐनको थप अभियोग लगाउन सकिने व्यवस्था दोहोरो खतराको सिद्धान्तमा कानुनी प्रष्टता हुनुपर्ने** - कुनै पनि व्यक्ति विरुद्ध एकै अभियोगमा एक भन्दा बढी मुद्दा

[31] पादटिप्पणी २४ पृ ७६

चलाउने र सजाय गरिने छैन भन्ने मौलिक हकसँग बाझिए जस्तो देखिएकोले प्रष्टता हुनुपर्ने ।

ङ. **श्रोत साधनको व्यवस्था हुनुपर्ने** -अनुसन्धान गर्ने निकाय, पदाधिकारीलाई वढ्दो आधुनिकिकरणका अपराधको परिक्षण, अनुसन्धान गर्ने शुचना ,प्रविधी श्रोत साधन को प्रयास व्यवस्था हुनुपर्ने। अनुसनधान प्रक्रियाका स्वरुपहरु प्रविधि (controlled Delivery) बतथा गुप्त कारवाहि (Under cover) जस्तै भिडियो मार्फत वयान वकपत्र गर्न सक्ने गरि अनुसन्धान तथा अभियोजन सम्बन्धी निकायहरूलाई आवश्यक श्रोत साधन तथा अनुसन्धान र अभियोजनका पूर्वाधारको विकास गरिनु पर्ने [34] सम्पन्न गर्नुपर्ने एक्सरे. सफ्टवेयर, IT आदी ।

५.२ पीडित, साक्षी संरक्षण सम्बन्धी व्यवस्था प्रभावकारी बनाइनु पर्ने

- कानूनी व्यवस्था गर्नुपर्ने, पीडित तथा साक्षीको संरक्षणको लागी पीडित, साक्षी संरक्षण ऐन, २०७५ अनुरुप गर्नुपर्ने, साक्षीको सुरक्षाको प्रत्याभुति दिलाउनु पर्ने ।
- ऐनको अन्तरिम राहतको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्ने ।
- अन्तरिम राहत फिर्ताका प्रावधान वाट पुर्ण रुपमा सहयोग नपुग्ने तथा फिर्ता गर्ने व्यवस्था पुनरावलोकन हुनुपर्ने[35] ।

  साक्षी संरक्षण, साक्षी परिक्षण (Video Conference) को लागि भौतिक श्रोत साधनको व्यवस्था गर्नु पर्ने ।

५.३ अनुसन्धान र अभियोजनमा गर्नुपर्ने सुधारहरू

१. **कार्ययोजना बनाई आधारभूत प्रशिक्षण प्रदान गर्नुपर्ने** -ऐनको कानूनी व्यवस्था विषयमा सबै अभियोजनकर्ता सरकारी वकिल र असन्धानकर्ता प्रहरीलाई कार्ययोजना बनाई आधारभूत प्रशिक्षण प्रदान गर्नुपर्ने ।

[34] अनुसन्धान तथा अभियोजन प्रक्रियाको सुधारका सम्बन्धमा अबलम्बन गर्नु पर्ने रणनिती तथा सुझावहरु, अपराध अनुसन्धान तथा अभियोजनमा प्रभावकारीता, महान्यायाधिवक्ताको कार्यालय (२०६९) पृ २२०

[35] पादटिप्पणी २५ पृ २९४

२. **विशिष्टिकरण गर्नुपर्ने** - अनुसन्धानकर्ता र अभियोजनकर्तालाई विशिष्टिकरण गर्नुपर्ने तालिम, अध्ययन प्रशिक्षणबाट ऐनको कार्यान्वयनमा रहेका कमि कमजोरी हटाउन सकीने भएकोले विशिष्टिकरण गर्नुपर्ने ।

३. **सङ्गठित अपराधको अवधारणामा स्पष्टता** - अनुसन्धान र अभियोजन गर्न मार्गदर्शन गर्नुपर्ने।

४. **अभियोजन परिक्षण र अनुगमन गर्नुपर्ने-** सङ्गठित अपराधमा अभियोजन गरीएका अभीयोगपत्रको महान्यायाधिवक्ताको कार्यालयबाट परिक्षण गर्ने र नियमित रुपमा अनुगमन गर्नुपर्ने ।

५. **दण्ड पुरस्कारको व्यवस्था हुनुपर्ने** - अनुसन्धान अभियोजनकर्ताको कामको अनुसन्धान र मुल्याङ्कन गरी दण्ड पुरस्कारको व्यवस्था हुनुपर्ने ।

६. **कार्यगत स्वतन्त्रता हुनुपर्ने** [36]- सरकारी वकील कार्यालयको व्यवस्थापन प्रभावकारिताको लागि अनुसन्धान अभियोजन तथा प्रतिरक्षाको जिम्मेवारी लिएको सरकारी वकील कार्यालयको जिम्मेवारीको प्रश्न र कार्यगत स्वतन्त्रता महत्वपूर्ण हुन्छ ।

७. **न्याय प्रणालीलाई समयानुकुल वनाउनु पर्ने**[37] संगठीत अपराध अन्तरराष्ट्रिय भइरहेको वर्तमान विश्व्यापिकरणको सन्दर्भमा परम्परागत फौजदारी न्याय प्रणालीबाट संगठीत अपराध नियन्त्रण हुन नसक्ने भएकोले न्याय प्रणालीलाई समयानुकूल बनाउनु पर्ने।

८. **अनुसन्धानलाई खुल्ला दायरामा छाड्नुपर्ने**[38]- अपराध गर्ने वास्तविक गिरोहलाई बचाउने उदेश्यले कतिपय अपराधमा बनावटी अपराधी वनी आउने प्रवृत्ति विशेष गरी सङ्गठित अपराधमा हुने गरेको पाईन्छ। त्यसैले अनुसन्धान कर्ताले आफूलाई पुर्वाग्रही नबनाई अनुसन्धानलाई खुल्ला छाड्नुपर्ने र हतारमा धारणा बनाउने अवस्था त्याग्नु पर्ने देखिन्छ।

९. **अभियोजनकर्ता र अनुसन्धानकर्तालाई तालिम** — सङ्गठित अपराध वहुराष्ट्रिय (Transnational) प्रकृतिको हुने भएको र यसको क्षेत्राधिकार (Extra Territorial Jurisdiction) हुने भएको हुँदा विभिन्न देशको अपराध अनुसन्धान र अभियोजन पद्धति सम्बन्धमा अभियोजनकर्ता र अनुसन्धानकर्तालाई तालिम गोष्ठीमा सहभागी गराउने।

---

[36] पाद टिप्पणी २९, भट्टराइ, डा. आनन्दमोहन, अनुसन्धान तथा अभियोजन; समन्वय तथा सहयोगका सवालहरु

[37] पौडेल शर्मा महेश अन्तरराज्यीय संगठित अपराध र भ्रषटाचार लगायत आर्थिक अपराध, संगठित अपराध एक परिचय, राष्ट्रिय न्यायिक प्रतिष्ठान, हरिहरभवन, ललितपुर पृ ३५ नेपाल ।

[38] कोइराला सुर्य प्रसाद र पौडेल धर्मराज अपराध अनुसन्धान तथा अभियोजनमा प्रभावकारीता, महान्यायाधिवक्ताको कार्यालय (२०६९) पृ ८९

१०. **अपराध अनुसन्धान समुह हरुको गठन गर्नुपर्ने**[39] - नेपाल प्रहरीको संगठनात्मक संरचनामानै परिवर्तन गरी नेपाल प्रहरी अन्तरगत अपराध अनुसन्धान समुहको गठन गर्नु पर्ने र सोही अनुसार जिम्बेवारी दिनु पर्ने ।

५.४ सरोकारवाला निकाय पक्षहरूसँग समन्वय बनाउनु पर्ने

संगठनको कार्य सम्पादनमा संगठन तथा यसका अन्तरनिहित ईकाइ र अधिकारीहरूवीच गरिने सहयोग, तालमेल, सामुहिक प्रयास, समझदारीको समष्टिरूप नै समन्वय हो। आपसी समन्वयबाट समन्वयकारी निकायहरूविचको सम्बन्ध सुधार भई कार्यगत एकता हुन जाने हुँदा सरकारी वकील कार्यालयहरूमा पनि समन्वयको आवश्यकता र महत्व रहेको छ ।

१. **अनुसन्धानकर्ता र अभियोजनकर्ता को विचमा समन्वय** - अनुसन्धानकर्ता र अभियोजनकर्ताको सफलता एक अर्कामा जोडिएको हुन्छ। समन्वय कायम गरी प्रभावकारी बनाउन कायम गर्न निम्न कार्यहरु गर्नु पर्ने देखीन्छ।[40]

- अनुसन्धान एवं अभियोजनका क्रममा देखिएका कमी कमजोरी र कठिनाईहरूको सूचनाहरू एवं जानकारी अनुसन्धान अधिकारी एवं सरकारी वकीलबाट प्राप्त गर्ने,
- अनुसन्धान एवं अभियोजनका क्रममा कानूनमा देखिएका कमी कमजोरीहरूको मूल्यांकन गर्ने,
- तत्काल कानूनमा गर्नु पर्ने सुधारका कुराहरू सम्वन्धित निकायमा पठाउने,
- अनुसन्धान प्रक्रियामा विकासित नवीनतम सिद्धान्तहरूलाई प्रयोग गर्ने गर्न लगाउने,
- अनुसन्धान एवं अभियोजनमा देखिएका समस्याहरूको समन्वयात्मक रुपमा विश्लेषण गर्ने ।

---

[39] सिलवाल, नवराज सरकारी वकील र प्रहरीका विचमा व्यावसायीक सम्बन्धको खाचो, अपराध अनुसन्धान तथा अभियोजनमा प्रभावकारीता, महान्यायाधिवक्ताको कार्यालय (२०६९) पृ १७७

[40] वुढाथोकी शोभाकर, द्वन्द उप्रान्त समाजमा शुरक्षा तथा न्यायको सुनिश्चितता, अपराध अनुसन्धान तथा अभियोजनमा प्रभावकारीता, महान्यायाधिवक्ताको कार्यालय (२०६९) पृ २१

- अनुसन्धान एवं अभियोजनमा प्रक्रियालाई छिटोछरितो र प्रभावकारी बनाउन अन्य निर्देशनहरू जारी गर्ने,

२. **सरकारी वकील कार्यालयको सरोकारवाला सँगको समन्वय र क्रियाशीलता वढाउनु पर्नेः** सङ्गठित अपराधको नियन्त्रण गर्न सरोकारवाला निकाय तथा अधिकारीहरूवीच गरिने सहयोग, तालमेल, सामुहिक प्रयास, समझदारीको समष्टिरूप नै समन्वय हो। आपसी समन्वयबाट समन्वयकारी निकायहरूविचको सम्बन्ध सुधार भई कार्यगत एकता हुन जाने हुँदा सरकारी वकील कार्यालयहरूको सङ्गठित अपराध नियन्त्रण मा महत्वपुर्ण स्थान रहेको छ।

५.५ पीडित संरक्षण ऐन, २०७५ को प्रभावकारी कार्यान्वयन[41] -

सूचनादाता, सुराकी, पीडित तथा साक्षीको संरक्षणको प्रभावकारी कानुन नभएकोले पीडित संरक्षण ऐन २०७५ को प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।

५.६ द्विपक्षीय तथा बहुपक्षीय सन्धि सम्झौतामा जोड दिनुपर्ने

सङ्गठित अपराधमा व्यक्तिबाट प्रमाण वा वयान लिन, न्यायिक लिखतहरु तामेल गराउन अनुसन्धानका पक्षहरु जस्तै खानतलासी, वरामदी, र रोक्का राख्ने कार्य कार्यान्वित गर्न वस्तु र स्थानको जाच गर्न, लिखत र अभिलेख का मुल वा प्रमाणित प्रति प्रदान गर्न, अनुरोधकर्ता राज्य व्यक्तिहरुको स्वैच्छिक उपस्थितिलाई सुविधा जनक बनाउन पारस्परिक कानूनी सहायता ऐन, २०७० र सुपुर्दगी ऐन २०७० प्रभावकारी रुपमा कार्यान्वययनको लागी द्विपक्षीय तथा वहुपक्षीय सन्धि सम्झौता हुनुपर्ने। नेपालमा कतिपय सङ्गठित अपराधमा संलग्न अपराधीहरु पाकिस्थान, बंगलादेश, भारत, खाडी मुलुकहरु लगायतका मुलुकहरुमा रहेको पाईएको हुदा ऊक्त मुलुकहरुसंग पारस्परिक सहयोग र सुपुर्दगी सम्बन्धी आवश्यक सन्धि सम्झौताहरू सम्पन्न गरि सङ्गठित अपराध निवारण ऐनको कार्यान्वयन गर्न सकेमा सङ्गठित अपराध धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ।

[41] पीडित संरक्षण ऐन, २०७५

५.७ अन्य सुधार

क. **अपराधमा राजनीतिकरणको, दवाव र रवाफको प्रभाव हुन नहुने-** ऐन कार्यान्वयन गर्न शुसासन ईमान्दारीता, नैतिकताको अभावलाई पुर्ती गर्नुपर्ने ।

ख. **निर्णयकर्तामा स्पष्टता हुनुपर्ने** - न्यायीक तथा अर्ध न्यायीक निर्णयकर्तामा सङ्गठित अपराधको अवधारणा तथा यसका विषयवस्तु, क्षेत्र, विषेशता, अन्तरराष्ट्रिय (Transnational Crime) को आधार प्रमाण संकलन तथा प्रमाणिकता सम्वन्धमा जानकारी दिलाउन र स्वच्छ न्याय सम्पादन गर्न निर्णयकर्तालाई तालिम शिक्षा, वैदेशीक अनुभव को माध्ययमवाट विशिषटीकरण गर्नुपर्ने ।

ग. **जिकिरको सौदावाजी (Plea Bargaining) बढाउनुपर्ने** -गम्भीर प्रकृतिका सङ्गठित अपराधहरूमा प्रमाणको भार अभियुक्त उपर रहने तथा जिकिरको सौदाबाजीका व्यवस्था लागू हुनु समसामयिक देखिन्छ।[42]

घ. **निर्देशनहरूको पालना र कार्यान्वयन गराउने** -अदालतबाट अनुसन्धान एवं अभियोजनका सन्दर्भमा दिइएका निर्देशनहरूको पालना र कार्यान्वयन गराउने[43] ।

ङ. **सङ्गठित अपराध निवारण ऐन, अन्तर्गतका कसुरको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन २०७५-** सर्वोच्च अदालतको पुर्ण बैठकले स्वीकृत गरेको सङ्गठित अपराध निवारण ऐन अन्तर्गतका कसुरको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन २०७५ ले सङ्गठित अपराधमा अपुर्ण अपराध (उधोग, दुरुत्साहन षडयन्त्र, मतियार समेत) को सजाय निर्धारण गर्दाका सामान्य आधार लिनु पर्ने)को परिभाषा तथा अवधाराणागतव सुधार हुनुपर्ने ।

च. **मुद्धा हेर्ने अधिकारक्षेत्र वारे ऐनमा द्विविधा प्रष्ट हुनुपर्ने** - सङ्गठित अपराध सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई रहने ऐनको दफा ४० मा रहेको र भन्सार चोरी, राजस्वका मुद्धा हेर्ने अधिकार भन्सार अधिकृतलाई हुने, वैङ्कीङ कसुर हेर्ने वाणिज्य ईजलासलाई हुने जस्ता छरिएर रहेका व्यवस्थाले अधिकार क्षेत्र वारे प्रष्ट हुनु जरुरी छ ।

---

[42] पाद टिप्पणी ३२ पृ.११६ ।

[43] ने.का.प.२०६८, अङ्क ८ नि.नं ८६६८, पृ १३७६

छ. **अनुसन्धान गर्ने र अभियोजन गर्ने निकायको पृथकताले एकरूपता नहुने** —अनुसन्धान र अभियोजन गर्ने निकाय विच समन्वय को अभाव , अवधारणागत रुपमा सामुहीक जिम्बेबारी वहन गर्ने उत्तरदायीत्व वहनमा एकरुपता हुनुपर्ने ।

ज. **निरोधात्मक, दण्डात्मक र प्रर्वधनात्मक उपायहरु अवलम्बन गर्ने** - सङ्गठित अपराधको अनुसन्धान र अभियोजनलाई दरो वनाउन दक्ष विशिषटीकृत जनशक्ती तयार गर्न विशेषज्ञको सहायतामा जोड दिने। सङ्गठित अपराध नियन्त्रण का लागी निरोधात्मक, दण्डात्मक र प्रावधनात्मक उपायहरु अवलम्बन गर्ने र सो को प्रभावकारी कार्यान्वयन मा सहयोग हुनेछ।

५.८ निष्कर्ष

अन्तमा, कुनै एक प्रक्रियामा मात्र अर्थात कानूनी व्यवस्था वा कुनै चरणमा मात्र सुधार गरेर असफलताको अवस्था अन्त हुने अवस्था नरहेको र समग्र प्रक्रिया र चरणमा सुधार आवश्यक रहेको अवस्था हुँदा उल्लेखित सङ्गठित अपराधका मुद्दाको असफलतामा अनुसन्धानका विभिन्न प्रकृयामा रहेको कमजोरी, त्रुटी, अप्रयाप्तता, अभियोजनका त्रुटी र फैसला तथा अदालती प्रकृयामा रहेको फाइल अध्ययनबाट देखिएका समस्या, कमजोरी र त्रुटीको सामूहिकता स्वरुप असफलता हुने गरेको बाट सङ्गठित अपराध निवारण ऐन, २०७० को कार्यान्वयन गर्न समस्या रहेको छ। फौजदारी मुद्धाहरुमा राजनैतिक हस्तक्षेप अन्त्य गर्नुपर्ने। सङ्गठित अपराधका मुद्दाहरुको सफलता प्राप्त गर्न, सङ्गठित अपराधलाई निवारण गर्न सङ्गठित अपराध निवारण ऐन, २०७० मा उल्लेखित विविध विषयहरु प्रावधानको व्यवस्था भएता पनि उद्देश्य अनुरुप नभई विभिन्न चरणमा विभिन्न समस्या, त्रुटि र कमजोरी रहेको देखियो। ति कमजोरी चुनौती लाई समाधान गरी कार्यान्वयन सफलता प्राप्त गर्नुनै[44] सङ्गठित अपराध निवारण ऐन, २०७० मुद्धामा कार्यान्वयन तहमा सफलता प्राप्त गर्नु हो। सुपुर्दगी, पारस्परीक कानुनी सहायता, अपराधवाट आर्जित सम्पत्तिको जफत तथा फिर्ता गर्ने जस्ता विषयहरुका सन्धी वा शुचनाको यथा समयमा आदानप्रदाको व्यवस्था अपराध नियन्त्रण मा अत्यावस्यक हुन्छ। संङ्गठित अपराधको अनुसन्धान र अभियोजन लगायत यस संग सम्बन्धीत विषयमा राज्यका निकायहरु

[44] अनुसन्धान तथा अभियोजन प्रकृयाको सुधारका रणनिती तथा सुझावहरु सम्बन्धमा अवलम्बन गर्नु पर्ने अपराध अनुसन्धान तथा अभियोजनमा प्रभावकारीता, महान्यायाधिवक्ताको कार्यालय (२०६९) पृ २०५

खासगरी प्रहरी, सरकारी वकील, राजस्व, आन्तरीक सुरक्षा, गुप्तचर निकाय विच आपसी सहयोग समन्वय आवस्यक रहन्छ। यसै क्रममा तत्कालिन स.रा शंघका महासचिव (Koffi Anan) If crime crosses all borders , so must law enforcement भन्नु भएको छ। साथै यस्ता अपराध नियन्त्रण सम्वन्धी कानुन कार्यान्वयमा राजनैतिक प्रतीवद्धता, कानुनको समयानुकूल शंसोधन, अनुसन्धान र अभियोजन गर्ने निकायको सुदृढीकरण, पर्याप्त श्रोत, साधनको व्यवस्था भएमा अपराध नियन्त्रण गर्न मद्दत पुग्दछ।

सन्दर्भ सामग्री

१. अधिवक्ता डा. कुन्साङ लामा, सङ्गठित अपराधको अवधारणा र नेपालमा सङ्गठित अपराध सम्बन्धी कानुन कार्यान्वययनको अबस्था (कार्यपत्र), महान्यायाधिबक्ताको कार्यालय, नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन २०७५ नेपाल।

२. अनुसन्धान तथा अभियोजनमा प्रभावकारीता, महान्यायाधिवक्ताको कार्यालय (२०६९)

३. अनुसन्धान तथा अभियोजनमा प्रभावकारीता, महान्यायाधिवक्ताको कार्यालय (२०६९)

४. अपराध अनुसन्धान तथा अभियोजनमा प्रभावकारीता महान्यायाधीवक्ताको कार्यालय र युनाइटेड स्टेट इन्स्टीच्यूट अफ पिस

५. कृष्णजीवी घिमिरे, नेपालको कानूनमा सङ्गठित अपराधलाई हेर्ने दृष्टिकोण र हालको प्रयोग अवस्था (कार्यपत्र) राष्टिय न्यायीक प्रतिष्ठान ललितपुर (२०७५)

६. कृष्णजीवी घिमिरे, सङ्गठित अपराध नियन्त्रण सम्बन्धी व्यवस्था र कार्यान्वयनमा देखिएका समस्याहरू समस्या समाधान लेख रचना

७. जिल्ला सरकारी वकिल कार्यालय काठमाण्डौ मुद्धा दर्ता शाखा मुद्धा दर्ता विवरण।

८. नेपालका सरकारी वकिलहरूको दोश्रो राष्ट्रिय सम्मेलन -२०७५ महान्यायाधिवक्ताको कार्यालय

९. नेपालको संविधान

१०. पारस्परिक कानूनी सहायता सम्बन्धी ऐन, २०७०

११. भ्रष्टाचार विरुद्धको संयूक्त राष्ट्रसंघीय महासन्धी — २००३

१२. महेश शर्मा पौडेल र कृष्णजीवी घिमिरे, सामाजिक मामिलाहरु प्रकाशक सोपान द्वैमासीक २०६९ नेपाल

१३. मुलुकी फौजदारी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधी (संहिता) ऐन, २०७४ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४)

१४. श्याम कुमार भट्टराई सरकारी वकीलको विशिष्टीकरण, न्याय प्रशासनका आयामहरु, सोपान (दोश्रो सस्करण) २०७५।

१५. संजीवराज रेग्मी, सङ्गठित अपराधको अवधारणा, अन्तर्राष्ट्रिय अभ्यास र नेपालमा सङ्गठित अपराध नियन्त्रण सम्वन्धी कानून, एक अध्ययन, सोपान द्विमासीक, २०७२, मंसीर, अंक -५

१६. सङ्गठित अपराध निवारण ऐन, २०७०

१७. सङ्गठित अपराध निवारण ऐन, अन्तर्गतका कसुरको सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शन २०७५

१८. सङ्गठित अपराध सम्वन्धी कानूनको प्रभाव मुल्याङ्कन सम्वन्धी अनुसन्धानमूलक अपराध (२०७४) महान्यायाधिवक्ताको कार्यालय नेपाल

१९. सङ्गठित अपराध, प्रकाशक राष्ट्रिय न्यायीक प्रतिष्ठान, २०६९

२०. सुपुर्दगी ऐन, २०७०

कार्यपत्र : १२, सगठित रुपमा गरिने मानव बेचबिखन सम्बन्धी अपराध र सर्वोच्च अदालतको दृष्टिकोण

फटिकराज मुडभरी

उप सचिव

१.परिच्छेद एक

प्रारम्भिक

१. सामान्य परिचय

समाजमा शान्ति सुरक्षा कायम राखी जनतालाई सहज र सरल जीवनयापन गराउनु आधुनिक राज्य ब्यवस्थाको मुल उद्देस्य हो। यस्तो परम उद्देश्य प्राप्त गर्न राज्यले बिभिन्न किसिमका सयन्त्र निर्माण गरी समाजमा अपराध हुन नदिन र अपराधको रोकथामका लागि बिबिध ब्यवस्था गरेको हुन्छ। बिज्ञान र प्रबिधिको बिकास सगै समाजको शान्ति सुरक्षा र अमन चयनमा बाधा पुर्याउन बिभिन्न किसिमका अपराधहरु गर्ने प्रबृति रहेको हुन्छ।

आधुनिक फौजदारी बिधिशास्त्रमा सगठित अपराध एउटा नया अवधारणाको रुपमा आएको देखिन्छ। परम्परागत फौजदारी अपराधको तुलनामा सगठित अपराध गर्ने तरिका, उद्देश्य, सगठन तथा प्रविधिको प्रयोगले गर्दा यस्तो अपराधलाई जटिल बनाएको देखिन्छ। खासगरी विज्ञान र प्रविधिको बिकासले गर्दा सगठित अपराधमा संलग्न व्यक्ति एंव समुहलाई पनि विभिन्न तहमा संगठित हुने र आपराधिक क्रियाकलापहरू सञ्चालन गर्न सजिलो भैरहेको पाईन्छ । आधुनिक ससारमा लागू औषधको कारोबार, मानव बेचबिखन, आतंकवाद, अपहरण तथा शरिर बन्धक, सम्पति शुद्धीकरण र भ्रष्टाचार जस्ता अपराधहरू सगठित रूपमा गर्ने गरेको पाइन्छन्।

सगठित अपराधबाट ससारको कुनै पनि मुलुक अछुत वा मुक्त हुन सकेको छैन। तसर्थ यसलाई संसारभर जघन्य एवं गम्भीर प्रकृतीको अपराधको रुपमा लिइन्छ। सगठीत अपराधले प्रकृतिको सर्वश्रेष्ठ प्राणी मानव जातीलाई आक्रान्त पारेकोले यसको नियन्त्रणका लागी संसारको ध्यानाकर्षण भएको छ। यस्ता प्रकृतिका अपराधहरु जघन्य, निष्कृष्ट एवं मानवता विरोधी अपराधको कोटीमा पर्ने हुँदा जुनसुकै फौजदारी न्याय प्रणालीले पनि कसूर कायम गरी दण्डनिय वनाएको पाइन्छ । यस्ता अपराधमा क्षेत्राधिकार एकरुपता पाईदैन भने यसको परिभाषामा नै समानता रहेको देखदैन। ससारमा भएको बिज्ञान प्रबिधिको बिकास सगै बिभिन्न आपराधिक सगठन निर्माण हुने र त्यस्ता सगठनहरु एक देशमा बसेर अर्को देशमा अपराध गर्ने हुनाले परम्परागत अपराधमा जस्तो अपराध गर्न भौतिक रुपमा उपस्थिति

हुनुपर्ने अवस्थाको अन्त्य भएको छ भने अपराधहरु सीमाबिहिन भएका छन यसले अपराध नियन्त्रण गर्न अप्ठेरो अवस्थाको सृजना गरिदिएको छ।

खास गरी लागू औषधको कारोबार, मानव बेचबिखन तथा ओसार पसार, आतंकवाद, अपहरण तथा शरिर बन्धक तथा फिरौति लिने कार्य , सम्पति शुद्धीकरण र भ्रष्टाचार जस्ता अपराधहरू सगठित रूपमा गर्ने गरेको हुदा बिश्वब्यापी अपराधको रुपमा घटित हुने गरेको पाईन्छ। यस्ता अपराधहरु एउटा राज्य वा देशको सरोकार मात्र नभई सम्पुर्ण बिश्वको सरोकारका रुपमा रहेका छन। बिशेष गरी पैसा र लाभका लागि गैर कानूनी गतिबिधि सञ्चालन गर्ने समूहहरु माफिया, डन ,याकुजा ,अण्डर बल्ड ,हडकड ट्रेडर्स र नेटवर्क आदि नामले विश्वभरी फैलिएका छन । यस्ता आपराधिक क्रियाकलाप निवारणका लागि अन्तराष्ट्रिय रुपमा बिभिन्न समयमा बिभिन्न प्रयासहरु भएका छन।

प्रथम विश्वयुद्व पछि सन् १९२९ तिर वेरोजगार रहेका युवाहरु सगठित हुन गई अनेकौ कार्य गर्न थाले । यसले विश्वमा नै डर त्रास भए फैलाउने भएकोले हुदा सवै राष्ट्रहरु मिलेर जानु पर्छ भन्ने अवधारणा अगाडी आएपछि नै सगठित अपराधको ब्याख्या हुन थालेको हो । आजभोली यौन शोषणका लागी मात्र नभएर जुनसुकै उद्धेश्यवाट पनि वेचविखन र ओसार पसारको कार्य, श्रम शोषण, यौन शोषण, वेश्यावृत्ती, मानव अंग वेचविखन लागू औषधको कारोबार, मानव बेचबिखन तथा ओसार पसार, आतंकवाद, अपहरण तथा शरिर बन्धक तथा फिरौति लिने कार्य , सम्पति शुद्धीकरण र भ्रष्टाचार जस्ता अपराधहरू सगठित रूपमा गर्ने गरेको हुदा बिश्वब्यापी अपराधको रुपमा घटित हुने गरेको पाईन्छ।

१.१ अध्ययनको उद्धेश्य –

प्रस्तुत कार्यपत्रले सगठित अपराधको परिभाषा,बिशेषताहरु तथा मानव बेचबिखन तथा ओसारपसारको परिभाषा, मानव वेच बिखन सम्बन्धी अपराधको बिकासक्रम,सो सम्बन्धी अन्तराष्ट्रिय कानुनी ब्यवस्था,सगठीत रुपमा हुने मानव बेचबिखन सम्बन्धी कसुर र अदालती अभ्यासमा सर्वोच्च अदालतले खेलेको नेतृत्वदायी भूमिकालाई उजागर गरि प्रतिपादित सिद्धान्तको चर्चा गर्ने उद्धेश्य राखेको छ।

१.२ अध्ययनको महत्व –

यो अध्ययनबाट सगठीत रुपमा हुने मानव बेचबिखन सम्बन्धी कसुर र नेपाली कानूनी ब्यवस्थाको वारेमा जानकारी दिदै सर्वोच्च अदालतले कस्तो न्यायीक दृष्टिकोण विकाश गरेको छ भन्ने जानकारी गराउने तथा सगठीत रुपमा हुने मानव बेचबिखन सम्बन्धी कसुरको अनुसन्धान तथा अभियोजनमा बिद्यमान समस्याको कारण र सुझाव प्रस्तुत गरीएको हुँदा चासो राख्ने सवैका लागि फलदायी हुने देखिन्छ।

१.३ अध्ययनको तरिका –

मूलत यो सैद्धान्तिक अध्ययन हो। सगठित अपराध निवारण सम्बन्धी ऐनको व्यवस्था, मानव बेचबिखन सम्बन्धी कसुरको सम्बन्धमा अदालतले प्रतिपादन गरेको नजीर, अन्तराष्ट्रिय व्यवस्था र नजीर संग्रह, पुस्तक, लेख रचनाहरुको अध्ययन र अवलोकनबाट यो कार्यपत्र तयार गरिएको हो।

१.४ अध्ययनको सिमा –

सगठित अपराधमा सम्वन्धी कानूनको मुख्य व्यवस्था, मानव वेच बिखन सम्बन्धी अपराधको बिकासक्रम, सगठीत रुपमा हुने मानव बेचबिखन सम्बन्धी कसुर र अदालती अभ्यासमा अदालती अभ्यासबाट सर्वोच्च अदालतले विकाश गरेको सैद्धान्तिक अवधारणा र अनुसन्धानका क्रममा देखिएका चुनौती कार्यपत्र सिमित रहेको छ।

१.५ अध्ययनको गठन –

प्रस्तुत कार्यपत्रको संगठनात्मक संरचनालाई परिच्छेद-१ मा सामान्य परिचय, परिच्छेद-२ मा सगठित अपराधको परिचय, मुख्य तत्वहरु , सगठित अपराधका बिशेषताहरु , परिच्छेद-३ मा मानव बेचबिखनको परिभाषा, सो कानुनी ब्यवस्थाको बिकास, अन्तराष्ट्रिय कानूनी ब्यवस्था बिशेषताहरु, ऐनले निशेधित गरेका कार्यहरु, अनुसन्धान सम्बन्धी बिशेष ब्यवस्था परिच्छेद-४ मा अदालती अभ्यास र दृष्टिकोण परिच्छेद-५ मा निष्कर्ष गरि ५ भागमा विभाजन गरिएको छ।

परिच्छेद दुई

संगठित अपराधको परिभाषा

२ .१ संगठित अपराधको परिभाषा

संगठित अपराध के हो ? भनी स्पष्ट रुपमा कहि कतै पनि परिभाषा गरेको देखिदैन। आधुनिक समयमा सामान्यतया गुण्डागर्दी गर्ने समुह तथा माफिया जस्ता संगठनहरूलाई संगठित अपराधको शव्दबाट सम्बोधन गर्ने गरेको देखिन्छ। संगठित अपराध भन्नाले आर्थिक लाभ गर्ने उद्देश्यले खडा भएका आपराधिक समुह वा अपराधीहरूले गर्ने अपराध भन्ने नै हो। संगठित अपराधको परिभाषा गर्ने क्रममा फौजदारी बिधिशास्त्रमा बिद्धानहरूमा एकरुपता रहेको पाईदैन। संगठित अपराध भन्नाले आपराधिक समुहरूबाट संचालित आर्थिक लाभ प्राप्त गर्ने उद्देश्यले गरिएको आपराधिक कार्य हो। सन् १९७० मा अमेरिकी न्याय विभागले आपराधिक संगठन भन्दा पनि त्यस्तो संगठनबाट संचालन हुने आपराधिक कार्यलाई महत्व दिई सगठित अपराध परिभाषा गरेको थियो। जसको उद्देश्य सामान्यतय आर्थिक लाभ प्राप्त गर्ने हुन्छ। हालसम्म पनि संगठित अपराध भन्ने शब्दको समान अर्थ वा परिभाषा कसैले पनि गरेको देखिदैन।

सगठित अपराधको परिभाषाको अध्ययन गर्ने क्रममा संयुक्त राष्ट्रसंघिय महासभाले सन् २००० मा गरी जारी गरेको महासन्धिमा समेत परिभाषा गरेको पाईदैन तर पनि यसमा सगठित आपराधिक सगठनको परिभाषा गरेको देखिन्छ ।[1] सगठित आपराधिक समूह भन्नाले आर्थिक तथा अन्य भौतिक लाभको उद्देश्यले एक वा सो भन्दा बढी गम्भिर अपराध घटाउनको लागि तिन जना वा सो भन्दाबढी मानिसहरू हुने गरी संगठित समुह भनी परिभाषित गरिएको पाईन्छ । यस अर्थमा सगठित अपराध भन्नाले आर्थिक वा अन्य लाभ हुनुपर्ने, ३ जना वा सो भन्दा बढी मानिसहरु सलग्न सरचनागत समूह हुनुपर्ने, तिनिहरु सगठीत रुपमा एउटा समुहमा बस्नु पर्ने ब्यवस्था गरेको देखिन्छ । यसमा कम्तीमा चार बर्षको कैद सजाय हुने अपराधलाई गम्भीर अपराधका रूपमा लिएको छ ।

बिधिशास्त्री Donald Casey ले सगठित अपराधको परिभाषा गर्दा An organized crime is a crime committed by a person occupying in an established division of labor, a position designed for the commission of crimes providing that in such division of labor at least one position is for corrupter, one position for corrupter and one for an enforcer. यस परिभाषाले अपराध घटाउन बनेको समूहको सगठनात्मक पक्षलाई जोड दिएको छ । यस्ता समूहमा श्रमको बिभाजन गरी आपराधिक कार्य सचालन गरिन्छ ।[2]

अमेरिकाको Organized Crime Control Act,1970 ले सगठित अपराधलाई Unlawful activities of a highly organized, disciplined association or by members of criminal syndicates operative throughout the United States.[3] यो परिभाषाले अपराधको उद्देश्य,प्रकृति र प्राप्त गर्न खोजेको लाभका आधारमा सगठित अपराधलाई ईंगित गर्न खोजेको देखिन्छ ।

ईन्टरपोल (INTERPOL) ले सन १९९८मा गरेको परिभाषा हेर्दा आपराधिक संगठित समूहहरूले शक्ति र पैसा प्रयोग गरी गर्ने तस्करी, जुवा वेश्यावृति, लागु औषध कारोबार, बैंकिङ धोका, मुद्राको अपचलन लगायतका अपराधजन्य कार्यहरू नै संगठित अपराध हुन भनी परिभाषा गरेको देखिन्छ ।

नेपालको संगठित अपराध निवारण ऐन, २०७० को दफा २ (घ) मा समेत आपराधिक समूहको परिभाषित गरिएकोछ । जसअनुसार "आपराधिक समूह" भन्नाले प्रत्यक्ष वा परोक्ष रूपमा परिच्छेद–२ मा "उल्लिखित संगठित अपराध गर्ने उद्देश्यले नेपालभित्र वा नेपाल बाहिर रहे भएको सगठित वा असंगठित तीन वा तीनभन्दा बढी व्यक्तिहरूको समूह सम्झनु पर्छ" भन्ने व्यवस्था गरेको छ ।[4] यस

---

[1] United Nations Convention against transnational Organized crime,2000 2 (a)

[2] डा आनन्द मोहन भट्टराई अन्तरदेशीय सगठन अपराध : प्रभावकारी प्रतिरोधात्मक उपायहरु सगठीत अपराध : एक परिचय स्रोत सामग्री,प्रकाशक राष्ट्रिय न्यायिक प्रतिष्ठान नेपाल २०६९ पृ ८

[3] US Organized Crime Control Act,1970

[4] संगठित अपराध निवारण ऐन, २०७० को दफा २ (घ)

परिभाषा अनुसार संगठित अपराध हुनुको लागि न्यूनतम ३ जना वा सो भन्दा बढी व्यक्तिहरूको संलग्नता हुनुपर्ने देखिन्छ । संगठित अपराधको परिभाषा भित्र असंगठित शब्दको उल्लेख गरेबाट असंगठित व्यक्तिहरूको संलग्नतालाई पनि संगठित अपराधको श्रेणिमा लिने गरी ब्यवस्था भएको देखिन्छ । सोही ऐनको दफा २ (छ) मा परिच्छेद २ बमोजिमको अपराध सगठित अपराध सम्झनु पर्छ भनी परिभाषा गरेको पाईन्छ । यसरी यि परिभाषाको अध्ययनबाट समेत संगठित अपराधको परिभाषामा एकरुपता रहेको पाईदैन तथापी माथि उल्लेखित बिभिन्न परिभाषाहरूमा उल्लेख गरिएका संगठित अपराधका तत्वहरूमा एक आपसमा समानता रहेको कारण सगठित अपराधको परिभाषा पनि त्यही रुपमा बुझ्नु जरुरी हुन्छ ।

बास्तबमा भन्ने हो भने संगठित अपराध अन्तराष्ट्रिय अपराधको रुपमा रहेको हुदा यसको साझा परिभाषाको आवश्यकता रहेको छ ताकी त्यस्ता संगठित अपराधको निवारणका लागि सम्पुर्ण विश्व समुदाय एकजुट भई नियन्त्रण गर्नका लागि सहज हुन सक्नेछ ।

२.२ संगठित अपराधका तत्वहरू

फौजदारी कानूनले आपराधिकरण गरेको कार्य र दोषि मनोभावना हुनु आवश्यक हुन्छ । अपराध पुर्ण हुनका लागि आपराधिक कार्य र आपाराधिक मनोभावना हुनु आवश्यक पर्छ । अपराधका तत्वहरूले यसलाई पूर्णता दिनको लागि महत्वपूर्ण भूमिका खेलको हुन्छ । फौजदारी कानूनको प्रमुख सिद्धान्त दोषि मनोभाव बिना गरेको कार्य कानूनी रूपमा दोषी वा अपराध हुँदैन, अपराध हुन कर्ताले गरेको आपराधिक कार्य दोषि मनोभाबका साथ गरेको हुँनु पर्दछ । जवसम्म आपराधिक मनसाय आपराधिक कार्यमा रूपान्तरण हुदैन तबसम्मको लागि कुनै पनि कार्य अपराध हुँदैन र त्यस्तो मनसायलाई आपराधको रूपमा लिई कर्तालाई दोषि बनाउन सकिदैन ।

परम्परागत अपराध र संगठित अपराधका तत्वहरू वास्तबमा एउटै प्रकृतिका हुन्छन तथापि संगठित अपराधिक समुहको परिभाषा गर्ने क्रममा केही तत्वहरुको वारेमा उल्लेख भएको पाईन्छ । संगठित अपराधको आधारभूत तत्वहरू के के हुन भन्नेबारेमा एकमत हुन सकेको पाईदैन । तथापी परिभाषाहरुको अध्ययनबाट संगठित अपराधका तत्वहरू निम्नलिखित हुन भनी हामी सहजै भन्न सक्छौ । जस्तै- संगठित आपराधिक समुह र गम्भीर अपराध ।

२ .२.१ संगठित आपराधिक समुह-

संगठित अपराध आफैमा छुट्टै खालको अपराध र अपराधीहरु पनि छुट्टै खालको अपराधी नभएको हुदा परम्परागत अपराधबाट छुट्याउन केवल अपराध गर्ने तरिका वा विधिबाट नै यस्ता अपराधलाई छुट्याउन सकिन्छ । संगठित आपराधिक समुहमा सदस्यता गोप्य रहने र गैरकानूनी तरिकाले लाभ कमाउने उद्देश्य रहेको देखिन्छ । यिनीहरुको आफ्नै तहगत सरचना हुने व्यवस्था गरेको हुन्छ । यस्ता संगठित आपराधिक समुहलाई माफिया ,समूह र डन जस्ता नामबाट यिनीहरुलाई चिन्ने गरिन्छ ।

२.२.२ गम्भिर अपराध-

गलत मनोभावका साथ गरेको कार्यलाई राज्यको फौजदारी कानूनले गैरकानूनी एवं गम्भिर अपराधको रूपमा घोषित गरी सजायको व्यवस्था गरेको हुन्छ । सयुक्त राष्ट्र सघिय महासन्धीले पनि गम्भीर अपराध भन्नाले न्यूनतम ४ बर्ष वा सो भन्दा बढी वा कठोर सजाय हुने अपराधलाई गम्भिर अपराध भनी ब्यवस्था गरेको पाईन्छ ।[5] यि अपराधहरू गैरकानूनी लाभ प्राप्त गर्नको लागि संगठित रूपमा गर्ने कार्यका रूपमा रहेका हुन्छन् ।

२.३ संगठित अपराधको विशेषताहरू

संगठित अपराध कुनै छुट्टै आपराधिक कार्य नभई परम्परागत अपराध भन्दा फरक किसिमले गरिने कार्य मात्र हो । संगठित अपराधमा मानिसहरुको सलग्नता, अपराध गर्नुको उदेश्य, अपराध गर्ने तरिका वा विधिको आधारमा यसलाई अन्य अपराध भन्दा फरक गरी थप सजायको व्यवस्था गरिएको हुन्छ । संगठित अपराधको बिशेषताहरु परिभाषा अनुसार फरक फरक भएता पनि कतिपय बिशेषताहरू समान खालको पाईन्छ । समग्रमा भन्नु पर्दा संगठित अपराधको विशेषता देहाएमा उल्लेख भएका ब्यवस्था हुन किनकी बिभिन्न बिद्धानले गरेको परिभाषा तथा महासन्धिहरुमा भएको ब्यवस्था नै सगठित अपराधका बिशेषता हुन जुन यस प्रकारका छन:-

(क) श्रमको विभाजन हो यसमा तहगत अबिच्छिन्न सरचना र नेतृत्व नै हो ।

(ख) अपराधको माध्यमबाट लाभ प्राप्त गर्ने

(ग) शक्ति वा धम्कीको प्रयोग गर्ने

(घ) सार्वजनीक सेवालाई प्रभावित पार्ने,

(ङ) बजारमाथि एकाधिकार जमाउने,

(च) गोप्यनियता,

(छ) व्यापक बिशेष योजनाबद्ध ढंगले परिचालन हुने

(ज) अन्य संगठित आपराधिक समूहहरूसंग सम्पर्क ,

(झ) औपचारिक सगठन यसमा निरन्तरता रहने

(ञ) समूहको सदस्यता गोप्य र सिमित हुने

(ट) आर्थिक लाभ र भौतिक उपलब्धी वा मुनाफा प्राप्त गर्ने क्रियाकलापका रुपमा रहने

(ठ) आफ्नो उद्देश्य प्राप्त गर्न दक्ष ब्यक्ति अपहरणकर्ता गोली हान्न निपुर्ण ब्यक्ति जस्ता बिशेषज्ञको सेवा प्राप्त गर्ने

[5] United Nations Convention against transnational Organized crime,2000 2 (b)

(ड) सार्वजनिक पद धारण गरेका ब्यक्ति राजनितिक नेता समाजसेवी मार्फत सहयोग र सरक्षण प्राप्त गर्ने ।[6]

परिच्छेद तिन

मानव बेचबिखनको ओसारपसारको परिभाषा

३.१ मानव बेचबिखनको तथा ओसारपसारको परिभाषा

मानव वेचविखन परम्परागत अपराधकै रुपमा विकास हुँदै आएको र विश्वव्यापी प्रकृतिको कसूर हुँदा यसको परिभाषामा एकरुपता नभएपनि प्रयास भने भएको पाइन्छ । परम्परागत रुपमा मानव वेचविखन अपराधलाई जिउ मास्ने वेच्ने कार्य भनी वुझ्ने प्रचलन थियो । अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धीको मानव विशेष गरी महिला तथा वालवालिकाको वेचविखनलाई रोक्ने, दवाउने र सजाय गर्ने पुरक उपलेख, २००० ले मानव वेचविखन ओसार पसारको परिभाषा गरेको छ । "मानव वेचविखन" भन्नाले शोषण गर्ने उद्धेश्यले अर्को व्यक्ति माथी नियन्त्रण कायम गर्ने मानिसहरुलाई धम्की, बल प्रयोग गरेर वा अन्य तरिका, जवरजस्ती अपहरण, जालसाज गरेर, ढाँटेर शक्ति वा कमजोरीको दुरुपयोग गरी वा सहमती लिनका लागी पैसा दिएर, लिएर वा अन्य कुनै फाइदा पुर्‍याएर भर्ति गर्ने, एक ठाउवाट अर्को ठाउमा लैजाने, एक ठाउवाट अर्को ठाउमा लगेर राख्ने र आश्रय लिने कार्यलाई जनाउछ । शोषण अन्तर्गत अर्काको वेश्यावृत्तीको शोषण गर्नु वा अन्य प्रकारको यौनजन्य शोषण, बलयुक्त श्रम वा सेवा, दासत्व वा खासत्व समानको व्यवहार वाँधा वा अंगहरु झिक्ने समेतका काम पनि पर्दछन ।7

परिभाषा कै क्रममा The plermo protocol (Articce 3) defines Human trafficking as : "Trafficking in persons shall men the recruitment, transportation,transfer, hurbouring or receipt of persons, by means of the threat or use of force or other forms of coercion, of abduction,of fraud,of deception, of the abuse of power or of a position of vulnerability, or of the giving or receving of pay ments or benefits to achive the consent of a person having control over another person, for the purpose of explitation. Exploitation shall include, at minimum, the exploitation of the prostitution of others or others forms of sexual exploitation, forced labour or services, slavery or pactices similar to slavery, servitude or the removal of organs. The consent of the victim of trafficking share be irrelevant where any of the menas set forth above have been used 'consent' is irrelevant in case of children even of this does not involve any of the means set forth above. भनी परिभाषा गरेको पाईन्छ ।

[6] सगठित अपराध सम्बन्धी कानुनको प्रभाव मुल्याकन सम्बन्धी अनुसन्धानमुलक अध्ययन: प्रकाशक महान्यायाधिवक्ताको कार्यालय नेपाल २०७४ पृ १३/१४

[7] UN Protocal Against Trafficking 2000

मानव वेचविखन र ओसार पसारको कार्यलाई नेपाल कानूनमा अलग अलग रुपमा परिभाषा गरिएको छ। मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (१) ले देहायको कार्यलाई वेचविखन भनेको छ।

(क) कुनै पनि उद्धेश्यले मानिस वेच्ने वा किन्ने ,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,

(ग) प्रचलित कानून वमोजिम वाहेक मानिसको अङ्ग झिक्ने,

(घ) वेश्यागमन गर्ने,

सोही ऐनको दफाको उपदफा २ ले देहायको कार्यलाई मानव ओसार पसार गरेको मानिने छ भनी परिभाषा गरेको छ।

(क) किन्ने वा वेच्ने उद्धेश्यले विदेशमा लैजाने,

(ख) वेश्यावृत्तीमा लगाउने वा शोषण गर्ने उद्धेश्यले कुनै प्रकारले ललाई फकाई प्रलोभनमा पारी झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जवरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरिर वन्धक राखी, नाजुक स्थितीको फाइदा लिई, वेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी डर, त्रास, धाक धम्की दिई करकापमा पारी कसैलाई वसिरहेको घर, स्थान वा व्यक्तिवाट छुटाई लग्ने वा आफूसंग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपाल भित्रको एक ठाउवाट अर्को ठाउमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने।

उल्लेखित परिभाषाहरुवाट के कुरा स्पष्ट हुन्छ भने मानव वेचविखनको कार्य महिला वा केटाकेटी विरुद्ध मात्र नभई मानवता बिरुद्धको अपराधको रुपमा स्वीकार गरिएको छ। कसैले कसैलाई किनवेच गर्ने , कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तीमा लगाउने, अंङ्ग झिक्ने, वेश्यागमन गर्ने कार्य समेतलाई समेट्दै मानव ओसार पसारको कार्य समेतलाई आत्मसाथ गरेको पाईन्छ।

३ २ मानव बेचबिखन सम्बन्धी अपराधको विकाशक्रम

नेपालको सन्दर्भमा मानव वेचविखन तथा ओसारपसार सम्वन्धी अपराधिक कार्यको शुरुवात कहिले भयो यकिन भन्न सकिदैन तथापी यो परम्परागत अपराध भएकोमा विवाद छैन। नेपालमा वि.स. १९१० को मुलुकी ऐन आउनु पूर्व नै पृथ्वीनारायण शाहले १८२५ र १८३० मा सनद जारी गरेको प्रयासवाट अपराधको विद्यमानता रहेको देखिन्छ । रण वहादुर शाहको पालामा मानिस वेच विखन कार्यलाई अपराध घोषणा गरिएको, राजा गिर्वाणयुद्ध विक्रम शाहका पालामा रुक्का जारी गरी मानिस किनवेच गर्ने कार्यलाई दण्डनिय वनाएको पाइन्छ। वि.स. १९१० सालको मुलुकी ऐनमा कमारा कमारी वेच्दाको, जिउ मास्ने वेच्नेको, बालक आमा छुट्टयाई वेचेको समेतका पृथक पृथक अपराधको व्यवस्था गरी सजाय समेत निर्धारण भएको देखिन्छ। त्यसपछी वेलावखत ऐन शंसोधन हुँदै कानूनलाई परिमार्जन गर्ने

प्रयासहरु हुँदै आउदा वि.स. १९८१ चन्द्र शमसेरवाट दास प्रथा उन्मुलन गरी ऐतिहासिक कदम चालेको देखिन्छ। दाश प्रथा उन्मुलनको घोषणा गर्नु महत्वपूर्ण यस क्षेत्रको प्रयास रहेको मान्न सकिन्छ।

समयक्रममा परिमार्जन हुँदै २०२० सालको मुलुकी ऐनमा छुट्टै महल व्यवस्था गरी "जिउ मास्ने वेच्नेको" रुपमा कानूनी व्यवस्था भयो। मानव वेचविखन सम्वन्धी कानूनलाई वढी बैज्ञानिक, सैद्धान्तिक रुपमा व्यवस्था गर्ने जिउ मास्ने, वेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ अस्तित्वमा आयो। यसले कुनैपनि उद्धेश्यले विदेशमा लैजान कुनैपनि स्वास्नी मानिसलाई ललाई फकाई वा कुनै प्रलोभनमा पारी झुक्याई वा डर त्रास वा दवावमा पारी वा अन्य कुनै तरिकाले वेश्यावृत्तीमा लगाउन नहुने र त्यस्तो कार्यको उद्योगलाई समेत दण्डनिय तुल्याउने कानूनी व्यवस्था गरेकोमा मुलुकी ऐनको व्यवस्था यथावत रही नै रह्यो।

२०६४ सालमा जिउ मास्ने वेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई खारेज गर्दै मानव वेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र नियमावली २०६५ नयाँ कानूनी व्यवस्थाको रुपमा अस्तित्वमा आई हाल कार्यान्वयनको अवस्थामा रहेको ऐनले यस क्षेत्रमा विकास भएका नविन मुल्य मान्यता समेतलाई आत्मसाथ गर्दै मानववेचविखन तथा ओसार पसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यवाट पीडित व्यक्तिको संरक्षण एवं पुनस्थापना गर्ने लक्ष्य र उद्धेश्यका साथ कानूनी व्यवस्था गरेको छ। वहुक्षेत्रिय अधिकार क्षेत्र सहितका, पीडितको सुरक्षा संरक्षण, पुनस्थापना, प्रमाणीत वयान , प्रमाणको भारको व्यवस्था, पीडितको उद्दार, साक्षीको सुरक्षा, वन्द इजलाशको सुनुवाई समेतका ब्यवस्था गरेको छ।

यातायात, संचार र प्रविधिको विकास संगसंगै संगठीत अपराधिक समूहका कारण व्यक्तिगत रुपमा मात्र नभई कानूनी भेषमा म्यान पावर कम्पनीहरु,एजुकेशन कन्सल्टेन्सीहरु समेतले अघोसित रुपमा यो कसुर गरी बिश्वभर फैलाएको देखिन्छ। जसबाट पीडित र अपराध दुवैको सख्यामा वृद्दि भईरहको छ। यौन शोषण, श्रम शोषण, अंग प्रत्यारोपण, सर्कस , उट दौड जस्ता कार्य लगायत अन्य शोषणजन्य कार्यमा मानव वेचविखन तथा ओसारपसार केन्द्रीत भएको देखिन्छ।

३.३ अन्तराष्ट्रिय कानूनी ब्यवस्थाको शुरुआत

मानव अधिकारको अवधारणाको विकास संगै मानिसको जिवन, स्वतन्त्रता समानताको खोजी कार्य अगाडी वढ्यो समयक्रममा मानव शोषण र दुरुपयोगका विरुद्ध आवाजहरु वुलन्द हुन पुगे। महिलाहरुको श्रम र शरिर समेतको शोषण चरम रुपमा गरिन्थ्यो। गोरा सरकारहरुले एशिया, अफ्रिका, ल्याटीन अमेरिकामा उपनिवेश खडा गरेर साम्राज्य चलाउदा यो कार्यले विकराल रुप लिएको इतिहास छ।

सन १९२१ मा league of nations ले जेनेमामा एउटा सम्मेलन आयोजना गरी White slavery भन्ने शव्दलाई महिला वालवालिकाको ओसार पसार (Traffic of women and children) भन्ने शव्द रुपान्तरण गरेको पाईन्छ ।[8] त्यती नै वेला ओसार पसार भन्नाले कही कतै लगेर अनैतिक काममा लगाउनु हो भन्ने शव्द र विषयलाई स्थापित गरी अन्तराष्ट्रिय रुपा एउटा अभियानको आरम्भ भएको देखिन्छ ।

राष्ट्रसंघकै अगुवाईमा सन् १९२६ मा दासत्व महासन्धी (Slavery convention,1926) जारी भई अस्तित्वमा आएपछी मानव वेचविखन हकमा केही उल्लेखनिय अन्तराष्ट्रिय प्रयास भएको देखिन्छ । मूलतः दास बनाउने, दासहरुको ओसार पसारको अन्त्य गर्ने, दासत्वका सवै स्वरुपलाई पूर्ण रुपमा अन्त्य गर्ने, दास तुल्याउन मद्दत गर्ने, बलायुक्त श्रम जस्ता अभ्यासलाई रोक्ने उद्धेश्य रहेको देखिन्छ । पक्ष राष्ट्रहरुले दासत्वलाई उन्मूलन गर्न आवश्यक उपायहरु अबलम्वन गर्न पर्ने र एक राष्ट्रले अर्को राष्ट्रलाई सहयोग गर्नुपर्ने व्यवस्था समेत महासन्धीले गरेको छ । यस महासन्धीको नेपाल ७ जनवरी १९६३ देखी पक्षराष्ट्र वनेको छ ।[9]

जिउ मास्ने वेच्ने तथा अरुको वेश्यावृत्तीको शोषणको दमनको लागी व्यवस्था भएको महासन्धी, १९४९(convention for the suppression of the traffic in persons and of the exploitation of the others 1949) संयुक्त राष्ट्रसंघिय महासभावाट २ डिसेम्वर, १९४९ मा पारित भएपछी यसले विशेष रुपमा महिला वालवालिकाको जिउ मास्ने र वेच्ने कार्यको दमन गर्न प्रभावकारी उपायहरु अवलम्वन गर्ने, वेश्यावृत्तिको उद्धेश्यका लागि लैजाने शोषण गर्ने जस्ता कार्यलाई दण्डनिय वनाएको छ । महासन्धीले वेश्यालय राख्ने, संचालन गर्ने, बेश्यालयमा जानी जानी लगानी गर्ने, लगानीमा सहभागी हुने, अरुको वेश्यावृत्तिको लागि भवन, स्थान भाडामा दिने कार्यलाई निषेध गरेको छ । नेपालले यो महासन्धीलाई सन् २० डिसेम्वर १९९५ मा सम्मेलन गरी पक्ष राष्ट्र वनेको छ । यो महासन्धी मानव वेचविखन तथा ओसार पसारका लागी प्रभावकारी अन्तराष्ट्रिय माध्यम जसले पक्ष राष्ट्रहरुलाई यस सम्वन्धी प्रभावकारी व्यवस्था गर्न र सहयोग समेत महत्वपूर्ण व्यवस्था गरेको छ ।

अन्तराष्ट्रिय रुपमा मानव वेचविखन खासगरी महिला वालवालिकाको वेचविखनलाई रोक्ने, दवाउने र सजाय गर्ने सम्वन्धी उल्लेख,(protocol to prevent,punish and suppres trafficking in persons,especially women and children,2000) ले बाललवालिकाको वेचविखन, बाल वेश्यावृत्ति तथा वाल अश्लील चित्रण सम्वन्धमा व्यवस्था भएको वाल अधिकार सम्वन्धी महासन्धीको स्वेच्छीक प्रोटोकल(optional protocol to the convention on the Right of the child on sale of children prostitution and child pornography,2000) वेश्वावृत्तिको लागि महिला तथा बालवालिकाको जिउ मास्ने वेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्वन्धमा व्यवस्था भएको

[8] महिला तथा वालवालिका विरुद्ध हुने अपराध नियन्त्रण स्रोत सामाग्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ काठमाडौ पृ ३९

[9] I bid P 48

सार्क महासन्धी (SAARC convention of preventing and combating trafficking in women and children for prostitution,2000) समेतका अन्तराष्ट्रिय प्रयासहरु मानव वेचविखन र ओसार पसारको क्षेत्रमा दुनियाले स्वीकार गरेको महत्वपूर्ण उपायहरु हुन जस्ले अपराधको पहिचान गरी समाधानका उपायहरुको जानकारी गराइको पाईन्छ ।

३.३ मानव बेचबिखन सगठित अपराधका रुपमा

स्वभाववै अनुसार मानव बेचबिखनको अपराध नियतबस वा योजनाबद्ध रूपमा आपराधिक समूहबाट हुने अपराध हो । एक ठाउँबाट अर्को ठाउँ, एक देशबाट अर्को देश, एकैव्यक्ति उपर पनि एकपटक मात्र नभई विभिन्न पटक हुन सक्ने यो अपराध प्रकृति अन्तरदेशीय संगठित अपराधको कोटीमा पर्ने अपराध हो । कुनैपनि अपराध अन्तरदेशीय हुनका लागि एकभन्दा बढी राज्यमा घटित हुने, एउटा देशभित्र घट्ने तर योजना वा नियन्त्रण अर्को देशमा रहेर हुने, घटना भएको राष्ट्र तथा अन्य राष्ट्रमा पनि त्यसको प्रत्यक्ष असर हुने हुन्छ । यस्तै संगठित अपराध हुन आपराधिक गिरोह वा समूहको औपचारिक वा अनौपचारिक संगठन, कामको विभाजन तथा श्रेणीबद्धता, नियमित आपराधिक घटनाहरूमा संलग्नता, तीन वा सोभन्दा बढी व्यक्तिहरूको संलग्नता भई अपराध गर्नु एक पेसा (crime as a business) का रूपमा लिइएको हुन्छ । संगठित अपराध राज्यको एउटा सीमाभित्र मात्र सीमित नहुन सक्तछ, यसका समूहको जालो देशदेशान्तरसम्म फैलिएको हुन्छ । यस्ता समूहले जस्तोसुकै निकृष्ट अपराध गर्न पनि पछि पर्दैन । मानव बेचबिखनको अपराध विश्वमा संगठित रूपमा नै बढ्दै गएको र उसको उत्पत्ति, मार्गस्थ र गन्तव्य राष्ट्र एउटा–दुइटा वा विभिन्न हुन हुन सक्ने सन्दर्भमा यसलाई एक अन्तरदेशीय संगठित अपराधका रूपमा लिन सकिने अवस्था रहेको छ । अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २०००[10] ले सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार तथा न्यायमा अवरोध मात्र लाई यस्तो अपराधका रूपमा राखे पनि मानव बेचबिखन खासगरी महिला र बालबालिकालाई रोक्ने, दबाउने तथा सजाय गर्ने सम्बन्धी यसै महासन्धिको पूरक आलेखका रूपमा ल्याइएकाले मानव बेचबिखनलाई पनि अन्तरदेशीय संगठित अपराधको दायरा भन्दा पर राखेर हेर्न मिल्दैन ।[11]

३.४ नेपालमा मानव बेचबिखन विरुद्धमा भएका कानुनी व्यवस्थाहरू

नेपालको संविधान, २०७२ को भाग ३ मौलिक हक अन्तर्गत प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने उल्लेख छ ।[12] प्रत्येक नागरिकलाई नेपालको कुनै पनि भागमा आवत जावत र बसोबास गर्ने, कुनै पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता हुने व्यवस्था संविधानले गरेको छ ।[13]

---

[10] Conventional Against Transnational Organized crime,2000

[11] सगठित अपराध एक परिचय, स्रोत सामग्री राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल पृ ६१

[12] नेपालको सबिधान २०७२ धारा १६

[13] ऐजन धारा १७

यसै गरी महिला, श्रमिक, वृद्ध, अपांग तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुने [14] र प्रत्येक महिलालाई प्रजनन स्वास्थ तथा प्रजननसम्बन्धी हक हुनेछ कुनैपनि महिला विरुद्ध शारीरिक,मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ [15]

त्यस्तै बालबालिकालाई शोषण गर्न नहुने, शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुने समेतको व्यवस्था छ[16]। अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने गरी यातना विरुद्धको हक प्रत्याभूत गरिएको छ भने [17] कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यंकङ्क, पत्राचार, चरित्र सम्बन्धी कुराहरूको गोपनीयता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुने व्यवस्था छ।[18]

खासगरी मानव बेचबिखन विरुद्धको व्यवस्थासँग प्रत्यक्षतः गाँसिएको व्यवस्था संविधानले शोषण विरुद्धको हक २९ मा गरेको पाइन्छ। यस ब्यवस्था अनुसार प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ, प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न नपाइने, मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने र कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन नपाइने प्रत्याभूति गरिएकोछ।

यसका अलावा महिला र बालबालिकाको हक संरक्षणसँग सम्बन्धित धेरै सन्धिहरूमा पक्ष भई सकेको छ। दासत्व महासन्धि, १९२६ ; जीउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषण दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९; सामाजिक, आर्थिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्र, १९६६; नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्र, १९६६; महिला विरुद्धका सबैप्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९; यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १९८४; बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लगायत सार्कस्तरीय महासन्धिहरूको नेपाल पक्ष भएको देखिन्छ।

नेपालको संविधान, २०७२ को भाग ४ राज्यको निर्देशक सिद्धान्त,नीति तथा दायित्व अन्तर्गत धारा ५१ (ख) (३) मा उल्लेखित राज्यको नीतिहरु नेपाल पक्ष भएको अन्तरराष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने राज्यको राजनितिक तथा शासन ब्यवस्था सम्बन्धी नीति हुने उल्लेख छ। सन्धिहरूको कार्यान्वयन विषयक,१९६९ को भियना सन्धि अनुसार पनि आफू पक्ष भइ सकेको सन्धिको

[14] ऐजन धारा ४३

[15] ऐजन धारा ३८

[16] ऐजन धारा ३९

[17] ऐजन धारा २२

[18] ऐजन धारा २८

पालना गर्नु पक्ष राष्ट्रको दायित्व हुन्छ। नेपाल सन्धि ऐन, २०४७ को दफा ९ अनुसार सन्धिको हैसियत राष्ट्रिय कानुन सरह हुने र अनुमोदित सन्धि अनुकूलको कानुन बनाउनुपर्ने स्पष्ट छ । यस्ता बिबिध कारणहरूबाट सगठित रुपमा गरीने मानव बेच बिखन तथा ओसार पसारको कसुरमा मानव अधिकारको घोर उल्लंघन हुने, एक गम्भीर फौजदारी अपराधको नियन्त्रण, रोकथाम र पीडितलाई राहतका लागि गर्न सकिने ठाउँहरू प्रशस्त छन्।

३.५ अन्य कानुनी ब्यवस्था

संविधान र नेपाल पक्ष भएका सन्धिको व्यवस्था बाहेक मानव बेच बिखनलाई नियन्त्रण गर्न बि स २०२० सालदेखि नै शुरुआत भएको हो। २०४३ सालमा जीउ मास्ने बेच्ने (कार्यनियन्त्रण) ऐन, आएकोमा सो ऐनलाई खारेज गर्दै मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ जारी भई लागू भई रहेको छ। मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ ले पनि मानव शरीरको अंग झिक्ने र प्रत्यारोपण गर्ने सम्बन्धमा विशेष व्यवस्थाहरू गरेको छ। बालबालिका सम्बन्धी ऐन, २०४८ लाई खारेज गर्दै आएको बालबालिका सम्बन्धी ऐन २०७५ ले कुनै पनि बालबालिका लाई देवीदेवताकोनाममा चढाउन वा समर्पण गर्नसाथैअनैतिक पेसामा संलग्न गराउन नहुनेव्यवस्था छ । बालश्रम (निषेध र नियमित गर्ने ऐन, २०५६ ले १४ वर्ष उमेर नपुगेका बालबालिकालाई निजको इच्छा विपरीत काममा लगाउन नहुने तथा बाल बालिकालाई कल कारखाना, खानी वा अन्य त्यस्तै जोखिमपूर्ण काममा लगाउन नहुने व्यवस्था पाईन्छ ।

३.५.१ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

मानव बेचबिखनका सम्बन्धमा सार्क महासन्धि भएका व्यवस्थाहरू लाई समेत समेटी मानव बेच बिखनका विभिन्न रूपहरूलाई अपराध मानी सजाय र पीडितको पीडालाई सम्बोधन गर्ने गरी आएको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ का मुख्य व्यवस्थाहरूलाई यस प्रकारका रहेका छन।

क. ऐनको बहिक्षेत्रीय अधिकार क्षेत्र— प्रस्तुत ऐन नेपालभर लागू हुने र नेपाल बाहिर बसी नेपाली नागरिक विरुद्ध कसुर गर्ने जुनसुकै व्यक्तिको हकमा समेत लागूहुने व्यवस्था रहेको छ।

ख. ऐनले पीडित, बालबालिका शोषणको परिभाषा गरेको छ। साविकको ऐनले यस्तो परिभाषा गरेको अवस्था थिएन । जसअनुसार पीडित भन्नाले बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति सम्झनुपर्छ। त्यस्तै १८ वर्ष उमेर नपुगेका व्यक्तिलाई बालबालिका सम्झनुपर्छ भन्ने उल्लेख भएको छ। शोषण भन्नाले दास तुल्याउने, बाँधा बनाउने र प्रचलित कानुन बमोजिम बाहेक मानिसको अंग झिक्ने कार्य समेत जनाउने उल्लेख छ।

ग. मानव बेचबिखन र ओसारपसारको दायरामा व्यापकता— यस ऐनले मानव बेचबिखन र ओसारपसारलाई छुट्टाछुट्टै अपराध मानेको छ।

घ. मानव बेचबिखन कुनैपनि उद्देश्यलेमानिस बेच्नेवा किन्ने, (कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानुन बमोजिम बाहेक मानिसको अंग झिक्ने र वेश्यागमन गर्ने कार्यहरू पर्दछन्।

ङ. मानव ओसार पसार –किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कसैलाई घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालको कुनै एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्य भन्ने उल्लेख छ।

च. मानव बेचबिखन वा ओसारपसारको कसुर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाई प्रहरीमा उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राखिदिन लिखित अनुरोध गरेमा उजुरी दर्तागर्ने प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नुपर्ने व्यवस्था छ। पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्बिर वा निजको चरित्रको प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार– प्रसार गर्न नहुने, मानव बेचबिखन तथा ओसारपसारको मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिने, बन्द इजलासमा कारबाही तथा सुनुवाइ हुँदा मुद्दाका पक्ष विपक्ष, निजका कानुन व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्ने व्यवस्था गरिएको छ।

छ. नैतिक पतन देखिने फौजदारी कसुरका रूपमा दाबी लिन सक्ने— मानव बेचबिखन र ओसारपसारको कसुरमा अदालतमा मुद्दा दर्ता सम्बन्धित सरकारी वकिलले अभियुक्तले नैतिक पतन देखिने फौजदारी कसुर गरेको भनी दाबी लिन सक्ने व्यवस्था गरिएकोछ।

ज. जिल्ला अदालतमा बयान प्रमाणित गराउन पीडितलाई उपस्थित गराउनु पर्ने र त्यसरी उपस्थित गराएपछि आफ्नो क्षेत्राधिकार भित्र नपर्ने भए पनि न्यायाधीशले सोधी बयान प्रमाणित गरिदिनुपर्ने तथा त्यसरी प्रमाणित गरिएको बयान पीडित पछि मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि अदालतले प्रमाणमा लिन सक्ने व्यवस्था छ।

झ. प्रमाण भार प्रतिवादीमा रहने ब्यवस्था गरेको छ।

ञ. सरकारवादी मुद्दामा वादी पक्षको प्रतिनिधित्व सरकारी वकिलबाट हुने भएता पनि पीडितले छुट्टै कानुन व्यवसायीमार्फत प्रतिनिधित्व गराउन चाहेमा निजले त्यस्तो कानुन व्यवसायी राख्न सक्ने व्यवस्था गरेको पाईन्छ।

ट. मुद्दाको कारबाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमतिले दोभासे अनुवादक राख्न सक्ने व्यवस्था भएको पाइन्छ।

परिच्छेद चार

सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरु

३.१ नेपाल सरकार वि. शेर बहादुर लामा समेत, जिउ मास्ने वेच्ने ।[19]

कसूरको अनुपातमा सजाय गर्नु पर्ने गरि तजविजी अधिकार (Discretionary power) अदालतबाट प्रदान गरेको पाइदा सजायको न्यूनतम र अधिकतम हद ऐनले नै निर्धारण गरेको अवस्थामा कसूरको गंभीरता (Gravity of crimes) को आधारमा कसूरको मात्रा (Quantum of crime) निर्धारण गरि सोही अनुपातमा सजाय गर्ने गरि न्यायपूर्ण ढङ्गले तजविजि अधिकारको प्रयोग गर्नु पर्ने ।

अन्य प्रतिवादीहरु र पीडितको साथमा लागि जानु सम्मको क्रियाकलाप कसूरको रुपमा मानेको अवस्थामा पनि त्यस वापत अधिकत वा उच्चतम सीमाको सजाय गर्नु न्यायपूर्ण नहुने ।

बिवेचना

यस मुद्दामा न्यायकर्ताको तजविवी अधिकारको प्रयोग स्वेच्छाचारी ढगबाट नगरी कसुरको गभीरता को आधारमा कसुरको मात्रा अनुसार गर्नु पर्ने सिद्धान्त कायम गरेको पाईन्छ ।

३.२. फुलमती श्रेष्ठ (महर्जन) वि. नेपाल सरकार, जिउ मास्ने वेच्ने ।[20]

फौजदारी अपराधमा सजायको माग गरि अभियोग लगाई अदालत समक्ष पेश गरेको अभियुक्तले अपराध स्वीकार गर्छ भने अन्य प्रमाण वुझ्न नपर्ने, कलिला नाबालक केटाकेटीहरुलाई सर्कस जस्तो जोखिम काममा लगाउन विदेश पुर्याएर विक्री गरि रकम लेनदेन गरि जोखिम काममा लगाई छाडी आउने कार्यलाई निर्दोष मान्न नमिल्ने ।

महिला उपर हुने गंभिर अपराधमा नाबालक र महिलाहरुको हक रक्षा गरि नाबालक र महिलाहरुलाई न्याय दिलाउन भारतमा भएको अनुसन्धानको सिलसिलामा संकलित प्रमाणलाई नेपाली अदालतले प्रमाणमा लिन सक्ने व्यवस्था गर्न आवश्यक देखिने ।

अपराधबाट पीडित बालबालिकाको संरक्षण र उनीहरुको हितको लागि नेपाल सरकार र नेपालको न्यायपालिका दुवै नेपाल कानून र अन्तराष्ट्रिय महासन्धि एवं अन्य म्भअबिचबतष्यल हरुलाई लागु गर्न कटिवद्ध हुनु पर्ने ।

---

[19] ने.का.प. २०६५ अक ७ नि. न. ७९९६

[20] ने.का.प. २०६६ अक ८ नि. न. ८२०८

बिवेचना

यस मुद्दामा बिशेष गरी गंभिर अपराधमा नाबालक र महिलाहरुको हक रक्षा गरि नाबालक र महिलाहरुलाई न्याय दिलाउन भारतमा भएको अनुसन्धानको सिलसिलामा संकलित प्रमाणलाई नेपाली अदालतले प्रमाणमा लिन सक्ने व्यवस्था गर्न आवश्यक देखिने भनी पारस्परिक कानुनी सहायतालाई सैद्धान्तिक रुपमा अदालतले ग्रहण गरेको पाईन्छ।

३.३ लोक बहादुर कार्की वि. नेपाल सरकार, मानव वेचविखन।[21]

मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४(२) को खण्ड (ख) बमोजिम कसुर हुनको लागि कुनै पनि व्यक्तिको बेचविखन एवं ओसारपसारको कार्य सम्पन्न हुनै पर्ने भन्ने देखिँदैन। सो उद्देश्यका लागि त्यस्तो व्यक्तिलाई आफू बसिरहेको घर, स्थान तथा व्यक्तिबाट छुटाई नेपाल भित्रको एक स्थानबाट अर्को स्थानमा लैजाने कार्य भइसकेको तर गन्तव्य स्थानमा पुर्याउन बाँकी रहेको अवस्थामा समेत सो कसुर भएको मानिने।

पीडित स्वयंले अनुसन्धान अधिकारी समक्ष उपस्थित भएर अपराधको सम्बन्धमा बयान गरेकी छन्। यस्तो बयान तुरून्त नजिकको जिल्ला अदालतबाट प्रमाणित भएको छ भने पीडितको सो बयानको व्यहोरा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा ६(३) बमोजिम प्रमाणमा लिन मिल्ने।

मौकामा अनुसन्धान अधिकारी समक्ष उपस्थित भएर घटनाको बारेमा बयान मात्र दिइन वा त्यस्तो घटनासँग सम्बन्धित कसुरको अनुसन्धान प्रक्रिया अगाडि बढाउन निजले नै जाहेरी वा उजुरी दिएकी हुन होइनन् भनी खोजिनीति गरिरहनु पर्ने र पीडित स्वयंको उजुरी नभई पीडित बालिकाको माता पिता वा संरक्षकले उजुरी वा जाहेरी दरखास्त दिएको कारणले मात्र मौकामा पीडितले गरेको प्रमाणित बयानको प्रमाणिकता शून्य हुने वा त्यस्तो बयान प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने भनी न्यायको रोहमा साँघुरो अर्थ गर्न नमिल्ने।

मानव बेचबिखन तथा ओसारपसारको अपराधको सम्बन्धमा पीडितको बयान प्रमाण ग्राह्य बनाउन बेचबिखन तथा ओसारपसारको उजुरी पीडित वा अरू कसैले दियो भन्ने कुरा भन्दा पीडितको बयान अदालतबाट प्रमाणित भयो भएन भन्ने कुरा महत्त्पूर्ण हुने।

पीडित बालिका आफैले उजुरी नदिएको भन्ने प्राविधिक कारण देखाई अदालतबाट भएको प्रमाणित बयानको व्यहोरालाई पीडितले अदालतमा पुनः उपस्थित भई बकपत्र नगरेको भनी उक्त मानव बेचविखन

[21] ने.का.प. २०७२ अक २ नि. न. ९३४६

तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६(३) को कानूनी प्रावधान प्रतिकूल हुने गरी अस्वीकार गर्न नमिल्ने।

अपराधबाट पीडितलाई भराइदिने क्षतिपूर्तिले पीडितलाई पीडित हुनुभन्दा पूर्वको अवस्थामा पु¥याउनु वा पुनस्थापना गर्न सक्नु पर्दछ। तसर्थ अपराध पीडितलाई वास्तविक र प्रभावकारी क्षतिपूर्तिको लागि क्षतिपूर्ति सम्बन्धी कानून बनाएर मात्रै हुँदैन। सो कानून आफैमा उपर्युक्त र प्रभावकारी हुनुको साथै सो को प्रभावकारी एवं यथार्थपरक कार्यान्वयन समेत हुनु अनिवार्य हुने।

अपराध पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हकलाई नेपालको अन्तरिम संविधानको धारा १२ अन्तर्गतको बाँच्न पाउने हकको अभिन्न अंश (Integral Part) को रूपमा राख्नु पर्ने हुन्छ। तसर्थ नेपालको सन्दर्भमा अपराध पीडितको क्षतिपूर्तिको हक उक्त धारा १२ अन्तर्गतको बाँच्न पाउने हक अन्तर्गत सम्बोधन गरिनु पर्ने विषय हो भन्ने प्रष्ट हुन आउने।

पीडकको क्षतिपूर्ति तिर्ने आर्थिक हैसियत नभएको, पीडक पहिचान हुन नसकेको वा पीडक फरार रहेको अवस्थामा नागरिकको संरक्षकको हैसियतले अपराध पीडितलाई उक्त क्षतिपूर्ति प्रदान गर्ने कर्तव्य राज्यको हुने।

पीडितशास्त्र (Victomology) अनुसार अपराध गर्ने व्यक्तिको पहिचान भएको होस वा नहोस, अपराधको अभियोजन होस वा नहोस अपराधबाट पीडितले जीवन निर्वाहको लागि क्षतिपूर्ति पाउनु पर्ने, सो क्षतिपूर्ति यथेष्ट (Adequate) हुनुपर्ने र निजको पुनस्थापना तत्काल हुनुपर्ने एवं त्यस्तो क्षतिपूर्ति र पुनस्थापना राज्यले नै गर्नु पर्ने।

बिवेचना

यस मुद्दामा बिशेष गरी पीडितको अदालत समक्ष भएको प्रमाणित बयान कागज र अनुसन्धानको क्रममा भएको पीडकको बयान कागजको प्रमाणिक महत्वको वारेमा चर्चा गरी के कस्तो अवस्थमा प्रमाण योग्य

हुने भन्ने सिद्धान्त कायम गरेको पाईन्छ भने अर्कोतिर सगठित अपराधका प्रतिवादीहरुको एकिन पहिचान हुन नसकेको अवस्थमा समेत पीडितले पाउने क्षतिपुर्ति बाच्न पाउने हकसग सम्बन्धीत बिषय भएकोले राज्यले क्षतिपूर्ति यथेष्ट गर्नु पर्ने भनी Victomology को सिद्धान्तलाई समेत अदालतले स्वीकार गरेको देखिन्छ।

३.४ मिरा ढुड्डाना विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत उत्प्रेषण समेत ।[22]

मानव बेचबिखन तथा ओसारपसार जस्तो गंभीर प्रकृतिको फौजदारी कसूरको बारेमा जाहेरी दिने पीडित वा अन्य व्यक्तिले आफूले एकपटक दिएको बयान फेर्दै हिंड्ने वा अदालतले बोलाएको समयमा उपस्थित नभई अदालतलाई असहयोग गर्ने हो भने एकातिर त्यस्तो अपराधको कसूरदारलाई सजाय गर्ने राज्यको उद्धेश्य नै पराजीत हुन जाने र अर्कोतर्फ विनाकारण यस्तो गम्भीर प्रकृतिको कसूर गर्यो भनी कसैका विरुद्ध जथाभावी उजूर गर्दै हिंड्ने तर त्यसको विवेकसम्मत निरूपण गर्ने न्यायिक प्रक्रियाबाट भाग्ने प्रवृत्ति पैदा हुन जाने ।

जस्तोसुकै वैध कारण परी वा काबुबाहिरको परिस्थिति परी बयान फेरेको वा अदालतले बोलाएको समयमा उपस्थित हुन नसकेको अवस्थामा पनि पीडित वा जाहेरवालालाई अनिवार्य रूपमा कैद सजाय गर्नैपर्ने व्यवस्थाले मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर प्रकृतिको अपराधबाट पीडित व्यक्तिलाई अझ बढी पीडित बनाई थप हिंसाको शिकार बन्नुपर्ने र न्यायबाट बञ्चित हुने अवस्था आउँछ । फलस्वरूप आफैं विरुद्ध भएको गम्भीर अपराधको बारेमा पीडितले सूचना नै नगर्ने वा गर्न नसक्ने परिस्थिति सृजना हुने ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा १५ को उपदफा (६) को कार्यान्वयनले पीडित व्यक्ति वैध कारणले अदालतले तोकेको समयमा उपस्थित हुन नसकेमा वा पहिले दिएको बयान भन्दा प्रतिकूल हुनेगरी वाध्यात्मक परिस्थितिवस बकपत्र गरेको अवस्थामा समेत दण्डित भई थप पीडित बन्नुपर्ने परिस्थिति सृजना गरिदिएको छ । अदालतले पीडितको प्रतिकूल साक्षी (Hostile Witness) वा अनुपस्थितिको विषयमा न्यायिक विवेक प्रयोग गर्न सक्ने कुराको अवरोधको रूपमा रहेको कानूनी प्रावधानलाई विवेकसम्मत र उचित मान्न नसकिने ।

मानब बेचबिखन तथा ओसारपसारको अपराधबाट पीडित व्यक्तिलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम भराईदिने ठहर भएको क्षतिपूर्तिको रकम भराउने प्रक्रियामा राज्यको संयन्त्रबाट सहयोग र पहल नहुने हो भने यस्ता अपराधबाट पीडितले न्यायको महसूस गर्न नसक्ने ।

ऐनको दफा २६ बमोजिम पीडितलाई पर्याप्त सुरक्षा प्रदान गरिनु पनि उत्तिकै आवश्यक छ । यी समग्र व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनबाट मात्रै मानव बेचबिखन तथा ओसारपसारको अपराधबाट पीडित व्यक्तिले ऐनको दफा १५(६) बमोजिम अदालतले बोलाएको समयमा उपस्थित भई न्यायिक प्रक्रियालाई सहयोग गर्न समर्थ हुने ।

---

[22] ने.का.प. २०७० अक ३ नि. न. ८९७३

निवेदकले वैधताको प्रश्न उठाएको दफा १५(६) को कानूनी व्यवस्थालाई केवल पीडित व्यक्ति वा जाहेरवालाको एकपक्षीय कर्तव्यको रूपमा थुपारी त्यसको उलंघनबापत निरपेक्ष कैदको सजाय गर्नुपर्ने गरी वाध्यात्मक व्यवस्था गर्ने प्रावधानलाई उचित र विवेकसंगत मान्न नसकिने।

बिवेचना

यस मुद्दामा बिशेष गरी

३.५ गोमा पाँचकोटी विरुद्ध नेपाल सरकार, जिउ मास्ने वेच्ने।[23]

कतिपय संङ्गीन प्रकृतिका फौजदारी अपराधमा पीडितले समाजमा बेहोर्नुपर्ने क्षति, अपराधबाट समाजलाई पुग्न जाने असर तथा अपराधलाई निरूत्साहित गर्न राज्यले निर्वाह गर्नुपर्ने नियन्त्रणकारी भूमिका समेतलाई मध्यनजर गरी प्रमाणको भार ९द्यगचमभल या उचयया० आरोपित पक्षमा नै सार्ने गरी कठोर कानूनी व्यवस्था गर्नु परेको हो । अपराधमा संलग्न पक्ष पेशेवर हुन सक्ने र अपराध बडो योजनाबद्ध एवं संगठीत तरिकाले हुन सक्ने र कतिपय संगठीत आपराधिक समूहको संलग्नतामा समेत अपराध हुन सक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थितिको आँकलन गरेर विधायीकाले कानूनको निर्माण गरेको हो। प्रमाण संकलनका क्रममा हुन सक्ने कतिपय कमजोरीको फाइदा पक्षलाई नपुगोस भन्ने नै विधायिकी मनसाय हुने। त्यसकारण पीडितहरु अदालतमा उपस्थित भई वकपत्र गरेको अवस्था नहुँदा पीडितहरुको भनाइलाई मान्यता दिन मिल्दैन भन्न समेत नमिल्ने।

बिवेचना

यस मुद्दामा बिशेष गरी

३.६ नेपाल सरकार विरुद्ध सोनीय भन्ने सानुमाया राई श्रेष्ठ, मानव वेचविखन तथा ओसारपसार [24]

कतिपय विशेष अवस्थामा फौजदारी मुद्दामा पनि प्रमाणको भार प्रतिवादीमा सार्न सकिने वा प्रतिवादीमा रहने ९क्जषतष्लन या दगचमभल या उचयया तय तजभ बअअगकभम उभचकयल० गरी विधायिकी कानून बन्न सक्ने कुरालाई फौजदारी विधिशास्त्रले स्वीकार गरेको पाइन्छ । खासगरी आफूसँग कब्जा ९एयककभककष्यल० मा रहेको वस्तुको वैधता यौनजन्य लगायतका अन्य अपराधमा

[23] ने.का.प. २०७२ अक १ नि. न. ९३३३

[24] ने.का.प. २०७५ नि. न. ९९३५

प्रमाणको भार प्रतिवादीमा रहने गरी कानून निर्माण हुनसक्ने कुरालाई फौजदारी विधिशास्त्रले स्वीकार गरेको पाइने।

के कस्तो कार्यबाट के कस्तो कानूनको उल््लङ्घन भई अपराधजनित कार्य भयो र त्यस्तो कार्यमा को कसको के कसरी संलग्नता रहेको छ भन्ने कुरा पनि अभियोजन पक्षले नै शंकारहित तवरले ९द्यभथयबचम तजभ मयगदत० पुष्टि गरेको हुनुपर्छ। विधायिकी कानूनले आफ््नो निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा सारेको कारणले अभियोजन पक्षको उक्त दायित्व सीमित हुने वा समाप्त नहुने।

आफ्नो निर्दोषिता प्रमाणित गर्ने काम प्रतिवादीको हुने भए पनि वादी पक्षले आफ्नो अभियुक्त यकिन गर्ने र अनुसन्धानको आधारमा आफूले तयार पारी दायर गरेको अभियोग पत्रमा प्रतिवादीको के कुन कार्य कुन कानूनले निषेध गरेको आपराधिक कार्य हो भनी विधायिकी कानूनले त्यस्तो कसुर स्थापित हुन चाहिने भनी निर्धारण गरेका अपराधका तत्वहरू ९ऋयलकतष्तगभलत भझिभलतक या अचष्mभ० को विद्यमानता र आवश्यक छ भने तिनीहरूको संयोजनात्मकता ९ऋयलअगचचभलअथ० अनिवार्य रूपमा उल्लेख गरेको हुनुपर्ने।

बिवेचना

यस मुद्दामा बिशेष गरी

३.७ ज्ञानुदेवी राना विरुद्ध नेपाल सरकार, जिउ मास्ने वेच्ने। [25]

मानिस बेचबिखन गर्ने, इच्छाविपरीत जबरजस्ती यौन कार्यमा संलग्न गराउने तथा वेश्यावृत्ति गर्न बाध्य पार्ने कार्यले मानिसको सम्मानपूर्वक बाँच्न पाउन मानव अधिकारमा समेत आघात पुग्दछ। सभ्य समाजमा मानिस बेचबिखन गर्ने कार्य मानवता विरूद्धकै घृणित कार्य मानिने।

मानिस बेचबिखन गर्ने कार्य आपराधिक कार्य हो र मानिस बिक्रीपश्चात् वेश्यावृत्ति गर्न बाध्य पार्नु झन जघन्य अपराध हुने। जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४ तथा ४ (ग) ले स्वास्नी मानिसलाई कुनै पनि किसिमबाट बेचबिखन गर्न र वेश्यावृत्तिमा लगाउन नपाउने गरी निषेध गरेको छ। उक्त कानूनी प्रावधानले स्वास्नी मानिसलाई बेचबिखन गरेमा वा वेश्यावृत्तिमा लगाएमा कसुर हुने स्पष्ट उल्लेख गरेको देखिँदा विधिले शासित मुलुकमा यस्ता घृणित तथा अमानवीय दूष्कार्यहरू क्षम्य हुन नसक्ने।

[25] ने.का.प. २०७५ नि. न. ९९४३

बिवेचना

यस मुद्दामा बिशेष गरी

परिच्छेद पाच

निष्कर्ष र सुझाव

मानव वेचविखन अपराध समस्या र सुझावहरु

४.१ समस्याहरु

१. अपराधको शुरुवात गाउँघर वा स्थानीय तहदेखि ९इचष्नष्यल० शहर बजार हुँदै निशाना वा गन्तव्य ९म्भकतष्लबतष्यल० सम्म पु¥याउने कार्यको श्रृङ्खला पहिचान गरि सजाय गर्न कठिन।

२. कानूनी आवरणमा गैर कानूनी धन्दा चलाई विदेशमा पु¥याएर मानव शोषण गर्ने, यौन शोषण, श्रम शोषण गर्ने अवस्थामा सम्वन्धित ठाउँमा पुगेर अनुसन्धान गर्ने कार्य कठीन भएको वा पहुँच स्थापित गर्न नसकिएको।

३. अधिकांस मानव वेचविखन तथा ओसारपसार ऐनका घटनाहरु राज्यको जानकारीमा कमी रुपमा आउने, आएका घटनाहरु प्रति सम्वन्धित अधिकारीहरुको ध्यान समयमै नपुग्ने, वैज्ञानिक अनुसन्धानको अभाव हुने, प्रभावकारी अनुसन्धान हुन नसकि सफल अभियोजनको अभावमा मुद्दा असफल हुने।

४. पीडित र पीडितका व्यक्तिहरुबाट समयमै उजुरी नगर्ने, निर्धक्कसँग आफ्ना भनाइहरु नराख्ने, अनुसन्धानमा सहयोग समन्वय नगर्ने र अन्तत अदालत समक्ष ९ज्यकतष्भि० प्रतिकूल बकपत्र गर्ने अवस्था रहेको।

५. अधिकांस मुद्दामा पीडितको प्रमाणित वयान र आरोपित व्यक्तिको मौकाको साविती वयान वाहेक ठोश सवुद प्रमाणहरुको अभाव रहन। यस्ता प्रकृतिका मुद्दामा संवद्ध व्यक्तिहरुले अनुसन्धान र अदालति प्रकृयामा सहयोग नगर्नु।

६. अनुसन्धान अधिकारी स्वयंले वस्तुगत र ठोश अनुसन्धानमा केन्द्रीत नभई साविती र वयानमुखि पद्दतिमा अनुसन्धान कार्यलाई अगाडि वढाउदा अदालतमा दावी स्थापित नहुने अवस्था।

७. सहज कमाइ हुने, राम्रो रोजगारी पाइने, देखासिकि गर्ने, छलछाम आपूm उपर भएको षडयन्त्र नवुझ्ने, ज्ञान र शिक्षाको पहुँच नभएका मानिसहरु पीडित वन्ने र वास्तविक न्यायबाट वंचित वन्ने परिस्थीति खडा हुने।

८. यस्ता प्रकृतिका अपराधहरु संगठीत रुपमा अपराधिक संजाल मार्पmत गरिने अवस्था हुँदा त्यस्तो संजालको प्रकृति जटिलता वारेमा पीडित अनभिज्ञ रहने र ल्भ्म्क् को पहिचान अनुसन्धानले पत्ता लगाउन नसक्ने।

९. पीडितको संरक्षण, साक्षीको सुरक्षा, पीडितको पुनस्थापना, समाजको पीडित मैत्री वातावरण नहुनु, अभियुक्तको त्रास र भय देखिनु, गोपनियता र विश्वसनीयता ठोस र वस्तुगत हुन नसक्दा अनुसन्धान र अभियोजन असफल वन्ने अवस्था सृजना हुनु।

१०. अनुसन्धान र अभियोजन वीच समन्वय नहुनु, अदालत समक्षको प्रमाणित वयानले अदालत ठोश प्रमाणको स्थान ग्रहण गर्न नसक्नु, सरकारी वकीलले कानून बमोजिम निर्देशन दिने अनुसन्धान अधिकारीले लिने प्रणालीको विकाश हुन नसक्नु।

११. ठोश र वस्तुगत रुपमा प्रमाणको अनुपातमा अभियोजन नगरी गोश्वरा र ठूलो दावी लिने परिपाटी हुनु। ल्यल उचयकभअगतष्यल हुनु नसक्नु।

१२. साक्षीलाई सुरक्षा, भ्रमण भक्ताको व्यवस्था पूर्ण रुपमा कार्यान्वयन हुन नसक्नु।

१३. झुठा वकपत्र गर्नेलाई सजाय, साँचो बोली सहयोग गर्नेलाई छुटको सुविधा ठोश रुपमा लागु गर्न नसक्नु।

१४. खुला सिमानाको दुरुपयोग गरि भारत मार्पmत तेस्रो देशलाई गन्तव्य वनाउनु । अशिक्षा, बेरोजगारी, जनचेतनाको कमी रहनु।

१५. मुद्दा मामिलाको रोहमा अदालतले गरेको निर्णय दिएको निर्देशन अनुसार कार्वाहीहरु नहुनु, कानूनी संरचनाहरु नवन्नु रहेका छन।

१६. पीडितको उद्धार, पुनस्थापना, स्वास्थ्य सुरक्षा, सामाजिक मिलन उचित क्षतिपूर्तिको प्रभावकारी कार्यान्वयन नहुनु।

१७. नेपाल पक्ष भएका र नेपालले अनुमोदन गरेका अन्तराष्ट्रिय संधि महासन्धिहरुको पालना नहुनु र राज्यको ठोश ध्यान र विशेष चासो यो क्षेत्रमा नपुग्नु।

१८. मावन वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ५ को सजाय सम्वन्धी व्यवथामा स्पष्टताको अभाव र कानूनी अवधारणा अनुसारको कानूनी प्रावधान र संयन्त्र विकास नहुनु।

४.२ सुझावहरु

१. मानव वेचविखन, साक्षी संरक्षण, पीडितको सुरक्षा एवं संरक्षण सम्वन्धी एकिकृत कानूनी व्यवस्था गर्ने। लागू औषध जस्तै छुट्टै मुद्दा हेर्ने निकायगत व्यवस्था गर्ने।

२. प्रमाण, तथ्य र कानूनी व्यवस्थाको आधारमा वस्तुगत र यथार्थ अभियोजन गर्ने पद्धति विकास गर्ने।

३. झुठा बकेमा सजाय हुने कानूनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, अनुसन्धानमा सहयोग गर्नेलाई छुटको व्यवस्था कार्यान्वयन गर्ने।

४. संगठित रुपमा संचालित अपराध हुने हुँदा खुला सिमानाको नियन्त्रण, नागरिक शिक्षाको विकास, रोजगारी सृजना, विशेष तालीमको व्यवस्था गरि दिगो समाधान खोज्ने।

५. पारस्पारिक कानूनी साहायता, संगठित अपराध, सुपुर्दगी ऐन, विधुतिय कारोवार लगायतका कानूनको प्रभावकारी विकास र कार्यान्वयन गर्ने।

६. अनुसन्धानलाई दक्ष, प्रभावकारी र प्रविधी मैत्री वनाई साधन स्रोत सम्पन्न तुल्याई अभियोजन पक्षसँग जिवन्त समन्वय स्थापित गर्ने।

७. सामाजिक कसंस्कारमा सुधार गर्ने, मानव अधिकारको सचेतना अभिवृद्धि गर्ने, पीडितको न्यायीक प्रकृयामा सहज पहुँच स्थापना गर्ने, पीडित मैत्री अनुसन्धानको र न्याय प्रणालीको विकास गर्ने।

८. अनुसन्धान, अभियोजन र पैmसला गर्ने निकाय वीच आपसी सहयोग समन्वय विकास गर्दै फौजदारी न्याय प्रशासनलाई राजनैतीक संक्रमणबाट वचाई स्वतन्त्रता, निश्पक्षता, व्यवसायिकताको विकास गर्ने।

९. अन्तराष्ट्रिय सहयोगको विकास र विस्तार गर्ने, नविन विधीशास्त्रीय मान्यताको पालना गर्ने, मानव अधिकारी प्रतिको राज्यको दायित्व पूर्णत पालना गर्ने वातावरण सृजना गर्ने।

१०. कानूनी प्रणालीमा सरलीकरण, पीडित राहतकोष व्यवस्था, सर्वोच्च अदालतका निर्देशनात्मक आदेशको पालना, सर्वोच्चको पैmसला बमोजिम पीडितको मौकाको वयानलाई प्रमाणमा ग्रहण गर्ने अनिवार्य पालना, प्रतिवादीको प्रमाणको भारको वस्तुगत पालना, साक्षीको भ्रमण भत्ता, सुरक्षा र संरक्षण, पीडितको सामाजिकिरण र सम्मानयुक्त वातावरणको सृजना।

११. अदालती पैmसला अनुसार कानून निर्माण, संरचना तयार, सक्षमता अभिवृद्धि गरेर यो अपराधको रोकथाम र नियन्त्रणलाई प्रभावकारी वनाउने।

४.३ निष्कर्ष

ज्गmबल त्चबाष्अपष्लन ष्क mयमभचल ाचयmक या कबिखभचथ मानव वेचविखन एउटा गंभीर, जघन्य, पाशवीक, अमानवीय प्रकृतिको अपराधको स्वरुप हो । इतिहासमा व्याप्त दासताको यो आधुनिक रुप हो । यसबाट मानिसलाई ९गकभ बक अयmmयमष्तथ० वस्तुको रुपमा प्रयोग गरि मानव अधिकारको घोर उलंघन गरिने हुँदा यसको रोकथान र नियन्त्रणका लागि संसारको ध्यानाकर्षण भई आपसी सहयोग, संवाद एवं संरचना समेत वनेको अवस्था छ । अपराधिले पीडित उपर गर्ने शोषण, अत्याचार, दमन, अपमान, दुर्व्यवहार समेतलाई अपराधको पराकाष्ठ मानिन्छ । संसारमा वडा र कठोर सजायको व्यवस्था गरिए पनि पछिल्ला दिनमा अपराधको स्वरुपमा आएको परिवर्तन संगठित अपराधको संजालको विकासले यसको रोकथाम र नियन्त्रणमा चुनौति खडा गरेको छ । कुनै न कुनै रुपमा संसारमा व्याप्त भएको कारण ग्ल् लगायत संसारको ध्यान यसतर्पm आकृष्ट भएको छ । दुनियामा लाखौ मानिस मानव वेचविखन र ओसारपसारको शिकार भएकोले यो अपराधिको लागि आय आर्जनको गतिलो स्रोत वनेतर्पm राष्ट्रहरुको ध्यान पुगेकोले चौतर्फी संरचनागत व्यवस्था गरि पारस्पारिक सहयोग र समन्वय गरि सार्थक प्रयास गर्नु जरुरी छ ।

परंपरागत धारणामा परिवर्तन गरि फौजदारी न्याय प्रणालीलाई सविल र आधुनिकीकरण गरी ठोश कदमको अपेक्षा यसले गरेको छ । मानव वेचविखन, पीडितको संरक्षण एवं सुरक्षा, साक्षी संरक्षण लगायतका मानव वेचविखनसँग सम्वन्धित एकिकृत कानूनी संरचनको विकास गरि अनुसन्धान, अभियोजन र अदालती सक्षमता, दक्षता, सीप प्रविधीको उन्नयनबाट यस क्षेत्रका चुनौति र समस्याको निदान गर्न सकिन्छ । जटिल र गंभीर प्रकृतिको संगठित अपराधको रुपमा विकास भइरहेको सन्दर्भमा कानूनी र संरचनागत व्यवस्थाको सवलीकरण र दृढ राज्यको इच्छाशक्ती विना यसको रोकथाम र नियन्त्रण असम्भव देखिन्छ । पीडितलाई पुनस्थापना सहितको न्याय, पीडकलाई सजाय गरि दण्डहिनताको अन्त्य गर्न कानूनी शासनको प्रत्याभूतिको लागि उल्लिखित प्रयासहरु अति आवश्यक छन । सम्मानित सर्वोच्च अदालतले ऐनको व्याख्या गरि दिएका निर्देशनहरु, प्रतिपादित सिद्धान्तहरुको इमान्दारीपूर्वका पालना र कार्यान्वयन भएमा ऐनको सफलता वढ्ने र कसूरको नियन्त्रण र रोकथाममा प्रभावकारीता आउने निश्चित छ ।

कार्यपत्र : १३, संगठीत अपराध, वन्यजन्तु सम्बन्धी अपराधमा संगठीत समूहको भूमिका र नियन्त्रणका प्रयासहरु

रमेश भट्टराई, शाखा अधिकृत

१ संगठित अपराध

१.१ पृष्ठभूमि

वर्तमान सन्दर्भमा प्रविधिमा भएको विकास सँगै अपराध गर्ने तौर तरिकामा समेत नवीन प्रणलीको विकास भएको छ । जनसंख्या निरन्तर वृद्धि, गरिबि तथा बेरोजगारीका समस्याले गर्दा समेत आपराधिक गतिविधिमा बृद्धी भएको छ भने विलासीपुर्ण जीवन यापनको लागि समेत मानिसहरुले अपराध गरिरहेका हुन्छन् । समाजमा परम्परागत अपराध त घटेका हुन्छननै यसको अलाबा सङ्गठित रुपमा गरिने नवीन अपराधको समेत विकास भएको छ । विज्ञान प्रविधि तथा सञ्चारमा भएको विकासले गर्दा अपराधीहरुले आज एक देशमा बसी अन्य देशमा समेत आपराधिक कृयाकलाप सञ्चालन गरीरहेका हुन्छन् । अपराध नियन्त्रणको लागि राज्यको तर्फबाट नीतिगत तथा संस्थागत व्यवस्था गरेको हुन्छ । सङ्गठित अपराधको अवधारणा १९७० को दशकमा अमेरिकाबाट आएको हो । नेपालमा वि.सं. २०७० सालमा सङ्गठित अपराध निवारण ऐन, २०७० को निर्माण भए पश्चात सङ्गठित अपराध सम्बन्धमा अनुसन्धान तथा अभियोजन हुन शुरु भएको छ ।

सङ्गठित अपराध गर्ने गिरोहले समाजमा भय, त्रास तथा आतंक सिर्जना गर्ने, सङ्गठित आपराधिक समूह गठन गरी सोही समुहको फाइदाको लागि आर्थिक उपार्जन गर्ने उद्देश्यले गम्भीर अपराध घटाउने गरेका हुन्छन् । सङ्गठित अपराध अन्तरदेशिय अपराधको रुपमा चिनिन्छ । आज विश्वमा सङ्गठित अपराध विश्व शान्ती तथा अमन्चयनको वाधक भएको छ । यसको नियन्त्रण तथा निवारणमा शक्तिसाली राष्ट्रहरु लागि परेका छन् । संयुक्त राष्ट्र संघ देखि लिएर विभिन्न क्षेत्रिय संगठनहरुले विभिन्न सन्धी महासन्धी मार्फत सङ्गठित अपराधको नियन्त्रण तथा निवारणको लागि बिशेष भूमिका खेलिरहेको देखिन्छ ।

१.२ परिचय

सङ्गठित र आपराधिक समूहले गर्ने गराउने गम्भीर अपराधको रुपमा सङ्गठित अपराधलाई बुझिन्छ । सङ्गठित अपराधलाई ीबतभकत बलम चभअभलत अयलअभउत या ऋयमभचल अचरुष्लबर्ि वगचष्कउचगमभलअभ, ऋभचनभम बक ब रुउयचतबलत दचबलअज या अचरुष्लबर्ि वगचष्कउचगमभलअभ। को रुपमा समेत अध्ययन गर्ने गरिएको छ । कुनै पनि अपराध आफैंमा सङ्गठित अपराध हुँदैन । यसका अवयव, उद्देश्य, शैली, प्रभाव तथा संलग्न व्यक्तिहरुको संरचना जस्ता विषयहरुका आधारमा हेर्नुपर्ने हुन्छ । सङ्गठित अपराध निश्चित योजना, तयारी संगठन संजाल, पर्याप्त श्रोत साधन सहित व्यक्तिहरु मिलेर श्रृङ्खला वद्ध रुपमा गरिने अपराध हो । मूलत आर्थिक लाभ लिने, प्रसिद्धि हासिल गर्ने, समाजलाई आतंकित पार्ने, सामूहिक वदला लिने आदि उद्देश्यबाट सङ्गठित अपराध सञ्चालित भएको हुन्छ । सङ्गठित

अपराध देशभित्र र सीमाना पार गरी अन्य मुलुकमा पनि आफ्नो आपराधिक कार्य, संगठन र संजाल विस्तार गर्ने उद्देश्यबाट गरिन्छ ।

१.३ परिभाषा

सङ्गठित अपराधलाई परिभाषा गर्न कठिन छ । कुनै अपराधमा संलग्न प्रतिवादीको संख्याका आधारमा मात्र अमुक अपराध सङ्गठित हो भनी भन्न सकिदैन । कुनै अपराध सङ्गठित हो होइन भनी नामाकरण गर्न त्यसका अवयव तथा त्यसका उद्देश्य, शैली, प्रभाव तथा संलग्न व्यक्तिहरुको संरचना जस्ता विषयहरुलाई हेर्नुपर्ने विद्वानहरुको भनाई रहेको छ । सङ्गठित अपराध योजना, तयारी, संगठन संजाल, पर्याप्त स्रोत साधन सहित धेरै व्यक्तिहरु मिलेर श्रृंखलाबद्ध रुपमा गरिन्छ । यसको उद्देश्य मूलतः पैसा कमाउने अर्थात् आर्थिक लाभ लिने, प्रसिद्धि हासिल गर्ने, समाजलाई आतङ्कित पार्ने, सामूहिक बदला लिने आदि रहेका हुन्छन् । हालसम्म सङ्गठित अपराधको एकिकृत परिभाषा गरेको पाँइदैन ।

विधिशास्त्री Donald Casey ले सङ्गठित अपराधलाई यसरी परिभाषित गरेका छनः "An organized crime is a crime committed by a person occupying in an established division of labour, a position designed for the commission of crimes providing that in such division of labor at least one position is for corrupter, one position for corruptee and one for an enforcer."[१] यस परिभाषाले अपराध घटाउन बनेको समूहको संगठनात्मक पक्षलाई जोड दिएको छ । संगठनमा श्रमको विभाजन गरी आपराधिक कार्य संचालन गरिन्छ । यसले कम्तीमा पनि तीन जनाको संख्या रहने देखाउँछ ।

संयुक्त राष्ट्र संघका पुर्व महासचिव कोफी अनानले देहाय बमोजिम परिभाषा गरेको पाइन्छ । त्चबलकलबतष्यलबि यचनबलष्शभम अचरुभ तचबलकअभलमक अगतिगचबि, कयअष्बि, ष्लिनगष्कतष्अ बलम नभयनचबउजष्अबि दयचमभचक बलम ऊगकत दभ ऊभत धष्तज ब अयलअचभतभ बलम यचनबलष्शभम_चभकउयलकभ।

अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २००० ९त्जभ ग्लष्तभम ल्बतष्यलक' ऋयलखभलतष्यल बनबष्लकत त्चबलकलबतष्यलबि इचनबलष्शभम ऋचरुभ, द्दण्ण्० ले सङ्गठित अपराधलाई सङ्गठित आपराधिक समूहको परिभाषा गरेको छ । यसका अनुसार तीन वा तीन भन्दा बढी व्यक्तिहरुको संरचनागत समूह रहेको, आर्थिक वा अन्य कुनै लाभका लागि एक वा एक भन्दा बढी गम्भिर प्रकृतिका अपराधमा संलग्न रहेको आपराधिक समूह सङ्गठित आपराधिक समूह हो (A structural group of three or more persons, existing for a period of time and acting in concert with the aim of committing one or more serious crimes in order to obtain a financial or other material benefit.)[२]

---

[१] डा. आनन्दमोहन भट्टराई, अन्तरदेशीय संगठित अपराध : प्रभावकारी प्रतिरोधात्मक उपायहरु, *सङ्गठित अपराध : एक परिचय स्रोत सामग्री,* प्रकाशक राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६९, पृष्ठ ८

[२] UN Convention against Transnational Organized crime, 2000 article 2 (a)

भनी परिभाषित गरेको छ । यस महासन्धि अनुसार गम्भीर प्रकृतिको अपराधमा कम्तीमा चार वर्ष वा सो भन्दा बढी कैद सजाय हुने अपराध पर्दछ ।

अमेरिकाको Organized Crime Control Act, 1970 ले सङ्गठित अपराधलाई Unlawful activities of a highly organized, disciplined association or by members of criminal syndicates operative throughout the United States भनी परिभाषा गरेको छ ।[३] सङ्गठनको संरचनात्मक स्वरुप अपराधको उद्देश्य र प्रकृति तथा हासिल गर्न खोजेको लाभका आधारमा सङ्गठित अपराधलाई परिभाषित गर्न सकिन्छ ।

सन् १९७० मा अमेरिकी न्याय विभागले सङ्गठित अपराधलाई "All illegal activities engaged in by members of criminal syndicates operative throughout the US and all illegal activities engaged in by known associates and confederates of such members." भनी परिभाषा गरेको थियो ।

यसैगरी अमेरिकाकै अनुसन्धान निकाय FBI ले पनि सङ्गठित अपराधलाई "a continuing criminal conspiracy, having an organized structure, fed by fear and corruption and motivated by greed"[4] भनी परिभाषा गरेको छ

इन्टरपोल (INTERPOL) ले सन १९९८ मा गरेको एउटा परिभाषा अनुसार सङ्गठित अपराध भन्नाले राष्ट्रिय सीमानाको वास्ता नगरी आर्थिक लाभ प्राप्त गर्ने उद्देश्यले निरन्तर रुपमा गैरकानुनी कार्यमा संलग्न रहने कुनै सङ्गठन वा व्यक्तिहरुको समूह बुझिन्छ (Any enterprises or group of persons engaged in a continuing illegal activities which has as is primary purpose the generation of profits irrespective of national boundaries)[5]

सङ्गठित अपराध निवारण ऐन, २०७० ले तीन जना वा सोभन्दा बढी मिलेर गरेको देहायका कसूरलाई सङ्गठित अपराध मानेको छ :

- प्रचलित कानुन बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर,
- प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी मानिने कसूर,
- आपराधिक समूहको स्थापना,
- न्यायिक कारबाहीमा अवरोध,
- विध्वंशात्मक कार्य,
- आपराधिक लाभ लिने कार्य ।

---

[३] US Organized Crime Control Act,1970

[४] milip Das, "Organized Crime : A World Perspective" ACJS Today, Vol. XVII, Issue 4 Ja/Feb 1999, pp 1, 3-7, recited in Wayne w. Bennett and Karen M. Hess, Criminal Investigation (Sixth edition), Wadsworth Publication, p. 449.

[५] केदार पौडेल, सङ्गठित अपराध सम्बन्धी जानकारी, *सङ्गठित अपराध : एक परिचय स्रोत सामग्री,* प्रकाशक राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६९, पृष्ठ २

आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानीजानी गरिने गम्भीर अपराध सङ्गठित अपराध हो ।[६] यस परिभाषाले आपराधिक समूह र गम्भीर अपराधको परिभाषा खोजेको छ । ऐनको दफा २(घ) ले प्रत्यक्ष वा परोक्ष रुपमा सङ्गठित अपराध गर्ने उद्देश्यले नेपालभित्र वा नेपाल बाहिर रहे भएको सङ्गठित वा असङ्गठित तीन वा तीन भन्दा बढी व्यक्तिहरुको समूहलाई आपराधिक समूह मानेको छ । यसैगरी प्रचलित कानुन बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर, आपराधिक समूहको स्थापना, सङ्गठित अपराधको न्यायिक कारबाहीमा अवरोध, विध्वंसात्मक कार्य, आपराधिक लाभ (एक्सटर्सन) लिने कार्य र प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण मानिने र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरलाई गम्भीर अपराध मानेको छ ।

नेपालमा लागू औषध, हातहतियार, जुवा, मानव बेचबिखन, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार, अपहरण, वन्यजन्तु सम्बन्धी अपराध, कालोबजारी, मुद्रा अपचलन, आतंकवाद, बैङ्क घोटाला, विष्फोटन जस्ता सङ्गठित अपराध नियन्त्रणका लागि विभिन्न कानुनी व्यवस्था गरिंदै आए पनि यस्ता अपराधहरुलाई सङ्गठित अपराधको रुपमा नियन्त्रण गर्ने प्रयास भने सङ्गठित अपराध निवारण ऐन, २०७० ले गरेको छ । यो अपराध आफैमा स्वतन्त्र अपराध नभई प्रचलित कानुन विपरीतको तीन वर्ष भन्दा बढी कैद सजाय हुने गम्भीर अपराध, आपराधिक समूहको संलग्नतामा वा आपराधिक समूहको लाभको लागि तीन जना वा सो भन्दा बढी कसूरदार संलग्न भएको अपराध घटित भएकोमा मात्र लागू हुने देखिन्छ । यसैगरी आपराधिक समूहको स्थापना गर्ने, न्यायिक कारबाहीमा अवरोध गर्ने, विध्वंसात्मक कार्य गर्ने, आपराधिक लाभ (एक्सटर्सन) लिने, प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण मानिने र आतङ्ककारी कृयाकलापमा लगानी सम्बन्धी कसूर पनि सङ्गठित अपराधको रुपमा गरिने कसूरको रुपमा मानिएको छ ।

सङ्गठित अपराध वर्तमान विश्वको लागि एक प्रमुख चुनौतीको रुपमा रहेको छ र हरेक राज्यको लागि सङ्गठित अपराध समस्याको रुपमा रहेकोले यसलाई नियन्त्रणका लागि बिभिन्न प्रयासहरु हुँदै आएको परिप्रेक्ष्यमा नेपाल पनि यस समस्याबाट अछुतो रहेको छैन । केही दशक यता यस अपराधले जरा गाड्दै आएको परिवेशमा २०६९ सालमा यस अपराध नियन्त्रणका लागि अध्यादेश जारी गरी २०७० सालमा विशेष ऐनको रुपमा सङ्गठित अपराध निवारण ऐन, २०७० पनि जारी गरिएको छ । यसका साथै यस ऐनसँग सान्दर्भिकता राख्ने सपुर्दगी ऐन, २०७० पारस्परिक कानुनी सहायता सम्बन्धी ऐन, २०७० जारी भएका छन् भने सम्पत्ति शुद्धीकरण ऐन, २०६४ यस अघीनै जारी भैसकेको छ ।

१.४ सङ्गठित अपराधका विशेषता

सङ्गठित अपराध कुनै छुट्टै आपराधिक कार्य नभई विद्यमान अपराधहरुको श्रृंखलामा परम्परागत वा सामान्य अपराध भन्दा छुट्टै ढङ्गले गरिने योजनाबद्ध रुपमा सङ्गठित समूहद्वारा गरीने आपराधिक कार्य हो । सङ्गठित अपराधको सञ्जाल कुनै एक देशमा सिमित नरही अन्तरदेशीय रुपमा रहेको हुन्छ । यसलाई आपराधिक उद्देश्य, अपराधको प्रकृति, यसको विस्तारित क्षेत्र, संजाल, आपराधिक प्रवृत्ति, संख्यात्मक आधार, संरक्षक तथा सहयोगी समूह लगायतका पक्षबाट अन्य अपराधभन्दा पृथक गर्ने गरिन्छ । आपराधिक समूहको निरन्तरता, छुट्टै संरचना,

[६] संगठित अपराध ऐन निवारण ऐन, २०७० दफा ३(२)

सदस्यता, आपराधिक कृयाकलाप, दंगा झैझगडा, शक्ति तथा आर्थिक लाभको उद्देश्य, नोकरशाही वा राजनीतिक व्यक्तित्वबाट संरक्षण, राज्यको कानुनी दायराको ओझेलमा रहनु यसका प्रमुख विशेषता रहेको पाइन्छ । मुलभूत रुपमा भ्रष्ट उच्च सरकारी पदाधिकारी वा राजनैतिक नेतृत्व वा अन्य उच्च व्यापारिक घराना पर्दा पछाडि यसका संरक्षक रही यस्तो सङ्गठित समूहले संरक्षण प्राप्त गरिरहेको हुन्छ र राज्यको कानुनी दायराबाट बच्न सदैव भ्रष्टाचारी व्यक्तिहरुसँग गरेको सम्पर्क, संजाल र संरक्षकत्व प्राप्त गर्न उनीहरुले प्रयत्न गरिरहेका हुन्छन् । सङ्गठित अपराधको प्रकृति हेरेर सङ्गठित अपराधमा निम्न विशेषताहरु पाइने गरेको छ:

- सङ्गठित अपराध सङ्गठित समूहबाट योजनावद्ध रुपमा गरिने तथा गराइने अपराध हो ।
- सङ्गठित समूहबाट उच्च अनुशासन तथा प्रणालीवद्ध रुपमा आपराधिक कृयाकलापहरु सञ्चालन गरिरहेका हुन्छन्, गोप्य रुपमा सञ्चालन भएका र ति सङ्गठित समूहहरु निरन्तर रुपमा चलायमान रहेका हुन्छन् ।
- कुनै राजनीतिक बिचारधारा तथा सिद्धान्तबाट निर्देशित नभएका आपराधिक समूहहरु रहने गरेका हुन्छन् ।
- सदस्यहरुको श्रृङ्खलाबद्ध संरचना रहेको हुन्छ । सिमित सदस्यहरु रहेका हुन्छन् साथै तिनका संगठनमा उच्च अनुशासन कायम गरिएको हुन्छ । सो संरचनामा कुनै सदस्यले त्यसको मालिलाई चिनेको हुँदैन एक तहसम्म मात्र चिनजान रहेको हुन्छ ।
- यसको सदस्यता गोप्य र सीमित हुन्छ । कठिन परीक्षण पछि सदस्यता दिइन्छ र जीवन उप्रान्त मात्र अवकाश लिने गुन्जायस रहन्छ ।
- आर्थिक वा अन्य भौतिक उपलब्धि वा मुनाफा प्राप्त गर्ने आपराधिक क्रियाकलापका रुपमा रहेको हुन्छ ।
- यस अपराधमा हिंसा, दंगा, धाक, धम्की, आक्रमण अभिन्न अंगका रुपमा रहेको हुन्छ ।
- सङ्गठित आपराधिक समुहहरुले आपराधिक कृयाकलापबाट आर्जन गरेको सम्पत्तिलाई शुद्धीकरण गरी बैध बनाउने कार्यमा प्रयत्नशील रहेका हुन्छन् ।
- सङ्गठित आपराधिक समुहले भ्रष्ट सरकारी अधिकारी वा पदीय तथा अन्य हैसियतको आधारमा संरक्षकत्व प्राप्त गरेका हुन्छन् ।
- आफनो उद्देश्य प्राप्त गर्न दक्ष व्यक्ति, अपहरणकर्ता, गोली हान्न निपुण व्यक्ति जस्ता लगायतका विशेषज्ञको सेवा प्राप्त गर्दछन् ।
- अपराधीहरुको अन्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्गठनहरुसँग समन्वय, सम्वन्ध र सञ्जाल फैलिएको हुन्छ ।

१.५ विश्वका केही चर्चित र ठुला सङ्गठित आपराधिक संगठनहरु

देहाय बमोजिमका आपराधिक संगठनहरू संगठित अपराधको क्षेत्रमा चर्चित एवं ठूला सञ्जाल भएका संगठनका रूपमा चिनिन्छन् ।

- माफियाको नामबाट चिनिने सिसिलिएन तथा अमेरिकन कोसा नोस्ट्रा
- ब्रिटिस क्राइम सेन्डिकेट
- इटाली, बुल्गेरिया, सर्बिया, अल्वानियालगायत देशका माफिया संगठनहरू
- कोलम्बियाको कोकिन तथा लागूऔषध कारोबार गर्ने कोलम्बियन ड्रग कारटेल्स (म्चगन ऋबचतभकि)
- जापानको याकुचा (थ्वपगशब), यामागुची गुमी (थ्कबनगअजष न्कष)
- रसियाको माफिया

- भारतको दाउद इब्राइम, छोटा राजन समूह ।
- नेपालको सन्दर्भमा सङ्गठित आपराधिक समूहको नामबाट नभए पनि विभिन्न व्यक्तिका नामबाट आपराधिक कृयाकलाप सञ्चालन गरेको पाइन्छ ।
- नेपालको सन्दर्भमा संगठित समूहको नामबाट स्थापना नभए पनि केही व्यक्तिका नामबाट समूह स्थापित गरी आपराधिक कृयाकलाप सञ्चालन गरेको देखिन्छ ।

२. वन्यजन्तु सम्बन्धी अपराधमा सङ्गठित समूहको भूमिका

२.१ पृष्ठभूमि

वन्यजन्तुको शिकार तथा तिनका अंगहरुको व्यापार गर्ने कार्यलाई वन्यजन्तु सम्बन्धी अपराध मानिन्छ । नेपाल तथा अन्य देशका कानुनले वन्यजन्तुको शिकार तथा अंग तथा अखेटोपहारको बिक्रि वितरणलाई अपराधीकरण गरेको छ । यस किसिमका अपराधहरु सङ्गठित रुपमा गरिने तथ्यलाई समेत आत्मसात गरेको छ । वन्यजन्तु तथा तिनका अङ्गबाट बनेका वस्तुको अवैध व्यापार, वन्यजन्तुको संरक्षणका लागि मुख्य चुनौतीको रुपमा छ । लागू औषध, हात हतियार तथा मानव बेचबिखन पछि विश्वको चौथो ठूलो अपराध वन्यजन्तु सम्बन्धी अपराध मानिन्छ । वन्यजन्तु सम्बन्धी अपराधका स्वरुप बिभिन्न छन् । मुख्यत वन्यजन्तु सम्बन्धी अपराध अखेटोपहारको अवैध व्यापारमा केन्द्रित छ । वन्यजन्तुसम्बन्धी अवैध व्यापार हुनुको मुख्य कारणहरुमा फेशन र शौखका वस्तुहरु निर्माण, परम्परागत औषधी बनाउन, धार्मिक/साँस्कृतिक आस्था, मासुको लागि उपभोग एवम् अध्ययन अनुसन्धान गर्न प्रयोग रहेको मानिन्छ । नेपाल भारत दुई देश बीच खुला सिमाना छ । चीन वन्यजन्तुको अखेटोपहारको अत्याधिक प्रयोग हुने देशको रुपमा चिनिन्छ । अतः नेपाल यस अवैध व्यापारको कारोबारको ट्रान्जिट बिन्दुको रुपमा रहेको छ । वन्यजन्तुको अखेटोपहारको अवैध कारोबार विश्वव्यापी समस्या भएको छ । यस्तो कारोबारको हरेक पक्षलाई सम्बोधन गर्नका लागि साइटिस महासन्धीमा भएको व्यवस्था मात्र पर्याप्त छैन, तसर्थ सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ जारी भएको छ ।

नेपालको सन्दर्भमा नेपालको संविधानको धारा धारा १५२ को उपधारा (१) ले "धारा १२७ मा लेखिएदेखि बाहेक खास किसिम र प्रकृतिका मुद्दाहरूको कारबाही र किनारा गर्न संघीय कानून बमोजिम अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने" संवैधानिक व्यवस्था गरेको छ । सोही अनुरुप अर्ध न्यायिक निकायहरुलाई देवानी प्रकृतिका विवादहरुका अलावा फौजदारी कसूर सम्बन्धी मुद्दामा सुनुवाइ गर्ने अधिकार सम्बन्धित कानुनले प्रदान गरेको छ । नेपालको संविधानले एक वर्षसम्म कैद हुने फौजदारी कसूर सम्बन्धी मुद्दाको किनारा न्यायिक निकाय बाहेकका अन्य निकायको अधिकार क्षेत्रभित्र रहन सक्ने व्यवस्था गरेको छ । सोही अनुसार वन र वन्यजन्तु सम्बन्धी कसूरको सुनुवाइ सम्बन्धित जिल्ला अदालतलाई र तोकिएको निकाय (अर्ध न्यायिक निकाय)लाई समेत क्षेत्राधिकार प्रदान गरिएको छ । वन्यजन्तु कानुनले संरक्षित वन्यजन्तु मार्ने, तीनका अंगको कारोबार गर्ने जस्ता अपराधलाई सजायको दृष्टिले गम्भिर अपराध मानेको देखिन्छ । यस्ता अपराधले वन्यजन्तुको संरक्षणलाई असर पार्ने मात्र नभई प्रकृतिको वातावरणीय सन्तुलनमा पनि असर पार्ने र त्यसले समग्र वातावरणमा नकारात्मक प्रभाव पार्ने हुदा पनि यस्ता अपराधलाई सजायको आधारमा गम्भिर अपराध मानिएको हो ।[७]

[७] वन्यजन्तु सम्बन्धी अपराधको अनुसन्धान र अभियोजनमा गरिनुपर्ने सूधारका क्षेत्रहरु, संजीवराज रेग्मी, प्रतिपादन, वर्ष ३ अंक १, (२०७३) राष्ट्रिय न्यायिक प्रतिष्ठान, पृ.२८४ ।

वन्यजन्तु सम्बन्धी अपराधमा सबै जनावर, सबै बोट बिरुवा तथा तिनका भागहरु (Derivatives) सम्बन्धी अपराध पर्दछन् । जसअन्तर्गत बाघ तथा चितुवाको शिकार छाला र हड्डिको लागि गरिन्छ । हात्तिको दाराको लागि हात्ती मार्ने गरेको पाइन्छ । गैंडाको खागको अन्तरराष्ट्रिय बजारमा महँगो मुल्यमा बिक्रि हुने हुँदा गैंडाको शिकार गर्ने गरिएको छ । यस्तै रेडपाण्डाको छाला, सालकको खवटा, चिरुको रौं, कस्तुरीको विना, पंक्षिहरु तथा बोट बिरुवाहरुको बिक्रि बितरणको लागि यस किसिमको अपराध हुने गरेको छ । रक्तचन्दनको चोरी निकासी तथा चिम्पाञ्जीको अवैध ओसार पसारका घटना बाट नेपालको बाटो गरी यस किसिमका अपराधहरु हुने गरेको तथ्य उजागर भएको छ भने यसबाट सङ्गठित समूहले नेटवर्क मार्फत ठूलो रकम आर्जन गर्ने उद्देश्यबाटनै यस किसिमको अपराध गरेको देखिन्छ । नाइजेरियाबाट चरा चुरुङ्गी ल्याउने क्रममा नेपाल ल्याई विमानस्थल तथा भन्सार समेतलाई प्रभाव पारी मुम्बई लैजाने क्रममा चिम्पाञ्जी पक्राउ पर्नुबाट वन्यजन्तु सम्बन्धी अपराधमा सङ्गठित समूहको भूमिका रहेको नेपाललाई Trangit को रुपमा पनि प्रयोग गरेको तथ्य उजागर भएको पाइन्छ ।

वन्यजन्तुको अपराध सहज हुने हुँदा अनपेक्षित रुपमा मौलाँउदै गएको छ र यसको असर नेपालमा पनि परेको छ । वन्यजन्तु सम्बन्धी अपराधको कारणहरु मध्ये यो पीडित बिहिन अपराध हो । वन्यजन्तु सम्बन्धी अपराध विश्वव्यापी समस्याको रुपमा रहेको छ । एक देशबाट अर्को देशमा यसको निर्यात हुने भएकोले साना तथा गरीब राष्ट्रलाई अपराधीहरुले Trangit को रुपमा प्रयोग गरिरहेका हुन्छन् । जस्तै सालकको खबटा, रक्त चन्दन, गैंडाको खाग, हात्तिको दारा आदीको ओसार पसारको Trangit को रुपमा नेपालको प्रयोग भै रहेको छ । नेपालको सन्दर्भमा दार्चुला र ओलाङचुङगोला मुख्य नाकाको रुपमा प्रयोग भएको पाइएको छ ।



सन २००६ देखि २०१६ सम्मको दक्षिण अफ्रिकामा भएको गैंडाको शिकार देहाय बमोजिम रहेको छ ।[8]

[८] सन्तोषमणी नेपाल WWF Nepal, संगठीत अपराध सम्बन्धी विशिष्टीकरण तलीम राष्ट्रिय न्यायिक प्रतिष्ठान, तालीम सामग्री



अन्तरराष्ट्रिय वजारमा वन्यजन्तुका अखेटोपहारको मुल्य यस प्रकार रहेको अध्ययनले देखाएको छ । [9]

Table 3. Selected Illicit Wildlife Trade and Estimated Retail Value

Illegally Traded Wildlife	Estimated Retail Value
Elephants	$121-$900 per kilogram of ivory
Rhinos	$945-$50,000 per kilogram of rhino horn
Tibetan Antelopes	$1,200-$20,000 per shatoosh shawl
Big Cats	$1,300-$20,000 per tiger, snow leopard, or jaguar skin; $3,300-$7,000 per set of tiger bones
Bears	$250-$8,500 per gallbladder

[9] CRS Report for Congress, International Illegal Trade in Wildlife: Threats and U.S. Policy, 2008

Table 3. Selected Illicit Wildlife Trade and Estimated Retail Value

Illegally Traded Wildlife	Estimated Retail Value
Elephants	$121-$900 per kilogram of ivory
Rhinos	$945-$50,000 per kilogram of rhino horn
Tibetan Antelopes	$1,200-$20,000 per shatoosh shawl
Big Cats	$1,300-$20,000 per tiger, snow leopard, or jaguar skin; $3,300-$7,000 per set of tiger bones
Bears	$250-$8,500 per gallbladder

वन्यजन्तु सम्बन्धि अपराधका विभिन्न स्वरुपहरु रहेका छन् र यस्ता अपराधहरु कुनै व्यक्तिको एक्लो प्रयासले सम्भव नहुने हुँदा संगठित रुपमा हुने गरेको विभिन्न अध्ययनबाट देखिएको छ । वन्यजन्तु सम्बन्धी अपराधका स्वरुपलाई देहाय बमोजिम हेर्न सकिन्छ ।

शिकार (Poaching) : अवैध रुपमा वन्यजन्तुलाई मार्ने कार्यलाई शिकार भनिन्छ । शिकारीहरुले वन्यजन्तुको मासु तथा तिनका अंग बिक्रि गर्नलाई शिकार गर्ने गर्दछन् ।

गैर कानुनी व्यापार(Illegal Trade) : शिकार गरी मारिएका वन्यजन्तुलाई देशमा तथा विदेशमा गैर कानुनी रुपमा बिक्रि बितरण गरिन्छ । यस कार्यमा संगठित रुपमा लागेका अपराधिहरुको संलग्नता रहेको हुन्छ । विविध प्रक्रियाबाट राज्य संयन्त्र समेतलाई हात लिएर रुपमा देश बिदेशमा अखेटोपहार बिक्रि वितरण गर्न प्रयासरत रहेका हुन्छन् ।

Transit : नेपाल एक प्राकृतिक सौन्दर्यताले भरिएको प्राकृति विधिधता भएको देश हो । नेपाल दुई ठुला राष्ट्रहरु भारत र चीनको बीचमा रहेको छ । वन्यजन्तु वा अन्य अपराधहरुको सम्बन्धमा अपराधीहरुले नेपाललाई ट्रान्जिटको रुपमा प्रयोग गर्दै आएको पाइन्छ ।

२.२ नेपालमा अधिक चोरी हुने तथा अबैध व्यापार हुने वन्यजन्तुहरु स्तनधारी, पंक्षी, सरिसृप सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।[10]

नाम	बैज्ञानिक नाम	संरक्षणको अवस्था

[१०] नेपालमा अधिक चोरी शिकार एवम् अवैध व्यापार हुने बनस्पति र वन्यजन्तुहरु सम्बन्धी जानकारी पुस्तिका, नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरो, २०७५ ।

हाब्रे (Red Panda)	Ailurus fulgens	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book मा संकटापन्न सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
सालक (Pangolin) (Indian & Chinese Pangolin)	Manis crassica udata	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book df Chinese Pangolin लाई अति संकटापन्न र Indian Pangolin लाई संकटापन्न सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
हात्ती (Asian Elephant)	Elephas maximu s	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book मा संकटापन्न सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
गैंडा(Greater One – horned rhinocer os)	Rhinoce ros unicorni s	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book मा संवेदनशील सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
पाटे बाघ (Royal Bengal Tiger)	Panthera tigris tigris	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book मा संकटापन्न सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
हिँउ चितुवा (Snow Leopard)	Panthera गलअष्ब	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book मा सवेदनशील सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
ध्वाँसे चितुवा (Cloude d Leopard)	Niofelis nebulosa	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book मा सवेदनशील सुचीमा राखिएको

		CITES को अनुसूची १ मा समावेश भएको
चितुवा (Common Leopard)	Panthera pardus	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित सुचिमा समावेश नभएको IUCN Red Data Book मा सवेदनशील सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
चौंरी गाई (Gour Bison)	Bos gaurus	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book मा सवेदनशील सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
चिरु (Tibetan Antelope (Chiru))	Pantholops hodgsonil	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book मा सवेदनशील सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
जंगली बँदेल तथा पुड्के बँदेल (Wild Boar and Pygmy Hog)	Sos scrophaand Porcula salvania	पुड्के बँदेल राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित भएको ऋक्ष्त्भ्क को अनुसूची १ मा समावेश भएको । जंगली बँदेल राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित नभएको CITES को अनुसूची १ मा समावेश नभएका र जंगली बँदेल IUCN Red Data Book मा कम चासो भएको वन्यजन्तुको रुपमा राखिएको । पुड्के बँदेल लोप हुन लागेको अवस्थामा पुगेको अनुमान गरिएको छ ।
सानो ओत (Asian Small–Clawed Otter)	Aonyx cinereus	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा नराखिएको IUCN Red Data Book मा सवेदनशील सुचीमा राखिएको CITES को अनुसूची २ मा समावेश भएको
खैरो ओत (Smooth Coated Otter)	Lutrogale perspicillata	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूची १ मा समावेश नभएको IUCN Red Data Book मा सवेदनशील सुचीमा राखिएको CITES को अनुसूची २ मा समावेश भएको
कालो ओत (Eurasian Otter)	Lutra lutra	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूची १ मा समावेश नभएको IUCN Red Data Book मा सवेदनशील सुचीमा

		राखिएको CITES को अनुसूची २ मा समावेश भएको
घोरल (Goral)	Naemorhedus goral	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूची १ मा समावेश नभएको IUCN Red Data Book मा लापोन्मुख सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
थार (Himalayan Serow (Thar००	Capricornis thar	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूची १ मा समावेश नभएको IUCN Red Data Book मा लापोन्मुख सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
समुद्री घोडा (Seahorse)	Hippocampus (Hippo-horse, Sea monster)	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूची १ मा समावेश नभएको IUCN Red Data Book मा संवेदनशील सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
चितल (Spotted Deer)	Axis axis	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूची १ मा समावेश नभएको IUCN RedData Book मा कम चासो भएको सुचीमा राखिएको CITES को अनुसूचीमा समावेश नगरिएको
रतुवा (Barking Deer)	Muntiacus vaginalis	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूची १ मा समावेश नभएको IUCN RedData Book मा कम चासो भएको सुचीमा राखिएको CITES को अनुसूचीमा समावेश नगरिएको
जरायो (Sambar Deer)	Rusa unicolor	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूची १ मा समावेश नभएको IUCN RedData Book मा संवेदनशील सुचीमा राखिएको CITES को अनुसूचीमा समावेश नगरिएको
लगुना (Hog Deer)	Axis porcinus	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूची १ मा समावेश नभएको IUCN RedData Book मा संकटापन्न सुचीमा राखिएको

		CITES को अनुसूचीमा समावेश नगरिएको
कस्तुरी मृग (Musk Deer)	Moschus chrysogaster/ Leucogaster/fuscus	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN RedData Book मा संकटापन्न सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
चरी बाघ (Leopad Cat)	Prionailurus bengalensis	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN RedData Book मा कम चासो भएको सुचीमा राखिएको CITES को अनुसूची २ मा समावेश भएको
निर बिरालो(ठुलो, सानो, गाजले,ताडी निर र सिलु बिरालो) (Large Indian Civet, ISmall Indian Civet, Masked Palm Civet, Asian Palm Civet and Spotted Linsang)	Viverra zibtha,, Viverracula indica, Paguma larrvata, Paradoxurus hermaphrodites, prionodon pardicolor	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूची १ मा सिलु बिरालो मात्र समावेश भएको IUCN RedData Book मा सिलु बिरालोलाई लोपोन्मुख र बाँकी सबैलाई कम चासो भएको सुचीमा राखिएको CITES को अनुसूची १ मा सिलु बिरालो समावेश भएको अन्य प्रजातीलाई समावेश नगरिएको
बन बिरालो (Jungle Cat)	Felis chaus	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूचीमा समावेश नभएको IUCN RedData Book मा कम चासो भएको सुचीमा राखिएको CITES को अनुसूची २ मा समावेश भएको
मलाहा बिरालो (Fishing Cat)	Prionailurus viverinus	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूचीमा समावेश नभएको IUCN RedData Book मा नेपालमा संकटापन्न सुचीमा राखिएको CITES को अनुसूची २ मा समावेश भएको
सुनौलो बिरालो (Asiatic Golden Cat)	Cataopuma temminckii	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूचीमा समावेश नभएको IUCN RedData Book मा लोपोन्मुख सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
छिरबिरे बिरालो (Marble	Pardofelis marmorata	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूचीमा समावेश नभएको

d cat)		IUCN RedData Book मा संवेदनशील सुचीमा राखिएको CITES को अनुसूची २ मा समावेश भएको
कालो भालु (Asiatic Black Bear)	Ursus thibetanus	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूचीमा समावेश नभएको IUCN Red Data Bookमा नेपालमा संकटापन्न सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
काठे भालु (Sloth Bear)	Melursus ursinus	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूचीमा समावेश नभएको IUCN Red Data Book मा संवेदनशील सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
हिमाली रातो भालु (Himalayan Brown Bear)	Ursus arctos isabellinus	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book मा अति संकटापन्न सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको

पंक्षी सम्बन्धी

सारस (Crane)	Grus antigone	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book मा अति संकटापन्न सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
ठुलो खर मजुर र सानो खर मजुर (Bengal Florican / Lesser Florican)	Houbaropsis bengalensis/ Sypheotides indicus	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा दुवै प्रजाती संरक्षित IUCN Red Data Book मा ठुलो खर मजुर अति संकटापन्न र सानो खर मजुर संकटापन्न प्रजातीको सुचीमा राखिएको ठुलो खर मजुर CITES को अनुसूची १ र सानो खर मजुर अनुसूची २ मा समावेश भएको
राज धनेश (Great Hornbill	Buceros bicornis	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book मा लोपोन्मुख प्रजातिको

)		सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
कालो गरुड/ सेतो गरुड९ Black Stork/ White Stork	Ciconia nigra/ Ciconia ciconia	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book मा कम चासो भएको सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
कालिज (Kalij Pheasant)	Lophura leucome lanos	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूचीमा समावेश नभएको ात IUCN Red Data Book मा कम खतराको सुचीमा राखिएको CITES को अनुसूची ३ मा समावेश भएको
डाँफे(H imalaya n Monal, Impeyan Pheasant)	Lophop horus impejan us	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data द्वययप मा कम चासो भएको सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
मुनाल (Satyr Tragopa n)	Tragopa n satyr	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book मा लोपोन्मुख र नेपालमा संवेदनशील सुचीमा राखिएको CITES को अनुसूची ३ मा समावेश भएको
चिर (Cheer Pheasant)	Catreus wallichi	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book मा संवेदनशील सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
मायालु चरा (Pocket parrots/ Love Birds)	Agapornis fischeri, roscicollis,nigrigenis, personata	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूचीमा समावेश नभएको IUCN Red Data Book मा कम खतरा रहेको सुचीमा राखिएको CITES को अनुसूची २ मा समावेश भएको
मकाउ (Macaw)	Ara ambigua	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसूचीमा समावेश नभएको IUCN Red Data Book मा कम खतरा रहेको सुचीमा राखिएको

		CITES को अनुसूची २ मा समावेश भएको

सरिसृप सम्बन्धी

घडियाल गोही (Gharial Crocodile)	Gavialis gangeticus	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book मा संकटापन्न सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
अजिंगर (Python) Burmese Rock python, Asiatic Rock python	Python bivittatus, Python molurus	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा संरक्षित IUCN Red Data Book मा दुवै प्रजातिका अजिंगर संवेदनशील सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
गोहोरो (भैंसे तथा सुन गोहोरो) (Bengal Monitor Lizard & Goldan Monitor Lizard)	Varanus bengalensis, & Varanus flavescens	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा सुन गोहोरो संरक्षित IUCN Red Data Book मा दुवै प्रजातिलाई कम चासोको सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
मगर गोही (Marsh Mugger Crocodile)	Crocodylus palustris	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसुचीमा समावेश नगरिएको IUCN Red Data Book मा संवेदनशील सुचीमा राखिएको CITES को अनुसूची १ मा समावेश भएको
टोके टोके माउसुली (Tokay)	Gekko gecko	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसुचीमा समावेश नगरिएको IUCN Red Data Book तथा CITES को अनुसूचीमा समावेश नभएको
कछुवा (Turtles)	Testudines/ turtle species	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को अनुसुचीमा समावेश नगरिएको IUCN Red Data Book मा बिभिन्न सुचीमा राखिएको

		यि प्रजातिहरु CITES को अनुसूची १ र २ मा समावेश भएको

माथिको तालिकामा उल्लेख भए बमोजिम नेपालमा विविध प्रजातिका वन्यजन्तुहरु पाइने देखिएको छ । उल्लिखित अधिकांश वन्यजन्तुहरु संवेदनशील तथा संकटापन्न अवस्थामा रहेको देखिँदा यिनको सुरक्षामा संवेदनशील हुनु पर्ने आवश्यकता रहेको छ ।

वन्यजन्तु सम्बन्धी अपराधबारे विभिन्न अध्ययन र अनुसन्धानले देखाए अनुसार विश्वमा सबै भन्दा बिक्रि हुने वस्तु सालकको खवटा रहेको छ । दक्षिण अफ्रिकामा गैंडा मार्ने क्रम नौ हजार गुना बढेको छ भने हात्तिको शिकार अत्याधिक मात्रामा अफ्रिकन देशहरुमा हुने गरेको छ । गैंडाको सिंगको मुल्य ६०,०००।- डलर सम्म र बाघको मासुको सुप प्रति चयर्धा को ५००० डलर सम्म रहेको पाइन्छ । तुलनात्मक रुपमा हेर्दा २०० बाघ मारिंदा १००० गैंडा र १०००० सालक मारिने गरेको छ । अन्तरदेशीय तथा सङ्गठित अपराधको रुपमा हेर्दा मोजाम्बिकमा मारिएको गैंडाको खाग ४८ घण्टामा चिन आइपुगेको पाइएको छ । नेपालमा सन २००३ जनवरीमा चीन जाँदै गरेको नेपाली ट्रक दुर्घटना हुँदा सो ट्रकबाट ५ वटा बाघको छाला र टाउको तथा १२२ वटा बाघको दारा पाइएको थियो । सो सम्बन्धमा अनुसन्धान गर्दा ३८ देखि ४३ वटा बाघ मारेको खण्डमा मात्र यो मात्रामा अखेटोपहार उत्पादन हुने गर्दछ ।

अर्को घटना सन २०१३ को जनवरी र फेब्रुअरीमा गोरखामा फेला परेको करिब १५५० के.जी. चिरुको रौं को मुल्य रु ५ अरब बराबरको रहेको थियो । एक चिरुबाट करिब २०० ग्राम रौं उत्पादन हुन्छ । उक्त परिमाणको रौं जम्मा हुन करिब ६००० चिरु मारिनु पर्दछ । यो मध्यपुर्वमा बिक्रि हुन्छ ।[11] यि घटनाहरु प्रतिनिधि उदाहरण मात्र हुन् । तथापि यि घटनाहरुबाट वन्यजन्तु सम्बन्धी अपराध सङ्गठित रुपमा अन्तरदेशीय परिवेशमा हुन्छ । यसको ट्रान्जिट नेपाल तथा गरिब देशहरु रहेका हुन्छन् । संगठित वा असंगठित रुपमा नेपालमा पनि विगतका वर्षहरुका गैंडाको चोरी शिकार अत्याधिक रहेकोमा विगत केही वर्ष यता गैंडाको शिकार न्यून भई हाल गैंडा मार्ने क्रम शुन्यमा रहेको छ । गैंडाको चोरी शिकारीमा न्युनता हुने कार्यमा छँ नेपाल समेतको भूमिका रहेको छ ।

२०१३ जनवरीमा नुवाकोटमा ट्रकमा दुर्घटनामा पाइएको बाघ सम्बन्धी अखेटोपहार

[११] सन्तोषमणी नेपाल WWF Nepal, संगठीत अपराध सम्बन्धी विशिष्टीकरण तलीम राष्ट्रिय न्यायिक प्रतिष्ठान, तालीम सामग्री

Nepal as Transit Route

January 2013, Nuwakot Seizure

5 Full size skin
7 skull with canine teeth
122 canine teeth

सन २०१३ जनवरी र फेब्रुअरीमा गोरखामा फेला परेको चिरुको रौं को फोटो

Nepal as Transit Route conti..

On January 11, 2013, 1150 KG. Worth Rs 4 Billion
On 3 February 2013, 400 KG worth Rs 1.25 Billion

January /February 2013, Gorkha Seizure 1.5 tone of fur of Tibetan Antelope (About Rs 5.25 B)

२.३ नेपालको सन्दर्भमा विगत पाँच वर्षको जिल्ला तहमा वन्यजन्तु सम्बन्धी अपराधको लगत फर्छ्यौटको विवरण

देहाय बमोजिम रहेको छ ।

आर्थिक वर्ष	मुद्दाको विषयगत विवरण	जम्मा लगत संख्या		फछ्र्यौट संख्या								बाकी		कसूर ठहरको प्रतिशत
				कसूर कायम		सफाइ		प्रतिवादी, मुलतवी, तामेली, अन्य		जम्मा				
२०७०।७१	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु													१००.००
२०	राष्ट्रि													९८.४

७														७१-७२
७														२०७२-७३
७														२०७३-७4

	नतु													
२०७४-७५	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु													९,६९,८९०
जम्मा														९,३४,७

श्रोत महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित बार्षिक प्रतिवेदनहरु

उल्लिखित तालिकाबाट नेपालमा वन्यजन्तु सम्बन्धी अपराध अधिक मात्रामा हुने गरेका दखिन्छ । नेपालमा हुने अपराधमा गैंडाको खागको लागि गैंडाको शिकार गरिनु, सालकको खवटाको लागि सालक मारिनु, छालाको लागि रेड पाण्डा, बाघ तथा चितुवाको शिकार गरिनु जस्ता अपराधहरु पर्दछन् । उल्लिखित मुद्दा संख्यालाई हेर्दा नेपालमा रहेका वन्यजन्तुको शिकार तथा अखेटोपहारको व्यापार देखि नेपाललाई ट्रान्जिटको रुपमा प्रयोग गरी चीन तथा भारत निकाशी गरेका अपराधहरु समेत समेटिएका छन् । वन्यजन्तु सम्बन्धी अपराधमा संगठित समुहको संलग्नता रहेको र अन्तरदेशीय रुपमा यो अपराध हुने गरेको तथ्यलाई नाइजेरियाबाट भारतको मुम्बई लैजाँदै गरेको चिम्पाञ्जी बिमानस्थलबाट पास भै सकेपछि बाहिरबाट पत्ता लाग्नुबाट प्रष्ट हुन्छ । यस विषयमा काठमाडौं जिल्ला अदालतमा संगठित अपराधमा विमानस्थल भन्सार कार्यालयका कर्मचारी सहित उपर मुद्दा दायर भई हाल विचाराधिन रहेको छ ।

२.४ सङ्गठित अपराधको कसीमा वन्यजन्तु सम्बन्धी अपराधको बिश्लेषण

सङ्गठित अपराधको अवधारणा र बिशेषताको अध्ययन गर्दा कुनै पनि अपराध आफैंमा सङ्गठित अपराध हुँदैन । कुनै पनि अपराध घटेको अवस्थामा त्यसाम भएका तत्व र विशेषताको आधारमा सङ्गठित अपराध हो वा होइन भन्ने थाहा पाउन सकिन्छ । नेपालको सन्दर्भमा सामान्य हरिण वा बाँदर मारेको, अबैध बनस्पतिहरुको व्यापार गरेको तथा संरक्षित रुपमा रहेका गैंडा, हात्ति, सालक जस्ता जनावर मारेको जस्ता सबै अपराधहरु वन्यजन्तु सम्बन्धी अपराध अन्तरगत पर्दछन् । साथै नेपालको बाटो भएर प्रतिवन्धित वन्यजन्तुका अखेटोपहारहरु तथा बनस्पतिहरु एक

देशबाट अर्को देशमा लैजाने सम्बन्धी अपराधहरु घटी रहेका हुन्छन् । सबै अपराधहरु सामुहिक रुपमा घटे पनि सङ्गठित अपराधको रुपमा भएका हुँदैनन् ।

नेपाल एक गरिब र अविकशित तथा प्राकृतिक सम्पदाले भरिपुर्ण देश भएकोले सङ्गठित अपराध समूहले अपराध गर्न वा ट्रान्जिटको रुपमा प्रयोग गरेको विभिन्न अध्ययन तथा मुद्दा दायर गरिएको परिमाणले देखाएको छ । वन्यजन्तु सम्बन्धी अपराध एक सङ्गठित अपराध भएको र यसमा सङ्गठित समूहको भूमिका रहने कारणहरुलाई देहाय बमोजिम हेर्न सकिन्छ ।

- वन्यजन्तुका अखेटोपहारको मुल्य अन्तरराष्ट्रिय स्तरमा अत्यन्त महँगो भएको हुँदा आर्थिक लाभको लागि यस्तो अपराधमा सङ्गठित समूह संलग्न रहेको हुन्छ ।
- वन्यजन्तुका अखेटोपहार तथा वन्यजन्तु जिवीतै वा बनस्पति हरु एक देशबाट अर्को देशमा लैजाने र कुनै देशलाई ट्रान्जिटको रुपमा प्रयोग हुने भएको हुँदा यो अन्तरदेशीय अपराधको रुपमा रहेको हुन्छ ।
- एउटा देशबाट अर्को देशमा लैजाने कार्य त्यति सजिलो नहुने भएकोले राज्य संयन्त्रलाई प्रभावमा पारी योजनावद्ध ढंगले सञ्जाल (नेटवर्क) मार्फत यो अपराध हुने र गैर कानुनी माध्यमबाट रकम आदान प्रदान हुने गरेको हुन्छ ।
- कुनै व्यक्ति एक्लैले यस किसिमको अपराध गर्न सम्भव नहुने भएकोले राज्यका उच्च पदस्थ व्यक्तिहरुको संरक्षण समेत रहेको हुन्छ । जस्तो विमानस्थलबाट चिम्पाञ्जी लैजान सफल हुनु ।
- सङ्गठित अपराध समूहको संरचना रहने र संगठनका सदस्यहरुले आफुभन्दा माथिको सदस्य नचिन्ने हुँदा पक्राउ परेका व्यक्तिले अन्य संलग्नहरुको विवरण खुलाउन नसक्ने गरेको हुन्छ ।
- सङ्गठित आपराधिक समूहले ट्रान्जिटको रुपमा नेपाल जस्तो खुला सिमाना भएका देशलाई प्रयोग गरेको हुन्छ । जस्तो रक्त चन्दन नेपालमा उत्पादन हुँदैन, नेपालको बाटो भएर चीन जाने गर्दछ, चिरुको रौं तथा सालकको खबटा पक्राउ परेको अनुपातमा नेपालमा उत्पादन भएको हुँदैन ।
- सङ्गठित समूहले निरन्तर रुपमा समुहलाई जीवन्त बनाई आपराधिक कार्य गर्ने हुँदा कुनै न कुनै रुपमा एक पछि अर्को गर्दै वन्यजन्तु सम्बन्धी अपराध गरी रहेका हुन्छन् ।
- सङ्गठित समूहले वन्यजन्तु सम्बन्धी अपराधबाट आर्जित आम्दानीलाई शुद्धीकरण गर्ने, उच्च पदस्थ व्यक्तिहरुको संलग्नता तथा संरक्षण हुने भएको हुँदा भ्रष्टाचारको गुञ्जायस रहने र यस्तो आम्दानी विध्वंसात्मक कार्यमा लगानी गर्न समेत उद्यत रहन्छन् ।
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा २(श) बमोजिम सम्बद्ध कसूर अन्तर्गत वन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु सम्बन्धी कसूरलाई समेत अनुसूचीमा समावेश गरेको छ ।
- वन्य जन्तुको शिकारको लागि आपराधिक समूहले अत्याधुनिक हात हतियारको प्रयोग गरेका हुन्छन् ।

२.५ वन्यजन्तु सम्बन्धी अपराध नियन्त्रणको लागि अन्तरराष्ट्रिय तथा राष्ट्रिय प्रयासहरु

वन्यजन्तु सम्बन्धी अपराध विश्वव्यापी चुनौतीको रुपमा रहेको र सङ्गठित समूहबाट यस्ता अपराध हुने गरेको तथ्य माथिनै उल्लेख भै सकेको छ । यसको नियन्त्रणको लागि विश्वमा बिभिन्न प्रयासहरु भै रहेका छन् ।

२.५.१ अन्तरराष्ट्रिय प्रयासहरु

Convention on International Trade in Endangered Species of Wild Funa and Flora (CITES) 1973 (संकटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तरराष्ट्रिय व्यापार सम्बन्धी महासन्धी)

संयुक्त राज्य अमेरिकाको वाशिङ्गटन डि.सि.मा सन १९७३ मार्च ३ मा सम्पन्न उक्त महासन्धी वन्यजन्तु सम्बन्धी अपराध नियन्त्रण सम्बन्धमा महत्वपुर्ण अस्त्रको रुपमा रहेको छ । सो महासन्धीको नेपाल समेत पक्ष भई संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ जारी भई कार्यान्वयनमा आएको छ ।

उक्त महासन्धीको अनुसूची १ मा "दुर्लभ वन्यजन्तु वा वनस्पति", अनुसूची २ मा "लापोन्मुख वन्यजन्तु वा वनस्पति" र अनुसूची ३ मा "संरक्षित वन्यजन्तु वा वनस्पति" उल्लेख गरेको छ ।

UN Convention on Transnational Organized Crime 2000 ले सङ्गठित अपराधलाई परिभाषित गर्दा देहाय बमोजिम तत्व हरुलाई समावेश गरेको छ । जसबाट सङ्गठित रुपमा हुने वन्यजन्तु सम्बन्धी अपराध समेतलाई समेटेको छ ।

- A structured group of three or more persons,
- In order to obtain financial or material benefit,
- Crimes planned or committed in more than one country,
- Acting together with the aim of committing one or more serious crime .

South Asia Wildlife Enforcement Network (SAWEN) is an inter-governmental wildlife law enforcement support body of South Asian countries namely - Afghanistan, Bangladesh, Bhutan, India, Maldives, Nepal, Pakistan and Sri Lanka. SAWEN was officially launched in January, 2011 in Paro Bhutan. यसले आफ्ना सदस्य राष्ट्रहरुका वीचमा वातावरणीय अपराध नियन्त्रण गर्नका लागि सूचना आदानप्रदान गर्ने, क्षमता अभिबृद्धी गर्ने र सदस्य राष्ट्रहरुका नीति र कानूनी व्यवस्थामा एकरुपता ल्याउने कार्य गर्दछ । त्यस्तै नयाँ प्रविधिको आदानप्रदान, अन्तराष्ट्रिय साझेदारसँग सहयोग जस्ता कार्य पनि नेटवर्क मार्फत गर्ने लक्ष्य रहेको छ । सार्क राष्ट्रका मुलुकहरु सदस्य रहेको सावेनको मुख्य कार्यालय नेपालमा रहेको छ ।

इन्टरनेशनल कन्सोर्टियम अन कम्व्याटिङ वाइल्डलाईफ क्राइम (ICCWC)

इन्टरनेशनल कन्सोर्टियम अन कम्व्याटिङ वाइल्डलाईफ क्राइम (ICCWC) ५ वटा अन्तराष्ट्रिय संस्थाहरु मिलेर बनेको कन्सोर्टियम हो । इन्टरपोल, विश्व बैंक, राष्ट्र संघीय लागुऔषध नियोग, र अन्तराष्ट्ररिय भन्सार नियोगको साझेदार संरचनाको रुपमा यसको स्थापना भएको छ । यसले वन्यजन्तु अपराध हेर्ने राष्ट्रिय सुरक्षा निकायलाई सुदृढ गर्ने कार्य गर्दै प्राकृतिक श्रोतको संरक्षणमा योगदान पुरयाउने कार्य गर्दछ ।

ट्राफिकः

ट्राफिक अन्तराष्ट्रियस्तरमा वन्यजन्तुको व्यापार निगरानी समूह हो । यो गैरसरकारी संस्था हो र यसले जैविक विविधता संरक्षण र दीगो विकासका लक्ष्यहरु पछ्याउदै व्यापार र ओसारपसारका माध्यमले जीव र वनस्पतिको खतराजन्य अवस्थामा नपुगोस् भनी निगरानी राख्ने

गर्दछ । ट्राफिकलाई डब्लुडब्लुएफ र आइयूसिएनले स्वतन्त्र संस्थाका रुपमा सन् १९७९ मा खडा गरेका हुन् ।

संयुक्त राज्य अमेरिकाले सन् २०१५ मा "ग्लोबल एण्टि पोचिङ्ग" कानून पास गर्यो । यो कानूनले सर्वप्रथम आखेटोपहारको ओसारपसारलाई हतियार तथा लागुऔषधको हाराहारीमा राखेको छ । यो ऐन अनुसार अमेरिकी सरकारले खासगरी अफ्रिकाका कुनै राष्ट्रलाई चोरी शिकार र वन्यजन्तुको अवैध व्यापार नियन्त्रणका लागि आवश्यक परेमा सैनिक सहायता सम्म प्रदान गर्ने व्यवस्था गरेको छ ।[12]

अन्य क्षेत्रीय प्रयासहरु

- BISHKEK DECLARATION August 2017
- Hanoi Statement on Illegal Wildlife trade 2016
- Kasane Statement on Illegal wildlife Tarde 2015
- London Conference on Illegal Wildlife Trade 2014
- Paris declaration against poaching and illegal trade of threatened species, Dec 2013
- The Bishkek Declaration on the Conservation of the Snow Leopard, October 2013
- APEC Bali Declaration, October 2013
- Kunming Consensus on Transboundary Conservation and Combatting Illegal Wildlife Trad, Jul y 2013 G8 Leaders Communiqué, June 2013
- Thimpu Nine Point Action Agenda October 2012.
- The St Petersburg Tiger Declaration on Tiger Conservation, November 2010.

गैर सरकारी संस्थाको रुपमा रहेको WWF (World Wide Fund for Nature)ले सन २०६७ देखि नेपालमा वन्यजन्तु सम्बन्धी अपराध नियन्त्रणको लागि विशेष भूमिका खेलेको छ । विशेष गरेर यसको प्राथमिकता चितवन राष्ट्रिय निकुञ्जमा रहेको छ । WWF को विशेष भुमिकाको कारणबाट आज नेपालमा गैंडाको चोरी शिकार शुन्य रहेको छ ।

२.५.२ राष्ट्रिय प्रयासहरु (नीतिगत व्यवस्था)

संवैधानिक व्यवस्था

- नेपालको संविधानको धारा १५२ को उपधारा (२) ले एक वर्ष भन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्बन्धी मुद्दा अदालत वा विशिष्टिकृत अदालत वा सैनिक अदालत वा न्यायिक निकाय बाहेक अन्य निकायको अधिकार क्षेत्रमा नपर्ने व्यवस्था गरेको छ ।
- संविधानको धारा ३०० को उपधारा (७) ले संविधान प्रारम्भ हुँदाका बखत अदालत बाहेक अन्य निकायमा विचाराधीन रहेका एक वर्ष भन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्बन्धी मुद्दा संविधान प्रारम्भ

१२ सन्तोषमणी नेपाल WWF Nepal वातावरणीय अपराध र तिनबाट सुरक्षा कार्यपत्र दश सरकारी वकीलहरुको प्रथम सम्मेलन विशेषाङ्क

भएपछि सम्बन्धित जिल्ला अदालतमा सर्ने व्यवस्था गरेको छ ।

कानुनी व्यवस्था

- वन तथा वन्यजन्तु सम्बन्धी अपराध मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ को अनुसूची २ अन्तर्गत सरकारवादी मुद्दाको रुपमा चल्ने व्यवस्था रहेको,
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) मा गैंडा, बाघ, हात्ति, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिँउ चितुवा, वा गौरी गाई मार्ने, घाइते बनाउने खरिद गर्ने, बिक्रि गर्ने, वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको वीना, हिँउ चितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्य जन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्रि गर्ने वा ओसार पसार गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँ देखि दशलाख रुपैयाँ सम्म जरिवाना वा पाँच वर्ष देखि पन्ध्र वर्ष सम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ । यस्तै दफा २६(२) मा उपदफा १ मा लेखिएका वन्य जन्तु बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउनेलाई एकलाख रुपैयाँ देखि पाँच लाख रुपैयाँ सम्म जरिवाना वा एक वर्ष देखि दश वर्ष सम्म कैद हुने व्यवस्था रहेको छ । यस कानुनी व्यवस्था अनुसार यस अपराध मुलुकी अपराध(संहिता) ऐन, २०७४ बमोजिम गम्भीर अपराधको रुपमा रहेको छ ।
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को अनुसूची १ मा संरक्षित वन्यजन्तु भनी निम्न जनावरलाई सुचिकृत गरेको छ :

  संरक्षित वन्यजन्तुहरु :

  स्तनधारी जन्तु (म्यामल्स), आसामी रातो वांदर - (मकाका आसाभेन्सीस),सालक - (म्यानिस क्रसिक डाटा र म्यानिस पेन्टाडक्टाइला) हिसपिड खरायो - (क्याप्रोलागस हिसपिडस), सोंस - (प्लाटानिस्टा ग्यन्जेटिका), ब्वाँसो - (क्यानिसलुपस), हिमाली रातो भालु - (असर्स अर्क्टस), हाब्रे (रेड पाण्डा) - (आइलुरस फल्जेन्स), लिङ्गसाङ - (प्राओनोडन पार्डिक्लर), हुँडार - (हाइना हाइना), चरी बाघ (लेपर्ड क्याट)-(फेलिल बेंगालेन्सिस, लिक्स- (फेलिस लिंक्स), ध्वाँसे चितुवा -(निओफेलिस नेबुलोसा), बाघ- (पान्थेरा टाइग्रिस), हिउँचितुवा - (पान्थेरा अन्सिय), जङ्गली हात्ती - (इलेफस माक्सिमस), गैंडा - (राइनोसिरस युनिकर्निस), सानो जातको ब"देल- (सस सल्मानस), कस्तुरी मृग-(मस्चस मस्चिफेरस), बाह्रसिंगा - (सरभस डुमासेलि), गोरवड्सन-(वस गोंरस), योक नाक- (वस ग्रन्नियन्स), अर्ना - (वुवालस वुवालिस), नायन - (ओमिस आम्मन), चिरु - (पान्थोलप्स हडसोनी), कृष्णसार (एन्टिलोप सर्निकार्पा), चौका - (टेट्राकर्निक क्वाड्रिकर्निस) ।

  पंक्षी (एभ्स) :

  कालो स्टर्क-(सीकोनिया नाइग्रा), सेतोस्टर्क-(सिकोनिया सिकोनिया), सारस-(ग्रस ग्रस), चीर-(क्याट्रिएस वालिचाई), डाँफे-(लोफाफोरस इन्पिजानस), मोनाल-(ट्रागोनपान साटाइरा), खर मुजूर- (थपोडोटिस बें·लेन्सिस), सानो खर मुजूर-(साइफिओटाइडस इन्डिका), ठूलो धनेश - (बुसेरस वाइकर्निस),

  घस्रने जातका जन्तु (रेपटायल्स):

  अजिङ्गर- (पाईथन स्पिसिज), घडियाल गोही - (ग्याभियालिस ग्यान्जेटिक्स), सुन गोहोरो- (भारानस लामेसेन्स)

  - वन ऐन, २०४९ र वन नियमावली २०५०
  - वातावरण संरक्षण ऐन, २०५३ नियमावली २०५४
  - संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३
  - सङ्गठित अपराध निवारण ऐन, २०७०
  - सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४

संस्थागत व्यवस्था

- वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, डिभिजन वन कार्यालयहरु, सामुदायिक वन उपभोक्ता समुहहरु,

- राष्ट्रिय निकुञ्ज १२, वन्यजन्तु आरक्ष १, शिकार आरक्ष १, संरक्षण क्षेत्र ६ र मध्यवर्ती क्षेत्र १३ रहेका छन् ।
- ६ वटा संरक्षण क्षेत्रहरु मध्ये ३ वटा राष्ट्रिय प्रकृति संरक्षण कोषले २ वटा नेपाल सरकारले र १ वटा स्थानीय वासिन्दालेनै संरक्षण र व्यवस्थापन गर्दै आएका छन् ।
- राष्ट्रिय वाघ संरक्षण योजना
- राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति
- केन्द्रियस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाई
- जिल्ला स्तरीय वन्यजन्तु अपराध नियन्त्रण इकाई २४ जिल्ला
- समुदायमा आधारित चोरी शिकार नियन्त्रण इकाई

उल्लिखित संस्थागत व्यवस्थालाई हेर्दा केन्द्रदेखि गाँउ इलाकासम्म संस्थागत संरचना खडा गरिएको ति संस्थाहरुले आ आफ्नो क्षेत्रबाट यस्ता अपराध नियन्त्रण गर्नको लागि प्रयास गरि रहेको पाइन्छ ।

२.६ वन्यजन्तु सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित केही सिद्धान्तहरु:

नेपालको सन्दर्भमा सङ्गठित अपराध समेतमा अभियोजन गरिएका मुद्दाहरु सर्वोच्च अदालतसम्म पुगिसकेको अवस्था छैन । सङ्गठित अपराधको रोहमा नजीर प्रतिपादन भएको अवस्था छैन । तथापी सर्वोच्च अदालतबाट वन र वन्यजन्तु सम्बन्धी विभिन्न मुद्दामा निर्णय भएका छन् । हालसम्मको अवस्था हेर्दा यस सम्बन्धी कानुनमा रहेका द्विविधा र अन्यौलतालाई स्पष्ट पार्ने समेत उक्त निर्णयमा गरेको छ । सर्वोच्च अदालतबाट यस प्रकृतिका मुद्दामा भएका केही सान्दर्भिक निर्णयहरुलाई देहाय बमोजिम उद्धृत गरिएको छ :

१ वन सम्बन्धी मुद्दामा जरिवाना गर्दा दामासाहीले गर्ने :

नेपाल सरकार बि. बाजे राना समेत[१३] भएको मुद्दामा सर्वोच्च अदालतले वन मुद्दामा दामासाहीले जरिवाना गर्नुपर्ने निर्णय गरेको थियो । उक्त मुद्दामा कसूर गर्ने एक भन्दा बढी कसूरदार भएको अवस्थामा प्रत्येकलाई सोही बमोजिम दोब्बर सजाय गरिंदा जरीवाना र कैदको कुल मात्रा कानूनमा तोकिए भन्दा बढी हुन जाने, एक भन्दा बढी प्रतिवादी रहेको र प्रत्येकले वनबाट अवैधरुपमा ल्याएको काठको मात्रा र परिमाणका लागि छुट्टाछुट्टै अभियोग लगाएको नभई सबैले ल्याएको काठको कुल परिमाण र विगो जोड्दा पाँच हजार भन्दा बढी भएको र सोही विगो र मात्राको आधारमा सामूहिक रुपमा दफा वन ऐन, २०४९ को ५०(१)(घ)(४) बमोजिम सजायको दावी लिएको अवस्थामा कसूर ठहरी सजाय गर्दा सोही बमोजिम उक्त सजाय सामूहिक रुपमा नै गरिनु पर्ने स्पष्ट पारेको छ ।

२. मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको वयान स्वतन्त्रपूर्वक भएको छैन भन्न नमिल्ने:

[१३] ने.का.प. २०६५, अंक १०, निर्णय नं. ८०२८

बमबहादुर प्रजा वि. नेपाल सरकार[१४] भएको मुद्दामा सर्वोच्च अदालतले गैंडा मार्न सहयोग गर्ने प्रतिवादीलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २७ बमोजिमको कसूरमा सोही दफा बमोजिम १५ वर्ष कैद र एक लाख जरिवाना तथा गैडा मार्ने र खाग बेच्ने प्रतिवादीहरुलाई सोही ऐनको दफा ५क र १९(१) को कसूरमा दफा २६(१) बमोजिम १५ वर्ष कैद र एक लाख जरिवाना गर्ने गरेको सुरु निर्णय सदर गरेको पुनरावेदन अदालतको निर्णय सदर हुने निर्णय गरेको ।

३.वन्यजन्तु सम्बन्धी वारदात संगठित अपराधको एउटा कडीको रुपमा हेर्न सकिने :

नेपाल सरकार वि. दिनेशकुमार मण्डल समेत[१५] भएको मुद्दामा वन्य जन्तु सम्बन्धी अपराधलाई संगठित रुपमा गरिने अपराधको रुपमा ग्रहण गरी सबै प्रतिवादीहरुलाई हदैसम्म सजाय गरेको छ । उक्त मुद्दा निर्णय गर्दा लिइएको आधारहरु देहाय बमोजिम रहेका छन् :

- कुनै परीक्षण नगराएको अवस्थामा मुद्दा हेर्ने अधिकारीसमक्षको साविती बयान समेतका सबूद प्रमाणका आधारमा कसूर कायम भई दोषी करार भइसकेपछि पुनरावेदन तहमा शुरु मुद्दा हेर्ने अधिकारीसमक्षको साविती बयानको सत्यतामा प्रश्न उठाई सो साविती आफूले दिएको होइन भन्ने जिकीर लिएकै आधारमा मात्र अदालतले साविती बयानको सत्यता उपर अनावश्यक शंका गरी अन्यथा निष्कर्ष निकाल्नेतर्फ विचार गरिरहनु नपर्ने ।
- अनुसन्धान अधिकृत र मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको आफ्नो साविती बयानको तथ्यलाई स्वीकारै गरेको र सो साविती बयान लिँदाको अवस्थामा यातना दिएको भन्ने कुरालाई मात्र विशेष रुपमा उठाई सो साविती प्रमाण ग्राह्य छैन भनी जिकीर लिए तापनि त्यस्तो यातना वा कुटपीट प्रमाणबाट पुष्टि नभएसम्म मुद्दा हेर्ने स्वतन्त्र निकायसमक्ष भएको साविती बयान निज विरुद्धको बलियो प्रमाणको रुपमा रहिरहने ।
- संगठित अपराधमा संलग्न प्रतिवादीहरूको कसूरलाई कुनै एउटा एक्लो वारदात वा घटनासँग मात्र जोडी निरपेक्ष ढंगबाट हेर्नु भन्दा सो वारदातबाट प्रतिवादीहरूले हासिल गर्न चाहेको निहीत उद्देश्य वा सो वारदातको दूरगामी असरलाई हेर्नु न्यायिक दृष्टिकोणबाट उपयुक्त वा वाञ्छनीय हुने ।
- वारदात घटाई खाग काटी त्यसलाई बिक्री गरी प्राप्त गरेको रकम बराबरी रुपमा बाँडी खाएको स्थितिमा प्रतिवादीहरूको समान प्रकृतिको संलग्नता रहेको मान्नुपर्ने ।
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २७ को प्रतिबन्धात्मक वाक्यांशले गैंडा, बाघ, कस्तुरी मृग र हात्तीसित सम्बन्धित कसूर गर्ने व्यक्ति र सोको मतियारलाई समान सजाय हुने व्यवस्था गरेको अवस्थामा मुख्य अभियुक्त र अन्य अभियुक्तको हकमा बेग्लाबेग्लै सजाय हुने अवस्था नदेखिने ।

४.प्रतिवादीहरुले सल्लाह, योजना बनाई आपराधिक कार्य गरेको हुँदा हदैसम्मको सजाय हुनेः

---

[१४] नेकाप २०६७ अंक ११ नि.नं. ८५०३

[१५] २०५९ सालको स.फौ.पु.नं. ३२०६, २०६६ वर्ष १८ अंक २२ पूर्णांक ४४२४ पृ. १७ ।

रामकृष्ण चौधरी वि. नेपाल सरकार, वीरमान भन्ने वीरबहादुर दर्जी वि. नेपाल सरकार, कृष्णबहादुर बोटे वि. नेपाल सरकार, ढिडरा महतो वि. नेपाल सरकार[१६] भएको मुद्दामा सर्वोच्च अदालतले हदैसम्म सजाय हुने गरी गरेको सुरु कार्यालयको निर्णय सदर गरेको पुनरावेदन अदालतको निर्णय सदर गरेको छ । उक्त निर्णयमा सर्वोच्च अदालतले प्रस्तुत वारदात दुर्लभ एवं सुरक्षित गैंडा मारी त्यसको अमूल्य खाग तस्करी गर्ने उद्देश्यले घटाएको देखिएको र सो कार्यमा पुनरावेदक प्रतिवादीहरूले एकापसमा संगठित भई सल्लाह सहमति गरी, योजना बनाई राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रको निषेधित क्षेत्रमा प्रवेश गरी संरक्षित गैंडा मार्ने र त्यसको खाग काटी लगी बिक्री गर्ने र रकम बाँडी खानेजस्तो आपराधिक कार्यमा प्रत्यक्ष संलग्न भई गैंडा चोरी शिकारीलाई आय आर्जनको माध्यमको रूपमा अवलम्बन गर्ने हदसम्मको कसूर अपराध गरेको देखिएको हुँदा निज प्रतिवादीहरू ढिंडरा महतो, रामकृष्ण चौधरी, वीरमान प्रजा, कृष्णबहादुर बोटेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम गरिएको हदैसम्मको सजायलाई कानूनी त्रुटीयुक्त मान्नुपर्ने र अवस्था नदेखिँदा प्रतिवादीहरूलाई उक्त कानूनी व्यवस्थाअनुरूप हदैसम्मको जनही रू. १,००,०००।- अक्षरेपी रू. एकलाख जरीवाना र १५ वर्ष कैद गर्ने गरेको सुरू राष्ट्रिय निकुञ्ज कार्यालयको निर्णय सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।७।७ को फैसला मिलेको देखिँदा सदर हुने निर्णय गरेको पाइन्छ ।

६.CITES महासन्धिका आधार समेत ग्रहण गरी कसूर कायम गर्दै प्रतिवादीहरुलाई सजाय हुनेः

होमनाथ अधिकारी समेत वि. नेपाल सरकार भएको मुद्दामा पहिलो पटक बरामद रक्त चन्दनलाई कसूर कायम गरी सजाय गरेको छ । प्रस्तुत मुद्दामा सर्वोच्च अदालतले CITES महासन्धिका आधार समेत ग्रहण गरी कसूर कायम गर्दै प्रतिवादीहरुलाई सजाय गरेको छ । उक्त निर्णयमा लिइएका आधारहरु देहायय बमोजिम रहेका छन् :

- प्रतिवादीको घर गोठ कम्पाउण्डभित्रबाट रक्तचन्दन बरामद भएको नभई प्रतिवादीको जग्गाबाट बरामद हुँदैमा त्यसैका आधारबाट जग्गाधनीलाई दोषी भन्न न्यायोचित हुँदैन । अपितु, सो जग्गामा राख्ने जग्गाधनीको सहमति छ वा छैन भनी खोजिनु पर्ने ।
- कुनै वस्तु बरामद भएको हो होइन भन्ने कुरा प्रमाणित गर्नु पर्दा बरामदी मुचुल्काको प्रसंग आउँछ । बरामदी मुचुल्का बरामदी भएको तथ्यलाई सावित गर्नको लागि बनेको प्रमाण हो । बरामद भएको तथ्यमा विवाद भएको अवस्थामा बरामदी मुचुल्काको सत्यता जाँचिने हुँदा बरामदी मुचुल्का तयार हुँदा रित बेरित के भयो भनी हेरिने अवस्था आउन सक्दछ । बरामदी भएको तथ्यमा विवाद नै नरही स्थापित भइसकेको अवस्थामा बरामदी मुचुल्काको रित, बेरित र मूल्यांकन गर्नुपर्ने कुनै आवश्यकता नै पर्दैन । तसर्थ बरामदी मुचुल्काको रित बेरितको प्रश्न उठाएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।
- बरामद भएको रक्त चन्दन वन पैदावरबाट हो भन्ने तथ्यमा विवाद हुन सक्ने देखिन आएन । रक्तचन्दन वन पैदावार भएको र पुनरावेदक प्रतिवादीहरुले राखेको राख्न लगाएको तथ्य स्थापित भइसकेको स्थितिमा निजहरुले वन पैदावार ओसारपसार गरेका हुन् भनी मान्नुपर्ने देखिने ।
- convention on International Trade in Endangered Species of Wild Funa and Flora (CITES) को धारा II को उपधारार ४ ले ":The parties shall not allow trade in specimens of species including in Appendices I, II and III except in accordance with the provision of the present convention" भन्ने कुरा उल्लेख गरेको हुँदा पनि

[१६] २०६६ (अच(०६४६, ०६५६, ०८२९, ०६५७, २०७१ वर्ष २३ अंक ५ पूर्णांक ५२७ ।

नेपाल एक पक्ष भएकाले यसप्रति संवेदनशील हुने कर्तव्य र दायित्व अझ थपिएको छ । यसप्रकार ऋक्ष्त्भ्क महासन्धिको प्रावधान बेगर रक्तचन्दनको खरिद र बिक्री व्यापारलाई प्रतिबन्धित गरेको छ र अन्तरराष्ट्रिय महासन्धिको पक्ष नेपाल पनि भएको हुँदा यसको परिपालना नेपालमा गरिनुपर्ने र नेपालमा लागू भैसकेको भनी धारा १ (ज) अनुरुप मान्नुपर्ने देखिन आउने ।

- ऋक्ष्त्भ्क मा उल्लेख भएका प्राबधानलाई राष्ट्रिय कानुन नबनाएसम्म लागू गर्न मिल्दैन भन्ने जिकिरतर्फ विचार गर्दा नेपाल राष्ट्र पक्ष भएका वा यसले अनुमोदन गरेका महासन्धिहरु अनुरुप राष्ट्रिय कानुन बनाई लागू गर्नु सहज, सरल र स्वभाविक तर्क हो । यसरी कानुन बनिने कार्य राम्रै हुन्छ । तर नेपालले कुनै कानुन नै बनाएको छैन त्यसैले नेपाल सम्मिलित भएको वा यसले अनुमोदन गरेको सन्धि लागू गर्न मिल्दैन भन्नु अर्कै कुरा हो । महासन्धिका प्रावधानहरु कानुन नबनाई लागू गर्न मिल्दैन भन्ने कुनै कानुनी प्रावधान रहेको नदेखिने ।
- ऋक्ष्त्भ्क अन्तरराष्ट्रिय महासन्धि दुई भन्दा बढी राष्ट्रहरुको बीच सम्पन्न भएको लिखित सम्झौता हो । दुई भन्दा बढी राष्ट्रहरु सम्मिलित भई सम्पन्न भएको अन्तरराष्ट्रिय महासन्धिको समर्थन र स्वीकार गर्ने पक्ष वा सदस्य राष्ट्र नेपाल भएकाले यहाँको प्रचलित कानुनमा अन्यथा व्यवस्था भए पनि महासन्धिमा उल्लिखित प्रावधान नै लागू हुने देखिने ।
- कानुन बमोजिम बाहेक कसैलाई सजाय गर्न मिल्दैन भन्ने कुरामा विवाद हुन सक्दैन । देशमा न्यायिक पद्धति र न्यायिक संयन्त्रहरु न्यायसम्पादन गर्न र न्यायप्रति जनविश्वास दिलाउन समर्थ रहनु पर्दछ । हाकाहाकी कसैले अपराध गरेको स्पष्ट देखिन्छ र सबैले देख्ने गरी गर्दछ भने ऊ दण्डित हुनै पर्दछ । अन्यथा न्यायिक पद्धति कै उपहास हुने ।
- पीडितलाई न्याय दिनु र अपराधीलाई दण्डित गर्नु नै सबै न्याय पद्धतिको मुख्य उद्देश्य हो । न्याय गरिँदा वा दण्ड दिइदा कानुन औजारको रुपमा प्रयोग हुनेसम्म हो । न्याय सर्वोपरी हो र यसलाई कसरी सार्थक तुल्याउने भन्ने कुरा कानुनको प्रयोग रहेको यसको व्याख्याबाट गरिने हुन्छ । शंकाको अवस्थामा नरम दिलबाट हेरिनु एउटा अर्थ हुन सक्छ तर देखादेखी अपराध गर्ने अपराधीलाई कसरी दण्डित गर्ने हो भन्ने सोँचबाट न्यायिक निर्णय हुने हो । स्पष्ट अपराधी हो भन्ने कुरा प्रमाणबाट देखिँदादेखिँदै कसरी यसलाई कानुनी दायराबाट राहत दिने वा उम्काउने हो भनी कानुनी दाउपेच वा शव्द र अक्षरको खेल गरी सोँचिनु कदापि हुँदैन । प्रस्तुत मुद्दामा प्रतिवादीहरुले रक्तचन्दन ओसारपसार गरी अपराध गरेका र सो कार्य CITES को बर्खिलाप भएको स्पष्ट देखिँदा निज कसुरदारहरुलाई सजाय हुनु पर्ने नै देखिन आउने ।

प्रतिवादी डेरुप घलेले अभियोगबाट सफाइ पाउने र अन्य प्रतिवादीहरु मिलन तामाङ र होमनाथ अधिकारीलाई अभियोग मागदाबी बमोजिम जनही चार वर्ष कैद र विगो रु. ५,३०,२७६।५८ को दोब्बरले हुन आउने रु. १०,५०,५५३।१६ दामासाहीले जरिवाना भई बरामद भई आएको रक्त चन्दन जफत हुने ठहऱ्याएको रसुवा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला सदर हुने ।

उल्लिखित नजीरहरुको अध्ययनबाट वन्यजन्तु सम्बन्धी अपराधलाई सम्मानित सर्वोच्च अदालतबाट गम्भिर अपराधको रुपमा व्याख्या गरेको पाइन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम हदैसम्म भएको सजायलाई सदर हुने गरी फैसला गर्नु तथा संगठित रुपमा भएको कसूरको दृष्टिबाट हेरिनु पर्ने भन्ने उल्लेख हुनु साथै CITES सम्बन्धी ऐनलाई समेत आधार मानी फैसला हुनु फैसलाका सकारात्मक पक्षहरु हुन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा भएको संशोधनबाट सजायमा बृद्धी हुनु साथै सर्वोच्च अदालतबाट उल्लिखित नजीरहरु प्रतिपादन भई कानुन कार्यान्वयनमा सकारात्मक उर्जा प्रदान हुनुले आज नेपालमा गैंडाको शिकार शुन्यमा सीमित गर्न टेवा पुगेको छ ।

२.७ अपराध अनुसन्धान तथा अभियोजनमा रहेका समस्या तथा चुनौतीहरु :

कुनै अपराध आफैंमा सङ्गठित अपराध हुँदैन त्यस अपराधमा सन्निहित तत्वहरुको आधारमा सङ्गठित अपराध हो भन्ने छुट्टयाउनु पर्दछ भन्ने तथ्य माथिनै उल्लेख भइ सकेको छ । वन्यजन्तु सम्बन्धी अपराधमा पनि सबै प्रकारका अपराधहरु सङ्गठित तवरबाट गरिएका हुँदैनन् । कुन अपराध सङ्गठित तवरबाट गरिएको हो भन्ने निक्यौल गर्नु नै मुख्य चुनौतीको विषय रहेको छ । जसका कारणहरु देहाय बमोजिम रहेका छन् ।

- वन्यजन्तु सम्बन्धी अपराधको अनुसन्धान वन कार्यालयबाट हुने कानुनी व्यवस्था रहेकोमा वन कार्यालयमा अपराध अनुसन्धानको लागि दक्ष र तालिम प्राप्त कर्मचारीहरुको अभाव रहेको । सङ्गठित अपराध सम्बन्धी मुद्दा प्रहरीलेनै अनुसन्धान गर्नुपर्ने व्यवस्था भएकोमा द्विविधा रहेको ।
- सङ्गठित अपराधको रोहमा मुद्दाको अनुसन्धान गर्न बिशेष सीप, दक्षता र प्रविधिको आवश्यक पर्ने हुन्छ । आपराधिक समुहले प्रयोग गर्ने तरिका तथा प्रविधिको तुलनामा अनुसन्धान तर्फ कमजोर रहेको ।
- सङ्गठित समूहबाट योजना बनाउने कार्य गर्ने र आपराधिक कार्यमा तल्लो तहका सदस्य र भरियाहरुको प्रयोग गर्ने भएको हुँदा पक्राउ परेका व्यक्ति मार्फत सङ्गठित समूह सम्म अनुसन्धान पुग्न कठीन रहेको र अभियोजनमा सङ्गठित समूह स्थापित गर्न समस्या रहेको ।
- सङ्गठित समूहलाई राज्यका उच्च पदस्थ पदाधिकारीहरु तथा राजनीतिक संरक्षण रहेको हुँदा अनुसन्धानको निश्चित विन्दुमा पुगे पछि अनुसन्धान स्थगित वा तोड मोड हुने अवस्था रहेको ।
- वन्यजन्तु सम्बन्धी अपराधको नियन्त्रण तथा अनुसन्धानमा वनका कर्मचारीहरु रहने भएको हुँदा तस्कर तथा आपराधिक गिरोहहरु कर्मचारी भन्दा शक्तिशाली हुने कर्मचारी निरिह हुने हुँदा अनुसन्धानमा नै कठीनाई भएको ।
- वन्यजन्तु सम्बन्धी अपराधमा संगठित अपरधिक समूह र अन्य सामूहिक रुपमा गरेको अपराध बीचको फरक प्रष्ट हुन नसकेको ।
- संगठित अपराध नियन्त्रण तथा निवारणको लागि सपुर्दगी सम्बन्धी ऐन र पारस्परिक कानुनी सहायता ऐनको प्रभावकारी कार्यान्वयन हुन नसक्नु ।

२.८ समाधानको लागि गरिनु पर्ने प्रयासहरु

- **ऐन कानुनमा समयानुकुल सुधार** :
  अपराधको शैली तथा अपराधिहरुले प्रयोग गर्ने सीप तथा कौशलको विकास सँगै कानुनी व्यवस्थामा समेत सुधार गर्दै लैजानु पर्दछ । वन्यजन्तु सम्बन्धी अपराध सामूहिकरुपमा हुने र पटक पटक एउटै व्यक्ति संलग्न हुने भएको हुँदा सामुहिक रुपमा भएको अपराधलाई थप सजाय हुने साथै पटके अपराधको लागि सजाय बृद्धी गरिने जस्ता विषय ऐनमा समावेश गरिनु पर्दछ । विगो कायम भएका मुद्दा हरुमा मुल्यमा भएको बृद्धीलाई ध्यानमा राखी समयानुकुल विगो रकममा बृद्धी गर्दै लैजानु पर्दछ । जस्तो वन मुद्दामा काठको वर्तमान मुल्यको तुलनामा वन ऐनले निर्धारण गरेको विगो ज्यादै कम रहेको देखिन्छ ।
- **कर्मचारीलाई तालिमको व्यवस्था** :
  संगठित रुपमा हुने वन्यजन्तु सम्बन्धी अपराधको अनुसन्धानको लागि परम्परागत अनुसन्धान पद्धतिले मात्र सम्भव नहुने हुँदा अनुसन्धानमा कर्मचारीहरु तथा अनुसन्धान निकायलाई समयानुकुल आवश्यक तालिम प्रदान गरीनु पर्दछ ।
- **प्रविधि श्रोत साधनको विकास :**
  संगठित अपराधमा संलग्न अपराधीहरुले नवीन ढंगले प्रविधि तथा सीप उपयोग गरी

आपराधिक कृयाकलाप गर्ने गरेका हुन्छन् । सोको तुलनामा अनुसन्धान निकाय तथा कर्मचारीहरुसँग कमजोर प्रविधि भएको हुँदा ति अपराधी तथा तिनले प्रयोग गर्ने प्रविधि तथा आपराधिक सीप र कौशलसँग लड्न सक्ने गरी प्रविधि तथा श्रोत साधनले युक्त बनाउने तर्फ बिशेष ध्यान दिइनु पर्दछ ।

- **प्रतिवद्धता :**

  अनुसन्धान निकाय, अपराध अनुसन्धान र अभियोजनमा संलग्न कर्मचारी, नियामक निकायमा संलग्न व्यक्तिहरुले आ आफ्नो क्षेत्रबाट प्रतिवद्धताका साथ अपराध नियन्त्रणमा लाग्नु पर्दछ । साथै सांगठनिक संरचनाहरु चुस्त दुरुस्त हुनु पर्दछ ।

- **समन्वयकारी भूमिका :**

  प्रहरी कर्मचारी, अनुसन्धान निकाय तथा सरकारी वकीलबीच समन्वयकारी भूमिकाबाट मुद्दाको अनुसन्धान तथा अभियोजन गरिनु पर्दछ ।

- **अनुसन्धानमा नवीन प्रविधिहरुको प्रयोगः**

  वन्यजन्तु सम्बन्धी अपराध नेपालमा नै उत्पत्ति भई नेपाली भूमीमा भएका वन्यजन्तुहरु उपर आक्रमण गरी गरिने र नेपाललाई पारवहनको रुपमा प्रयोग गरी अन्य देशमा लैजाने गरी हुने भएको देखिन्छ । यस किसिमका अपराधमा संगठित समूहको संलग्नता रहने भएको हुँदा अनुसन्धानका नवीन पद्धतिहरु Control Delivery System, Under Cover Operation, विशेष अनुसन्धान टोलीको प्रयोग जस्ता तरिका उपयोग गरी अनुसन्धान कार्य गरिनु पर्दछ ।

- **अन्तरदेशीय समन्वयः**

  छिमेकी राष्ट्रहरुसँग समयानुकुल सन्धी सम्झौता गरी सपुर्दगी ऐन र पारस्परिक कानुनी सहायता ऐनको प्रभावकारी कार्यान्वयन गरिनु पर्दछ ।

२.९ निश्कर्ष

वन्यजन्तु सम्बन्धी अपराध नियन्त्रण गर्नु भनेको बनस्पति तथा वन्यजन्तुलाई संरक्षण गर्नु हो । वन्य जन्तु राष्ट्रका बहुमुल्य सम्पत्ति हुन् । यिनको संरक्षण जरुरी छ किनभने वन्यजन्तुको कारण पृथ्वीको इकोसिष्टम सन्तुलन हुन्छ साथै कतिपय लोप हुन लागेका वन्यजन्तु हरु बारे भावी पुस्तालाई जानकारी गराउनु जरुरी हुन्छ । यस प्रकार वन्यजन्तु अपराधको अनुसन्धान र अभियोजनसँग सम्बन्धित कानुनी, व्यावहारिक समस्यालाई सम्बोधन गर्दै अगाडि बढ्नको विकल्प छैन । संविधानले परिकल्पना गरेको न्यायका मान्य सिद्धान्त र प्रचलित कानुनका अधीनमा रही अनुसन्धान, अभियोजन र न्याय निरोपण गरी वन र वन्यजन्तु सम्बन्धी सङ्गठित समूहबाट गरिने अपराध रोकथाम, नियन्त्रण गरी अपराधीहरुलाई दण्ड सजाय दिनु पर्दछ । यससँग सबन्धित कसूरको अनुसन्धान, अभियोजन तथा सुनुवाइ प्रक्रियालाई प्रभावकारी र प्रमाणमा आधारित बनाउन सम्बन्धित निकाय बीचको समन्वय, सहकार्य र सहयोग हुन पनि त्यत्तिकै आवश्यक हुन्छ । वन र वन्यजन्तु अपराध संगठित रुपमा समेत गरिने हुँदा त्यसतर्फ पनि अनुसन्धानकर्ता र अभियोजनकर्ता सचेत रहनु पर्दछ । अर्ध न्यायिक निकायबाट भएका फैसलाको तुलनामा अदालतबाट हुने फैसलामा प्रमाणको मूल्याकंन, न्यायिक मनको प्रयोग, न्यायका मान्य सिद्धान्तको अवलम्बनमा अवश्य नै भिन्न हुने हुन्छ । यसबाट अनुसन्धानमा अवलम्बन गर्नुपर्ने कार्यविधिको पालना लगायतका विषयमा अनुसन्धानकर्ता उत्तिकै सचेत र सतर्क भई कानुनी विधि र प्रक्रिया पुऱ्याउनु पर्दछ । मुद्दा हेर्ने अधिकार प्राप्त प्रमुख संरक्षण अधिकृत वा वन अधिकृतले सुनुवाइ गर्ने र ती मातहत कार्यालयले अनुसन्धान गर्ने अवस्था अव नरहने हुँदा यी विषयमा अनुसन्धान र अभियोजन साविती बयानमा मात्र सिमित नभई भौतिक र वस्तुगत आधार र प्रमाणका आधारमा गर्नु झनै आवश्यक पर्दछ । संकलित दशी, प्रमाण र वस्तु विधिसम्मत ढंगले, आधिकारिक व्यक्तिले, रीतपूर्वक संकलन गरेको हुनु पर्दछ । यसका लागि तालिम प्राप्त, दक्ष, व्यावसायिक व्यक्तिको व्यवस्था हुन

आवश्यक पर्दछ । साथै आवश्यक भौतिक स्रोत, साधन, प्रयोगशाला र विशेषज्ञको व्यवस्था गरिनु उत्तिकै आवश्यक हुन्छ । अपराध अनुसन्धानको प्रमुख जिम्मेवारी सम्हालेको नेपाल प्रहरीसँग समन्वय, सहकार्य गर्दै उनीहरुको अनुभवलाई व्यवहारमा उतार्न सकेमा अवश्य पनि सङ्गठित तथा असङ्गठित रुपमा हुने अपराध नियन्त्रणमा कोशे ढुंगा सावित हुन सक्दछ ।

अन्त्यमा वन्यजन्तु र बनस्पती हाम्रा अमुल्य सम्पत्ति हुन् । यिनको अस्तित्व नरहे मानवको पनि अस्तित्व रहँदैन । इको सिष्टमको सन्तुलन र वातावरणको सुरक्षा तथा सन्तुलनमा यिनको महत्वपुर्ण भुमिका रहेको हुन्छ ।जस्तो सालकले कमिला धमिरा खान्छ, गिद्धले सिनो खान्छ, सर्पले मुसा तथा भ्यागुता खान्छ र विषालु ग्याँस ग्रहण गर्छ, बाघ तथा चितुवा सिंह समेतले बनेल तथा हरिणलाई खाई प्रकृतिमा सन्तुलन मिलाएको हुन्छ । प्राकृतिक सौन्दर्यता र भावी पुस्तालाई हस्तान्तरण गर्ने समेत वन्यजन्तुको संरक्षण जरुरी भएको हुँदा संगठित रुपमा हुने अपराध नियन्त्रण गर्नु आजको आवश्यकता हो र यसमा हामी सबैको भूमिका अपरिहार्य रहेको छ ।

सन्दर्भ सामग्री

- नेपालको संविधान, २०७२
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- संगठित अपराध ऐन निवारण ऐन, २०७०
- सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३
- डा. आनन्दमोहन भट्टराई, अन्तरदेशीय संगठित अपराध : प्रभावकारी प्रतिरोधात्मक उपायहरु, सङ्गठित अपराध : एक परिचय स्रोत सामग्री, प्रकाशक राष्ट्रिय न्यायिक प्रतिष्ठान,
- प्रतिपादन, वर्ष ३ अंक १, (२०७३) राष्ट्रिय न्यायिक प्रतिष्ठान,
- नेपालमा अधिक चोरी शिकार एवम् अवैध व्यापार हुने बनस्पति र वन्यजन्तुहरु सम्बन्धी जानकारी पुस्तिका, नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरो, २०७५
- UN Convention against Transnational Organized crime, 2000
- US Organized Crime Control Act,1970
- ग्ilip Das, “Organized Crime : A World Perspective” ACJS Today, Vol. XVII, Issue 4 Ja/Feb 1999,
- convention on International Trade in Endangered Species of Wild Funa and Flora (CITES)
- केदार पौडेल, सङ्गठित अपराध सम्वन्धी जानकारी, सङ्गठित अपराध : एक परिचय स्रोत सामग्री, प्रकाशक राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६९
- महान्यायाधिवक्ताको कार्यालयका वार्षिक प्रतिवेदनहरु
- सर्वोच्च अदालतबाट प्रकाशित नेपाल कानुन पत्रिकाहरु ।
- सरकारी वकीलहरुको प्रथम सम्मेलन विशेषाङ्क
- संगठित अपराध सम्बन्धी कानुनको प्रभाव मुल्याङ्कन सम्बन्धी अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०७४ महान्यायाधिवक्ताको कार्यालय

कार्यपत्र : १४, Organized Crime and Major National and International Legal Arrangement

-Mahendra Prasad Poudel

Sec. Officer

Introduction

Crime is an inseparable aspect of society. When crime becomes sophisticated, complex, having been done by the criminal group in organized manner, then it takes the form of organized crime. With the development of the society, the nature of society becomes changed, which leads to the changes in commission of crime too. Like in other aspects of the society, in the field of commission of crime also, the change and development has been appeared. Development of complexities in the society and development of science and technology, change the nature of the society. It affects in the crime commission too. The traditional nature and pattern of crime commission has been changed. New crimes been appeared with modern form and organised in nature.Traditional crimes only are not rooted in the society,the organized forms of crimes have also been developed.

Organized crime is the crime which is committed by the organized criminal group. The criminal group is formed as a formal organization. But different is only that it is illegal and unlawful. As in formal organization it has the division of labor, hierarchy, the supreme boss, subordinates, workers and other elements of the organization. The reporting goes from the subordinates and command flows from the boss. As per the need, different types of experts are appointed in the organization to facilitate the task of the organization.Organized criminal group is formed by the professional criminals and the objective of the organization is to make profit from illegal activities.

Meaning and Nature of Organised Crime

No crime is organized and non-organized in itself. How the crime is committed, that manner differentiates any crime as organized or non-organized. In the commission of any crime, if the characteristics of organized criminality are found, then only it becomes organized crime. Organized crime simply denotes the crimes which are committed in organized manner. But it needs clarification that how it becomes organized manner. Many writers have indicated certain features prevailing of which in any crime make the crime organized. Organized crime is a technical terminology which indicates group involvement.[1] But group involvement is not the only indicator to differentiate any crime as an organized crime. Though organized crime has been defined with its characteristics, it is difficult to give universally accepted definition.

Generally speaking, organized crime is an act which is committed by two or more criminals as a joint venture in an organized manner. It is an illegal act which the members

[1]Acharya, MadhavPd, and Ganesh Bdr. Bhattarai, *Criminology Penology* (Kathmandu : Bhrikuti Academic Publications, 2012) p 156

of an unlawful association commit with their mutual cooperation and adventure.[2] According to Conklin, organized crime is criminal activity by an enduring structure or organization developed and devoted primarily to the pursuit of profits through illegal means. Organized crime has the characteristics of a formal organization: a division of labour, coordination of activities through rules and codes, and an allocation of tasks in order to achieve certain goals. The organization seeks profits from crime and tries to preserve itself in the face of external and internal threats.[3]

Black's Law Dictionary defines Organized crime as widespread criminal activities that are coordinated and controlled through a central syndicate. The syndicate commits unlawful activities for income.[4]

Some scholars define as the association of professional criminals,because professional criminals are different than occasional criminals who are amateur and unskilled. Commission of crime is their profession or they adopt crime as the career. Walter C. Reckless defines professional ' the term professional when applied to a criminal refers to the following things: the pursuit of crime as a regular, day by day occupation, the development of skilled techniques and careful planning in that occupation, and status among criminals'.[5]

The Omnibus Crime Control and Safe Street Act, 1968 of England defines organized crime as, " the unlawful activities of members of a highly organized, disciplined association engaged in supplying illegal goods and services, including but not limited to gambling, prostitution, loan sharking, narcotics, labor racketeering and other unlawful activities of such associations."[6]

The Organized Crime Control Act, 1970, in its preamble capsules the nature and magnitude of organized crime in US, as a highly sophisticated, diversified and widespread activity that annually drains billions of dollars from America's economy by unlawful conduct and illegal use of force, fraud and corruption.[7]The very Act defines organized crime as 'unlawful activities of a highly organized, disciplined association or by members of criminal syndicates operative throughout the United States.'[8]

---

[2]Paranjape, N. V., *Criminology and Penology* (14th edition), (Allahabad : Central Law Publications, 2009) 104

[3]Conklin, John E, *Criminology*, (Fifth Edition) (USA : Allyn and Bacon, 1995) 83

[4] Black's Law Dictionary

[5]Reckless, Walter C., *The Crime Problem*, Second Edition (New York : Appleton-Century- Crofts, 1955) 144-145

[6]The Omnibus Crime Control and Safe Street Act, 1968

[7]Gandhirajan, C. K., Organized Crime, (New Delhi : A.P.H. Publishing Corporation, 2004) 3

[8]Organized Crime Control Act, 1970

The president's Commission Report states organized crime as the criminal enterprise group whose ultimate purpose is personal economic gain through illegitimate means. Here also a structured enterprise system does exist. 'The system may resemble a legitimate business run by an ambitious chief executive officer, his or her assistants, staff attorneys, and accounts, with through, efficient accounts receivable and complaint departments.'[9]

Organised crime is crime based on a cooperative effort like an organized business.[10] It is also defined as the criminal activity carried out by an organized enterprise,[11]and also the 'crime committed by a network of career criminals on a continuing basis for pecuniary gain."[12]

Organised crime can be defined by the members and the activities of a group. There are many crimes in which organized crime might be involved, but what seperates individual crime from crimes committed by groups of people is the term organized or organization. Organisation has been described as a group of people who cooperate to accomplish objectives or goals.[13]

Organised crime has incorporated many successful principles of legitimate business organisations including: [14]

- A unit of command : a superior to whom one is directly responsible
- The principle of definition : clearly defining authority and responsibility
- The span of control : a limited number of people controlled by a supervisor
- The principle of objective : defining the purpose of the organization or what business is undertaken (i.e., drugs, murder for hire, extortion, gambling, etc.)
- Insulation and need to know principle : personnel have contact only with their immediate boss and peers
- Pyramidal structure : orders flow down the hierarchical chart and important decisions are made at the top
- Principle of specialization : members of organized crime are experts in a single job function
- Rules : omerta (vow of silence, never talking to police) and the process of becoming a member of an organized crime group

The universal definition of organized crime cannot be found. The laws of different countries have defined organized crime with their domestic necessity. United Nations

[9]President's Commission on Organised Crime, Report to the President and the Attorney General, *The Impact : Organised Crime Today* (Washington, D.C. : U.S. Government Printing Office, 1986)

[10]Ahuja, Ram, *Criminology*, (Jaipur : Rawat Publications, 2011) 156

[11]http://legal-dictionary.thefreedictionary.com/Organized+Crime (Accessed on 7 March, 2019)

[12]Singh, M. N., Emerging Trends in Organized Crime, in *Maharashtra Police Journal*, 1999

[13]Mallory,Stephen L., *Understanding Organized Crime* (Massachusetts : Jones and Bartlett Publishers, 2007) 2

[14]Ibid at 2

Convention against Transnational Organized Crime, 2000 has not defined organized crime clearly and directly. This convention has defined 'organized criminal group'.[15]

United Nations Convention against Transnational Organized Crime, 2000 is the international instrument to address the organized crime in international level. The convention has not explicitly defined Organised crime, though it has criminalized four types of crimes. Indirectly, it can be explained that these four crimes are the forms of organized crime or commission of these crimes is considered as the commission of the organized crime.

The Convention criminalizes four offences which are (a) participation in an organized criminal group; (b) money laundering; (c) corruption; and (d) obstruction of justice. It also sets obligation to the state parties to criminalize these offences.[16]

The convention defines organized criminal group as 'a structured group of three or more persons, existing for a period of time and acting in concert with the aim of committing one or more serious crimes or offences established in accordance with this Convention, in order to obtain, directly or indirectly, a financial or other material benefit.'[17]

The convention also defines the term serious crime which is used in the definition of organized criminal group. It has been defined as 'conduct constituting an offence punishable by a maximum deprivation of liberty of at least four years or a more serious penalty.'[18]

"Structured group" has been defined as 'a group that is not randomly formed for the immediate commission of an offence and that does not need to have formally defined roles for its members, continuity of its membership or a developed structure.'

Studying these definitions, it can be concluded that if any serious crime is committed for the economic benefit by the organized criminal group, is called organized crime. Besides money laundering,corruption, and, obstruction of justice are also the form of organized crime as per the provision of UN Convention against transnational organized crime, 2000(UNTOC).

SC held that the seized drug has reached step by step to the defendant and the defendant making the plan to sell with the aim to acquire gain, is proved to have done chain of conduct. In the crime which is committed in organized manner, the fact from whom the drug was found does not carry much importance. Such crimes are committed in a serial connection from the involvement of two or more than two person with the personal relation of such persons. The persons involved in criminal act have the collective aim to acquire profit. Such acts are accomplished with the plan to get criminal gain. Transportation and transaction of narcotic drug cannot be accomplished by the attempt of a single person.

[51]Ram BahadurGurung v Nepal Government, *Nepal KanoonPatrika, 2072*, Decision No 9453

Rather it is conducted by the organized group involving collector, buyer, transporter, seller and as such. Sufficient profit can be gained by such crimes. So that such kind of crime is conducted by the organized criminal group.

In this case neither the claim has been taken of organized crime nor the court has convicted in organized crime. Court mentioned the existence of the commission in organized manner and so that analyze the nature of crime in which organized criminal groups are involved. The criminal act was of 2067 three years before the enactment of OrganisedCrime Control Act, 2070.

In Surya Bahadur Pun v. Nepal Gov., SC has explained the nature of the organized crime. Organized crime is committed in a planned way and organized crime is committed by the professional and career criminal and because of that the offender should not be judged only by the single incident. SC heldthat the offence of the defendant of the organized crime should not be judged relating only to any single incident or phenomenon rather it is appropriate from the judicial point of view to study by the purpose of the defendant or the long lasting effect of the crime committed.[52]

DurgaUpreti v Nepal Gov is another case in which SC has defined the nature and tendency of organized crime. 'The nature of organized crime is different from general crime. Because of that both type of crime cannot be judged from the same point of view. It needs larger plan and extensive preparation to commit organized crime. Besides many of people should be involved in different roles in organized crime. Commission of an organized crime is possible only by the involvement of different people with different tasks.'[53]

In***Madhav Kumar Bhagat v Nepal Government,*** Supreme Court has explained the nature of crime of Money Laundering and how this crime is committed. Though the court has not mentioned the crime as organized crime, it has held how money laundering as a multi-dimensional financial crime is committed in organized manner. SC held 'Money Laundering Act has come as a preventive measure to stop the cycle of earning money illegally by the crimes like kidnapping, corruption, terrorism, tax evasion and using again in the same types of crimes with the cycle of laundering such proceeds. Money laundering is not a primary offence in itself rather it is a secondary offence or byproduct of principal offence. The offence of laundering of earning of the principal offence to conceal such earnings falls in the purview of this act. Money laundering is a multi-dimensional financial crime. In money laundering the principal offence is concealed so that it is not considered either the principal offence is committed or not and either the intention was present or not. Because of that section 28 of the act has provisioned that if the assets seem unusual in comparison to the income sources of anyone and if the person in question cannot show the income sources of the assets he possesses, then he is considered to have committed the offence of money laundering.'[54]

Supreme Court states in Nepal Government v Raju Lama that in organized crime a team of boss and subordinates do exists. SC held 'because the nature of narcotic drug crime is of

[52]Surya Bahadur Pun v. Nepal Gov., *Nepal KanoonPatrika 2069*, vol 3, Decision No 8784

[53]DurgaUpreti v Nepal Gov., *Nepal KanoonPatrika*, 2067, vol 2, Decision No 8321

[54]Madhav Kumar Bhagat v Nepal Government, *Nepal KanoonPatrika* 2072, Vol. 5, Decision No 9406

organized crime, if the claim that in such crime all the offenders are principal offenders not being principal offender and accessories is agreed, then the provision of the section 17 of the Narcotic drug (Control) Act, 2033 will be meaningless. The parliamentary intention to punish the conspirator, attempter, provocator and inciter will be vanished. The court cannot interpret any legal provision vanishing the parliamentary intention.'[55] This decision clearly states that the narcotic drug related offence is of organized nature. It has the features of organized crimes like there are boss and subordinates, planner and conspirator, decision maker and executors and so on. The decision mentions that all the offenders cannot be principal offenders. As in the organized crime there can be principal and subordinates.

In ***CharlsGurumukhShovraj v Gov. of Nepal***, SC states about the explaining the evidences in the crime committed in the planned and organized manner. 'In the crime where the criminal consciously and cautiously commit the crime in planned and organized way, in such condition court should reach to the criminals and punish them even by the indirect and circumstantial evidences.'[56] In this case, court has not mentioned the organized crime directly but it has adopted the essence of the organized crime because organized crime has been committed in very planned way by the professional criminals and because of that the collection of the evidences is very difficult task. In such condition the circumstantial evidences are vital. These evidences should be analyzed and explained relating to each other.

SC further states 'the data and information provided by the Interpol in relation to investigation of crime cannot be said otherwise because it is the international organization of the police and recognized by the UN General Assembly, established for mutual cooperation sharing the information about the international criminals and organized crime among the member states.' In this case there was the issue either the evidences gained from the Interpol are valid evidences or not. The decision recognizes the evidences gained from Interpol. The SC defined in investigation of organized crime cooperation of the international organization such as Interpol is very useful. Because such crimes being very complex and committed in planned and organized way it is necessary to share information among nations.

SC decisions shows that crimes of organized nature have been being committed in Nepal. Such crimes are different from traditional crimes, hence the approach to deal with such crimes should also be different. Even before the enactment of the organized crime control act 2070, court decisions had explained about the organized crime. Even after the coming into force of the act, application of the act in the investigation and prosecution has not been held with expected measure, though prosecution in organized crime have been increasing year by year.

Conclusion

Eventhough the UNTOC has become the landmark guideline for world community, it has only stipulated the situation in which crime becomes organized. Every nation has defined organized crime as per their necessity and situation. Besides, the forms of organised crimes

[55]Nepal Government v Raju Lama, *Nepal KanoonPatrika*2071, Vol. 5, Decision No 9164

[56]CharlsGurumukhShovraj v Nepal Governemnt, *Nepal KanoonPatrika*2067,vol 5, Decision No 8378

can be different as per the context or situation of different nations. The lack of clarity in the concept of organized crime makes difficult in investigation and prosecution. In many cases the network of organized crime has been found to be expanded beyond the national border. In present time it has become international or transnational in nature. International community has been trying to cope with transnational organized crime with international law and organization. It has been realised that no single nation is able to control the organised crime. Hence to promote and increase the cooperation in international level, international instruments are developed. Even though, the international cooperation has not been realised as per the spirit of the UNTOC.

Nepal has enacted Organized crime control act, 2070 for the compliance with UNTOC and adopted many features of the convention. It has defined the organized crime and set the various especial provisions of investigation, prosecution and adjudication of the organised crime. There are other sectoral acts to prohibit, criminalize and penalise the different forms of Organinised crime. Nepal has enacted other acts too such as Extradition Act, 2070, Mutual Legal Assistance Act, 2070, Proceed of Crime (Seizing, Freezing and Confiscation) Act,2070 and as such to facilitate the implementation of the international instruments and to enhance cooperation in international level. The offences of Corruption and Money Laundering have been addressed by different laws.

Effective implementation and appropriate usage of Organized crime control act, 2070 has not been realised yet. Despite the legal framework very few prosecutions can be found in organized crime. Because of the lack of conceptual clarity in law enforcement officials and the complexity of the organized crime control act, 2070, the practice of the very act is not effective. Group crimes are prosecuted as organized crime in some cases. Even after the enactment of the act, there is no any record of how many cases are filed as organized crime and what is the success percentage. Neither the Annual Report of the Office of the Attorney General has shown nor any authorised data are published by Police Report. 'The study of OAG of the three districts of Kathmandu in 2074 has shown that the prosecution in organized crime is very few and the conviction in the organized crime is almost rare. It is also found that in many of cases the group crimes are prosecuted as organized crimes.'[57]

Thus to control and combat with organized crime, along with national and international legal arrangement, effective implementation is also needed. Besides, partnership and cooperation in international level is inevitable.

[57]Office of the Attorney General, *Study about the Analysis of Impact of law about Organized Crime*, (2074)

Reference

United Nations Convention against Transnational Organized Crime, 2000

Organized Crime Control Act, 2070

The Omnibus Crime Control and Safe Street Act, 1968

Acharya, MadhavPd, and Ganesh BdrBhattarai, *Criminology Penology* (Kathmandu :BhrikutiAcademic Publications, 2012)

Ahuja, Ram, *Criminology*, (Jaipur:Rawat Publications, 2011)

Allen, Michael J., *Textbook on Criminal Law* (6th edition), (New York : Oxford University Press, 2001

Bhattarai, Ananda Mohan, Transnational Organized Crime : Effective Preventive Measures in *Organized Crime : An Introduction* (Kathmandu : National Judicial Academy, 2011)

Conklin, John E., *Criminology*, (Fifth Edition) (USA : Allyn and Bacon, 1995)

Gandhirajan, C. K., *Organized Crime*, (New Delhi : A.P.H. Publishing Corporation, 2004)

Mallory, Stephen L., *Understanding Organized Crime* (Massachusetts : Jones and Bartlett Publishers, 2007)

Organized Crime : An Introduction, (Kathmandu : National Judicial Academy, 2011)

Paranjape, N. V., *Criminology and Penology* (14th Edition), (Allahabad : Central Law Publications, 2009)

Qadri, S.M.A., *Ahmad Siddique's Criminology and Penology*, Sixth Edition, (Lucknow : Eastern Book Company, 2009)

Reckless, Walter C., *The Crime Problem*, Second Edition (New York : Appleton-Century-Crofts, 1955)

Regmi, Sanjib Raj, The concept of Organised Crime, International Practice and the Controlling Law in Nepal, *Sopan Monthly*, vol. 6, No. 138, (2015) 14 (Original in Nepali)

Reid, Sue Titus, *Crime and Criminology*, (eighth edition) (New York : Mc Graw Hill, 1997)

Siegel, Larry J., *Criminology*, (USA : Wadsworth / Thomson Learning, 2000)

Pradhananga, Rajit Bhakta and Balram Prasad Raut, Nepalese Experience of Organized Crime: an Appraisal, in *Nepal Law Review*, vol. 23, (Kathmandu : Nepal Law Campus, Faculty of Law, Tribhuvan University, 2011)

कार्यपत्र : १५, संगठित अपराधको अवधारणा र नेपालमा संगठित अपराध सम्बन्धी मुख्य कानूनी व्यवस्थाहरु

राम प्रसाद अधिकारी
जिल्ला न्यायाधिवक्ता

संगठित अपराधको अवधारणा र नेपालमा संगठित अपराध सम्बन्धी मुख्य कानूनी व्यवस्थाहरु

१.१ अवधारणा

संगठित अपराध प्राविधिक शब्दावली हो ।[1] संगठित अपराधको अर्थ संगठन र अपराध शब्दहरु छुट्टाएर खोज्न सकिन्छ । संगठन भनेको निश्चित उद्देश्यले गठन हुने समूह हो । अपराध भनेको देश समाजको कानून मूल्य मान्यता विरुद्धको कार्य हो ।[2] समूह भएर अपराध गर्दैमा त्यसलाई संगठित अपराध भन्न मिल्दैन । त्यसको उद्देश्य, शैली, प्रभाव तथा संलग्न व्यक्तिहरुको रचना जस्ता विषयलाई हेर्नुपर्ने हुन्छ । सामान्यतया संगठित अपराध आर्थिक लाभ प्राप्त गर्ने उद्देश्यले गरिन्छ । यो अपराध दक्षता प्राप्त गरेका तीन वा तीन भन्दा बढी व्यक्तिहरुको संलग्नतामा घटाइने हुँदा अपराधमा संलग्न व्यक्तिहरुको पहिचान गर्न साह्रै कठिन हुन्छ । संगठित अपराध एक देशको सिमामा मात्र नरही अन्तरदेशीय हुन्छ । संगठित अपराधको योजना एक देशमा तयारी अर्को देशमा र तेश्रो देशमा घटना हुने अर्थात कार्यान्वयन हुने हुन सक्छ ।[3] आपराधिक उद्देश्य विशेष गरी आतङ्क मच्चाउँदै राजनैतिक क्रियाकलाप समेतमा अस्थिरता पैदा गर्ने समेत रहन्छ ।

---

1 Pro Madav. Pd. Acharya and Ganesh Bdr. Bhattarai (2012) Bhrikuti Academic Publication, Kathmandu, p. 156.

2 दिपेश के.सी. (२०७०) नेपालमा संगठित अपराध ब्रदर्श बुक काठमाडौं पृष्ठ ९

3 Nepa Law Review Year 36 Vol. 23, No. 12 (2011) Nepal Law Campus, Faculty of Law, T.U., Kathmandu, page 7.

संगठित अपराध भन्ने शब्दावली सन् १९१९ मा सिकागो अपराध आयोगले पहिलोपटक प्रयोगमा ल्याएको थियो ।[4] सन् १९६० को दशकमा अमेरिकाबाट औपचारिक रुपमा शुरु भएको संगठित अपराधको शब्दावली अझैसम्म पनि स्पष्ट परिभाषित हुन सकेको पाइँदैन् । संगठित अपराधको परिभाषा एवं अब धारणा आफैमा जटिल अवधारणा हो ।[5]

१.२. परिभाषा

अन्तदेशिय संगठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि २००० ले संगठित अपराधको परिभाषा नगरी "संगठित आपराधिक समूहको" परिभाषा गरेको पाइन्छ । जसका अनुसार :

"Organized criminal group" shall mean a structured group of three or more persons, existing for a period of time and acting in concert with the aim of committing one or more serious crimes or offences established in accordance with this convention, in order to obtain, directly or indirectly, a financial or other material benefit"[6] संगठित आपराधिक समूह भन्नाले तीन वा तीनभन्दा बढी व्यक्तिहरुको संरचनात्मक समूह जुन कुनै समय अवधिसम्म कुनै एक वा धेरै गम्भिर अपराध गरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आर्थिक वा भौतिक फाईदा लिनको लागि बनाइएको हुव्छ भनि परिभाषित गरिएको देखिन्छ । उक्त महासन्धिले देहायको चरित्र भएका अपराधलाई संगठित अपराध मानेको छ ।

- संगठित आपराधिक समूह ।
- तीन वा तीनभन्दा बढी व्यक्तिको संलग्ना ।

---

4 केदार पौडेल (२०२९), संगठित अपराध सम्बन्धी जानकारी, संगठित अपराधः एक परिचय श्रोत सामग्री प्रकाशक राष्ट्रिय न्यायिक प्रतिष्ठान, पृष्ठ २ ।

5 डा. लामा कुन्साङ (२०७५) संगठित अपराधको अवधारणा (नेपालमा संगठित अपराध सम्बन्धी कानून कार्यान्वयनको अवस्था सम्मेलन विशेषाङ्क काठमाडौं नेपाल महान्यायाधिवक्ताको कार्यालय, पेज १९५, १९६ ।

6 UN Convention on Transnational organized crime (GARES 55/25, 15 Nov. 2000) Art 2.

- संरचनागत समूह : औपचारिक वा अनौपचारिक रुपमा विना उद्देश्य गठन भएको नभई आर्थिक लाभ वा भौतिक लाभ प्राप्त गर्ने उद्देश्यले गठन भएको, माथिबाट तलको संरचनागत व्यवस्था सहित गठन भएको हुन्छ ।
- गम्भिर अपराध : न्यूनतम ४ वर्ष कैद सजाय हुने प्रकृतिको अपराध । इन्टरपोल (Interpol) ले सन् १९९८ मा गरेको परिभाषा अनुसार सगठित अपराध भन्नाले अन्तर्राष्ट्रिय सिमानाको वास्ता नगरी आर्थिक लाभ प्राप्त गर्ने उद्देश्यले निरन्तर रुपमा गैरकानूनी कार्यमा संलग्न रहने कुनै संगठन वा व्यक्तिहरुको समूह बुझिन्छ ।[7]

यस्तै अमेरिकाको organized crime control act, 1970 ले संगठित अपराधलाई unlawful activities of a highly organized, disciplined association or by members of criminal syndicates operative throughout the United States.[8] भनि परिभाषित गरेको छ ।उल्लेखित ले संगठनको संरचनात्मक स्वरुप, अपराधको उद्देश्य र प्रकृत हासिल गर्न खोजेको लाभको आधारमा संगठित अपराधलाई परिभाषित गर्न खोजेको देखिन्छ । यो परिभाषाले आपराधिक संगठन भन्दा पनि त्यस्तो संगठनबाट प्राप्त गर्न खोजेको लाभलाई जोड दिएको देखिन्छ ।

नेपालको सन्दर्भमा उल्लेखित अन्तर्राष्ट्रिय स्तरमा परिभाषित स्तर अनुरुप नै संगठित अपराध निवारण ऐन, २०७० को दफा २ (घ) ले "अपराधिक समूह" को परिभाषा गरिएको छ । उक्त दफाले "आपराधिक समूह" भन्नाले प्रत्यक्ष वा परोक्ष रुपमा परिच्छेद २ मा उल्लेखित संगठित अपराध गर्ने उद्देश्यले नेपालभित्र वा नेपाल बाहिर रहेभएको संगठित वा असंगठित तीन वा तीनभन्दा बढी व्यक्तिहरुको समूह सम्झनु पर्छ" भन्ने व्यवस्था उल्लेख गरिएको छ । उक्त ऐनले देहायका कसुरलाई संगठित अपराध मानेको देखिन्छ ।

- प्रचलित कानून बमोजिम तीन वर्षभन्दा बढी सजाय हुने कसुर,
- प्रचलित कानून बमोजिम भ्रष्टाचार वा सम्पत्रि शुद्धिकरण वा आतंककारी क्रियाकलापमा बित्तिय लगाानी मानिने कसुर,

---

7 Any enterprises or group of persons engaged in a continuing illegal activities which has as is primary purpose the generation of profits irrespective of natioanl boundaries.

8 US Organized Crime Control Act, 1970.

- आपराधिक समूहको स्थापना, विध्वंसात्मक कार्य सम्बन्धी कसुर,
- न्यायिक कारवाहीमा अवरोध
- आपराधिक लाभ लिने कार्य ।

उल्लेखित कसुरहरु आपराधिक समूहको लाभको लागि आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भइ जानीजानी गरेमा संगठित अपराध गरेको मानिनेछ ।[9] यसैगरी उक्त ऐनले तीन वर्षभन्दा बढी कैद सजाय हुने कसुर, आपराधिक समूहको स्थापना, संगठित अपराधको न्यायिक कारवाहीमा अवरोध, विध्वंसात्मक कार्य, आपराधिक लाभ (एक्सल्र्सन) लिने कार्य र प्रचलित कानून बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धिकरण मानिने र आतंककारी क्रियाकलापमा वित्तिय लगानी सम्बन्धी कसुरलाई गम्भिर अपराध मानेको छ ।

ऐनको प्रावधान बमोजिम संगठित अपराधको लागि तीन वा तीनभन्दा बढी व्यक्तिहरुको संलग्नता अनिवार्य रहेको देखिन्छ । संगठित अपराधको लागि ३ वा सो भन्दा बढी व्यक्तिहरु हुनुपर्ने अनिवार्य व्यवस्था संगठित अपराध विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको मापदण्ड अनुरुप रहेको देखिए तापनि महासन्धिले केवल संगठित आपराधिक समूह (Structured group) लाई मात्र संगठित अपराधको परिभाषा भित्र राखेकोमा नेपालले संगठित अपराध निवारण ऐन २०७० मा असंगठित व्यक्तिहरुको संलग्नतालाई पनि संगठित अपराधको श्रेणीमा लिने गरी गरेको व्यवस्था महासन्धि अनुरुप देखिँदैन ।

१.३. संगठित अपराधका आधारभूत तत्वहरु

(i) संगठित आपराधिक समूह (Organized criminal group)

(ii) गम्भिर अपराध (Serious crime)

[9] संगठित अपराध निवारण ऐन, २०७० दफा ३ (२) ।

(i) **संगठित आपराधिक समूह** (Organized criminal group)

महासन्धिले संगठित अपराधमा आपराधिक कार्यका लागि ३ वा सो भन्दा बढी व्यक्तिहरु रहेको आपराधिक समूह हुनुपर्ने[10] । यस्ता संगठनहरु औपचारिक प्रवृत्तिको हुने हुँदा औपचारिक तरिकाले नेतृत्व परिवर्तन हस्तान्तरण हुने गर्दछ । संगठनमा आफ्नै तहगत संरचना, जिम्मेवारी अधिकार दायित्वका आधारमा विभिन्न तह र श्रेणी रहेको संरचनात्मक व्यवस्था रहेको पाइन्छ । संगठनमा सदस्यको विस्तारको नीति रहेको भएता पनि यसको सदस्यता गोप्य र सीमित हुन्छ । गैरकानूनी तरिकाले लाभ कमाउने समान उद्देश्य, आपराधिक पृष्ठभूमि, वर्गीय, जातिय तथा धार्मिक आधार लगायतका व्यक्तिहरु मात्र कठिन परिक्षण पश्चातमात्र सदस्यता दिने र छाड्न पनि कठिन हुने हुँदा जीवनभर रहने प्रतिबद्धता रहने जस्ता व्यवस्था गरिएको हुन्छ । संगठनमा एकता र अनुशासन रहने हुँदा "जो गर्दैन, ऊ रहँदैन" भन्ने रहन्छ । यस्तो अपराधमा नाइके (boss) देखिन कठिन हुन्छ । संगठनलाई नाइके (boss) ले लुकेर मात्र व्यवस्थित गर्दछ । संगठन सञ्चालनमा सबैको भूमिका रहन्छ । खतरा कम गर्न तल्लो तहका लागि जटिल काम लगाइन्छ । जसले गर्दा माथिल्लो तहका अपराधि सायदै पक्राउ पर्दछन् ।

(ii) **गम्भिर अपराध (Serious crime)**

महासन्धिले न्यूनतम ४ वर्ष वा सो भन्दा बढी वा कठोर सजाय हुने अपराधलाई गम्भिर अपराधको रुपमा लिएको छ ।[11] त्यस्ता अपराधहरुमा संगठित आपराधिक क्रियाकलापका माध्यमबाट गैरकानूनी लाभ प्राप्त गर्न संगठित रुपमा गरिने आपराधिक कार्यलाई लिने गरेको पाइन्छ ।

---

10 पादटिप्पणी ५, पेज नं. Article २ (a) ।

11 पादटिप्पणी ६, पेज नं. Article २ (a) ।

१.४.संगठित अपराधका विशेषताहरु (Characteristics of organized crime)

संगठित अपराधको दायरा फराकिलो हुन्छ । यो अपराध राष्ट्रिय तहमा मात्र सीमित अन्तर्राष्ट्रिय तहसम्म फैलिएको हुन्छ । परिणामत: यस्ता संगठनहरुको विश्वव्यापी सञ्जाल (Network) तथा संस्थाको विकास भएको छ । उदाहरणका लागि अमेरिकाको सिलसिला माफिया (Sicilian Mafia), इटालीको कामोरा (Comorra), आइरिस मोव (Irishmob), जापानको याकुजा (Yakuza), रसियाको (Russia Mafia) सँग सोझो सम्पर्क रहेको पाइन्छ ।[12] समूह भित्र बलियो संगठन, सञ्जालमा एकता र अनुशासनको पालना हुने हुँदा "जो गर्दैन उ रहँदैन" अर्थात मारिन पनि सक्छ । संगठित अपराधिहरु एउटै धन्दामा मात्र सीमित नरही अनेकौं गैरकानूनी धन्दामा समेत संलग्न रहन्छन् । तसर्थ संगठित अपराधका विशेषताहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१) संगठनिक निरन्तरता (Organizational continuity): स्थायी प्रकृतिको आपराधिक गिरोहका रुपमा सक्रिय रहनुका साथै एउटा अपराधिको जीवन पर्यन्त पनि चलिरहने, औपचारि संगठनको जस्तो नेतृत्व परिवर्तन समेतको गुन्जायस रहने हुन्छ ।

२) संगठनको अकार : संगठित अपराधमा उल्टो पिरामीडको आकारमा सक्रिय हुन्छ । पिरामिडको टुप्पोदेखिए पनि संगठनको नाइके (boss) नदेखिन सक्छ ।

३) नियन्त्रित सदस्यता : संगठन बनाउँदा संगठन प्रति वफादार अपराध गर्नलाई प्रतिबद्धता जनाएपछि मात्र स्वीकार गरिन्छ ।

४) संगठित सन्जाल : यसमा दृश्य र अदृश्य सञ्जाल जकडिएको हुन्छ । जसको सम्बन्ध अन्तर्राष्ट्रिय तहसम्म पनि हुन सक्छ । एउटा अपराधिको सम्बन्ध अर्कोसँग स्थापित हुन्छ आपराधिक संगठनमा राजनीतिक नेता, प्रहरी, कर्मचारीका अलावा तल्लो तहका अपराधि समेतको संलग्नता हुन्छ । निजहरु बीच आर्थिक सम्बन्धले उनीहरुलाई जोड्ने काम गरेको हुन्छ ।

---

[12] पादटिप्पणी ४, पृष्ठ ४ ।

५) आपराधिक कार्य : संगठित अपराध एउटा निरन्तर रुपमा आर्थिक वा अन्य भौतिक उपलब्धी प्राप्त गर्ने आपराधिक क्रियाकलापको रुपमा रहन्छ ।[13]

६) द्वश भैं झगडा (violence) संगठित अपराधमा दंगा, धाकधम्की, आक्रमण अभिन्न अंगको रुपमा रहन्छ ।[14]

यसका अतिरिक्त निम्न विशेषताहरु पनि रहने हुन्छ ।

- समयानुकुल सक्रिय रहने
- अपराधका माध्यमबाट लाभ प्राप्त गर्ने
- सुरक्षित रहन खोज्ने
- संगठित अपराध र भ्रष्टाचारबीच गहिरो सम्बन्ध रहेको हुन्छ ।
- एक अर्कालाई सहयोग पुऱ्याई अवैध धन्दा सञ्चालन
- रणनीति र सञ्चालन बदलिरहने ।

१.५. संगठित अपराधका स्वरुप (Categorization of Organized Crime)

मुख्यतया संगठित अपराधका स्वरुप निम्न अनुसार रहेको मानिन्छ ।

i) Organized gang criminality

ii) Racketeering

iii) Sandicate crime

iv) Smuggling[15]

माथि उल्लेखित विश्लेषणबाट संगठित अपराध भन्नाले संगठित आपराधिक समूहद्वारा कुनै आर्थिक वा भौतिक फाइदा लिने उद्देश्यले गरिने गम्भिर अपराधलाई बुझ्न सकिन्छ ।

---

13 पादटिप्पणी ४, पृष्ठ ३ ।

14 पादटिप्पणी ४, पृष्ठ ३ ।

15 पादटिप्पणी ४, पृष्ठ १२-१३ ।

१.६. संगठित अपराध अन्तर्गत हुने आपराधिक क्रियाकलापहरु

नेपालमा संगठित आपराधिक समूहले संगठित रुपमा गरिने गम्भिर अपराधभित्र निम्न प्रकारका अपराधहरु पर्ने गरेका छन् :[16]

- अपहरण हत्या (Abduction, murder)
- सम्पत्ति शुद्धिकरण (Money landering)
- भ्रष्टाचार (Corruption)
- आतंकवाद (Terrorism)
- मानव ओसारपसार बेचबिखन (Human trafficking and transportation)
- लागू औषध कारोवार (Drug trafficking)
- वन्यजन्तु सामग्री तस्कर
- हातहतियार उत्पादन ओसार पसार (Production and trafficking of arms weapons)
- डकैती (Robbery)
- तस्करी (Sumggling)
- मुद्दाको अपचलन, नक्कल मुन्द्राको चलन (Counterfeting money)
- कालोबजारी (Black marketing)
- बैंक घोटाला (Bankng fraud, loan sharking)
- हत्याको सौदा (Contract killings)
- वेश्यावृत्ति (Prostitution)
- विस्फोटन (Bombing)
- कीर्तेठगी (Fraud, cheating) आदि

संगठित अपराधको उत्पत्ति समाजबाटै हुन्छ । यसको चुनौती पनि समाजमा नै पर्दछ । आधुनिक विश्वमा बढ्दो विश्वव्यापीकरण, यातायात सञ्चार र विज्ञान प्रविधिको विकासले गर्दा संगठित अपराधको नयाँ रुपमा विकास हुँदै गइरहेको छ । संगठित अपराधको प्रवृत्ति

16 पादटिप्पणी ४, पृष्ठ २२ ।

केवल एक राष्ट्रभित्र मात्र सीमित नरही अन्तरदेशिय प्रकृतिको संगठित अपराधहरु बढ्दै गइरहेको छ ।[17]

संगठित अपराधले देशको आन्तरिक शान्ति सुरक्षामा खतरा निम्त्याउन सक्छ । राष्ट्रिय अर्थतन्त्रलाई कमजोर बनाउँछ । अन्य आर्थिक अपराधहरु बढ्छन् । भ्रष्टाचार, अस्थिरता गरिबी बढाउँछ, देशमा शान्ति र सुव्यवस्था कायम गर्न बाधा पुऱ्याउँछ । देशलाई अन्तर्राष्ट्रिय स्तरमा बदनाम गराउनका साथै राष्ट्र नै खतरामा पार्न सक्दछ । तसर्थ अपराधको पहिचान, प्रतिरोध तथा नियन्त्रणका लागि फौजदारी न्याय प्रणाली सफल हुनुपर्दछ । उक्त अपराध निवारणका लागि यसमा संलग्न रहने सबैले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने आजको टड्कारो आवश्यकता छ ।

17 पादटिप्पणी ४, पृष्ठ ५ ।

परिच्छेद २

नेपालमा संगठित अपराध सम्बन्धी मुख्य कानुनी व्यवस्था

२.१.परिचय

अन्तरदेशीय संगठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि सन् २००० को नेपालले सन् 2011, 23 December मा अनुमोदन गरी पक्ष राष्ट्र बनेको हो । उक्त महासन्धिको पुरकका रुपमा ३ बाट अनुबन्ध समेत रहेका छन् । (१) मानव (विशेष गरी महिला बालबालिका) बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा निषेध गर्ने अनुबन्ध (२) भूमि समुन्द्र तथा वायुयान मार्फत् आप्रवासीको तस्करी विरुद्धको अनुवन्ध (३) गैर कानूनी रुपमा बन्दुक, त्यसको भागहरु, खरखजाना विरुद्धको अनुबन्ध, उक्त अनुबन्धहरु क्रमशः २५ डिसेम्बर २००३, २८ जनवरी २००४ र ३ जुलाई २००५ देखि लागू भएका छन् । महासन्धिका पक्षराष्ट्रहरुले यी अनुबन्धहरुमा रहेको व्यवस्था आफ्नो घरेलु कानून बनाइ लागू गर्ने र अन्तरदेशीय संगठित अपराधको रोकथामका लागि पारस्परिक कानूनी सहायताको विकास गर्ने लगायत पक्षराष्ट्रको जिम्मेवारी उक्त अनुबन्ध हकमा उल्लेख गरेको पाइन्छ । सो अनुबन्धहरुले संगठित अपराध सम्बन्धी Palermo महासन्धिको प्रभावकारी कार्यान्वयनमा महत्वपुर्ण भूमिका निभाएका छन् ।[18]

नेपालमा अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न संगठित अपराध नियन्त्रणका लागि प्रथम दस्तावेजका रुपमा २०६९।११।४ मा संगठित अपराध निवारण अध्यादेश जारी भएको थियो । तत्पश्चात २०७०।१२।१२ मा उक्त अध्यादेशलाई खारेज गरी संगठित अपराध निवारण ऐन २०७० जारी भई कार्यान्वयनमा आएको छ । संगठित अपराध निवारण ऐन २०७० मुलभूत रुपमा निम्न उद्देश्यका साथ आएको देखिन्छ ।

- संगठित अपराधलाई निवारण गर्ने
- समूह बनाई वा सामुहिक रुपमा चरणबद्ध तरिकाबाट हुने अपराधको श्रृंखलालाई तोडेर आपराधिक गतिविधि हुन नदिने,

---

18 प्रधानाङ्ग प्रा.डा. रजितभक्त र लामा कुन्साङ (२०७५) संगठित अपराधको अवधारणा, लिगत आई महाधिवेशन विशेषाङ्ग, काठमाडौं नेपाल डेमाक्रेटिक लयर्स एसोसियसन, पृष्ठ ३८ ।

- विशेष प्रविधि अपनाई संगठित अपराधको अनुसन्धान गर्ने,
- संगठित अपराधमा संलग्न तथा संगठित अपराधलाई जुनसुकै माध्यमबाट सहयोग गर्नेलाई सजाय गर्ने,
- अन्तर्राष्ट्रिय रुपमा हुने संगठित अपराधलाई नियन्त्रणमा सहयोग पुऱ्याउने, संगठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने उद्देश्य समेतले आएको देखिन्छ । ऐनको दफा १ (२) ले नेपाल बाहिर रही बसी नेपाल वा नेपाली नागरिक विरुद्ध संगठित अपराध गर्ने व्यक्तिको हकमा समेत लागू हुनेछ । भन्ने व्यवस्थाले बहिय क्षेत्रीय क्षेत्राधिकार ग्रहण गर्न सक्ने स्पष्ट व्यवस्था गर्दै महासन्धिको धारा १५ को व्यवस्थालाई अनुसरण गर्दै मुख्य रुपमा निम्न व्यवस्थाहरु गरेको छ ।

२.२. संगठित अपराध निवारण ऐन, २०७० मा भएका मुख्य कानूनी प्रावधानहरु

(क) **संगठित अपराधको परिभाषा र अपराधिकरण :** ऐनको दफा २ (घ) ले आपराधिक समूहको परिभाषा गरेको छ । जसअनुसार "आपराधिक समुह" भन्नाले 'प्रत्यक्ष वा परोक्ष रुपमा परिच्छेद २ मा उल्लेखित संगठित अपराध गर्ने उद्देश्यले नेपालभित्र वा नेपाल बाहिर रहे भएको संगठित वा असंगठित तीन वा तीनभन्दा बढी व्यक्तिहरुको समूह सम्झनु पर्छ भन्ने व्यवस्था गरी संगठित अपराध हुनको लागि न्यूनतम तीन वा सोभन्दा बढी व्यक्तिहरु संलग्नतालाई अनिवार्य गरेको देखिन्छ । सो ऐनले संगठित अपराधको परिभाषा गर्दै "कसैले आपराधिक समूको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भिर अपराध गरेमा निजले संगठित अपराध गरेको मानिनेछ ।[19] भनि उल्लेख भएको छ ।

(ख) **गम्भिर अपराध** : ऐनको दफान ३ (३) ले गम्भिर अपराधको परिभाषा गरेको छ । (क) प्रचलित कानून बमोजिम तीन वर्षभन्दा बढीको सजाय हुने कसुर (ख) परिच्छेद ३ बमोजिमको आपराधिक समूहको स्थापना गर्ने, संगठित अपराधको न्यायिक कारवाहीमा अवरोध गर्ने, विध्वंसात्मक कार्य गर्ने, आपराधिक लाभ लिने । (ख) प्रचलित कानून बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धिकरण वा आतंकवादी क्रियाकलापमा वित्तिय लगानी मानिने कसुर

19 संगठित निवारण ऐन, २०७४ को दफा ३ (१) ।

(ग) **संगठित अपराध सम्बन्धी निषेधित कार्य** : ऐनको परिच्छेद ३ को दफा ५ देखि ८ सम्म संगठित अपराध सम्बन्धी निषेधित कार्यहरुको व्यवस्था गरेको छ । जस अनुसार

- **आपराधिक समूह स्थापना गर्न नहुने** : - "कसैले कुनै आपराधिक समूहलाई संगठित अपराध गर्न वा संगठित अपराध गर्न सघाउ पुऱ्याउन कुनै काम जानी जानी गरी वा नगरी सो समूहको काम कारवाहीमा सहभागी हुने वा सघाउ पुऱ्याउने वा सञ्चार साधन वा सूचना प्रविधि उपलब्ध गराउने वा आर्थिक सहयोग गर्ने वा कुनै साधन उपलब्ध गराउने वा संगठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने, लुकाउने वा भगाउने कार्य गर्न वा गराउन हुँदैन ।[20] साथै संगठित अपराधको तयारी, उद्योग षडयन्त्र वा दुरुत्साहन दिन वा मतियार हुन नहुने व्यवस्था गरेको छ ।[21]
- **न्यायिक कारवाहीमा अवरोध गर्न नहुने** : कसैले संगठित अपराधको न्यायिक कारवाहीको सिलसिलामा गरिने वा गरिएको कुनै काम कारवाहीमा बाधा अनुरोध खडा गरी न्यायिक कारवाहीमा अवरोध गर्न वा गराउन हुँदैन"[22] भनि निषेध गरेको छ ।
- **आपराधिक लाभ (एक्सटर्सन) लिन नहुने** : कसैले नियतपूर्वक कुनै व्यक्तिलाई निजको वा अरु कसैको ज्यू ज्यान वा सम्पत्तिमा कुनै क्षति पुऱ्याउने डर त्रासमा पारी निजबाट बेइमानीपूर्वक आफ्नो वा अरु कसैको लागि नगदी, जिन्सी वा अन्य कुनै लाभ उठाएमा वा त्यस्तो लाभ उठाउने नियतले कुनै काम गरे वा गराएमा वा निजलाई कुनै काम गर्नबाट रोकेमा आपराधिक लाभ लिएको मानिनेछ ।[23] भन्ने व्यवस्था ऐनले गरेको छ ।
- **विध्वंशात्मक कार्य गर्ने**

(घ) **अनुसन्धान र अभियोजना सम्बन्धी व्यवस्था** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तिय लगानी बाहेकका संगठित अपराधको अनुसन्धान कम्तिमा अधिकृतस्तरको प्रहरी कर्मचारीले

---

20 संगठित निवारण ऐन, २०७४ को दफा ३ (४ ।

21 ऐजन ।

22 ऐ. दफा ६ (१) ।

23 ऐ. दफा ८ (२) ।

गर्नेछ ।[24] विशेष अनुसन्धान टोली गठन गर्न सक्ने, संगठित अपराधको अनुसन्धान गर्नको लागि सम्बन्धित विषयको विशेषज्ञ संलग्न रहेको अनुसन्धान टोली गठन गर्न उपयुक्त देखिएमा नेपाल सरकारले महान्यायाधिवक्ता र प्रहरी महानिरीक्षकसँग परामर्श गरी त्यस्तो टोली गठन गर्न सक्नेछ ।[25] संगठित अपराधको अनुसन्धान गर्दा आवश्यकता अनुसार नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलीभरी) वा गुप्त कारवाही अनुसन्धान (अण्डर कभर अपरेशन) र यस्तै अन्य पद्धति अपनाउन सकिनेछ ।[26] अपराधराध अनुसन्धानका लागि अपराधको आरोप लागेको व्यक्तिलाई अदालतको अनुमति लिई पटक पटक गरी साठी दिन सम्म हिरासतमा राख्न सकिनेछ ।[27] प्रहरी कार्यालय बाहेक अन्य निकायमा उजुरी परेमा त्यस्तो निकायले भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण र आतंककारी क्रियाकलापमा वित्तिय लगानी सम्बन्धी मुद्दाको उजुरी तथा कुनै प्रमाण संकलन गरेको भए सो समेत संलग्न गरी सम्बन्धित निकायमा र अन्य उजुरीका हकमा सम्बन्धित प्रहरी कार्यालयमा तुरुन्त पठाउनु पर्नेछ ।[28] अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिको सञ्चार तत्काल अभिलेख नगर्ा नहुने भएमा अनुसन्धान अधिकारीको अनुरोधमा वा आवश्यक भएमा कम्तिमा प्रहरी अतिरिक्त महानिरिक्षक दर्जाको प्रहरी अधिकृत आफैले लिखित रुपमा कारण खुलाई सोको अभिलेख राखि कुनै व्यक्तिको सञ्चार अभिलेख गर्न अनुसन्धान अधिकारी वा अन्य प्रहरी कर्मचारीलाई लिखित रुपमा आदेश दिन सक्ने ।[29] साथै अनुसन्धान अधिकारीले निम्न आदेश गर्न सक्ने व्यवस्था छ ।

- सम्पत्ति रोक्न राख्न सक्ने,[30]
- कारोबारको विवरण माग्न वा कारोबार खाता रोक्का राख्न सक्ने ।[31]

---

24 ऐ. दफा ११ ।

25 संगठित निवारण ऐन, २०७४ को दफा १२ ।

26 ऐ. दफा १३ ।

27 ऐ. दफा १४ ।

28 ऐ. दफा ३० ।

29 ऐ. दफा २६ ।

30 ऐ. दफा १५ ।

- राहदानी रोक्का राख्न सक्ने[32]
- टेलिफोन वा सञ्चारको विवरण माग गर्न सक्ने[33]
- सञ्चार माध्यम निस्कृय गर्न सक्ने[34]

(ङ) सूचना अभिलेख सम्बन्धी विशेष व्यवस्था : सञ्चार अभिलेख गर्न अनुमति दिने प्रयोजनको लागि नेपाल सरकारले नेपालराजपत्रमा सूचना प्रकाशन गरी नेपाल सरकारको कम्तिमा प्रथम श्रेणीको कुनै अधिकृत वा कुनै निकायलाई अधिकार प्राप्त अधिकारी तोक्ने व्यवस्था गरेको छ ।[35] अभिलिखित सञ्चार सम्बन्धी विवरण संगठित अपराधको मुद्दाको कारवाहीको लागि बाहेक अन्य प्रयोजनका लागि गोप्य रहने छ ।

(च) सजायको माग दावीमा छुट दिन सकिने : संगठित अपराधको अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको अपराध स्वीकार गरी सो अपराधका सम्बन्धमा प्रमाण जुटाउन तथा अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकील वा अदालतलाई सघाउ पुऱ्याएमा र निजले पहिलो पटक संगठित अपराध गरेको देखिएमा त्यस्तो संगठित अपराधमा निजलाई हुने सजायमा पचहत्तर प्रतिशत सम्म छुट दिने गरी माग दावी लिइ मुद्दा दायर गर्न सकिनेछ ।[36]

(छ) प्रमाण सम्बन्धी विशेष व्यवस्था : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि संगठित अपराधको मुद्दामा प्रमाणको सम्बन्धमा यस एनेमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य प्रचलित कानून बमोजिम हुने ।[37]

---

31 ऐ. दफा १६ ।

32 ऐ. दफा १७ ।

33 ऐ. दफा १८ ।

34 संगठित निवारण ऐन, २०७४ को दफा १९ ।

35 ऐ. दफा २३, २४ ।

36 ऐ. दफा २१ (१) ।

37 ऐ. दफा ३७ ।

- श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत अभियुक्तलाई उपस्थित गराउन सकिने ।[38]
- श्रव्य दृश्य संवाद वा डोर मार्फत सुराकी, उजुरीकर्ता वा साक्षीलाई बुझ्न सकिने ।[39]
- काल्पनिक वा साङ्केतिक नामबाट वयान वा बकपत्र गराउन सकिने ।[40]
- विदेशी मुलुकको अदालत वा सो मुलुकको आधिकारिक निकायबाट संकलन गरिएको वा परीक्षण गरिएको सबुद्ध प्माणलाई अदालतले प्रमाणमा लिन सक्ने ।[41]

(ज) जिरह सम्बन्धी/विशेष व्यवस्था

- अभियुक्तले कुनै प्रकारको जिरह वा प्रश्न गर्न नसक्ने,
- अदालतले आदेश दिएका अभियुक्तको कानून व्यवसायीले श्रव्य दृश्य संवादमार्फत वा अभियुक्तले निजलाई नदेख्ने वा निजको पहिचान गर्न नसक्ने, नदेख्ने र साक्षीले व्यक्त गरेको कुरा नसुन्ने गरी जिरह गर्न सक्ने,
- जिरह गर्ने कानून व्यवसायीले जिरह गर्नु अघि जिरह गरिने व्यक्तिको कुनै पनि परिचयात्मक विवरण कुनै पनि प्रकारले कसैलाई प्रकट नगर्ने गरी लिखित रुपमा अदालतले तोकेको ढाँचामा न्यायाधीश समक्ष शपथ लिनुपर्ने ।
- जिरहको कार्यमा संलग्न कर्मचारीले पनि विवरण कसैलाई प्रकट नगर्ने गरी लिखित रुपमा न्यायाधीश समक्ष शपथ लिनुपर्ने व्यवस्था छ ।[42]

(झ) मुद्दाको कारवाही र किनारा सम्बन्धी व्यवस्था : भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण र आतंककारी क्रियाकलापमा बित्तिय लगानी सम्बन्धी मुद्दा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालत र अन्य संगठित अपराध सम्बन्धी मुद्दा जिल्ला अदालतबाट कारवाहि र किनारा हुने,[43] थुनामा राखी पूर्पक्ष गर्न सकिने[44], बन्द इजलाशमा कारवाही

---

38 ऐ. दफा ३३ ।

39 ऐ. दफा ३४ ।

40 ऐ. दफा ३९ ।

41 संगठित निवारण ऐन, २०७४ को दफा ३९ ।

42 ऐ. दफा ३६ ।

43 ऐ. दफा ४० ।

तथा सुनुवाइ हुने[45], दोभाषे अनुवादक राख्न सक्ने[46], वैतनिक कानुन व्यवसायी उपलब्ध गराउनु पर्ने[47] समेतका व्यवस्था गरिएको छ ।

(ञ) सुराकी, उजुरीकर्ता र साक्षीको संरक्षण सम्बन्धी व्यवस्था : संगठित अपराधको सुराकी गर्ने, उजुरी गर्ने वा सूचना दिने व्यक्तिले आफ्नो परिचय गोप्य राख्न चाहेमा गोप्य राख्नुपर्ने,[48] साक्षीको आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको सुरक्षामा खतरा रहेमा सुरक्षाको प्रबन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्ने,[49] सुरक्षाको प्रबन्ध गर्नुपर्ने उजुरीकर्ता वा साक्षी वा तिनको परिवारका सदस्यहरुको संरक्षणको लागि अदालतले उपयुक्त ठहऱ्याएका विवरण तथा मुद्दा सम्बन्धी अभिलेख गोप्य राख्ने,[50] सुराकी उजुरीकर्ता वा साक्षी संरक्षण गर्ने सम्बन्धमा अपनाइएको कुनै विषयका सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नपाइने,[51] व्यवस्था गरेको छ ।

(ट) क्षतिपूति भराउने सम्बन्धी व्यवस्था : यस ऐन बमोजिम कुनै कसुर गरी सरकारी सार्वजनिक वा निजी सम्पत्ति क्षति भएको रहेछ भने सो कसुर गर्ने वा गराउने व्यत्तिबाट क्षतिपूर्ति भराउनु पर्ने रहेछ भने सो कसुर गर्ने गराउने व्यक्तिबाट क्षतिपूर्ति भराउनु पर्नेछ । क्षतिपूर्ति कसुरदारले भुक्तानी नगरेमा निजको अंश भागमा पर्ने सम्पत्ति लिलाम गरी असुल उपर गर्नुपर्ने, सो बमोजिम क्षतिपूर्ति असुल उपर हुन नसकेमा जरिवाना वापत प्रचलित कानून बमोजम हुने अवधिसम्म कैद हुने,[52] व्यवस्था ऐनले गरेको छ ।

---

44 ऐ. दफा ४१ ।

45 ऐ. दफा ४२ ।

46 ऐ. दफा ५४ ।

47 ऐ. दफा ५५ ।

48 संगठित निवारण ऐन, २०७४ को दफा ५३ ।

49 ऐ. दफा ५३ (२) ।

50 ऐ. दफा ५३ (४) ।

51 ऐ. दफा ५३ (६) ।

52 ऐ. दफा १० ।

परिच्छेद ३

३.१.संगठित अपराध सम्बन्धी सर्वोच्च अदालतको दृष्टिकोण

संगठित अपराध निवारण ऐन, २०७० लागू भएको लामो समयावधि नभै सकेको अवस्थामा सोही ऐनलाई आधार मानि अदालतबाट व्याख्या हुन सकेको अवस्था छैन । सर्वोच्च अदालतले संगठित अपराध निवारण ऐन, २०७० जारी हुनुपूर्व र तत्पश्चात् समेत विभिन्न मुद्दाको रोहमा व्याख्या गर्ने क्रममा संगठित अपराधको अवधारणा, परिभाषा, प्रकृति अपराधको तौरतरिका, आपराधिक समूहले अपराध गर्दा अवलम्बन गर्ने सचेतता लगायतका पक्षहरुको व्याख्या गरी महत्वपूर्ण सिद्धान्तहरु समेत प्रतिपादन भएको पाइन्छ ।[53] जुन निम्नानुसार उल्लेख गर्न सकिन्छ

१. दुर्गा उप्रेती विरुद्ध नेपाल सरकार (ठगी)

संगति अपराधको प्रकृति सामान्य अपराधभन्दा पृथक हुन्छ । अपराधका यी दुवै प्रकृतिलाई एउटै दृष्टिले हेर्न सकिन्न । बृहत् योजना र विस्तारित तयारीका साथ सम्पन्न हुने संगठित अपराधमा धेरै व्यक्तिको बेग्लाबेग्लै भूमिका हुन्छ । पृथक पृथक व्यक्तिको फरक फरक कार्यले एउटा संगठित अपराध सम्पन्न हुन्छ । तसर्थ प्रत्येक प्रतिवादीको सम्पन्न अपराधमा संलग्नतालाई प्रमाणको आधारमा प्रष्टी हुने नहुने कुरा निर्धारण गर्नुपर्ने ।[54]

२. चार्ल्स गुरुमुख शोभराज विरुद्ध नेपाल सरकार, (कर्तव्यज्यान)

अपराध गर्दा अपनाइएको तरिका र अपराधको प्रकृति हेर्दा अपराधीपूर्ण सचेत, सावधान रहि नियोजित र संगठित रुपमा आफ्नो आपराधिक कार्य योजनालाई पूर्णता दिएको देखिन्छ । यस्तो अवस्थामा अभियोजन पक्षद्वारा प्रस्तुत अप्रत्यक्ष प्रमाण र खास गरी परिस्थितिजन्य प्रमाणको आधारमा अपराधीसम्म पुग्नुपर्ने ।[55]

---

53 पादटिप्पणी नं. ५, पेज नं. २३३ ।

54 नेकाप २०६७ अंक २ नि. नं. ८३२१ ।

55 नेकाप २०६७ अंक ५ नि. नं. ८६७८ ।

३. गोमा पाँच कोटी विरुद्ध नेपाल सरकार : मुद्दा मानव बेचबिखन

कतिपय संगठित प्रकृतिका फौजदारी अपराधमा पीडितले समाजमा बेहोर्न पर्ने क्षति, अपराधबाट समाजलाई पुग्न जाने असर तथा अपराधलाई निरुत्साहित गर्न राज्यले निर्वाह गर्नुपर्ने नियन्त्रणकारी भूमिका समेतलाई मध्यनजर गरी प्रमाणको भार आरोपितलाई नै सार्ने गरी कठोर कानूनी व्यवस्था गर्नु परेको हो ।

- अपराधमा संलग्न पक्ष पेशेवर हुन सक्ने र अपराध वडो योजनाबद्ध एवं संगठित तरिकाले गर्न सक्ने र कतिपय संगठित आपराधिक समूहको संलग्नामा समेत अपराध हुन सक्ने भएकोले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थिति आँकलन गरेर विधायिकाले कानून निर्माण गरेको हो ।[56]

४. सूर्य बहादुर पुन विरुद्ध नेपाल सरकार (गैडामारी खाग बिक्री)

गैंडामारी गैंडाको खाग तस्करी गर्ने उद्देश्यले आपसमा सल्लाह गरी नियोजित रुपमा योजना बनाइ गरेको कार्य संगठित अपराधको रुपमा घटाएको देखिने । यस्तो कार्यमा संगठित समूह संलग्न भएको देखिँदा प्रस्तुत वारदात संगठित अपराधको एउटा कडिको रुपमा हेर्न सकिने । यस्तो संगठित अपराधमा संलग्न प्रतिवादीहरुको कसुरमा हासिल गर्न चाहेको उद्देश्य र असरका आधारमा हेर्नु न्यायिक दृष्टिबाट उपयुक्त हुने ।[57]

५. राम बहादुर गुरुङ विरुद्ध नेपाल सरकार (लागू औषध)

संगठित रुपमा गरिने अपराधमा को कसको साथबाट बरामद भएको भन्ने कुराले त्यति महत्व राख्दैन । दुई वा दुई भन्दा बढी व्यक्तिहरुको व्यक्तिगत सम्बन्धका आधारमा श्रेणीवद्ध रुपले अपराधमा संलग्न भई यस्ता अपराध हुने गर्दछन् । आपराधिक कार्यमा संलग्न भएका व्यक्तिहरुको मुनाफा आर्जन गर्ने वा प्रतिफल प्राप्त सामुहिक उद्देश्य रहन जान्छ । साथै

---

56 नेकाप २०७२ अंक १ नि. नं. ९३३३ ।

57 नेकाप २०६९ अंक ३ नि. नं. ८७५४ ।

त्यस्ता प्रकृतिका अपराधहरुमा कसैलाई क्षति पुऱ्याउने वा हानी नोक्सीनी गर्ने उद्देश्यभन्दा पनि आपराधिक लाभ प्राप्त गर्ने योजनाका साथ सम्पन्न भएका हुन्छन् । लागू औषधको ओसारपसार र कारोवार कुनै एक व्यक्ति विशेषको प्रयासबाट मात्र सम्पन्न हुने नभई लागू औषध संचयकर्ता, खरिद कर्ता ओसार पसार गर्ने र बिक्री वितरणको व्यवस्था मिलाउने व्यक्तिसम्मको संगठित समूहबाट सम्पन्न हुने गर्दछ । यस्ता किसिमका अपराधबाट प्रयाप्त मुनाफा गर्न सकिने भएको हुनाले संगठित आपराधिक समूहले यस्तो प्रकृतिको अपराध गर्ने ।[58]

परिच्छेद ४

४.१. संगठित अपराध अनुसन्धानमा रहेका समस्या एवं त्यसले ल्याउने चुनौतीहरु

विज्ञान प्रविधिको विकासका साथै अपराधिहरुले अपराध गर्दा प्रयोग गर्ने प्रविधिका कारण संगठित अपराधीहरुले गर्ने अपराधको सञ्जाल भित्र पसी प्रमाण संकलन गर्ने कार्य साह्रौ कठिन छ । नेपालमा खास गरी फौजदारी मुद्दाहरु नेपाल प्रहरीले अनुसन्धान गरी आइरहेको छ । अनुसन्धानकर्ताभन्दा आपराधिक समूहको स्तर अपराध गर्दा अपनाउने शैली, तरिका उच्च स्तरमा रहेको देखिन्छ । यस्ता मुद्दाहरुमा अनुसन्धान गर्न दक्ष एवम् प्रविधियुक्त अनुसन्धानकर्ताको आवश्यकता पर्दछ । दक्ष एवं प्रविधियुक्त अनुसन्धान कर्ताको अभावमा सफल अनुसन्धान हुन सकेको छैन ।

अधिकांश मुद्दाहरुको अनुसन्धान नेपाल प्रहरी र अभियोजन सरकारी वकिलबाट हुने गरेको हुँदा अनुसन्धान र अभियोजन गर्ने निकायका बीच राम्रो समन्वयका अभावमा संगठित अपराधको सफल अनुसन्धान र अभियोजन हुन सक्दैन । सफल अनुसन्धान र अभियोजनका अभावमा मुद्दामा आशातित सफलता प्राप्त गर्न सकिँदैन । समन्वयको अभाव चुनौतीकै रुपमा रहेको छ । संगठित अपराधिले एक देशमा बसी अर्को देशमा अपराध घटाउन सक्छ । यस्तो अवस्थामा अनरोधकर्ता र अनुरोध गर्ने देशका बीचमा सपुर्दगी सन्धि बिना अपराधिलाई एक अर्को देशमा सपुर्दगी गर्न सकिन्न । नेपालको हालसम्म भारत बाहेक अन्य देशहरु समेतसँग सपुर्दगी सन्धि समेत भएको अवस्था छैन । भारतसँग पनि भएको सन्धि

58 नेकाप २०७२ अंक १ नि. नं. ९५५३ ।

कामयावी छैन । सपुर्दगी सन्धिको अभावमा अपराधि उपर अभियोजन गरी सजाय गराउन सक्ने अवस्था रहँदैन । अर्कोतर्फ राजनीतिमा अपराधिकरण र अपराधमा राजनीतिकरणबाट नेपाली समाज व्याप्त छ जसले गम्भिर चुनौती खडा गरिरहेको छ । देशभित्रै पनि संगठित आपराधिक गतिविधिहरुले संरक्षण पाइरहेका कारण संगठित अपराध नियन्त्रणमा थप चुनौती खडा भएको छ ।

नेपालमा संगठित अपराधले देशको अर्थतन्त्र सामाजिक सुव्यवस्थामा समेत ह्रास ल्याएको छ । संगठित अपराध बलियो र विस्तारित भएको छ जसले देशको आन्तरिक सुरक्षा असर पुऱ्याउनुका साथै अर्थतन्त्रलाई घरायसी, भ्रष्टाचारलाई बढवा दिई कानूनी राज्य माथि चुनौती र देशलाई अन्तर्राष्ट्रिय स्तरमा समेत बदनाम गराउन सक्ने हुँदा यस प्रकारको अपराध नियन्त्रणमा संगठित अपराध निवारण ऐन निमार्ण भइ कार्यान्वयनमा आएको भएता पनि व्यवहारमा सफल कार्यान्वयन हुन सकिरहेको देखिँदैन । यसको सफल कार्यान्वयनका लागि फौजदारी न्याय प्रशासनमा संलग्न निकाय अनुसन्धान अधिकारी, अभियोजनकर्ता एवं न्यायनिरुपण गर्ने निकाय सबैले आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता छ । आजको अवस्थामा संगठित अपराधको समस्या एक देश वा दुई देशमा मात्र सीमित नरही समग्र अन्तर्राष्ट्रिय स्तरमै समस्याको रुपमा रहेको हुँदा संगठित अपराध निवारणमा अन्तर्राष्ट्रिय स्तरमा समेत सहयोग आदान प्रदान समेत महत्वपूर्ण हुन्छ । जसका लागि सपुर्दगी, पारसपरिक कानूनी सहायताका माध्यमबाट अपराधिलाई कारवाहीको दायरामा ल्याउन प्रमाण संकलन, सूचनाको आदान प्रदान गर्ने संयन्त्रको प्रभावकारी कार्यान्वयन भएमा समग्र संगठित अपराधलाई धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ ।

सन्दर्भसामग्री

- संगठित अपराध निवारण ऐन २०७० ।
- संगठित अपराध : एक परिचय, श्रोत सामग्री राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल हरिहर भवन, ललितपुर, २०६९ ।
- संगठित अपराध सम्बन्धी कानूनको प्रभाव मूल्याङ्कन सम्बन्धी अनुसन्धानमूलक अध्ययन, महान्यायाधिवक्ताको कार्यालय नेपाल २०७४ ।
- दिपेश के.सी., नेपालमा संगठित अपराध ब्रदर्शबुक, काठमाडौं २०७० ।
- डा. कुन्साङ लामा, संगठित अपराधको अवधारणा नेपालमा संगठित अपराध सम्बन्धी कानून कार्यान्वयनको अवस्था सम्मेलन विशेषाङ्क, नेपाल महान्यायाधिवक्ताको कार्यालय, २०७५ ।
- प्रा. डा. रजित भक्त प्रधानाङ्ग र डा.कुन्साङ लामा संगठित अपराधको अवधारणा लिगलआई महाधिवेशन विशेषाङ्क, नेपाल डेमोक्राटिक लयर्स एशोसियसन, २०७५ ।
- नेपाल कानुन पत्रिका ।
- न्याय प्रशासनका आयामहरु सोपान मासिक डिल्लीबजार, काठमाडौं, २०७५ ।
- ProMad.pd A chaya and Ganesh Bdr. Bhattarai, Bhrikuti Academic Publication, Kathmandu, 2012.
- Nepal Law Review, Nepal Year 36, Vol. 23, Law Campus, Faculty of Law, T.U., Kathmandu, 2011.
- U.N. Convention against Transnational organized crime, 2000.and its protocals

कार्यपत्र : १६, मानव बेचविखन तथा ओसार पसार सम्बन्धी संगठित अपराध र नेपाल कानून र यसका चुनौतीहरु

अजीत कुमार लालकर्ण
सहायक जिल्ला न्यायाधिवक्ता

पृष्ठभूमी

मानव सभ्यताको विकास सँगसँगै अपराधहरु को जन्म हुदैं गए । कालान्तरमा अपराधको स्वरुप पुरातन थिए तर मानव सभ्यताको विकास सँगैभईरहेको प्रविधिको विकासले अपराधमा नयाँ नयाँ स्वरुपको जन्म हुन थालेको पाईन्छ । अपराधिहरु कुनै एक देशमा बसेर अर्को देशमा अपराधका घटनाहरु घटाउन थाले यसरी अपराधको रुपस्व संगठित रुपमा नेह गरेको पाइन्छ । संगठित अपराध आजको युगमा ग्लोवलाईज भएको देखिन्छवर्तमानायसरी युगमा संगठित अपराधको रुपमा घटाउने घटनाहरु निरन्त रुपमा बृद्धि हुदैगईरहेको पाइन्छ । यसरी अपराधको स्वरुप संगठित रुपमानेह गरेको पाइन्छ । संगठित अपराध आजको वर्तमान युगमा घटाउने घटनाहरु विस्तृत रुपमा बृद्धि हुदैगई रहेको पइन्छ ।

वर्तमान युगमा परम्परा शैलीमा भन्दा फरक प्रविधिजन्य, संलग्नताको दृष्टिबाट धेरै सख्यामा समुहगत र व्यवस्थापनका शैलि कडा रुपमा अपनाइएको उद्देश्यको विषयमा प्रायः वित्तिय साधन प्राप्त गर्ने, डर, भय तथा आतंक फैलाई समाज र देशलाई नै चुनौति दिने ज्यान लिने तथा भूगोलको दृष्टीले अन्तरदेशिय रुपमा नयाँ नयाँ र जघन्य अपराधहरु घटाउन थालिएको छ । विशेष गरेर आर्थिक लाभका लागि गैर कानुनी गतिविधि संचालन गर्न लागेको पाइन्छ । राजनैतिक रुपमा प्रेरित रहेका आंतकवादी समुहहरुको जन्म हुन थाल्यो । अपराधि संगठनहरुले सर्वसाधरणलाई आफुसँगै व्यवसाय गर्न बाध्य पार्न थाले । यस्ता अपराधी संगठनहरुलाई माफिया, अपराधिक सिन्डीकेट, नेटवर्क, अन्डरवर्ड भन्ने गरिएको छ । अमेरिकाको सिसलियन माफिया, इटालीको कामारे, आयरलैण्डको आयरिसमोब, जापानको याकुजा, रसियन माफिया, ब्राजिल र मेक्सीकन माफिया समुह आदी रहेका छन् । नेपालमा पनि गोरे समुह, घैटे समुह, चरि समुह आदी रहेका छन् । भारतमा छोटा राजन समुह,दाउद इब्राहिम समुह रहेका छन् । यसरी संगठित अपराध इन्टरनेट, आधुनिक प्राविधिहरु प्रयोग सँगसँगै संगठित अपराधको क्षेत्र विस्तारित र जटिल बन्दै गएको पइन्छ ।

परिभाषा

संगठित अपराध भनेको के हो भन्ने तर्फ यसलाई परिभाषा गर्न निकै नै कठिन छ । कुनै अपराधमा संलग्न प्रतिवादिहरुको सख्याको आधारमा मात्र अपराध संगठित हो भन्न सक्ने अवस्था रहदैन । कुनै पनि अपराध संगठित हो कि होइन भनि नामाकरण गर्न त्यसका अवयव तथा त्यसका उद्देश्य, शैलि, प्रभावर संलग्न व्यक्तिहरुको संरचना जस्ता विषयबस्तु लाई हेर्नुपर्ने हुन्छ । संगठित अपराध योजना, तयारी, संगठन, संजाल, प्रयाप्त श्रोत साधन सहित धेरै व्यक्तिहरु मिलेर श्रृखलाबद्ध रुपमा गर्ने गरिन्छ । यसको मूल उद्देश्य आर्थिक लाभ लिने, प्रविधि हासिल गर्ने समाजलाई आतंकित पार्ने सामुहिक बदला लिने आदी रहेका हुन्छ ।

अन्तरदेशिय संगठित अपराध सम्बन्धि राष्ट्र संघिय महासन्धी, २००० ले संगठित अपराधको परिभाषा नगरि संगठित अपराध समुह को परिभाषा गरेकापाइन्छ । जस अनुसार निम्न चरित्र भएको अपराधलाई संगठित अपराध मानेको छ ।

- संगठित समुह
- तिन वा तिन भन्दा बढि व्यक्तिहरुको संलग्ता
- संगठित समुहको निश्चीत समय सम्मको अस्तित्व । निहित उद्देश्यसँग सम्बन्धित ।
- कम्तीमा एउटा अपराधिक कार्य सम्पन्न भएको हुनु पर्ने ।

अमेरिकाको Organization crime control Act 1970 ले संगठित अपराधलाइ Unlawful activities of highly organized, disciplined association or by members of criminal syndicates operative throughout the United States भनी परिभाषा गरेको छ । त्यसै गरी सन् १९७० मा अमेरिकी न्याय विभागले संगठित अपराधलाई "All illegal activities engaged in by members of criminal syndicates operative throughout the US and all illegal activities engaged in by known associates and confederates of such members" भनी परिभाषा गरेको पाइन्छ । यसै गरि अमेरिकाकै अनुसन्धान निकाय FBI ले पनि संगठित अपराधलाई "A containing criminal conspiracy , having an organized structure fed and fear and corruption and motivated by greed " भनी परिभाषा गरेको छ । यसै गरि (INTERPOL) ले सन् १९९८ मा "Any enterprises of group of persons engaged in a continuing activities which has as is primary purpose the generation of profits irrespective of national boundaries" गरेको पाइन्छ ।

नेपालमा संगठित अपराध निवारण ऐन २०७० निम्नले अवस्थामा गरेको कसुरलाई संगठित अपराध मानेको छ ।

- ३ वा सो भन्दा बढिका समुह
- अपराधिक समुहको स्थापना
- प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पति शुद्धिकरण वांकीआतकृयाकलापमा विक्तिय लगानी मानिने कसुर ।
- न्यायिक कार्यबाहिमा अवरोध विध्वंशात्मक कार्य
- अपराधिक लाभ लिने कार्य

यसरी अपराधिक समुहको लाभको लागि,अपराधिक समुहको निर्देशनमा, अपराधिक समुहको तर्फबाट अपराधिक समुहसँग मिलेर वा अपराधिकसमुहको संस्थापक सदस्य वा सदस्यै भ जानी जानी गरिने गम्भीर अपराध नै संगठित अपराध हो । संगठित अवराध निवारण ऐन २०७० को दफा २(घ) ले प्रत्यक्ष वा परोक्षरुपमा संगठित अपराध गर्नेदश्यलेउ नेपाल भित्र वा नेपाल बाहिर रहे भएको संगठित वा असंगठित तिन वा तिन भन्दा बढिहरुकोव्यत्ति समुहलाई अपराधिक समुह मानेको छ । यसै गरि प्रचलित कानुन बमोजिम ३ वर्ष भन्दा बढि कैद सजाय हुने कसुर, अपराधिक समुहको , स्थापनासंगठित अपराधको न्यायिक कार्यमा अवरोध, विध्वशात्मक कार्य, अपराधिकलाभ लिने कार्य र प्रचलित कानुन बमोजिम भ्रष्टचार वा सम्पति शुद्धिकरण मानिने र आतंककारी कृयाकलापमा वित्तिय लगानी सम्बन्धी कसुरलाई संगठित अपराध मानेको छ ।

संगठित अपराधको विषेश्ता

संगठित अपराध कुनै छुट्टै अपराधिक कार्य नभई विधमान अपराधहरुको श्रृखलामा परमपरागत वा सामान्य अपराध भन्दा फरक छुट्टै ढङ्गले गरिने अपराधिक कार्य हो । यसमा भ्रष्ट उच्च सरकारी पदाधिकारी वा राजनैतिक नेतृत्व वा अन्य उच्च व्यापारिक घराना पर्दा पछाडि यसका संरक्षक रही यस्तो संगठित समुहले संरक्षण प्राप्त गरिरहेको हुन्छ र राज्यको कानुनी दायराबाट बच्न सदैव भ्रष्टचारी व्यक्तिहरुसँग गरेको सम्पर्क, संजाल र संरक्षकत्व प्राप्त गर्न उनीहरुले प्रयत्न गरिरहेका हुन्छन संगठित अपराधको प्रकृति हेरेर निम्न विशेष्ताहरु पाइ गरेको पाइन्छ ।

- एउटा औपचारिक संगठन जस्तै संगठित अपराध सम्बन्धी संख्याहरुमा निरन्तरता रहन्छन ।
- यसको पनि आफ्नै तहगत संगठनात्मक संरचना र तह श्रेणिको व्यवस्था हुन्छ ।
- यसको सदस्यता गोप्य र सिमित हुन्छ । कठिन परिक्षण पछि सदस्यता दिइन्छ र जीवन उप्रान्त मात्र अवकास लिने सम्भावना रहन्छ ।
- आर्थिक वा अन्य भौतिक उपलब्धी वा मुनाफा प्राप्त गर्ने अपराधिक कृयाकलापको रुपमा रहेको हुन्छ ।
- यस अपराधमा हिंसा, दङ्गा, धाक, धम्की, आक्रमण अभिन्न अङ्गको रुपमा रहेको हुन्छ ।
- भ्रष्टचार वा अनैतिकतावाटशक्ति हासिल गर्ने र नाफा कमाउने विशेषता रहेको हुन्छ ।
- भ्रष्ट सरकारी अधिकारी वा पदिय तथा अन्य हैसियतको आधारमा संरक्षकत्व प्राप्त गर्दछ ।
- जहिले पनि भ्रष्ट अधिकारीहरुसँग सम्पर्क बढाउने सञ्जाल बनाउने र उनीहरुको संरक्षकत्व प्राप्त गर्दछ ।
- आफ्नो उद्देश्य प्राप्त गर्न दक्षव्यक्ति, अपहरणकर्ता, गोली हान्न निपुण व्याक्ति जस्ता लगायतका विशेषज्ञहरुको सेवा प्राप्त गर्दछन ।
- अपराधिहरुको अन्य राष्ट्रिय वा अन्तराष्ट्रिय संगठनहरुसँग समन्वय, सम्बन्ध र संजाल फैलिएको हुन्छ ।
- सार्वजनिक पद धारण गरेका व्यक्ति, राजनितीक नेता, समाज सेवी मार्फत सहयोग र संरक्षण प्राप्त गर्दछन ।

संगठित अपराधका प्रकारहरु

- मानव बेचविखन
- प्रतिबन्धित सामानहरुको ओसार पसार
- बस्तु र सेवामा एकाधिकार र मिलोमतो अर्थात कार्टेलिङ
- विद्युतिय अपराध
- फिरौतिअसुली
- लागु औषधको कारोवार
- सम्पति शुद्धिकरण
- भ्रष्टचार
- अपहरण र शरिर बन्धक
- बैंक घोटाला

- वन्य जन्तुको अङ्गहरुको ओसार पसार
- अवैध हात हतियारको ओसार पसार
- डकैति
- कर्तब्य ज्यान
- सांस्कृतिक सम्पदाको अवैध ओसार पसार र बेच विखन
- विमान अपहरण
- आतंकवाद
- शरणार्थीहरुको अवैधओसार पसार

संगठित अपराधका अनुसन्धानमा देखिएका कमजोरीहरु

- मुल अपराध पुष्टि हुने गरि अनुसन्धान हुने नगरेको ।
- घटना स्थल मुचुल्कामा विभिन्न व्यक्ति राखे पछि फेरी रोहवरमा अन्यत्र २ व्यक्ति राखेको तर जनप्रतिनिधी वा कर्मचारी राख्ने नगरेको ।
- बुझ्नु पर्ने व्यक्तिलाई अनुसंधानकोक्रममा बुझेको नपाइएको ।
- विस्तृत अनुसंधान नै नगरि अनुसंन्धान अधिकृतले राय पेश गरेको ।
- शुरु म्याद थप मुलुकी अपराध(संहिता) ऐन २०७४ अन्तरर्गत लिएर पछि संगठित अपराध ऐन अन्तरर्गत नेलि गरेको ।
- अनुसन्धान अवधिमा मूल अपराधमा मात्र अनुसन्धान भएकोमा राय पेशगर्दामात्रै मानव बेच विखन ओसार पसार र संगठित अपराधमा म्याद थप गरिएको ।
- रायमा अपराध संगठित के कसरी भएको हो विश्लेषण नगरिएको । केवल मिलोमतो गरि संगठित भई योजना तवरले तह तह भै जिम्मेवारीको बाँडफाडँ गरेको भने पनि त्यस्तो के योजना हो भन्ने पुष्टि नभएको ।
- धेरैजना भएकोले समुहको आधारमा मात्रै संगठित भएको भन्ने रुपमा अधारीत भएको नदेखिएको ।
- पक्राउ भएको २ जना प्रतिवादीहरुको वतन खुलाइएको अन्य प्रतिवादीहरुको वतन खुल्ने नगरेको ।
- संगठित रुपमा कार्य गरेको भने पनि के कसरी कहिले देखि समुहको स्थापना भएको भन्ने खुल्ने नगरेको ।
- कल डिटेलस्र बैंक खाता रोक्का भएपनि सो को विश्लेषण हुने नगरेको ।
- घटना स्थल/वरामदी मचुल्काको रोहवर खण्डमा प्रतिवादीहरुको सही भएको नपाइएको ।
- संगठित समुहको अस्तित्यव पुष्टि नभएको र पहिले पनि घटना घटाएको नदेखिएको प्रतिवादीहरु अपराधिक सुमहको सदस्य भएको वा लाभ लिएको पुष्टि नभएको ।
- अनुसंन्धानमा कागज गरेका व्यक्ति अदालतले खोज्दा उपस्थित नभएको ।
- परिक्षण गर्नुपर्ने वस्तुलाई परिक्षण नै नगरिएको ।
- विगो भराउने माग दाबी रहेकोमा क्षतिको मुल्याङ्कन नै नगरिएको । समुहगत रुपमा मैरेज व्युरो बनाई मानिस चीनमा पठाएको अलपत्र पारेको भने पनि के आधारमा संगठिन अपराध भएको भन्ने पुष्टि गर्ने अधार नभएको ।

- धेरै मुद्दामा केवल समुहमा अपराध भएकोले संगठित अपराध समेत जोड अनुसन्धानमा राय पेश भएको ।

समाधानका उपायहरु

- संगठित अपराध सम्बन्धि अवधारणामा अनुसन्धानकर्ता र अभियोजनकर्तामा अस्पस्टता रहको हुँदा अस्पटता हटाउन तालिम प्रदान गरिनु पर्ने ।
- कुनै अपराधमा ३ वर्ष वा सो भन्दा बढि कैद हुने र ३ जना वा सो भन्दा बढि व्यक्ति संलग्न हुदैमा संगठित अपराधमा अभियोजन गर्नु नपर्ने ।
- हिरासतमा ६० दिन राख्न पाइने संगठित अपराध निवारण ऐनको कानुनी व्यवस्थाको दुरुपयोग हुनु हुदैँन । व्यक्तिको स्वतन्त्रता मानब अधिकारको समेत हेक्का राखी अपराधमा अनुसंन्धान र अभियोजन गरिनु पर्दछ ।
- संगठित अपराधमा अभियोजन गर्नु पूर्व मुल अपराध स्थापित गरी सो अपराध संगठित रुपमा घटित भएको पुष्टि गर्नु संगठनको अवस्था र त्यस कार्यमा त्यो संगठनको अवस्था र त्यस कार्यमा त्यो संगठनका ब्याक्ति भुमिका र संलग्नता देखाउनु पर्ने ।
- ऐनले पिडित तथा साक्षीको बयान वकपत्रमा सुरक्षाको दुष्टीले श्रब्यदृष्य सम्बन्धी प्राविधिको प्रयोग कानुनी रुपमा बैधानीक बनाए पनि त्यसको प्रयोगका लागि सो सम्बन्धी भौतिक संरचनाको विकास हुनु पर्ने ।
- संगठित अपराध नियन्त्रण सम्बन्धी कानुनको कार्यान्वयनमा राजनैतिक प्रतिबद्धता अनुसन्धान र अभियोजन गर्ने निकायलाई सुद्धिढिकरण, प्रयाप्त श्रोत साधनको व्यवस्था गर्नुपर्ने ।
- साक्षीको संरक्षण सम्बन्धी ऐन हालै संसदबाट पास भएकोले यसलाई सकारात्मक रुपमा लिनुपर्ने हुन्छ ।
- परम्परागत र संगठित अपराधको भिन्नताको बारेमा स्पष्टता हुनु आवश्यक रहेको ।
- संगठित अपराधको अवधारणा र अन्तराष्ट्रिय व्यवस्थासँग मेल नखाने खालको हाम्रो ऐन को व्यवस्थाहरुले अन्यौलता र समस्या सृजना गरेको पाइन्छ ।
- ऐनको सम्बन्धमा विज्ञहरुले नै भिन्न भिन्न दृष्टिकोण प्रकट गरेर अलमलको अवस्थ रहेको ।
- ऐनमा संगठित वा असंगठित भन्ने शब्द उल्लेख गरेको तर यसमा व्याख्या नभएको ।
- अवधारणगत अस्पष्टताका कारण अभियोजनकर्ता, अनुसन्धानकर्ता समेतको सहभागिता रहने गरि सरकारी वकिलहरुलाई दिइएको प्रशिक्षणले संगठित अपराधका सम्बन्धमा छलफल गर्ने तह सम्म विकास भएको छ । विशिष्टकृत तालिम सरकारी वकिल लगायत अनुसन्धान अधिकारीलाई समेत हुनुपर्ने ।

संगठित अपराध सम्बन्धमा सर्वोच्च अदालत बाट भएको केहि व्याख्याहरु

(१) अनिल कुमार श्रेष्ठको जाहेरीले बादी नेपाल सरकार विरुद्ध मदन शर्मा- समेत :

संगठित अपराधको प्रकृति समान्य अपराध भन्दा फरक हुन्छ । अपराधका यी दुवै प्रकृतिलाई एउटै दृष्टीले हेर्न सकिन्न । बृहत योजना र तयारीका साथ सम्पन्न हुने संगठित अपराधमा

धेरै व्यक्तिको बेग्ला बेग्लै भुमिका हुन्छ । पृथक पृथक व्याक्तिको फरक फरक कार्यले एउटा सगठित अपराध सम्पन्न हुन्छ भन्ने ब्याख्या भएको ।

(२) सुर्य बहादुर पुन विरुद्ध नेपाल सरकार- :

गैडामारी खागको तस्करी गर्ने उद्देश्यले अपराधमा सल्लाह गरी नियोजीत रुपमा योजना बनाइ गरेको कार्यले संगठित अपराधहरुको रुपमा घटाइएको भन्ने व्याख्या भएको ।

(३) नेपाल सरकार विरुद्धराजुलामा मुद्दा लाँगु औषध

यस मुद्दामा प्रतिवादीलाई दुरुत्साहनमा सजाय भएको थियो । यस मुद्दामा मुख्यकर्ता र मतियार नभई सवै मुख्य कार्यकर्ता हुने अवस्था हुन्छ भन्ने तर्कलाई इन्कार गरिएको थियो । यदी सो कुरालाई मान्ने हो भने कानुनी व्यवस्था निश्प्रयोजन मात्र नभई षडयन्त्र गर्ने, उद्योग गर्ने दुरुपयोग गर्ने र मतियार हुनेलाई सजाय गर्ने विधायिकाको मनसाय नै लुप्त हुन जान्छ । विधायिकाको मनसायनै निष्प्रयोजन हुने गरी अदालतले व्याख्या गर्ने समेत नमिल्ने ।

(४) चार्ल्स शोमराज विरुद्ध नेपाल सरकार मुद्दा-कर्तव्य ज्यान

यस मुद्दामा अपराध गर्दा अपनाइएको तरिका अपराधको प्रकृति हेर्दा अपराधीपूर्ण सचेत सावधान रही नियोजीत र संगठीत रुपमा अफ्नो कार्य योजनालाई पूर्णता दिएको पाइन्छ । यस्तो अवस्थामा अभियोजन पक्षद्वारा प्रस्तुत अप्रत्यक्ष प्रमाण र खास गरि परिस्थितिजन्य प्रमाणको आधारमा नै अपराधिसम्म पुग्नु पर्ने र त्यस्तो प्रमाणको आधारमा कसुरदार देखिन आएको अभियुक्तलाई साजाय गर्नु पर्ने भनि व्याख्या भएको पाइन्छ ।

(५) गोमा पाँचकोटी विरुद्ध नेपाल सरकार मुद्दा मानव बेचविखन तथा ओसार पसार

यस मुद्दामा अपराधमा संलग्न पक्ष पेशेवर हुन सक्ने र अपराध बडो योजनावद्ध एवं संगठित तरिकालेहुन सक्ने र कतिपय संगठित अपराधित समुहको संलग्नतामा समेत अपराधि हुन सक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचन गर्न कठिन हुन सक्ने परिस्थिति आकलन गरेर विधायीकाले कानुनको निर्माण गरेको हो भनी व्याख्या गरिएको छ । यस मुद्दामामानव बेच विखन मुद्दा संगठित अपराधको रुपमा घटने भनी उल्लेख गरेको पाइन्छ ।

नेपालमा मानव बेचबिखन तथा ओसार पसार सम्बन्धी भएको कानुनी व्यवस्था

पृष्ठभूमि

सम्मानपूर्ण जीवन जिउन पाउने मानिसको नैसर्गिक अधिकार हो । मानिसले जन्मको नाताले नै यस्ता केही अधिकारहरू प्राप्त गरेको हुन्छ, जो राज्यद्वारा पनि अहरणीय मानिन्छन बरु कसैले त्यस्ता अधिकारमा आघात पार्ने अवस्था भएमा राज्यले त्यस्ता अधिकारको सरंक्षणका विभिन्न उपायहरू अवलम्बन गर्नुपर्ने हुन्छ । सम्मानपूर्ण जीवन यापनका लागि मानवका अन्य अधिकारहरू पनि उपयोग र प्रयोग गर्न सक्ने र पाउने अवस्था हुनुपर्दछ । कानुन अनुकूल गरी आफूले रोजेको पेसा,, रोजगार व्यवसाय गर्न पाउने हक, आफ्नो इच्छित ठाउँमा घुम्न पाउने हक, यातना तथा शोषणविरुद्धको हकलगायतले मानवको सम्मानपूर्ण जीवनको हकलाई सार्थक तुल्याउने हुन्छन् ।

मानवका यी जन्मसिद्ध अधिकारहरूलाई देशको मूल कानुनका रूपमा रहेको संविधान, अन्तरराष्ट्रियस्तरमा भएका सन्धि महासन्धि तथा राष्ट्रका अन्य कानुनहरूले व्यवस्थित, संरक्षित र संवर्द्धनका खातिर विभिन्न संरचनागत तथा संस्थागत व्यवस्थाहरू गरेका हुन्छन । मानवका जन्मसिद्ध तथा कानुनद्वारा व्यवस्थित अधिकारका बाबजुद त्यस्ता अधिकार हरणका प्रयत्नहरू प्रशस्तरूपमा हुने गर्दछ । विभिन्न अपराधिक मनस्थितिका व्यक्ति तथा समूहबाट मानवका यस्ता अधिकारहरू जोखिममा पर्ने गरको छन । मानव बेचबिखनको कार्यले मानवलाई सम्मानपूर्ण जीवन जिउन पाउने हक तथा यसका सबै आधारभूत हकहरूको उपयोग गर्नबाट वञ्चित गर्दछ । यसले मानव जीवनलाई दासत्वमा परिणत गरिदिन्छ । दासत्वको अन्त्य संसारका धेरै राष्ट्रहरूले गरे पनि मानव बेचबिखन दासत्वको आधुनिकतम रूपमा स्थापित हुँदै गएको छ । मानिसको सबै भन्दा प्यारो लाग्ने आफन्नो जीउज्यान नै दासत्वको आधुनिकतम रूपमा रहेको मानव बेचबिखनको आपराधिक कृत्यको कारण खतरामा छ, बन्धकमा छ । मानव बेचबिखन आज विकासोन्मुख देशको मात्र होइन, विकसित देशका लागि पनि समस्या बनेको छ, यो विश्वव्यापी समस्या बन्न गएको छ । मानवका अलघंनीय अधिकारहरूलाई जोखिममा पार्ने एक सगंठित अपराधका रूपमा मानव बेचबिखनको अपराध रहन गएको छ । मानव बेचबिखनबारे भएको एक अध्ययनबाट २ करोड ७० लाख मानिस दासत्वको यो आधिकतम रूपबाट विश्वमा पीडित छन् । ९ देखि १८ लाख मानिस बेचबिखनबाट प्रत्येक वर्ष अन्तरराष्ट्रिय सिमाना पार गर्दछन । तीमध्ये ८० प्रतिशत पीडित महिला र बालबालिका हुन्छन् भने त्यसमा पनि ५० प्रतिशत पीडित १६ वर्ष माथि र १८ वर्ष नपुगेका व्यक्तिहरू (Minors) हुन्छन् । अधिकांशतः यो अन्तरदेशीय संगठित अपराधबाट पीडितहरू व्यापारिक यौनजन्य शोषण (Commercial Sexual exploitation) मा परेका हुन्छन् । ७० प्रतिशतभन्दा बढी महिला व्यापारिक यौनजन्य शोषणमा परेका हुन्छन भने ३० प्रतिशत महिला पीडितहरू बालयुक्त श्रम (Forced Labour) को सिकार भएका छन । मानव बेचबिखनको उत्पति (origin), मार्गस्थ (Transit) र गन्तव्य (Destination) देशका रूपमा यो अपराधले संसारका अधिकांश राष्ट्रलाई प्रभावित पारेको छ । लागू औषधको व्यापार हतियारको अवैध व्यापारपछि संसारमा मानव बेचबिखन बढ्दो अपराधका रूपमा स्थापित भएको छ ।

नेपालबाट २ लाख ५० हजारभन्दा बढी नेपाली महिलाहरू भारतका वेश्यालयहरूमा बेचिएको र यौन दासताको सिकार भएको आँकडा छ । ५देखि ७ हजार नेपाली महिलाहरू भारतको वेश्यालयमा प्रत्येक वर्ष बेचिन्छन् । महिलाका अतिरिक्त बालबालिका, लोग्ने मानिस व्यापारिक यौनजन्य शोषण, बलयुक्त श्रम शोषण र अन्य प्रकारका शोषण (शरीरको अंग बिक्री, भिक्षा माग्ने, उँट दौड, सर्कस) को उद्देश्यले बेचिने गर्दछन । यद्यपि महिला र बालबालिकाहरू नै मानव बेचबिखनबाट बढी पीडित हुने गरेका आँकडाहरूले देखाएका छन । त्यसैले साँघुरो अर्थमा मानव बेचबिखनलाई महिला तथा बालबालिका उपरको हिंसाका रूपमा पनि लिइने गरिन्छ । भवितव्य वा आबेश प्रेरित कार्यको परिणामे हुननभई मानव बेचबिखनमा नियतपुर्वक मानिसलाई जनावरसरह बेचबिखन पटक-पटक हुने हुँदा यो एक सगंठित अपराध त हुँदै हो, नैतिकता विरुद्धको अपराध पनि हो । मानवबेच बिखनको कार्य इतिहासमा कहिल्यै क्षम्य थिएन, न आज छ न त भोलि नै नैतिक हुनेछ । मानव बेचबिखनको कार्यले मानिसको सम्मानपूर्वक बाच्न पाउने हक, आफूलाई मनपर्दो काम गर्न पाउने हक, यातना तथा शोषण विरुद्धको हक, स्वास्थ्यको हक तथा व्यक्तिको आत्मनिर्णयको हकलाई प्रत्यक्ष आघात पुऱ्याई ती हकको प्रयोगमा तुसारापात ल्याइदिन्छ । त्यसैले मानव बेचबिखनको अपराध व्यक्ति, समाज वा राज्यविरुद्धको मात्र अपराधनभएर समग्र मानवताविरुद्धकै अपराधका रूपमा रहन गएको छ ।

परिभाषा :-

मानव बेच विखन तथा ओसार पसारलाई अन्तरदेशिय संगठित अपराध विरुद्धका संयुक्तराष्ट्र संघिय महासन्धीको मानव विशेषगरि महिला तथा बालबालिकाको बेच विखन लाई रोक्ने, दबाउने र सजाय गर्ने पुरक उपलेख २००० ले निम्न अनुसार परिभाषा गरेको छ । मानव बेचविखन भन्नाले “शोषण गर्ने उद्देश्यले अर्को व्यक्तिमाथी नियन्त्रण कायम गर्न मानिसहरुलाई धम्की, बल प्रयोग गरेर वा अन्य तरिका, जबरजस्ती,अपहरण, जालसाजी गरेर ढाटेर शक्ति वा कमजोरीपनाको दुरुपयोग गरि वा सहमतिमा लिनका लागि पैसा दिएर वा लिएर वा अन्य कुनै फाईदा पुऱ्याएर भर्ती गर्ने, एक ठाउँबाट अर्को ठाउँ लैजाने, वा आश्रय लिने कार्यलाई जनाउँछ” । शोषण अन्तरर्गत अर्कोको बेश्याबृतिको शोषण गर्नु वा अन्य प्रकारका यौनजन्य शोषण, बाल श्रम वा सेवा, दासत्व वा दासत्व समानको व्यवहार, बाधा वा अङ्गहरु झिक्ने समेतको काम पनि पर्दछन् । Coalition against Trafficking in

Woman (CATW) नामक संस्थाले दिएको परिभाष अनुसार "Trafficking is the recruitment and / or the transportation of persons by others using violence, abuse of authority or dominant position, deception or other forms of coercion, for the purpose of exploiting them sexually or economically for the profit or advantage of others such as recruiters, procurers, intermediaries brothel owners and, other employers, customers or crime syndicate" भन्ने रहेको छ । नेपाल कानूनमा मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ मा “मानिसलाई किन्ने, बेच्ने वेश्याबृतिमा लगाउने, बेश्यागमन गर्ने तथा कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्यलाई” राखेको पाइन्छ त्यस्तै गरि ओसार पसार को परिभाषा हेर्दा“किन्ने, बेच्ने, उद्देश्यले विदेश लैजाने, वेश्याबृतिमा लगाउने, वा शोषण गर्ने उद्देश्यले जुनसुकै तरिकाबाट बसिरहेको घर, स्थान वा व्यत्तिबाट छुटाई लग्ने वा आफु सँग राख्ने वा नियनत्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपाल भित्रको एक ठाउ बाट अर्को ठाउँमा वा विदेश लैजाने वा अरु कसैलाई दिने कार्यलाई ”ओसार पसारको रुपमा परिभाषित गरेको छ ।

नेपालमा मानव बेचविखन तथा ओसार पसार सम्बन्धि अवधारणाको विकास -:

नेपालमा कहिले देखि मानवविखनबेचर ओसारपसारको कार्यसुरु भयो यकिन तथ्याङ्क र अधिकारिक सामाग्रीको उपलब्धता छैन । दास युगमा पुरुष महिलाको बेच विखन खुल्ला बजारमा गर्दथ्यो । दशैमा खसी बोका छानी छानी किनेर लगेजस्तै दास पुरुष र महिलाको खरिद विक्री पनि त्यही रुपमा हुने गर्दथ्यो । तर कानूनी रुपमा हेर्दा मुलुकी ऐन १९१० को लिखित कानूनको रुपमा आएको पाइन्छ । २०२० सालमा नयाँ मुलुकीनमोए यसमा छुट्टै जिऊ मास्ने बेच्नेको महल राखी खास गरि मानिसको किनबेच कमारा कमारी, बाधा बनाउने तथा आपुर्ति गर्ने जस्ता कुराहरुलाई प्रतिबन्ध लगाउनुको साथै यस्ता अपराधलाई गम्भीर अपराधको रुपमा लिने गरेकोछ । त्यस्तै गरि २०४३ सालमा विशेष ऐनको रुपमा जिऊ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन आएको र २०६४ सालमा साविक जिउ मास्ने बेच्ने ऐनलाई खारेज गर्दै मानव बेचविखन तथा ओसार पसार(नियन्त्रण) ऐन २०६४ र नियमावली २०६५ सालमा आएको पाईन्छ ।

नेपालबाट गरिनेमानव बेच विखन तथा ओसार पसारको तरिकाहरुः-

वर्तमान समयमा मानव तस्करीमा नयाँ नयाँ स्वरुपमा विकसित भएको पाइन्छ । यौन शोषण वा वेश्याबृतिको लागि मात्र नभई अङ्ग झिक्ने, सर्कस, घरेलु कामदार धार्मिक वा सांस्कृति प्रयोजनको लागि माग्ने बधुवा मजदुरमा प्रयोग जस्ता कार्यहुने गरेको पाइन्छ । मानव बेच विखन तथा ओसार पसार निम्न उद्देश्यले हुने गरेको पाइन्छ ।

- यौन शोषण
- श्रम शोषण
- अङ्ग प्रत्यारोपण
- सर्कसमा प्रयोग
- खाडी मुलुकमा उटँ दौड जस्ता कार्यमा प्रयोग ।
- भिख माग्ने कार्यमा प्रयोग
- विवाह गर्ने
- अन्य दासत्व व्यवहार लगायत शोषण जन्य कार्यमा प्रयोग गर्ने ।

नेपालमा विभिन्न गाउँघरबाट त्यहाँका चेली बेटीलाई बिदेशमा लगी बेचविखन गर्ने कार्यहरुको सर्न्दभमा निम्न तरिकाहरु प्रयोग भएको पाइन्छ ।

क) प्रत्यक्ष सम्पर्कबाट- :

आकर्षण र प्रलोभनमा पारी परिवारकै स्वीकृतिलिई कैयौ चेलीबेटीहरुलाई लग्ने प्रबृति रहेको पाईन्छ ।

ख) एजेन्ट मार्फत- :

मानव बेचविखन गर्ने क्रममा विभिन्न दलाल वा एजेन्टहरुले निम्न तरिका प्रयोग गर्दछ ।

- नक्कली विवाह वा प्रेम गरि
- आफन्त कहाँ पुऱ्याई दिन्छु भन्ने बहानामा
- सकेसम्म खेलाउने वहाना गरि
- अङ्ग प्रत्यारोपणका लागि
- औषधी वा लागु पदार्थवाईख लैजाने
- दलालहरुले झुठा नातेदार बनाई वा व्यपार गर्न लैजाने, राम्रा औषधी उपचार गर्न जाने जस्ता विभिन्न भ्रममा पारी गर्ने गरेको पाइन्छ । अन्य कारणहरुमा आर्थिक सामाजीक, शैक्षिक, व्यापारिक, वातावरणीय, पिडित स्वम तयार पिडक आदि विविध हुन सक्छन ।

मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ का मुख्य मुख्य व्यवस्थाहरु- :

- जुन सुकै व्यक्तिले प्रहरीमा उजुर गर्न सक्ने ।
- पिडितको बयान गराई अदालतबाट प्रमाणित गराउनु पर्ने ।
- आफ्नो निर्दोषिताको प्रमाण प्रतिवादीले पेश गर्नुपर्ने ।
- पिडितले चाहेमा छुट्टै कानून व्यवसायी राख्न पाउने ।
- पिडितले मुद्दाको कार्यवाहीको क्रममा भाषा नबुझ्ने भएमा अनुवादक राख्न पाउने ।
- पारस्परिक कानुनी साहायता आदान प्रदान गर्न आवश्यक व्यवस्था गर्न सक्ने ।
- पिडितको पुनःस्थापनाको लागि पुर्नस्थापना केन्द्रको व्यवस्था गर्नु पर्ने ।
- कसैले मानव बेचविखन कसुर गरि कमाएको सम्पती जफत हुने ।
- अपराधका सुचना दिने व्यक्तिको विवरण गोप्य राखिने ।
- अदालती कार्यवाहीमा पिडितको सुरक्षाको व्यवस्था गर्नु पर्ने ।
- कसैले पनि पिडितको स्वीकृति नलिई वास्तविक परिचय खुल्ने गरि कुनै संचार माध्यममा प्रचार गर्न नहुने ।
- साक्षीहरुलाई तोकिएको दैनिका दिनुभत्त पर्ने ।
- मुद्दाको कार्यवाही वा सुनुवाई गर्दा मुद्दाका पक्ष, विपक्ष निजका कानून व्यवसायी र अदालतले अनुमति दिएको व्यक्ति बाहेक अन्य व्यक्तिको उपस्थिति नरहने । कार्यवाही बन्द इजालासमा गरिनु पर्ने ।

मानव बेच विखन एक संगठित अपराधको रुपमाः-

मानव बेचविखनको अपराध नियन्त्रण वा योजनाबद्ध रुपमा अपराधिक समुह वाट हुने अपराध हो । एक ठाउँबाट अर्को ठाउँ, एक देश बाट अर्को देश हुदैं विभिन्न देशमा एकै व्यक्ति उपर एकपटक मात्र नभई विभिन्न पटक हुन सक्ने यो अपराध प्रकृति अन्तरदेशिय संगठित अपराधको कोटीमा पर्ने अपराध हो । कुनै पनि अपराध अन्तरदेशिय हुनका लागि एक भन्दा बढि राज्यमा घटित हुने, एउटा

देश भित्र घटने तर योजना वा नियन्त्रण अर्को देशमा रहेर हुने । घटना भएको राष्ट्र तथा अन्य राष्ट्रहरुमा त्यसको प्रत्यक्ष असर हुने हुन्छ । यस्तै संगठित अपराध हुन अपराधिक गिरोह वा समुहको औपचारिक वा अनौपचारिक संगठन, कामको विभाजन तथा श्रेणिबद्धता, नियमित अपराधिक घटनाहरुमा संलग्नता भई, ३ वा सो भन्दा बढि व्यक्तिहरु संलग्न भई अपराध गर्नु एक पेशाका रुपमा लिएको हुन्छ । संगठित अपराध राज्यको एउटा सिमा भित्र मात्र सिमित नहुन सक्छ, यसका समुहको जालो देश देशान्तरसम्म फैलिएको हुन्छ । यस्ता समुहले जस्तो सुकै निकृष्ट अपराध गर्न पनि पछि पर्दैन । मानव बेचविखनको अपराधमा विश्वमा नै संगठित रुपमा बढ्दै गईरहेको र उसको उत्पति मार्गस्थ र गन्तब्य राष्ट्र एउटा दुईटा वा विभिन्न हुन सक्ने सन्दर्भमा यसलाई एउटा अन्तरदेशिय संगठित अपराधका रुपमा लिन सक्ने अवस्था रहेको छ । अन्तरदेशिय संगठित अपराध विरुद्वको संयुक्त राष्ट्र संघिय महासन्धी २००० ले सम्पति शुद्धिकरण, भ्रष्टाचार तथा न्यायमा अवरोध मात्रलाई यस्तो अपराधको रुपमा राखे पनि मानव बेच विखन खास गरि महिला र वालबालिकालाई रोक्ने, दबाउने तथा सजाय गर्ने सम्बन्धी यसै महासन्धिको पुरक आलेखका रुपमा ल्याएकोले मानव बेच बिखनलाई पनि अन्तरदेशिय संगठित अपराधको दायरा भन्दा पर राखेर हेर्न मिल्दैन ।

मानव वेच विखन सम्बन्धि नेपालमा भएको कानुनी व्यवस्था

नेपालमा प्रथम पटक लिखित कानून मानिने मुलुकी ऐन १९१० बाट नै उपचार दिने गरि मानव वेच विखन कार्यलाई रोक लगाएको थियो । तत्कालिन प्रधानमन्त्री चन्द्र शमशेरको पालामा १९८२ बैशाख १ गते नेपालमा यस प्रथा उन्मुलन गर्ने घोषणा समेत भएको थिय त्यसै गरि मुलुकी ऐन २०२० जारी हुँदा जिउ मास्ने बेच्नेको महल अन्तरर्गत अपराध लाई कानुनी रुपमा दण्डनिय अपराध मानिएको थियो । यस अतिरिक्त राज्यले यस अपराधलाई अझ कडा कानुनी कारवाही गरी उपचार दिलाउने जिउमास्ने बेच्ने नियन्त्रण ऐन २०४३ निर्माण गरि यो अपराध लाई विशेष अपराधको रुपमा बर्गीकरण गरेको थियो । हाल उक्त ऐन खारेज भई मानव बेच विखन प्रथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ लागु रहेको छ ।

यस अपराधमा कसुर प्रमाणित भएमा कसुर अनुसार मानिस किन्ने वा बेच्ने लाई २० वर्ष कैद र २ लाख जरिवाना हुन्छ । कुनै प्रकारको फाइदा लिई वा नलिई बेश्यावृतिमा लगाउने लाई कसुरको मात्रा अनुसार १० वर्ष देखि १५ वर्ष सम्म कैद र २ लाख रुपैया देखि ५ लाख सम्म जरिवाना, वेश्यागमन गर्नेलाई १ महिना देखि ३ महिना सम्म कैद र २ हजार देखी ५ हजार सम्म जरिवाना र वाल बालिका लगेको भए १५ वर्ष देखी २० वर्ष सम्म कैद र १ लाख देखी २ लाख सम्म जरिवाना, नेपालको १ ठाउँबाट अर्कोठाउँमा लैजानेलाई १० वर्ष कैद देखि १२ वर्ष सम्म कैद र १ लाख जरिवाना हुने व्यवस्था ऐनले गरेको छ ।

साथै किन्ने, बेच्ने व्यक्ति कुनै प्रकारको फाईदा लिई वा नलिने निजको वास्तविक नाम, तस्विर र निजको वास्तविक नाम, तस्विर र निजको चरित्रमा प्रतिकुल हुने कुनै विवरण पत्र पत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न नपाइने कानुनी व्यवस्था रहेको छ । नाम, तस्वीर, विवरण छाप्ने वा प्रचार प्रसार गर्ने व्यक्ति लाई १० हजार देखि २५ हजार सम्म जरिवाना हुने कानुनी व्यवस्था रहेको छ ।

मानव वेच विखन संगठित रुपमा नै गरिएको रहेछ भने संगठित अपराध निवारण ऐन २०७० को दफा ३(क) प्रचलित कानून बमोजिम ३ वर्ष भन्दा बढि कैदजायस हुने गरेको र ऐनको परिच्छेद ३ अन्तरर्गत अपराधिक समुह स्थापना गरेको, न्यायिक कारवाहिमा अवरोध गरेको, विध्वंसात्मक

कार्यहरु गरेको अपराधिक लाभ लिने कार्य गरेको भए संगठित अपराध निवारण ऐन २०७० को दफा ९(क) ले मूल सजायमा हुने सजायको थप ५० प्रतिशत सजाय हुने कानूनी व्यवस्था रहेको छ तर जन्म कैदवा सो भन्दा बढि सजाय हुने कसुरदारलाई थप सजाय नहुने कानूनी व्यवस्था रहेको पाईन्छ । पिडितलाई दफा १७ ले क्षतिपुर्ति समेत भराउने कानूनी व्यवस्था रहेको छ ।

आर्थिक वर्ष २०७४/०७५मा नेपाल मानवबेच विखन मुद्दाको अवस्था- :

मानव बेचविखन मुद्दाको जम्मा लागत संख्या ४७६ र प्रतिवादी सख्या ११३० रहेको छ । यस मध्ये कसुर ठहर भएका मुद्दा संख्या १०१ र प्रतिवादी सँख्या २१३ रहेका छन । कसुरबाट सफाई पाएका मुद्दा ११३ र प्रतिवादी संख्या २२३ एवं अन्य तवरले छौंटफ मुद्दा संख्या १ र प्रतिवादी संख्या १० गरि जम्मा फैसला भएको मुद्दा संख्या २१५ र प्रतिवादी संख्या ४८४ भई बाँकी मुद्दा संख्या २६१ र प्रतिवादी संख्या ६६४ बाँकी रहेको पाइन्छ ।

मानव बेचविखनको अपराध नियनत्रणका चुनौति समस्या र समाधानका उपायहरु- :

- संगठित तरिकावाट गरिने मानव बेचविखन तथा ओसार पसारका तहगत श्रृखला (Network) मा सहभागी सवै अपराधिलाई अप्रर्याप्त साधन श्रोतको प्रयोगबाट कानूनको दायरामा ल्याई सजाय दिलाउने ।
- खुल्ला सिमानाका कारण छिमेकी देश भारत र भारत भएर हुने मानव तस्करी, अवैध बैदेशीक रोजगार, अबैध यौनजन्य तथा यौन शोषण र ओसार पसार जस्ता Cross Border अपराधहरुको मौलाउदो स्वरुपलाई पारस्परिक कानूनी सहायता (Mutual legal assistance) सहायता समेतको अधारमा नियन्त्रण र नियमन गर्ने ।
- गरिवी, अशिक्षा, बेरोजगारी र न्युन चेतना स्तर ।
- संगठित अपराधिक समुहको अपराधमा संलग्नता ।
- कमजोर कानून कार्यान्वय निकाय ।
- बेचविखनको स्वरुपमा परिवर्तन ।
- बेचविखन विरुद्ध कार्यरत सरकारी तथा गैह्र सरकारी निकाय विच समन्वय प्रभावकारी हुन नसक्नु ।
- अनुगमन र मुल्याङ्कनको अभाव ।
- वर्षेनी ५००० देखि ७००० व्यक्ति मानव बेच विखन र ओसार पसारका सिकार भएपनि अभियोजनाको दायरामा कम आउनु ।

समाधनका उपायहरु :-

- खुल्ला सिमानामा सुरक्षा बढाई निगरानी राख्ने ।
- कानून कार्यान्वयन निकायलाई सवल एंव प्रभावकारी बनाउने ।
- संगठित अपराधि समुहको संलग्नता हुने हुदाँ उत्पतिको राष्ट्र, मार्गस्थ राष्ट्र र गन्तव्य राष्ट्रविच अपराध नियन्त्रणका लागि पारस्पकि सहयोगको आदान प्रदान गर्ने ।

नेपाल द्धारा अनुमोदन गरिएका केही अन्तराष्ट्रिय दस्तावेजहरू :-

१.बेश्यावृतिको लागि महिला तथा ,बालबालिकाको बेचविखनको रोकथाम तथा सो विरूद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि ५ जुन २००२ अनुमोदन २००६ ।

२. जिउमास्ने बेच्ने तथा अरुको वेश्यावृतिको शोषणको दमनको लागि व्यवस्था भएको महासन्धी । २ डिसेम्बर १९४९ प्रस्ताव नं ३१७ (४) अनुमोदन १० डिसेम्बर २००२

३.दासत्व, दास व्यापार र दास सम्मानका लागि संस्था अपराधको उन्मुलन सम्बन्धी पुरक महासन्धी । अनुमोदन ७ जनवरी १९६३

४. राजनैतिक तथा नागरिक अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय अनुमोदन १४ मे १९९१

५.आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय अनुमोदन । पारित १४ मे १९९१

६.महिला विरूद्ध सम्पुर्ण भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १६ डिसेम्बर १८६६ पारित अप्रिल १९९१ ।

७. बाल अधिकार सम्बन्धी महासन्धी २० नोभेम्बर १९८९ । पारित सेप्टेम्बर १४, १९९० ।

८.बाल अधिकार महासन्धी १९८९ पारित १४ सेक्टेम्बर १९९० ।

९.बाल बालिकाको बेचविखन, वाल बेश्याबृति तथा अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकार सम्बन्धि महासन्धीको ऐच्छिक प्रोटोकल २५ मे । पारित २०७० जनवरी २०, २००६ ।

१०. भ्रष्टचार विरुद्धको महासन्धी, संयुक्त राष्ट्रसंघीय महासभाद्वारा २१ अगस्ट १९७३ ग्रहण । पारित मार्च २९,२०११

उपसंहार -:

मानव बेच विखनको पराधकोअ हिजो जुन दायरा थियो आज त्यसमा व्यापकता आएको छ । केवल महिला उपरको व्यवसायिक यौन जन्य शोषण लाई मानव बेचविखन मान्ने परम्परागत अवधारणा भन्दा अघि बढेर सो को अतिरिक्त जवरजस्ती श्रम शोषण, मानव शरिरको अंङ्ग अनाधिकार झिक्ने वा हस्तान्तरण गर्ने, अबैद्य रुपमा धर्मपुत्र, पुत्री राख्ने वा सो सम्बन्धी कार्यलाई अवैध कारोवारका रुपमा संचालन गर्ने कार्यपनि मानव बेचविखन अन्तरर्गत पर्ने अवस्था आई सकेको छ । महिला र बालवालिका मात्र बेचविखनमा पर्न सक्छन भन्ने धारणा अब झुट्टा सावित भएका पाईन्छन । पुरुष पनि बेचविखनमा पर्न सक्छ । मानव बेचविखनको अपराध विकसित वा अल्पविकसित देशमा मात्र घट्दछन । त्यस्ता देश मानिस मात्र बेचविखनका शिकार हुन पुग्छन भन्ने तथ्य असत्य सावित हुँदै गएको छ । विकसित देशमा पनि मानव बेचविखनको अपराधबाट अछुतो छैन । मानव बेचविखन एक अन्तरराष्ट्रिय समस्याका रुपमा स्थापित त भईनै सकेको छ । तर अन्तराष्ट्रिय विषय वा समस्या हो भनेर राष्ट्रहरुले अपराध नियन्त्रणमा आफ्नो कर्तव्य बाट विमुख हुनु हुदैंन । मानव बेचविखन आज विश्व व्यापि विकराल समस्याको रुपमा रहेको सन्दर्भमा पनि राष्ट्रहरुले भएको परिभाषा र स्वरुपमा एक रुपता ल्याउने गरि कानूी निर्णय गरि कार्यान्वयन नगरि समस्या झन जटिल बन्दै गएको छ । मानव बेच विखन जस्तो समाज विरुद्धको अपराध अनैतिक अपराधको परिभाषामा एक रुपता आउन नसक्ता भएको रोकथाम सम्म प्रभावकारीता आउन कठिन हुन्छ । किनकि यस्ता अपराधएक देश बाट शुरु भई अर्को देशमा पुगेर सम्पन्न हुने प्रवृतिका पनि हुन सक्छन । पिडितको संरक्षण हुन सकेन भने तिनै पिडित पिडक हुन पुग्ने खतरा पनि त्यतिकै रहन्छ । त्यसैले मानव बेचविखन अन्तर्गत के कस्ता अपराध पर्ने हुन त्यसको स्पष्ट र एक रुपको परिभाषा हुन जरुरी छ । यस्ता अपराध हुन नदिन यसका कारक तत्वहरु उपर सम्बोधन गर्ने आवश्यक हुन्छ । अपराध घटे पछि अभियुक्तकोतारी् गिरफअभियोजन, पिडितको संरक्षण यस्तो अपराध रोकथामका लागि Prevention, Provision, Prosecution, Participation, Protection जस्ता रणनिति अपनाउन सकिन्छ ।

अन्तर सन्धिद्वारा सिर्जित दायित्व पुरा गर्न अमुर्त कानून मात्र नबनाएर मानव बेचविखन र यसका स्वरुप लाई अपराध घोषीत गर्ने, जन साधारणमा यस बारे सचेतिकरण गराउने, कुप्रथा तथा अनैतिक प्रथालाई हटाउदै जाने, सुचना प्रविधिको प्रयोगलाई पनि अपराध नियन्त्रण गर्ने माध्यमका रुपम ALERT अर्थात Accountability, Legislation, Education, Religion, Technology को प्रयोगबाट पनि यो अपराधलाई घटाउन सकिन्छ ।

सन्दर्भ सुचीहरू

१.संगठित अपराध सम्बन्धी कानूनको प्रभाव मुल्यांकन सम्वन्धि अनुसन्धान मुलुक अध्ययन (महान्यायाधिवक्ताको कार्यालय नैपाल)

२.न्याय प्रशासनका आयामहरू (श्याम कुमार भट्टराई)

३.लेखःकरुणाकर मल्लिक - नेपालमा मानव बेचविखन अपराध र कानूनी व्यवस्था

४.संगठित अपराध निवारण ऐन (२०७०)

५.मानव वेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४

६.महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन आ.ब.२०७४/७५

७.महिला तथा बालबालिका विरूद्ध हुने अपराध नियन्त्रण (सैद्धान्तिक अवधारना कानून र न्यायीक दृष्टिकोण श्रोत सामाग्री) महान्यायाधिवक्ताको कार्यालय

८.संगठित अपराध एक परिचय श्रोत सामाग्री राष्ट्रिय न्यायीक प्रतिष्ठान नेपाल, हरिहर भवन ललितपुर २०६८

कार्यपत्र : १६, संगठित अपराधको अवधारणा र संगठित अपराध निवारण ऐन २०७० एक चर्चा

गोविन्द गिरी

परिच्छेद १

१.१ अवधारणा

संगठित अपराधको अवधारणा आधुनिक फौजदारी विधिशास्त्रमा तुलनात्मक रुपमा नविनतम अवधारणा मानिन्छ र यो फौजदारी विधिशास्त्रको महत्वपुर्ण शाखाको रुपमा उदय भएको छ । -"संगठित अपराधको सम्बन्धमा कुरा गर्दा आपराधिक घटनाको प्रकृति तथा अपराध गर्ने तौर तरिकामा आएको परिवर्तनलाई राम्रोसंग अध्ययन गर्न जरुंरी छ [1] ।" संगठित अपराधको परिभाषा गरने अपराधलाई कानूनी वर्गिकरण भन्दा अवधारणाको रुपमा लिने गरिन्छ । संगठित अपराध मूलतःसंगठन र अपराध शब्द मिलेर बनेको पाईन्छ जसमा कुनैपनी संगठन निश्चित उदेश्य प्राप्तिका लागि निर्माण भएको हुन्छ भने अपराध समाजको मुल्य मान्यता र कानूंन विपरितको काम हो [2]। यसरी आपराधिक उदेश्यले बनेको संगठनले गर्ने आपराधिक कार्यालाई संगठित अपराध भन्न सकिन्छ । परम्परागत फौजदारी अपराधको तुलनामा संगठित अपराध यसको संगठन,अपराधको उदेश्य,अपराध गर्ने तौर तरिका यसको संजाल,प्रविधिको प्रयोग जस्ता तत्वहरुको कारणबाट यो आफैमा जटिल परि घटनाको रुपमा रहन्छ [3]।

आधुनिक विश्वमा भएको विज्ञान र प्रविधिका विकाश,यातायात र संचारले ल्याइएको परिवर्तनको कारणबाट आपराधिक समूहहरु संगाठि हुने र आपराधि समुहको वृद्धि हुन र आपराधिक क्रियाकलाप सन्चालन गर्न सचिलो भैरहेको छ । सामान्यतया संगठित अपराध योजना तयारी संगठन सन्जाल प्रयाप्त श्रोत साधन सहित धेरै व्यक्तिहरु मिलेर मुलतःआर्थिक एव भौतिक लाभ एवं ख्याति प्राक्ष्त गर्ने उद्देश्य गारिएको हुन्छ । वर्तमान

---

[1] पौडेल केदार,संगठित अपराध सम्वन्धी जानकारी पेज नं.१ संगठित अपराधःएक परीचय स्रोत सामाग्री प्रकाशन -।राष्टिय न्यायीक प्रतिष्ठान हरीहर भवन ललीतपुर

2 के.सी दिपेश संगिठत अपराध पेज १ नेपालमा संगिठत अपराध प्रकाशक ब्रदर बुक्स प्रकाशन लिमिटेड काठमाण्डौ

3 संगिठत अपराधको अवधरणा र नेपालमा संगिठत अपराध सम्वन्धि कानुन र कार्यान्वयनको अवस्था -डा.कुन्साङ लामा नेपाल सरकारी वकिलहरुको दोस्रो राष्टिय सम्मेलन २०७५ ९सम्मेलन विषेशांक०

युगमा आएर संगठित अपराध अन्तर्गत संचालित हुने मुख्य आपराधि गातिविधिहरु लुतपाट ,डकैती, विष्फोटन, बैंक ,**वित्तिय** संस्थाको घोटाला, मानव, वेचविखन तथा आसार पसार लागु औषधी कारोबार ,वैश्यावृत्ति ,अपहरण,भ्रष्टाचार,सम्पत्ति सुद्धिकरण,मुद्राको अपचलन आंतकवाद जस्ता आपराधिक गातिविधिहरु देखिनुका साथै यस्ता अपराधमा राष्ट्रिय

सिमाको वास्ता नगरिने र सामान्य तथा स्थानिय र अन्तर्देशिय चरित्रका कारण विभिन्ना किसिमको क्षेत्राधिकार समेत सृजाना हुने हुदा एक क्षेत्राधिकार र अर्को क्षेत्राधिकार बिचमा संगठित अपराध को व्याख्यामा समेत भिन्नता रहेको पाईन्छ [4]। आधुनिक विश्वमा भएको प्रविधि र सुचनाको विकाश संगसंगै संगठित अपराधीक संगठनहरुको संञ्जाल निर्माण गर्ने र आपसमा संगठित हुने तरिकामा समेत ठुली परिवर्तन आएको पाईन्छ ।आधुनिक संगठनको यस्तो सञ्जाल निर्माण कार्यले अपराधीहरु एउटा क्षेत्र अधिकार(jurisdiction) बाट सहज रुपमा अर्को क्षेत्रधिकारमा स्थानन्तरण हुने गर्दछ र फौजदारी नयाँ प्रणालीलाई चुनौती दिन सक्षम हुन्छ [5]।

१.२ संगठित अपराधको अर्थ र परिभाषा

संगठित अपराधको परिभाषा गर्नु जटिल विषय हो । विश्वव्यापी रुपमा यसको परिभाषामा एक रुपता पाईदैन । संगठित अपराध भन्ने शब्द १९१९ मा वकिल व्यापारी र बैंक सञ्चालकहरुद्धारा स्थापित शिकागो अपराध आयोग (chicago crime commission)ले पहिलो पल्ट प्रयोगमा ल्याएको थियो । अपराध भन्नाले संगठित अपराध संगठनलाई नभई लगभग दश हजार पशेवर अपराधीलार्य आपराधिक श्रेणीमा राखी संगठित शब्द प्रयोगमा ल्याएको थियो ।[6]

संगठित अपराध एक प्रकिया हो । जहाँ अपराधिक उद्देशले गठित संगठनहरु प्रभावकारी हुन्छन । यो व्यक्ती तथा समूहको मिलेमतोमान सञ्चालन हुने हदा शक्तीशाली हुन्छ । समाजको तल्लो तहदेखी अन्तराष्ट्रिय तहसंम्म विस्तारिचत र सञ्चालन हुने हुदा यसले राज्य सरह क्षमता राख्दछ । नियन्त्रणमा राखी अपराधको साम्राज्य खडा गर्दछ । संगठित अपराध Structure Group बाट गरिने नियोजित र योजना बद्द अपराध हो । यो अपराधिक समूहले संगठित रुपमा अपराध गर्दछ । विशेष गरी आर्थिक लाभ गर्ने उदेश्यले खडा भएका अपराधिक समूहले गर्ने गम्भिर अपराधलाई संगठित अपराध भन्न सकिन्छ भने तर कहिले

[4] प्रधानाङ्ग प्रा.डा रंजितभक्त र लामा कुन्साङ९२०७५० संगाठित अपराधको अवधारणा विशेपषांक काठमांडौ डेमोकेटिक नयर्स एसोसियसन पृ.२८

[5] पद टिप्पणी न.३

[6] Tripathi rawati raj and bhandari somanath (2016)an assessment to lefal framework to combat organized crime in Nepal prosecutes journal (vio.3) Kathmandu ,office of the attorney general nepal page 38

काही आपराधिक संगठनहरु राजनितिक उदेश्यले पनि खडा भएको पाईन्छ भने संगठित अपराधमा सिमाको वाता गरिदैन ।

अमेरिकाको organized crime control act १९७० ले संगठित अपराध लाई यसप्रकार परिभाषित गरेको छः organized crime as on the unlawful activities of a highly organized ,discipline association or by members of criminal syndicate . operative throught the united states भनी परिभाषित गरेको छ भने अमेरिकाले आपसी कानुनी सहायताको लागी Department of criminal division लाई केन्द्रिय निकायको रुपमा तोकी अन्तरदेशीय अपराधलाई रोकथाम गर्न National Institute of Justice लाई तोकेको पाईन्छ ।

त्यसै गरी सम्युक्त राष्ट्र संघका पुर्व माहासचिव **Kofi Anan** ले संगाडित अपराधको परिभाषा गर्दा Transnational organized crime transcends cultural ,social,linguistic and geographical borders and must be meat with a concrete and organized response भनि परिभषित गरेका छन् united nation conventions against transational organized crime ले संगठित अपराधको परिभषा नगरी निम्न बमोजिमको तत्वहरु आवश्यक भएको भनि माहासन्धिले व्यवस्था गरेको पाईन्छ ।

Organized criminal group shall mean a structured group three or more person existing for a period of time and acting in concern with the aim of committing one or more serious crimes or offence established in accordance with this conventions in order to obtains directaly or indirectly a financial or other material benefits[7].

serious crime shall be conduct constituting an absence punished by a maximum derivative to liberty at least four (4) years or more serious penalty.[8]

structured group shall mean a group that is not randomly formed for the immediate commission of an offence and that does not need to have formally defined role for its member continuity of its membership or a developed structure [9].

यसको अतिरिक्त माहासन्धी अन्य महत्वपुर्ण तत्वको रुपमा शाक्ति लाभ संगठित समुह आपराधिक ब्यवहार हुनुपर्ने व्यवस्था गरेको छ जस्तैः-

[7] united nation convention against trasnational crime g.a res 55/25de nov -2000 article2

[8] I bid -6

[9] I bid -6

- आशय वैचारिक वा राजनैतिक नभई आर्थिक लाभको उद्देश्य हुन्छ ।

- पदसोपान अर्थात संगठित हाईरहेकी हुन्छ ।

- सदस्यले गोपनियता र इमान्दारि कायाम राख्ने ।

- संगठनको आफ्नै निति तथा नियुक्ती प्रकृति ।

- predicate offence संग जोडिएर आउछ ।

- लामो समय सम्मा रहिरहन्छ ।

- गैरकाननी हिंसा एव रिसवतको चाहना

- संगठनको लाभ हासिल गर्न श्रमको विशिष्टिकृत बिभाजन

- अधिकृतम लाभको लागि बजारको एकाधिकार

- विशिष्टिकृत कानुन भएको

- गोपनियता कायाम गर्न संकेतिक नाम प्रयोग हुन्छ ।

यसैगरी organized crime को परिभाषा गर्ने क्रम मा Wikipedia मा national or local grouping of highly of centralized enterprises run by criminals who intend to enagage in illegal activity most commonly for profit some criminal organazations such as a terrorist group are politicaliy motivated .[9]

इन्टरपोलले सन् १९९८ मा गरेको परिभाषामा संगाठित अपराध भन्नाले राष्ट्रिय सिमानाको वास्ता नगरी आर्थिक लाभ प्राप्त गर्ने उद्देश्यले निरन्तर रुपमा गैर कानुनी कार्यमा संग्लता रहने कुनैसंगठन वा व्यक्तिहरुको समुहलाई बुझाउदा भनि परिभषित गरिएको पाइन्छ ।

१.३. संगठित अपराधका विशेषताहरु

संगठित अपराधक आफैमा छट्टै अपराध नभई अपराध गर्ने तोर तरिका त्यसमा संलग्न सदस्यलाइ एक अपराधको प्रकृति को आधार मा अन्य परम्परागत अपराध भन्दा पृथक एवं समाज मा पर्ने प्रभावको आधारमा हेरिनु पर्ने हुन्छ।सोही आधारमा संगठित अपराधमा विशेष थप सजाय को व्यवस्था गरिएको हुन्छ । संगठित अपराधका विशेषताको रुपमा संगठित तहगत अभिछिन्न नेतृत्व अपराधको माध्यमबाट लाभ प्राप्त गर्न हिंसा वा धम्की को प्रयोग भ्रष्टाचार **सार्वजनिक सेवा लाई प्राभावित पार्न**

[9] https;//en.m organized crime Wikipedia ,https;/en.m Wikipedia ,org .wiki ,organization…..visit2075-11-21

खास प्रकार को बजार मा एकाधिकार कायम गर्ने Rocketeering अर्थात व्यापारिहरुलाइ धम्काइ रकम असुल गर्ने अवैध चिजहको ओसार-पसार गर्ने गोपनियताको आफ्नै आचार संहिता रहेको विशेष योजनावद्ध ढंगले परिचालन

हुने जस्ता विशेषताहरु संगठित अपराधमा देखिन्छन् । संगठित अपराधमा मुलभुत रुपमा निम्न बमोजिमका विशेषताहरु पाइन्छ ।

१.३.१.आपराधिक समुहः (Criminal group)

- **निरन्तरताः** संगठित अपराध सम्बन्धि संस्थाहरु एउटा अपराधीको जीवन पयेन्त पनि निरन्तर रुपमा चलिरहन्छ र नेतृत्व परिवर्तनको गुंजागस रहन्छ ।

-संरचनाः कुनै निश्चित उद्देश्य प्राप्त गर्न खडा भएको संगठन झै यसको पनि आफ्नै तहगत संरचना (hierarchy)हुन्छ । यसमा संगठनका सदस्याहरुको काम कर्तव्य र अधिकारको आधारमा विभिन्न श्रेणी र तह को व्यवस्था गरिएको छ।

- सदस्यताः- यसको सदस्याता गोप्य र सिमित हुन्छ । समान किसिमको आपराधिक पृष्ठभुमी जातिय आधार तथा समान आपराधिक अवस्था हुने लाइ मात्र कठिन परिक्षण पछि सदायता दिइन्छ ।यस्ता सदस्यहरु जीवन उप्रान्त मात्र अवकश लिने गुणजायस रहन्छ ।

- **अपराधिक कार्यः**- संगठित अपराध निरन्तर रुपमा आर्थिक वा भौतिक उपलब्धी प्राप्त गर्ने आपराधिक क्रियाकलापको रुप मा रहेको हुन्छ।

- **हिंसा झै झगडाः**- संगठित अपराधमा हिंसा ,धम्की ,आक्रमण अभिन्न अंगका रुपमा रहन्छ ।

-शक्ति तथा नाफाको उद्देशयः- सार्बजनिक पदमा रहेका व्यक्तिहरु तथा अन्य भ्रष्ट र अनैतिक व्यक्ति वा समुहको सहयोग प्राप्त गरी निरन्तर रुपमा शक्ति हासिल गर्ने र आर्थिक लाभ प्राप्त गर्ने विशेषता रहन्छ ।

१.३.२.संरक्षक (the protector)

- कुनै पनि भ्रष्ट सरकारी अधिकारी सार्वजनिक पद धारण गरेको व्यक्ति व्यापारी आदिको पदिय तथा अन्य हैशियताको आधारमा संगठित अपराधले संरक्षकत्व प्राप्त गर्दछ ।

- संगठित अपराधमा संलग्न व्यक्तिहरुले भ्रष्टचार लाई बढुवा दिने हुदा भ्रष्टचार प्रमुख ।

रुपमा रहेको हुन्छ । समुहले भ्रष्ट अधिकारी संग सम्पर्क बढाउने र उनीहरुको संरक्षकत्व हासिल गरी अपराध घटाउछन्

१.३.३.संस्थागत आपराधिक सहयोग (organized crime support)

- विशेषज्ञको सहयोगः -आफ्नो उद्देश्य प्राप्त गर्न दक्ष व्यक्ति तथा विशेषज्ञको सहयोग निर्भर रहन्छन् जस्तै विमान चालक (अमेरिकाको इफिल टावर आक्रमण) हाइज्याकर shooters जस्ता विशेषज्ञ सेवा प्राप्त गर्दछन् ।

- सामाजिक सहयोगः- सामाजिक पदधारण गरेको व्यक्ति ,सरकारी कर्मचारी राजनैतिक नेता मार्फत सहयोग प्रापरत गर्दछन ।

१.४ - संगठित अपराधको वर्गीकरण (categorization of organized crime)

१.४.१.Orgrnized gang criminality (संढगठित आपराधिक समुह)

यस अन्तर्गत बैंक डकैती हाइज्याकिंग् ज्यान सम्बन्धि अपराध अपहरण सवारी साधन एंव ज्वाहरत चोरी युकव उदाहरणको रुपमा लिइन्छ ।छिमेकी देश भारतमा पानि व्यक्ति हत्या र अपहरणमा organized vgang criminality को प्रमाण देखिन्छ । भारतको उत्तर प्रदेशमा gangstar Act 1986 बनाई उल्लेखित आपराधिक क्रियाकलापको रोकथाम गरेको पाइन्छ । [10]

१.४.२. Racketeering

संगठित अपराध गर्ने व्यक्तिले गैरकानुन वयापारीक क्रियाकलाप गर्ने जस्तै जुवा वेश्यावृति लागु औषधिको कारोवार गर्ने व्यक्तिहरु बाट रकम असुल्ने गर्दछन् जवकि त्यस्ता व्यापारीहरु आफु उपर भएको घटनाको सम्बन्धमा प्रहरीसंग आफ्नो प्रतिक्षाको लागि नसक्ने हुदा व्यवसायीहरुबाट जबरजस्ती रकम असुल्ने काम गर्दछन ।[11]

१.४.३.Syndicate crime (एकाधिकार)

[10] Nepal law review year 36 vol123 ,nuber1&2 (2011) Nepal l;aw campus ,faculty of law ,tu kathmandu

[11] ibid page 12

संगाठित र व्यवस्थित तवरले अवैध वस्तु र सेवा सम्बन्धित कसुर यस अन्तर्गत पर्दछन् जस्तै अवैध वस्तु ओसार पोसार , अवैध मदिरा उत्पादन ,जुवा ,वैदेशिक मुद्रा सटही ,वेश्यावृति जस्ता अपराधहरु यस अन्तर्गत पर्दछन् ।[12]

१.४.४. Smuggling (तस्करी)

गैर कानुनि आयात

निर्यात सबै र्यात यस अन्तर्गत पर्दछ ।यसमा विधुतिय सामाग्री सुन wild life लागुऔषध **ओसार पोसार गरी अकुत रकम कमाउने गरीन्छ** ।[13]

१.५ संगठित अपराध अन्तर्गत हुने आपराधिक कार्यहरु

संगठित अपराधहरुले केन्द्रिय वा स्थानिय सरकारसंग गैरकानुनी तवरले आर्थिक लाभ प्राप्त गर्ने उद्देशयले टेन्डर प्रकृया मा अवरोध गर्ने नक्कली रक्सी वा अन्य सामानहरु उपभोगको लागि बजारमा ल्याउने आप्रवासी कामदार को अबैध व्यापार मानव बेचबिखन सम्पत्ति सुद्धिकरण लुटपुट चोरी धम्की हत्या अपहरण बैंक चोरी आदि कृयाकलाप हरु मुलतः आर्थिक लाभ एंव ख्याती प्राप्त गर्ने उद्देश्यले गरेको पाइन्छ ।जस अनुसार -

- लुटपाट
- धोका
- डकैती सुन तस्करी
- विष्फोटन
- बैंक घोटाला
- मानव बेचबिखन तथा उत्पादन एंव वितरण
- अपहरण
- भ्रष्ट्चार
- सम्पति सुद्धिकरण
- मुद्राको अपचलन
- आतंकवाद

[12] ibid page-13

[13] ibid page-13

- कर नतिरि अबैध रक्सी तथा चुरोटको उत्पादन

यसरी राज्य सरकार एंव नागरीक समाज कामजोर भएको अवस्थामा संगठित अपराधले बढवा पाउछँ। खासिगरी राज्य राजनैतिक आर्थिक वा सामाजिक रुपान्तरण को अपराधिक समरुहले त्यसको फाइदा उठाइ यस्ता अपराधको वृद्धि हुने गर्दछ ।

१.६.केही संगठित अपराधिक संगठनहरु

माफिया संगठनहरु -इटाली अमेरीका (Organized crime first started in 1282 in Italy and sicilly as mafia.)

(याकुचा ,जापान

- क्राइम सिण्डिकेट-ब्रिटिस

-ड्रग कार्टेल्स-कोलबिया ९लागु औषधको कारोबार गर्ने०

(माफिया -रसिया

-दाउद इकाइम छोटा राजन-भारत

नेपालको सन्दभमा चर्चित र ठुला प्रकारकाआपराधिक सँगठनहरु नभएता पनि जर्बरजस्ती चन्दा असुली गुण्डा गर्दि गर्ने अमर खण्डन समुह उदय सेठी समुह उगेन लामा प्रविण तामाङ समुह सम्तमान लिम्बु समुहहरु केही रुपमा अस्थित मा रहेको पाईन्छ।

परिच्छेद २

संगठित अपराध नियन्त्रण ऐन २०७०

२.१ अर्थ एवम परिभाषा

नेपालको सन्दर्भमा संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघिय महासन्धी (U.N conventions agonist transnational organied crime को 12 Dec-2002 मा हस्ताक्षर गरी 23 Dec-2011 मा अनुमोदन गरेको थियो । उल्लेखित महासन्धीलाई अनुमोन गरी नेपाल उक्त महासन्धी पक्ष राष्ट्रको हैशियतले आफ्नो दायित्व पूरा गर्न संगठित अपराध निवारण अध्यादेश २०६९ जारि गरी त्यसको एक वर्ष पछी २०७०/११/१२ मा संगठित अपराध निवारण ऐन.२०७०, व्यवस्थापिका संसदबाट जारी गर्यो उक्त ऐन आउनुको उदेश्य निम्म बमोजिम थिए ।

-सर्वसाधारणको जिउ ज्यान तथा सम्पतिको सुरक्षा गर्न र शान्ती शुव्यवस्था कायम गर्न

-मुलुकमा कानून र व्यवस्था कायम गर्नको लागी संगठित अपराधलाई निवारण गर्न

-विशेष प्रविधिलाई अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्न

-पिडपित र साक्षीको संरक्षण गर्न

यसरी उक्त ऐन आउनुपर्ने कारणमा यो नेपालको राष्ट्रिय आवश्यकताको परिपुर्ती मात्र नभई अन्तराष्ट्रिय बाध्यताले निर्माण गरेको परिस्थितीबाट समेत यो ऐन ल्याउनु परेको यर्थाथलार्य नकार्न सकिदैन । हामीले यदी समयमा उक्त ऐन ल्याउन सकेको नभए नेपाल Non co-operative state मा पर्ने सम्भावनाबाट पार पाउनको लागि समेत उल्लेखित ल्याउन पर्ने अवस्था विद्यमान थियो ।

नेपाको सन्दर्भमा संगठित अपराध २०७०दफा २ को (घ) मा आपराधिक समूह को परिभाषा गरिएको छ । जस अनुसार आपराधिक समूह भन्नाले प्रत्यक्ष वा परोक्ष रुपमा परिच्छेद -२ उल्लेखित संगठित अपुराध गर्ने उदेश्यले नेपाल भित्र वा बाहिर रहे भएको संगठित वा असंगठित तिन वा तिन भन्दा बढी व्यक्तीहरुको समुहलाई सम्झनु पर्छ ।

यसरी हाम्रो ऐनले महासन्धी व्यवस्था नगरेको असंगठित समूह समेतलाई अपराधिक समूहको रुपमा व्यवस्था गरी संगठित अपराधको परिभाषामा व्यापकता ल्याउन खोजिएको छ । जसले गर्दा कहिले काही अन्यौल सृजना हुन सक्छ । यसै गरी ऐन परिच्छेद -२ मा संगठित अपराध सम्बन्धित व्यवस्था गरिएको पाईन्छ । संगठित अपराध हुनको लागि कसैको आपराधिक समूहको लाभको लागि,आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट,आपराधिक समूह संग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भिर अपराध गरेमा संगठित अपराध गरेको मानिन्छ ।

माथि उल्लेखित प्रयोजनको लागि गम्भीर अपराध भन्नाले प्रचलित कानून बमोजिम ३ वर्ष भन्दा बढी कैद सँजाय हुने कसुर ऐनको परिच्छेद ३ बमोजिम अपराध अर्थात आपराधिक समूह स्थापना गरने न्यायिक कारवाहीमा अवरोध गर्ने विध्वाशात्मक कार्य गर्ने आपराधिक लाभ –एक्टर्सन) लिने भ्रष्ट्राचार सम्पति सुद्धिकरण वा आंतकारी क्रियाकलाप वित्तिय लगानी गर्ने कसुर लाई गम्भिर **अपराधको रुपमा राखी त्यस्तो**

कसूर गर्ने व्यक्तीलाई प्रचलित कानून बमोजिम हुने सजायका अतिरिक्त थप पचास प्रतिशत सजाँय हुने व्यवस्था गरेको छ तर जन्म कैद वा सो भन्दा बढी सजाय हुने कसुर सन्दर्भमा थप सजाय हुने व्यवस्था गरेको पाईन्छ ।

त्यसैगरी कसैले आपराधिक समूहलाई संगठित अपराध गर्न वा संगठित अपराध गर्न सघाउ पुर्याउने वा सञ्चार साधन वा सुचना प्रविधि उपलव्ध गराउने वा आर्थिक सहयोग गर्ने व्यक्तीलाई आश्रय दिने लुकाउने वा भगाउने कार्य गर्नेलाई आपराधिकरण गरि सजाय व्यवस्था गरेको पाईन्छ । त्यसैगरी संगठित अपराधको तयारी उद्योग षड्यन्त्र गर्न वा दुरुत्साहन दिन मतियार हुने कार्य समेतलाई आपराधिकरण गरेको पाईन्छ ।

संगठित अपराध निवारण ऐन २०७० को परिच्छेद ३ मा संगठित अपराध सम्बन्धित निषेधित कार्यहरुको व्यवस्था गरेबाट ऐनको बनावट केहि क्लिष्टता देखिता पनि उक्त परिच्छेदमा व्यवस्था गरिएका कसुरहरु आपराधिक समूहको स्थापना न्यायिक कारवाहीमा अवरोध विध्वसात्मक कार्य एवम आपराधिक लाभ लिन नहुने कार्यहरु आफैमा स्वत संगठित अपराध नभई ऐनको दफा ३ को आवश्यक तत्वहरुको विद्यामानतामा मात्र संगठित अपराध हुने देखिन्छ ।

२.२ संगठित अपराधको अनुसनधान तथा अभियोजन

संगठित अपराध निवारण ऐनले उक्त ऐनमा गम्भिर कसुरको रुपमा रहेको भष्ट्रचार सम्पति सुद्धिकरणआतककारी क्रियाकलापमा वित्तिय लगानीको कसूर बाहेकका अन्य स्रगठित कसुरमा कम्तिमा अधिकृत स्तरको प्रहरी कर्मचारीले अनुसन्धान अधिकारी तोक्ने व्यवस्था रहेको छ । त्यसै सम्बन्धित विषयको विशेषज्ञ संलग्न रहेको अनुसन्धान टोली गठन गर्न उपयुक्त देखिएमा नेपार सरकाले महान्याधिवक्ता र प्रहरी महानिरक्षक संग परामर्श गरी त्यस्तो अनुसन्धान टोली गठन गर्ज सक्ने व्यवस्था गरेको पाईन्छ । त्यसैगरी आवश्यकता अनुसार नियन्त्रित अनुसार पद्धति अर्थात संगठित अपराधमा संलग्न रहेको व्यक्तीको पहिचान गर्ने उदेश्यले अनुसन्धान अधिकारीको जानकारी वा प्रत्यक्ष निगरानी कार्यालयमा रेकर्ड राखि कुनै गैर कानुनी बस्तु प्रयोग गर्ने र त्यस्तो वस्तु एक ठाउँबाट अर्को ठाउँमा ढुवानी प्रयोग गर्ने ओसार पसार गर्ने प्रविधिको प्रयोग गरी अनुसन्धान गर्ने व्यवस्था गरि भरिया मात्र समात्ने परीपाटीको अन्त्य गरी Criminal group मा संलग्न व्यक्तीहरुलाई प्रकाउ गर्न सकिने एवम Under conver operation अनुसन्धान अधिकृतले गैर कानुनी वस्तु Suspect संग खरिद गरी तत्काल प्रकाउ गर्न सक्ने तथा यस्तै अन्य उपयुक्त अनुसन्धान पद्धति अपनाउन सक्दछ । साथै संगठित अपराधको अनुसन्धान गर्नको लागी अनुसन्धान अधिकारीले आवश्यकता अनुसार सुराकी प्रयोग गर्न सक्ने त्यस्तो सुराकीलाई गोप्य राख्नुपर्ने व्यवस्था गरेको छ । यसको अतिरिक्त अनुसन्धानको क्रममा Suspect लाई अदालतको अनुमती लिई ६० दिने सम्म हिरासतमा राख्न सकिने व्यवस्था गरेको पाईन्छ ।

संगठित अपराधको अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीले त्यस्तो सम्पत्ति कसैलाई हस्तान्तर गर्न धितो वा बन्धक दिन वा विक्रि वितरण गर्न रोक लगाउन सक्ने आरोपित वा परिवारको कुनै सदस्य उक्त अपराधमा संलग्न भएको छ भने विश्वाश गर्नुपर्ने मनासिव कारण भएको कुनै व्यक्तीको बैक वा वित्तय सस्थामा रहेको खाता रोक्ने राहादानी रोक्का गर्न सक्ने टेलीफोन मोबाईल वा सञ्चार साधनको विवरणको माग गर्ने वा टेलीफोन वा सञ्भार उपकरण निश्क्रिय गर्नसक्ने व्यवस्था गरेको पाईन्छ । अनुसन्धानको शिलशिलामा अधिकार प्राप्त अधिकारीको अनुमती लिई वा तत्काल मृत्यु हुने सक्ने वा ज्यु ज्यानमा गम्भिर चोट लाग्न सक्ने सम्भावना भएमा मुलुको राष्ट्रिय सुरक्षा वा हितमा आघात परने भएमा वा सरकारी वा निजि संरचना वा सम्पति तत्काल ध्वस्त हुने वा आगाजनी हुने भएमा अनुमती विना कुनै पनि व्यक्तीको संरचना अभिलेख राख्न सक्ने व्यवस्था गरेको पाईन्छ । नेपालमा बड्दै गई रहेको संगठित अपराधलाई नियन्त्रण एंव निवारण गर्ने उद्देश्यले

नेपालले केही घरेलु कानुन निर्माण गरेको पाईन्छ । जस्तै लागु औषध नियन्त्रण ऐन २०३३ मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन २०७६४ भष्ट्रचार निवारण ऐन २०५९ सम्पति सुद्धिकरण ऐन २०७० पारस्पिरक कमनुनी सहायता ऐन २०७० हातहतियार खरखजाना ऐन २०१० राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ विद्युतिय कारोबार ऐन २०६३ निर्माण भई लागु गररेको छ ।

२.३प्रमाण सम्बन्धि विशेष व्यवस्था

संगठित अपराध ऐनको परिच्छेद ६ मा प्रमाण सम्बन्धी विशेष व्यवस्था गरेको पाईन्छ । संगठित अपराधको मुद्धामा प्रमाणको सम्बन्धमा ऐनमा उल्लेखित व्यवस्थाको हकमा यसै ऐन बमोजिम र यस ऐद्दमा उल्लेख नभएका विषयमा मात्र अन्य प्रचलित कानुन बमोजिम पर्माण बुझ्ने व्यवस्था गरेको छ । सुरक्षाको दृष्टिकोणबाट अभियुक्तलाई अदालतमा उपस्थति गराउन नसक्ने भएमा श्रव्यदृव्य सम्बाद मार्फत उपस्थित गराउन सकिने त्यसैगरी संगठित अपराधको मुद्धाको सुराकी उजुरीकर्ता वा कुनै साक्षिलाई श्रव्यदृव्य सम्बाद वा डोर मार्फत बुझ्ने वा अभियुक्तले नदेख्ने गरी बकपत्र गराउने वा निजको स्वरयान्त्रिक वा अन्य तरिकाबाट रुपान्तरण गरी अदालत बाहेक अन्यत्र स्थानमा साक्षी प्रमाण बुझ्न सक्ने छ । त्यसैगरी उजुरीकर्ता साक्षिले काल्पनिक नामबाट बकपत्र गर्न सक्ने व्यवस्था गरेको पाईन्छ । ऐनको दफा ३६ मा संगठित अपराध मुद्धाका सुराकी उजुरीकर्ता साक्षिले कुनै प्रकारको जिरहको गर्न नपाईने तर अदालतले आदेश दिएमा अभियुक्तको कानुन व्यवसायी मार्फत अभियुक्तले नदेख्ने र पहिचान गर्न नसक्ने गरी जिरह गर्न सक्ने छ । त्यसरी कानुन व्यवसायी राखीएको कार्यमा संलग्न कर्मचारीले न्यायाधिक्कसंग सपथ लिएर मात्र जिरह गर्न पाउने छन । प्रस्तुत जिरह सम्बन्धि व्यवस्था हेर्दा प्रत्येक व्यक्तीलाई निज विरुद्ध गरीएको कारवाहीको जानकारी पाउने सम्बैधानिक हकको विरुद्ध पाईन्छ ।

संगठित अपराधमा मुद्धा चलाएको व्यक्तीको आय स्रोत वा आर्थिक अवस्थाको तुलनामा निजको सम्पति अस्वभाविक देखिन आएमा वा अस्वभाविक उच्च जिवनस्तर यापन गरेमा र आफ्नो हैसियत भन्दा बढि कसैलाई दान दातव्य गरेमा त्यसको सम्पति के कस्तो श्रोतबाट आर्जन गरेको हो भन्ने कुरा प्रमाणित गर्नपर्दछ त्यसरी प्रमाणित गर्न नसकेमा त्यस्ती सम्पति संगठित अपराधबाट प्राप्त गरेको मानिन्छ । यस सम्बन्धमा सम्पति सुद्धिकरण विवरण ऐनले सम्पतिको श्रोत प्रमाणित गर्ने [14]र त्यस्तो सम्पतिको श्रोत प्रमाणित गर्न नसकेमा त्यस्तो सम्पति जफत हुनेछ भन्ने व्यवस्था गरेको पाईन्छ । यस सम्बन्धमा सर्वोच्च अदालतको पुर्ण ईजलास बाट फैसला हुँदा सम्पति सुद्धिकरण निवारण ऐन २०६४ को दफा २८ को कानुनी व्यवस्था अनुसार आफूसंगै रहेको अस्वभाविक सम्पतिको श्रोत उक्त सम्पति बाहकले देखाउन सक्नु पर्दछ । केबल प्रतिवादीको साथबाट वरामद भएको मेरो रकम हो भनी तेस्रो व्यक्तीले भन्दैमा सम्पतिको कानुनी श्रोत खुलेको अर्थात वैध सम्पति हो भनी प्रमाणित भएको मान्न सकिने अवस्था हुँदैन । त्यस्तो बैध हुनको लागी आर्जन वा प्राप्त गरेको कानुनी श्रोत स्पष्ट रुपमा खुलाउन पर्ने सम्पति सुद्धिकरण निवारण ऐन २०६४ को दफा २८ मा भएको कानुनी व्यवस्था अनुसार वरामद भएको अवैध सम्पति सुद्धिकरण गर्ने उदेश्य नै नराखी आफूले व्यापार व्यवसाय वा अन्य कुनै व्यक्ती वा

[14] ऐन दफा ३३(१)

श्रोतबाट प्राप्त गरेको हो भन्ने पक्षले वस्तुनिष्ट प्रमाणबाट सो कुरा प्रमाणित गर्नुपर्ने नजिर सिद्धान्त समेत कायम भएको पाईन्छ ।

संगठित अपराधका अभियुक्तले कसैलाई अपरहण गरी वा नगरी शरीर बन्धक बनाई वा नबनाईकन पनि फिरौती माग गरी पत्रचार गरने टेलीफोन वा मोबाईलफोन बाट वा अन्य कुनै संञ्चारको माध्यमबाट डरत्रास वा धम्की दिएकोमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले फिरौति लिएको अदालतले अनुमान गर्ने छ । संगठित अपराध सम्बन्धित मुद्धामा प्रमाण बुझ्ने सम्बन्धमा विदेशी मुलुकको अदालतले प्रमाणमा लिन सक्ने नयाँ व्यवस्थालाई हाम्रो Criminal law मा Indorse मा गरेको पाईन्छ । जुन कुरा पारस्परिक कानुनी सहायता ऐन २०७० को दफा ५ ले कुनै कागज वा प्रमाण बुझ्ने सङ्कलन गर्ने वा प्राप्त गर्ने सम्बन्धित बस्तु वा ठाउँको जाँच गरी सो को सुचना र प्रमाणर उपलब्ध गराउने बैक वित्तिय वा व्यापारिक अभिलेख लगायत सम्बन्ध कागजातको संकलन र प्रमाणित प्रति उपलब्ध गराउने खानतलासि गर्ने बस्तु वरामद गर्ने व्यक्ती रहेकी स्थान पत्ता लगाउने खानतलासि गर्ने जस्ता पारस्परिक कानूनी साहायताको विषय उक्त ऐनमा समाहित गरी Mutual legal assistance बाट उल्लेखित प्रमाणहरुको आदान प्रदान गर्ने व्यवस्था गरेको पाईन्छ । उक्त Treaty नभएको अवस्थामा दुई देश विचमा Reciprocity को आधारमा पनी उल्लेखित प्रमाणहरुको आदान प्रदान गर्न सकिन्छ । जस्तै पोलिभर नोट छपाई सम्बन्धमा अष्ट्रेलियाले Reciprocity को आधारमा नेपालबाट सो सम्बन्धि प्रमाण माग गरेको थियो । यसै गरि प्रमाण लिने सम्बन्धमा अभियुक्त वा साक्षिको आफ्नै स्वरमा रहेको सम्पादन तोडमोड वा परिवर्तन गर्न नसकिने गरी रेकर्ड गरिएको कुनै सामाग्री वा फोटोलाई अदालतले प्रमाणमा लिन सक्ने व्यवस्था गरी प्रमाण बुझ्ने सम्बन्धमा विशेष व्यवस्था पाईन्छ ।

२.४सुनुवाई सम्बन्धि विशेष व्यवस्था

भष्ट्रचार सम्पति सुद्धिकरण र आतककारी क्रियाकलापमा वित्तिय लगानि सम्बन्धि मुद्धाको कारवाही र किनार गर्ने अधिकार विशेष अदालत र सम्पति सुद्धिकरण न्यायाधिकरण लाग्ने र अन्य संगठित अपराधका मुद्धाहरु सम्बन्धित जिल्ला अदालतमा लाग्जे व्यवस्था गरिएको छ । प्रस्तुत ऐनले क्षेत्रधिकार को व्यवस्था गर्दा स्पष्ट रुपमा जिल्ला अदालतलाई तोकेको छ तर बैकिङ कसुर शुरु कारबाही किनारा उच्च अदालतको वाणिज्य इजलायमा लाग्ने हुँदा क्षेत्रधिकारमा अन्यौल देखियता पनि मुल मुद्धा जहाँ लाग्छ संगठित अपराधको मुद्धा पनि सोहउ अदालतमा सुनुवाई गर्नुपर्ने हुन्छ । यसैगरी मुद्धाको गम्भिर्यतालाई हेरी त्यसको सुजुवाई बन्द ईजलास बाट हुन सक्ने व्यवस्था गरेको पाईन्छ ।

२.५ संगठित संस्थालाई सजाय हुन सक्ने

कानून बमोजिम स्थापित हुने कुनै संस्थाले यस ऐन बमोजिम कसुर गरेमा संस्थाको सम्बन्धित कर्मचारी वा पदाधीकारी लाई जिम्मेवार बनाईएको छ । यदी यस्तो कर्मचारी वा पदाधीकारी लाई जिम्मेवार बनाईएको छ । त्यस्तो संस्थालाई जरिवाना सार्वजनिक खरीदमा रोक हानी नोक्सानको क्षतीपुर्ती गराउने संस्थाको इजाजत पत्र खारेज गर्ने देखी संस्थाको विघटन गर्ने सम्मको व्यवस्था गरी Criminal justice sysrems नयाँ व्यवस्थाको सुरुवात गरेको पाईन्छ ।

२.६ सजायको मागदावीमा छुट दिन सकिने

संगठित अपराधको अभियोग लागेको कुनै अभियुक्तले आफुले गरेको अपराध स्वीकार गरी सो अपराधको सम्बन्धमा प्रमाण जुटाउन तथा अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी सरकारी

वकिल र अदालतलाई सघाउ पुर्याएमा र पहिलो पटकको अपराध भए त्यस्तो संगठित अपराधमा निजलाई हुने सजायमा पचहत्तर प्रतिशत सम्म छुट दिने गरी मुद्धा दायर गर्न सकिने छ। र निजले गरेको सहयोग अन्य सबुत प्रमाणबाट प्रमाणित नभएमा वा प्रहरी र सरकारी वकिललाई गरेको सहयोग प्रतिकुल हुने गरी अदालत समक्ष वयान दिएमा निजलाई पुनःमुद्धा दायर गर्न सकिन्छ तर निम्म अवस्थामा छुट हुने छैन।

-मूख्य अभियुक्तलाई

-कुनै संगठित अपराधमा कैद सजाय पाएकोमा कैद भुक्तानी भएको ३ वर्ष नपुगेको

-एकपटक सजाय छुटको सुविधा पाई सकेको

नेपाली कानून प्रणालीमा (Plea bargaining)को अभ्यास नयाँ प्रयोग हो। यो अभियोजनको सौदावाजी व्यवस्था संगठित अपराधको अनुसन्धान गर्न प्रयोग हुने उपयुक्त औजार मानिन्छ।यसबाट अभियुक्तको गिरोह पत्ता लगाउन धेरै सम्भब हुने र यो अभियोजनको सौदाबाजी नभई सजायको सौदावाजी हो। हाम्रो कानूनी प्रणालीमा सजायमा छुट हुन अनुसन्धान अधिकारीले सिफारीस हुनुपर्ने र उक्त सिफारीसको आधारमा अभियोग पत्रमा छुट दिन सकिने व्यवस्था देखीन्छ। यसमा अभियुक्तले सहयोग गरेको तथ्य अभिलेख भई लिखित कागजातबाट देखीनु पर्दछ। सजायको छुट सम्बन्धमा Nolo contendere (अपराधको सम्बन्धमा हो वा होईन केर्हीं नभन्ने) को अवस्थामा सजायमा छुट हुन सक्दैन अभियुक्तले अदालतमा प्रतिकुल वयान दिएमा वा प्रमाण पेश गरेमा पहिलेकै मागदावी रद्द गरी सरकारी वकिलले अदालतमा तत्काल निवेदन दिने र उक्त निवेदन मुद्धाको अभिन्न अंगको रुपमा रहन्छ।

नेपालमा संगठित अपराध निवारण ऐन २०७० आउनुपुर्वक प्रारभिक अवस्थामा निम्न ऐन मा यसको प्रयोग भएको देखिन्छ।

-भष्ट्रचार निवारण ऐन २०५९ को दफा ५५ मा सजायको मागदावीमा २५% छुट।

-सम्पति सुद्धिकरण निवारण ऐन २०६४ को दफा ४४ पुर्ण वा आर्थिक रुपमा छुट दिन सक्ने ।

-लागु औषध नियन्त्रण ऐन २०३३ को दफा १८ पुर्ण वा आर्थिक रुपमा छुट दिन सक्ने।

-मानव वेचविखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ को दफा २१-२५% सम्म ।

२.७ थप अभियोग लगाउन सक्ने:

कुनै व्यक्ति विरुद्ध सङ्गठित अपराधको मुद्दाको अभियोगपत्र दायर भै सकेपछि सोही अपराधका सम्वन्धमा अन्य व्यक्तिक विरुद्ध मुद्दा दायर गर्ना र त्यसरी मुद्दा दायर भइ सकेको अभियुक्त विरुद्द सोही अपराधमा वा अन्य कुनै कसुरमा थप अभियोग लगाइ अदालतमा अभियोगपत्र दायर गर्न सकिनेछ। यो व्यवस्थाले कुनैपनि व्यक्तिलाइ एउटा अपराधमा एक पटक भन्दा वढी मुद्दा चलाउने छैन र सजाय गरिने छैन भन्ने फौजदारी कानुनको सिद्दान्त नेपालको संविधान धारा २० (६) को विपरित हुनुको साथै principle of double jeopardy सिद्दान्तको प्रतिकुल व्यवस्था देखिदा पनि राज्यले गम्भिर कसुरमा उल्लेखित उन्मुक्ति दिन नसक्ने व्यवस्थाको अभ्यास criminal justice system मा पाइन्छ।

साथै प्रस्तुत ऐनको केही विविध व्यवस्थामा फरार रहेको व्यक्तिको हकमा अन्य प्रचलित कानुनको तुलनामा विषेश व्यवस्था गरेको पाइन्छ जस अनुसार फरार हुने व्यक्ति नेपाल सरकारको संवैधानिक निकाय,कुनै सरकारी कार्यालय शैक्षिक वा अन्य कुनै सार्वजनिक संस्थाको पदाधिकारी वा कर्मचारी भएमा स्वतः निलम्वन भएको मानिने र त्यस्तो व्यक्तिको नाममा रहेको सम्पत्ति रोक्का राख्ने र नागरिकताको प्रमाणपत्र र रहदानी वा जग्गा धनि प्रमाणपत्र प्राप्त गर्नवाट वच्चित हुनेछ । त्यसैगरी प्रस्तुत ऐनले सुराखी उजुरी कर्ता साक्षीको संरक्षण सम्वन्धी विषेश व्यवस्था गरी निजहरुको परिचयात्मक विवरण गोप्य राख्ने र सुरक्षाको प्रवन्ध गरिदिनु पर्ने व्यवस्था गरी मुद्दाको सुनुवाइ प्रभावकारी गराउने प्रयास गरेको पाइन्छ ।

२.८ पारस्परिक कानुनी साहायता ऐन २०७०

संगठित अपराधको प्रकृति cross border / transnation हुने हुदा कुनै एकदेशले चाहेर मात्र संगठित अपराध वारण हुन सक्दैन । अपराधिक समुहले अन्तराष्ट्रिय रुपमा आफ्नो संजाल विकसित गरी अपराधिक क्रियाकलाप संचालन गरीङ चुनौतीहरु विश्वसामू ल्याइरहेका छन् । संगठित अपराधवाट विश्व परिवेशमा देखापरेका चुनौतीहरुलाइ अन्तराष्ट्रिय रुपमा निवारण गर्न अन्तराष्ट्रिय सहयोग प्रतिवद्दताको खाचोँ भएको कारण सन् २००० मा अन्तर्देशिय संगठित अपराध विरुद्द महासन्धि (palermo canvenation) निर्माण गरी पक्ष राष्ट्रहरुलाइ पारस्परिक कानुनी सहायता सम्वन्धि व्यवस्था गर्नु पर्ने व्यवस्था गरेवमोजिम नेपालले आफ्नो अन्तराष्ट्रिय दायित्व समेत पुरा गर्न र संगठित अपराधमा संलग्न व्यक्तिहरुलाइ कार्यवाहीको दायरामा ल्याउन २०७० सालमा पारस्परिक मानुनी सहायता प्रदान गर्न सन्धि भएको रहेछ । भने कानुनी सहायता प्रदान गर्ने र न्यायीक कारवाहीको सम्वन्धमा कुटनितिक माध्यमवाट Reciprocity वाट पनि कानुनी सहायता प्रदान गर्न सके व्यवस्था गरेको पाइन्छ ।

२.९ सुपुर्दगी ऐन २०७०

संगठित अपराधको सम्वन्धमा यस्को नियन्त्रण तथा निवारण गर्नको लागि समेत ल्याएको प्रस्तुत ऐनले फरार अभियुक्त वा कसुर दातालाइ एक अर्को राज्य समक्ष सुम्पने कार्य गर्दछ ।तर यसको लागि त्यस्तो राज्य संग सुपुर्दगी सन्धी भएको हुनुपर्छ । सन्धि भएको अवस्थामा कुनै पनि विदेशी राज्यले सरकार संग अनुरोध गरी उक्त राज्यले त्यस्तो अभियुक्त वा कसुरदार लाइ सम्वन्धित देशमा सुपुर्द गर्दछ । कतिपय अवस्थामा सुपुर्दगी इन्कार गर्न सकिन्छ । भने राजनिति प्रकृतिको कसुर नमानिने [32]व्यवस्था गरेको पाइन्छ ।

प्रस्तुत ऐनले भ्रष्टचार मानव वेचविखन तथा ओसार पसार लागुपदार्थ उत्पादन सन्चय ओसार पोसार,कर,राजस्व,बैंकिङ्क सम्वन्धि कसुर सम्पत्ति सुद्दिकरण,जवर्जस्ती करणी ,संगठित रुपमा गरेको कसुर वा बहुराष्ट्रिय संगठित कसुर जस्ता संगठित प्रकृतिका कसुरहरु समेतलाइ राजनैंतिक प्रकूतिको कसुर नामानि सुपुर्द गरिने व्यवस्था गरी संगठित अपराधको नियन्त्रण ऐन निवारण गर्न सहयोग पुर्याउने उद्देश्यले यो ऐन आएको देखिन्छ ।

२.१० संगठित समुहवाट हुने अपराधको वारेमा भएका केही अन्य कानुनी व्यवस्थाहरु

- अभियुक्तको गिरोह वा संगठनको संलग्नताः अपराधको मात्रा र सजाय निर्धारणको आधार(ला.औ. नियन्त्रण ऐन २०६६ को दफा १४ को स्पष्टिकरण)

- जवरजस्ती करी गरेको अपराधमा सामूहिक रुपमा जवरजस्ती करणी भए थप ५ वर्ष कैद सजाय हुने - फौजदारी अपराध संहिता ऐन २०७४को दफा २१९ (७)

-अपहरण तथा शरिर वन्धकको कसुर संगठित रुपमा गरेको भए थप २ वर्ष सजाय हुने ऐन दफा २१४ (३)

- नियोजित र संगठित रुपमा कसुरु गरेको अवस्थाका कसुरको गम्भिर्यता वढाउने आधार वनाइएको ऐन दफा ३८ (फ)

२.११ संगठित अपराधको अभ्यासमा देखिएको केही तथ्यहरु

अनुसन्धान तर्फ

- अनुसन्धान अवधीमा मूल अपराधमा मात्र अनुसन्धान भएको राय पेश गर्दा मात्रै संगठित अपराधमा पनि राय पेश गरिएको ।

- रायमा किन संगठित अपराध भयो भन्ने कुनै विष्लेषण नगरिएको ।

-पक्राउ भएको दुइ जना प्रतिवादीको वतन खुलाइएको अन्यको नाम, थर,वतन नखुलाइ संगठित अपराधमा मुद्दा पेश भएको ।

- संगठित रुपमा कार्य गरेको भनेपनि कसरी कहिले देखि समूहको स्थापना गरी कार्य गर्दै आएक हुन भन्ने नखुलेको।

- संगठित कसुरको अस्तित्व पुष्टि नभएको र पहिले पनि कुनै घटना घटाएको नदेखिएको ।

- प्रतिवादीहरु अपराधिक समूहको सदस्य भएको वा लाग लिएको पुष्टि नगरिएको ।

अभियोजना तर्फ

- संगठित अपराधमा मुद्दा चलाइए पनि त्यसको अधारको वारेमा विवेचना नभएको ।

- संलग्न प्रतिवादीहरुको भूमिकको पृथक पूथक रुपमा विष्लेषण नगरिएको ।

- वारदात संगठित समूहवाट भएको ,संगठित प्रकृतिको नभएको ।

- धेरै जना संख्या भएको अधारमा मात्र संगठित अपराधमा अभियोजन गरिएको ।

- संगठित समूहको अस्तित्व र यस पूर्व घटाइएको घटनाको वारेमा मौन रहेको ।

न्यायिक निकायतर्फ

-मूल अपराधमा सजाय भंएकोमा संगठित अपराध तर्फ भने सजाय नभएको ।

- संगठित अपराधका सफाइ दिदाँ विवेचना नगरि वादी दावी नपुग्ने भन्ने मात्रै उल्लेख भएको ।

- संगठित अपराधको कुनै तत्व उद्देश्य र मनसाय संग मेल खाने देखिएन भन्ने अपराधमा सफाइ भएको ।

- voip कलवाइपासमा सजाय हुने तर प्रतिवादीको संख्य नपुगेको हुदाँ वादी दावी नपुग्ने भनि उल्लेख भएको ।

२.१२ संगठित अपराधको सम्वन्धमा अदालतको दृष्टिकोण

संगठित अपराध निवारण ऐन २०७० भर्खर मात्र जारी भएको सन्दर्भमा सर्वोच्च अदालत सम्म मुद्दाको रोहमा संगठित अपराधभको मुद्दा नपुगेको अवस्था हुन सक्छ । यद्यपि उक्त ऐन जारी हुनुपूर्व मुद्दाको रोहमा व्याख्या गर्ने क्रममा संगठित अपराधको अवधारणा ,प्रकृति,अपराधको तवर तरिक अपराधिक समूहको अपराध गर्दाको सचेतना आधारमा सम्मानित सर्वोच्च अदालतवाट महत्तव पूर्ण सिद्दान्त कायम भएक छन जुन निम्म वमोजिम छन ।

२.१२.१.सूर्य वहादुर पुन विरुद्द नेपाल सरकार

"संगठित अपराधमा संलग्न प्रतिवादीहरुको कसुरलाइ कुनै एउटा एक्लो वारदात वा घटना संग मात्र जोडि निरपेक्ष ढंगवाट हेर्नु भन्दा सो वारदातमाम प्रतिवादीहरुले हासिल गर्न चाहेको निहित उद्देश्य वा वारदातको दुर्गामी असरलाइ हेर्नु व्यायिक दूष्टिकोणवाट उपयुक्त वान्छनिय हुने" "गैडाँ मारी गैडाको खाग विक्री गर्ने समेतक अपराधिक कार्यमा प्रतिवादीहरुको संगठित समूह संलग्न भएको देखिदाँ प्रस्तुत वारदाता संगठित अपराध organized crime को कडिको रुपमा देखिएको छ । " (ने.का.प. २०६९ अंक ३ नि.नं. ८७८४ स.अ. संयुक्त इजलास मुद्दा गैडा मारी खाग विक्री ।)

२.१२.२. राम वहादुर विरुद्दको नेपाल सरकार

लागु औषधको ओसार पसार कारोवार कुनै एक व्यक्ति विशेषको प्रयासवाट मात्र सम्पन्न हुने नभइ लागू औषध संचय कर्ता खरिद कर्ता ,ओसार पसार गर्ने र विक्री वितरणको व्यवस्था मिलाउने व्यक्तिहरुको ,संगठित समूहवाट सम्पन्न हुने गर्दछ । त्यस्ता किसिमका अपराध वाट प्रयाप्त मुनाफ प्रयाप्त गर्न सकिने भएको हुनाले प्राय संगठित अपराधिकसमूहले यस्तो प्रकृतिक अपराध गरिएको हुने (नेपाल कानून पत्रिकाख २०७२ अंक ८ नि.नं.९४५३ मुद्दा लागू औषध खैरो हिरोइन स.आ.संयुक्त इजलास)

२.१२.३ राम वहादुर गुरुङ वि नेपाल सरकार

"संगठित अपराधको प्रकृति समान्य अपराधको भन्दा पृथक हुन्छ अपराधका यी दुवै प्रकृतिलार्य एउटै दृष्टिले हेर्न सकिन्न वृहत योजना र विस्तारित तयारी क साथ सम्पन्न हुने संगठित अपराध मा धेरै व्यक्तिको वेग्ला वेग्लै भूमिका हुन्छ ।पृथक पूथक व्यक्तका फरक फरक कार्यले एउट एउट संगठितन अपराध हुन्छ तसर्थ प्रत्येक प्रतिवादीको सम्पन्न अपराधमा संलग्नतालाइ प्रमाणको अधारमा पुष्टि हुने वा नहुने कुरा निर्धारण गर्नु पर्ने ।"

(नेपाल कानुन पत्रिका २०६७ भाग ५२ अंक २ नि निं ८३२१ मुद्धा ठगी संयुत्त इजलाश)

२.१२.४ गोमा पाचकोटी विरुद्ध नेपाल सरकार

कतिपय संगठित प्रकारका फौजदारि अपराधमा पिडितले सजायमा बेहोर्नुपर्ने क्षति अपराधवाट समाजलाइ पुग्न जाने असर तथा अपराधलाइ निरुत्साहित गर्न राज्यले निर्वाह गर्न् पर्ने नियन्त्रणकारी भूमिकालाइ मध्यनजर गरी प्रमाणको भर burden of proofe आरोपित पक्षलाइ नै सर्ने गरी कठोर कानुनी व्यवस्था गरेको हो। अपराधमा संलग्न पक्ष पेशेवर हुन सक्ने र कतिपय संगठित अपराधिक समूहको संलग्नता समेत अपराध हुन सक्ने भएकोले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थिति को अंकलन गरेर नै विधायिकले कानुनको निर्माण गरेको हो । प्रामांण संकलन का क्रममा हुन स क्ने कतिपय कमजोरीको फाइदा अपराध गर्ने पक्षलाइ नै नपुगोस भन्ने विधायिक मनासय हुने ।

(ने.का.पा.२०७२ भाग ५७ अंक १ नि.नं.९३३३ संयुक्त इजलास मुद्दा मानव वेचविखन तथा ओसार पसार |)

२.१२.५ चार्ल्स गरुमुख शोमराज वि.नेपाल सरकार

अपराध गर्दा अपनाइएको तरिका र अपराधको प्रकृति हेर्दा अपराधि पूर्ण सचेत सावधान रहि नियोजित र संगठित रुपमा आफ्नो अपराधिक कार्य योजनालाइ पूर्ण रुपमा दिएको देखिन्छ । यस्तो अवस्थामा अभियोजना पक्ष द्वारा प्रस्तुत अप्रत्यक्ष प्रमाण र खास गरी परिस्थिति जन्य प्रमाणको अधारमा कसुरदार देखिन आएकोम अभियुक्तलाइ सजाय गर्नुपर्ने(ने.का.प.२०६७ भाग ५२ नि.नं.८३७८ मुद्दा कर्तव्य ज्यान)सरकार

२.१३ निष्कर्ष

आधुनिक विश्वमा भएको विज्ञान, प्रविधि ,यातायात र संचारको विकास ,आर्थिक क्रियाकलापको विविधताले मानवको समुन्नतीमा अग्रणी भूमिका निर्वाह गर्नु को अतिरिक्त अपराधिक कार्यमा संलग्न व्यक्ति एवंम समुदायलाइ आफुनो अपराधिक संगठनहरुको निर्माण र त्यसको सूंचालनमा हजता भएको छ ।संगठित अपराधको प्रकृति केवल राष्ट्रिय सिमा संग मात्र आवद्ध नभइ अन्तर्देशिय (trans national) प्रकृतिका अपराधिक क्रियाकलाप संग पनि सम्वन्ध देखिन्छ त्यसैगरी संगठित अपराध अन्य परम्परागत अपराधमा भन्दा भिन्न प्रकृतिको एवमं नयाँ आयामको रुपमा रहेको छ । जटिल संगठनात्मक संरचना खडा गरी व्यवासयिक अपराधकर्मिहरु वाट यस्तो अपराध हुने हुदा परम्परागतथ अनुसन्धान पद्दतिवाट यसको अनुसन्धान एवम् अभियोजन गर्नु सम्भव पनि छैन संगठित अपराध मुद्दा आर्तिक क्षेत्रका अपराधहरु लागू औषधको कारोवार उत्पादन विक्री wild life को तस्करी जन्य कार्यहरु माव वेचविखन तथा ओसार पसार अपहरण तथा फिरौती वैंकिङ्ग तथा वित्तिय अपराध अवैद्य रक्सी चुरोटको उत्पादन कारोवार भ्रष्टचार सम्पत्ति शुद्दिकरण जुवा मुद्राको अपचलन जस्ता अपराधिक क्रियाकलाप हुने र उल्लेखित संगठनहरुले भ्रष्ट कर्मचारी राजनितिज्ञ व्यापारिहरुको सहयोऊ प्राप्त गरी स्वार्थ पुरा गर्दछन् ।

संगठित अपराधले राष्ट्रिय अर्थतन्त्रलाई कमजोर बनाउने तथा देशको शान्ति सुरक्षा र समुन्नतिमा बाधा पुर्याउनुका साथै देशको दैनिक प्रशासन र राजनितीक व्यवस्थालाई ध्वस्त बनाउने, भ्रष्टचार बढाउनुका साथै समग्र न्याय प्रणालीलाई नै असर पुर्याउछ । तसर्थ संगठित अपराधको निवारण गर्न फौजदारी न्याय प्रशासनमा सुधार गरि सक्षम बनाई यसको पहिचान ,प्रतिरोध एंव नियन्त्रण गर्नु पर्दछ । अपराध अनुसन्धानमा विशेष प्रविधिको प्रयोग सुराकि पिडित र साक्षीहरुको विशेष सुरक्षा , अनुसन्धान प्रकृयामा पारस्परिक कानून सहायता ,सुपुर्दगी ,देशहरु बिचमा सुचना आदानप्रदान जस्ता विषयले संगठित अपराध को नियन्त्रणमा महत्वपुर्ण भुमिका खेल्दछ ।

संगठित अपराध वर्तमान युगको एक प्रमुख चुनौतीको रुपमा रहेको हुदा नेपाल पनि यसबाट अछुतो रहन सक्दैन। संगठित अपराध रोकथामका लागि संगठित अपराध निवारण एन २०७० आउनुपुर्ब केही ऐनहरु जारी भई लागु भएको पाइन्छ। यस सम्बन्धमा लागु औषध नियन्त्रण ऐन भ्रष्टाचार निवारण ऐन हात हतियार खर खजना ऐन ,राष्ट्रिय निकुंज तथा वन्य जन्तु संरक्षण ऐन जस्ता ऐनहरु जारी गर्दै कार्यान्वयनमा रहेका थिए भने संगठित अपराध निवारण ऐन संगै सुपुर्दगी ऐन ,पारस्पारिक कानुनी सहायता ऐन सम्पति सुद्धिकरण ऐन ,र कशुर जन्य सम्पति तथा conduct लाई criminalized गर्दै अनुसन्धान साधन (रोक्का ,नियन्त्रण र जफत) ऐन जारी भई कार्यान्वयनको अवस्थामा रहेको पाइन्छ।

संगठित अपराध निवारण ऐनले केही नया Human अभियोजन संचार अभिलेख र प्रमाण सम्बन्धी विशेष नया अवधारणा र पद्धतिहरु आवलम्बन गरी संगठित रुपमा गारीने आपराधिक कृयाकलापबाट समाजमा सृजना हुने भयावह अवस्था निवारण गर्नका लागि यो ऐन जारी भएको पाइन्छ। यो ऐन अन्तर्राष्ट्रिय दायित्व एवं घरेलु आवशयकताको कारणबाट समेर्त विशेष ऐनको रुपमा जारी भयो। यो ऐनले नयाँ कानुनी ब व्यवस्था अवलम्बन गरेतापनि हाम्रो पद्धति एवं कानुन कार्यान्वयन गर्ने आम जनशक्तिको पुरानो सोच र मान्यता भएको हुदा कानुनको कार्यान्वयनमा आशातीत सफलता मिल्न सकेको पाइदैन। संगठित अपराध निवारण ऐनमा महासन्धीको व्यवस्था विपरित संगठित अपराधको परिभाषामा असंगठित समुह भन्ने शव्दावलीको प्रयोगले केही अन्यैलता सृजना गरेता पनि संगठित अपराधमा निहित हुने अन्य तत्वहरुको समेत विवेचना गरि व्याख्या गर्नुपर्ने हुन्छ। यद्धपि यस ऐनको प्रयोग सन्दर्भमा त्यस क्षेत्रमा संलग्न रहेको जनशक्तिहरुको आपसी समन्वय र आवश्यक प्रशिक्षणको व्यवस्था गरी एकरुपता कायम गरी संगठित अपराधको नियन्त्रण तथा निवारण गर्नु आजको आवशयकता हो।

सन्दर्भ सामाग्रीहरु

- United nations convention against transnational organized crime and its protocols
- संगठित अपराध निनारण ऐन २०७०
- सम्पत्ति सुद्धिकरण निनारण ऐन २०७०
- संगठित अपराध एक परिचय ,स्रोत सामाग्री प्रकाशन , प्रकाशन राष्ट्रिय न्याकि प्रतिष्ठान नेपाल
- नेपालमा संगठित अपराध दिपश के.सी.प्रकाशक ब्रदर बुक्स प्रकाशन प्रा. लि.
- संगठित अपराधको अवधारणा-लिगल आई महाधिवेशन विशेषांक काठमांडौ नेपाल डेमोकेटिक लयस एशोसियसन
- An assessemtn to legal framework to combat organized crime in Nepal
- Nepal law Review year 36 vo123 number 1&2 (2011) Nepal law
- ने.का.प.२०७३ अंक ११.
- संगठित अपराधको अवधारण र नेपालमा संगठित अपराध कानुन कार्यान्वयनको अवस्था डा.कुन्साङ लामा नेपालका सरकारी वकिलहरुको दोस्रो राष्ट्रिय सम्मेलन ,२०७५(सम्मेलन विशेषांक)\
- http.//en.m.organized crime wiki pedia.org.wikis organization
- http.//en.m Wikipedia.org.wiki.nolo

सङ्गठित अपराध सम्बन्धी कानुनको प्रभाव मूल्याङ्कन सम्बन्धी अनुसन्धानमूलक अध्ययन

अध्ययन समूहः

अनुगमनकर्ता सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे

संयोजक उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल

सह संयोजक उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी

सदस्य शाखा अधिकृत श्री टेकनाथ अधिकारी

सदस्य शाखा अधिकृत श्री उर्मिला जि.सी.

सदस्य शाखा अधिकृत श्री स्वतन्त्र न्यौपाने

सम्पादन

उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी

सम्पादन सहयोग

नायब सुब्बा चन्दन कुमार ठाकुर

प्रकाशकः

महान्यायाधिवक्ताको कार्यालय

प्रकाशित मितिः २०७४, साउन

प्रकाशन संख्याः १००० (एक हजार प्रति)

मन्तव्य

राज्यको परम्परागत कार्य अन्तर्गत न्याय प्रशासन सञ्चालन गर्नु पनि एक हो । राज्य प्रशासनको सक्षमता न्यायप्रशासनको सबलतामा कसिएको हुन्छ । राज्यले कुनै क्रियाकलाप, गतिविधिलाई कानुन बनाई नियमन गरेको हुन्छ । राज्यले अपराध हुन नै नदिने र घटित विभिन्न आपराधिक क्रियाकलापको नियन्त्रण समेत गर्न विभिन्न कानुनी व्यवस्था, संरचना र संयन्त्र बनाएको हुन्छ । राज्यले आफ्ना नागरिक तथा व्यक्तिलाई शान्ति सुरक्षाको प्रत्याभूति प्रदान गरी उनीहरुको स्वतन्त्रता र हक अधिकारको संरक्षण समेत गर्नुपर्ने हुन्छ । कानुनको प्रयोग गर्दा त्यसको विधि र प्रक्रिया बमोजिम गर्नुपर्ने हुन्छ । कुनै वारदातमा कसैको संलग्नता रहेको विषयलाई कानुन बमोजिम पुष्टि गर्नु पर्दछ र कानुनले तोकेको आधारमा सक्षम न्यायिक निकायबाट सजाय निर्धारण गरिनु पर्दछ । यसका लागि स्वच्छ सुनुवाइको हकको प्रत्याभूति गर्नु पर्दछ । अर्थात अभियुक्तको अधिकार संरक्षण गर्दै कानुनी दायरामा रही राज्यले सजाय गर्नु पर्दछ ।

विज्ञान र प्रविधिको विकाससँगै समाजमा अपराध गर्ने शैली, विधि र तरिकामा समेत परिवर्तन आएको छ । अपराध गर्न र संलग्न हुन भौतिक उपस्थिति अनिवार्य हुनु पर्ने अवस्था अन्त्य भएको छ । विकसित प्रविधि, साधनले जीवन संचालनमा सहजता र सुगमता ल्याएको छ । हाम्रा गतिविधि र क्रियाकलापहरु राजनीतिक सीमाविहिन भएका छन् । यसैगरी आपराधिक क्रियाकलापमा संलग्नता, यसका गतिविधि र प्रभाव समेत सीमाविहिन भएका छन् । यसले अपराध नियन्त्रणको कार्य चुनौतीपूर्ण र जटिल बनाएको अवस्था छ । विशेष गरी सङ्गठित रुपमा गरिने मानव हत्या, आर्थिक अपचलन, गैरकानुनी आर्जनलाई निर्मलीकृत गर्ने, लागू औषध र हातहतियारको गैरकानुनी कारोबार तथा ओसारपसार, मानव बेचबिखन तथा ओसारपसारका कार्यहरु बढ्दो रुपमा विश्वव्यापी रुपमा घटित भएका छन् । यसले न्याय प्रशासनमा मात्र असर नपारी आर्थिक प्रशासन हुँदै राज्य प्रशासनमा समेत असर पारेको अवस्था छ ।

अन्तरदेशीय प्रभाव र व्यापक सञ्जालमा गरिने सङ्गठित अपराध नियन्त्रण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा विभिन्न कानुनी व्यवस्था, संरचना र संयन्त्रको व्यवस्था गरिएको छ । सोही बमोजिम नेपालमा सङ्गठित अपराध निवारण ऐन, २०७० प्रचलनमा रहेको छ । सर्वसाधारण जनताको जीउ ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ति र सुव्यवस्था कायम गर्न, मुलुकमा कानुन र व्यवस्था कायम गर्नका लागि सङ्गठित अपराधलाई निवारण गर्न, विशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्न र सङ्गठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने लगायत सोसँग सम्बन्धित अन्य विषयमा कानुनी व्यवस्था गर्ने यस ऐनको उद्देश्य रहेको छ । यस ऐन लागू भए पछि यसको प्रयोग र प्रभावकारिताका सम्बन्धमा अध्ययन हुनु जरुरी थियो ।

प्रस्तुत अध्ययनले सङ्गठित अपराधमा भएको अनुसन्धान र अभियोजनको अवस्था र यसमा गरिनुपर्ने सुधारका क्षेत्रहरु पहिचान गर्ने उद्देश्य लिएको छ । काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयमा रहेका मिसिलमा मात्र सीमित तथा आधारित भई प्रस्तुत अध्ययन गरिएको छ । यस अध्ययनले निश्चय पनि सङ्गठित अपराधसँग सम्बन्धित विषयमा भएका अनुसन्धान र अभियोजनका क्षेत्रका समस्या र सुधारका सबै विषयवस्तुलाई समेट्न नसक्ला । तर मिसिलमा आधारित भई समस्या र समाधानको नजिक अवश्यै पुगेको महसुस गर्न सकिने यस केन्द्रको धारणा रहेको छ । यस अध्ययन सङ्गठित अपराधमा संलग्न अपराधीहरु, अपराधका प्रकृति, यस प्रकृतिका मुद्दामा गरिएको अनुसन्धान विधि र अभियोजनका पक्ष तथा त्यसमा रहेका कमिकमजोरीका सम्बन्धमा केन्द्रित रहेको छ । यस अध्ययन अनुसन्धानले सुझाएका सुधारका क्षेत्रलाई सम्बोधन गरिएमा सङ्गठित अपराध निवारण कानुनको प्रयोगमा हाल देखिएका केही समस्याहरुलाई हल गर्ने अपेक्षा लिएको छु । अन्त्यमा, यस अध्ययनलाई ठोस आकारमा ल्याउने कार्यमा सहयोग गर्नु हुने अध्ययन समूह लगायत सम्पूर्ण सबैमा धन्यवाद दिन चाहन्छु ।

२०७४ साउन

.....

(कृष्णजीवी घिमिरे)

प्रमुख

अपराधशास्त्रीय अनुसन्धान केन्द्र

महान्यायाधिवक्ताको कार्यालय

कार्यकारी सारांश

परिचय

सर्वसाधारण जनताको जीउ ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ति र सुव्यवस्था कायम गर्न, मुलुकमा कानुन र व्यवस्था कायम गर्नका लागि सङ्गठित अपराधलाई निवारण गर्न, विशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्न र सङ्गठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने लगायत सोसँग सम्बन्धित अन्य विषयमा कानुनी व्यवस्था गर्ने सङ्गठित अपराध निवारण ऐन, २०७० को उद्देश्य रहेको छ । सङ्गठित अपराध आफैमा मूल अपराध नभई अपराध गर्ने शैली, तरिका, माध्यम, कारण, साधनको प्रयोग, अपराधकर्ताको संलग्नता, अपराध पश्चात् त्यस अपराधको प्रभावको चाहनासँग सम्बन्धित हुन्छ । कुनै अपराध व्यक्तिगत वा समूहगत वा सङ्गठित रुपमा घटाइएको हुन सक्छ । त्यसकारण कुनै अपराध जतिसुकै गम्भीर हुनासाथ सङ्गठित हुने नभई त्यस अपराध घटाउन सङ्गठित रुपमा संलग्नताको अवस्था हेरिनु अत्यावश्यक हुन्छ । सङ्गठित अपराध निवारणका लागि २०७० सालमा सङ्गठित अपराध निवारण ऐन जारी भएपछि सङ्गठित रुपमा हुने अपराधमा संलग्न अपराधीहरु, अपराधका प्रकृति, यस प्रकृतिका मुद्दामा गरिएको अनुसन्धान विधि र अभियोजनका पक्ष तथा त्यसमा रहेका कमिकमजोरीका सम्बन्धमा यस अनुसन्धानको विषय रहेको छ ।

उद्देश्य

सङ्गठित अपराध निवारण ऐनको प्रयोग र प्रभावकारिताको अध्ययन गर्नु प्रस्तुत अनुसन्धानको मुख्य उद्देश्य रहेको छ । यस अनुसन्धानका विशिष्ट उद्देश्यहरुमा सङ्गठित अपराध निवारण ऐनमा गरिएका अपराध अनुसन्धान र अभियोजन सम्बन्धी व्यवस्थाको कार्यान्वयनको प्रभावकारिता मूल्यांकन गर्ने र सङ्गठित अपराध सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन गरिनु पर्ने सुधारका लागि सुझाव पेश गर्ने रहेको छ ।

अध्ययनको नतिजा

- काठमाडौ उपत्यकाका सरकारी वकील कार्यालयबाट अभियोजन गरिएका २१ वटा सङ्गठित अपराधका मुद्दामा संलग्न १२१ प्रतिवादीको लिंगको अवस्था हेर्दा सबै भन्दा बढी पुरुष ९२ प्रतिशत र महिला ८ प्रतिशत, बालबालिका र अन्य नरहेको देखिएको छ ।
- अध्ययन गरिएका सङ्गठित अपराध मुद्दाहरुमा संलग्न १२१ प्रतिवादीहरु मध्ये ७३ प्रतिशत पक्राउ परेका छन् । २२ प्रतिशत फरार देखिन्छन् भने ५ प्रतिशत पछि अदालतमा हाजिर भएको तथ्याङ्कबाट प्राप्त भएको छ ।
- अध्ययन गरिएका सङ्गठित अपराध मुद्दामा संलग्न १२१ प्रतिवादीहरुको संलग्नताको स्थिति अध्ययन गर्दा ७ प्रतिशत विदेशी अभियुक्तहरु रहेका देखिन्छन् भने ९३ प्रतिशत स्वदेशी अभियुक्तहरु रहेको तथ्याङ्कबाट देखिएको छ ।
- अध्ययन गरिएका सङ्गठित अपराध मुद्दाहरुमा पीडितहरुको अध्ययन गर्दा बालक ३, महिला ३२, पुरुष ४५ र अन्य १९ प्रतिशत रहेको र बालिका नरहेको पाइएको छ । यसबाट सङ्गठित अपराध मुद्दामा बालक पनि पीडित भएको देखिन्छ ।
- सङ्गठित अपराध मुद्दाहरुमा अनुसन्धान गर्दा सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा १२ मा विशेष अनुसन्धान टोलीको प्रयोग गरी अनुसन्धान गर्न र दफा १३ मा विशेष अनुसन्धान पद्धति अवलम्बन गर्न सकिने व्यवस्था गरिएको भए पनि अध्ययन गरिएका मिसिलबाट सङ्गठित अपराध सम्बन्धी मुद्दामा अनुसन्धान गर्दा अनुसन्धान अधिकृतले ९५ प्रतिशत र अनुसन्धान समूहले ५ प्रतिशत अनुसन्धान गरेको तथ्याङ्कबाट देखिएको छ । सङ्गठित अपराध मुद्दाहरुमा अनुसन्धान गर्दा ऐनको दफा १२ मा विशेष अनुसन्धान टोलीको प्रयोग वा दफा १३ मा विशेष अनुसन्धान पद्धति अवलम्बन गरिएको संलग्न केश फाइलबाट खुलेको देखिएन ।
- अध्ययन गरिएका सङ्गठित अपराधमा अभियोजन भएका २१ मुद्दाहरु मध्ये २९ प्रतिशत मुद्दाहरुका प्रतिवादीहरु यसपूर्व कुनै न कुनै अपराधमा संलग्न रहेको पाइएको छ ।

- सङ्गठित अपराधका मुद्दाहरु मध्ये सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा १८ बमोजिम ७१ प्रतिशत मुद्दाहरुमा अभियुक्तले चलाएको संचार माध्यम बारे सम्बन्धित निकायबाट विवरण माग गरेको र २९ प्रतिशत मुद्दाहरुमा उक्त विवरण माग नगरेको तथ्याङ्क देखिन्छ ।
- सङ्गठित अपराधमा अभियोजन भएका मुद्दाहरु मध्येमा सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा १९ बमोजिम ५ प्रतिशत मुद्दाहरुमा संचार माध्यम निष्कृय गरिएको देखिन्छ ।
- सङ्गठित अपराध मुद्दाहरुबाट तथ्याङ्क संङ्कलन गर्न लिइएको अपराधको आधारहरुमा कर्तव्य ज्यान ५ प्रतिशत, मानव बेचबिखन तथा ओसापसार २५ प्रतिशत, अन्य अपराध ७० प्रतिशत रहेको देखिन्छ
- सङ्गठित अपराध मुद्दामा संलग्न प्रतिवादी सदस्य संख्याको अध्ययन गर्दा ३ जनासम्म सदस्य भएको १० प्रतिशत, ३ देखि ५ जनासम्म सदस्य भएको ३२ प्रतिशत, ५ देखि १० जनासम्म सदस्य भएको ४७ प्रतिशत, १० जना भन्दा बढी सदस्य भएको ११ प्रतिशत तथ्याङ्क रहेको देखिन्छ ।
- सङ्गठित अपराध निवारण ऐन, २०७० बमोजिम परिच्छेद २ र परिच्छेद ३ मा परिभाषित कसूर सम्बन्धी अभियोजन गरिएका मुद्दाहरु मध्ये परिच्छेद २ बमोजिम परिभाषित कसूर ७१ प्रतिशत र परिच्छेद ३ बमोजिम परिभाषित कसूर २९ प्रतिशत रहेको देखिन्छ ।
- अध्ययन गरिएका मुद्दाको अभियोजनमा अभियोगमा छुट दिनेगरी मागदावी लिएको देखिएन ।
- सङ्गठित अपराध मुद्दाहरुमध्ये १४ प्रतिशत अभियोगपत्र थप वा पूरक दायर भएको देखिन्छ ।
- पक्राउ परेका प्रतिवादी मध्ये अदालतले गरेको थुनछेक आदेशमा थुनामा ७२ प्रतिशत, धरौटीमा १९ प्रतिशत र तारेखमा ९ प्रतिशत हुने गरी आदेश गरेको पाइएको छ ।
- शुरु जिल्ला अदालतद्वारा भएको निर्णय अवस्था हेर्दा सजाय भएको ३३ प्रतिशत, सफाई पाएको २४ प्रतिशत, मुल्तवीमा रहेको १२ प्रतिशत, तामेलीमा भएको २ प्रतिशत र हाल चालु अवस्थामा रहेको २९ प्रतिशत तथ्याङ्क रहेको देखिन आएको छ ।
- सङ्गठित अपराध मुद्दाहरुको २१ वटा मिसिल अध्ययन गरी हेर्दा शुरु जिल्ला अदालतबाट फैसला भएको मुद्दाहरु मध्ये ६३ प्रतिशत मूल अपराधमा सजाय भएको र पूर्ण सफाई ३७ प्रतिशत रहेको देखिन्छ ।

- घटनास्थल मुचुल्कामा कानुन बमोजिम रित पुऱ्याई साक्षी नराखेको र घटनास्थल/वरामदी मुचुल्का प्रतिवादीहरुको रोहवरमा नभएको पनि देखिन्छ ।
- अनुसन्धान अवधिमा मूल अपराधमा मात्र अनुसन्धान भएकोमा राय पेश गर्दा मात्रै सङ्गठित अपराधमा पनि थप गरी राय पेश गरिएको देखिएको छ ।
- रायमा किन सङ्गठित अपराध भयो भन्ने कुनै विश्लेषण नगरिएको पाइएको छ । केवल मिलेमतो गरी सङ्गठित भई योजनाबद्ध तवरले तह तह भई जिम्मेवारीको बाडफाँड गरेको भने पनि त्यस्तो के कस्तो योजना हो भन्ने पुष्टि नभएको देखिएको छ ।
- केवल पक्राउ भएको २ जनाको वतन खुलाइएको, अन्यको नाम, थर, हुलिया, वतन नखुलेकोमा पनि सङ्गठित अपराधमा अभियोग प्रस्तुत गरिएको पाइएको छ ।
- वारदात सङ्गठित प्रकृतिको हो भन्ने पुष्टयाँई नभएको, प्रत्येक अभियुक्तको कार्य र कसूर नछुट्टयाएको, गोश्वारा अभियोग प्रस्तुत गरिएको पाइएको छ ।
- मिसिल संलग्न विवादसँग सम्वन्धित बुझ्नु पर्ने विषय, परीक्षण गर्नुपर्ने वस्तु, विगो खुलाउने आदिका सम्बन्धमा सरकारी वकीलले पर्याप्त निर्देशन दिएको देखिएन ।

सुझावहरु

- सङ्गठित अपराध सम्बन्धी अवधारणामा अनुसन्धानकर्ता र अभियोजनकर्तामा अस्पष्टता रहेको हुँदा सो अस्पष्टता हटाउन तालिम प्रदान गर्नुपर्ने ।
- सङ्गठित अपराधमा अभियोजन गर्नु पूर्व मूल अपराध स्थापित गरी सो अपराध सङ्गठित रुपमा घटित भएको पुष्टि गर्न संगठनको अवस्था र त्यस कार्यमा त्यो संगठनका व्यक्तिहरुको संलग्नता देखाउनु पर्ने ।
- अनुसन्धान र अभियोजन गर्ने निकायको सुदृढीकरण, पर्याप्त स्रोत साधनको व्यवस्था गर्नुपर्ने ।
- सङ्गठित अपराधको सूचनादाता, सुराकी, पीडित तथा साक्षीको संरक्षणको प्रभावकारी कानुन नभएकाले यस्तो कानुन निर्माण गर्नुपर्ने ।

- सङ्गठित अपराधको अवधारणा र अन्तर्राष्ट्रिय व्यवस्थासँग मेल खाने कानुनी व्यवस्था गर्नुपर्ने ।
- ऐनले सङ्गठित वा असङ्गठित भन्ने शव्द उल्लेख गरेको छ । यसले अन्यौलता ल्याएको हुँदा यसको व्याख्या हुनुपर्ने ।
- अनुसन्धान र अभियोजनकताको विशिष्टीकरण गर्नुपर्ने ।

निष्कर्ष

अन्तर्राष्ट्रिय दायित्व र नेपालकै आवश्यकता बमोजिम विशेष ऐनको रूपमा सङ्गठित अपराध निवारण ऐन, २०७० जारी भएको हो । यस ऐनको प्रयोगका सम्बन्धमा अपराध अनुसन्धानकर्तामा र अभियोजनकर्तामा मात्र नभई निर्णयकर्तामा पनि स्पष्टता आवश्यक देखिन्छ । अध्ययनले ठूलो संख्या र क्षेत्र समेट्न नसकेपनि यसले कानुनको प्रयोग र कार्यान्वयन सम्बन्धमा गरेको अध्ययनबाट यस क्षेत्रमा संलग्न जनशक्तिलाई आवश्यक प्रशिक्षण प्रदान गरी सैद्धान्तिक र व्यावहारिक रुपमा स्पष्टता पार्न आवश्यक देखिएको छ । साथै अपराध नियन्त्रणसँग संलग्न निकाय र पदाधिकारीहरूबीच समन्वय र सहकार्य उत्तिकै जरुरी देखिन्छ । यस अध्ययनबाट प्राप्त नतिजा र सुझाव समेतलाई मनन गरी उल्लेखित समस्याको समाधानका लागि उल्लेख गरिएका सुझावहरु कार्यान्वयन गर्नेतर्फ सबैको ध्यान जानु जरुरी देखिएको छ ।

विषय सूची

परिच्छेद एक

प्रारम्भिक

१.१ परिचय (Introduction) .....

१.२ अनुसन्धानको उद्देश्य (Objectives of Research).....

!.३ अनुसन्धानको महत्व (Significance of Research) .....

१.४ अनुसन्धानको सीमा (Limitation of Research) .....

१.६ अनुसन्धान पद्धति (Research Methodology).....

१.७ अनुसन्धान प्रतिवेदनको संगठन (Organization of Research Report) .....

परिच्छेद दुई

साहित्यको पुनरावलोकन

२.१.१ Criminal Investigation.....

२.१.२. सङ्गठित अपराध : एक परिचय, २०६८ .....

२.१.३. An Assessment of Legal Framework to Combat Organized Crimes in Nepal .....

२.१.४. सङ्गठित अपराध नियन्त्रण सम्बन्धी व्यवस्था र कार्यान्वयनमा देखिएका समस्याहरु

२.१.५. सङ्गठित अपराध नियन्त्रण सम्बन्धी कानुन र यसको कार्यान्वयन .....

परिच्छेद तीन

सङ्गठित अपराधको सैद्धान्तिक अध्ययन

३.१ अवधारणा .....

३.२ परिभाषा.....

३.३ सङ्गठित अपराधका विशेषता .....

३.४ संगठनात्मक संरचना र आपराधिक कार्यहरु .....

३.५ सङ्गठित अपराध र असङ्गठित अपराधमा भिन्नता .....

परिच्छेद चार

सङ्गठित अपराध र अन्तर्राष्ट्रिय अभ्यासहरु

४.१ अन्तर्राष्ट्रिय कानुनी संरचना .....

४.१.१ अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २००० र उप आलेखहरु : .....

४.१.२ BIMSTEC Convention on cooperation in combating International Terrorism, Transnational Organised Crime and Illicit Drug Trafficking

४.१.३ भ्रष्टाचार बिरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३.....

४.१.४. Global Action Plan against Organized Transnational Crime, 1998

४.१.५. बाल अधिकार सम्वन्धी महासन्धि, १९८९.....

४.१.६. जीउ मास्ने वेच्ने तथा अरुको वेश्यावृत्तिको शोषण र दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९.....

४.१.७ अन्य अन्तर्राष्ट्रिय संयन्त्रहरु .....

४.२ विभिन्न मुलुकहरुको अभ्यास.....

४.२.१. संयुक्त राज्य अमेरिका .....

४.२.२. बेलायत.....

४.२.३. जर्मनी.....

४.२.४.भारत .....

४.२.५.अष्ट्रेलिया .....

परिच्छेद पाँच

नेपालको कानुनी व्यवस्था र सर्वोच्च अदालतबाट भएको व्याख्या

५.१ नेपालमा सङ्गठित अपराध सम्बन्धी कानुनी व्यवस्था .....

५.१.१ उद्देश्य .....

५.१.२ सङ्गठित अपराध निवारण ऐन, २०७० का मुख्य मुख्य व्यवस्थाहरु: .....

५.१.३ सङ्गठित अपराधको परिभाषा र कसूर.....

५.१.४ सङ्गठित अपराधमा सजाय सम्बन्धी व्यवस्था.....

५.१.५ सङ्गठित अपराधमा अनुसन्धान तथा अभियोजन सम्बन्धी व्यवस्था .....

५.१.६ प्रमाण र मुद्दाको कारवाही सम्बन्धी विशेष व्यवस्था.....

५.१.७ सङ्गठित संस्थाले गरेको अपराध सम्बन्धी व्यवस्थाः .....

५.१.८ अधिकारक्षेत्र सम्बन्धी व्यवस्था .....

५.२ प्रस्तावित अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताः.....

५.३ सङ्गठित अपराध सम्बन्धमा सर्वोच्च अदालतबाट भएको व्याख्या.....

५.३.१. अनिल कुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार विरुद्ध मदन शर्मा समेत....

५.३.२. सूर्यबहादुर पुन विरुद्ध नेपाल सरकार.....

५.३.३. नेपाल सरकार विरुद्ध राजु लामा, मुद्दाः लागू औषध .....

५.३.४. चार्ल्स गुरुमुख शोभराज विरुद्ध नेपाल सरकार, मुद्दाः कर्तव्य ज्यान .....

५.३.५. गोमा पाँचकोटी विरुद्ध नेपाल सरकार, मुद्दाः मानव बेचबिखन तथा ओसारपसार

परिच्छेद छ

सङ्गठित अपराध सम्बन्धी व्यावहारिक अध्ययन

६.१ अपराधमा संलग्न अभियुक्तहरुको लैङ्गिक समूह अवस्था.....

६.२ प्रतिवादीहरुको उपस्थितिको अवस्था अध्ययन .....

६.३ सङ्गठित अपराधमा संलग्न प्रतिवादीहरुको राष्ट्रियता (स्वदेशी तथा विदेशी)को अवस्था .....

६.४ पीडितको समूह विभाजन.....

६.५ अनुसन्धान गर्ने प्रहरी संयन्त्रको अवस्था.....

६.६ विशेष अनुसन्धान विधि.....

६.७ आरोपितको सम्पत्ति अदालतको आदेशले रोक्का गरेको अवस्था.....

६.८ आरोपितको कारोबारको विवरण माग वा खाता रोक्काको अवस्था.....

६.९ आरोपितलाई राहदानी जारी नगर्ने वा रोक्का राख्ने सम्बन्धी कारबाहीको अवस्था.....

६.१० अभियुक्तले पूर्व कुनै अपराध गरेको भए सोको अवस्था.....

६.११ टेलिफोन वा सञ्चारको विवरण माग गरेको अवस्था.....

६.१२ संचार माध्यम निष्कृय गरिएको सम्बन्धमा .....

६.१३ संगठनको स्थापना र निर्माण समय अवधि .....

६.१४ मूल अपराधको प्रकृति .....

६.१५ संगठनमा आबद्ध सदस्य संख्या.....

६.१६ सङ्गठित समूहले अघि कुनै अपराध घटाएको छ वा छैन भन्ने अवस्था बारे .....

६.१७ यस अघि सङ्गठित अपराध मुद्दा चलाएको भए सजाय.....

६.१८ पहिले कुनै अपराधमा मुद्दा चलेपछि यो ऐन आएपछि पुनः छुट्टै मुद्दा दायर भएको अवस्था .....

६.१९ अभियुक्तको प्रष्ट वतन खुलेको र नखुलेको सम्बन्धमा .....

६.२० परिच्छेद २ र परिच्छेद ३ बमोजिमका परिभाषित कसूर .....

६.२१ सजायको मागदावीमा छुट दिनेगरी अभियोगपत्र दायर भएको अवस्था .....

६.२२ थप वा पुरक अभियोग लगाइएको अवस्था .....

६.२३ थुनछेक आदेशको अवस्था .....

६.२४ जिल्ला अदालतबाट भएको कारवाहीको अवस्था .....

६.२५ फैसला गर्दा सजाय भएको अवस्था .....

६.२६ संगठनबाट अपराध भएको देखिएकोमा यसभन्दा पहिला कुन अपराध गरेको बारे .....

६.२७ अनुसन्धान तथा अभियोजनमा देखिएका मुख्य कमजोरीहरु .....

६.२८ सरोकारवाला र विज्ञहरुसंगको छलफलबाट प्राप्त भएका पृष्ठपोषणहरु .....

परिच्छेद सात

अनुसन्धानको नतिजा, सुझाव र निष्कर्ष

७.१ अनुसन्धानको नतिजा .....

७.१.१ सर्वोच्च अदालतबाट भएको व्याख्या.....

७.१।२ मुद्दाको फाइल अध्ययनबाट प्राप्त निष्कर्षहरु (अध्ययनमा काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला सरकारी वकील कार्यालयबाट अभियोजन गरिएका २१ वटा मुद्दाको मिसिल अध्ययनबाट प्राप्त तथ्यांकका आधारमा).....

७.१.३ मिसिल अध्ययनबाट अनुसन्धान तथा अभियोजनमा देखिएका मुख्य कमजोरीहरु

७.१.४ जिल्ला अदालतको फैसलामा गरिएका निर्णयको अवस्था .....

७.१.५ छलफलबाट प्राप्त सुझावहरु.....

७.२ सुझाव .....

७.३ निष्कर्ष.....

सन्दर्भ सामग्री सूची .....

अनुसूची १.....

संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गत दायर भएका मुद्दाहरुको तथ्याङ्क संकलनको प्रयोजनार्थ बनाईएको प्रश्नावली

अनसूची २.....

सरोकारवाला र विज्ञसँगको छलफलको उपस्थिति.....

अनुसूची ३.....

सङ्गठित अपराध निवारण ऐन, २०७० .....

अनुसूची ४ .....

United Nations Convention againstTransnational Organized Crime

परिच्छेद एक

प्रारम्भिक

१.१ परिचय (Introduction)

समाजमा शान्ति र सु-व्यवस्था कायम राखी जनतालाई सहज र निर्भयताका साथ जीवन यापनको अनुभूति दिलाउनु नै राज्यको मूलभूत उद्देश्य हो । यो उद्देश्य प्राप्त गर्न राज्यले अपराध हुन नै नदिने र घटित विभिन्न आपराधिक क्रियाकलापको नियन्त्रण गर्नुपर्ने हुन्छ । अपराध गर्नेलाई कानुन बमोजिम सजाय दिलाउनु पर्दछ । अपराधजन्य कार्यवाट भएको क्षतिको परिपूरण गरी अपराध पीडितलाई न्याय प्राप्तिको महसुस गराउनुपर्ने हुन्छ । भविष्यमा अपराध नहोस् भन्नाखातिर राज्यले व्यक्ति तथा नागरिकमा भय समेत सृजना गर्नुपर्ने हुन्छ । राज्यले सामाजिक सन्तुलन पनि बनाई राख्नुपर्ने हुन्छ । पीडकलाई सजाय दिई पीडितलाई न्याय दिनु नै फौजदारी न्याय प्रशासनको मुख्य उद्देश्य हो । समग्रमा राज्यले आफ्ना नागरिक तथा व्यक्तिलाई शान्ति र अमनचयनको वातावरण सृजना गरी मौलिक तथा मानव अधिकारको व्यवस्था गर्दै उपभोग र प्रचलनको प्रत्याभूतिको प्रबन्ध समेत गर्नुपर्ने हुन्छ ।

पीडकलाई सजाय गर्दा कानुन बमोजिम अधिकार प्राप्त न्यायिक निकायबाट गरिनु पर्दछ । स्वच्छ सुनुवाइको हकको प्रत्याभूति गर्नु पर्दछ । अभियुक्तको अधिकार संरक्षण गर्दै कानुनी दायरामा रही राज्यले सजाय गर्दछ । एकातिर संविधान र कानुनमा गरिएका मौलिक हक र मानव अधिकारको प्रत्याभूतिको विषय छ भने अर्कोतिर अपराध नियन्त्रण गर्ने, अपराधीलाई सजाय दिलाउने र पीडितलाई न्यायको महसुस गराउने कार्यात्मक चुनौती समेत रहेका छन् । विज्ञान र प्रविधिले विभिन्न कार्यहरु सम्पादन गर्न सहज बनाएको छ । मानव जीवनमा सहजता र सुगमता ल्याएको छ । विभिन्न क्रियाकलापहरु सीमाविहीन भएका छन् । विभिन्न कार्यशैली पनि परिवर्तन गराएको छ । यसको प्रभाव आपराधिक गतिविधि र अपराध गर्ने शैलीमा समेत परेको पाइन्छ । सोही अनुरुप आपराधिक क्रियाकलापहरु पनि सीमाविहीन र जटिल भएका छन् भने अर्कोतिर त्यत्तिकै चुनौती पनि थपी दिएको छ । विज्ञान, प्रविधि, यातायातको गलत प्रयोग तथा दुरुपयोगले मानव जीवन र सेवा प्रवाहमा नकारात्मक असर परेको छ । यसले गंभीर, सङ्गठित र अन्तरदेशीय अपराधहरु घटेका छन् । विशेष गरी मानव हत्या तथा आर्थिक अपचलनका कार्यहरु भएका छन् । यसले राज्यको आर्थिक तथा मौद्रिक सन्तुलनका साथै कर तथा राजश्व प्रशासनमा समेत असर

पारेको छ । गैरकानुनी रुपमा अर्थोपार्जन गर्ने, आपराधिक समूह निर्माण गर्ने तथा ती समूहले आपराधिक गतिविधि गरी सामाजिक र राज्य व्यवस्थालाई खलल पार्ने कार्य भई रहेका छन् ।

समूहगत तथा संगठनात्मक रुपमा अर्काको ज्यान लिने, चोरी गर्ने, गैरकानुनी आर्थिक लाभ लिने, भ्रष्टाचार गर्ने, गैरकानुनी आर्जनलाई निर्मलीकृत गर्ने, मानव बेचबिखन तथा ओसारपसार गर्ने, लागू औषधको कारोवार गर्ने, वित्तीय स्रोत र साधनको दुरुपयोग, हिनामिना तथा हानि नोक्सानी गर्ने आदि आपराधिक क्रियाकलापहरु भई रहेका छन् । यस प्रकृतिका आपराधिक क्रियाकलापहरुको नियन्त्रण गर्न र अपराध गर्ने कार्यमा संलग्न व्यक्तिहरुलाई दण्ड दिई पीडितलाई न्यायको महसुस गराउन तथा समाजमा शान्ति र सुरक्षाको प्रत्याभूति प्रदान गर्न राज्यले आवश्यक कानुन, संयन्त्र र संरचना बनाई कार्यान्वयन गरेको हुन्छ । सोही अनुसार सङ्गठित रुपमा गरिने अपराध नियन्त्रण गर्न सङ्गठित अपराध सम्बन्धी कानुनी व्यवस्था २०६९ मा अध्यादेश मार्फत गरिएको थियो । राज्यले यो अपराध सम्बन्धी कसूरको परिभाषा, दण्ड सजाय र अन्य व्यवस्था गरी अध्यादेश मार्फत सम्बोधन गर्न प्रारम्भ गरेकोमा हाल सङ्गठित अपराध निवारण ऐन, २०७० जारी भइ प्रचलनमा रहेको छ ।

सर्वसाधारण जनताको जीउ ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ति र सुव्यवस्था कायम गर्न, मुलुकमा कानुन र व्यवस्था कायम गर्नका लागि सङ्गठित अपराधलाई निवारण गर्न, विशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्न र सङ्गठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने लगायत सोसँग सम्बन्धित अन्य विषयमा कानुनी व्यवस्था गर्ने यस ऐनको उद्देश्य रहेको छ । यस ऐन लागू भए पछि सङ्गठित अपराधको रुपमा अनुसन्धान र अभियोजन भएको छ । साथै सङ्गठित रुपमा विभिन्न अपराधहरु घटेका भनी सार्वजनिक रुपमा सूचना प्रवाह भएका छन् । सङ्गठित अपराध आफैमा मूल अपराध नभई अपराध गर्ने शैली, तरिका, माध्यम, कारण, साधनको प्रयोग, अपराधकर्ताको संलग्नता, अपराध पश्चात् त्यस अपराधको प्रभावको चाहनासँग सम्बन्धित हुन्छ । त्यसकारण सङ्गठित अपराध हुनका लागि कानुनले बर्जित गरेको कुनै अपराध घटित हुनु जरुरी हुन्छ । त्यस घटना घटाउँदा त्यसमा संलग्नताको हिसाबले सङ्गठित रुपमा घटाइएको हो वा होइन हेरिन्छ । कुनै अपराध व्यक्तिगत वा समूहगत वा सङ्गठित रुपमा घटाइएको हुन सक्छ । त्यसकारण कुनै अपराध जतिसुकै गम्भीर हुनासाथ सङ्गठित हुने नभई त्यस अपराध घटाउन सङ्गठित रुपमा संलग्नताको अवस्था हेरिनु अत्यावश्यक हुन्छ । सङ्गठित अपराध निवारणका लागि २०७० सालमा ऐन बनेपछि सङ्गठित रुपमा हुने अपराधमा संलग्न अपराधीहरु, अपराधका प्रकृति,

यस प्रकृतिका मुद्दामा गरिएको अनुसन्धान विधि र अभियोजनका पक्ष तथा त्यसमा रहेका कमिकमजोरी पहिल्याउनु यस अनुसन्धानको विषय रहेको छ । यस अनुसन्धानले सङ्गठित अपराध सम्बन्धमा अनुसन्धान, अभियोजन र न्यायिक निर्णयका सम्बन्धमा भएको कानुनी व्यवस्था र अभ्यासलाई सम्बोधन गर्ने प्रयास गरेको छ । समग्रमा सङ्गठित रुपमा घटित अपराधको प्रवृत्ति र अनुसन्धान, अभियोजन र न्यायिक निर्णय तथा विद्यमान कानुनको प्रभाव समेतका विषयमा अध्ययन गर्न आवश्यक देखिएकोले प्रस्तुत अध्ययन गरिएको हो ।

१.२ अनुसन्धानको उद्देश्य (Objectives of Research)

सङ्गठित अपराध निवारण ऐनको प्रयोग र प्रभावकारिताको अध्ययन गर्नु प्रस्तुत अनुसन्धानको मुख्य उद्देश्य रहेको छ । यस अनुसन्धानका विशिष्ट उद्देश्यहरु यसप्रकार रहेका छन् :

- सङ्गठित अपराध निवारण ऐनमा गरिएका अपराध अनुसन्धान र अभियोजन सम्बन्धी व्यवस्थाको कार्यान्वयनको प्रभावकारिता मूल्यांकन गर्ने ।
- सङ्गठित अपराध सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन गरिनु पर्ने सुधारका लागि सुझाव पेश गर्ने ।

१.३ अनुसन्धानको महत्व (Significance of Research)

प्रस्तुत अध्ययन सङ्गठित अपराध निवारण ऐनमा गरिएका कानुनी व्यवस्था र यसको प्रभावकारितासंग सम्बन्धित रहेको छ । यस अध्ययनमा सङ्गठित अपराध सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु, विभिन्न देशमा सङ्गठित अपराध नियन्त्रण गर्न गरिएका कानुनी व्यवस्थाहरु र राष्ट्रिय कानुनमा गरिएका अनुसन्धान तथा अभियोजन सम्बन्धी कानुनको प्रयोगको अवस्था तथा कठिनाइका सम्बन्धमा व्यावहारिक रुपमा अध्ययन गरिएको छ । यस अध्ययनबाट सङ्गठित अपराधको अनुसन्धान तथा अभियोजनका सम्बन्धमा कानुनमा गरिएको व्यवस्थाको प्रयोग प्रभावकारी बनाउन चालिनु पर्ने कदम, सुधारका क्षेत्रहरुको पहिचान हुन्छ । यसले अनुसन्धानकर्ता, अभियोजनकर्ता, न्यायकर्ताका साथै समाज र राज्य समेतलाई उपयुक्त जानकारी उपलब्ध गराउँछ । यस अध्ययनले सङ्गठित अपराध निवारण ऐनको प्रयोगमा एकरुपता ल्याई कानुनको प्रयोगमा अन्यौलता हटाई कानुनको प्रभावकारिता अभिवृद्धि गर्न मद्दत गर्नेछ । समष्टिमा यस अध्ययनले सङ्गठित रुपमा गरिने अपराधको नियन्त्रण र निवारणका लागि कानुनको

उपयुक्त र व्यावहारिक प्रयोगका लागि सहयोग पुग्ने हुँदा यस अध्ययनको महत्व रहनेमा आशा गर्न सकिन्छ ।

१.४ अनुसन्धानको सीमा (Limitation of Research)

यस अनुसन्धानका देहाय बमोजिमका सीमाहरु रहेका थिए ।

- प्रस्तुत अनुसन्धान काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्ला सरकारी वकील कार्यालयहरुबाट सम्बन्धित जिल्ला अदालतमा दायर भएका सङ्गठित अपराध मुद्दाहरुमा केन्द्रित रहेको छ ।
- अनुसन्धान प्रस्ताव स्वीकृत भएको मितिले तीन महिनाको समयावधि रहेको थियो ।
- अनुसन्धानमा संलग्न कार्यदलका सदस्यहरुले कार्यालयको अतिरिक्त समयमा कार्य सम्पादन गर्नुपर्ने अवस्था थियो ।
- अनुसन्धानका लागि स्रोत र साधन योजना महाशाखाले उपलब्ध गराए बमोजिम हुनेछ भनिएकोमा नेपाल सरकारवाट विनियोजित बजेट रकममध्येवाट रु एक लाख छुट्टयाइएकोमा सो रकमवाट कार्यदलका सदस्य तथा आमन्त्रित कर्मचारीहरुले अतिरिक्त समयमा कार्य गर्दा खाजा खर्च, स्टेशनरी र प्रतिवेदनलाई अन्तिम स्वरुप दिनुअघि सरोकारवाला तथा विज्ञहरुसँगको परामर्श कार्यक्रममा खाजा खर्च र स्टेशनरी सामानमा मात्र खर्च गरिएको थियो ।

१.६ अनुसन्धान पद्धति (Research Methodology)

प्रस्तुत अनुसन्धानको विधि सैद्धान्तिक र व्यावहारिक (Doctrinal and Non Doctrinal) दुवै रहेको थियो । दुवै अनुसन्धान विधि मार्फत प्रारम्भिक स्रोतहरु र द्वितीय स्रोतहरु (Primary and Secondary source) मार्फत तथ्यांक संकलन तथा ती स्रोतहरुको विश्लेषण गरी सङ्गठित अपराध मुद्दामा अनुसन्धान, अभियोजनको अभ्यास अवस्था र समस्याका कारणहरुको खोजी तथा समस्याका समाधान पहिल्याउने प्रयास गरिएको छ । सैद्धान्तिक अनुसन्धान विधि अन्तर्गत यस सन्दर्भका अन्तर्राष्ट्रिय दस्तावेजहरुका सान्दर्भिक प्रावधानको विश्लेषण, विभिन्न मुलुकका प्रावधानको तुलनात्मक प्रावधान र नेपालको संवैधानिक तथा कानुनी व्यवस्थाको विवेचना गरिएको छ ।

व्यावहारिक अध्ययन विधि अन्तर्गत तीन जिल्लामा दायर भएका २१ वटा सङ्गठित अपराध मुद्दाहरुको फाइल अध्ययन गरी प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ । यस अर्न्तगत प्रश्नावली बनाई अध्ययन गरेर तथ्याङ्कहरु संकलन गरिएको थियो । यसमध्ये काठमाण्डौ जिल्ला सरकारी वकील

कार्यालयबाट १६, ललितपुर जिल्ला सरकारी वकील कार्यालयबाट ३ र भक्तपुर जिल्ला सरकारी वकील कार्यालयबाट २ गरी सम्बन्धित जिल्ला अदालतमा दायर भएका जम्मा २१ वटा सङ्गठित अपराध मुद्दाहरुमा अनुसन्धानबाट प्राप्त तथ्याङ्क व्याख्यात्मक र विश्लेषणात्मक शैलीद्वारा प्रयोग र प्रस्तुति गरिएको छ । सरोकारवाला निकाय तथा विज्ञ व्यक्तिहरुसँग सङ्गठित अपराधको विषयमा छलफल गरी आएका पृष्ठपोषणलाई समेत प्रस्तुत अनुसन्धानमा समावेश गरिएको छ । यसबाट सङ्गठित अपराधमा अपराध अनुसन्धान तथा अभियोजनका विद्यमान समस्याका कारण पहिल्याई समाधान सम्बन्धमा वास्तविकता नजिक पुग्न सकिने अनुसन्धान समूहको अपेक्षा रहेको छ ।

१.७ अनुसन्धान प्रतिवेदनको संगठन (Organization of Research Report)

प्रस्तुत अनुसन्धान प्रतिवेदनलाई विभिन्न सात परिच्छेद र तीन वटा अनुसूचीमा विभक्त गरिएको छ । ती परिच्छेद र अनुसूची देहाय बमोजिमको ढाँचामा रहेका छन् ।

परिच्छेद एक प्रारम्भिक

परिच्छेद दुई साहित्यको पुनरावलोकन

परिच्छेद तीन सङ्गठित अपराधको सैद्धान्तिक अध्ययन

परिच्छेद चार सङ्गठित अपराध र अन्तर्राष्ट्रिय अभ्यासहरु

परिच्छेद पाँच सङ्गठित अपराध सम्बन्धी नेपालको कानुनी व्यवस्था र सर्वोच्च अदालतबाट भएको व्याख्या

परिच्छेद छ सङ्गठित अपराध सम्बन्धी व्यावहारिक अध्ययन

परिच्छेद सात अध्ययनको नतिजा, सुझावहरु र निष्कर्ष

परिच्छेद दुई

साहित्यको पुनरावलोकन

सङ्गठित रुपमा गरिने अपराधको चुनौती अहिले विश्वव्यापी रुपमा रहेको छ । यस प्रकृतिको अपराध नियन्त्रण गर्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रुपमा कानुन, संयन्त्र र संरचनाहरुको व्यवस्था गरिएको छ । नेपालमा सङ्गठित रुपमा गरिने अपराध नियन्त्रणका लागि गरिएका कानुनी व्यवस्था र यसको प्रयोग सम्बन्धमा प्रस्तुत अध्ययनले आफ्नो क्षेत्र बनाएको छ । यस सन्दर्भमा अनुसन्धानमूलक अध्ययनका लागि सङ्गठित अपराध सम्बन्धी विषयमा प्रस्तुत अध्ययन पूर्व गरिएका अनुसन्धान, प्रकाशित पुस्तक, पाठ्यसामग्री, लेख र समग्रमा कुनै कृतिहरुको समीक्षा महत्वपूर्ण रहन्छ । अध्ययन क्रममा सङ्गठित रुपमा गरिने अपराधको अनुसन्धान तथा अभियोजन लगायत यस कानुनको प्रयोग सम्बन्धी विषयमा आधारित पुस्तकहरु तथा अनुसन्धानमूलक अध्ययन भएको देखिएन । तथापि सङ्गठित अपराधको अवधारणा, यसका विषेशता, यस सम्बन्धमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रुपमा गरिएका कानुनी व्यवस्था आदिका सम्बन्धमा अध्ययनको क्रममा सिद्धहस्त विद्वानहरुका अनुसन्धानात्मक पुस्तक, कृतिहरु, लेख रचना तथा पाठ्यसामाग्रीहरुको यस अध्ययन क्रममा समीक्षा गरिएको छ । सङ्गठित अपराधसँग सम्बन्धित रही प्रकाशन भएका देहाय बमोजिमका सामग्रीको यहाँ समीक्षा गरिएको छ ।

२.१.१ Criminal Investigation

लेखक द्वय Wayne W. Bennett तथा Karen M. Hess द्वारा लिखित तथा Wadsworth कम्पनीबाट संयुक्त राज्य अमेरिकाबाट सन् २००१ मा प्रथम पटक प्रकाशित भई हालसम्म छैठौं संस्करणमा प्रकाशित प्रस्तुत पुस्तक फौजदारी मुद्दामा अनुसन्धानका लागि ज्यादै उपयोगी रहेको पाइयो ।[१] कुल ५७४ पृष्ठ रहेको प्रस्तुत पुस्तकमा बीस वटा परिच्छेदमा फौजदारी मुद्दामा अनुसन्धान, अनुसन्धानात्मक फोटोग्राफी तथा घटनास्थल स्केच, अनुसन्धानात्मक नोट तथा प्रतिवेदन, खानतलासी, भौतिक प्रमाण, सूचनाको प्राप्ति, अभियुक्तको पहिचान तथा गिरफ्तारी, मुद्दा तयारी, सरकारी वकील तथा अदालतमा प्रस्तुति, केही नयाँ तथा गम्भीर अपराधमा गरिने अनुसन्धान पद्धति (डाँका, कुटपिट, जबरजस्ती करणी, बालबालिका विरुद्धका अपराध, कर्तव्य

[१] Wayne W. Bennett and Karen M Hess, Criminal Investigation (sixth edition), Wadsworth/Thomson learning, USA

ज्यान, चोरी, किर्ते, जालसाजी, सफेदपोशी तथा वातावरणीय अपराध, सवारी अपराध, आगलागी, कम्प्युटर अपराध, लागू औषध अपराध लगायतका) बारेमा विस्तृत रुपमा उल्लेख गरिएको छ ।

प्रस्तुत पुस्तकको परिच्छेद १९ मा पृष्ठ ४४८ देखि ४८६ सम्म सङ्गठित अपराध तथा घृणित अपराधको बारेमा विवेचना गरिएको छ । प्रस्तुत पुस्तकमा लेखक द्वयले शुरुमै केही प्रश्न उठाउँदै सङ्गठित अपराधको समस्या, कानुनले समेटेका विषय, यसका मुख्य क्रियाकलाप, सङ्गठित अपराध अनुसन्धानमा अनुसन्धानको प्राथमिक भूमिका, कुन कुन निकायले यस्तो अपराधमा समन्वय गर्छन्, जस्ता विषयमा उत्तर दिने प्रयास गरेका छन् ।[२] यस क्रममा प्रस्तुत परिच्छेदमा सङ्गठित अपराधको परिभाषा, विशेषता, लागू हुने कानुन, मुख्य क्रियाकलापहरुको बारेमा विवेचना गरिएको छ । यस्ता क्रियाकलापमा अवैध जुवा, बाजी, ऋण तथा लगानीमा हस्तक्षेप, डकैती, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार जस्ता अपराधलाई समेट्दै यस्ता अपराधमा हाल विश्वमा रहेका चर्चित समूह र उनीहरुको कार्य बारेमा विवेचना गरिएको छ । यस्ता अपराधको अनुसन्धानमा विशेष पद्धति अपनाउन र सफलता प्राप्त गर्न प्रहरी अधिकृतका लागि विशेष ज्ञान, तालिम, औजार, र पद्धति बारेमा जोड दिएको छ । यस अन्तर्गत नियन्त्रण गर्न लड्ने विधि (Method to combat organized crime) अनुसन्धानात्मक सामाग्री (Investigative aids) र सम्पत्ति जफत (Asset forfeiture) लगायत यो अपराध नियन्त्रणका लागि महत्वपूर्ण ज्ञान दिने प्रयास गरिएको छ ।

प्रस्तुत पुस्तक बाह्य मुलुकको परिवेशमा लेखिएको भए पनि सङ्गठित अपराधको अन्तरदेशीय स्वरुप भएकाले यसका महत्वपूर्ण विशेषता, शैली, अपराधको प्रभाव, स्वरुपमा अधिकांशत आधारित भएकाले सवै मुलुकमा झण्डै मिल्दोजुल्दो भएको परिवेशमा नेपालका अनुसन्धानकर्ता प्रहरी र सरकारी वकीललाई पनि ज्यादै महत्वपूर्ण रहेको छ । यस अनुसन्धानको विषय सङ्गठित अपराध मुद्दामा अनुसन्धान तथा अभियोजनको अवस्था, समस्या र सुधारका लागि सुझाव दिने उद्देश्य रहेकोले यस अनुसन्धानको विषयवस्तुसँग फरक भए पनि प्रस्तुत पुस्तक महत्वपूर्ण स्रोत सामग्रीको रुपमा रहेको मान्न सकिन्छ ।

---

[२] यसमा मुख्यत What the distinctive traits of organized crime are ? What organized crime activities are specially mode crimes by law ? What the major activities of organized crime are? What the investigator's primary role in dealing with the organized crime problem is? What agencies cooperate in investing organized crime? लगायतका प्रश्न उठाइएको छ ।

२.१.२. सङ्गठित अपराध : एक परिचय, २०६८

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपालद्वारा २०६८ सालमा प्रकाशित सङ्गठित अपराधः एक परिचय विषयक स्रोत सामग्री पुस्तिका अनुसन्धान क्रममा अध्ययन गरियो । प्रस्तुत स्रोत सामग्री पुस्तिकामा सिद्धहस्त लेखकहरु डा. आनन्दमोहन भट्टराई, केदार पौडेल, प्रा. डा. रंजितभक्त प्रधानाङ्ग, महेश शर्मा पौडेल, नृपध्वज निरौला, डा. गोविन्द थापा, युवराज सुवेदी र हरिकुमार नेपालद्वारा रचित अनुसन्धानमूलक लेखहरु समावेश गरिएको पाइयो । कुल आठ परिच्छेदमा विभाजित यस पुस्तकमा सङ्गठित अपराध सम्बन्धी जानकारी, अन्तरदेशीय सङ्गठित अपराधः प्रभावकारी प्रतिरोधात्मक उपायहरु, नेपालमा सङ्गठित अपराधका रुपमा अपहरण तथा शरीरबन्धक सम्बन्धी अपराधः एक चिन्तन, अन्तरदेशीय सङ्गठित अपराध र भ्रष्टाचार लगायत आर्थिक अपराध, मानव वेचविखनको अपराध, यस विरुद्धको कानुन र रोकथामका उपाय, Investigation of Transnational Organized Crime, Transnational Organized crime र Money Laundering, Financing of Terrorism and Nepal विषयका लेखहरु समावेश गरिएको छ । स्रोत सामग्रीको रुपमा प्रकाशित यस पुस्तिकामा समावेश भएका लेखहरुले सङ्गठित अपराधको सैद्धान्तिक विषयमा ज्ञान दिने उद्देश्यले विभिन्न सामग्री समेट्नुका साथै सङ्गठित अपराध अन्तर्गतको मुख्य मुख्य विषयगत क्षेत्रमा अनुसन्धान तथा हाल भैरहेका व्यावहारिक गतिविधिहरु बारेमा जानकारीहरु समेटिएको छ । सङ्गठित अपराधमा अनुसन्धान, अभियोजन तथा न्याय निरोपणका सन्दर्भमा अपराधशास्त्रीय अनुसनधान केन्द्रले गर्न लागेको प्रस्तुत अनुसन्धानसँग सो स्रोत सामग्री मेल खादैन तापनि सङ्गठित अपराधका विविध ज्ञान प्राप्त गर्न प्रस्तुत स्रोत सामग्री उपयोगी देखिएको छ ।

२.१.३. An Assessment of Legal Framework to Combat Organized Crimes in Nepal

महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित भएको Prosecution Journal, volume 3, 2016 मा रेवतीराज त्रिपाठी र सोमकान्ता भण्डारीको संयुक्त लेखन रहेको An Assessment of Legal Framework to Combat Organized Crimes in Nepal सङ्गठित अपराधको बारेमा विविध विषयवस्तुमा केन्द्रित भई तयार परिएको एक महत्वपूर्ण लेख हो । जसले सङ्गठित अपराधका मुद्दाहरुमा उठेका समस्याहरुलाई समाधान गर्न उन्मुख भएको देखिन आउँछ । यस लेखमा अपराधको प्रभावलाई विश्लेषण गर्दै अपराधीहरुको संजालको वृद्धि भएर उनीहरुले आफ्ना स्वार्थ पूरा गर्न समाज, राष्ट्र र विश्वव्यापी रुपमा असर पार्नेछ भन्ने अभिव्यक्तिको आभास दिन

खोजिएको छ । तर यस लेखले अनुसन्धान र अभियोजनमा आधारित भई कानुन कार्यान्वयन पक्षलाई समेट्न सकेको देखिन्न ।

यस अध्ययन सङ्गठित अपराध विरुद्धको कानुन कार्यान्वयन सन्दर्भमा केन्द्रित भई सुक्ष्म अध्ययन गर्न खोजिएको छ । जस्तैः यस अपराधले समाजलाई प्रभावित त पार्छ नै तर समाजमा बसोबास गर्ने ती व्यक्तिहरु जो यसबाट पीडित छन् अर्थात् उनीहरुको समूहगत विभाजनको अध्ययन गरिएको छ भने अर्को तर्फ विवरणको अध्ययन तथा सङ्गठित अपराधमा संलग्न अभियुक्तहरुको सदस्य संख्याहरु र उनीहरुको बसोबासको स्थिति बारेको अध्ययन, अभियुक्तहरुको संजाल पत्ता लगाउनका लागि टेलिफोन विवरण लगायतका विषयहरुमा केन्द्रित भई सङ्गठित अपराधको प्रभावका वारेमा अध्ययन गरिएको हुँदा यस अध्ययन महत्वपूर्ण देखिन्छ । तथापी अपराधशास्त्रीय अनुसन्धान केन्द्रले सङ्गठित अपराधमा अनुसन्धान, अभियोजन तथा न्याय निरोपणका सन्दर्भमा गर्न लागेको प्रस्तुत अनुसन्धानको विषयलाई लेखले समेटेको छैन तापनि सङ्गठित अपराध वारेका विविध ज्ञान प्राप्त गर्न प्रस्तुत लेख उपयोगी देखिएको छ ।

२.१.४. सङ्गठित अपराध नियन्त्रण सम्बन्धी व्यवस्था र कार्यान्वयनमा देखिएका समस्याहरु

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट २०७३ सालमा प्रकाशित **सम्पत्ति** नामक नेपाली भाषाको जर्नलमा लेखक कृष्णजीवी घिमिरेद्वारा तयार पारिएको यस लेख प्रकाशित भएको पाइयो । सङ्गठित अपराध नियन्त्रण सम्बन्धी व्यवस्था र कार्यान्वयनमा देखिएको समस्या नामक यस लेखमा सङ्गठित अपराधको परिभाषा, सङ्गठित अपराधको अबधारणा, सङ्गठित अपराधका विशेषता, यस अपराध नियन्त्रणका लागि राष्ट्रहरुबीच आपसी सहयोग, भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३ बाल अधिकार सम्बन्धी महासन्धि, १९८९, अन्तरदेशीय सङ्गठित अपराध बिरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २०००, जीउ मास्ने बेच्ने तथा अरुको बेश्याबृत्तिको शोषण दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९, Global Action Plan against Organized Transnational Crime, 1998 को महत्वपूर्ण प्रावधान, विभिन्न मुलुकका व्यवस्था र कार्यान्वयन पक्ष वारेमा विवेचना गरिएको छ ।

यसैगरी नेपालमा बिद्यमान कानुनी व्यवस्था र नियन्त्रणका पक्ष, अपराधको अनुसन्धान तथा अभियोजन सम्बन्धी व्यवस्था, प्रमाण र मुद्दाको कारवाही सम्बन्धी विशेष व्यवस्था, सङ्गठित संस्थाले गरेको अपराध सम्बन्धी व्यवस्था, सर्वोच्च अदालतको व्याख्या, कानुन कार्यान्वयनमा

देखिएका समस्या र समाधानका उपायहरु लगायतका विषयहरुमा केन्द्रित भई अध्ययन गरेको पाइए तापनि उक्त लेख सैद्धान्तिक स्वरुपको भएको हुँदा अबको यस व्यावहारिक स्वरुपको अध्ययन प्रतिवेदनले सङ्गठित अपराधमा संलग्न प्रतिवादी, प्रभावित पीडित, अनुसन्धान एवम् अभियोजन गर्दा र त्यस पछि देखिएका समस्याहरु, सङ्गठित अपराध नियन्त्रण ऐन, २०७० को प्रभावकारिता लगायत अन्य विषयहरुमा केन्द्रित भई तथ्याङ्कीय विश्लेषण मार्फत उक्त ऐनमा गरिनुपर्ने सुधारका उपायहरु र यस अपराधलाई नियन्त्रण एव न्यूनीकरणका लागि पहिल्याउनु पर्ने हुँदा यस अध्ययनमा सो विषयलाई सम्बोधन गर्ने गरी अध्ययन गरिएको छ ।

२.१.५. सङ्गठित अपराध नियन्त्रण सम्बन्धी कानुन र यसको कार्यान्वयन

संजिवराज रेग्मीद्वारा लिखित सङ्गठित अपराधको अवधारणा, अन्तर्राष्ट्रिय अभ्यास र नेपालमा सङ्गठित अपराध नियन्त्रण सम्बन्धी कानुन विषयको लेख सोपान मासिक, (मंसिर २०७२) मा प्रकाशन भएको पाइयो । यस लेखमा सङ्गठित अपराधजन्य कसूर अन्तर्गत हुने आपराधिक कार्यहरु र क्षेत्र, सङ्गठित अपराध नियन्त्रण सम्बन्धी फौजदारी कानुनमा समावेश हुनुपर्ने आधारभूत सवालहरु, सङ्गठित अपराध र समूहबाट हुने अपराध बीचको भिन्नता, नेपालमा सङ्गठित अपराध नियन्त्रण सम्बन्धी कानुनी व्यवस्था, ऐनको कार्यान्वयनमा सरकारी वकीलको भूमिका, सङ्गठित अपराध निवारण ऐनको प्रयोग सम्बन्धमा देखिएका समस्याहरु, समस्या समाधानका उपायहरु लगायतका विषयहरुमा प्रवेश गरी तयार पारेको उक्त लेखको छुट्टै महत्व रहेको पाइयो ।

उक्त लेख मुख्य रुपमा सैद्धान्तिक विषयमा विश्लेषण गरिएको पाइन्छ । तर यस अध्ययन प्रतिवेदनले यस ऐनको अभ्यास के कसरी भएको छ वा अभ्यास गर्दा देखिएका समस्या तथा चुनौतीहरु के के छन भन्ने बारेमा तथ्याङ्कीय विश्लेषणमा केन्द्रित भई तयार पारिएको हुँदा यस अध्ययन प्रतिवेदनमा सङ्गठित अपराधका मुद्दाहरुमा अनुसन्धानकर्ता र अभियोजनकर्ताले अबका दिनहरूमा ती समस्या तथा चुनौतीहरुलाई समाधान के कसरी गर्ने गराउने बारे सरकारी वकीलद्वारा अभियोजन गरिएका मुद्दाहरुको बारेमा तथ्यगत अध्ययन गरी ऐनको कार्यान्वयन वा भावी दिनमा कसरी प्रयोग गर्नेतर्फ लक्षित रहेको छ ।

परिच्छेद तीन

सङ्गठित अपराधको सैद्धान्तिक अध्ययन

३.१ अवधारणा

समाजको विकाससँगै अपराधको विकास भएको हो । अपराध घट्नुमा विभिन्न प्रयोजन र परिबन्ध हुन सक्छन् । प्रयोजन खुलेको अपराधमा राज्यले अपराध घोषणा गरी बढी सजायको व्यवस्था गरेको हुन्छ भने परिबन्दबाट भएको अपराधलाई अपराधको रुपमा घोषणा गरे पनि तुलनात्मक रुपमा कम गंभीर अपराधको रुपमा लिइएको हुन्छ । यस्तै विभिन्न अपराधहरुको श्रृंखलामा सङ्गठित अपराध पनि प्रयोजनयुक्त अपराधको रुपमा लिन सकिन्छ ।

विश्वका प्रायः देशको जनसंख्या निरन्तर वृद्धि भई रहेको छ । विगतको जनसंख्याको दाँजोमा हाल यसको वृद्धि अत्यधिक रुपमा देखिन्छ । कानुनद्वारा सृजित शक्ति भय, त्रास, डर तथा आतंकद्वारा सृजित शक्ति दुवै मानिसले प्राप्त गर्ने अभिलाषा राख्दछ । शक्तिले कुनै निश्चित समूहलाई नियन्त्रण गरी फलोवर्सका रुपमा निर्माण गर्दछ । नियन्त्रणका लागि भय, त्रास, डर धाक धम्की पनि प्रयोग भएका हुन्छन् । आर्थिक साधन स्रोत आवश्यक परेकाले आर्थिक साधन स्रोत जुटाउनु पर्ने हुन्छ । व्यक्तिगत स्वार्थलाई प्राप्त गर्न, अरु व्यक्ति तथा समूह माथि लाद्न, आफ्नो विचार र मान्यता परिपालना गराउन पनि शक्तिको आवश्यक मानिदै आएको देखिन्छ । फरक विचार हुँदा कुनै पक्षको अस्तित्वमा असर पर्ने हुँदा भय, त्रास, डर सृजना हुने र ज्यान जाने पनि हुन सक्छ । विज्ञान र प्रविधिको विकाससंगै मानिसहरुको पनि विचार, सिद्धान्त, तौर तरिका, स्रोत आदि राशीहरुको सीमाविहीन प्रवाह पनि भएको छ ।

वर्तमान विश्वमा परम्परागत शैली भन्दा फरक, प्रविधिजन्य, संलग्नताको दृष्टिवाट धैरै, समूहगत र व्यवस्थापनका शैली (नियन्त्रण, पदसोपान संरचना आदि) कडा रुपमा अपनाइएको, उद्देश्यका विषयमा प्रायः वित्तीय साधन प्राप्त गर्ने, डर, भय तथा आतंक फैलाई समाज र देशलाई चुनौति दिने, ज्यान लिने, भूगोलको दृष्टिले अन्तरदेशीय रुपमा नयाँ नयाँ र जघन्य अपराधहरु घट्न थालेका छन । विशेष गरी पैसा र लाभका लागि गैरकानुनी गतिविधि सञ्चालन गर्न थालियो । राजनीतिक रुपमा प्रेरित रहेका आतंकवादी समूहहरुको जन्म हुन थाल्यो । आपराधिक संगठनहरुले सर्वसाधारणलाई आफूहरुसँगै व्यवसाय गर्न बाध्य पार्न थाले । यस्ता आपराधिक संगठनहरुलाई माफिया, आपराधिक सिन्डिकेट, नेटवर्क, अन्डरवर्ल्ड पनि भनिने गरिएको छ ।

सिसिलीको माफिया, रशियन माफिया, चाइनिज माफिया, हङकङ ट्रेइड्स, जापानिज याकुजा लगायतका विभिन्न आपराधिक संजाल हाल विश्वमा रहेका छन् ।

यस्ता आपराधिक कृयाकलापलाई राज्यको कानुन, नियम तथा प्रकृयाको परिधिमा ल्याउनुपर्ने अवस्थाको सिर्जना भएको छ । यस्ता अपराधहरु नियन्त्रण गर्न अनुसन्धान, अभियोजन र अदालती कारवाहीमा पनि अन्तरदेशीय सहयोग, समन्वय र आदान प्रदानबाट मात्र संभव हुन्छ । यस्ता अपराधहरुलाई एक मुलुकले मात्र नभै अन्तरदेशीय रुपमै गम्भीर अपराधका रुपमा अपराधीकरण गरी हेरिनुपर्ने भएको छ र सजाय पनि सोही अनुसार व्यवस्थित गर्नुपर्ने भएको छ । यस्ता अपराध नियन्त्रण गर्न दण्डका सिद्धान्तमा हतोत्साहका अलावा सुधारात्मक र निरोधात्मक आधारमा निर्धारण गर्नु पर्ने भएको छ । यस्ता प्रकृतिका अपराधहरुको पहिचान, निवारण, अनुसन्धान तहकिकात, अभियोजन, मुद्दाको कारवाही, फैसला कार्यान्वयन र भविष्यमा यस्ता अपराधहरुको नियन्त्रण, निवारणका लागि विशेष रणनीति तथा पहलकदमी अपनाउनु पर्ने भएको छ ।

त्यसैले हाल बिश्वमा जघन्य र यस्तै विषयहरु अन्तरनिहित भएका अपराधहरुलाई सङ्गठित अपराधको नाम दिई नियन्त्रणका लागि ऐक्यवद्धता कायम हुन थालेको छ । विशेष गरी सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार, मानव बेचबिखन, लागू औषध, हातहतियार, साइबर अपराध, बैंकिङ्ग कसूर, मुद्रा अपचलन, नक्कली मुद्राको कारोबार, आतंकबाद लगायतका गंभीर, नवीनतम् अपराध सङ्गठित रुपमा गर्ने गरिएको पाइन्छ । यस प्रयोजनका लागि तत्काल कुनै कसूर गर्न बनेको समूहलाई यस कोटीको अपराधमा नराख्ने अवधारणाको विकास भएको छ । सङ्गठित समूहद्धारा सङ्गठित रुपमा गरिने यस्ता अपराधहरुको निवारणका लागि अन्तर्राष्ट्रिय रुपमै प्रयासहरु जारी छ । अपराधहरुको प्रकृति र विषयहरु पहिचान गरिएका छन् । अपराधको निवारण, अनुसन्धान तहकिकात, अभियोजन, मुद्दाको कारवाही, फैसला कार्यान्वयन र भविष्यमा यस्ता अपराधहरुको नियन्त्रण, निवारणका लागि विशेष रणनीति तथा पहलकदमी पनि सङ्गठित रुपमा गर्ने अन्तर्राष्ट्रिय प्रयासहरु गरिदै आएको छ ।

३.२ परिभाषा

सङ्गठित अपराधलाई परिभाषा गर्न कठिन छ । कुनै अपराधमा संलग्न प्रतिवादीको संख्याका आधारमा मात्र अमुक अपराध सङ्गठित हो भनी भन्न सकिदैन । कुनै अपराध सङ्गठित हो होइन भनी नामाकरण गर्न त्यसका अवयव तथा त्यसका उद्देश्य, शैली, प्रभाव तथा संलग्न व्यक्तिहरुको

संरचना जस्ता विषयहरुलाई हेर्नुपर्ने विद्वानहरुको भनाई रहेको छ । सङ्गठित अपराध योजना, तयारी, संगठन संजाल, पर्याप्त स्रोत साधन सहित धेरै व्यक्तिहरु मिलेर श्रृंखलाबद्ध रुपमा गरिन्छ । यसको उद्देश्य मूलतः पैसा कमाउने अर्थात् आर्थिक लाभ लिने, प्रसिद्धि हासिल गर्ने, समाजलाई आतङ्कित पार्ने, सामूहिक बदला लिने आदि रहेका हुन्छन् । यस्ता अपराधीहरु सङ्गठित भइ सो आधारमा अपराध गर्ने गर्दछन् । सङ्गठित अपराध देशभित्र र सीमाना पार गरी अन्य मुलुकमा पनि आफ्नो आपराधिक कार्य, संगठन र संजाल विस्तार गर्ने उद्देश्यबाट गरिन्छ ।

विधिशास्त्री Donald Casey ले सङ्गठित अपराधलाई यसरी परिभाषित गरेका छनः "An organized crime is a crime committed by a person occupying in an established division of labour, a position designed for the commission of crimes providing that in such division of labor at least one position is for corrupter, one position for corruptee and one for an enforcer."[३] यस परिभाषाले अपराध घटाउन बनेको समूहको संगठनात्मक पक्षलाई जोड दिएको छ । संगठनमा श्रमको विभाजन गरी आपराधिक कार्य संचालन गरिन्छ । यसले कम्तीमा पनि तीन जनाको संख्या रहने देखाउँछ ।

अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २००० ले सङ्गठित अपराधको परिभाषा नगरी सङ्गठित आपराधिक समूहको परिभाषा गरेको छ । यसका अनुसार तीन वा तीन भन्दा बढी व्यक्तिहरुको संरचनागत समूह रहेको, आर्थिक वा अन्य कुनै लाभका लागि एक वा एक भन्दा बढी गम्भिर प्रकृतिका अपराधमा संलग्न रहेको आपराधिक समूह सङ्गठित आपराधिक समूह हो (A structural group of three or more persons, existing for a period of time and acting in concert with the aim of committing one or more serious crimes in order to obtain a financial or other material benefit.)[४] भनी परिभाषित गरेको छ । यस महासन्धि अनुसार गम्भीर प्रकृतिको अपराधमा कम्तीमा चार वर्ष वा सो भन्दा बढी कैद सजाय हुने अपराध पर्दछ ।[५] यस महासन्धिले देहायको चरित्र भएको अपराधलाई

---

[३] डा. आनन्दमोहन भट्टराई, अन्तरदेशीय संगठित अपराध : प्रभावकारी प्रतिरोधात्मक उपायहरु, *सङ्गठित अपराध : एक परिचय स्रोत सामग्री,* प्रकाशक राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६९, पृष्ठ ८

[४] UN Convention against Transnational Organized crime, 2000 article 2 (a)

[५] उही ।

सङ्गठित अपराध मानेको छ :

- सङ्गठित समूह
- तीन वा बढी व्यक्तिहरुको संलग्नता
- सङ्गठित समूहको निश्चित समयसम्मको अस्तित्व
- निहित उद्देश्यसँग सम्बन्धित
- कम्तीमा एउटा आपराधिक कार्य संपन्न भएको हुनुपर्ने

अमेरिकाको Organized Crime Control Act, 1970 ले सङ्गठित अपराधलाई Unlawful activities of a highly organized, disciplined association or by members of criminal syndicates operative throughout the United States भनी परिभाषा गरेको छ ।[६] सङ्गठनको संरचनात्मक स्वरुप अपराधको उद्देश्य र प्रकृति तथा हासिल गर्न खोजेको लाभका आधारमा सङ्गठित अपराधलाई परिभाषित गर्न सकिन्छ ।

सन् १९७० मा अमेरिकी न्याय विभागले सङ्गठित अपराधलाई "All illegal activities engaged in by members of criminal syndicates operative throughout the US and all illegal activities engaged in by known associates and confederates of such members." भनी परिभाषा गरेको थियो ।

यसैगरी अमेरिकाकै अनुसन्धान निकाय FBI ले पनि सङ्गठित अपराधलाई "a continuing criminal conspiracy, having an organized structure, fed by fear and corruption and motivated by greed"[7] भनी परिभाषा गरेको छ

इन्टरपोल (INTERPOL) ले सन १९९८ मा गरेको एउटा परिभाषा अनुसार सङ्गठित अपराध भन्नाले राष्ट्रिय सीमानाको वास्ता नगरी आर्थिक लाभ प्राप्त गर्ने उद्देश्यले निरन्तर रुपमा

---

[६] US Organized Crime Control Act,1970

[७] milip Das, "Organized Crime : A World Perspective" ACJS Today, Vol. XVII, Issue 4 Ja/Feb 1999, pp 1, 3-7, recited in Wayne w. Bennett and Karen M. Hess, Criminal Investigation (Sixth edition), Wadsworth Publication, p. 449.

गैरकानुनी कार्यमा संलग्न रहने कुनै सङ्गठन वा व्यक्तिहरुको समूह बुझिन्छ (Any enterprises or group of persons engaged in a continuing illegal activities which has as is primary purpose the generation of profits irrespective of national boundaries)[8]

सङ्गठित अपराध निवारण ऐन, २०७० ले तीन जना वा सोभन्दा बढी मिलेर गरेको देहायका कसूरलाई सङ्गठित अपराध मानेको छ :

- प्रचलित कानुन बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर,
- प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी मानिने कसूर,
- आपराधिक समूहको स्थापना,
- न्यायिक कारवाहीमा अवरोध,
- विध्वंशात्मक कार्य,
- आपराधिक लाभ लिने कार्य ।

आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानीजानी गरिने गम्भीर अपराध सङ्गठित अपराध हो ।[९] यस परिभाषाले आपराधिक समूह र गम्भीर अपराधको परिभाषा खोजेको छ । ऐनको दफा २(घ) ले प्रत्यक्ष वा परोक्ष रुपमा सङ्गठित अपराध गर्ने उद्देश्यले नेपालभित्र वा नेपाल बाहिर रहे भएको सङ्गठित वा असङ्गठित तीन वा तीन भन्दा बढी व्यक्तिहरुको समूहलाई आपराधिक समूह मानेको छ । यसैगरी प्रचलित कानुन बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर, आपराधिक समूहको स्थापना, सङ्गठित अपराधको न्यायिक

---

[८] केदार पौडेल, सङ्गठित अपराध सम्वन्धी जानकारी, *सङ्गठित अपराध : एक परिचय स्रोत सामग्री,* प्रकाशक राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६९, पृष्ठ २

[९]संगठित अपराध ऐन निवारण ऐन, २०७० दफा ३(२)

कारबाहीमा अवरोध, विध्वंसात्मक कार्य, आपराधिक लाभ (एक्सटर्सन) लिने कार्य र प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण मानिने र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरलाई गम्भीर अपराध मानेको छ ।

नेपालमा लागू औषध, हातहतियार, जुवा, मानव बेचबिखन, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार, अपहरण, कालोबजारी, मुद्रा अपचलन, आतंकवाद, बैङ्क घोटाला, विष्फोटन जस्ता सङ्गठित अपराध नियन्त्रणका लागि विभिन्न कानुनी व्यवस्था गरिंदै आए पनि यस्ता अपराधहरुलाई सङ्गठित अपराधको रुपमा नियन्त्रण गर्ने प्रयास भने सङ्गठित अपराध निवारण ऐन, २०७० ले गरेको छ । यो अपराध आफैमा स्वतन्त्र अपराध नभई प्रचलित कानुन विपरीतको तीन वर्ष भन्दा बढी कैद सजाय हुने गम्भीर अपराध, आपराधिक समूहको संलग्नतामा वा आपराधिक समूहको लाभको लागि तीन जना वा सो भन्दा बढी कसूरदार संलग्न भएको अपराध घटित भएकोमा मात्र लागू हुने देखिन्छ । यसैगरी आपराधिक समूहको स्थापना गर्ने, न्यायिक कारबाहीमा अवरोध गर्ने, विध्वंसात्मक कार्य गर्ने, आपराधिक लाभ (एक्सटर्सन) लिने, प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण मानिने र आतङ्ककारी कृयाकलापमा लगानी सम्बन्धी कसूर पनि सङ्गठित अपराधको रुपमा गरिने कसूरको रुपमा मानिएको छ ।

सङ्गठित अपराध वर्तमान विश्वको लागि एक प्रमुख चुनौतीको रुपमा रहेको छ र हरेक राज्यको लागि सङ्गठित अपराध समस्याको रुपमा रहेकोले यसलाई नियन्त्रणका लागि बिभिन्न प्रयासहरु हुँदै आएको परिप्रेक्ष्यमा नेपाल पनि यस समस्याबाट अछुतो रहेको छैन । केही दशक यता यस अपराधले जरा गाड्दै आएको परिवेशमा २०६९ सालमा यस अपराध नियन्त्रणका लागि अध्यादेश जारी गरी २०७० सालमा विशेष ऐनको रुपमा सङ्गठित अपराध निवारण ऐन, २०७० पनि जारी गरिएको छ । यसका साथै यस ऐनसँग सान्दर्भिकता राख्ने सपुर्दगी ऐन, २०७० पारस्परिक कानुनी सहायता सम्बन्धी ऐन, २०७० जारी भएका छन् भने सम्पत्ति शुद्धीकरण ऐन, २०६४ यस अघीनै जारी भैसकेको छ ।

तर राज्यहरु बीचको एकापसी सहायताका लागि सन्धिहरु हुन नसकेको यथार्थता हाम्रो सामु छ । यसैगरी यसतर्फको जनचेतना अभिवृद्धि, अनुसन्धान र अभियोजनको स्तरीकरण पनि हुन सकेको छैन । राज्यका निकायहरु बीच समन्वय र सहकार्यमा कमी देखिएको छ । त्यसैले यी तथ्यलाई मनन गरी उल्लेखित समस्याको समाधान गर्नेतर्फ सबैको ध्यान जानु जरुरी देखिएको छ । तसर्थ, सङ्गठित अपराधको प्रवृत्ति, अनुसन्धान, अभियोजन र न्यायिक निर्णय तथा विद्यमान कानुनको

प्रभाव तथा अभ्यास अवस्था समेतका विषयमा अध्ययन गरी सुधारका लागि यो प्रतिवेदन तयार गरिएको हो ।

३.३ सङ्गठित अपराधका विशेषता

सङ्गठित अपराध कुनै छुट्टै आपराधिक कार्य नभई विद्यमान अपराधहरुको श्रृंखलामा परम्परागत वा सामान्य अपराध भन्दा छुट्टै ढङ्गले गरिने आपराधिक कार्य हो । सङ्गठित अपराधलाई आपराधिक उद्देश्य, अपराधको प्रकृति, यसको विस्तारित क्षेत्र, संजाल, आपराधिक प्रवृत्ति, संख्यात्मक आधार, संरक्षक तथा सहयोगी समूह लगायतका पक्षबाट अन्य अपराधभन्दा पृथक गर्ने गरिन्छ । आपराधिक समूहको निरन्तरता, छुट्टै संरचना, सदस्यता, आपराधिक कृयाकलाप, दंगा झैझगडा, शक्ति तथा आर्थिक लाभको उद्देश्य, नोकरशाही वा राजनीतिक व्यक्तित्वबाट संरक्षण, राज्यको कानुनी दायराको ओझेलमा रहनु यसका प्रमुख विशेषता रहेको पाइन्छ । मुलभूत रुपमा भ्रष्ट उच्च सरकारी पदाधिकारी वा राजनैतिक नेतृत्व वा अन्य उच्च व्यापारिक घराना पर्दा पछाडि यसका संरक्षक रही यस्तो सङ्गठित समूहले संरक्षण प्राप्त गरिरहेको हुन्छ र राज्यको कानुनी दायराबाट बच्न सदैव भ्रष्टाचारी व्यक्तिहरुसँग गरेको सम्पर्क, संजाल र संरक्षकत्व प्राप्त गर्न उनीहरुले प्रयत्न गरिरहेका हुन्छन । सङ्गठित अपराधको प्रकृति हेरेर सङ्गठित अपराधमा निम्न विशेषताहरु पाइने गरेको छः

- एउटा औपचारिक संगठन जस्तै सङ्गठित अपराध सम्बन्धी संस्थाहरुमा निरन्तरता रहन्छ ।
- यसको पनि आफ्नै तहगत संगठनात्मक संरचना र तह श्रेणीको व्यवस्था हुन्छ ।
- यसको सदस्यता गोप्य र सीमित हुन्छ । कठिन परीक्षण पछि सदस्यता दिइन्छ र जीवन उप्रान्त मात्र अवकाश लिने गुन्जायस रहन्छ ।
- आर्थिक वा अन्य भौतिक उपलब्धि वा मुनाफा प्राप्त गर्ने आपराधिक क्रियाकलापका रुपमा रहेको हुन्छ ।
- यस अपराधमा हिंसा, दंगा, धाक, धम्की, आक्रमण अभिन्न अंगका रुपमा रहेको हुन्छ ।
- भ्रष्टाचार वा अनैतिकतावाट शक्ति हासिल गर्ने र नाफा कमाउने विशेषता रहन्छ ।
- भ्रष्ट सरकारी अधिकारी वा पदीय तथा अन्य हैसियतको आधारमा संरक्षकत्व प्राप्त गर्दछ ।
- जहिले पनि भ्रष्ट अधिकारीहरुसँग सम्पर्क बढाउने, सन्जाल बनाउने र उनीहरुको संरक्षकत्व हासिल गर्ने गर्दछ ।

- आफनो उद्देश्य प्राप्त गर्न दक्ष व्यक्ति, अपहरणकर्ता, गोली हान्न निपुण व्यक्ति जस्ता लगायतका विशेषज्ञको सेवा प्राप्त गर्दछन ।
- अपराधिहरुको अन्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्गठनहरुसँग समन्वय, सम्वन्ध र सञ्जाल फैलिएको हुन्छ ।
- सार्वजनिक पद धारण गरेका व्यक्ति, राजनीतिक नेता, समाजसेवी मार्फत सहयोग र संरक्षण प्राप्त गर्दछन ।

३.४ संगठनात्मक संरचना र आपराधिक कार्यहरु

सङ्गठित अपराधका आपराधिक समुहहरु अत्यन्तै शक्तिशाली, सफल र राज्यको कानुनी नियन्त्रणको दायराबाट बच्न सफल हुनुमा यस्ता समुहहरुको सङ्गठन बलियो हुनु रहेको छ । अदृश्य रुपमा संगठनात्मक स्वरुप कायम गरेर आफ्नो उद्देश्य हासिल गर्न सक्नु यिनको प्रमुख सफलता रही आएको पाइन्छ । सन् १९८६ मा अमेरिकाको राष्ट्रपतीय आयोग (Presidential Commission) ले प्रस्तुत गरेको प्रतिवेदनमा सङ्गठित अपराधीहरुको निम्न संगठनात्मक स्वरुप रहेको देखाइएको थियो । हालसम्म आइपुग्दा समेत यो संगठनात्मक स्वरुप धेरै हदसम्म मिल्दोजुल्दो र महत्वपूर्ण रहेको पाइन्छ ।[१०]



[१०] Hierachical Structure of a Typical Organized Crime Family, Adopted from President's Commission on Organized Crime, 1986, P. 469

एक सङ्गठित अपराधका संरचनाका स्वरुप बारे राष्ट्रपतीय आयोगले पेश गरेको प्रतिवेदनमा सङ्गठित अपराधका सङ्गठनमा एक सङ्गठन प्रमुख हुन्छन । निजलाई सल्लाह दिने व्यक्ति सल्लाहकार हुन्छ भने संगठन प्रमुखको मातहतमा रहेर काम गर्ने गरी समूह विभाजन गरिएको हुन्छ । सो समूहको नाइके (सेनानी) हुन्छ । नाइकेले लडाकुहरुलाई परिचालित गर्ने गर्दछ भने तल्लो आधारभूत तहमा सङ्गठित अपराधलाई सहयोग पुऱ्याउन अन्य सहयोगी व्यक्तिहरु आबद्ध रहेका हुन्छन् ।

राज्यको कानुन कार्यान्वयन संयन्त्रको पहुँच, संरचना र कार्य अवस्थालाई मध्यनजर राखेर यस्ता गिरोहले सङ्गठित अपराधबाट प्रायः व्यापारिक तथा व्यावसायिक क्षेत्र लुटपाट, चोरी, अपहरण, धम्की, हत्या, विस्फोटन, मालबाहक कार्गो ट्रक अपहरण गर्ने, सामान लुट्ने, बैंकको ऋण तथा लगानीको दुरुपयोग गरी टाट उल्टाउने जस्ता धोकाधडी, बैक घोटाला, बिमा वा शेयर, धितोपत्रको भित्री कारोवार (Insider trading), डकैति, कम्प्यूटर हाकिंग, क्रेडिट कार्ड वा बैक कार्ड सम्बन्धी अपराध, सार्वजनिक निर्माणमा हुने टेन्डर प्रक्रियामा अवरोध, कालो बजारीमा नियन्त्रण, एकाधिकार, नक्कली मुद्रा, नक्कली रक्सी वा अन्य बढी उपभोग गर्ने सामान प्रचलनमा ल्याउने, आप्रवासी कामदारहरुको अवैध व्यापार, जुवा, बेश्यावृत्ति, मानव बेचविखन तथा ओसारपसार, हातहतियार उत्पादन, ओसारपसार, लागू औषध कारोबार, अपहरण, हत्या, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार, मुद्राको अपचलन, नक्कली मुद्राको चलन, कर नतिर्ने, चुरोट, रक्सीको उत्पादन, आतंकवाद आदिमा संलग्न रहने गर्दछन् । यस्तो सङ्गठित अपराधका संरचनाको स्वरुप तथा प्रवृत्ति बारेमा राज्यका निकायहरु खासगरी अपराध अनुसन्धानकर्ता प्रहरी, अभियोजनकर्ता सरकारी वकील र न्यायकर्मीहरु सुसूचित रहनैपर्ने हुन्छ । अन्यथा यस्ता जघन्य मुद्दालाई हेर्ने दृष्टिकोण पनि अन्य सामान्य मुद्दा सरह नै हुन गई नियन्त्रण कार्य प्रभावकारी हुन सक्दैन ।

३.५ सङ्गठित अपराध र असङ्गठित अपराधमा भिन्नता

कुनै कार्य कसूर कायम गर्ने र सजाय गर्ने कार्य राज्यमा निहित रहेको हुन्छ । समाज र मानिसलाई हानि पुग्ने गतिविधि, क्रियाकलाप तथा सामाजिक हित विपरितका कार्यलाई राज्यले कानुन बनाएर रोक लगाउँदछ र त्यस्ता कार्य गरेमा कानुन बमोजिम सजायको भागिदार समेत बन्नु पर्दछ । सङ्गठित अपराध आधुनिक समयमा विश्वव्यापी चुनौतीको रुपमा देखा परेको छ । गंभीर प्रकृतिका अपराध सङ्गठित रुपमा गरिने हुँदा यसको दायरा र प्रभाव अन्य अपराधमा भन्दा भिन्न हुन्छ । सङ्गठित अपराध र असङ्गठित अपराध बीचको भिन्नतालाई यसरी हेर्न सकिन्छ ।

सङ्गठित अपराध	असङ्गठित अपराध
सङ्गठित अपराध हुन सामान्यतया: तीन जना वा सो भन्दा बढी व्यक्तिहरुको सङ्गठित समूहले अपराध गरेको हुनु पर्दछ	एक जना वा बढी व्यक्तिले फौजदारी कानुनले रोक लगाएको कार्य गरेमा अन्य अपराधको वारदात घटित हुन्छ ।
आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर सङ्गठित अपराध गरिन्छ ।	व्यक्तिगत रिसइवी, आवेश, द्वेष, लाभका लागि अन्य अपराध गरिन्छ ।
श्रृंखलाबद्ध रुपमा अपराध गरेको हुन्छ ।	एउटा अपराध गरेपछि निरन्तरता नहुन सक्छ ।
सङ्गठित अपराध संगठनको तर्फबाट संगठनको हित र उद्देश्य प्राप्तिका लागि गरिन्छ । त्यसमा व्यक्तिगत कारणले कुनै प्रभाव पार्दैन ।	असङ्गठित आपराधिक समूह वा व्यक्तिको लाभ, हित संरक्षण गर्न, इबी साध्न र स्वार्थ प्राप्तिका लागि गरिन्छ ।
अपराध गर्नुको उद्देश्य संगठनलाई आर्थिक लाभ वा संगठनको प्रचार गर्नु हो र समाजमा भय, डर, त्रास फैलाउनु हुन्छ ।	अपराध गर्नुको उद्देश्य आर्थिक लाभ भन्दा बदला लिनुसँग सम्बन्धित हुन्छ ।
सङ्गठित अपराध विस्तृत योजना बनाई निर्देशित र नियन्त्रित रुपमा, व्यावसायिक व्यक्तिको संलग्नतामा भिन्न भिन्न कार्य जिम्मेवारी बाँडफाँड गरी गरिन्छ ।	असङ्गठित अपराधमा सामान्यतया: व्यावसायिक र पेशेवर अपराधीको संलग्नता र कार्य जिम्मेवारी प्रष्ट हुँदैन ।
सङ्गठित अपराधलाई अन्तरदेशीय, व्यापक सञ्जालयुक्त र सीमा विहीन अपराधको रुपमा लिइन्छ ।	असङ्गठित अपराधहरु अन्तरदेशीय, व्यापक सञ्जालयुक्त र सीमा विहीन हुँदैनन् ।
यो आफैमा सारभूत अपराध नभई अपराध गर्ने शैली, तरिका, अपराधकर्ताको	असङ्गठित अपराध आफैमा स्वतन्त्र अपराध हो ।

सङ्गठित अपराध	असङ्गठित अपराध
संलग्नता, अपराध पश्चात् त्यस अपराधको प्रभावको कारण सङ्गठित अपराध हुन जान्छ ।	
सङ्गठित अपराधमा सजाय हुन सारभूत अपराध गरेको पुष्टि हुन अनिवार्य हुन्छ ।	असङ्गठित अपराधमा सजाय गर्न सोही कसूर बाहेक अन्य कसूर कायम गर्नु पर्दैन ।

परिच्छेद चार

सङ्गठित अपराध र अन्तर्राष्ट्रिय अभ्यासहरु

सङ्गठित अपराधको संरचना तथा संजाल भौगोलिक क्षेत्रभित्र बांधिने विषय होइन । जहाँ जहाँ आपराधिक कार्यको लागि उर्वरता रहन्छ ती क्षेत्रमा आपराधिक समुहहरुको निशाना हुन्छ । प्रयोजन पूरा भएपछि वा त्यस क्षेत्रको कानुनी व्यवस्था र कार्यान्वयनको सक्रियताबाट प्रतिकूल असर परेमा उनीहरु अन्य क्षेत्रमा गएर वा विश्वको कुनै पनि भूगोलमा गएर त्यस्तो अपराधको संचालन गर्न सक्षम हुन्छन । सङ्गठित अपराध शब्दावलीको प्रयोग अमेरिकामा सन् १९६० देखि ल्याइएको पाइन्छ । सङ्गठित रुपमा अर्थात योजना, तयारी, सङ्गठन संजाल, पर्याप्त स्रोत साधन सहित धेरै व्यक्तिहरु मिलेर गरिने अपराधलाई सङ्गठित अपराध हो भन्ने बुझिन्छ । यस्तो सङ्गठित अपराध अन्तरदेशीय (Transnational) एवं सङ्गठित र योजनाबद्ध रुपमा हुने गर्दछ । कुनै स्थान वा राष्ट्रमा मात्र सीमित नरही अवसर प्राप्त हुनासाथ सीमा पार गरी अन्य मुलुकमा विस्तार हुने भएकाले यसलाई अन्तरदेशीय र सीमाविहीन (Cross Boarder) प्रकृतिको अपराध पनि भनिन्छ ।

यस्ता अपराधहरु विदेशी भूमीबाट घटाउने हुँदा नेपाल पनि प्रभावित भएको देखिन्छ । पुँजी, प्रविधि, मानव स्रोत आदिको स्वतन्त्र र सीमाविहीन प्रवाहले गर्दा यस्ता अपराधको जन्म र सिर्जना कुनै मुलुकमा भए पनि यसले अन्य राष्ट्रलाई प्रभाव र असर पारेको हुन्छ । त्यसैले यस अपराधको अन्तरदेशीय प्रभाव रहेको हुन्छ । यस अपराध विश्वकै लागि चुनौती बनेको छ र विश्वकै सबै भन्दा बढी धन आर्जन गर्ने अपराधको रुपमा दैनन्दिन फस्टाउँदो छ । लागू औषध एवं अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यालयको वार्षिक प्रतिवेदन २०१२ अनुसार खास गरी लागू औषध, नक्कली नोट, गैरकानुनी हातहतियारको व्यापार, मानव तस्करी जस्ता सङ्गठित अपराधमा करिब ८७० विलियन अपराधले ओगेटेको छ ।[११]

---

११ त्गचलयखभच या नयिदबा इचनबलष्शभम ऋचष्भस् ४डठण् द्यर्षीष्यिल‘ ब थ्भबच,

४.१ अन्तर्राष्ट्रिय कानुनी संरचना

४.१.१ अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २००० र उप आलेखहरु :

यो महांसन्धि संयुक्त राष्ट्रसंघको ५५ औ महासभाले १५ नोभेम्वर २००० मा अंगिकृत गरेको थियो । इटालीको पालेर्मोमा १२-१५ डिसेम्वर २००० मा हस्ताक्षरका लागि खुला गरिएको थियो । यस महासन्धिको धारा ३८ अनुसार २९ सेप्टेम्वर २००३ देखि कार्यान्वयनमा आएको यो महासंन्धिमा १ जुन २०१६ सम्म १४७ राष्ट्रले हस्ताक्षर गरेका छन् भने १८८ राष्ट्र पक्ष बनेका छन ।

यो महासन्धि अन्तरदेशीय सङ्गठित अपराध विरुद्ध सामना गर्ने मुख्य अन्तर्राष्ट्रिय संयन्त्र हो । सङ्गठित अपराधले ल्याएका समस्याहरुलाई समना गर्न/जुझ्नका निमित अन्तर्राष्ट्रिय सहयोगलाई अभिवृद्धि गर्न यसले मुख्य भूमिका खेल्दछ । यो महासन्धिले अन्तरदेशिय सङ्गठित अपराधका अतिरिक्त घरेलु फौजदारी अपराधहरुको सृजना (सङ्गठित आपराधिक समूह, मुद्रा निर्मलिकरण, भ्रष्टाचार र न्यायको अवरोध) सुपूर्दगी, पारस्पारिक कानुनी सहायता र कानुन कार्यान्वयनमा सहयोगको नविन र विस्तृत ढाँचाको अवलम्बन, राष्ट्रिय निकायहरुको आवश्यक क्षमता निर्माण अभ्युत्थान गर्नका लागि तालिम र प्राविधिक सहयोग अभिवृद्धि गर्ने विषयमा प्रतिवद्धता व्यक्त गरेका छन् । अन्तरदेशीय अपराधको निवारण र दमनको सम्बन्धमा यस महासंन्धिले गरेका मुख्य व्यवस्थाहरु निम्न रहेका छन् ।

१) परिभाषा

यस महासंन्धिको धारा २ मा Organised Criminal Group, Serious Crime, Structured Group, property, proceeds of crime, Freezing or seizure, Confiscaiton, Predicate offence, Controlled delivery जस्ता शब्दहरुको परिभाषा गरिएको छ ।

यस महासन्धिले सङ्गठित अपराधको परिभाषा नगरी सङ्गठित आपराधिक समूह, संरचित समूह र गंभिर अपराधको परिभाषा गरेको छ । महासन्धिले गरेको परिभाषा अनुसार तीन वा तीन भन्दा

---

http://www.globalresearch. ca/turnover-of-global-organized-crime-870-billion-a-year/31995, accessed on 9, July 2013

वढी व्यक्तिहरुको संरचनागत समूह रहेको, आर्थिक वा अन्य कुनै लाभका लागि एक वा एक भन्दा बढी गम्भीर प्रकृतिका अपराधमा संलग्न रहेको आपराधिक समूह सङ्गठित अपराध समूह हो (A structural group of three or more persons, existing for a period of time and acting in concert with the aim of committing one or more serious crimes in order to obtain a financial or other material benefit.)[१२] भनिएको छ । यस महासन्धिले सङ्गठित समूह (Structured group) लाई यसरी उल्लेख गरेको छ : "Structured group shall mean a group that is not randomly formed for the immediate commission of an offence and that does not need to have formally defined roles for its members, continuity of its membership or a developed structure" [१३] यस महासन्धिले कुन अपराध अन्तरदेशीय हुन्छ भन्ने अर्थ स्पष्ट गरेको छ । जस्तै एक भन्दा बढि राज्यमा अपराध गरिएमा, एक राज्यमा अपराध गरे पनि उक्त अपराधको तयारी (Preparation), योजना (Planning), निर्देशन (Direcion) वा नियन्त्रण (Control) अर्को राज्यमा भएमा, एक राज्यमा अपराध गरिएको तर एक भन्दा बढि राज्यमा आपराधिक गतिविधिहरुमा संलग्न भएका सङ्गठित आपराधिक समूह संलग्न भएका, एक राज्यमा घटाइए पनि अर्को राज्यमा आधारभूत प्रभाव रहेका त्यस्ता अपराधहरु अन्तरदेशीयमा राखिएको छ ।

२) महासन्धिले अवलम्बन गरेका अन्तर्राष्ट्रिय कानुनी सिद्धान्तहरुः

सार्वभौमसत्ताको संरक्षण गर्नका लागि राज्यहरुको सार्वभौम समानता र क्षेत्रीय अखण्डताका साथै अन्य राज्यको घरेलु मामिलामा अहस्तक्षेपको सिद्धान्त अवलम्बन गर्नु पर्ने व्यवस्था यस महासन्धिले गरेको छ ।

३) महासन्धिले अपराध घोषित गरेका आपराधिक कार्यहरु :

यस महासन्धिले निम्न अपराधहरुलाई अपराध घोषित गरेको छ ।

---

[१२] UN Convention against Transnational Organized crime, 2000 article 2 (a)

[१३] उही महासन्धिको धारा 2 (c)

(क) सङ्गठित आपराधिक समूहमा सहभागिता

(ख) आपराधिक आर्जन

(ग) भ्रष्टाचार

(घ) न्यायको अवरोध

४) कानुनी व्यक्तिको दायित्वः

गंम्भिर अपराधमा संलग्न भएका सङ्गठित आपराधिक समूह र धारा ५, ६, ८ र २३ मा उल्लेखित अपराधमा कानुनी व्यक्तिको दायित्व फौजदारी, देवानी र प्रशासकीय हुने उल्लेख गरेको छ । साथै अपराध गर्ने व्यक्तिको दायित्व प्राकृतिक व्यक्तिको फौजदारी दायित्वसँग पूर्वाग्रह रहित हुने, त्यस्ता दायित्वहरु प्रभावकारी, आनुपातिक र रोकावटपूर्ण, मौद्रिक दण्डका अतिरिक्त फौजदारी वा गैर फौजदारी दण्ड हुने व्यवस्था गरेको छ ।

५) अभियोजन, न्यायिक निर्णय र दण्डः

यस महासन्धिको धारा ११ मा अभियोजन, न्यायिक निर्णय र दण्ड सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ । प्रत्येक राज्य पक्षले महासन्धिको धारा ५, ६, ८, २३ बमोजिम अपराधको मात्रा (गंम्भिरता) को अपराधमा दण्ड निर्धारण गर्नु पर्ने व्यवस्था रहेको छ । यस महासन्धिमा उल्लेखित अपराधको अभियोजन गर्दा स्वविवेकीय अधिकारको प्रयोग कानुन कार्यान्वयन उपायहरुलाई अधिकतम प्रभावकारी बनाउने र त्यस्ता अपराधहरुको रोकथाम गर्ने तर्फ प्रयासरत हुनुपर्ने उल्लेख गरेको छ । घरेलु कानुन र प्रतिरक्षाको अधिकार बमोजिम आवश्यक र उपयुक्त उपायहरु लिन सक्ने समेतको व्यवस्था रहेको छ । यस्ता अपराधहरुमा कसूर ठहर भएका व्यक्तिहरुको पूर्व छुटकारा वा प्यारोलको सम्भावनालाई हेरी अदालत तथा अन्य सक्षम अधिकारीले यी अपराधको गंम्भिर प्रकृतिलाई समेत विचार गर्नु पर्ने देखिन्छ । यस महासन्धिले समेटेका अपराधहरुको उपयुक्ततालई हेरी घरेलु कानुनमा लामो हदम्याद सम्बन्धी कानुनी व्यवस्था र न्याय प्रशासनको कारवाहीबाट भागेका आरोपित अभियुक्तलाई लामो अवधिमा राख्ने उल्लेख गरेको छ ।

६) अन्तर्राष्ट्रिय सहयोग

यस महासन्धिले निम्न विषयमा राज्यहरु बीच अन्तर्राष्ट्रिय सहयोगको माध्यमवाट सङ्गठित अपराध नियन्त्रण गर्न सकिने अपेक्षा गरेको छ :

- अभियुक्त वा कसूरदारहरुको सपुर्दगी
- सजाय ठहर भएका व्यक्तिहरुको हस्तान्तरण
- पारस्परिक कानुनी सहायता
- फौजदारी कारवाहीको स्थानान्तरण
- कानुन कार्यान्वयन सम्बन्धी सहयोग
- संयुक्त अनुसन्धान तहकिकात तथा तहकिकात सम्बन्धी विशेष अनुसन्धानात्मक प्रविधि
- सम्पत्तिको स्वामीको पहिचान, अभिलेख, शंकास्पद कारोवारको जनाउ, सूचना संकलन
- प्राविधिक सहायता र सूचना आदान प्रदान

यसका साथै निम्न विषयमा पारस्पारिक कानुनी सहायता उपलब्ध गराउने व्यवस्था रहेको छ ।

- व्यक्तिबाट प्रमाण र निजको वयान लिने
- न्यायिक कागजातहरुसंग सम्बन्धित सेवा प्रवाह गर्ने,
- खोजी गर्ने, रोक्का गर्ने तथा कब्जा गर्ने सम्बन्धी कार्य गर्ने,
- कुनै वस्तु तथा साईटहरुको परिक्षण गर्ने,
- सूचना, प्रामाणिक तथ्यहरु, विज्ञ मुल्यांकनको कार्य उपलब्ध गराउने,
- सम्बन्धीत कागजात तथा अभिलेखको मूल वा प्रमाणित प्रति उपलब्ध गराउने,
- आपराधिक आर्जन, सम्पत्ति, उपकरण वा यस्तै अन्य प्रामाणिक उद्देश्यसँग सम्बन्धी चिजबस्तुको पहिचान गर्ने वा पत्ता लगाउने,
- अनुरोध गर्ने राज्य पक्षको घरेलु कानुनको विपरित नहुने अन्य कुनै सहयोगहरु ।

७) अन्य व्यवस्थाहरु

यस महासन्धिले अन्तरदेशीय सङ्गठित अपराध विरुद्ध सामना गर्न विविध व्यवस्थाहरु गरेको छ । यसका मुख्य व्यस्थाहरुमा जफत तथा रोक्का, जफतको लागि अन्तर्राष्ट्रिय सहयोग, जफत गरिएका आपराधिक आर्जन वा सम्पतिलाई निसर्ग गर्ने, क्षेत्राधिकार, सपुर्दगी, संयुक्त अनुसन्धान, विशेष अनुसन्धानमूलक प्रविधि, फौजदारी कार्यविधिको हस्तान्तरण, फौजदारी अभिलेखको स्थापना, साक्षीको संरक्षण, पीडितको सहयोग र संरक्षण, कानुन कार्यान्वयन अधिकारीहरुसँगको

सहयोगलाई अभिविद्धि गर्ने उपायहरु, कानुन कार्यान्वयनमा सहयोग, सङ्गठित अपराधको प्रकृतिसँग सम्बन्धित सूचनाको संकलन, विनिमय, विश्लेषण, तालिम र प्राविधिक सहयोग, महासन्धिको कार्यान्वयन, विवादको समाधान जस्ता विशिष्ट विषयहरु रहेका छन ।

यस महासन्धिका निम्न बमोजिम तीन वटा उपआलेखहरु रहेका छन् । यी उपआलेखहरुले अन्तरदेशीय सङ्गठित अपराधका विशिष्ट क्षेत्रलाई समेटेका छन् ।

- Protocol to Prevent, Suppres and Punish Trafficking in Persons, Especislly Women and Children.
- Protocol agnist the Smuggling of Migrants by Land, Sea and Air.
- Protocol agnist the llicit Manufacturing of and Trafficking in Firearms, Their Parts and Components and Ammunition.

४.१.२ BIMSTEC Convention on cooperation in combating International Terrorism, Transnational Organised Crime and Illicit Drug Trafficking

Bay of Bangal Initiative for Multi-sectoral Techinical and economic coorperation (BIMSTEC) मा वंगलादेश, भुटान, भारत, म्यानमार, नेपाल, श्रीलंका, थाईल्याण्ड सदस्य राष्ट्रहरु रहेका छन । यी राष्ट्रहरुले ११ डिसेम्बर २००९ मा यो महासन्धि निर्माण गरी पक्ष राष्ट्र भएका थिए[१४] । अन्तर्राष्ट्रिय आतंकवाद, लागू औषध तथा मनोद्विपक पदार्थ र तिनीहरुको पूर्ववर्ती रसायनहरुको गैरकानुनी व्यापारको अतिरिक्त अन्तरदेशीय सङ्गठित अपराध विरुद्ध सामना गर्ने सम्बन्धमा यसले व्यवस्था गरेको छ । धारा ४ ले अन्तरदेशीय सङ्गठित अपराध विरुद्ध संयुक्त रुपमा लडने कुरामा यी पक्ष राष्ट्रहरु सहमत भएका छन् । यस महासन्धिले सहयोगका क्षेत्रहरु निम्नानुसार उल्लेख गरेको छ ।

---

१४ www.mea.gov.in/bilateral documents.htm, visite on 10 th Aug, 2017

- अन्तरदेशीय सङ्गठित अपराधमा संलग्न व्यक्ति, आपराधिक समूहबारेमा सूचना दिने तथा आदान प्रदान गर्ने, यस किसिमका अपराधको निवारण र दमन गर्नका लागि आवश्यक पर्ने उपलब्ध कार्यप्रणाली (Modus Operendi) समेत आदान प्रदान गर्ने ।
- सदस्य राष्ट्र वा स्वयं वा नागरिकसँग रहेका वित्तीय आतंकवादका कुनै स्रोतका सूचनाहरु दिने वा आदान प्रदान गर्ने,
- अन्तर्राष्ट्रिय आतंकवाद विरुद्ध सामना गर्ने उपागमहरुमा समन्वय गर्ने,
- अपहरण, हातहतियार, अस्त्रशस्त्र, विष्फोटक पदार्थ र अन्य जोखिमयुक्त सामग्रीहरु, मुद्राहरुको खोटाचलन, जालसाजी लगायत यात्रा तथा अध्यागमन सम्बन्धी कागजातहरुको कपटपूर्ण प्रयोगमा संलग्न सङ्गठित आपराधिक समूहको बारेमा सहयोग गर्ने र अनुभव बाडने,
- हातहतियार, विष्फोटक र अन्य निषेधित पदार्थहरुको सङ्गठित आपराधिक समूहको पहुचलाई रोक्ने सम्बन्धी सहयोगलाई अगाडी बढाउने,
- व्यावसायिक विशेषज्ञको आदान प्रदान, अन्तरदेशीय सङ्गठित अपराध विरुद्ध सामना गर्न सम्बद्ध सुरक्षा र कानुन कार्यान्वयन अधिकारीको तालिम तथा यस क्षेत्रमा सेमिनार र सम्मेलनहरुको आयोजनाद्वारा राज्य पक्षका कानुन कार्यान्वयन अधिकारीहरु विच सहयोगलाई अधिकतम बनाउने,
- राज्य पक्षहरुवीच आपसमा सहमत भएका कुनै अन्य विषयहरुमा सहयोग गर्ने ।

यसका अतिरिक्त कानुन कार्यान्वयन एजेन्सीहरु विच सहयोग, नोडल अधिकारीको सूचना/जानकारी, कार्यान्वयनको पुनरावलोकन, सूचनाको गोपनीयता राख्ने, सहयोगका अनुरोधको इन्कारी गर्ने, विवाद समाधान जस्ता विषयहरु पनि यस महासन्धीले समेटेको देखिन्छ । जसले गर्दा BIMSTEC क्षेत्रमा अन्तरदेशीय सङ्गठित अपराधको निवारण, दमन सम्बन्धमा दरिलो कार्य हुने देखिन्छ ।

४.१.३ भ्रष्टाचार बिरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३

भ्रष्टाचार बिरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३ ले पनि सङ्गठित अपराधको परिभाषा नगरी सङ्गठित आपराधिक समूहको परिभाषा गरेको छ । यसले भ्रष्टाचारलाई पनि सङ्गठित अपराधको एक महत्वपूर्ण मुद्दाको रुपमा लिएर छुट्टै व्यवस्था गरेको छ । यस महासन्धिले भ्रष्टाचार नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सहयोग आवश्यक पर्ने कुरामा राज्यहरुबीच सहमती भई यो महासन्धि आएको कुरालाई प्रस्तावनामा उल्लेख गरेको छ । यस महासन्धिले निम्न विषयमा राज्यहरु बीच अन्तर्राष्ट्रिय सहयोगको अपेक्षा गरेको छ :

- अभियुक्त वा कसूरदारहरुको सपुर्दगी
- सजाय ठहर भएका व्यक्तिहरुको हस्तान्तरण
- पारस्परिक कानुनी सहायता
- फौजदारी कारवाहीको स्थानान्तरण
- कानुन कार्यान्वयन सम्बन्धी सहयोग
- संयुक्त अनुसन्धान
- तहकिकात तथा तहकिकात सम्बन्धी विशेष अनुसन्धानात्मक प्रविधि
- सम्पत्तिको स्वामीको पहिचान, अभिलेख, शंकास्पद कारोवारको जनाउ, सूचना संकलन
- प्राविधिक सहायता र सूचना आदान प्रदान

४.१.४. Global Action Plan against Organized Transnational Crime, 1998

यस कार्ययोजनाले अपराधमुक्त समाजको परिकल्पना गरेको छ । यस कार्ययोजनाले समेटेका विषयहरुमा पक्ष राष्ट्रहरुले अन्तरदेशीय सहयोग र सूचनाको आदानप्रदानलाई बढाउनुपर्ने, क्षेत्रीय सञ्जालहरु बनाउनुपर्ने, राष्ट्रहरु बीच सपुर्दगी र पारस्परिक कानुनी सहायताका लागि सम्झौताहरु गरिनु पर्ने कुराहरु रहेका छन् ।

४.१.५. बाल अधिकार सम्वन्धी महासन्धि, १९८९

यस महासन्धिले विशेष गरी बाल बालिकाहरुलाई विदेशमा स्थानान्तरण र स्वदेशमा नफर्काउने अवस्थालाई निराकरण गर्ने सम्बन्धी व्यवस्था गरेको छ । पक्ष राष्ट्रहरुले यौनजन्य क्रियाकलापमा लगाउने, उभ्याउने, करकाप गर्ने, वेश्यावृत्ति, शोषण, अश्लील चित्रणको कार्यमा, सामाग्रीमा बालबालिकाको शोषणयुक्त प्रयोगमा रोक लगाउन, द्विपक्षीय र बहुपक्षीय सहयोग तथा उपायहरु अपनाउनुपर्नेमा जोड दिइएको छ । [१५]

४.१.६. जीउ मास्ने वेच्ने तथा अरुको वेश्यावृत्तिको शोषण र दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९

[१५] कृष्णजीवी घिमिरे, संङ्गठित अपराध नियन्त्रण सम्वन्धी व्यवस्था र कार्यान्वयनमा देखिएका समस्याहरु, *सम्पत्ति* (२०७३), प्रकाशकः सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पृष्ठ ६ ।

यस महासन्धिले प्रत्येक राज्यले मानव वेचविखनलाई आफ्नो देशको विधायिकी कानुन वा अन्य माध्यमबाट अपराध घोषित गरी सजाय गर्ने र राज्यहरुवीचमा एकापसी सहयोग र समन्वय गर्ने कुरालाई जोड दिएको छ ।

४.१.७ अन्य अन्तर्राष्ट्रिय संयन्त्रहरु

यस्तैगरी लागू औषध विरुद्धको महासन्धि १९८८, वित्तीय आतंकबादलाई दमन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९९, महिला र बालबालिकाको बेचविखन, रोकथाम र सामना सम्बन्धी सार्क महासन्धि, २००२, विशेषगरी महिला र बालबालिकाको ओसारपसारलाई निवारण, दमन र दण्ड सम्बन्धि २००० को आलेख, भूमि, समुद्र तथा हवाई माध्यमबाट हुने आप्रवासीहरुको ओसारपसार विरुद्धको आलेख, २००० ले पनि सपुर्दगी, पारस्परिक कानुनी सहायता, सपुर्दगी नहुने भएमा आफ्नै देशमा मुद्दा चलाउने, आफ्नो देशमा फिर्ता लगायतका विषयमा एकापसी सहयोग र समन्वय लगायतका प्रावधान बारेमा उल्लेख गरेका छन् ।

४.२ विभिन्न मुलुकहरुको अभ्यास

४.२.१. संयुक्त राज्य अमेरिका

संयुक्त राज्य अमेरिकामा The Kefauver Committee (1951) ले सङ्गठित अपराध बृहत् सञ्जाल हो र यो पैसा, हत्या र मांसपेशीमा आधारित हुन्छ भनि निश्कर्ष निकालेको छ । अमेरिकाको १९६७ को कार्य समूहको प्रतिवेदनले सङ्गठित अपराध एउटा समाज हो, जसले अमेरिकी सरकार र जनतालाई नियन्त्रणमा राख्न खोज्दछ भन्दै यसमा हजारौ अपराधीहरुले जटिल र ठुलो Corporation जस्तो संरचनामा काम गरिरहेका हुन्छन् भनेको छ । सन् १९६८ मा अमेरिकी कंग्रेसले The Omnibus Crime Control and Safe Streets Act, 1968 जारी गऱ्यो । यसले सङ्गठित अपराधलाई गैरकानुनी क्रियाकलाप भनी परिभाषित गऱ्यो । यो ऐनको अनुसार सङ्गठित अपराध भनेको "The unlawful activities of the members of a highly organized, disciplined association engaged in supplying illegal goods and services including but not limited to gambling, prostitution, loan sharking,

narcotics , labor racketeering and other unlawful activities of members of such organizations"[१६] भनी उल्लेख गरेको छ ।

अमेरिकाको Organized Crime Control Act,1970 ले सङ्गठित अपराधलाई यसप्रकार परिभाषा गरेको छ "Organized crime is as the unlawful activities of a highly organized, disciplined association or by members of criminal syndicates operative throughout the United States" [१७] त्यसैगरी सङ्गठित अपराधलाई परिभाषित गरी त्यसको निश्चित संयन्त्रहरुको निर्माण गरेको छ । यो ऐनका अनुसार सङ्गठित अपराध धेरै विलाशी, विविधतायुक्त र व्यापक (sophisticated, diversified and widespread) क्रियाकलाप हो जसले वर्षेनी अमेरिकी अर्थतन्त्रको करोडौ डलर गैरकानुनी क्रियाकलाप र बल प्रयोग, करकाप, दवाव र भ्रष्टाचारद्वारा र अन्य माध्यमवाट नष्ट गरिन्छ ।

The Rocketeer Influenced and Corrupt Organized Act, 1970 ले अमेरिकामा सङ्गठित अपराधको अनुसन्धान र अभियोजनमा नयाँ कानुनी पद्धतिको व्यवस्था गरेको छ । जसले व्यक्तिहरुलाई भन्दा आपराधिक सञ्जाल (syndicates) लाई जोड दिएको छ । त्यसैगरी The Witness Security Reform Act,1984 ले महान्यायाधिवक्तालाई सरकारी साक्षीको परिचय परिवर्तन गर्न, अर्को ठाउँमा स्थानान्तरण गर्न, स्वयम आत्मनिर्भर हुन नसक्ने हुने बेलासम्म आर्थिक सहयोग गर्न र शारीरिक सुरक्षाको लागि प्रत्याभुत गरेको छ । सङ्गठित अपराधको सवाललाई सम्बोधन गर्न विभिन्न राज्यहरुले आफ्नो ऐनहरु जारी गरेको पाईन्छ ।

अमेरिकाले सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिलाई १३ डिसेम्बर २००० मा हस्ताक्षर गरी ३ नोभेम्बर २००५ मा पक्ष राष्ट्र बनेको पाइन्छ । अमेरिकाले आपसी कानुनी सहायतका लागि Department of Criminal Divisional लाई केन्द्रिय निकायको रुपमा तोकेको छ भने अन्तरदेशीय सङ्गठित अपराध रोकथाम गर्ने उपायहरु विकास गर्नका लागि Department of Justice अन्तर्गतको National Institute of Justice लाई तोकेको छ ।

---

[१६] https://en.wikipedia.org/wiki/Omnibus_Crime_Control_and_Safe_Streets_Act_of_1968

[१७] US Organized Crime Control Act,1970

४.२.२. बेलायत

बेलायतका England/Wales मा सङ्गठित अपराधको कुनै प्रष्ट रुपमा कानुनी व्यवस्था गरेको पाइदैन । अंग्रेजी विधिशास्त्र अनुसार सङ्गठित अपराध एक गम्भीर, योजनाबद्ध, सहकार्यात्मक र लगातार गरिने अपराध हो । परम्परागत रुपमा England मा "crime committed by Gangs" भन्ने धारणा अभ्यासमा थियो । यसले षड्यन्त्रको अपराध सामूहिक र सङ्गठित व्यवहारले दुवैको आवश्यकता पूरा गर्दछ भन्ने मान्यता राख्दछ । यो अपराध दुई वा दुई भन्दा बढी व्यक्तिद्वारा गरिने आपराधिक क्रियाकलाप हो ।

त्यहाँको The Criminal Law Act, 1977 को दफा १ मा "if a person agrees with any other person or persons that a course of conduct shall be pursued which, if the agreement is carried out in accordance with their intentions either(a) will necessary amount to or involve the commission of any offence offences by one or more parties to the agreement, or (b) would do so but for the existence of the facts which render the commission of the offence or any of the offences impossible." भन्ने उल्लेख गरिएको छ । त्यसैगरी "gang violence" लाई आपराधिक क्रियाकलाप जसले सर्वसाधारणलाई हानि पुऱ्याउछ भनी The Public Order Act,1986 ले परिभाषित गरेको देखिन्छ । बेलायती अदालतले जब अपराधमा संगठनको प्रमाण देख्दछ त्यस वेला कडा दण्ड हुने व्यवस्था गरेको देखिन्छ । सन २०११ मा बेलायतमा सङ्गठित अपराधलाई नियन्त्रण गर्न Serious and organized crime Strategy अनुशरण गरिएको थियो । बेलायतले The UN Convention on Transnational organized crime, 2000 लाई १४ डिसेम्वर २००० मा हस्ताक्षर गरी ९ फेब्रुअरी २००७ मा पक्ष राष्ट्र बनेको थियो । बेलायत जब यस महासन्धिको पक्ष राष्ट्र भयो तब त्यहाँ सङ्गठित अपराधलाई अन्तरदेशीय अपराधको रुपमा हेर्ने अवधारणाको विकास भएको देखिन्छ ।

४.२.३. जर्मनी

सङ्गठित अपराधको सम्बन्धमा हेर्दा जर्मनी र अमेरिकाको समान परिभाषा देख्न सकिन्छ । सन् १९७३ मा The Federal Police of Germany ले सङ्गठित अपराधलाई परिभाषित गर्न आयोगको स्थापना गऱ्यो । उक्त आयोगले "Criminal acts committed by groups with is more than two hierarchical levels or by several groups in a division of labor

with the aim of obtaining profit or influence in public life।" भनी परिभाषित गरेको देखिन्छ । त्यहाँ सङ्गठित अपराध, माफिया, सामूहिक र आपराधिक समूह जस्ता शव्दहरुमा बहस नै चलेको थियो र अन्तमा German Criminal Code (1993) को section 129 ले सङ्गठित अपराधलाई यसरी परिभाषित गऱ्यो:

(1) who founds an organization the aims or activities of which are directed at the commission of crime or who participates in such an organization as a member, recruits members or supporters for it or supports it, will be punished with imprisonment of more than five years ,

(2) Para 1 will not be applied if

- the organization is political party recognized by Federal Constitutional Court,
- If the commission of crime is of merely minor significance for the aims or activities,
- The attempt to found an organization described in Para.1 will be punished.

उल्लेखित व्यवस्था अनुसार सङ्गठित अपराधमा समूहको संलग्नता, दुई भन्दा बढी पदीय तह हुने, कार्यविभाजन हुने, लाभ प्राप्त गर्न वा सार्वजनिक जिवनमा असर पार्ने उद्देश्य यो अपराधमा रहने उल्लेख छ । Criminal Code ले पनि अपराध घटाउनमा समूह सहभागिता हुने, संगठनको सदस्य हुने र समर्थकहरु हुने यस अपराधको स्पष्ट चरित्र देखाएको पाइन्छ । तर राजनीतिक पार्टी, अपराधको प्रभाव कम रहने प्रकृतिका अपराध सङ्गठित अपराधको कोटीमा पर्ने देखिदैन् । यस किसिमका सङ्गठित अपराधमा पाँच वर्ष भन्दा बढी कैद सजाय हुने व्यवस्था रहेको पाइन्छ ।

जर्मनीले अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासंन्धिमा १२ डिसेम्बर २००० मा हस्ताक्षर गरी १४ जनवरी २००६ मा पक्ष राष्ट्र बनेको थियो । जर्मनीले पारस्परिक कानुनी सहायताका लागि Federal Ministry of Justice लाइ केन्द्रिय अधिकारी तोकेको छ भने यो अपराध रोकथाम गर्ने उपाय विकास गर्नका लागि मद्दत गर्ने निकायको रुपमा Federal Criminal Police Office लाई तोकिएको पाइन्छ ।

४.२.४.भारत

भारतको अपराध संहिताको दफा १२० (क) ले सङ्गठित अपराधको बारेमा उल्लेख गर्दै "आपराधिक षड्यन्त्र जब दुई वा दुई भन्दा बढी व्यक्तिहरुले गैरकानुनी क्रियाकलाप, गैरकानुनी माध्यमबाट गर्नका लागि सहमत हुन्छन्" भनी परिभाषित गरेको छ । भारतमा डकैतिलाई सङ्गठित अपराधको एक पुरानो प्रकृतिको रुपमा परिभाषित गरेको छ । जसलाई भारतीय अपराध संहिता (Indian penal code) को section 391 ले "five or more persons conjointly commit or attempt to commit a robbery, or where the whole number of persons conjointly committing or attempting to commit a robbery", भनी परिभाषित गरेको छ । भारतमा The customs Act, 1962, Narcotic Drugs and Psychotropic Substances Act,1884, Immoral Traffic (Prevention) Act,1956, Public Gambling Act, 1867 आदि सङ्गठित अपराध नियन्त्रणसँग सम्बन्धित ऐनहरु हुन् । भारतको सङ्गठित अपराधसँग सम्बन्धित कानुन र प्राबधानहरु अन्य विभिन्न ऐनहरुमा छरिएर रहेको देखिन्छ । भारतको केन्द्रिय सरकारले सङ्गठित अपराध नियन्त्रणका लागि Organized Crime Control Act को मस्यौदा तयार पारेको छ । मस्यौदाको अनुसूची १ ले सङ्गठित अपराधलाई "दुई वा दुई भन्दा बढी व्यक्तिहरु जसले सो कार्य वा कार्यको उद्योग गर्न व्यक्तिगत वा सामूहिक रुपमा सो कार्य गर्ने वा गराउने काम गर्छ भनी परिभाषित गरेको छ । भारतको विभिन्न राज्यहरुले सङ्गठित अपराधलाई नियन्त्रण र सम्बोधन गर्न निम्न बिभिन्न ऐनहरु निर्माण गरेको पाइन्छ :

- Uttar Pradesh Gangsters and Anti-Social activities (Prevention) act,1986 ,
- Maharashtra Control of Organized Crime Act,1999,
- Gujarat Control of Organized Crime Act,2003,
- Karnataka Control of Organized Crime Act,2000

भारतले अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिमा १२ डिसेम्बर २००२ मा हस्ताक्षर गरी ५ मे २०११ मा मात्र पक्ष राष्ट्र बनेको थियो । तर यस भन्दा अगाडिनै भारतका विभिन्न राज्यहरुले यो अपराध रोकथाम र नियन्त्रणका लागि कानुनी व्यवस्था गरेको देखिन्छ । भारतले विवादहरुलाई मध्यस्थ र ICJ मा प्रस्तुत नगर्ने कुरा घोषणा गरेको, सपुर्दगीलाई सहयोगको कानुनी आधार उल्लेख गरेको, पारस्परिक कानुनी सहायता, द्विपक्षीय

सम्झौता र सो नभएको अवस्थामा पारस्परिक आधारमा उपलब्ध गराइने, पारस्परिक कानुनी सहायताका लागि गृह मन्त्रालयलाई केन्द्रि निकाय तोकेको छ ।

४.२.५.अष्ट्रेलिया

अष्ट्रेलियाको Crime Commission Act, २०१२ मा सङ्गठित अपराध नियन्त्रणका लागि अलग अपराध आयोग (Crime Commission) रहने व्यवस्था गरिएको छ । यसलाई आर्थिक विश्लेषण र विधिविज्ञानका विज्ञ, विद्युतीय निगरानी अधिकृत, कानुनी समूहबाट अनुसन्धानमा सहायता प्राप्त हुन्छ । Crime Commission लाई सङ्गठित अपराध नियन्त्रणका लागि आवश्यक राजनैतिक स्वतन्त्रता प्राप्त रहने व्यवस्था छ भने उच्च नैतिक मापदण्ड भएका अधिकृतहरु, अनुसन्धानमूलक शैक्षिक योग्यता भएका कर्मचारी यसमा रहन्छन ।[१८] जसका कारण Crime commission ले सङ्गठित अपराधको अनुसन्धान गरी यस्ता अपराध नियन्त्रण गर्न सफल भएको मानिन्छ । यसले Organized crime disruption strategy, 2013 निर्माण गरेको छ । अष्ट्रेलियाले १३ डिसेम्बर २००० मा अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिमा हस्ताक्षर गरी २७ मे २००४ मा पक्ष राष्ट्र बनेको देखिन्छ ।

४.२.६ नेपाल

नेपालले अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिमा १२ डिसेम्बर, २००२ मा हस्ताक्षर गरी २३ डिसेम्बर २०११ देखि पक्ष राष्ट्र बनेको छ । यसपछि विशेष ऐन ल्याएर यो अपराधको नियन्त्रण र रोकथाम गर्ने कार्यमा विशेष व्यवस्था गरेको पाइन्छ । सङ्गठित अपराध सम्बन्धी कानुनी व्यवस्था र अभ्यास सम्बन्धमा पछिल्ला परिच्छेदमा उल्लेख गरिएको छ ।

[१८]New South Wales Crime commission Act, 2012

परिच्छेद पाँच

नेपालको कानुनी व्यवस्था र सर्वोच्च अदालतबाट भएको व्याख्या

५.१ नेपालमा सङ्गठित अपराध सम्बन्धी कानुनी व्यवस्था

नेपालमा वि.सं. २०६९ साल अघिसम्म सङ्गठित अपराध नियन्त्रणका लागि अलग्गै कानुनी व्यवस्था थिएन । छुट्टै कानुनी व्यवस्था नभए पनि सामान्य कानुनको रुपमा रहेको मुलुकी ऐन र विशेष कानुनको रुपमा लागू औषध, जिउ मास्ने बेच्ने (मानव वेचविखन तथा ओसार पसार), भ्रष्टाचार, मुद्रा निर्मलीकरण, विद्युतीय अपराध सम्बन्धमा व्यवस्था गरी कार्यान्वयनमा ल्याएको पाइन्छ । मुलुकी ऐन, २०२० को भाग ४ मा कीर्ते कागज, ठगी, चोरी, आगो लगाउने, खोटाचलन, चौपाया, अपहरण गर्ने तथा शरीर बन्धक लिने, कुटपीट, ज्यान मारेको, जीउ मास्ने बेच्ने, करणी सम्बन्धी विषयका अपराधलाई निषेध गरी सजायको व्यवस्था गरेको पाइन्छ । ति मध्ये कतिपय ज्यान मारेको, अपहरण गर्ने तथा शरीर बन्धक, डाँका र जबरजस्ती करणी सम्बन्धी अपराधमा हुल वा समूह भई अपराध गरेमा सजायको व्यवस्था गरी सङ्गठितजन्य अपराधलाई नियन्त्रण र निवारण गर्ने प्रयास गरेको देखिन्छ ।

सङ्गठित अपराध नियन्त्रणका लागि प्रथम कानुनी दस्तावेजका रुपमा २०६९।११।४ मा सङ्गठित अपराध निवारण अध्यादेश आएको थियो । तत्पश्चात् २०७०।१२।१२ मा उल्लेखित अध्यादेशलाई खारेज गर्दै सङ्गठित अपराध निवारण ऐन, २०७० जारी भई सङ्गठित अपराधलाई व्यवस्थित रुपमा निवारण गर्ने प्रयासहरु भएका छन् । यस ऐनले सङ्गठित अपराध निवारण गर्न कतिपय नयाँ व्यवस्थाहरुलाई आत्मसात गरेको छ । नेपालको सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३(२) ले सङ्गठित अपराधको परिभाषा गरेको छ । जस अनुसार कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानीजानी कुनै गम्भीर अपराध गरेमा सङ्गठित अपराध हुन्छ । यस परिभाषाले आपराधिक समूहबाट हुने अपराध र सो समूहको लाभको लागि गरिने गम्भिर कसूरलाई सङ्गठित अपराध मानेको छ । गम्भीर अपराधमा तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूरलाई मानिएको छ । तसर्थ तीन वर्ष भन्दा कम कैद सजाय हुने अपराध तीन जना भन्दा कम व्यक्तिले गरेमा सङ्गठित अपराध हुने देखिदैन । गम्भीर प्रकृतिका सङ्गठित

अपराध नियन्त्रण गर्न छुट्टै कानुन बनाई लागू गर्नुपर्ने विश्वव्यापी लहर अनुरुप नेपालमा पनि यसको राष्ट्रिय आवश्यकता महसुस भएको थियो र यस सम्बन्धी अन्तर्राष्ट्रिय दायित्व समेत रहेको आधारमा सङ्गठित अपराध निवारण ऐन, २०७० कार्यान्वयनमा रहेको छ ।[१९]

५.१.१ उद्देश्य

यस ऐनको उद्देश्य निम्न वमोजिम रहेको छ :[२०]

- सर्वसाधारणको जीउ, ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ति र सुव्यवस्था कायम गर्ने,
- मुलुकमा कानुन र व्यवस्था कायम गर्नका लागि सङ्गठित अपराधलाई निवारण गर्ने,
- विशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्ने,
- सङ्गठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने,
- सोसँग सम्बन्धित अन्य विषयमा कानुनी व्यवस्था गर्ने,

५.१.२ सङ्गठित अपराध निवारण ऐन, २०७० का मुख्य मुख्य व्यवस्थाहरुः

यस ऐनका मुख्य मुख्य व्यवस्थाहरु यस प्रकार रहेका छन् :

- यस ऐन अन्तर्गतको कसूर गर्नेलाई प्रचलित कानुन बमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय हुने ।
- क्षतिपूर्ति कसूरदारबाटै भराउने ।
- यस अपराधको तहकिकातका लागि आवश्यकतानुसार विशेष अनुसन्धान टोली गठन गर्न सक्ने तथा विशेष अनुसन्धान पद्धति अपनाउन सकिने ।
- अदालतको अनुमति लिई अभियुक्तलाई पटक पटक गरी ६० दिनसम्म हिरासतमा राख्न सकिने ।
- तहकिकातको सिलसिलामा अभियुक्तको सम्पत्ति, राहदानी रोक्का राख्न सकिने ।

---

[१९] UN Convention on Transnational organized crime लाई नेपालले अनुमोदन गरेको हुदा सो महासन्धिको कार्यान्वयनको दायित्व रहेको छ ।

[२०] संगठित अपराध निवारण ऐन, २०७० को प्रस्तावना ।

- शंकित कारोबारको विवरण माग्न वा कारोबार वा खाता रोक्का राख्न सकिने ।
- टेलिफोन वा सञ्चारको विवरण माग गर्न सकिने ।
- मनासिब आधार भएमा अभियुक्तले प्रयोग गरेको सञ्चार माध्यम निष्कृय गर्न सकिने ।
- अनुसन्धानमा सहयोग गर्ने अभियुक्तलाई सजायको मागदाबीमा ७५ प्रतिशतसम्म छुट दिन सकिने ।
- अभियोगपत्र दायर भइसकेपछि पनि थप अभियोग लगाउन सकिने ।
- अनुसन्धानको सिलसिलामा सञ्चार अभिलेख गर्न सकिने ।
- अभियुक्तलाई श्रब्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत उपस्थित गराउन सकिने।
- उजुरीकर्ता वा साक्षीको काल्पनिक वा साङ्केतिक नामवाट बयान वा बकपत्र गराउन सकिने ।
- जिरह सम्बन्धी विशेष व्यवस्था ।
- बन्द इजलासमा कारबाही तथा सुनुवाइ गर्न सक्ने ।
- सङ्गठित संस्था (कानुनी व्यक्ति) लाई समेत सजाय हुनसक्ने व्यवस्था ।
- सुराकी, उजूरीकर्ता तथा साक्षीको संरक्षण सम्बन्धी विशेष व्यवस्था ।
- मुद्दा सरकार वादी हुने र हदम्याद नलाग्ने ।
- पक्राउ गर्न वा अनुसन्धान गर्न सहयोग गर्नेलाई जरिवानाको २० प्रतिशत बराबरको रकम पुरस्कार दिइने ।

५.१.३ सङ्गठित अपराधको परिभाषा र कसूर

यस ऐनले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी गरिने गंभिर अपराध संङ्गठित अपराध हो भनेको छ ।[२१] साथै ऐनको दफा २(घ) ले प्रत्यक्ष वा परोक्ष रुपमा सङ्गठित अपराध गर्ने उद्देश्यले नेपालभित्र वा नेपाल वाहिर रहे भएको सङ्गठित वा असङ्गठित तीन वा तीनभन्दा बढी व्यक्तिहरुको समूहलाई आपराधिक समूह मानेको छ । यसैगरी प्रचलित कानुन बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर, आपराधिक समूहको स्थापना,

[२१]ऐ. ऐनको दफा ३(२) ।

सङ्गठित अपराधको न्यायिक कारवाहीमा अवरोध, विध्वंशात्मक कार्य, आपराधिक लाभ (एक्सटर्शन) लिने कार्य र प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण मानिने र आतकंकारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरलाई गंभीर अपराध मानेको छ ।

यो ऐनले सङ्गठित अपराधलाई स्वतन्त्र नभई प्रचलित कानुन विपरितको तीन वर्षभन्दा बढी कैद सजाय हुने गंभीर अपराध, आपराधिक समूहको संलग्नतामा वा आपराधिक समूहको लाभको लागि भएकोमा मात्र लागू हुने व्यवस्था गरेको देखिन्छ । तथापि, आपराधिक समूहको स्थापना गर्ने, सङ्गठित अपराधको न्यायिक कारवाहीमा अवरोध गर्ने, विध्वंशात्मक कार्य गर्ने आपराधिक लाभ (एक्सटर्सन) लिने, प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण मानिने र आतङ्कवादी क्रियाकलापमा लगानी सम्बन्धी कसूर आपराधिक समूहबाट भएकोमा सङ्गठित अपराध मानिएको छ । यी तत्वको अभावमा सङ्गठित अपराध मुद्दा नचल्ने विधायिकी मनसाय देखिन्छ । तर व्यावहारिक प्रयोग हेर्ने हो भने अधिकांश अपराधमा तीन बर्ष कैद भएमा र तीन जना भन्दा वढी प्रतिवादीको संख्या भएमा उल्लेखित पुर्वावस्थाको अभावमै सङ्गठित अपराध मुद्दा दायर भएको पाइन्छ भने केही अपराधमा तीन जना भन्दा कम भए पनि सङ्गठित अपराध ऐनसमेत जोडेर मुद्दा चलाइएको पाइएको छ ।

५.१.४ सङ्गठित अपराधमा सजाय सम्बन्धी व्यवस्था

सङ्गठित अपराध निवारण ऐन, २०७० बमोजिम सङ्गठित अपराधमा निम्न बमोजिम सजाय हुने व्यवस्था गरिएको छ :

- प्रचलित कानुन बमोजिम हुने सजायको अतिरिक्त पचास प्रतिशत सजाय थप हुने, जन्मकैद वा सो भन्दा बढी सजाय हुनेमा थप नहुने ।
- कसैले कुनै आपराधिक समूहलाई सङ्गठित अपराध गर्न वा सङ्गठित अपराध गर्न सघाउ पुऱ्याउने वा सञ्चार साधन वा सूचना प्रविधि उपलब्ध गराउने वा आर्थिक सहयोग गर्ने वा कुनै साधन उपलब्ध गराउने वा आश्रय दिने, लुकाउने वा भगाउने कार्य गरेकोमा प्रचलित कानुनमा कुनै सजायको व्यवस्था भएको रहेनछ भने पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैँयासम्म जरिवाना वा दुवै सजाय,
- दफा ५ बमोजिम आपराधिक समूह स्थापना गर्ने कसूर गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना,
- दफा ६ बमोजिम न्यायिक कार्यमा अबरोधको कसूर गर्नेलाई तीन वर्षसम्म कैद र दुई लाख रुपैँयासम्म जरिवाना,

- दफा ७ बमोजिम विध्वंसात्मक कार्यको कसूर गरी जीउ ज्यान गएको रहेछ भने जन्म कैद, विध्वंसात्मक कार्यको कसूरको उद्योग गर्ने वा दुरुत्साहन दिने वा सो कसूर गर्न बाध्य गराउने, त्यस्तो कार्य गर्ने उद्देश्यले हातहतियार, बम, विष्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन वा वितरण गर्ने वा राख्ने वा ओसारपसार वा आयात निर्यात गर्ने वा कुनै प्रकारले लिनु दिनु गर्ने वा प्रचार प्रसार गर्ने गराउने व्यक्तिलाई कसूरको मात्रा अनुसार तीन वर्षदेखि दश वर्षसम्म कैद, र
- विध्वंसात्मक कार्यको कसूरको मतियारलाई सङ्गठित अपराध गर्ने व्यक्तिलाई हुने सजायको आधा सजाय हुने व्यवस्था रहेको छ ।

५.१.५ सङ्गठित अपराधमा अनुसन्धान तथा अभियोजन सम्बन्धी व्यवस्था

यस ऐनले सङ्गठित अपराधको अनुसन्धान र अभियोजन सम्बन्धमा निम्न व्यवस्था गरेको छ ।

- सङ्गठित अपराधको अनुसन्धान कम्तीमा अधिकृतस्तरको प्रहरी कर्मचारीले गर्ने, सम्बन्धित विषयको विशेषज्ञ संलग्न रहेको अनुसन्धान टोली गठन गर्न उपयुक्त देखिएमा नेपाल सरकारले महान्यायाधिवक्ता र प्रहरी महानिरीक्षकसँग परामर्श गरी त्यस्तो टोली गठन गर्न सक्ने ।
- नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलीभरी) वा गुप्त कारबाही अनुसन्धान (अण्डर कभर अपरेशन) र यस्तै अन्य उपयुक्त अनुसन्धान पद्धति अपनाउन सकिने ।
- सुराकी प्रयोग गर्न सकिने, अनुसन्धानको प्रगतिको आधारमा अदालतको अनुमति लिई पटक/पटक गरी साठी दिनसम्म हिरासतमा राख्न सकिने ।
- सम्पत्ति कसैलाई हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा बिक्री वितरण गर्नबाट रोक लगाउनको लागि सम्बन्धित निकाय वा संस्थालाई आदेश दिनको लागि अदालत समक्ष निवेदन दिन सक्ने ।
- यस्तो निवेदन परेमा अदालतले त्यस्तो सम्पत्ति कसैलाई हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा बिक्री वितरण गर्नवाट रोक लगाउने आदेश त्यस्तो निकाय वा संस्थालाई दिन सक्ने ।
- कुनै व्यक्तिको कुनै बैङ्क वा वित्तीय संस्थामा भएको कारोबार वा खाताको विवरण माग गर्न वा त्यस्तो कारोबार वा अदालतको अनुमति लिई खाता रोक्का राख्न आदेश दिन सक्ने । यस्तो आदेश भएमा सम्बन्धित बैङ्क वा बित्तीय संस्थाले सो विवरण उपलब्ध गराउन र कारोबार वा खाता रोक्का राख्नुपर्ने ।
- सङ्गठित अपराधको आरोप लागेको व्यक्तिलाई राहदानी जारी नगर्न र जारी भइसकेको भए त्यस्तो राहदानी रोक्का गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने र सम्बन्धित निकायले त्यस्तो

व्यक्तिको नाममा राहदानी जारी नगर्ने र राहदानी जारी भइसकेको भए त्यस्तो राहदानी रोक्का राख्नुपर्ने ।

- सङ्गठित अपराध गर्ने सिलसिलामा प्रयोग भएको कम्प्युटर, टेलिफोन, मोबाइल फोन वा दूरसञ्चार माध्यम वा सोबाट भएको दूरसञ्चार सम्बन्धी विवरण वा सूचना उपलब्ध गराई दिन आदेश दिन सक्ने ।
- कुनै व्यक्तिको सञ्चार अभिलेख गर्न सक्ने ।
- सङ्गठित अपराधको अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको अपराध स्वीकार गरी सो अपराधका सम्बन्धमा प्रमाण जुटाउन तथा अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकील वा अदालतलाई सघाउ पुऱ्याएमा र निजले पहिलो पटक सङ्गठित अपराध गरेको देखिएमा त्यस्तो सङ्गठित अपराधमा निजलाई हुने सजायमा पचहत्तर प्रतिशतसम्म छुट दिने गरी माग दावी लिई मुद्दा दायर गर्न सकिने । त्यस्तो दावी सरकारी वकिलले लिने ।

५.१.६ प्रमाण र मुद्दाको कारवाही सम्बन्धी विशेष व्यवस्था

यस ऐनले प्रमाण संकलन तथा मुद्दाको कारवाही सम्बन्धमा निम्न विशेष व्यवस्था गरेको छ ।

- मुद्दाको अभियुक्तलाई सुरक्षाको दृष्टिकोणले अदालतमा उपस्थित गराउन नसकिने भएमा श्रव्यदृश्य संवाद मार्फत उपस्थित गराउन सकिने । यसका लागि अनुसन्धान अधिकारी वा प्रहरी कार्यालयले सोको कारण खुलाई अदालत समक्ष निवेदन दिनुपर्ने । अदालतमा यस्तो निवेदन परेमा अदालतले अभियुक्तको अवस्था, अभियुक्त रहेको स्थान र अन्य आवश्यक कुरालाई विचार गरी श्रव्यदृश्य संवाद मार्फत अदालतमा उपस्थित गराउन आदेश दिन सक्ने ।
- काल्पनिक वा साङ्केतिक नामबाट बयान वा बकपत्र गराउन सकिने । सङ्गठित अपराधको मुद्दाका सुराकी, उजूरीकर्ता वा कुनै साक्षीलाई अभियुक्तले कुनै प्रकारको जिरह वा प्रश्न गर्न नसक्ने ।
- अभियुक्तको कानुन व्यवसायीले श्रव्यदृश्य संवाद मार्फत वा अभियुक्तले निजलाई नदेख्ने वा निजको पहिचान गर्न नसक्ने, नदेख्ने र सुराकी, उजुरीकर्ता वा कुनै साक्षीले व्यक्त गरेको कुरा नसुन्ने गरी जिरह गर्न सक्ने ।
- विदेशी मुलुकको अदालत वा सो मुलुकको आधिकारिक निकायबाट सङ्कलन गरिएको वा परीक्षण गरिएको सबुत प्रमाणलाई अदालतले प्रमाणमा लिन सक्ने ।

- अभियुक्तले प्रमाण लोप वा नष्ट गर्न सक्ने वा त्यस्तो अभियुक्त फरार हुन सक्ने मनासिब कारण भएमा अदालतले थुनामा राखी मुद्दाको पूर्पक्ष गर्ने आदेश दिन सक्ने ।
- बन्द इजलासमा कारबाही तथा सुनुवाइ गर्न सक्ने, सुराकी गर्ने, उजुरी गर्ने वा सूचना दिने व्यक्तिको परिचयात्मक विवरण गोप्य राख्नुपर्ने ।
- सङ्गठित अपराधको मुद्दामा साक्षी, निजको परिवारको कुनै सदस्यको सुरक्षामा खतरा रहेकोमा सुरक्षाको प्रबन्ध गरी दिन अदालत वा प्रहरी समक्ष निवेदन दिन सक्ने ।
- अदालतले त्यस्तो साक्षीको सुरक्षाको प्रबन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्ने ।
- प्रहरीमा निवेदन परेको भए त्यस्तो व्यक्ति वा सदस्यलाई सुरक्षा उपलब्ध गराउनुपर्ने ।
- उजूरीकर्ता, साक्षी वा निजको परिवारका सदस्यहरूको संरक्षणको लागि परिचयात्मक विवरणलाई कुनै काल्पनिक वा साङ्केतिक नाम दिई राख्नुपर्ने ।
- मुद्दा मामिला सम्बन्धी अभिलेखबाट साक्षीको विवरण बाहेकको अंश वा भाग मात्र सार्वजनिक गर्ने ।
- साक्षी संरक्षण गर्ने सम्बन्धमा अपनाइएको कुनै विषय अदालतमा प्रश्न नउठाइने ।
- सङ्गठित अपराध सम्बन्धी मुद्दामा विदेशी मुलुकको अदालत वा सो मुलुकको आधिकारिक निकायबाट सङ्कलन गरिएको वा परीक्षण गरिएको सबुत प्रमाणलाई अदालतले प्रमाणमा लिन सक्ने ।
- सुराकी, अभियुक्त वा साक्षीको आफ्नै स्वरमा रहेको र सम्पादन, तोडमोड वा परिवर्तन गर्न नसकिने गरी रेकर्ड गरिएको कुनै सामग्री वा फोटोलाई समेत अदालतले प्रमाणको रूपमा ग्रहण गर्न सक्ने ।
- सङ्गठित अपराध सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई रहने । प्रमाण लोप वा नष्ट गर्न सक्ने वा फरार हुन सक्ने मनासिब अवस्था भएमा थुनामा राखिने ।

५.१.७ सङ्गठित संस्थाले गरेको अपराध सम्बन्धी व्यवस्थाः

प्रचलित कानुन बमोजिम स्थापित कुनै सङ्गठित संस्थाले सङ्गठित अपराध निवारण ऐन, २०७० बमोजिमको सङ्गठित अपराधको कसूर गरेकोमा त्यस्तो कसूर गर्ने संस्थाको सम्बन्धित कर्मचारी वा पदाधिकारी जिम्मेवार हुने व्यवस्था गरेको छ । त्यस्तो कर्मचारी वा पदाधिकारी पहिचान हुन नसकेमा अपराध हुँदाको बखत सो संस्थाको प्रमुख भई दैनिक कामकाज गर्ने पदाधिकारी जिम्मेवार हुने व्यवस्था गरेको छ ।

५.१.८ अधिकारक्षेत्र सम्बन्धी व्यवस्था

सङ्गठित अपराध निवारण ऐन, २०७० ले सङ्गठित अपराध सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुने व्यवस्था गरेको छ । अभियुक्तले प्रमाण लोप वा नष्ट गर्न सक्ने वा त्यस्तो अभियुक्त फरार हुन सक्ने मनासिब कारण भएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले त्यस्तो अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश दिन सक्दछ । सङ्गठित अपराध मानी दायर गरिएका कुनै मुद्दामा प्रमाण बुझ्दै जाँदा त्यस्तो मुद्दा यस ऐन बमोजिम कारबाही र किनारा हुनुपर्ने नदेखिएमा अदालतले त्यस्तो मुद्दालाई प्रचलित कानुन बमोजिमको मुद्दामा परिणत गरी सोही जिल्ला अदालतले फैसला गर्न सक्छ । प्रहरी कार्यालय बाहेक अन्य निकायमा सङ्गठित अपराध सम्बन्धी उजुरी परेमा सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था छ । साथै कुनै कसूरका सम्बन्धमा अनुसन्धान गर्ने निकायबाट भएको अनुसन्धानबाट त्यस्तो कसूर सङ्गठित अपराध देखिन आएमा उजुरी, आरोप लागेका व्यक्ति र सम्बन्धित कागजात प्रहरी कार्यालयमा पठाउनुपर्ने र प्रहरी कार्यालयले अनुसन्धान कारबाही गर्नुपर्दछ ।

५.२ प्रस्तावित अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताः

सङ्गठित अपराध सम्बन्धमा हाल व्यवस्थापिका-संसदमा विचारार्थ रहेका अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताको विधेयकले पनि केही व्यवस्थाहरु समेटेको पाइन्छ । अपराध संहिताको दफा ३१ मा समूहबाट भएको कसूरमा सबै सदस्यलाई सजाय हुने व्यवस्था गरेको छ । यसै गरी दफा ३७ ले कसूरको गंभिरता बढाउने अवस्थाका रुपमा विश्वासको दुरुपयोग गरी कसूर गरेको, कुनै सार्वजनिक लाभ उठाई वा दुरुपयोग गरी कसूर गरेको, पाँच वा पाँचभन्दा बढी व्यक्तिहरु समूहमा आवद्ध भई कसूर गरेको, कसैलाई अपहरण गरी वा शरीर बन्धक लिई कसूर गरेको, नियोजित वा सङ्गठित रुपमा कसूर गरेको जस्ता अवस्थाहरु भएमा कसूरको गम्भीरता बढाएको मानिने अवस्था उल्लेख छ । जसले सङ्गठित रुपमा कसूर गरेको भएमा कुनै सम्बन्धित कसूरको गंभिरता बढने देखिन्छ । यसका साथै एकीकृत कसूर गरे वापत डेढी सजाय हुने व्यवस्था दफा ४२ ले गरेको छ । जघन्य, गंभिर र पटके कसूरदारलाई थप सजाय हुने व्यवस्था पनि दफा ४३ मा यस संहिताले गरेको पाइन्छ । यसका अतिरिक्त गंभीर कसूरको स्पष्टीकरणका माध्यमबाट भए पनि दफा ४३ मा परिभाषा गरिएको पाइन्छ । यस अनुसार तीन वर्ष भन्दा बढी दश वर्ष सम्म कैद हुने कसूरलाई गंभीर कसूर मानिएको छ । यस संहिताले सार्वजनिक शान्ति, नैतिकता, राज्य विरुद्ध, सार्वजनिक न्याय, हात हतियार तथा खरखजाना, विष्फोटक पदार्थ, ज्यान सम्बन्धी, अपहरण तथा शरिर बन्धक, चोरी, डाँका, ठगी, अपराधिक विश्वासघात तथा अपराधिक लाभ (एक्सटर्सन) तथा मुद्रा जस्ता महासन्धिले समेटेका कतिपय मुद्दाहरुलाई यस संहिताले अपराधको कोटीमा पारी सजायको व्यवस्था गरेको देखिन्छ । डाँका अपराधको

Modus Operendi मा तीन जना भन्दा बढीको जमात भई जबरजस्ती गरी चोरी गरेमा डाँका गरेको मानिने भनि संहिताको दफा २४० मा उल्लेख गरेको छ । यसरी यस संहिताले सङ्गठित अपराधका प्रकृति रहने विविध अपराधहरुलाई समेत व्यवस्था गरेको देखिन्छ ।

अर्कोतिर सङ्गठित अपराध वारेमा फौजदारी कार्यविधि संहितामा पनि व्यवस्था गरिएको छ । यस संहिताले अन्य व्यवस्थाका अतिरिक्त विशेष रुपमा अनुसन्धान गर्न विशेष टोली गठन गर्न सकिने व्यवस्था दफा १२ मा गरेको पाइन्छ । पारस्परिक कानुनी सहायता आदान प्रदान गर्न सकिने व्यवस्था समेत यस संहिताको दफा १९२ मा गरेको पाइन्छ ।

५.३ सङ्गठित अपराध सम्बन्धमा सर्वोच्च अदालतबाट भएको व्याख्या

सङ्गठित अपराध निवारण ऐन, २०७० जारी भएको समयावधी हिसावले सर्वोच्च अदालत समक्ष मुद्दाहरुमा पर्याप्त व्याख्या भैसकेको अवस्था देखिदैन । तथापि केही मुद्दामा व्याख्या भई प्रतिपादन भएका सिद्धान्तहरु बारेमा यहाँ उल्लेख गरिएको छ ।

५.३.१. अनिल कुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार विरुद्ध मदन शर्मा समेत[२२]

सङ्गठित अपराधको प्रकृति सामान्य अपराध भन्दा पृथक हुन्छ । अपराधका यी दुवै प्रकृतिलाई एउटै दृष्टिले हेर्न सकिन्न । बृहत् योजना र विस्तारित तैयारीका साथ सम्पन्न हुने सङ्गठित अपराधमा धेरै व्यक्तिको वेग्ला वेग्लै भूमिका हुन्छ । पृथक-पृथक व्यक्तिको फरक-फरक कार्यले एउटा सङ्गठित अपराध सम्पन्न हुन्छ भन्ने व्याख्या भएको छ ।

५.३.२. सूर्यबहादुर पुन विरुद्ध नेपाल सरकार[२३]

प्रस्तुत मुद्दामा गैडा मारी गैडाको खाग तस्करी गर्ने उद्देश्यले आपसमा सल्लाह गरी नियोजित रुपमा योजना बनाई गरेको कार्य सङ्गठित अपराधको रुपमा घटाएको देखिने भन्ने व्याख्या भएको छ । साथै यस्तो कार्यमा सङ्गठित समूह संलग्न भएको देखिँदा प्रस्तुत वारदात सङ्गठित अपराधको एउटा कडीको रुपमा हेर्न सकिने । यस्तो सङ्गठित अपराधमा संलग्न प्रतिवादीहरुको कसूरलाई हासिल गर्न चाहेको

[२२] ने.का.प २०६७ अंक २ नि.न. ८३२१ ।

[२३] ने.का.प. २०६९ अंक ३ नि.न. ८७८४ ।

उद्देश्य र असरका आधारमा हेर्नु न्यायिक दृष्टिबाट उपयुक्त हुने भनि गैंडा मारी खाग विक्री गरेको प्रस्तुत मुद्दामा स्पष्ट रुपमा बोलिएको छ ।

५.३.३. नेपाल सरकार विरुद्ध राजु लामा, मुद्दाः लागू औषध[२४]

यस मुद्दामा यी प्रतिवादीलाई दुरुत्साहनमा सजाय भएको थियो । यस मुद्दामा मुख्य कर्ता र मतियार नभई सबै मुख्यकर्ता हुने अवस्था हुन्छ भन्ने तर्कलाई इन्कार गरिएको थियो । यदि सो कुरालाइ मान्ने हो भने कानुनी व्यवस्था निष्प्रयोजन मात्र नभई षडयन्त्र गर्ने, उद्योग गर्ने, दुरुत्साहन गर्ने र मतियार हुनेलाई सजाय गर्ने विधायिकाको मनसाय नै लुप्त हुन जाने देखिन्छ । विधायिकी मनसाय नै निष्प्रयोजन हुने गरी अदालतले व्याख्या समेत गर्न नमिल्ने भनि दृष्टिकोण राखेको देखिन्छ ।

५.३.४. चार्ल्स गुरुमुख शोभराज विरुद्ध नेपाल सरकार, मुद्दाः कर्तव्य ज्यान[२५]

यस मुद्दामा अपराध गर्दा अपनाइएको तरिका र अपराधको प्रकृति हेर्दा अपराधी पूर्ण सचेत, सावधान रही नियोजित र सङ्गठित रुपमा आफ्नो आपराधिक कार्य योजनालाई पूर्णता दिएको देखिन्छ । यस्तो अवस्थामा अभियोजन पक्षद्वारा प्रस्तुत अप्रत्यक्ष प्रमाण र खास गरी परिस्थितिजन्य प्रमाणको आधारमा नै अपराधीसम्म पुग्नुपर्ने र त्यस्तो प्रमाणको आधारमा कसूरदार देखिन आएको अभियुक्तलाई सजाय गर्नु पर्ने भनी व्याख्या गरिएको छ । यस मुद्दामा सङ्गठित अपराध हो भनी नभने पनि प्रस्तुत अपराधको कार्य प्रकृतिलाई सङ्गठित अपराधको तादात्म्यतामा विश्लेषण गरिएको पाइन्छ ।

५.३.५. गोमा पाँचकोटी विरुद्ध नेपाल सरकार, मुद्दाः मानव बेचबिखन तथा ओसारपसार[२६]

यस मुद्दामा अपराधमा संलग्न पक्ष पेसेवर हुन सक्ने र अपराध बडो योजनाबद्ध एवं सङ्गठित तरिकाले हुन सक्ने र कतिपय सङ्गठित आपराधिक समूहको संलग्नतामा समेत अपराध हुन सक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थितिको आँकलन गरेर

---

[२४] ने.का.प. २०७१, अंक ५, पृष्ठ ६८४, नि.नं. ९१६४ ।

[२५] ने.का.प. २०६७, अंक ५, नि.नं. ८६७८ ।

[२६] ने.का.प. २०७२, अंक १, नि.नं. ९३३३ ।

विधायिकाले कानुनको निर्माण गरेको हो भनी व्याख्या गरिएको छ । यस मुद्दामा मानव बेचबिखन मुद्दा सङ्गठित अपराधको रुपमा घट्ने भनी उल्लेख गरेको पाइन्छ ।

माथि उल्लेखित सर्वोच्च अदालतबाट सङ्गठित अपराध सम्बन्धी विषयका सम्बन्धमा भएका व्याख्याहरु सङ्गठित अपराधको अभियोजन भएका र त्यसमा नै निर्णय दिनुपर्ने अवस्थामा भएको नभई सङ्गठित प्रकृतिले गरिने गंभीर प्रकृतिका अपराधका सन्दर्भमा प्रसंगबश भएका हुन् । सर्वोच्च अदालतले सङ्गठित अपराध र अन्य सामान्य अपराधको प्रकृति, अपराध घटाउन बनाइने योजना र गरिने तयारी, अपराध सम्पन्न गर्न खेल्ने भूमिका भिन्न भिन्न हुन्छ भनी व्याख्या गरेको छ । यसैगरी सङ्गठित अपराधबाट हासिल गर्न चाहेको परिणाम र कसूरको प्रभाव समेतमा यी दुई अपराध बीच भिन्नता रहने समेत स्पष्ट पारेको छ । सङ्गठित अपराधमा संलग्न पक्ष पेसेवर हुन सक्ने र योजनाबद्ध रुपमा गरिने हुन्छ । त्यस प्रकृतिका अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने हुन्छ भनी सङ्गठित अपराधका सम्बन्धमा प्रसंगबश सर्वोच्च अदालतले आफ्नो दृष्टिकोण उल्लेख गरेको छ ।

परिच्छेद छ

सङ्गठित अपराध सम्बन्धी व्यावहारिक अध्ययन

समाजमा आपराधिक क्रियाकलाप रोक्न तथा अपराध घट्न नदिनको लागि फौजदारी न्यायप्रशासन संचालन गरिएको हुन्छ । समय अनुसार विकसित घटनाक्रमलाई नियमन गर्न कानुनको व्यवस्था पनि सो बमोजिम हुनु जरुरी हुन्छ । सङ्गठित अपराध निवारण ऐन, २०७० सङ्गठित रुपमा हुने अपराध रोकथाम र सजायको व्यवस्था गर्न कार्यान्वयनमा ल्याइएको हो । यस ऐनले गरेको विशेष व्यवस्थाहरुको प्रयोगका सम्बन्धमा काठमाडौं उपत्यकाका सरकारी वकील कार्यालयहरुमा रहेका २१ वटा मिसिलहरुबाट तथ्यांकहरु संकलन गरी ती तथ्यांकहरुको विश्लेषण गरिएको छ । जसलाई शीर्षकगत रुपमा देहाय बमोजिम उल्लेख गरी विश्लेषण गरिएको छ ।

६.१ अपराधमा संलग्न अभियुक्तहरुको लैङ्गिक समूह अवस्था

काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन भएका सङ्गठित अपराध मुद्दाहरुमा संलग्न रहेका प्रतिवादीहरुको लैङ्गिक समूह विभाजन गरी अध्ययन गरिएकोमा उक्त आपराधिक गतिविधिमा सम्लग्न १२१ वटा प्रतिवादी मध्ये सबै भन्दा बढी पुरुष ९२ प्रतिशत, महिला ८ प्रतिशत, बालक, बालिका र अन्य नरहेको तथ्याङ्कबाट देखिएको छ । यसबाट महिला भन्दा पुरुष नै सङ्गठित अपराधमा बढीमा मात्रामा संलग्न हुने गरेको तथ्याङ्कबाट देखिन आयो । प्राप्त तथ्याङ्कलाई सचित्र तल उल्लेख गरिएको छ ।

(चार्ट नं.१)



६.२ प्रतिवादीहरुको उपस्थितिको अवस्था अध्ययन

अपराधमा सम्लग्न अपराधीको संख्या सबै अपराधमा समान हुँदैन । कुनै अपराध एक जनाले मात्र गरेको हुन्छ भने कुनै दुई वा सो भन्दा बढीको सम्लग्नतामा घटेको हुन्छ । सङ्गठित अपराधमा

तीन वा सो भन्दा बढी अपराधी सम्लग्न हुने हुन्छन् । ती सबै अपराधी तत्काल पक्राउ नपर्न पनि सक्छन् । कोही प्रतिवादीहरु पक्राउ नपरेमा ती प्रतिवादीलाई फरार भनिन्छ । फरार प्रतिवादी बचाउको लागि मुद्दा दायर भई सकेपछि अदालत समक्ष हाजिर हुने पनि गर्दछन् । कोही हाजिर नै नहुने पनि हुन्छन् । काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुद्वारा अभियोजन गरिएका सङ्गठित अपराध मुद्दाहरुमा संलग्न १२१ प्रतिवादीहरु मध्ये ७३ प्रतिशत पक्राउ परेका छन् । २२ प्रतिशत फरार देखिन्छन भने ५ प्रतिशत पछि अदालतमा हाजिर भएको तथ्याङ्क अध्ययनबाट प्राप्त भएको छ । सबै प्रतिवादीहरु अनुसन्धान अवस्था पक्राउ गर्न नसकिएको देखिन्छ । यसले पक्राउ नपरेका प्रतिवादीहरु उपर पनि मुद्दा चलाईएको देखिन्छ । उक्त तथ्यलाई निम्नचित्रमा प्रस्तुत गरिएको छ ।

(चार्ट नं.२)



६.३ सङ्गठित अपराधमा संलग्न प्रतिवादीहरुको राष्ट्रियता (स्वदेशी तथा विदेशी)को अवस्था

सङ्गठित अपराधमा प्रतिवादीहरुको संजाल हुन सक्छ । त्यो सञ्जाल अत्यन्त व्यापक एवं बृहत् हुन सक्छ । काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएका सङ्गठित अपराध मुद्दामा संलग्न १२१ प्रतिवादीहरुको संलग्नताको स्थिति अध्ययन गर्दा ७प्रतिशत विदेशी अभियुक्तहरु रहेका देखिन्छन भने ९३ प्रतिशत स्वदेशी अभियुक्तहरु रहेको तथ्याङ्कबाट देखियो । यस अध्ययनले नेपालको नागरिक विदेशीको अनुपातमा बढी संलग्न भएको देखियो । विदेशी नागरिक अपराधमा संलग्नताको अवस्था शिक्षा, मनोवृत्ति, सामाजिक चेतनाले प्रभाव पारेको हुन सक्छ । प्राप्त तथ्याङ्कलाई तल वृत्त चार्टमा देखाइएको छ ।

(चार्ट नं.३)



६.४ पीडितको समूह विभाजन

सङ्गठित अपराधबाट व्यक्ति,संस्था राज्य समेत पीडित हुनसक्छ । तरव्यक्ति पीडित भएमा त्यसले समाजमा निकै ठूलो असर पार्दछ । जिल्लासरकारी वकील कार्यालय काठमाडौ, भक्तपुर र ललितपुरबाट अभियोजन गरिएका सङ्गठित अपराध मुद्दाहरुमा भएको पीडितहरुको अध्ययन गर्दा बालक ३, महिला ३२, पुरुष ४५ र अन्य १९ प्रतिशत रहेको तथा बालिका नरहेको पाइएको छ । यसबाट सङ्गठित अपराध मुद्दामा बालक, पीडित भएको पनि देखिन्छ । महिला र पुरुष मध्ये पुरुष बढी संख्यामा पीडित रहेको अध्ययनबाट देखियो । उक्त तथ्याङ्कलाई तलको चित्रमा उल्लेख गरिएको छ ।

९चार्ट नं.४०



६.५ अनुसन्धान गर्ने प्रहरी संयन्त्रको अवस्था

कुनै पनि अपराध के कसरी, को कसले घटाएको हो भनी थाहा पाउनका लागि प्रहरी अनुसन्धानको माध्यमबाटमात्र थाहा पाउन सकिन्छ । यसका लागि प्रहरी कार्यालयबाट नै अनुसन्धान अधिकृत, अनुसन्धान समूह, अनुसन्धान विशेष टोली र अन्य कुनै माध्यमको सयन्त्र खडा गरिएको हुन्छ । सङ्गठित अपराध ऐनले पनि उल्लेख गरेको पाइन्छ । काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएका सङ्गठित अपराध मुद्दाहरु मध्येमा प्रहरी कार्यालयबाट अनुसन्धान अधिकृतले ९५ प्रतिशत र अनुसन्धान समूहले ५ प्रतिशत अनुसन्धान गरेको तथ्याङ्कबाट देखिएको छ । उक्त तथ्याङ्कलाई तलको चित्रमा प्रस्तुत गरिएको छ ।

९चार्ट नं.५०



६.६ विशेष अनुसन्धान विधि

काठमाडौ उपत्यकाका

जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएको सङ्गठित अपराध मुद्दाहरुमा अनुसन्धान गर्दा विशेष अनुसन्धान विधिको प्रयोग गरिएको संलग्न केश फाइलबाट खुलेको देखिएन ।

६.७ आरोपितको सम्पत्ति अदालतको आदेशले रोक्का गरेको अवस्था

पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाउनका लागि वा कानुनमा भए बमोजिम अपराधीलाई जरिवाना गराउने लागायतको प्रयोजनार्थ सम्मानित अदालतबाट अपराधमा संलग्न अभियुक्तहरुको सम्पत्तिबाट रोक्काको आदेश गरेको अवस्थाहरु हुन सक्दछ । त्यसैले सङ्गठित अपराधमा गरिएको यस अध्ययनमा दायर भएका मुद्दाहरुमध्ये अदालतबाट अभियुक्तको सम्पति, रोक्का गर्ने आदेश जम्मा २९ प्रतिशत मा मात्र भएको पाईन्छ । सो बमोजिमको आदेश नभएको संख्या ७१ प्रतिशत भएको देखिन्छ ।

९चार्ट नं. ६०



६.८ आरोपितको कारोबारको विवरण माग वा खाता रोक्काको अवस्था

सङ्गठित अपराधमा संलग्न प्रतिवादीको पूर्ववत् अवस्था, कुनै कारोबार गरेको वा अन्य कुनै अवस्था भएमा अदालतले अभियुक्तको कारोबार वा खाता रोक्का राख्न आदेश दिन सक्ने कानुनी व्यवस्था रहेको छ । अदालतले निश्चित प्रमाणहरुको आधारमा सम्बन्धित अभियुक्तको खाता रोक्का गर्न आदेश गरेको सम्बन्धमा उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट सङ्गठित अपराधमा अभियोजन भएका मुद्दाहरु मध्ये आरोपितको कारोबारको विवरण माग गरिएको वा खाता रोक्का गरिएको ६७ प्रतिशत रहेको र ३३ प्रतिशतको नगरिएको पाइयो । उक्त तथ्याङ्कलाई तलको चित्रबाट देखाउन सकिन्छ ।

९चार्ट नं.७०



६.९ आरोपितलाई राहदानी जारी नगर्ने वा रोक्का राख्ने सम्बन्धी कारबाहीको अवस्था

आरोपित अभियुक्तको मुद्दा पूर्ण रुपमा फैसला नभएसम्म देश बाहिर बाहिर जान प्रतिबन्धित गर्नको लागि अभियुक्तलाई निजको नाउँमा नयाँ राहदानी जारी नगर्न वा जारी भएको भए रोक्का राख्न्को लागि सम्बन्धित नियकायलाई जानकारी लेखी पठाउनु पर्ने कानुनी व्यवस्था देखिन्छ । उक्त व्यवस्था बमोजिम उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन भएको सङ्गठित अपराध मुद्दामा राहदानी जारी नगर्न वा जारी भएको भए रोक्का राख्ने आदेश भएको देखिदैन ।

६.१० अभियुक्तले पूर्व कुनै अपराध गरेको भए सोको अवस्था

अपराधी वा अपराधीको संगठनले आफुलाई कुनै एक अपराधमा सीमित नराखी अनेक आपराधिक गतिविधिमा संलग्न राखेको हुन सक्दछ । उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएको सङ्गठित अपराध मुद्दाहरुमा पूर्ववत् अपराधमा संलग्नताका सम्बन्धमा अध्ययन गरिएको थियो । उक्त मुद्दाहरु मध्ये २९ प्रतिशत मुद्दाहरुका प्रतिवादीहरु यसपूर्व कुनै न कुनै अपराधमा संलग्न रहेको पाइएको छ भने ७१ प्रतिशत मुद्दाहरुमा भने प्रतिवादीहरु यसपूर्व कुनै पनि अपराधमा संलग्न रहेको तथ्याङ्कमा देखिएन । उक्त अवस्थालाई निम्नचित्रबाट प्रष्ट्याइएको छ ।

९चार्ट नं.८०



६.११ टेलिफोन वा सञ्चारको विवरण माग गरेको अवस्था

सङ्गठित अपराधमा प्रतिवादीहरुको

अनुसन्धान गर्दा अभियुक्तहरुको सङ्गठित संजालबारे पूर्ण जानकारी लिन अभियुक्तको टेलिफोन वा मोबाईल तथा संचार विवरण एक शसक्त माध्यम हो । काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएका सङ्गठित अपराध मुद्दाहरु मध्ये ७१ प्रतिशत मुद्दाहरुमा अभियुक्तले चलाएको संचार माध्यम बारे सम्बन्धित निकायबाट विवरण माग गरेको र २९ प्रतिशत मुद्दाहरुमा उक्त विवरण माग नगरेको तथ्याङ्क देखिन्छ । यसबाट आपराधिक संजालको अवस्था पत्ता लगाउन तुलनात्मक रुपमा प्रयासरत रहेको देखिन्छ । उक्त विवरण मागको अवस्थालाई तलको चित्रबाट देखाउन सकिन्छ ।

९चार्ट नं.९०



६.१२ संचार माध्यम निष्कृय गरिएको सम्बन्धमा

अभियुक्तको उपस्थिति, अवस्था आदिपत्ता लगाउनका लागि अनुसन्धाको क्रममा निज अभियुक्तको संचार माध्यम प्रायः निष्कृय गर्नुपर्ने अनुसन्धान विधि हो।त्यसका लागि काठमाडौ उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन भएका सङ्गठित अपारधका मुद्दाहरुको अध्ययन गरिएको थियो । अभियोजन भएका मुद्दाहरुमा प्रतिवादीहरुको संचार माध्यम निष्कृय गरिए नगरिएका सम्बन्धमा अध्ययन गरिएको थियो । अध्ययन गरिएका मुद्दाहरु मध्येमा ५ प्रतिशत मुद्दाहरुमा संचार माध्यम निष्कृय गरिएको र ९५ प्रतिशत मुद्दाहरुमा संचार माध्यम निष्कृय नगरिएको तथ्याङ्क प्राप्त भएको छ । मुद्दाको अनुसन्धान तहकिकातको क्रममा यो विधि पनि अवलम्बन गरिएकोसम्म अनुसन्धानबाट खुल्न आउछ भने उक्त तथ्यलाई तलको चित्रमा देखाइएको छ ।

९चार्ट नं.१००



६.१३ संगठनको स्थापना र निर्माण समय अवधि

अपराधीहरुको संगठन कति वर्ष पहिले देखिको हो सो बारे जानकारी लिई उक्त संगठनमा संलग्न अपराधीहरुले कति समयावधिबाट आपराधिक गतिवधि गरी रहेको भन्नेबारे जानकारी लिनका लागि यो अध्ययन गरिएको छ । यस प्रयोजनका लागि काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएका मुद्दाहरुबाट प्राप्त तथ्यांकबाट संगठन स्थापना भएको १ वर्ष, १-३ वर्ष, ३-५ वर्ष र ५ वर्षभन्दा माथि अवधि अन्तराल कायम गरी अध्ययन गरिएको थियो । अध्ययन भएका मुद्दाहरुमा क्रमशः ५ प्रतिशत १ वर्ष भित्रका, ९ प्रतिशत तीन देखि पाँच वर्षका र ८६ प्रतिशत पाँच वर्ष भन्दा बढी वर्षका पाइन्छ । उल्लेखित तथ्य निम्न वृत्त चित्रबाट स्पष्ट हुन्छ ।

९चार्ट नं ११०



६.१४ मूल अपराधको प्रकृति

प्रायः सङ्गठित अपराधको पहिचान मूल अपराधको आडमा घट्ने हुन्छ । मूल अपराधलाई आधार बनाई अपराधको अनुसन्धान तथा अभियोजन गरिएको हुन्छ । काठमाडौ उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुद्वारा अभियोजन गरिएको सङ्गठित अपराध मुद्दाहरुबाट तथ्याङ्क संङ्कलन गर्न लिइएको अपराधको आधारहरुमा कर्तव्य ज्यान ५ प्रतिशत, मानव बेचबिखन तथा ओसापसार २५ प्रतिशत,अन्य अपराध ७० प्रतिशत तथा जबरजस्ती करणी, बैकिङ्ग कसूर लागु औषध ० प्रतिशत रहेको देखिन्छ । उक्त तथ्याङ्कलाई तलको वृत चित्रमा प्रस्तुत गरिएको छ ।

९चार्ट नं.१३०



६.१५ संगठनमा आबद्ध सदस्य संख्या

कुनै पनि अपराधलाई सङ्गठित

अपराधका रुपमा यकिन गर्नका निम्ति कम्तीमा तीन वातीन भन्दा बढी अभियुक्तहरुको संलग्नता भएको हुनु पर्दछ । काठमाडौ उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन भएका सङ्गठित अपराध मुद्दाहरुको अध्ययन गर्दा,३ जनासम्म सदस्य भएको १० प्रतिशत,३-५ जनासम्म सदस्य भएको ३२ प्रतिशत,५-१० जनासम्म सदस्य भएको ४७ प्रतिशत,१० जना भन्दा बढी सदस्य भएको ११ प्रतिशत तथ्याङ्क रहेको देखिन्छ । सदस्य संख्याको आधारमा अध्ययन गरिएका सङ्गठित अपराध मुद्दामा संलग्न प्रतिवादीहरुको सदस्य संख्यालाई तलको चित्रबाट स्पष्ट पार्न सकिन्छ ।

चार्ट नं. १४



६.१६ सङ्गठित समूहले अघि कुनै अपराध घटाएको छ वा छैन भन्ने अवस्था बारे

सङ्गठित अपराधमा संलग्न अभियुक्तहरु यस यस अघि कुनै न कुनै आपराधिक वारदातमा आबद्ध हुन सक्ने भएको हुदा सो बारे गरेको अध्ययनमा प्रतिवादीहरुको भनाइ अनुसार २४ प्रतिशत यघि पनि कुनै न कुनै अपराधमा संलग्नता रहेको र ७६ प्रतिशत यस अघि कुनै पनि अपराधमा आफ्नो संगठनको संलग्नता नभएको भन्ने तथ्याङ्कबाट देखिएको छ । सो तथ्य तलको चित्रबाट स्पष्ट हुन्छ ।

९चार्ट नं.१५०



६.१७ यस अघि सङ्गठित अपराध मुद्दा चलाएको भए सजाय

अभियुक्तहरु आफुलाई कुनै एक आपराधिक संगठनमा मात्र सीमित राख्दैन । अर्थात् विभिन्न आपराधिक संगठनमा आवद्ध भई आपराधिक कार्यलाई बढावा दिई राखेको हुन्छ । त्यसैले यस पूर्व कुनै आपराधिक कार्यमा संलग्न भई पहिले नै सजाई पाई सकेको छ वा छैन भन्ने बारे अभियोजन भएका मुद्दाहरु मध्ये पूर्व सजाय नभएको भन्ने तथ्याङ्क रहेको पाइयो ।

६.१८ पहिले कुनै अपराधमा मुद्दा चलेपछि यो ऐन आएपछि पुनः छुट्टै मुद्दा दायर भएको अवस्था

कुनै अभियुक्त उपर पहिले नै कुनै मुद्दामा अभियोजन भइसकेकोर पछि पुनः सोही अभियुक्त उपर सङ्गठित अपराध गरेको विद्यमानता देखि आएको अवस्थामा सङ्गठित अपराधतर्फ छुट्टै अभियोजन गरिएको हो वा होइन भन्ने बारे अध्ययन गरिएकोमा काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट गरिएको अभियोजन भएका सङ्गठित अपराध मुद्दाहरुको मिसिल अध्ययन गरी हेर्दा, १० प्रतिशत मुद्दाहरु यो ऐन आएपछि छुट्टै दायर भएको र ९० प्रतिशत मुद्दाहरु यो ऐन आएपछि मुद्दा छुट्टै दायर नभएको भन्ने तथ्याङ्क अध्ययनको क्रममा प्राप्त भयो । उक्त विवरण तलको चित्रको सहायतावाट स्पष्ट हुन सकिन्छ ।

९चार्ट नं.१६०



६.१९ अभियुक्तको प्रष्ट वतन खुलेको र नखुलेको सम्बन्धमा

अभियुक्तलाई पक्राउ गर्नका लागि अभियुक्तको प्रष्ट नाम थर वतनको आधारमा पक्राउ गरेको हुन्छ । सङ्गठित अपराधमा अभियोग गरिएका अभियोगपत्रमा प्रतिवादीहरुको नाम थर वतन खुले नखुलेको सम्बन्धमा अध्ययन गरिएकोमा काठमाडौ उपत्यकाका तीन जिल्ला सरकारी वकील कार्यालयहरुद्वारा

अभियोजन गरिएका सङ्गठित अपराध मुद्दामा अभियुक्तको प्रष्ट नाम,थर,वतन खुलेको ८८ प्रतिशत र नखुलेका १२ प्रतिशत रहेको विवरणलाई देहाय बमोजिमको चित्रको माध्यमले देखाउन सकिन्छ ।

९चार्ट नं. १७०



६.२० परिच्छेद २ र परिच्छेद ३ बमोजिमका परिभाषित कसूर

सङ्गठित अपराध निवारण ऐन, २०७० बमोजिम तीन वर्ष वा सो भन्दा बढी सजाय हुने अपराध,परिच्छेद ३ मा अन्तर्गतका अपराधहरु (आपराधिक समूह स्थापना गर्न नहुने, न्यायिक कारबाहीमा अवरोध गर्न नहुने, विध्वंसात्मक कार्य गर्न नहुने, आपराधिक लाभ (एक्सटर्सन) लिन नहुने) र प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी मानिने कसूर हो/ हुन् । उक्त ऐनले परिभाषित गरिए अनुसार परिच्छेद २ र ३ मा उल्लेख गरिएका कसूर फरक फरक भए अनुसार सो बमोजिम कुन कुन मुद्दामा अभियोजन गरिएको छ भनी अनुसन्धान गरिएकोमा अभियोजन गरिएका मुद्दाहरुमध्ये परिच्छेद २ बमोजिम परिभाषित कसूर ७१ प्रतिशत र परिच्छेद ३ बमोजिम परिभाषित कसूर २९ प्रतिशत रहेको देखिन्छ । उक्त तथ्याङ्कलाई तलको चित्रमा प्रस्तुत गरिएको छ ।

९चार्ट नं. १८०



६.२१ सजायको मागदावीमा छुट दिनेगरी अभियोगपत्र दायर भएको अवस्था

अभियोजन गर्दा निश्चित आधारको अवस्था विद्यमान भएमा सरकारी वकीलले सजायको मागदावीमा छुट दिनेगरी अभियोग पत्र सम्बन्धत निकायमा दायर गर्ने ऐनको दफा २१ मा व्यवस्था छ । सो बमोजिम सजायको मागदावीमा छुट दिने गरी अभियोजन भए नभएको तर्फ अध्ययन गरिएको थियो । काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन भएका सङ्गठित अपराध मुद्दाहरुको अध्ययन गर्दा त्यस किसिमको कुनै पनि मागदावी नलिएको भन्ने तथ्याङ्क रहेको पाइन्छ ।

६.२२ थप वा पुरक अभियोग लगाइएको अवस्था

थप वा पुरक अभियोग लगाउने वा नलगाउने भन्ने बारे गरिएको अध्ययनमा काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन भएका सङ्गठित अपराध मुद्दाहरुमध्ये १४ प्रतिशत थप वा पूरक हुने गरी अभियोजन भएको र ८६ प्रतिशत थप वा पूरक नहुने गरी अभियोजन गरेको पाईएको छ । उक्त तथ्याङ्कलाई तलको चित्रमा प्रस्तुत गरिएको छ ।

९चार्ट नं. १९०



६.२३ थुनछेक आदेशको अवस्था

काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन भएका सङ्गठित अपराध मुद्दाहरुको मिसिल अध्ययन गरि हेर्दा पक्राउ परेका र पछि अदालतमा हजिर भएका समेत गरी जम्मा प्रतिवादीहरु मध्ये अदालतले गरेको थुनछेक आदेशमा थुनामा ७२ प्रतिशत, धरौटीमा १९ प्रतिशत र तारेखमा ९ प्रतिशत मुद्दामा रहेको पाइयो । उक्त तथ्याङ्क निम्न चित्रमा प्रस्तुत गरिएको छ ।



९चार्ट नं. २००

६.२४ जिल्ला अदालतबाट भएको कारवाहीको अवस्था

काठमाडौ उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट प्रतिवादीहरु उपर अभियोजन गरिएको सङ्गठित अपराध मुद्दाहरुको मिसिल अध्ययन गरी हेर्दा शुरु जिल्ला अदालतद्वारा भएको प्रकृयागत अवस्था बारे अध्ययन गर्दा सजाय भएको ३३ प्रतिशत, सफाई पाएको २४ प्रतिशत, मुल्तवीमा रहेको १२ प्रतिशत, तामेलीमा भएको २ प्रतिशत र हाल चालु अवस्थामा रहेको २९ प्रतिशत तथ्याङ्क रहेको देखिन आएको भन्ने तथ्य तलको चित्रबाट पनि स्पष्ट हुन्छ ।

९चार्ट नं. २१०



६.२५ फैसला गर्दा सजाय भएको अवस्था

काठमाडौ उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएको सङ्गठित अपराध मुद्दाहरुको मिसिल अध्ययन गरी हेर्दा कुल मुद्दाहरु मध्ये शुरु जिल्ला अदालतबाट फैसला भएको मुद्दाहरु मध्ये ६३ प्रतिशत मूल अपराधमा सजाय भएको र पूर्ण सफाई तर्फ ३७ प्रतिशत रहेको छ भने मूल अपराध र सङ्गठित दुवैमा सजाय नभएको तथा सङ्गठित अपराधमा मात्र पनि कायम नभएको अवस्था रहेको देखिन्छ । उक्त तथ्याङ्कलाई तलको चार्टमा प्रस्तुत गरिएको छ ।

९चार्ट नं. २२०



६.२६ संगठनबाट अपराध भएको देखिएकोमा यसभन्दा पहिला कुन अपराध गरेको बारे

काठमाडौ उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएको सङ्गठित अपराध मुद्दाहरुको मिसिल अध्ययन गरी हेर्दा अभियोजन गरिएको मुद्दा भन्दा पहिला कुनै अपराधमा संलग्नता रहे नरहेको सम्बन्धमा हेरिएको थियो । सो अनुसार प्राप्त तथ्यांकलाई हेर्दा मानव बेचबिखन तथा ओसारपसार मुद्दामा १४ प्रतिशत, ठगी मुद्दामा १९ प्रतिशत र अन्य मुद्दामा ३३ प्रतिशत रहेको देखिन्छ । उक्त तथ्याङ्कलाई तलको चित्रमा प्रस्तुत गरिएको छ ।

९चार्ट नं. २३०



६.२७ अनुसन्धान तथा अभियोजनमा देखिएका मुख्य कमजोरीहरु

जिल्ला सरकारी वकील कार्यालय काठमाडौं, ललितपुर र भक्तपुरबाट सङ्गठित अपराध समेतमा सजायको मागदाबी लिई अभियोजन गरिएकामध्ये अध्ययन गरिएका उल्लेखित मुद्दाहरुको मिसिलको विस्तृत अध्ययन गरी हेर्दा ती मिसिलहरुबाट अनुसन्धान तथा अभियोजनमा देखिएका कमी कमजोरीहरु देहाय बमोजिम रहेको देखिन्छ ।

अनुसन्धानमा देखिएका कमजोरी

- मूल अपराध पुष्टि हुने गरी पर्याप्त अनुसन्धान नै नभएको ।
- घटनास्थल मुचुल्कामा विभिन्न व्यक्ति राखेपछि फेरी रोहवरमा अन्यत्रका दुई व्यक्ति राखेको तर जनप्रतिनिधि वा कर्मचारी नराखेको ।
- मिसिल फाइलबाट देखिएका बुझ्नु पर्ने व्यक्तिलाई अनुसन्धानको क्रममा नबुझेको ।
- विस्तृत अनुसन्धान नै नगरी अनुसन्धान अधिकृतले राय पेश गरेको ।
- सुरु म्याद थप सरकारी मुद्दा सम्बन्धी ऐन अन्तर्गत भएको पछि सङ्गठित अपराध ऐन अन्तर्गतको म्याद लिएको ।

- अनुसन्धान अवधिमा मूल अपराधमा मात्र अनुसन्धान भएकोमा राय पेश गर्दा मात्रै मानव बेचबिखन ओसारपसार र सङ्गठित अपराधमा पनि थप गरी राय पेश गरिएको ।
- रायमा किन सङ्गठित अपराध भयो भन्ने कुनै विश्लेषण नगरिएको । केवल मिलेमतो गरी सङ्गठित भई योजनावद्ध तवरले तह तह भई जिम्मेवारीको बाँडफाँड गरेको भने पनि त्यस्तो के कस्तो योजना हो भन्ने पुष्टि नभएको ।
- धेरै जना भएकाले समूहको आधारमा मात्रै सङ्गठित अपराध भएको भन्ने रुपमा राय आधारित भएको देखिएको ।
- केवल पक्राउ भएको दुई जना प्रतिवादीको वतन खुलाइएको, अन्यको नाम, थर, हुलिया, वतन नखुलाइ सङ्गठित अपराधमा मुद्दा पेश भएको ।
- सङ्गठित रुपमा कार्य गरेको भने पनि के कसरी कहिले देखि समूहको स्थापना गरी कार्य गर्दै आएका हुन भन्ने नखुलेको ।
- कल डिटेल र वैंक खाता रोक्का भए पनि सो तर्फको विश्लेषण नभएको ।
- घटनास्थल/वरामदी मुचुल्कामा प्रतिवादीहरुको रोहवरमा नभएको पाइएको ।
- सङ्गठित समूहको अस्तित्व पुष्टि नभएको र पहिले पनि कुनै घटना घटाएको नदेखिएको । प्रतिवादीहरु आपराधिक समूहको सदस्य भएको वा लाभ लिएको पुष्टि नगरिएको ।
- मौकामा कागज गराइएका व्यक्ति पछि अदालतले बुझ्न खोज्दा उपस्थित गराउन नसकेको ।
- परीक्षण गरी एकिन गर्नुपर्ने वस्तुलाई परीक्षण नै नगरिएको ।
- विगो भराउने मागदाबी रहेकोमा क्षतिको मूल्यांकन नै नगरिएको । के कति भराउनु पर्ने हो भन्ने बारेमा अनुसन्धान नै नभएको ।
- समूहगत रुपमा म्यारेज व्युरो बनाई मानिस चीनमा पठाएको अलपत्र पारेको भने पनि के आधारमा सङ्गठित अपराध भएको भनिएको हो भन्ने पुष्टि गर्ने अनुसन्धानको सिलसिला (Chain of custody) पुष्टी नभएको ।
- त्रि.वि. शिक्षण अस्पतालबाट पक्राउ गर्दाको अवस्थामा कतिपय प्रमाणहरु संकलन गर्न सकिनेमा सो तर्फको अनुसन्धान नगरी केवल समूहलाई सङ्गठित अपराध भनी पेश गरेको ।
- धेरै मुद्दामा केवल समूहमा अपराध भएको भन्ने मात्र आधारमा सङ्गठित अपराध समेत जोडेर अनुसन्धानको राय पेश भएको ।

अभियोजनमा देखिएका कमजोरी

- सङ्गठित अपराधमा मुद्दा चलाइए पनि किन सङ्गठित अपराध भयो भन्ने बारेमा अधिकांश मुद्दामा विवेचना नै नभएको ।
- सङ्गठित अपराधमा संलग्न प्रत्येक प्रतिवादीहरुको पृथक पृथक भूमिकाको विश्लेषण नै नभएको ।
- वारदात सङ्गठित समूहवाट भएको, सङ्गठित प्रकृतिको हो भन्ने वारेमा पुष्टयाँई नभएको ।
- प्रत्येक अभियुक्तको कार्य र कसूर नछुट्याएको, गोश्वारा अभियोग पेश गरिएको ।
- अभियोगमा केवल धेरै जनाको संख्या भएकाले संख्यात्मक आधारमा सङ्गठित अपराध भएको भन्ने आधार लिएको देखिएको ।
- सङ्गठित समूहको अस्तित्व र यस पूर्व घटाइएका घटनाबारे अभियोग मौन रहेको ।
- अभियुक्तहरु के कस्तो आपराधिक समूहमा आबद्ध हुन वा सदस्य थिए वा के कस्तो आर्थिक फाईदाका लागि कार्य गरेका थिए खुल्दैन ।
- अभियोगपत्रमा प्रत्येक अभियुक्तको भूमिका र कसूरको विश्लेषण नगरी गोश्वारा रुपमा कसूर कायम गरी एकमुष्ठ संजायको मागदावि लिइएको ।
- अन्य प्रतिवादीको नाम उल्लेख भए पनि दुई जनाको मात्र वतन खुलेकोमा पनि सङ्गठित अपराधमा मागदावी गरिएको ।
- सङ्गठित अपराधको लागि आवश्यक तत्व सङ्गठित समूह, त्यसको सदस्यता ३ भन्दा बढीको संख्या, आर्थिक फाइदा लगायतको पक्षमा वारदात स्थापित गर्दा विवेचना नै नगरिएको ।
- बुझ्नु पर्ने विषय, परीक्षण गर्नुपर्ने वस्तु, विगो खुलाउने आदिका सम्बन्धमा सरकारी वकीलले निर्देशन नदिएको ।
- अभियोग स्थापित गर्दा सङ्गठित अपराधको बारेमा उल्लेख नै नभएको ।
- सङ्गठित अपराधमा अनुसन्धाननै नभएको, राय पनि नरहेको, एकैचोटी १ जना लाई मात्र प्रतिवादी वनाई सङ्गठित अपराधमा समेत मुद्दा दायर गरिएको ।
- सङ्गठित अपराधमा दावि लिंदा सोको आधार र विश्लेषण मनोगत र सतही रहेको, सङ्गठित समूह वा सदस्य वा लाभ के कति लिएको भन्ने विश्लेषण नभएको ।
- सङ्गठित अपराध कसरी भएको हो भन्ने बारेमा पुष्टाई छैन,
- एकातर्फ सङ्गठित अपराध भनि सजाय थप हुन मागदाबी लिएको छ भने अर्को तर्फ तयारी, षडयन्त्र एवं दुरुत्साहन भन्ने उल्लेख गरी अभियोगपत्र पेश गरिएकाले अभियोजन नै एकापसमा बाझिएको र द्विविधापूर्ण देखिएको ।

- शिक्षण अस्पताल जस्तो सार्वजनिक संस्थामा आपराधिक कार्य भएकोमा पनि प्रभावकारी अनुसन्धान पनि नभएको र अभियोगमा कुनै विश्लेषणनै नभएको।
- वारदात स्थापित गर्दा सङ्गठित अपराधको उल्लेखसम्म भएको छैन, केवल दाबीमा मात्र सङ्गठित अपराध भनि उल्लेख गरी पेश भएको पाइएको ।
- मृतक र प्रतिवादी बीच रिसइवी भई झगडा भएका प्रतिवादीहरुले नै रिसइवी फेर्न आफै कर्तव्य गरेकोमा पनि सङ्गठित अपराधको दाबी रहेको ।

जिल्ला अदालतको फैसलामा लिइएका आधार

जिल्ला सरकारी वकील कार्यालय काठमाडौं, ललितपुर र भक्तपुरबाट सङ्गठित अपराध समेतमा सजायको मागदाबी लिई अभियोजन भएका मुद्दाहरु मध्ये दस वटा मिसिलको विस्तृत अध्ययन गरी हेर्दा ती मिसिलहरुबाट कतिपयमा मूल अपराधमा सजाय भएकोमा सङ्गठित अपराधतर्फ सजाय भएको देखिएन । अधिकांश फैसलामा सङ्गठित अपराध ठहर नभई सो तर्फ सफाइ दिँदा सङ्गठित तर्फ वादी दाबी नपुग्ने भन्ने मात्र उल्लेख भएको, अन्य विवेचना र आधार उल्लेख नभएको पाइएको छ । ती निर्णयहरुमा सङ्गठित अपराधतर्फ सफाइ दिंदा निम्न आधार लिएको देखिन्छ :

- मुल अपराध मानव बेचबिखनको कसूर ठहर हुने । तर सङ्गठित अपराध तर्फ दुई जना मात्र प्रतिवादी भएकाले कसूर ठहर नहुने निर्णय भएको ।
- विष्फोटक पदार्थ ऐन बमोजिम सजाय भएको तर किर्ते तथा सङ्गठित अपराधमा सजाय नभएको । विगो पनि यकिन नभएको भनी ठहर नभएको ।
- कर्तव्य ज्यानमा सजाय भएको तर सङ्गठित अपराधको कुनै तत्व, उद्देश्य र मनसायसँग मेल खाने देखिएन भन्ने आधारमा सफाइ भएको ।
- अवैध कल वाईपासमा सजाय हुने तर प्रतिवादी १ जना भएकाले सङ्गठित तर्फ दाबी नपुग्ने उल्लेख भएको ।
- केही प्रतिवादीलाई मानव बेचबिखनमा कसूर ठहर केहीलाई सफाई तर सङ्गठिततर्फ दावि नपुग्ने उल्लेख भएको ।
- केहीलाई कसूर ठहर, केहीलाई सफाई तर सङ्गठित अपराध ठहर नहुने उल्लेख भएको ।

६.२८ सरोकारवाला र विज्ञहरुसंगको छलफलबाट प्राप्त भएका पृष्ठपोषणहरु

महान्यायाधिवक्तको कार्यालय, अपराधशास्त्रीय अनुसन्धान केन्द्रद्वारा गरिएको प्रस्तुत अध्ययन प्रतिवेदन उपर महान्यायाधिवक्ताको कार्यालयमा सरोकारवाला र विज्ञहरुसँग छलफल कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा प्रस्तुत अध्ययन प्रतिवेदन प्रस्तुती गरी सो प्रस्तुती उपर सरोकारवाला र विज्ञबाट पृष्ठपोषण लिइएको थियो । सो कार्यक्रममा प्राप्त भएका महत्वपूर्ण पृष्ठपोषणहरुलाई यहाँ उल्लेख गरिएको छ ।

- सङ्गठित अपराध सम्बन्धी अवधारणामा अनुसन्धानकर्ता र अभियोजनकर्तामा अस्पष्टता रहेको हुँदा सो अस्पष्टता हटाउन तालिम प्रदान गर्नुपर्ने ।
- कुनै अपराधमा तीन वर्ष वा सोभन्दा बढी कैद हुने र तीन जना वा सोभन्दा बढी व्यक्ति संलग्न हुँदैमा सङ्गठित अपराधमा अभियोजन गरिनु हुँदैन ।
- हिरासतमा साठी दिन राख्ने पाइने सङ्गठित अपराध निवारण ऐनको कानुनी व्यवस्थाको दुरुपयोग हुनु हुँदैन । व्यक्तिको स्वतन्त्रता र मानव अधिकारको समेत हेक्का राखी अपराधमा अनुसन्धान र अभियोजन गर्नु पर्दछ ।
- सङ्गठित अपराधमा अभियोजन गर्नुपूर्व मूल अपराध स्थापित गरी सो अपराध सङ्गठित रुपमा घटित भएको पुष्टि गर्न संगठनको अवस्था र त्यस कार्यमा त्यो संगठनका व्यक्तिहरुको संलग्नता देखाउनु पर्ने ।
- ऐनले पीडित तथा साक्षीको बयान बकपत्रमा सुरक्षाको दृष्टिले श्रव्यदृश्य सम्बन्धी प्रविधिको प्रयोग कानुनी रुपमा वैधानिक बनाए पनि त्यसको प्रयोगका लागि सो सम्बन्धी भौतिक संरचनाको निर्माण गर्नुपर्ने ।
- सङ्गठित अपराध नियन्त्रण सम्बन्धी कानुनको कार्यान्वयनमा राजनीतिक प्रतिबद्धता, अनुसन्धान र अभियोजन गर्ने निकायको सुदृढीकरण, पर्याप्त स्रोत साधनको व्यवस्था गर्नुपर्ने ।
- सङ्गठित अपराधको सूचनादाता, सुराकी, पीडित तथा साक्षीको संरक्षणको प्रभावकारी कानुन नभएकाले यस्तो कानुन निर्माण गर्नुपर्ने ।
- परम्परागत अपराध र सङ्गठित अपराधको भिन्नताका बारेमा स्पष्टता आवश्यक छ ।
- सङ्गठित अपराधको अवधारणा र अन्तर्राष्ट्रिय व्यवस्थासँग मेल नखाने खालको हाम्रो ऐनको व्यवस्थाहरुले समेत अन्यौलता र समस्या सिर्जना गरेको छ ।
- ऐनको सम्बन्धमा विज्ञहरुले नै भिन्न भिन्न दृष्टिकोण प्रकट गरेर अलमलको अवस्था छ ।
- ऐनले सङ्गठित वा असङ्गठित भन्ने शब्द उल्लेख गरेको छ । यसको व्याख्या हुन जरुरी छ ।

- अवधारणागत अस्पष्टताका कारण अभियोजनकर्ता, अनुसन्धानकर्ता र न्याय सम्पादन गर्ने जनशक्ति पनि अलमलमा रहेका छन् ।
- महान्यायाधिवक्ताको कार्यालयबाट अनुसन्धाकर्ता समेतको सहभागिता रहने गरी सरकारी वकीलहरुलाई दिइएको प्रशिक्षणले सङ्गठित अपराधका सम्बन्धमा छलफल गर्ने तहसम्म विकास गऱ्यो । अझै विशिष्टीकृत प्रशिक्षण आवश्यक छ ।
- महान्यायाधिवक्ताको कार्यालयले यो विषयमा सरकारी वकीलहरुको विशिष्टीकरण गर्न अब ढिला गर्नु हुँदैन ।
- सङ्गठित अपराधको मुद्दा सुनुवाइ गर्ने क्षेत्राधिकार जिल्ला अदालतमा दिएको विषयले पनि कतिपय अवस्थामा असहज भएको छ । कुनै अपराधको कार्यक्षेत्र अन्यत्र भए के गर्ने भन्ने प्रश्नको उत्तर दिएको छैन ।

परिच्छेद सात

अनुसन्धानको नतिजा, सुझाव र निष्कर्ष

७.१ अनुसन्धानको नतिजा

यस अध्ययन क्रममा सङ्गठित अपराध नियन्त्रण वारेमा विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजका व्यवस्था, विभिन्न मुलुकको तुलनात्मक अध्ययन, सङ्गठित प्रकृतिको अपराधमा सर्वोच्च अदालतवाट भएको व्याख्या, सङ्गठित अपराधको वर्तमान अवस्था तथा सङ्गठित अपराध (निवारण) ऐन, २०७० मा गरिएको व्यवस्था र ती व्यवस्थाहरुको अनुसन्धान तथा अभियोजनमा प्रयोगको अवस्था सम्बन्धमा काठमाडौं उपत्यकाका सरकारी वकील कार्यालहरुबाट सङ्गठित अपराधमा अभियोजन गरिएका मिसिलको अध्ययनबाट प्राप्त नतिजाको अवस्था देहाय बमोजिम रहेका छन्:

७.१.१ सर्वोच्च अदालतबाट भएको व्याख्या

- बृहत् योजना र विस्तारित तैयारीका साथ सम्पन्न हुने सङ्गठित अपराधमा धेरै व्यक्तिको बेग्लाबेग्लै भूमिका हुन्छ । पृथक-पृथक व्यक्तिको फरक-फरक कार्यले एउटा सङ्गठित अपराध सम्पन्न हुन्छ ।
- सङ्गठित अपराधमा संलग्न प्रतिवादीहरुको कसूरलाई हासिल गर्न चाहेको उद्देश्य र असरका आधारमा हेर्नु न्यायिक दृष्टिबाट उपयुक्त हुने ।
- अपराध गर्दा अपनाइएको तरिका र अपराधको प्रकृति हेर्दा अपराधी पूर्ण सचेत, सावधान रही नियोजित र सङ्गठित रुपमा आफ्नो कार्य योजनालाई पूर्णता दिएको देखिन्छ । यस्तो अवस्थामा अभियोजन पक्षद्वारा प्रस्तुत अप्रत्यक्ष प्रमाण र खासगरी परिस्थितिजन्य प्रमाणको आधारमा नै अपराधीसम्म पुग्नुपर्ने ।
- अपराधमा संलग्न पक्ष पेसेवर हुन सक्ने र अपराध बडो योजनाबद्ध एवं सङ्गठित तरिकाले हुन सक्ने र कतिपय सङ्गठित आपराधिक समूहको संलग्नतामा समेत अपराध हुन सक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थितिको आँकलन गरेर विधायिकाले कानुनको निर्माण गरेको हो ।

७.१.२ मुद्दाको फाइल अध्ययनबाट प्राप्त निष्कर्षहरु (अध्ययनमा काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला सरकारी वकील कार्यालयबाट अभियोजन गरिएका २१ वटा मुद्दाको मिसिल अध्ययनबाट प्राप्त तथ्यांकका आधारमा)

- काठमाडौं उपत्यकाका सरकारी वकील कार्यालयबाट अभियोजन गरिएका मध्ये २१ वटा सङ्गठित अपराधका मुद्दामा सम्लग्न १२१ प्रतिवादीको लिंगको अवस्था हेर्दा सबै भन्दा बढी पुरुष ९२ प्रतिशत र महिला ८ प्रतिशत, बालबालिका र अन्य नरहेको देखिएको छ ।

- अध्ययन गरिएका सङ्गठित अपराध मुद्दाहरुमा संलग्न १२१ प्रतिवादीहरु मध्ये ७३ प्रतिशत पक्राउ परेका छन् । २२ प्रतिशत फरार देखिन्छन् भने ५ प्रतिशत पछि अदालतमा हाजिर भएको तथ्याङ्कबाट प्राप्त भएको छ ।
- अध्ययन गरिएका सङ्गठित अपराध मुद्दामा संलग्न १२१ प्रतिवादीहरुको संलग्नताको स्थिति अध्ययन गर्दा ७ प्रतिशत विदेशी अभियुक्तहरु रहेका देखिन्छन् भने ९३ प्रतिशत स्वदेशी अभियुक्तहरु रहेको तथ्याङ्कबाट देखियो ।
- अध्ययन गरिएका सङ्गठित अपराध मुद्दाहरुमा भएको पीडितहरुको अध्ययन गर्दा बालक ३, महिला ३२, पुरुष ४५ र अन्य १९ प्रतिशत रहेको र बालिका नरहेको पाइएको छ । यसबाट सङ्गठित अपराध मुद्दामा बालक पनि पीडित भएको पनि देखिन्छ ।
- सङ्गठित अपराध मुद्दाहरुमा अनुसन्धान गर्दा ऐनको दफा १२ मा विशेष अनुसन्धान टोलीको प्रयोग गरी अनुसन्धान गर्न र दफा १३ मा विशेष अनुसन्धान पद्धति अवलम्बन गर्न सकिने व्यवस्था गरिएको भए पनि अध्ययन गरिएका मिसिलबाट सङ्गठित अपराध सम्बन्धी मुद्दामा अनुसन्धान गर्दा अनुसन्धान अधिकृतले ९५ प्रतिशत र अनुसन्धान समूहले ५ प्रतिशत अनुसन्धान गरेको तथ्याङ्कबाट देखिएको छ । सङ्गठित अपराध मुद्दाहरुमा अनुसन्धान गर्दा ऐनको दफा १२ मा विशेष अनुसन्धान टोलीको प्रयोग वा दफा १३ मा विशेष अनुसन्धान पद्धति अवलम्बन गरिएको संलग्न केश फाइलबाट खुलेको देखिएन ।
- ऐनको दफा १५ मा सङ्गठित अपराध गरेको आरोप लागेको व्यक्तिले त्यस्तो अपराधबाट प्राप्त गरेको सम्पत्ति कसैलाई हस्तान्तरण गर्न वा बिक्री वितरण गर्न वा कुनै उपायले लुकाउन वा परिवर्तन गर्न सक्छ भनी विश्वास गर्नुपर्ने मनासिब कारण भएमा अनुसन्धान अधिकारीले रोक्काको आदेश दिनको लागि अदालत समक्ष निवेदन दिन सक्ने कानुनी व्यवस्था भए पनि अध्ययन गरिएका मिसिलबाट अदालतबाट अभियुक्तको सम्पति, रोक्का गर्ने आदेश जम्मा २९ प्रतिशत मुद्दामा मात्र भएको पाइन्छ भने ७१ प्रतिशत मुद्दामा त्यस्तो रोक्का राख्ने आदेश गरेको पाइएन ।
- ऐनको दफा १६ मा सङ्गठित अपराधमा सम्लग्न व्यक्तिको कारोबार वा खाताको विवरण माग गर्न वा त्यस्तो कारोबार वा अदालतको अनुमति लिई खाता रोक्का राख्न आदेश दिनसक्ने कानुनी व्यवस्था भएकोमा यस अपराधमा अभियोजन भएका मुद्दाहरु मध्ये आरोपितको कारोबारको विवरण माग गरिएको वा खाता रोक्का गरिएको ६७ प्रतिशत रहेको देखिन्छ भने ३३ प्रतिशत मुद्दामा नगरिएको देखिन्छ ।
- ऐनको दफा १७ मा सङ्गठित अपराधमा सम्लग्न व्यक्तिको राहदानी जारी नगर्न वा निजका नाममा राहदानी जारी भइसकेको भए राहदानी रोक्का राख्न आदेश दिन सक्ने कानुनी व्यवस्था भएकोमा अध्ययन

गरिएका सङ्गठित अपराधमा अभियोजन भएका मुद्दाहरुमा सङ्गठित अपराध मुद्दामा राहदानी जारी नगर्न वा जारी भएको भए रोक्का राख्ने आदेश भएको देखिदैन ।

- अध्ययन गरिएका सङ्गठित अपराधमा अभियोजन भएका २१ मुद्दाहरु मध्ये २९ प्रतिशत मुद्दाहरुका प्रतिवादीहरु यसपूर्व कुनै न कुनै अपराधमा संलग्न रहेको पाइएको छ भने ७१ प्रतिशत मुद्दाहरुमा भने प्रतिवादीहरु यसपूर्व कुनै पनि अपराधमा संलग्न रहेको देखिएन ।
- सङ्गठित अपराधका मुद्दाहरु मध्ये ऐनको दफा १८ बमोजिम ७१ प्रतिशत मुद्दाहरुमा अभियुक्तले चलाएको संचार माध्यम बारे सम्बन्धित निकायबाट विवरण माग गरेको र २९ प्रतिशत मुद्दाहरुमा उक्त विवरण माग नगरेको तथ्याङ्क देखिन्छ ।
- सङ्गठित अपराधमा अभियोजन भएका मुद्दाहरु मध्येमा दफा १९ बमोजिम ५ प्रतिशत मुद्दाहरुमा संचार माध्यम निष्कृय गरिएको र ९५ प्रतिशत मुद्दाहरुमा संचार माध्यम निष्कृय नगरिएको तथ्याङ्क प्राप्त भएको छ ।
- सङ्गठित अपराध मुद्दाहरुबाट तथ्याङ्क सङ्कलन गर्न लिइएको अपराधको आधारहरुमा कर्तव्य ज्यान ५ प्रतिशत, मानव बेचबिखन तथा ओसापसार २५ प्रतिशत, अन्य अपराध ७० प्रतिशत रहेको देखिन्छ
- सङ्गठित अपराध मुद्दामा सम्लग्न प्रतिवादी सदस्य संख्याको अध्ययन गर्दा ३ जनासम्म सदस्य भएको १० प्रतिशत, ३ देखि ५ जनासम्म सदस्य भएको ३२ प्रतिशत, ५ देखि १० जनासम्म सदस्य भएको ४७ प्रतिशत, १० जना भन्दा बढी सदस्य भएको ११ प्रतिशत तथ्याङ्क रहेको देखिन्छ ।
- सङ्गठित अपराध मुद्दाहरुको अध्ययनमा २४ प्रतिशत अपराध समूहले यस अघि पनि कुनै न कुनै अपराध गरेको र ७६ प्रतिशत यसअघि कुनै पनि अपराधमा आफ्नो संलग्नता नभएको भन्ने तथ्याङ्कबाट देखिएको छ
- अध्ययन गरिएका मिसिलबाट सङ्गठित अपराधमा सम्लग्न प्रतिवादी यस पूर्व कुनै आपराधिक कार्यमा संलग्न भइ पहिले नै सजाई पाई सकेको छ वा छैन भन्ने बारे अभियोजन भएका मुद्दाहरु मध्ये पूर्व सजाय नभएको भन्ने तथ्याङ्क रहेको पाइयो ।
- यो ऐन आएपछि सङ्गठित अपराधमा मात्र मुद्दा चलाएको १० प्रतिशत रहेको र छुट्टै दायर नभई मूल अपराधसँग मुद्दा चलाएको ९० प्रतिशत भएको भन्ने तथ्याङ्क अध्ययनको क्रममा प्राप्त भयो ।

- सङ्गठित अपराध निवारण ऐन,२०७० बमोजिम परिच्छेद २ र परिच्छेद ३ मा परिभाषित कसूर सम्बन्धी अभियोजन गरिएका मुद्दाहरु मध्ये परिच्छेद २ बमोजिम परिभाषित कसूर ७१ प्रतिशत र परिच्छेद ३ बमोजिम परिभाषित कसूर २९ प्रतिशत रहेको देखिन्छ ।
- ऐनमा अभियोग दाबी लिँदा अनुसन्धानमा सहयोग गर्ने वा अपराध गर्ने गिरोह वा मतियार पक्रन सहयोग गरेमा कानुन बमोजिम हुने सजायमा पचहत्तर प्रतिशतसम्म छुट दिने गरी मागदाबी लिन सकिने कानुनी व्यवस्था रहे पनि अभियोजन भएका सङ्गठित अपराध मुद्दाहरुको अध्ययन गर्दा त्यस किसिमको कुनै पनि मागदावी नलिएको भन्ने तथ्याङ्क रहेको देखिन्छ ।
- सङ्गठित अपराध मुद्दाहरुमध्ये १४ प्रतिशत मुद्दामा अभियोगपत्र थप वा पूरक दायर भएको देखिन्छ ।
- पक्राउ परेका प्रतिवादी मध्ये अदालतले गरेको थुनछेक आदेशमा थुनामा ७२ प्रतिशत, धरौटीमा १९ प्रतिशत र तारेखमा ९ प्रतिशत हुने गरी आदेश गरेको पाइयो ।
- सङ्गठित अपराध मुद्दाहरुको २१ वटा मिसिल अध्ययन गरी हेर्दा शुरु जिल्ला अदालतबाट फैसला भएको मुद्दाहरु मध्ये ६३ प्रतिशत मूल अपराधमा सजाय भएको र पूर्ण सफाई ३७ प्रतिशत रहेको छ भने मूल अपराध र सङ्गठित दुवैमा सजाय नभएको तथा सङ्गठित अपराधमा मात्र पनि कायम नभएको अवस्था रहेको देखिन्छ ।

७.१.३ मिसिल अध्ययनबाट अनुसन्धान तथा अभियोजनमा देखिएका मुख्य कमजोरीहरु

- घटनास्थल मुचुल्कामा विधिपूर्वक साक्षी नराखेको । घटनास्थल/वरामदी मुचुल्का प्रतिवादीहरुको रोहवरमा नभएको ।
- मिसिल फाइलबाट देखिएका बुझ्नु पर्ने व्यक्तिलाई अनुसन्धानको क्रममा नबुझेको ।
- सुरु म्याद थप सरकारी मुद्दा सम्बन्धी ऐन अन्तर्गत भएको पछि सङ्गठित अपराध ऐन अन्तर्गतको म्याद लिएको ।
- अनुसन्धान अवधिमा मूल अपराधमा मात्र अनुसन्धान भएकोमा राय पेश गर्दा मात्र सङ्गठित अपराधमा पनि थप गरी राय पेश गरिएको ।
- रायमा किन सङ्गठित अपराध भयो भन्ने कुनै विश्लेषण नगरिएको । केवल मिलेमतो गरी सङ्गठित भई योजनाबद्ध तवरले तह तह भई जिम्मेवारीको बाडफाँड गरेको भने पनि त्यस्तो के कस्तो योजना हो भन्ने पुष्टि नभएको ।
- धेरै जना भएकाले समूहको आधारमा मात्रै सङ्गठित भएको भन्ने रुपमा राय आधारित भएको देखिएको ।

- केवल पक्राउ भएको २ जना प्रतिवादीको वतन खुलाइएको अन्यको नाम, थर, हुलिया, वतन खुलेको छैन् ।
- सङ्गठित समूहको अस्तित्व पुष्टि नभएको र पहिले पनि कुनै घटना घटाएको नदेखिएको । प्रतिवादीहरु आपराधिक समूहको सदस्य भएको वा लाभ लिएको पुष्टि नगरिएको ।
- मौकामा कागज गराइएका व्यक्ति पछि अदालतले बुझ्न खोज्दा उपस्थित गराउन नसकेको ।
- परीक्षण गरी एकिन गर्नुपर्ने वस्तुलाई परीक्षण नै नगरिएको ।
- सङ्गठित अपराधमा मुद्दा चलाइए पनि किन सङ्गठित अपराध भयो भन्ने बारेमा विवेचना नै नगरिएको ।
- सङ्गठित अपराधमा संलग्न प्रत्येक प्रतिवादीहरुको भूमिकाको विश्लेषण नै नगरिएको ।
- वारदात सङ्गठित प्रकृतिको हो भन्ने पुष्टयाँई नभएको ।
- प्रत्येक अभियुक्तको कार्य र कसूर नछुट्याएको, गोश्वारा अभियोग गरिएको ।
- अभियोगमा केवल धेरै जनाको संख्या भएकाले संख्यात्मक आधारमा सङ्गठित अपराध भएको आधार लिएको देखिएको ।
- सङ्गठित समूहको अस्तित्व र यस पूर्व घटाइएका घटनाबारे अभियोग मौन रहेको
- अन्य प्रतिवादीको नाम उल्लेख भए पनि दुई जनाको मात्र वतन खुलेकोमा सङ्गठित अपराधमा मागदावी गरिएको ।
- सङ्गठित अपराधको लागि आवश्यक तत्व सङ्गठित समूह, त्यसको सदस्यता ३ भन्दा बढीको संख्या आर्थिक फाइदा लगायतको पक्षमा वारदात स्थापित गर्दा विवेचना नै नगरिएको ।
- बुझ्नु पर्ने विषय, परीक्षण गर्नुपर्ने वस्तु, विगो खुलाउने आदिका सम्बन्धमा सरकारी वकीलले निर्देशन नदिएको,
- एकातर्फ सङ्गठित अपराध भनी सजाय थप हुन मागदाबी लिएको छ भने अर्को तर्फ तयारी षडयन्त्र एवं दुरुत्साहन भन्ने उल्लेख गरी अभियोगपत्र पेश गरिएकाले अभियोजन नै एकापसमा बाझिएको र द्विविधापूर्ण देखिएको ।

७.१.४ जिल्ला अदालतको फैसलामा गरिएका निर्णयको अवस्था

- अधिकांश फैसलामा सङ्गठित अपराध ठहर नभई सो तर्फ सफाइ दिँदा सङ्गठित तर्फ वादी दाबी नपुग्ने भन्ने मात्र उल्लेख, अन्य विवेचना र आधार उल्लेख छैन ।
- सङ्गठित अपराध तर्फ तीन जना भन्दा कम प्रतिवादी भएकाले कसूर ठहर नहुने ।
- कर्तव्य ज्यानमा सजाय, सङ्गठित अपराधको कुनै तत्व, उद्देश्य र मनसायसँग मेल खाने देखिएन भन्ने उल्लेख ।

- कुनै पनि मुद्दा सङ्गठित अपराधतर्फ ठहर नभएको ।

७.१.५ छलफलबाट प्राप्त सुझावहरु

- सङ्गठित अपराध सम्बन्धी अवधारणामा अनुसन्धानकर्ता र अभियोजनकर्तामा अस्पष्टता रहेको हुँदा सो अस्ष्पष्टता हटाउन तालिम प्रदान गर्नुपर्ने ।
- कुनै अपराधमा तीन वर्ष वा सोभन्दा बढी कैद हुने र तीन जना वा सोभन्दा बढी व्यक्ति संलग्न हुँदैमा सङ्गठित अपराधमा अभियोजन नगर्ने ।
- व्यक्तिको स्वतन्त्रता र मानव अधिकारको समेत हेक्का राखी अपराधमा अनुसन्धान र अभियोजन गर्नु पर्दछ ।
- सङ्गठित अपराधमा अभियोजन गर्नु पूर्व मूल अपराध स्थापित गरी सो अपराध सङ्गठित रुपमा घटित भएको पुष्टि गर्न संगठनको अवस्था र त्यस कार्यमा त्यो संगठनका व्यक्तिहरुको संलग्नता देखाउनु पर्ने ।
- अनुसन्धान र अभियोजन गर्ने निकायको सुदृढीकरण, पर्याप्त स्रोत साधनको व्यवस्था गर्नुपर्ने ।
- सङ्गठित अपराधको सूचनादाता, सुराकी, पीडित तथा साक्षीको संरक्षणको प्रभावकारी कानुन नभएकाले यस्तो कानुन निर्माण गर्नुपर्ने ।
- सङ्गठित अपराधको अवधारणा र अन्तर्राष्ट्रिय व्यवस्थासँग मेल खाने कानुनी व्यवस्था गर्नुपर्ने ।
- ऐनले सङ्गठित वा असङ्गठित भन्ने शव्द उल्लेख गरेको छ । यसले अन्यौलता ल्याएको हुँदा यसको व्याख्या हुनुपर्ने ।
- अनुसन्धान र अभियोजनकताको विशिष्टीकरण गर्नुपर्ने ।

७.२ सुझाव

नेपालमा सङ्गठित अपराध निवारण ऐन, २०७० जारी भएको लामो समय भएको छैन । छोटो अवधिमा यो ऐनको कार्यान्वयनको क्रममा भएका अभ्यासको बारेमा अध्ययनको नतिजाहरु विश्लेषण गरिएको छ । यो ऐन कार्यान्वयनको क्रममा अपराध अनुसन्धान, अभियोजन एवं कारबाहीका सन्दर्भमा केही विशिष्ट समस्याहरू देखिएका छन् । प्रस्तुत अध्ययनबाट ती समस्या समाधानका लागि देहायका सुझावहरू प्रस्तुत गरिएको छ ।

नीतिगत तथा कानुनी

१. पर्याप्त स्रोत साधनको व्यवस्था गर्नुपर्ने : सङ्गठित अपराध निवारण ऐनमा नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलीभरी) वा गुप्त कारबाही अनुसन्धान (अण्डर कभर अपरेशन) र अन्य उपयुक्त अनुसन्धान पद्धति अपनाउन सकिने तथा श्रब्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत बयान बकपत्र गर्न सकिने जस्ता कानुनी व्यवस्थाको कार्यान्वयन हुन सक्ने गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी निकायहरुलाई आवश्यक स्रोत साधन र जनशक्तिको व्यवस्था गर्नुपर्ने ।

२. पीडित, साक्षी संरक्षण सम्बन्धी कानुन बनाउनु पर्ने : सङ्गठित अपराध जस्तो गम्भीर र सङ्गठित रुपमा हुने अपराधमा संलग्न कसूरदारबाट अपराधको सूचनादाता, सुराकी, पीडित तथा साक्षीलाई डर, त्रास दिने वा जीऊ ज्यान माथि खतरा पैदा हुन सक्ने हुन्छ । यस्ता अपराधका पीडित र साक्षीहरुको संरक्षणको लागि अन्य मुलुकले अवलम्बन गरेका अभ्यास समेतलाई दृष्टिगत गरी अविलम्ब कानुनी व्यवस्था गर्नुपर्ने ।

३. अन्तर्राष्ट्रिय व्यवस्था र अवधारणासँग मेल खाने गरी कानुनको संशोधन गर्नुपर्ने : सङ्गठित अपराध निवारण ऐन, २०७० मा गरिएका कतिपय व्यवस्थाहरु सङ्गठित अपराधको अवधारणा र अन्तर्राष्ट्रिय कानुनी प्रबन्ध अनुकूल नरहेको तथा मौजुदा कानुनमा समावेश गरिएका प्रावधानहरुले कार्यान्वयनमा अन्यौलता सिर्जना गरेको सन्दर्भमा नेपाल पक्ष बनेको अन्तरदेशीय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००० र अन्य मुलुकले अवलम्बन गरेको अभ्यास समेतलाई विचार गरी सङ्गठित अपराधको अवधारणा र अन्तर्राष्ट्रिय कानुन अनुकूल हुने गरी सङ्गठित अपराध निवारण ऐनमा पुनरावलोकन गर्नुपर्ने ।

अनुसन्धान र अभियोजन

४. अनुसन्धानकर्ता र अभियोजनकर्तालाई प्रशिक्षित गर्नुपर्ने : सङ्गठित अपराध निवारण ऐन, २०७० मा गरिएका व्यवस्थाहरु र अवलम्बन गरेका विधि र प्रकृया अन्य परम्परागत अपराधको अनुसन्धान र अभियोजन सम्बन्धी कानुनी व्यवस्था भन्दा भिन्न रहेको सन्दर्भमा सो ऐनमा भएका कानुनी व्यवस्थाका विषयमा सबै सरकारी वकील र अनुसन्धानकर्ता प्रहरीलाई कार्ययोजना बनाई आधारभूत प्रशिक्षण प्रदान गर्नुपर्ने ।

५. अनुसन्धानकर्ता र अभियोजनकर्तालाई विशिष्टीकरण गर्नुपर्ने : सङ्गठित अपराध अन्य परम्परागत अपराध भन्दा भिन्न शैली, तरिका र कारणमा घट्ने अपराध हो । यसको प्रभाव र

उद्देश्य पनि फरक हुन्छ । सङ्गठित अपराधमा प्रायः पेशेवर तथा व्यावसायिक व्यक्तिले उच्च प्रविधिको प्रयोग गरी संगठनको उद्देश्यले गर्ने र संगठनको प्रभाव, दायरा समेत बृहत् हुने आदि समेतका आधारमा यस अपराधको अनुसन्धान र अभियोजनको कार्य समेत जटिल र चुनौतीपूर्ण हुन्छ । यस्तो अन्तरदेशीय र विशिष्ट प्रकृतिको अपराधको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन अनुसन्धानकर्ता र अभियोजनकर्तालाई विशिष्टीकरण गर्नुपर्ने ।

६. सङ्गठित अपराधको अवधारणामा स्पष्ट भई अनुसन्धान र अभियोजन गर्न मार्गदर्शन गर्नुपर्ने : अध्ययनबाट सङ्गठित अपराधमा अभियोजन गरिएका मुद्दाहरुमा मूल मुद्दाहरुमा कसूर कायम भएको देखिएपनि सङ्गठित अपराधको कसूर कायम भई सजाय भएको देखिदैन । सङ्गठित रुपमा अपराध नभएका विषयमा पनि आधार, कारणको समुचित विश्लेषण बेगर नै सङ्गठित अपराध निवारण ऐन, २०७० बमोजिम अभियोगपत्र दायर भई मुद्दा चलेको अवस्था देखियो । अनुसन्धानकर्ता र अभियोजनकर्तालाइ गम्भीर अपराधमा तीन जना वा सो भन्दा बढी व्यक्ति संलग्न भई सङ्गठित समूहद्धारा सङ्गठित रुपमा अपराध भएको अवस्थामा मात्र सङ्गठित अपराधका आवश्यक तत्वहरु स्थापित गरेर मात्रै सङ्गठित अपराधमा अभियोजन गर्ने गरी अनुसन्धानकर्ता र अभियोजनकर्तालाई प्रहरी प्रधान कार्यालय र महान्यायाधिवक्ताको कार्यालयबाट मार्गदर्शन गर्नुपर्ने ।

७. सङ्गठित रुपमा अपराध भएको पुष्टि गरेर मात्र सङ्गठित अपराधमा अभियोजन गर्नुपर्ने : सङ्गठितरुपबाट अपराध गरिएको अवस्थामा म्याद थप र अनुसन्धान सम्बन्धी कार्य सङ्गठित अपराध निवारण ऐन बमोजिम पूरा गरी अनुसन्धानकर्ताले राय पेश गर्नुपर्ने र अभियोजनकर्ताले अनुसन्धानबाट सङ्गठित रुपमा अपराध गरिएको पुष्टि भएको अवस्थामा सो बमोजिम प्रमाण कागजातको आधारमा प्रत्येक प्रतिवादीको भूमिका, जिम्मेवारी तथा कार्य समेतको विश्लेषण र सङ्गठित अपराधका तत्व समावेश गरी त्यसको विवेचना गरी अभियोजन गर्नुपर्ने ।

८. अभियोजन परीक्षण र अनुगमन गर्नुपर्ने : सङ्गठित अपराधमा अभियोजन गरिएका अभियोगपत्रको महान्यायाधिवक्ताको कार्यालयबाट परीक्षण गर्ने र नियमित रुपमा अनुगमन गर्नुपर्ने ।

विविध

९. सरोकारवाला निकाय र पक्षहरुसँग समन्वय गर्नुपर्ने : सङ्गठित अपराध नियन्त्रण र त्यसमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याई सजाय गर्नका लागि अपराध अनुसन्धान, अभियोजन, न्याय सम्पादन गर्ने निकाय र सो कार्यमा सहयोगी भूमिका निभाउने निकाय र पक्षहरुसँग नियमित रुपमा छलफल, अन्तरक्रिया र समन्वय बैठक गरी समस्याको पहिचान गर्ने र समाधानका उपायहरु अवलम्बन गर्नुपर्ने । यो प्रयोजनका लागि न्याय क्षेत्र समन्वय समिति र महान्यायाधिवक्ताको अध्यक्षतामा रहेको समन्वय समिति उपयुक्त संयन्त्र देखिने ।

१०. सङ्गठित अपराध निवारण ऐनको अभ्यासको बारेमा बृहत् अध्ययन अनुसन्धान गर्नुपर्ने : सङ्गठित अपराध निवारण ऐनको प्रयोग र प्रभावकारिताका सम्बन्धमा प्रस्तुत अध्ययन काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुमा रहेका चालु मिसिलहरुमा मात्र सीमित भएको हुँदा यस ऐनको प्रयोग र प्रभावकारिताका सम्बन्धमा अनुसन्धानको विधि र प्रकृयाका आधारमा बृहत् अध्ययन अनुसन्धान गरी मूल्यांकन गर्नु उपयुक्त हुने ।

७.३ निष्कर्ष

सङ्गठित अपराध वर्तमान विश्वको लागि एक प्रमुख चुनौतीको रूपमा रहेको छ । हरेक राज्यको लागि सङ्गठित अपराध समस्याको रूपमा रहेकोले यसलाई नियन्त्रणका लागि विभिन्न प्रयासहरू हुँदै आएका छन् । नेपाल पनि यस समस्याबाट पछाडि हट्न सक्दैन । सङ्गठित अपराध निवारण ऐनले अपराध अनुसन्धान र अभियोजनमा नवीनतम् अवधारणा र पद्धति अवलम्बन गरे पनि सो अनुसार प्रयोग भएको पाइदैन । कानुनी व्यवस्था नयाँ तर हाम्रो पद्धति र जनशक्ति पुरानै हुँदा कानुनको प्रयोग र कार्यान्वयनमा फरकपन आएको देखिदैन । कानुनमा सङ्गठित अपराधको परिभाषा स्पष्ट नभएको हुँदा यसलाई प्रयोग गर्ने प्रसंगमा फरक फरक रुपमा अवलम्बन गरिएको देखिन्छ ।

अन्तर्राष्ट्रिय दायित्व र नेपालकै आवश्यकता स्वरुप २०६९ सालमा यस अपराध नियन्त्रणका लागि अध्यादेश जारी गरी यसलाई २०७० सालमा निरन्तरता दिँदै विशेष ऐनको रूपमा सङ्गठित अपराध निवारण ऐन, २०७० जारी भएको हो । यस ऐनको प्रयोगका सम्बन्धमा अपराध अनुसन्धानकर्तामा र अभियोजनकर्तामा मात्र नभई निर्णयकर्तामा पनि स्पष्टता आवश्यक देखिन्छ । कानुन बन्नु समस्याको समाधान नभई यसको सफल कार्यान्वयन समाधान हो । अध्ययनले ठूलो संख्या र क्षेत्र समेट्न नसकेपनि यसले मुलभूत समस्या पहिचान गर्न सकेको छ भन्ने अनुसन्धान समुहको निष्कर्ष रहेको छ । सङ्गठित अपराध निवारण सम्वन्धी कानुनको प्रयोग र

कार्यान्वयन सम्बन्धमा गरेको अध्ययनबाट यस क्षेत्रमा संलग्न जनशक्तिलाई आवश्यक प्रशिक्षण प्रदान गरी सैद्धान्तिक र व्यावहारिक रुपमा स्पष्ट वनाउनु आवश्यक देखिएको छ । साथै यस कानूनको सफल कार्यान्वयनका लागि सङ्गठित अपराध नियन्त्रणसँग संलग्न निकाय र पदाधिकारीहरूबीच समन्वय र सहकार्य उत्तिकै जरुरी देखिन्छ । यस अध्ययनबाट प्राप्त नतिजा र सुझाव समेतलाई मनन गरी उल्लेखित समस्याको समाधानका लागि उल्लेख गरिएका सुझावहरु कार्यान्वयन गर्नेतर्फ सबैको ध्यान जानु जरुरी देखिएको छ ।

सन्दर्भ सामग्री सूची

संविधान तथा कानुन

१. नेपालको संविधान

२. सङ्गठित अपराध निवारण अध्यादेश, २०६९

३. सङ्गठित अपराध निवारण ऐन, २०७०

४. सपुर्दगी ऐन, २०७०

५. पारस्परिक कानुनी सहायता ऐन, २०७०

६. सन्धि ऐन, २०७०

अन्तर्राष्ट्रिय दस्तावेज

१. भ्रष्टाचार बिरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३

२. जीउ मास्ने बेच्ने तथा अरूको बेश्यावृत्तिको शोषण दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९

३. बाल अधिकार सम्बन्धी महासन्धि, १९८९

४. लागू औषध विरुद्धको महासन्धि, १९८८

५. वित्तीय आतंकबादलाई दमन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९९

६. महिला र बालबालिकाको बेचविखन, रोकथाम र सामना सम्बन्धी सार्क महासन्धि, २००२

७. विशेषगरी महिला र बालबालिकाको ओसारपसारलाई निवारण, दमन र दण्ड सम्बन्धी २००० को आलेख

८. भूमि, समुद्र तथा हवाई माध्यमबाट हुने आप्रवासीहरुको ओसारपसार विरुद्धको आलेख, २०००

९. UN Convention on Transnational organized crime, 2000 and three Protocals therof

१०. Global Action Plan against Organized Transnational Crime, 1998

११. BIMSTEC Convention, 2009

विभिन्न मुलुकका कानुन

१. The Omnibus Crime Control and Safe Streets Act, 1968, U.S.A.

२. US Organized Crime Control Act,1970

३. The Rocketeer Influenced and Corrupt Organized Act, 1970 U.S.A.

४. The Witness Security Reform Act, 1984, U.S.A.

५. The Criminal Law Act,1977 UK

६. The Public Order Act,1986, UK

७. German Criminal Code, 1993

८. Indian penal code, 1972

९. The customs Act,1962, India

१०. Narcotic Drugs and Psychotropic Substances Act,1884, India

११. Immoral Traffic (Prevention) Act,1956, India

१२. Public Gambling Act,1867, India

१३. Crime Commission Act, Australia

१४. New South Wales Crime commission Act, 2012, Australia

१५. Organized crime disruption strategy, 2013, Australia

पुस्तक, लेख तथा प्रकाशित कृतिहरु

१. Bennett, Wayne W. and Hess, Karen M., **Criminal Investigation** (sixth edition), Wadsworth/Thomson learning, USA

२. Das, ꣳilip, “Organized Crime : A World Perspective” ACJS Today, Vol. XVII, Issue 4 Ja/Feb 1999

३. Prosecution Journal¸ Published by Office of the Attorney General, volume 3¸ 2016

४. Motion Picture Association, Organized crime and piracy, Asia/ Pacific Report, 2005

५. घिमिरे, कृष्णजीवी, सङ्गठित अपराध नियन्त्रण सम्बन्धी व्यवस्था र कार्यान्वयनमा देखिएका समस्याहरु, **सम्पत्ति**, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, काठमाडौं, २०७३

६. पौडेल, महेश शर्मा र घिमिरे कृष्णजीवी, **सामाजिक मामिलाहरू**, प्रकाशक सोपान मासिक, २०६९

७. रेग्मी, संजीवराज (२०७२), सङ्गठित अपराधको अवधारणा, अन्तराष्ट्रिय अभ्यास र नेपालमा सङ्गठित अपराध नियन्त्रण सम्बन्धी कानुन एक अध्ययन, **सोपान** मासिक, २०७२ मंसिर ।

८. सङ्गठित अपराध: स्रोत सामग्री, प्रकाशक राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६९

वेबसाइट

१. http://www.bundesheer.at/pdf

२. https://en.wikipedia.org/wiki/Organized_crime

३. https://www.unodc.org/unodc/en/organized-crime

४. https://www.unodc.org/unodc/en/treaties

५. http://www.unodc.org/unodc/en/organized-crime/index.html

६. http://www.globalresearch.ca/turnover-of-global-organized-crime

अनुसूची १

महान्यायाधिवक्ताको कार्यालय

अपराधशास्त्रीय अनुसन्धान केन्द्र

संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गत दायर भएका मुद्दाहरुको तथ्याङ्क संकलनको प्रयोजनार्थ बनाईएको प्रश्नावली

संकेत नं.

कार्यालयको नामः .....

मुद्दा र्शीषकः .....

जाहेरवालाः .....

प्रतिवादीः .....

१

प्रतिवादीका	क. बालक	ख. बालिका	ग. महिला	घ. पुरुष	ङ. अन्य	जम्मा
स. खया						

२

प्रतिवादी	क.पक्रउ	ख. फरार	ग. अदाल	जम्मा

			तमा पछि हाजिर	
संख्या	२	१		३

३ प्रतिवादी भएमा संख्या विदेशी विदेशी [ ] जना

४

पीडितको सम्म ?	क बालक	ख बालिका	ग महिला	घ पुरुष	ङ अन्य	जम्मा
संख्या						

५ अनुसन्धान कसले गरेको हो ?

क.अनुसन्धान [ ] ख.अनुसन्धान [ ]

अधिकृत ☐ समूह ☐

ग. विशेष अनुशन्धान टोली ☐ घ. अन्य ☐

६ विशेष अनुसन्धान विधि अपनाएको थियो या थिएन ?

क. थियो ☐ ख. थिएन ☐

७ आरोपितको सम्पत्ति अदालतको आदेशले रोक्का गरेको ।

क. छ ☐ ख. छैन ☐

८ आरोपितको कारोवारको विवरण माग गरिएको वा अदालतको आदेशले खाता रोक्का गरिएको

क. छ ☐ ख. छैन ☐

९ आरोपितलाई राहदानी जारी नगर्न, जारी भई सकेको भए रोक्का राख्न सम्बन्धीत निकायलाई लेखिएको

क. छ ☐ ख. छैन ☐

१० यसपूर्व पनि कुनै अपराध गरेको

क. छ ☐ ख. छैन ☐

११

टेलिफोन वा सञ्चारको विवरण माग गरिएको

क. छ ☐ ख. छैन ☐

१२ सञ्चार माध्यम निष्कृय गरिएको

क. छ ☐ ख. छैन ☐

१३ संगठन कति बर्ष अगाडि बनेको हो ?

क १ बर्ष ☐

ख १ - ३ बर्ष ☐

ग ३- ५ बर्ष ☐

घ ५ बर्ष भन्दा बढी ☐

ङ वर्ष न खुलेको ☐

१४ मूल अपराध कुन प्रकृतिको हो ?

क कर्तव्य ज्यान ☐

ख. जवरजस्ती करणी ☐

ग. मानव बेचविखन तथा ओसार पसार ☐

घ. बैंकिङ्ग कसुर ☐

ङ लागु औषध ☐

च. अन्य

१५ संगठनमा कति जना सदस्य रहेको छ ?

क ३ ☐

ख ३–५ ☐

ग ५ ☐

घ १० भन्दा बढी ☐

१६ संगठित समूहले यस अघि कुनै अपराध घटाएको छ वा छैन ?

क. ☐

ख. छैन ☐

१७ यस अघि संगठित अपराधमा मुद्दा चलाएको भए सजाय

क. छ ☐

ख. छैन ☐

१८ पहिले कुनै अपराधमा मुद्दा चलेर पछि यो ऐन आएपछि मुद्दा छुट्टै दायर भएको .

क. ☐

ख. छैन ☐

न

१९ अभियुक्तको सवै जनाको प्रष्ट वतन खुलेको / नखुलेको।

क. खुलेको ☐ ख. न खुलेको ☐

२० वतन नखुलेको भए अभियुक्त कहाँ रहेको खुलेको

क. छ ☐ ख. छैन ☐

२१ अभियुक्त देश भित्र / देश बाहिर

क. देश भित्र ☐ जना ख. देश बाहिर ☐ जना

२२ अभियोजन (परिच्छेद २ निषेधित र (परिच्छेद ३) मा परिभाषित कसूरहरु मध्ये कुन कुन कसूर हुन

क परिच्छेद २ ☐ ख परिच्छेद ३ ☐

२३ सजायको मागदावीमा छुट दिनेगरी अभियोगपत्र दायर भएको भएको छ वा छैन ?

क. छ ☐ ख. छैन ☐

२४ थप अभियोग वा पूरक अभियोग लगाइएको छ वा छैन ?

क. छ ☐ ख. छैन ☐

२५ थुनछेकमा कसरी कारवाही अगाडी बढाईएको छ,

प्रतिवादी	**क.** थुनामा	**ख.** धरौटी	**ग.** तारेख	जम्मा
संख्या				

२६ कसूर कायम वा सफाई वा अन्य (दफा १५ बमोजिम सजायको अवस्था):

क सजाय भएको ☐ जना

ख सफाइ पाएको ☐

ग मुल्तवी भएको ☐ जना

घ तामेली भएको ☐

ङ चालु ☐

२७ फैसला गर्दा सजायको अवस्था कस्तो छ ?

क मूल अपराधमा मात्र ☐

ख ंगठित अपराधमा मात्र ☐

ग दुवैमा सजाय गरेको ☐

घ. पूर्ण सफाई ☐

२८ संगठित रुपमा अपराध गर्दै आएको संगठनबाट अपराध भएको देखिएकोमा यस भन्दा पहिला कुन अपराध गरेको देखिएको छ ।

क . क र्त व्य ज्या न ☐

ख. जवर जस्ती करणी ☐

ग. लागु औषध ☐

घ. मानव बेचबिखन तथा ओसार प ☐

ङ. ठगी ☐

च. अन्य.....

२९ अनुसन्धान र अभियोजनका बारेमा कुनै महत्त्वपूर्ण कुरा छ की ?

अनसूची २

सरोकारवाला र विज्ञसँगको छलफलको उपस्थिति

मिति २०७४ जेठ ३० गते महान्यायाधिवक्ताको कार्यालयको सभा हलमा **संगठित अपराध सम्बन्धी कानूनको प्रभाव मुल्याङ्कन सम्बन्धी अनुसन्धानमूलक अध्ययन** प्रतिवेदन सरोकारवला र विज्ञहरुसंगको उपर छलफल कार्यक्रममा उपस्थितिः

	पद	नाम, थर	हाल कार्यरत कार्यालय	हस्ताक्षर
१.	नायव महान्यायाधिवक्ता	श्री दुर्गाबन्धु पोखरेल	महान्यायाधिवक्ता को कार्यालय, रामशाहपथ	
२.	नायव महान्यायाधिवक्ता	श्री बद्रीप्रसाद गौतम	महान्यायाधिवक्ता को कार्यालय, रामशाहपथ	
३.	नायव महान्यायाधिवक्ता	श्री खगराज पौडेल	महान्यायाधिवक्ता को कार्यालय, रामशाहपथ	
४.	नायव महान्यायाधिवक्ता	श्री किरण पौडेल	महान्यायाधिवक्ता को कार्यालय, रामशाहपथ	
५.	सहन्यायाधिवक्ता	श्री कृष्णजीवी घिमिरे	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
६.	सहन्यायाधिवक्ता	श्री गणेशबाबु अर्याल	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
७.	सहन्यायाधिवक्ता	श्री नारायण प्रसाद पौडेल	उच्च सरकारी वकील कार्यालय,पाटन, ललितपुर	
८.	सहन्यायाधिवक्ता	श्री श्यामकुमार भट्टराई	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
९.	सहन्यायाधिवक्ता	श्री रेवतीराज त्रिपाठी	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
१०.	सहन्यायाधिवक्ता	श्री संजिवराज रेग्मी	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
११.	सहन्यायाधिवक्ता	श्री लोकराज पराजुली	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
१२.	सहन्यायाधिवक्ता	श्री मुरारी प्रसाद पैडेल	विशेष सरकारी वकील कार्यालय,काठमा	

			डौ	
१३.	सहन्यायाधिवक्ता	श्री रमादेवी पराजुली	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
१४.	सहन्यायाधिवक्ता	श्री उद्दव प्रसाद पुडासैनी	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
१५.	सहन्यायाधिवक्ता	श्री ध्रुबकुमार चौहान	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
१६.	प्राध्यापक	डा. श्री लक्ष्मी प्रसाद मैनाली	प्रमुख, केन्द्रीय कानून विभाग,त्रि.वि	
१७.	प्राध्यापक	8f= श्री रमेश राज प्रधान	नेपाल ल क्याम्पस,काठमा डौ	
१८.	उपन्यायाधिवक्ता	श्री सुरेन्द्र बहादुर थापा	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
१९.	उपन्यायाधिवक्ता	श्री भरतलाल शर्मा	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
२०.	उपन्यायाधिवक्ता	श्री टिकेन्द्र दहाल	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
२१.	उपन्यायाधिवक्ता	श्री कुलप्रसाद पाण्डे	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
२२.	उपन्यायाधिवक्ता	श्री गोपाल लामिछाने	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
२३.	उपन्यायाधिवक्ता	श्री दुर्गा खड्का	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
२४.	उपन्यायाधिवक्ता	श्री सोमकान्ता भणडारी	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
२५.	उपन्यायाधिवक्ता	श्री प्रकाश कोइराला	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
२६.	प्र.नि	श्री रोशन खड्का	महानगरीय अपराध महाशाखा,काठ माडौ	
२७.	निर्देशक	श्री सतिश शर्मा	PPR Nepal	
२८.	शाखा अधिकृत	श्री सीता सुवेदी	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	

२९. :	शाखा अधिकृत	श्री स्वतन्त्र न्यौपाने	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
३०. :	शाखा अधिकृत	श्री टेकनाथ अधिकारी	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
३१. :	शाखा अधिकृत	श्री निराजन पाण्डे	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
३२. :	शाखा अधिकृत	श्री उर्मिला जि.सी	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
३३. :	नायब सुब्बा	श्री पुनम कंडेल	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	
३४.	नायब सुब्बा	श्री चन्दन कुमार ठाकुर	महान्यायाधिवक्ता को कार्यालय रामशाहपथ	

अनुसूची ३

सङ्गठित अपराध निवारण ऐन, २०७०

नेपाल राजपत्रमा प्रकाशित मिति

२०७०।१२।१२

प्रस्तावना : सर्वसाधारणको जीउ, ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ति र सुव्यवस्था कायम गर्न, मुलुकमा कानुन र व्यवस्था कायम गर्नका लागि सङ्गठित अपराधलाई निवारण गर्न, विशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्न र सङ्गठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने लगायत सो सँग सम्बन्धित अन्य विषयमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधानसभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "सङ्गठित अपराध निवारण ऐन, २०७०" रहेको छ ।

(२) यो ऐन नेपालभर लागू हुनेछ र नेपाल बाहिर रही बसी नेपाल वा नेपाली नागरिक विरुद्ध सङ्गठित अपराध गर्ने व्यक्तिको हकमा समेत लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले दफा ४० बमोजिमको मुद्दा हेर्ने अदालत सम्झनु पर्छ ।

(ख) "अनुसन्धान अधिकारी" भन्नाले सङ्गठित अपराधको अनुसन्धान गर्ने अधिकारी सम्झनु पर्छ ।

(ग) "अधिकारप्राप्त अधिकारी" भन्नाले दफा २४ बमोजिमको अधिकृत वा निकाय सम्झनु पर्छ ।

(घ) "आपराधिक समूह" भन्नाले प्रत्यक्ष वा परोक्ष रुपमा परिच्छेद-२ मा उल्लिखित सङ्गठित अपराध गर्ने उद्देश्यले नेपालभित्र वा नेपाल बाहिर रहे भएको सङ्गठित वा असङ्गठित तीन वा तीनभन्दा बढी व्यक्तिहरुको समूह सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "पुनरावलोकन समिति" भन्नाले दफा २९ बमोजिमको पुनरावलोकन समिति सम्झनु पर्छ ।

(छ) "सङ्गठित अपराध" भन्नाले परिच्छेद-२ बमोजिमको अपराध सम्झनु पर्छ ।

(ज) "सञ्चार अभिलेख" भन्नाले तार, कम्प्यूटर वा कुनै विद्युतीय माध्यमबाट हुने वा भएको कुनै प्रकारको सञ्चारलाई विद्युतीय वा अन्य कुनै यन्त्रको माध्यमबाट अभिलेख गर्ने कार्य सम्झनु पर्छ ।

(झ) "सम्पत्ति" भन्नाले भौतिक वा अभौतिक, चल वा अचल, मूर्त वा अमूर्त सम्पत्ति सम्झनु पर्छ र सो शब्दले कुनै मूल्य भएको वस्तु वा उपकरण, त्यस्तो सम्पत्ति उपर रहेको वा कायम हुने हक, हित वा अधिकार स्थापित गर्ने कुनै कागजात, निस्सा वा अन्य कुनै उपकरण समेतलाई जनाउँछ ।

परिच्छेद-२

सङ्गठित अपराध सम्बन्धी व्यवस्था

३. सङ्गठित अपराध गर्न नहुने : (१) कसैले सङ्गठित अपराध गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेमा निजले सङ्गठित अपराध गरेको मानिनेछ ।

(३) यस दफाको प्रयोजनको लागि देहायको कसूर गम्भीर अपराध मानिनेछ :-

(क) प्रचलित कानुन बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर,

(ख) परिच्छेद-३ बमोजिमको कुनै कसूर, र

(ग) प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी मानिने कसूर ।

(४) कसैले कुनै आपराधिक समूहलाई सङ्गठित अपराध गर्न वा सङ्गठित अपराध गर्न सघाउ पुऱ्याउन कुनै काम जानी जानी गरी वा नगरी सो समूहको काम कारबाहीमा सहभागी हुने वा सघाउ पुऱ्याउने वा सञ्चार साधन वा सूचना प्रविधि उपलब्ध गराउने वा आर्थिक सहयोग गर्ने वा कुनै साधन उपलब्ध गराउने वा सङ्गठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने, लुकाउने वा भगाउने कार्य गर्न वा गराउन हुँदैन ।

४. सङ्गठित अपराधको तयारी, उद्योगेग, षडयन्त्र गर्न वा दुरुत्साहन दिन वा मतियार हुन नहुने : कसैले सङ्गठित अपराधको तयारी गर्न, षडयन्त्र गर्न, उद्योग गर्न वा सङ्गठित अपराध गर्न दुरुत्साहन दिन वा त्यस्तो अपराधमा मतियार हुन हुँदैन ।

परिच्छेद -३

सङ्गठित अपराध सम्बन्धी निषेधित कार्य तथा सजाय सम्बन्धी व्यवस्था

५. आपराधिक समूह स्थापना गर्न नहुने : कसैले पनि आपराधिक समूह स्थापना गर्न वा सञ्चालन गर्न वा गराउन वा जानी जानी आपराधिक समूहको सदस्य हुन वा कसैलाई सदस्य बनाउन हुँदैन ।

६. न्यायिक कारबाहीमा अवरोध गर्न नहुने : (१) कसैले सङ्गठित अपराधको न्यायिक कारबाहीको सिलसिलामा गरिने वा गरिएको कुनै काम कारबाहीमा बाधा अवरोध खडा गरी न्यायिक कारबाहीमा अवरोध गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले देहायको कुनै काम गरेमा निजले न्यायिक कारबाहीमा अवरोध गरेको मानिने छ :-

(क) कसैलाई मुद्दाको कारबाहीका सम्बन्धमा झुटो प्रमाण दिनको लागि साक्षीको रुपमा प्रस्तुत गर्ने वा झुटो प्रमाण पेश गर्न वा मुद्दाको कारबाही वा प्रमाण सङ्कलनको कार्यमा मुद्दाको पक्ष वा साक्षी वा उजूरीकर्तालाई झुटो बयान वा बकपत्र गर्न वा गराउनका लागि कुटपिट वा आक्रमण गर्ने, डर, त्रास देखाउने वा धम्की दिने वा कुनै प्रलोभन, अनुचित दबाब दिने वा अन्य कुनै तरिकाले अबरोध पुऱ्याउने,

(ख) मुद्दाको कारबाहीका सम्बन्धमा कुनै साक्षीलाई अदालतमा उपस्थित हुन वा प्रमाणको सङ्कलन वा प्रस्तुतीकरण गर्न बाधा अवरोध गर्ने, वा

(ग) न्याय सम्पादन वा कानुन कार्यान्वयन गर्ने अधिकारीलाई कुटपिट वा आक्रमण गर्ने, डर, त्रास देखाउने वा धम्की दिने वा अनुचित प्रलोभन दिने वा आफ्नो पदीय जिम्मेवारी पूरा गर्नबाट कुनै तरिकाले बाधा अवरोध पुऱ्याउने ।

७. विध्वंसात्मक कार्य गर्न नहुने : (१) कसैले विध्वंसात्मक कार्य गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले देहायका कुनै काम गरेमा निजले विध्वंसात्मक कार्य गरेको मानिनेछ :-

(क) कुनै प्रकारको हातहतियार, बम, विष्फोटक पदार्थ वा अन्य कुनै उपकरण वा वस्तु प्रयोग गरी नेपालको सार्वभौमसत्ता, प्रादेशिक अखण्डता वा नेपाल वा यसको कुनै भागको सुरक्षा वा शान्ति र व्यवस्थामा खलल पार्ने वा विदेशस्थित नेपाली कूटनीतिक नियोग वा त्यसको सम्पत्ति वा नेपालस्थित विदेशी नियोग वा अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्थाको आवासीय कार्यालय वा त्यसको सम्पत्ति वा कुनै सार्वजनिक वा निजी पूर्वाधार, संरचना वा विकास परियोजनाको संरचना वा त्यसको हाता वा शिक्षण संस्था, स्वास्थ्य संस्था वा यातायात संस्था जस्ता सर्वसाधारणलाई सार्वजनिक सेवा प्रदान गर्ने सेवा प्रदायकको भवन, साधन, उपकरण, यन्त्र ध्वस्त गरी क्षति पुऱ्याउने वा तोडफोड गर्ने वा सोको योजना बनाउने वा त्यस्तो स्थानमा मानिसको जीउ ज्यान जाने, अङ्गभङ्ग हुने वा चोटपटक पुऱ्याई घाइते तुल्याउने काम वा आगो लगाउने वा दैनिक उपभोग्य वस्तुमा वा सार्वजनिक स्थानमा विषालु पदार्थ प्रयोग गरी मानिसको जीउ ज्यान जाने वा अङ्गभङ्ग हुने वा अन्य क्षति पुऱ्याउने काम,

(ख) खण्ड (क) मा उल्लिखित कुनै काम गरी सर्वसाधारणको आवत जावत गर्ने वा भेला हुने काममा डर, त्रास, फैलाई आतङ्कित गर्ने कुनै काम,

(ग) खण्ड (क) वा (ख) बमोजिमको उद्देश्यको लागि सो खण्डमा उल्लिखित पदार्थ प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई वा त्यस्तो पदार्थ प्रयोग नगरी अन्य कुनै पदार्थ वा साधन प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई कसैको जीउ ज्यान लिने, अङ्गभङ्ग गर्ने, घाइते तुल्याउने वा अन्य कुनै प्रकारको क्षति गर्ने धम्की दिई कुनै स्थान वा कुनै प्रकारको सवारी साधनमा कसैलाई जोरजुलुम गर्ने वा आतङ्कित गर्ने वा त्यस्तो स्थान र साधनबाट वा त्यस्तो साधनद्वारा यात्रा गरिरहेका कसैलाई त्यस्तो साधन सहित वा साधन रहित अपहरण गर्ने वा त्यस्तो कार्यद्वारा आतङ्कित तुल्याउने काम,

(घ) खण्ड (क), (ख) वा (ग) बमोजिमको उद्देश्यले कुनै प्रकारको हातहतियार वा बम वा विष्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन गर्ने, वितरण गर्ने, सञ्चय गर्ने, ओसार पसार वा निकासी पैठारी गर्ने, बिक्री गर्ने, लिएर हिड्ने वा जडान गर्ने वा जानी जानी त्यस्तो कार्यमा सघाउ पुऱ्याउने काम,

(ङ) खण्ड (क), (ख), (ग) वा (घ) बमोजिमको उद्देश्यको निमित्त जबरजस्ती गरी नगदी वा जिन्सी उठाउने, सम्पत्ति लुटपिट गर्ने काम ।

८. आपराधिक लाभ (एक्सटर्नन) लिन नहुने : (१) कसैले आपराधिक लाभ लिन वा लिन लगाउन हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले नियतपूर्वक कुनै व्यक्तिलाई निजको वा अरु कसैको जीउ ज्यान वा सम्पत्तिमा कुनै क्षति पुऱ्याउने डर त्रासमा पारी निजबाट बेइमानीपूर्वक आफ्नो वा अरु कसैको लागि नगदी, जिन्सी वा अन्य कुनै लाभ उठाएमा वा त्यस्तो लाभ उठाउने नियतले कुनै काम गरे वा गराएमा वा निजलाई कुनै काम गर्नबाट रोकेमा आपराधिक लाभ लिएको मानिनेछ ।

९. सजाय : देहायको कसूर गर्नेलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) दफा ३ को उपदफा (३) को खण्ड (क) वा (ख) तथा उपदफा (४) बमोजिमको कसूर गर्नेलाई प्रचलित कानुन बमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय, तर जन्मकैद वा सो भन्दा बढी सजाय हुने कसूरदारलाई थप सजाय हुने छैन ।

(ख) दफा ३ को उपदफा (४) बमोजिमको कसूर गर्नेलाई प्रचलित कानुनमा कुनै सजायको व्यवस्था भएको रहेनछ भने पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैँयासम्म जरिवाना वा दुवै सजाय,

(ग) दफा ५ बमोजिमको कसूर गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना,

(घ) दफा ६ बमोजिमको कसूर गर्नेलाई तीन वर्षसम्म कैद र दुई लाख रुपैँयासम्म जरिवाना,

(ङ) दफा ७ बमोजिम कसूर गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछ :-

(१) त्यस्तो कसूरबाट कसैको जीउ ज्यान गएको रहेछ भने त्यस्तो कसूर गर्ने, गराउने वा षडयन्त्र गर्ने मुख्य व्यक्ति र त्यस्तो कसूर गर्न अह्राउने व्यक्तिलाई जन्मकैद,

(२) त्यस्तो कसूर भइसकेको तर कसैको जीउ ज्यान गएको रहेनछ भने त्यस्तो कसूर गर्ने, गराउने वा षडयन्त्र गर्ने मुख्य व्यक्ति र त्यस्तो कसूर गर्न अह्राउने व्यक्तिलाई जन्मकैद,

(३) विध्वंसात्मक कार्यको कसूरको उद्योग गर्ने वा दुरुत्साहन दिने वा सो कसूर गर्न बाध्य गराउने वा सो गर्न गराउनको लागि एकभन्दा बढी व्यक्ति जम्मा गर्ने वा समूह खडा गर्ने वा त्यस्तो कार्य गर्न गराउन खटन पटन गर्ने वा त्यस्तो काममा जुनसुकै तवरले भाग लिने वा त्यस्तो कार्य गर्ने उद्देश्यले हातहतियार, बम, विष्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन वा वितरण गर्ने वा राख्ने वा ओसार पसार वा आयात निर्यात

गर्ने वा कुनै प्रकारले लिनु दिनु गर्ने वा प्रचार प्रसार गर्ने गराउने व्यक्तिलाई कसूरको मात्रा अनुसार तीन वर्षदेखि दश वर्षसम्म कैद,

(४) विध्वंसात्मक कार्यको कसूरको मतियारलाई सङ्गठित अपराध गर्ने व्यक्तिलाई हुने सजायको आधा सजाय ।

(च) दफा ८ बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछ :-

(१) आपराधिक लाभ लिने नियतले कसैको ज्यान लिने, अङ्गभङ्ग गर्ने वा गम्भीर चोट पुऱ्याउने डर वा त्रास देखाएमा सात वर्षसम्म कैद र सत्तरी हजार रुपैंयाँसम्म जरिवाना,

(२) कसैको व्यवसायमा गैर कानुनी तरिकाले कुनै क्षति पुऱ्याउने वा चरित्रमा झुटो दोष लगाउने नियतले डर, त्रास देखाई आपराधिक लाभ लिएको भए चार वर्षसम्म कैद र चालीस हजार रुपैंयाँसम्म जरिवाना,

(३) उपखण्ड (१) वा (२) मा लेखिए बाहेक अन्य अवस्थामा आपराधिक लाभ लिएमा एक वर्षसम्म कैद र दश हजार रुपैंयाँसम्म जरिवाना ।

१०. क्षतिपूर्ति भराउनु पर्ने : (१) यस ऐन बमोजिमको कुनै कसूर गरी सरकारी, सार्वजनिक वा निजी सम्पत्तिको क्षति भएको रहेछ भने सो कसूर गर्ने वा गराउने व्यक्तिबाट क्षतिपूर्ति भराउनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि मुद्दाको किनारा गर्दा अदालतले उपदफा (१) बमोजिम भराउनु पर्ने क्षतिपूर्तिको रकम समेत निर्धारण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम क्षतिपूर्ति निर्धारण गर्दा सम्पत्तिमा पुगेको वास्तविक हानि वा नोक्सानीलाई आधार मानी गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपूर्ति कसूरदारले भुक्तानी गर्नु पर्नेछ र नगरेमा निजको अंशभागमा पर्ने सम्पत्ति लिलाम गरी असुल उपर गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम असुल उपर हुन नसकेमा जरिवाना बापत प्रचलित कानुन बमोजिम हुने अवधिसम्मको कैद हुनेछ ।

परिच्छेद-४

अनुसन्धान तथा अभियोजन सम्बन्धी व्यवस्था

११. अनुसन्धान गर्ने अधिकारी : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी बाहेकका सङ्गठित अपराधको अनुसन्धान कम्तीमा अधिकृतस्तरको प्रहरी कर्मचारीले गर्नेछ ।

१२. विशेष अनुसन्धान टोली गठन गर्न सक्ने : (१) दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित अपराधको अनुसन्धान गर्नको लागि सम्बन्धित विषयको विशेषज्ञ संलग्न रहेको अनुसन्धान टोली गठन गर्न उपयुक्त हुने देखिएमा नेपाल सरकारले महान्यायाधिवक्ता र प्रहरी महानिरीक्षकसँग परामर्श गरी त्यस्तो टोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको अनुसन्धान टोलीलाई यो ऐन वा प्रचलित कानुन बमोजिम अनुसन्धान अधिकारीलाई भएको अधिकार हुनेछ ।

(३) उपदफा (१) बमोजिमको अनुसन्धान टोलीले अनुसन्धान पूरा गरेपछि अनुसन्धान प्रतिवेदन अनुसन्धान अधिकारीलाई बुझाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको प्रतिवेदनको आधारमा अनुसन्धान अधिकारीले मुद्दाको अनुसन्धान गरी कारबाही गर्नु पर्नेछ ।

१३. विशेष अनुसन्धान पद्धति अपनाउन सकिने : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित अपराधको अनुसन्धान गर्दा आवश्यकता अनुसार नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलीभरी) वा गुप्त कारबाही अनुसन्धान (अण्डर कभर अपरेशन) र यस्तै अन्य उपयुक्त अनुसन्धान पद्धति अपनाउन सकिनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "नियन्त्रित अनुसन्धान प्रविधि" भन्नाले सङ्गठित अपराधको अनुसन्धान गर्न वा सङ्गठित अपराधमा संलग्न व्यक्तिको पहिचान गर्ने उद्देश्यले अनुसन्धान अधिकारीको जानकारी वा प्रत्यक्ष निगरानीमा अनुसन्धान अधिकारीको कार्यालयमा अभिलेख राखी कुनै गैरकानुनी वस्तु प्रयोग गर्ने वा त्यस्तो वस्तु एक ठाउँबाट अर्को ठाउँमा ढुवानी गर्ने वा ओसार पसार गर्ने प्रविधि सम्झनु पर्छ ।

(२) सङ्गठित अपराधको अनुसन्धान गर्नको लागि अनुसन्धान अधिकारीले आवश्यकता अनुसार सुराकी प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको सुराकीको विवरण तोकिए बमोजिम गोप्य राख्नु पर्नेछ ।

१४. हिरासतमा राख्न सकिने अवधि : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित अपराधको अनुसन्धानको लागि त्यस्तो अपराधको आरोप लागेको व्यक्तिलाई अनुसन्धानको प्रगतिको आधारमा अदालतको अनुमति लिई पटक पटक गरी साठी दिनसम्म हिरासतमा राख्न सकिनेछ ।

१५. सम्पत्ति रोक्का राख्न सकिने : (१) सङ्गठित अपराध गरेको आरोप लागेको व्यक्तिले त्यस्तो अपराधबाट प्राप्त गरेको सम्पत्ति कसैलाई हस्तान्तरण गर्न वा बिक्री वितरण गर्न वा कुनै उपायले लुकाउन वा परिवर्तन गर्न सक्छ भनी विश्वास गर्नु पर्ने मनासिब कारण भएमा अनुसन्धान अधिकारीले त्यस्तो सम्पत्ति कसैलाई हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा बिक्री वितरण गर्नबाट रोक लगाउनको लागि सम्बन्धित निकाय वा संस्थालाई आदेश दिनको लागि अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अदालतले त्यस्तो सम्पत्ति कसैलाई हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा बिक्री वितरण गर्नबाट रोक लगाउने गरी सम्बन्धित निकाय वा संस्थालाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको आदेश प्राप्त भएपछि त्यस्तो निकाय वा संस्थाले त्यस्तो सम्पत्ति तुरुन्त रोक्का राखी सोको जनाउ अदालत र अनुसन्धान अधिकारीलाई दिनु पर्नेछ ।

१६. कारोबारको विवरण माग्न वा कारोबार वा खाता रोक्का राख्न सकिने : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित अपराधको अनुसन्धानबाट सो अपराधको आरोप लागेको व्यक्ति वा निजको परिवारको कुनै सदस्य वा सो अपराधमा संलग्न भएको छ भनी विश्वास गर्नु पर्ने मनासिव कारण भएको कुनै व्यक्तिको कुनै बैङ्क वा वित्तीय संस्थामा कुनै कारोबार भएको वा खाता रहेको देखिएमा अनुसन्धान अधिकारीले त्यस्तो कारोबार वा खाताको विवरण माग गर्न वा त्यस्तो कारोबार वा अदालतको अनुमति लिई खाता रोक्का राख्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश भएमा सम्बन्धित बैङ्क वा बित्तीय संस्थाले सो आदेश बमोजिमको विवरण उपलब्ध गराउन र कारोबार वा खाता रोक्का राख्नु पर्नेछ ।

१७. राहदानी रोक्का राख्न सकिने : (१) सङ्गठित अपराधको अनुसन्धानको सिलसिलामा सो अपराधको गम्भीरता, अपराध गर्दाको अवस्था, अपराधको मात्रा र सो अपराध ठहरेमा हुन सक्ने सजायलाई विचार गर्दा सो अपराधको आरोप लागेको व्यक्तिलाई राहदानी जारी नगर्न र निजका नाममा राहदानी जारी भइसकेको भए त्यस्तो राहदानी रोक्का गर्न आवश्यक देखिए अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई राहदानी जारी नगर्न वा निजका नाममा राहदानी जारी भइसकेको भए राहदानी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएकोमा सम्बन्धित निकायले त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गर्न हुँदैन र राहदानी जारी भइसकेको भए त्यस्तो राहदानी रोक्का राख्नु पर्नेछ ।

१८. टेलिफोन वा सञ्चारको विवरण माग गर्न सकिने : (१) कुनै व्यक्तिले सङ्गठित अपराध गर्ने सिलसिलामा कम्प्यूटर, टेलिफोन, मोबाइल फोन वा अन्य कुनै प्रकारको दूरसञ्चार माध्यमको प्रयोग गरेको वा विद्युतीय वा अन्य कुनै सञ्चार माध्यमबाट कुनै प्रकारको सूचना आदान प्रदान गरेको पाइएमा अनुसन्धान अधिकारीले अधिकारप्राप्त अधिकारीको अनुमति लिई त्यस्तो कम्प्यूटर, टेलिफोन, मोबाइल फोन वा दूरसञ्चार माध्यम वा सोबाट भएको दूरसञ्चार सम्बन्धी विवरण वा सूचना उपलब्ध गराई दिन सम्बन्धित अधिकारी, निकाय वा सेवा प्रदायकलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो अधिकारी, निकाय वा सेवा प्रदायकले त्यस्तो टेलिफोन, मोबाइल फोन वा दूरसञ्चार माध्यम वा सो बाट भएको सञ्चार सम्बन्धी विवरण वा सूचना उपलब्ध गराउनु पर्नेछ ।

१९. सञ्चार माध्यम निष्कृय गर्न सकिने : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले सङ्गठित अपराध गर्ने सिलसिलामा टेलिफोन, मोबाइल फोन वा अन्य कुनै प्रकारको दूरसञ्चार माध्यमको प्रयोग गरिरहेको वा गर्न लागेको वा विद्युतीय वा अन्य कुनै सञ्चार माध्यमबाट कुनै प्रकारको सूचना आदान प्रदान गरिरहेको छ भनी विश्वास गर्नु पर्ने मनासिब कारण भएमा अनुसन्धान अधिकारीले अधिकारप्राप्त अधिकारीको अनुमति लिई त्यस्तो टेलिफोन, मोबाइल फोन वा सञ्चार माध्यम निष्कृय गर्न वा फोन वा सञ्चार सम्पर्क नहुने व्यवस्था गर्न सम्बन्धित निकाय, अधिकारी वा सेवा प्रदायकलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो अधिकारी, निकाय वा सेवा प्रदायकले त्यस्तो टेलिफोन, मोबाइल फोन वा सञ्चार निष्कृय गर्न वा सञ्चार सम्पर्क नहुने व्यवस्था गर्नु पर्नेछ ।

२०. प्रहरी कार्यालयमा पठाउनु पर्ने : (१) सङ्गठित अपराधका सम्बन्धमा प्रहरी कार्यालय बाहेक अन्य कुनै निकायमा कुनै उजूरी परेमा त्यस्तो निकायले भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी मुद्दाको उजूरी तथा कुनै प्रमाण संलग्न गरेको भए सो समेत संलग्न गरी सम्बन्धित निकायमा र अन्य उजूरीको हकमा सम्बन्धित प्रहरी कार्यालयमा तुरुन्त पठाउनु पर्नेछ ।

(२) प्रचलित कानुन बमोजिम कसूर मानिने कुनै कार्यका सम्बन्धमा सो कसूर अनुसन्धान गर्न अधिकारप्राप्त निकाय वा अधिकारीबाट भएको अनुसन्धानबाट त्यस्तो कसूर सङ्गठित अपराध देखिन आएमा उजूरी,

आरोप लागेको व्यक्ति र अनुसन्धानको सिलसिलामा तयार भएका कागजात तथा सङ्कलित प्रमाण सम्बन्धित प्रहरी कार्यालयमा तुरुन्त पठाउनु पर्नेछ ।

तर भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी मुद्दाको प्रचलित कानुन बमोजिम अनुसन्धान गर्ने निकाय वा अधिकारीले त्यस्तो मुद्दाको अनुसन्धान आफैं गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम उजूरी, आरोप लागेको व्यक्ति, कागजात वा प्रमाण प्राप्त हुन आएमा सम्बन्धित प्रहरी कार्यालयले अनुसन्धान गरी आवश्यक कारबाही गर्नु पर्नेछ ।

२१. सजायको माग दाबीमा छुट दिन सकिने : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित अपराधको अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको अपराध स्वीकार गरी सो अपराधका सम्बन्धमा प्रमाण जुटाउन तथा अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकील वा अदालतलाई सघाउ पुऱ्याएमा र निजले पहिलो पटक सङ्गठित अपराध गरेको देखिएमा त्यस्तो सङ्गठित अपराधमा निजलाई हुने सजायमा पचहत्तर प्रतिशत सम्म छुट दिने गरी माग दावी लिई मुद्दा दायर गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजले गरेको सहयोग अन्य सबुत प्रमाणबाट प्रमाणित नभएमा वा निजले प्रहरी वा सरकारी वकीललाई गरेको सहयोग प्रतिकूल हुने गरी अदालत समक्ष बयान दिएमा यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि निज उपर पुनः मुद्दा दायर गर्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा यस दफा बमोजिम सजायको माग दाबीमा छुट दिन पाइने छैन :-

(क) मुख्य अभियुक्तलाई सजायको माग दाबी छुट दिन,

(ख) कुनै सङ्गठित अपराधमा कैद सजाय पाएकोमा कैद भुक्तान भएको तीन वर्ष पूरा नभएसम्म,

(ग) एकपटक सजाय छुटको सुविधा पाइसकेको भएमा ।

२२. थप अभियोग लगाउन सकिने : कुनै व्यक्ति विरुद्ध सङ्गठित अपराधको मुद्दाको अभियोगपत्र दायर भइसके पछि सोही अपराधका सम्बन्धमा अन्य व्यक्तिका विरुद्ध मुद्दा दायर गर्न वा त्यसरी मुद्दा दायर भइसकेको अभियुक्त विरुद्ध सोही अपराधमा वा अन्य कुनै कसूरमा थप अभियोग लगाई अदालतमा अभियोगपत्र दायर गर्न सकिनेछ ।

परिच्छेद-५

सञ्चार अभिलेख सम्बन्धी विशेष व्यवस्था

२३. सञ्चार अभिलेख गर्न सकिने : सङ्गठित अपराधको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारी, प्रहरी उपरीक्षक वा सो भन्दा माथिको अधिकृतले कुनै व्यक्तिको सञ्चार यस परिच्छेद बमोजिम अभिलेख गर्न सक्नेछ ।

२४. अधिकार प्राप्त अधिकारी तोक्ने : यस परिच्छेद बमोजिम सञ्चार अभिलेख गर्न अनुमति दिने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल सरकारको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको कुनै अधिकृत वा कुनै निकायलाई अधिकारप्राप्त अधिकारी तोक्नेछ ।

२५. अनुमति लिनु पर्ने : (१) दफा २३ बमोजिम सञ्चार अभिलेख गर्नको लागि अधिकारप्राप्त अधिकारीको अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति लिनको लागि त्यस्तो अनुसन्धान अधिकारी, प्रहरी उपरीक्षक वा अधिकृतले देहायका विवरणहरु संलग्न गरी अधिकारप्राप्त अधिकारी समक्ष लिखित निवेदन दिनु पर्नेछ :-

(क) निवेदन दिने अधिकारीको नाम र पद,

(ख) सम्भव भएसम्म सङ्गठित अपराधको प्रकृति र त्यस्तो अपराध भइरहेको, भएको वा हुन सक्ने स्थान र त्यस्तो अपराधसँग सम्बन्धित अन्य विवरण,

(ग) अभिलेख गरिने सञ्चारको माध्यम र अभिलेख गरिने स्थान,

(घ) सञ्चार अभिलेख गरिने व्यक्तिको उपलब्ध भए सम्मको विवरण ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा अधिकारप्राप्त अधिकारीले निवेदन दिने अधिकारीलाई थप प्रमाण पेश गर्न लगाउन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम निवेदन परेमा अधिकारप्राप्त अधिकारीले अनुसन्धानको अवस्था र देहायका कुरालाई विचार गरी सञ्चार अभिलेख गर्न अनुमति दिन सक्नेछ :-

(क) निवेदनमा उल्लिखित सङ्गठित अपराध भएको, भइरहेको वा हुन सक्ने मनासिब आधार भएमा,

(ख) सञ्चार अभिलेख गर्दा सङ्गठित अपराधसँग सम्बन्धित सबुत प्रमाण प्राप्त हुन सक्ने मनासिब आधार भएमा,

(ग) सामान्य रुपले प्रमाण सङ्कलन गर्ने प्रयास भएकोमा त्यस्तो प्रयास सफल हुन नसकेको वा हुन नसक्ने देखिएको वा त्यस्तो कार्य गर्नु ज्यादै जोखिमपूर्ण हुन सक्ने देखिएको आधार भएमा,

(घ) त्यस्तो सञ्चारको साधन सम्बन्धित व्यक्तिको स्वामित्व, जिम्मा वा अधीनमा रहेको वा निजले बारम्बार प्रयोग गर्ने गरेको मनासिब आधार भएमा ।

(५) उपदफा (४) बमोजिम अनुमति दिँदा बढीमा साठी दिनको लागि दिन सकिनेछ ।

(६) उपदफा (४) बमोजिम अनुमति दिँदा अधिकारप्राप्त अधिकारीले अनुमतिपत्रमा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) जुन व्यक्तिको सञ्चार अभिलेख गरिने हो सो व्यक्तिको नाम, थर, वतन लगायत उपलब्ध भए सम्मका अन्य विवरण, (

ख) अभिलेख गरिने सञ्चार माध्यम तथा सञ्चार अभिलेख गरिने स्थान,

(ग) सञ्चार अभिलेख गर्ने निकाय र अधिकारी भए निजको नाम, पद र अन्य विवरण,

(घ) सञ्चार अभिलेख गर्न पाउने अनुमतिको अवधि ।

(७) अधिकारप्राप्त अधिकारीले यस दफा बमोजिम अनुमति दिँदा अनुसन्धान अधिकारी आफैंले वा निजको प्रत्यक्ष निर्देशन र निगरानीमा रही अन्य प्रहरी कर्मचारी वा सञ्चार सेवाको सञ्चालकले मात्र सञ्चार अभिलेख गर्ने गरी दिनु पर्नेछ ।

(८) यस दफा बमोजिम सञ्चार अभिलेख गर्ने अनुमति दिँदा अधिकारप्राप्त अधिकारीले सम्बन्धित व्यक्तिलाई सम्बन्धित संस्थाको सुबिधाबाट सेवा प्राप्त गर्न कुनै प्रकारको अवरोध नहुने गरी अभिलेख गर्न अनुमतिप्राप्त अधिकारीलाई त्यस्तो सूचना इन्टरसेप्ट गर्न सम्बन्धित सञ्चार सेवा तथा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सञ्चार सेवा प्रदायक वा सो व्यवसायको धनी वा सञ्चालन गर्ने व्यक्ति वा अन्य सम्बन्धित व्यक्तिलाई आदेश दिनु पर्नेछ ।

(९) यस दफा बमोजिम भएको कारबाही वा आदेश गोप्य रुपमा हुनु पर्नेछ र त्यस्तो कारबाही वा आदेशको जानकारी अधिकारप्राप्त व्यक्ति बाहेकको अन्य व्यक्तिलाई कुनै किसिमबाट दिएमा वा सङ्केत गरेमा त्यस्तो काम गर्ने व्यक्तिले मतियार भई यस ऐन बमोजिमको अपराध गरेको मानिनेछ ।

२६. तत्काल सञ्चार अभिलेख गर्न सकिने : (१) दफा २५ मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित अपराधको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिको सञ्चार तत्काल अभिलेख नगरी नहुने भएमा देहायको अवस्थामा अनुसन्धान अधिकारीको अनुरोधमा वा आवश्यक भए कम्तीमा प्रहरी अतिरिक्त महानिरीक्षक दर्जाको प्रहरी अधिकृत आफैंले लिखित रुपमा कारण खुलाई सोको अभिलेख राखी कुनै व्यक्तिको सञ्चार अभिलेख गर्न अनुसन्धान अधिकारी वा अन्य प्रहरी कर्मचारीलाई लिखित रुपमा आदेश दिन सक्नेछ :-

(क) कसैको तत्काल मृत्यु हुन सक्ने वा जीउ ज्यानमा तत्काल गम्भीर चोटपटक लाग्न सक्ने सम्भावना भएमा,

(ख) मुलुकको राष्ट्रिय सुरक्षा वा हितमा आघात पर्ने भएमा, वा

(ग) सरकारी, सार्वजनिक वा निजी संरचना वा सम्पत्ति तत्काल ध्वस्त हुने वा आगजनी हुने सम्भावना भएमा ।

(२) उपदफा (१) बमोजिम तत्काल सञ्चार अभिलेख गर्ने आदेश दिँदा अनुसन्धान अधिकारी आफैंले वा निजको प्रत्यक्ष निर्देशन र निगरानीमा कम्तीमा प्रहरी निरीक्षक दर्जाको प्रहरी अधिकृत वा त्यस्तो सञ्चार सेवाको सञ्चालकले मात्र अभिलेख गर्न पाउने गरी आदेश दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम तत्काल सञ्चार अभिलेख गर्ने आदेश दिँदा सम्बन्धित व्यक्तिलाई कुनै प्रकारको अवरोध नहुने गरी अभिलेख गर्न सम्बन्धित अधिकारीलाई र त्यस्तो अधिकारीलाई सूचना इन्टरसेप्ट गर्न आवश्यक सहयोग गर्न सम्बन्धित सञ्चार सेवा प्रदायक वा सो व्यवसायको धनी वा सञ्चालन गर्ने व्यक्ति वा सम्बन्धित अन्य व्यक्तिलाई आदेश दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम आदेश दिने अधिकारीले त्यसरी दिएको आदेश स्वीकृतिको लागि अधिकारप्राप्त अधिकारीसमक्ष आदेश दिएको बाह्र घण्टाभित्र पेश गर्नु पर्नेछ ।

(५) अधिकारप्राप्त अधिकारीले उपदफा (४) बमोजिमको आदेश अस्वीकृत गरेमा सञ्चार अभिलेख सम्बन्धी कार्य तत्काल बन्द गर्न र त्यसरी अभिलेख भएको सम्पूर्ण सञ्चार सोही दिन तोकिए बमोजिम नष्ट गर्न त्यसरी सञ्चार अभिलेख गर्न आदेश दिने अधिकारी र सञ्चार सेवा प्रदायकलाई समेत आदेश दिनु पर्नेछ ।

२७. सम्पादन वा परिवर्नन गर्न नसकिने गरी अभिलेख गर्नु पर्ने : (१) यस परिच्छेद बमोजिम कुनै सञ्चार अभिलेख गर्दा त्यस्तो अभिलेख गरिएको सञ्चार सम्पादन नहुने, तोडमोड वा परिवर्तन गर्न नसकिने वा मेट्न (डिलिट) नसकिने गरी गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रतिकूल हुने गरी अभिलेख गर्ने व्यक्तिले मतियार भई यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

२८. विवरण पठाउनु पर्ने : (१) यस परिच्छेद बमोजिम अभिलेख गरिएको सञ्चार सम्बन्धी विवरण अभिलेख गर्ने अनुमति वा आदेश प्राप्त गरेको अधिकारीले दफा २५ बमोजिमको अभिलेखको हकमा प्रत्येक दुई महिनामा र दफा २६ बमोजिमको अभिलेखको हकमा प्रत्येक पन्ध्र दिनमा अधिकारप्राप्त अधिकारी समक्ष निजले तोकिदिए बमोजिम पेश गर्नु पर्नेछ ।

(२) यस परिच्छेद बमोजिम सञ्चार अभिलेख गर्ने अनुमति प्राप्त अधिकारीले सञ्चार अभिलेखको कार्य समाप्त भएको वा त्यस्तो अनुमतिको अवधि समाप्त भएको मितिमध्ये जुन पहिले हुन्छ सो मितिले पन्ध्र दिनभित्र त्यस्तो अभिलेख अधिकारप्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको अभिलेख अधिकारप्राप्त अधिकारीले सिलबन्दी गरी सुरक्षित रुपमा राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सिलबन्दी अभिलेख अदालतमा मुद्दा दायर गर्दाका बखत पेश गर्नु पर्नेछ र अदालतको आदेश बमोजिम सम्बन्धित अदालत वा प्रहरी कार्यालयमा राख्नु पर्नेछ ।

२९. पुनरावलोकन समिति : (१) सञ्चार अभिलेख कार्यको पुनरावलोकन गर्न देहाय बमोजिमको एक पुनरावलोकन समिति रहनेछ :-

(क) सचिव, गृह मन्त्रालय -अध्यक्ष

(ख) सहसचिव, कानुन, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(ग) सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय -सदस्य

(२) टेलिफोन, मोबाइल फोन वा अन्य कुनै सञ्चार माध्यम निष्क्रिय गर्न वा फोन वा सञ्चार माध्यम सम्पर्क नहुने व्यवस्था गर्न दफा १९ बमोजिम आदेश दिने वा सञ्चार अभिलेख गर्न दफा २५ बमोजिम अनुमति दिने वा दफा २६ बमोजिम आदेश दिने अधिकारीले सो अनुमति वा आदेशसम्बन्धी कागजात सहितको

विवरण सम्भव भएसम्म त्यसरी आदेश दिएकै दिन र सो सम्भव नभए पर्सीपल्ट सम्ममा पुनरावलोकन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको पुनरावलोकन समितिले उपदफा (२) बमोजिम विवरण प्राप्त भएको तीन दिन भित्र त्यसरी दिइएको अनुमति वा आदेशको पुनरावलोकन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावलोकन गर्दा सङ्गठित अपराधको अनुसन्धानको लागि त्यस्तो अनुमति वा आदेश आवश्यक नदेखिएमा उपदफा (१) बमोजिमको पुनरावलोकन समितिले त्यस्तो अनुमति वा आदेश रद्द गर्नेछ ।

(५) उपदफा (१) बमोजिमको पुनरावलोकन समितिले उपदफा (४) बमोजिम सञ्चार अभिलेख अनुमति वा आदेश रद्द गरेमा सञ्चार अभिलेख सम्बन्धी कार्य तत्काल बन्द गर्न र अभिलिखित सञ्चार सोही दिन तोकिए बमोजिम नष्ट गर्न वा टेलिफोन, मोबाइल फोन वा अन्य कुनै सञ्चार माध्यम निष्क्रिय गर्न वा फोन वा सञ्चार सम्पर्क नहुने व्यवस्था गरेकोमा त्यस्तो फोन, मोबाइल फोन वा अन्य सञ्चार माध्यमलाई सक्रिय पार्न त्यसरी अनुमति वा आदेश दिने अधिकारीलाई आदेश दिनेछ ।

(६) उपदफा (१) बमोजिमको पुनरावलोकन समितिले आफ्नो काम कारबाहीको विवरण नियमित रुपमा नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

३०. गोप्य रहने : यस परिच्छेद बमोजिम अभिलिखित सञ्चार सम्बन्धी विवरण सङ्गठित अपराधको मुद्दाको कारबाहीको लागि बाहेक अन्य प्रयोजनका लागि गोप्य रहनेछ ।

३१. प्रतिवेदन पेश गर्नु पर्ने : (१) नेपाल सरकारले यस परिच्छेद बमोजिम गरिएको सञ्चार अभिलेख कार्यको वार्षिक प्रतिवेदन तयार गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिन भित्र व्यवस्थापिका-संसद् समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त देहायका विषय सम्बन्धी विवरण समावेश भएको हुनु पर्नेछः-

(क) सञ्चार अभिलेख गर्नको लागि अधिकारप्राप्त अधिकारी समक्ष परेको निवेदनको संख्या,

(ख) सञ्चार अभिलेख गर्न अनुमति दिइएको र नदिइएको संख्या,

(ग) तत्काल सञ्चार अभिलेख गर्न दिइएको आदेशको संख्या र स्वीकृत वा अस्वीकृत आदेशको संख्या,

(घ) अभिलिखित सञ्चारको आधारमा चलाइएको मुद्दाको संख्या तथा सञ्चार अभिलेखबाट प्राप्त प्रमाणका आधारमा ठहर भएको मुद्दाको संख्या,

(ङ) अन्य आवश्यक कुरा ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा उल्लिखित विवरण मध्ये कुनै विवरण खुलाउँदा नेपालको सुरक्षा वा सङ्गठित अपराधको रोकथाम र निवारण गर्ने कार्यमा प्रतिकूल असर पर्न सक्ने मनासिब आधार भएमा त्यसको कारण खुलाई नेपाल सरकारले त्यस्तो विवरण नखुलाई यस दफा बमोजिम प्रतिवेदन पेश गर्न सक्नेछ ।

परिच्छेद-६

प्रमाण सम्बन्धी विशेष व्यवस्था

३२. यस ऐनको व्यवस्था लागु हुने : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित अपराधको मुद्दामा प्रमाणको सम्बन्धमा यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

३३. श्रब्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत उपस्थित गराउन सकिने : (१) सङ्गठित अपराधको मुद्दाको अभियुक्तलाई सुरक्षाको दृष्टिकोणले अदालतमा उपस्थित गराउन नसकिने भएमा श्रब्यदृश्य संवाद मार्फत उपस्थित गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था भएमा अनुसन्धान अधिकारी वा प्रहरी कार्यालयले सोको कारण खुलाई अदालत समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा अदालतले अभियुक्तको अवस्था, अभियुक्त रहेको स्थान र अन्य आवश्यक कुरालाई विचार गरी श्रब्यदृश्य संवाद मार्फत अदालतमा उपस्थित गराउन आदेश दिन सक्नेछ र त्यसरी आदेश दिँदा अनुसन्धान अधिकारी वा प्रहरीले पालना गर्नु पर्ने शर्त समेत तोकिदिन सक्नेछ ।

३४. श्रब्यदृश्य संवाद वा डोर मार्फर्तत बुझ्न् सकिने : सङ्गठित अपराधको मुद्दाका सुराकी, उजूरीकर्ता वा कुनै साक्षीलाई बुझनु परेमा अदालतले श्रब्यदृश्य संवाद वा डोर मार्फत बुझ्न वा अभियुक्तले नदेख्ने गरी निजको बकपत्र गराउन वा निजको स्वर यान्त्रिक वा अन्य तरिकाबाट परिवर्तन वा रुपान्तरण गरी बुझन वा अदालत बाहेक अन्य कुनै स्थानमा साक्षी प्रमाण बुझ्न सक्नेछ ।

३५. काल्पनिक वा साङ्केतिक नामवाट बयान वा बकपत्र गराउन सकिने : (१) सङ्गठित अपराधको मुद्दाको सुराकी, उजूरीकर्ता वा साक्षीले आफ्नो नाम उल्लेख नगरी वा काल्पनिक वा सांकेतिक नामबाट बयान वा बकपत्र गर्न चाहेमा अदालतले त्यस्तो व्यक्तिको वास्तविक नाम नखुलाई साङ्केतिक वा काल्पनिक नामबाट बयान वा बकपत्र गरी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बयान वा बकपत्र भएकोमा मुद्दाको सम्बन्धित मिसिल, आदेश वा फैसलामा सोही नाम उल्लेख गर्नु पर्नेछ ।

३६. जिरह सम्बन्धी विशेष व्यवस्था : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित अपराधको मुद्दाका सुराकी, उजूरीकर्ता वा कुनै साक्षीलाई अभियुक्तले कुनै प्रकारको जिरह वा प्रश्न गर्न सक्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सुराकी, उजूरीकर्ता वा कुनै साक्षीलाई जिरह गर्न सक्ने गरी अदालतले आदेश दिएमा अभियुक्तको कानुन व्यवसायीले श्रब्यदृश्य संवाद मार्फत वा अभियुक्तले निजलाई नदेख्ने वा निजको पहिचान गर्न नसक्ने, नदेख्ने र सुराकी, उजुरीकर्ता वा कुनै साक्षीले व्यक्त गरेको कुरा नसुन्ने गरी जिरह गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जिरह गर्ने कानुन व्यवसायीले त्यस्तो सुराकी, उजूरीकर्ता वा साक्षीको नाम, थर, वतन लगायत परिचयात्मक विवरण र चिन्ह त्यस्तो अभियुक्त लगायत कसैलाई पनि कुनै पनि रुपमा प्रकट गर्नु हुँदैन ।

(४) उपदफा (२) बमोजिम कानुन व्यवसायीले गरेको जिरह अभियुक्तबाट नै भए गरेको मानिनेछ ।

(५) उपदफा (२) बमोजिम जिरह गर्ने कानुन व्यवसायीले जिरह गर्नु अघि जिरह गरिने व्यक्तिको नाम, थर र वतन वा निजको तीनपुस्ते विवरण लगायतका कुनै पनि परिचयात्मक विवरण वा चिन्ह कुनै पनि प्रकारले अभियुक्त वा अन्य कसैलाई प्रकट नगर्ने गरी लिखितरुपमा अदालतले तोकेको ढाँचामा न्यायाधीश समक्ष शपथ लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको शपथ नलिइकन त्यस्तो कानुन व्यवसायीले सुराकी, उजूरीकर्ता वा कुनै साक्षीलाई सोधपुछ र जिरह गर्न सक्ने छैन ।

(७) यस दफा बमोजिम जिरहको कार्यमा संलग्न कर्मचारीले पनि उपदफा (५) बमोजिमको विवरण अन्य कसैलाई प्रकट नगर्ने गरी लिखित रुपमा न्यायाधीश समक्ष शपथ लिनु पर्नेछ ।

३७. सङ्गठित अपराध गरी सम्पत्ति आर्जन गरेको मानिने : सङ्गठित अपराधको मुद्दा चलाइएको व्यक्तिको आयस्रोत वा आर्थिक अवस्थाको तुलनामा निजको सम्पत्ति अस्वाभाविक देखिन आएमा वा निजले अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको प्रमाणित भएमा निजले त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुरा प्रमाणित गर्नु पर्नेछ र त्यसरी प्रमाणित गर्न नसकेमा त्यस्तो सम्पत्ति सङ्गठित अपराध गरी प्राप्त गरेको मानिनेछ ।

३८. फिरौती लिएको अनुमान गर्न सक्ने : सङ्गठित अपराधको अभियुक्तले कसैलाई अपहरण गरी वा नगरी वा शरीर बन्धक बनाई वा नबनाई कसैबाट फिरौती माग गरी पत्राचार गरेको वा टेलिफोन, मोबाइल फोन वा अन्य कुनै सञ्चारका माध्यमबाट डर, त्रास देखाएको वा धम्की दिएकोमा अन्यथा प्रमाणित भएकोमा बाहेक निजले फिरौती लिएको भनी अदालतले अनुमान गर्न सक्नेछ ।

३९. प्रमाण सम्बन्धी विशेष व्यवस्था : (१) सङ्गठित अपराध सम्बन्धी मुद्दामा विदेशी मुलुकको अदालत वा सो मुलुकको आधिकारीक निकायबाट सङ्कलन गरिएको वा परीक्षण गरिएको सबुत प्रमाणलाई अदालतले प्रमाणमा लिन सक्नेछ ।

(२) सुराकी, अभियुक्त वा साक्षीको आफ्नै स्वरमा रहेको र सम्पादन, तोडमोड वा परिवर्तन गर्न नसकिने गरी रेकर्ड गरिएको कुनै सामग्री वा फोटोलाई समेत अदालतले प्रमाणको रुपमा ग्रहण गर्न सक्नेछ ।

परिच्छेद-७

मुद्दा हेर्ने अधिकारी, सजाय र पुरावेदन सम्बन्धी व्यवस्था

४०. मुद्दा हेर्ने अदालत : भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी मुद्दाको कारबाही र किनारा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अदालतलाई र अन्य सङ्गठित अपराध सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।

४१. थुनामा राखी पुर्पक्ष गर्न सकिने : सङ्गठित अपराधको मुद्दाको अभियुक्तले प्रमाण लोप वा नष्ट गर्न सक्ने वा त्यस्तो अभियुक्त फरार हुन सक्ने मनासिब कारण भएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले त्यस्तो अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश दिन सक्नेछ ।

४२. बन्द इजलासमा कारबाही तथा सुनुवाई गर्न सक्ने : (१) कुनै खास किसिमको सङ्गठित अपराध सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाई बन्द इजलासबाट हुन निवेदन परी वा अदालत आफैंले उपयुक्त ठानी आदेश दिएमा त्यस्तो मुद्दाको कारबाही तथा सुनुवाई बन्द इजलासमा हुनेछ ।

(२) उपदफा (१) बमोजिम बन्द इजलासमा मुद्दाको कारबाही तथा सुनुवाई हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरुका कानुन व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्नेछन् ।

४३. गैरकानुनूनी सञ्चार अभिलेख गर्नेलाई हुने सजाय : कसैले यस ऐन विपरीत सञ्चार अभिलेख गरेमा निजलाई तीन वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

४४. विवरण सार्जजनिक गर्नेलाई सजाय : कसैले दफा ५३ विपरीत सुराकी, उजूरीकर्ता वा साक्षीको विवरण वा अभिलेख सार्वजनिक गरेमा निजलाई पाँच वर्षसम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

४५. कारोबार वा खाता रोक्का नराख्ने वा विवरण उपलब्ध नगराउनेलाई सजाय : (१) दफा १६ बमोजिम कारोबार वा खाता रोक्का राख्न गरिएको अनुरोध बमोजिम कारोबार वा खाता रोक्का नराख्ने बैङ्क वा वित्तीय संस्थाको प्रमुखलाई एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(२) दफा १८ बमोजिमको विवरण उपलब्ध नगराउने वा दफा १९ बमोजिम सञ्चार माध्यम निष्क्रिय नगर्ने सञ्चार सेवा प्रदायक वा सञ्चालकलाई एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

४६. राष्ट्रसेवकलाई हुने सजाय : सङ्गठित अपराधको अनुसन्धान वा पुर्पक्षको सिलसिलामा अदालत वा आफूभन्दा माथिल्लो अधिकारीको आदेश पालना नगर्ने राष्ट्रसेवकले दफा ३ को उपदफा (४) बमोजिमको कसूर गरेको मानिनेछ र त्यस्तो राष्ट्रसेवकलाई दफा ९ को खण्ड (क) बमोजिम सजाय हुनेछ ।

तर प्रचलित कानुनमा सजायको व्यवस्था भएको रहेनछ भने त्यस्तो राष्ट्रसेवकलाई दफा ९ को खण्ड (ख) बमोजिम सजाय हुनेछ ।

४७. प्रमाण लुकाउनेलाई हुने सजाय : सङ्गठित अपराधको आरोप वा अभियोग लागेको व्यक्ति वा अन्य कुनै व्यक्तिले सो अपराधसँग सम्बन्धित कुनै प्रमाण, लिखत वा अन्य कागजात जानी जानी वा बद्नियतपूर्वक लोप गरे गराएमा वा नष्ट गरे गराएमा निजलाई तीन महिनादेखि तीन वर्षसम्म कैद र एक लाख रुपैंयासम्म जरिवाना हुनेछ ।

४८. बाधा विरोध गर्नेलाई सजाय : कसैले सङ्गठित अपराधको अनुसन्धान सम्बन्धी काम कारवाहीमा बाधा विरोध गरेमा निजलाई तीन महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

४९. सङ्गठित संस्थालाई हुने सजाय : (१) प्रचलित कानुन बमोजिम स्थापित कुनै सङ्गठित संस्थाले यस ऐन बमोजिमको कसूर गरेकोमा त्यस्तो कसूर गर्ने संस्थाको सम्बन्धित कर्मचारी वा पदाधिकारी जिम्मेवार हुनेछ र त्यस्तो कर्मचारी वा पदाधिकारी पहिचान हुन नसकेमा अपराध हुँदाको बखत सो संस्थाको प्रमुख भई दैनिक कामकाज गर्ने पदाधिकारी जिम्मेवार हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्गठित संस्थाले सङ्गठित हैसियतमा निर्णय गरी यस ऐन बमोजिमको कसूर गरेको रहेछ भने त्यस्तो संस्थालाई देहायको कुनै वा सबै सजाय हुनेछ :-

(क) बिगो बमोजिम वा पन्ध्र लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो बमोजिम जरिवाना,

(ख) अवधि तोकी त्यस्तो संस्थालाई सार्वजनिक खरिदमा निषेध गर्ने,

(ग) अवधि तोकी त्यस्तो संस्थाको उत्पादन वा सेवाको खरिद गर्न रोक लगाउने,

(घ) हानि नोक्सानीको क्षतिपूर्ति भराउने,

(ङ) संस्थाको इजाजतपत्र खारेज गर्ने,

(च) संस्थाको विघटन गर्ने ।

५०. परिचयात्मक विवरण प्रकट गर्नेलाई सजाय : दफा ३६ को उपदफा (३) बमोजिम प्रकट गर्न नहुने विवरण प्रकट गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

५१. जफत हुने : (१) सङ्गठित अपराध गर्न प्रयोग भएको जुनसुकै उपकरण, वस्तु वा साधन जोसुकै व्यक्तिसँग रहेको भए पनि जफत हुनेछ ।

